पच्चीस वर्षका नेपाली निबन्ध

रजतजयन्ती प्रकाशन माला : १०

रजत जयन्ती
२०३१

संपादक : तारानाथ शर्मा

52400C

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

उपहार
नेपाल ...
... काठमाडौं।

रजतजयन्ती प्रकाशनमाला : १०

नेपाली निबन्धका पच्चीस वर्ष

सम्पादक

डा० तारानाथ शर्मा

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

प्रकाशक : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
कमलादी, काठमाडौं नेपाल

प्रथम संस्करण : २०३९

3978

मुद्रक : शिवशंकर प्रसाद
दीपक प्रेस,
एस० १७/२७२ नदेसर, वाराणसी (क्याण्ट)।

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

संरक्षक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

आजभन्दा पच्चीस वर्षअघि स्व० श्री ५ महेन्द्रबाट २०१४ साल, आषाढ ९ गतेका दिन नेपाली साहित्य, कला र संस्कृतिको संरक्षण र सम्बर्द्धनको लागि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिबक्सेको हो। प्रज्ञा-प्रतिष्ठानको स्थापना भएको पच्चीस वर्षको शुभ अवसरमा यसले आफ्नो रजत-जयन्ती मनाउन लागेको छ।

आज राष्ट्रनायक श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवको असीम निगाहबाट प्रज्ञा-प्रतिष्ठानले कृपापूर्ण संरक्षण पाएको छ। नेपाली भाषा, साहित्य, कला, संस्कृति र ज्ञान-विज्ञानका क्षेत्रमा अग्रसर भई काम गर्ने प्रतिभाशाली कवि, लेखक; कलाकार र विद्वान्हरूको उचित कदर र प्रोत्साहनको लागि राष्ट्रनायकबाट विभिन्न पुरस्कारहरूको व्यवस्था गरिबक्सेको कुरा सबैलाई थाहै छ। यसरी श्री ५ महाराजाधिराज सरकारको वात्सल्यपूर्ण नेतृत्वमा हामीले आ-आफ्ना क्षेत्रमा युगानुकूल विकास गर्ने अवसर पाएका छौं तथा सिर्जनात्मक प्रतिभाहरूद्वारा नेपालका कला र संस्कृतिको सुनौला इतिहासलाई अझ गौरवमय बनाउने प्रयास गर्दछौं।

साहित्य, कला र संस्कृतिका क्षेत्रमा गरिएका कार्य र अन्वेषणको फल तथा प्रभाव तत्कालै देखिंदैन, तिनको प्रभाव ता पछि आउने युगहरू र भावी सन्तानहरूमा पर्दछ। त्यसैले, पच्चीस वर्षअघि नेपाली साहित्य, कला र संस्कृतिको के अवस्था थियो, आज के छ र अब आउने पच्चीस वर्षमा कस्तो हुनेछ विचारणीय कुरा छ।

प्रज्ञा-प्रतिष्ठानको रजतजयन्ती मनाउन लागेको यस महत्त्वपूर्ण अवसरमा प्रातःस्मरणीय स्व० श्री ५ महेन्द्रप्रति हाम्रो हृदय श्रद्धा र भक्तिले परिपूर्ण हुनुका साथै दिवंगत प्राज्ञहरूको सम्झना हुनु पनि स्वाभाविकै हो। उहाँहरूले दिनुभएको देनको लागि नेपाली जाति सदा उहाँहरूको ऋणी हुनेछ। अबको पच्चीस वर्षपछि मनाइने स्वर्णजयन्तीमा पनि यिनै कुराहरू पुनः स्मरण गरिएलान्।

रजतजयन्ती प्रकाशनका सम्बन्धमा प्रज्ञा-प्रतिष्ठानलाई सहयोग दिनुहुने सबै महानुभावहरूलाई प्रज्ञा-प्रतिष्ठानका तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

लैनसिंह बाङ्गदेल
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

रजतजयन्ती वर्ष : २०३९

प्रकाशकीय

निबन्ध भन्नु बन्धनरहित रचना हो। त्यसमा सम्पूर्ण साहित्यविधाको निम्ति आवश्यक सामान्य निबन्धन मात्र रहन्छ। गीत र कवितामा छन्द र लयको बन्धन रहन्छ, काव्य र कथामा कथावस्तु र चरित्रको, नाटकमा त मञ्चन पक्षको पनि। निबन्धमा रचनाकारले पूर्ण अभिव्यक्त हुने अवसर पाउँछ। बन्धनमुक्तिमा स्वतन्त्रता अनुभूत हुन्छ भने स्वेच्छाले बन्धन-स्वीकृतिमा स्वतन्त्रता सृजित हुन्छ। कुनै व्यक्तिको व्यक्तित्व अलंकार, कुलकथा, मानप्रतिष्ठा र सभ्यताको मञ्चविना पनि प्रकट हुन सक्छ—उसको अंग-अंगको विशिष्ट गठन र अन्तरङ्गको उत्कृष्ट उदीप्ति भए पुग्छ। निबन्ध कतै उखान टुक्का जस्तै, कतै कथा र चरित्र जस्तै पनि बन्न सक्छ। तर उसको सम्पूर्णता उन्मुक्त भावाभिव्यक्तिमा रहन्छ। आजभोलिका कथा र कविता पनि निबन्धको नजीकमा पुग्दै छन्। यहाँ एक भावमा रचनाकार बाँधिन्छ र स्वयं सिर्जिदै जान्छ। बादलले एक दुलही चाहनासाथ उ स्वयं नै फूलको डोली, कोसेलीको सोली, हात्ती घोड़ा, लावालस्कर उ बन्छ। कतिले मेघ देखे, तर कालिदासले त्यसलाई मेघदूतमा आफ्नो बनाउन सके, कतिले बेलावादन सुने तर देवकोटाले आफ्नो निबन्धमा त्यसलाई आफ्नो बनाउन सके। परमहंसहरू फूलमा पनि परिपूर्ण ब्रह्म देख्छन्। गाई चारखुट्टे जनावर हो भनेर जुनसुकै विद्यार्थीले पनि लेख्न सक्छ, तर प्रतिभाको परीक्षा नौलो शिल्प र नवीन स्फुरणमा हुन्छ। वस्तुलाई आफ्नो बनाउन सक्नु र आफूलाई वस्तुको बनाउन सक्नुमै निबन्धकारको कौशल रहन्छ—प्रेमीलाई आफ्नो बनाउनु र आफूलाई प्रेमीको बनाउनु एउटै कुरो हो। त्यसैले आत्मानुभूतिपरक निबन्धहरू प्रभावशाली बन्छन्।

"पच्चीस वर्षका नेपाली निबन्ध" का संकलनकर्ता हुनुहुन्छ—भाषाशास्त्री, समालोचक र निबन्धकार डा० तारानाथ शर्मा। प्रज्ञा-प्रतिष्ठानको रजतजयन्तीका अवसरमा प्रकाशित हुने पच्चीस पुस्तकमध्ये यो पनि एक हो। निबन्धको चयन र मूल्यांकन शर्माजीका आफ्नै हुन्। हाम्रो इच्छा त 'यस पच्चीस वर्षभित्रको नेपाली निबन्धविधाको उपलब्धि एक झलकमा देखियोस्' भन्ने मात्र हो। शर्माजी स्वयं प्रभावशाली निबन्धकार र निर्भीक समालोचक हुनुहुन्छ। यस संकलनको सन्दर्भमा—उहाँ त्यस्ती आमा हो, जो आफ्ना र जेठानी, द्योरानीका छोराछोरीलाई बराबरी माया गर्छे र परिआए गाला चड्काउन पनि बेर मान्दिन। उहाँले यसको संपादकीयमा संक्षिप्त र सारगर्भित शैलीमा नेपाली निबन्धको इतिहास, निबन्धविधाको

सुन्दर परिचयको साथै समसामयिक निबन्धको शैली, प्रस्तुति र विषयगत विशेषतालाई छलंग पार्नुभएको छ। यहाँ नेपाली निबन्धका ६ प्रकारका प्रवृत्तिलाई शर्माजीले सरस्वतीको सुस्पष्ट षड्कोण जस्तै देखाउनुभएको छ, जसको केन्द्रमा आत्मानुभूति छ। शयपत्री र साझा निबन्धसंग्रहको सफल परम्परालाई यो समसामयिक निजात्मक निबन्ध संकलनले अझै अगाडि बढाएको छ। यस्तो प्रशंसनीय संपादनको निम्ति डा० शर्माजीलाई प्रज्ञा-प्रतिष्ठानको तर्फबाट धन्यवाद प्रदान गर्दछु।

रजतजयन्ती वर्ष : २०३९

माधवप्रसाद घिमिरे
उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

भूमिका

यस संकलनको आवश्यकता

अरू विधाका तुलनामा नेपाली निबन्धले व्यापकताका फड्काहरू त्यति हान्न सकेको छैन, तापनि त्यसै त्यसै निसास्सिएर र झोक्राएर यो फाँट पनि बसेको छैन। यस संकलनका निबन्धहरू मात्र सर्सर्ती हेर्नाले पनि नेपाली निबन्धक्षेत्र दिनहुँ उच्चतातिर लम्किरहेको पक्का हुनेछ।

एउटै निबन्धकारका आफ्नै मात्र संकलनहरू प्रशस्त देखिए पनि समस्त प्रतिनिधि लेखकहरूका एक-एक निबन्ध छानेर एउटै ग्रन्थमा भेला पार्ने प्रयास भने आजसम्मको नेपाली साहित्यको इतिहासमा आंशिक रूपमा भए पनि ईश्वर बरालबाट 'सयपत्री'मा र साझा प्रकाशनबाट 'साझा निबन्ध' मा मात्र भएको देखिन्छ। तर 'सयपत्री' र 'साझा निबन्ध चोखा निबन्धकै मात्र संकलन नभई प्रबन्ध र निबन्धलाई एकै ठाउँमा छासमिस पारिएका उदाहरण हुन्। त्यति मात्र होइन, २०३० सालमा निस्केको तेस्रो संस्करणमा समेत 'सयपत्री' २०१३ सालसम्म प्रकाशित दुई रचना भन्दा वर आउन सकेको छैन तथा २०३० सालमै प्रकाशित दोस्रो संस्करणमा 'साझा निवन्ध' ले समेत पारसमणि प्रधान, लैनसिंह बाङ्गदेल, माधव घिमिरे, इन्द्रबहादुर राई, ध. च. गोतामे, कृष्णप्रसाद ज्ञवाली, गोविन्द भट्ट, कुमारबहादुर जोशी, रामलाल अधिकारी जस्ता असंख्य सफल निबन्धकारहरूलाई अँगाल्न सकेको छैन।

व्यापकताका हेराइले 'सयपत्री' धेरै पुरानो कालसम्म घँचेडिएको छ। यसले पुराना अभिलेख, तमसुक, बिन्तीपत्र, इतिहास र भाषण जस्ता लेखोटहरूको नमूना पनि दिएको छ जसबाट यसको मूल उद्देश्य निबन्धको जम्जमाउँदो र सग्लो रूप प्रस्तुत गर्ने नभई ऐतिहासिक रूपले नेपाली भाषाका गद्यको स्तरीय विकास कसरी हुँदै आएको रहेछ भन्ने झल्काउने नै हो भन्ने बुझिन्छ। १३९३ सालदेखि २०१३ साल-सम्म ६२० वर्षको लामो अवधिसम्म तन्केका नेपाली गद्यात्मक प्रबन्ध र निबन्ध-हरूका विकासको झलक 'सयपत्री' ले राम्ररी देखाएको छ। त्यसै हुनाले कथा र उपन्यास नओगट्ने अरू खालका वर्णनात्मक वा निजात्मक गद्यलेखाइको यो महत्त्व-पूर्ण संकलन हो, तापनि चोखा निबन्धहरूको खाँटी संकलन चाहिं यो हुँदै होइन। 'साझा निबन्ध'मा झन्नै झन्नै २००७ सालको हाराहारीको समयदेखि २०२६ साल-सम्मका रचनाहरूलाई प्रतिनिधित्व गर्ने सह्रनीयोग्य जमर्को छ, तापनि स्पष्ट रूपले वस्तुपरक व्याख्या ठहरिने वा सोझै आलोचनात्मकता अँगाल्ने प्रबन्धहरूलाई समेत हाक्काहाक्की निबन्धको श्रेणीभित्र भित्र्याइएकाले यो पनि चोखा निबन्धहरूको संकलन ठहर्रिंदैन। यसरी विधाहरूको मिश्रण 'सयपत्री' मा पनि भएको छ, तर यस ग्रन्थको भूमिकामा निबन्ध बिधाका विषयमा अत्यन्त राम्रो व्याख्या पाइन्छ। 'साझा निबन्ध'मा चाहिं 'निबन्ध' शब्दले प्रबन्ध, समालोचना र निबन्धलाई समेत समावेश गर्दा अन्योल उत्पन्न भएको छ।

नेपाली भाषाका चोखा निबन्धहरूको आजसम्म पनि धीत मर्ने खालको प्रतिनिधि संकलन नदेखिएकाले नै प्रस्तुत संकलनको आवश्यकता छर्लङ्ग हुन्छ।

यस संकलनका सीमा

प्रकाशनका दृष्टिकोणले २०१४ साललाई सीमारेखा स्थिर गरी त्यस साल र त्यसपछिका मात्र निबन्धहरू यहाँ बटुलिएका छन् र पनि लेखकको मन यस्तो वस्तु हो जसलाई औपचारिक अवधिभित्र, संवत्‌को सीमाभित्र र विचारको बारभित्र साँधुन्याउन, कोचार्न र थुन्न सकिंदैन। त्यसै हुनाले बालकृष्ण समका वा पारसमणि प्रधानका आधा शताब्दीभन्दा अघिका अनुभव, अनुभूति र आचरणदेखि लिएर यस संकलनका निबन्धहरूमा आजसम्मका विचारहरू, तर्कहरू र भावनाहरू स्वच्छन्द कुल्कुलिएका छन्, भुल्भुलिएका छन् र छङ्छङिएका छन्। २०१४ साल र त्यसपछि छापिएका निबन्धहरूलाई मात्र स्थान दिने तथा स्तरीय रूपले कवितात्मक गद्यमा आत्मानुभूति पोख्ने कृतिहरूलाई मात्र प्रतिनिधित्व गर्ने मानदण्डका सीमाले गर्दा यस संकलनमा २०१४ सालभन्दा अघि मात्र निबन्ध प्रकाशित भई नेपाली साहित्यमा योगदान गर्ने लेखकहरू धेरै नपर्लान् अथवा मुलुकभित्र र बाहिरका असंख्य निबन्ध-

कारहरू प्रशस्त लेखेर पनि नभित्रलान् भन्ने त्रास संकलनकार्यको थालनीतिर यस संकलनकर्तालाई थियो। तर २०१४ सालअघि मात्र निबन्ध प्रकाशित गर्ने लेखकहरू अत्यन्त थोरै रहेछन् अनि मुलुकभित्रका लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, हृदयचन्द्रसिंह प्रधान र श्याम प्रसाद मात्र होइन, मुलुकबाहिर बसेर नेपाली निबन्धलाई आफ्ना निरन्तरका साधनाले समृद्ध तुल्याउने पारसमणि प्रधान, रामकृष्ण शर्मा, इन्द्रबहादुर राई, कृष्णप्रसाद ज्ञवाली र रामलाल अधिकारी जस्ता साहित्यकारहरूका रचनाबाट समेत यो संकलन सिंगारिन पुगेको छ। संकलनका सीमाले जतिसुकै निचोर्न खोजे पनि जतिसक्तो भर्खरका स्तरीय लेखकहरूलाई पनि प्रतिनिधित्व गर्ने उद्देश्यले अत्याधुनिक शैली र परिपाटी, भावना र अनुभूतिलाई समेत यसमा प्रशस्त ठाउँ दिइएको छ।

धेरैजसो सफल निबन्धकारका अनेकौं राम्रा निबन्धहरू हुन्छन्। जस्तासुकै निबन्धले पनि एकै खालको प्रभाव सबै पाठकहरूमा पार्न सक्तैनन्। एक एक जना निबन्धकारका एउटै एउटै मात्र निबन्ध सँगालिने यस्ता प्रतिनिधि संकलनमा रहेक लेखकको सर्वश्रेष्ठ निबन्ध मात्र राखिएको छ र राखिएको निबन्धले मात्र उक्त लेखकलाई राम्ररी चिनाएको छ भन्न सकिदैन। जे होस्, 'सयपत्री' का निबन्ध दोहोरिने त समयको सीमाबन्धनले यस संकलनमा सम्भव पनि थिएन तर साथै 'साझा निबन्ध' ले भेला पारेका मध्येबाट समेत कुनै पनि रचना यसमा दोहोर्‍याइएका छैनन्। पाइएसम्म अरूतिर कतै नछापिएका रचना दिने जमर्कालाई संकलकले पाएको एक महिनाको अवधि अत्यल्प मानिए पनि लक्ष्मीप्रसाद देवकोटा, रमेश विकल, बालकृष्ण पोखरेल, तारानाथ शर्मा, राजेन्द्र सुवेदी र मंजुलका निबन्ध भने यसै संग्रहमा पहिलो पल्ट देखा पर्दैछन्।

नेपाली निबन्धको थालनी

आत्मपरक निबन्धहरू चेतन रूपले लेख्ने पहिला नेपाली साहित्यकार शम्भुप्रसाद ढुंगेल हुन् तथा बालकृष्ण सममा पनि फटयाकफुटुक निबन्धको बास्ना चलेकै हो, तापनि नेपाली निबन्धकारिताको गरिमा सर्वप्रथम लक्ष्मीप्रसाद देवकोटामै गर्वसाथ प्रकट भयो। यसरी देवकोटामा नै नेपाली निबन्धको कर्णाली भँगालिनामा देवकोटा स्वयम्‌को अथाह प्रतिभाको प्रतिफल नै हो र पनि यूरोपेली साहित्यका अध्ययनबाट नै उनमा प्रेरणा जागेको हो भन्ने कुरो उनका धेरैजसो निबन्धहरूका भावबाट समेत छर्लङ्गिन्छ। निबन्धमा पाइने कवितात्मक शैली र आत्मपरक अभिव्यञ्जनामा देवकोटालाई अंग्रेजी साहित्यले दिनसम्म टेवा दिएको छ। त्यसो भए तापनि नेपाली भाषाले आफ्नो जुर्मुराउने प्रचेष्टामा समेत केही

निबन्धात्मक झिल्काहरू निकै अघिदेखि नै देखाइसकेको थियो। आजसम्म आविष्कार भइसकेका कृतिहरूको अध्ययनबाट पृथ्वीनारायण शाहको 'दिव्योपदेश' नै नेपाली आत्मपरक गद्यात्मक अभिव्यञ्जनाको सर्वप्रथम सफल झिल्को हो भन्न सकिन्छ। जीवनका उकाली ओह्रालीहरूसित आत्मसात् भएका प्रौढ व्यक्तित्वको आत्मानुभूति खारिएर १८३२ तिर रचिएको 'दिव्योपदेश' नेपाली निबन्धको ऐतिहासिक विकासको अध्ययन गर्ने विद्यार्थीका लागि अमूल्य प्राप्ति हो। आत्मपरक शैलीमा थैथै गर्दै सरस अभिव्यक्ति, सरल उपमाप्रयोग, राष्ट्रिय विषयवस्तु र सुन्दर भाषाको संगम हुन पुगेको 'दिव्योपदेश' मा खाइलाग्दो र रहरलाग्दो निबन्धात्मकता झुल्केको छ। यसरी आफ्नै माटाको परम्परातर्फ 'दिव्योपदेश' ले सगर्व संकेत गरेकाले देवकोटामा मूल फुटेका निबन्धात्मकताको स्रोत नेपाली इतिहासमै पनि खोज्न बिर्सनु हुँदैन।

देवकोटाका कलात्मक अभिव्यञ्जनामा ज्यादै प्राचीन संस्कृतको परम्परा एक तर्फबाट हुन्हुनाउँदै ओइरिएको छ भने अर्कातिर अंग्रेजी साहित्यबाट आधुनिक शैलीका अभिव्यञ्जनाप्रणालीको प्रभाव पनि हुत्तिँदै खनिएको छ अनि ती दुवै विराट् नदीहरूको संगममा देवकोटाको निबन्ध झलझलाकार भएको छ। तर त्यस संगमले मात्र देवकोटाका निबन्धको आधार बनेको होइन। यस आधारमा अर्को महत्त्वपूर्ण प्रभाव पनि मिसिएको छ। त्यो प्रभाव नेपाली माटाको हो जसमा नेपाली भाषा, नेपाली संस्कृति र नेपाली भौगोलिकताको इतिहास चूडामणि भएर देवकोटामा प्रतिविम्बित देखिन्छ। यस्तो त्रिवेणीको आधार त बालकृष्ण सममा वा अरू धेरै जना नेपाली साहित्यकारहरूमा पनि भएकै हो, तापनि देवकोटामै त्यस त्रिकोणात्मकताले निबन्धकारितालाई स्वादिलो पाराले टड्कारो पारेकामा देवकोटाको अभिव्ञ्जनाशील प्रतिभाकै महत्त्वपूर्ण भूमिका देखिग्छ।

साहित्यलाई माथि उचाल्ने स्तरका देवकोटाका कवितात्मक अभिव्यक्तिले गर्दा नेपाली निबन्ध विधाले हलक्क हुर्कने मौका पायो। देवकोटाका प्रारम्भिक निबन्धमा एकातिर सललल्ल बग्ने सुललित गद्यको प्रवाह कवितात्मक शैलीमा वेगमय भएको छ भने अर्कातिर लेखकका कल्पनाको मनोरम संसार राष्ट्रिय भौगोलिकताको अनुपम प्राकृतिक सौन्दर्यछटामा अद्वितीय भएर उभिएको छ। देवकोटाको निबन्ध प्रौढतातिर बढ्दै जाँदा व्यङ्ग्यले शीर्षस्थ स्थान ओगटेको देख्न सकिन्छ। देवकोटाका निबन्धले समाजका विकारहरूप्रति तीक्ष्ण र मार्मिक व्यङ्ग्य कस्तै प्राकृतिक सौन्दर्यचेतनातर्फ तान्छन्, स्वाङ, स्वार्थपरायणता र अन्धधार्मिकताको ढन्डेसो खुस्काउँदै सरलतातर्फ, उदार ईश्वरीय गुणतर्फ र मानवतातर्फ प्रेरित गर्छन् तथा बुद्धि र चिन्तनको प्रगाढ समन्वयद्वारा ज्ञान र गौरवमय नेपाली सांस्कृतिकतातर्फ

अभिमुख गराउँछन् । यिनै वैशिष्टयले गर्दा देवकोटाका निबन्धहरू नेपाली साहित्यका उच्चतम उपलब्धि हुन् ।

नेपाली निबन्धले थालनीमै देवकोटा जस्ता प्रतिभासम्पन्न लेखकको जाँगरिलो टेवा पाएकामा जति गर्व गर्न सकेको छ त्यति नै सन्तोष भने आजसम्मका विकासबाट त्यस परम्पराको उँभौली हुन नसकेको देख्ता यसलाई प्राप्त हुन सकेन । त्यसको कारण के हो भने देवकोटाको परम्परामा लेख्न खोज्ने अनेकौं लेखकहरू देखा परे तापनि त्यत्तिकै उच्च निबन्ध उनकै काँटका शैलीमा प्रस्तुत गर्न आजसम्म पनि कसैले सकेको छैन । त्यति भएर पनि आजसम्मका नेपाली निबन्धहरूका रचनामा लक्ष्मीप्रसाद देवकोटाका व्यापक व्यक्तित्वको, कवितात्मक शैलीको र अभिव्यञ्जनात्मक सरसताको कहिल्यै नमेटिने प्रभाव हनुमान भएर उभिएको छर्लङ्ग देख्न सकिँदै छ ।

नेपाली निबन्धका फाँट

शैली, विषयवस्तु र प्रस्तुतिका दृष्टिले आजसम्मका नेपाली निबन्धलाई छ फाँटमा बाँड्न सकिन्छ ।

पहिलो प्रकारका निबन्धहरू देवकोटाद्वारा प्रतिनिधित्व गरिएका छन् । देवकोटा जस्ता उच्च लेखकबाट अरू बाँकी पाँच फाँट पनि उत्तिकै प्रभावित हुनु स्वाभाविक हुनाले शैलीका मात्र हेराइले वा प्रस्तुतिका मात्र हेराइले देवकोटाको प्रभाव जतातते झल्याकझुलुक गरेको देखिन्छ, तर विषयवस्तुका हेराइले भने प्रकृतिको कवितात्मक चित्रण, दार्शनिक भावनाको मनोहारी फूलबुट्टा र सामाजिक अन्धधारणाप्रति तीव्र व्यङ्ग्यभित्र देवकोटाको भव्य निबन्धात्मक प्रतिमाको स्थापना गर्न सकिने कुरो निर्विवाद छ ।

ठ्याक्क देवकोटाको भाषिक प्रवाहलाई टिपेर कवितात्मक शैलीको माध्यमद्वारा कल्पनाको भँगालो फुटाउने र त्यसद्वारा नेपाली सांस्कृतिकताको जीउँदो जाग्दो चित्र उभ्याएर तर्कले मस्तिष्क खलबल्याउने योद्धा नेपाली निबन्धक्षेत्रमा अझै देखा परेको छैन । नेपाली निबन्धसाहित्यको चेतनशील विकासका प्रथम र सर्वश्रेष्ठ सशक्त प्रयोक्ता देवकोटा नै हुन् र उनको बिंडो आजसम्म कसैले पनि थाम्न सकेको छैन ।

प्रकृतिको स्नेहमा हुर्केका व्यक्तिमा कवितात्मक मूल फुटेका निबन्धका उदाहरणस्वरूप यस संकलनमा परेका माधव घिमिरेको 'जगराको सम्झना' लाई, कृष्णप्रसाद ज्ञवालीको 'हाम्रो लाली गुराँस' लाई, वानीरा गिरीको 'जङ्गल जङ्गल' लाई, र रामलाल अधिकारीको 'पोइल गएकी स्वास्नीको छोरासँग' लाई अघि

सार्न सकिन्छ। देवकोटाका उन्मुख उड्ने कल्पना, वेगमय गद्यको असीमित छाल र कवितात्मक उच्चता यिनमा छैनन्, तापनि चाहे प्रकृतिको सूक्ष्म वर्णनमा होस् वा चाहे मुक्त मनुष्यका सुकुमार अनुभूतिको अभिव्यञ्जनामा होस् यी निबन्धहरू अत्यन्त हृदयस्पर्शी छन्।

माधव घिमिरे आफ्ना पद्यात्मक कविता र राष्ट्रिय झ्याउरे लयका गीतद्वारा मानवको मर्म स्पर्श गर्न सक्ने प्रतिभा हुनाले संख्यामा अत्यन्त थोरै भए पनि उनका रहरलाग्दा निबन्धहरू स्तरीय छन्। वानीरा गिरीको 'जङ्गल जङ्गल' ले पनि 'जगराको सम्झना' ले जस्तै बाल्यकालका मधुरतम सम्झनाहरूको झझल्को दिन्छ, तापनि गिरीमा व्यङ्ग्यात्मक अनुभूतिले समेत सुटुक्क घुस्ने मौका पाएको छ।

कृष्णप्रसाद ज्ञवाली 'पीपलको छहारी' मा संकलित आफ्ना निबन्धहरूद्वारा प्राकृतिक सौन्दर्य र सरल नेपाली सांस्कृतिकताको अत्यन्त मार्मिक अभिव्यक्ति प्रस्तुत गर्छन्। भाषाको सरसता, शैलीको कवितात्मकता र अभिव्यञ्जनाको मार्मिकताले गर्दा ज्ञवालीका रचना प्रौढतातर्फ सगर्व लम्किरहेका देखिन्छन्। नेपाली निबन्धको भविष्य ज्ञवाली जस्ता प्रतिभासम्पन्न लेखकको कलमबाट अवश्य पनि झन झन तिक्खरिँदै चम्किँदै र कन्चनिँदै जाने कुरो हरेकजसो उनका निबन्धबाट छर्लङ्ग हुन्छ। 'हाम्रो लाली गुराँस' मा मात्र होइन, उनका सम्पूर्ण निबन्धहरूमा नेपालप्रेमको पवित्र अनुभूति सङ्लिएर बगेको पाइन्छ।

नेपाली निबन्धको फाँटलाई विस्तार गर्दै लाने अर्का निबन्धकार रामलाल अधिकारी भने ज्ञवाली झैं नै प्रकृतिको सौन्दर्यचेत देखाउँदै र नेपाली संस्कृतिप्रति हुरुक्क हुँदै मातृभूमिप्रेम प्रकट गर्दा गर्दै पनि आफूलाई सीमित क्षेत्रमा नसाँघुर्‍याई विषयको र अभिव्यञ्जनाको व्यापकतातर्फ उन्मुख भएका छन्। उनको 'अलौटा र ठेट्ना' भित्रका निबन्धहरूले मात्र पनि नेपाली निबन्ध विधाकै उज्ज्वल भविष्यको सगर्व संकेत गरेका छन्। मुटु चुँडाउने खालका अभिव्यक्तिहरूद्वारा सरल र सलसलाउँदा वाक्यहरू गठन गरी अधिकारीको कलमले निबन्धात्मक चमत्कारिता सिर्जेको हुन्छ। साधारण प्रसङ्गबाट थालिएको उनको निबन्ध अनुभूतिको तीव्रतम अभिव्यञ्जनामा उक्लेर हाम्रो छाती हल्लाउन पुग्छ। यस्तो खाले प्रभावकारिता स्पष्टतया देवकोटाकै निबन्धात्मक उत्तराधिकार होइन भन्ने कुनै प्रमाण छैन। ज्ञवालीको 'हाम्रो लाली गुराँस' ले राष्ट्रिय सौन्दर्यको प्राकृतिकतालाई कवितात्मक अभिव्यक्ति दिएको छ, तर अधिकारीको 'पोइल गएकी स्वास्नीको छोरासँग' ले भने यस्तो मानवीय मर्मलाई भित्रैदेखि प्रस्तुत गरेको छ जसले हाम्रो समस्त अस्तित्वलाई नै झननन्न पार्छ। वास्तवमा ज्ञवाली र अधिकारी नेपाली निबन्धक्षेत्रका अत्यन्त आशालाग्दा तारा हुन्।

दोस्रो फाँटमा हास्यव्यङ्ग्यात्मक निबन्धहरू पर्छन् जसलाई पनि देवकोटाबाट नै धेरथोर प्रेरणा प्राप्त छ। यस संकलनमा परेको 'साँढे' देवकोटाको व्यङ्ग्यात्मक निबन्ध हो। व्यङ्ग्यात्मकताका तीक्ष्ण सुइराहरू देवकोटाका विभिन्न निबन्धहरूमा सल्सलाइरहेका हुन्छन्, तापनि हास्य र व्यङ्ग्य दुवैको सम्मिश्रणले नेपाली निबन्धलाई धनी पार्ने श्रेय भने केशवराज पिंडाली र भैरव अर्याल जस्ता लेखकहरूलाई नै छ।

केशवराज पिंडालीको हास्यलाई व्यङ्ग्यात्मकताले 'खै खै' र 'फेरि उल्टै मिल्यो' जस्ता आकर्षक निबन्ध संकलनहरूमा सिंगार्नु अगावै नेपाली साहित्यमा प्रेमराज शर्मा, कृष्णप्रसाद चापागाईं र अच्छा राई 'रसिक' जस्ता लेखकहरूका हास्यले निकै सघाउ पुऱ्याएको थियो, तर व्यङ्ग्यको पाटो देवकोटाका निबन्धमा गह्रौं भएजस्तै प्रेमराज शर्मा, कृष्णप्रसाद चापागाईं र अच्छा राई 'रसिक' का रचनाहरूमा हास्यको पाटो मात्र भरिएको हुन्थ्यो। हास्य र व्यङ्ग्य दुवैलाई समान सम्मान दिएर तराजुलाई संतुलित राख्ने काम भने पिंडालीबाट नै सफलतापूर्वक हुन सकेको हो। 'शूरवीरको नर्कयात्रा' मा बीभत्स दृश्यको वयानबाट समेत मुट्ठु मिची मिची हँसाउन सक्नु र 'कान्छी डुइनीको चिठी' जस्ता करुणाको भल बगाउने असहाय र निर्दोष नारीको बयानमा पनि भाषाको स्वाभाविक चित्रणबाट भित्र भित्रै हाँसो छुटाई आँसु र हांसो दुवैलाई घरि घरि ढलपल पार्दै पाठकलाई भावविह्वल तुल्याउन सक्नु पिंडालीको आफ्नै निबन्धगत विशेषता हो।

यस संकलनमा सँगालिएको 'केशवराज गोतिको मेनिफेस्टो' ले आफैंप्रति गरिएको व्यङ्ग्यबाट जुन सामाजिक विषम स्थितिको खोइरो खनेको छ त्यसलाई विश्लेषण गर्दा केशवराज पिंडालीलाई हास्यव्यङ्ग्यका उच्च प्रतिपादकका रूपमा प्रतिष्ठित गर्न सकिन्छ। चल्तीका उरन्ठेउला उखानहरूलाई जोडजाड र तानतुन पारेर सरल र सहज पाराले आधुनिक कालका सामाजिक यन्त्रणाहरूलाई; आर्थिक विषमताहरूलाई र प्रशासनिक हेल्चेक्र्याइँहरूलाई तीखो व्यङ्ग्यका सुइराले निर्दयतापूर्वक उन्दै तिध्रा ठटाई ठटाई पाठकहरूलाई हँसाउन सक्ने निबन्धदेखि लिएर पिंडालीका कलमले पीडा, व्यथा र वेदनाका चसक्क बिझ्ने अनुभूतिहरूमा समेत हास्यको प्रवेश गराउन सकेको पाइन्छ।

केशवराज पिंडालीले खनेका हास्यव्यङ्ग्यका राजपथमा श्रीधर खनाल, ध० च० गोतामे, बल्लभमणि दाहाल र मोराश जस्ता व्यक्तित्वहरू पनि देखा परेका छन्, ती यी सबैमा अग्रणी चाहिं भैरव अर्याल नै हुन्। भैरव अर्यालको प्रतिभाले उनलाई आफ्ना समकालीन अरू सम्पूर्ण निबन्धकारहरूभन्दा आफ्नो हास्यव्यङ्ग्यको क्षेत्रमा ज्यादै माथि पुऱ्यायो।

भैरव अर्यालको हास्य झर्रा शब्दहरूलाई खेलाउँदै घतलाग्दो पाराले प्रकट भएको हुन्छ भने उनको व्यङ्ग्यचाहिँ मानवमूल्यका विरोधमा स्याउँस्याउँतिएका व्यवहारहरूप्रति काण्ड पुऱ्याउने किसिमले प्रहार गरिएको हुन्छ। पिंडालीका हास्य-व्यङ्ग्यात्मक अभिव्यक्ति हलुका पाराले थालिएका र हलुकै पाराले विकसित हुँदै अन्तमा गूढ कुराको मर्म छुन पुगेका हुन्छन् भने अर्यालका चाहिँ वैयक्तिक प्रहारमा भन्दा विषयगत आलोचनामा चिन्तनप्रधान भएर एकोहोरिएका हुन्छन्। धेरै ठाउँमा आफैंलाई पात्रका रूपमा अघि सारेर पिंडाली आफैंप्रति खनिएझैं देखिन्छन् र यसो हुनाले उनका निबन्धमा रहरलाग्दो नाटकीयता पाइन्छ जसले गर्दा नै उनका निबन्ध पढ्दै जाँदा पाठकलाई यथार्थताको पत्तो लाग्दै जान्छ अनि ऊ पुछारमा पूर्ण रूपले थाहै नपाई लेखकको पक्षपाती भइसकेको हुन्छ। अर्याल भने थालनीमै नितान्त वैयक्तिक चित्रणलाई पन्साएर मानवीय उदात्त गुणहरूको संरक्षणमा आफ्ना जमर्का-हरूलाई एकोहोऱ्याउँछन्। 'इतिश्री', 'काउकुती', 'जयभुंडी' र 'गलबन्दी' जस्ता संग्रहहरूमा हास्यव्यङ्ग्यात्मक निबन्धहरूको एकपछि अर्को सुन्दर लहर उभ्याउँदै अर्यालले नेपाली साहित्यलाई तिरिनसक्नु गुण लगाएका छन्। 'टाउको' जस्तो निबन्ध लेखेर अर्यालले आधुनिक मानवका कमजोरीहरूको बौद्धिक चिरफार अत्यन्त आकर्षक तरीकाले गरेका छन्। पेटका भोकले गर्दा यस समाजमा हुने अनेकौं बेथितीहरूलाई ढन्डेसो खुस्कुन्जेल सर्वसाधारणले बुझ्ने सरल तर अत्यन्त सरस भाषामा वजाउनु भैंरव अर्यालको निबन्धात्मक उपलब्धि हो। भैरव अर्याललाई निजात्मकताका हेराइले सफल निबन्धकार मान्न सकिन्छ। हुनत निबन्धमा कथा-त्मकताको फाट्टफुट्ट प्रवेशलाई अनावश्यक मान्न सकिंदैन, तापनि 'कान्छी डुइनीको चिठीं' जस्ता अनेकौं रचनाहरूमा पिंडाली कथातत्त्वप्रति बढी प्रभावित र निबन्ध-कारिताप्रति कम आकर्षित देखिन्छन्। अर्यालमा भने निबन्धात्मक फऱ्याकफुरुक नै केन्द्रीय विशेषताका रूपमा सल्बलाइरहेको हुन्छ।

'फेरि उल्टै मिल्यो' मा होस् वा 'मोटर साइकलमा आमामाईको आसन' मा होस्, पिंडालीले जबर्जस्ती हँसाउने जमर्को गरेको अनेकौं ठाउँहरू भेटिन्छन्। प्रसङ्ग दोहोरिएर कुनै कुनै निबन्धहरू निकै हलुका भएका पनि देखिएका छन्। अर्यालले चाहिँ यस संकलनमा राखिएको 'आलु' जस्तो मामुली विषयमा लेखिएको निबन्धमा समेत गहन मानवीय मूल्यको आकर्षक आलोचना गरेका छन्। जे होस्, केशवराज पिंडाली र भैरव अर्याल नेपाली हास्यव्यङ्ग्यात्मक निबन्धका क्षेत्रमा अद्वितीय नक्षत्र भएर अविरल चम्किरहनेछन्।

हास्य पक्षलाई टेवा दिंदै निबन्धात्मक अभिव्यक्ति गर्नेहरूमा रामकुमार पाँडे, श्याम गोतामे र घटोत्कच शर्माका प्रशस्त रचनाहरू देखिएका छन्। फटाक-

फुटुक लेख्नेहरूमा विष्णु नवीन, विपिनदेव ढुंगेल र तेजेश्वर बाबु ग्वंग जस्ता हास्यकारहरूलाई पनि अगि सार्न सकिन्छ। हास्यमा भन्दा व्यङ्ग्यमा बढी भर पर्नेहरूमध्ये वल्लभमणि दाहाल, ध. च. गोतामे, चूडामणि रेग्मी र विमल निभाका लेखहरू प्रस्तुतिका दृष्टिकोणले माझिएका हुन्छन्। श्रीधर खनाल र मोराशमा भने हास्य र व्यङ्ग्य दुवैको राम्रो मिलन भएको देखिन्छ।

अत्यन्त थोरै लेखेर पनि नाउँ कमाउने निबन्धकार वल्लभमणि दाहाल नै हुन्। उनको 'नस हाल्नु' ले व्यङ्ग्यलाई प्रतीकात्मकताका सहयोगले मनोहर बनाएको छ। यस संग्रहमा परेको 'बसका दुई बिसाउनी' दाहालका व्यङ्ग्यको राम्रो नमूना हो। उस्तै उस्तै विषयलाई मोराशले पनि आफ्नो 'सिटी बसमा गजेन्द्रमोक्ष' ले प्रतिपादन गरेका छन्, तापनि सरलतालाई अँगालेर कथात्मक तत्त्वलाई गुडाउँदै लानु दाहालको वैशिष्टच हो भने मोराशको चाहिं निबन्धात्मकताका तार्किकतालाई अघि सार्नु नै हो। हाँसालाई झन्नै छैन कि जस्तै अवस्थामा घुसारेर भए पनि झन्याइँको सिस्नाले पोल्दै बेथितिप्रति व्यङ्ग्यका तीखा सुइरा रोप्ने मोराशका निबन्धहरू निकै नै सुन्दर देखा परेका छन्।

ध. च. गोतामे पनि वल्लभमणि दाहाल जस्तै थोरै लेख्ने निबन्धकार हुन् र गोतामे पनि दाहाल जस्तै प्रतीकात्मक हुन मन पराउँछन्। यस संकलनको 'दाँत' ले गोतामेका व्यङ्ग्यात्मक अभिव्यञ्जनाको साह्रै राम्रो परिचय दिन्छ। यस्तै काँटको अर्को निबन्ध यसै संकलनको 'झिंगो र मह' पनि हो जसमा चूडामणि रेग्मीको व्यङ्ग्यवाण औधि तिक्खर रूपले बज्रेको छ।

श्रीधर खनाल हास्यव्यङ्ग्यात्मक क्षेत्रका दह्रिला खाँबा हुन्। 'नमरी संसार देखिन्न' जस्ता संग्रहबाट मात्र होइन, फाट्टफुट्ट निस्कने निबन्धहरूबाट समेत खनालले आफ्नो प्रखर प्रतिभाको प्रदर्शन गरेका छन्। यस संग्रहको 'साधारण मान्छे' गहिरो निबन्ध हो जसले मानवमूल्यको सूक्ष्मतम चिरफार अत्यन्त सरल र सरस शैलीमा गरेको छ।

देवकोटाको 'साँढे' मा टुप्लुक्किएको, श्रीधर खनालका धेरजसो रचनामा थैथै गरेको तथा वल्लभमणि दाहाल र ध. च. गोतामेका कलममा प्रौढतातर्फ लम्कन खोजेको प्रतीकात्मकता नयाँ अनुहार लिएर फेरि पनि विमल निभाको 'पाकेट काट्ने सहर, मा तीक्ष्णतासाथ देखा परेको छ। त्यति मात्र होइन, यस संकलनमा हानिहीन हास्य र मर्यादामय व्यङ्ग्यको नौलो प्रस्तुति राजेन्द्र सुवेदीको 'अब क्यासेट खुल्छ, ले दिएको छ। यस निबन्धमा हाम्रो साहित्य भित्र विलक्षण प्रतिभा देखाउने प्राचीनतमदेखि लिएर आधुनिक कालसम्मका केही साहित्यकारहरूको अनौठो जमघट छ जहाँ यी साहित्यकारले आफ्नो मुख उघार्ने बित्तिकै

पाठकले यिनको परिचय पाइहाल्छ। राजेन्द्र सुवेदीका प्रतिभासम्पन्न कलमले निबन्ध विधाका अनौठा अनौठा प्रयोगद्वारा हाम्रो साहित्य समृद्ध गर्ने पूर्वाभास यस निबन्धले स्पष्टतासाथ दिएको छ। देवकोटामा झैं, पिंडालीमा झैं, श्रीधर खनालमा झैं, राजेन्द्र सुवेदीमा झैं र भैरव अर्यालमा झैं निबन्धको हरेक वाक्यले लगातार व्यङ्ग्यको मटचांग्रो हान्न पनि सक्छ र ध. च. गोतामेमा झैं, बल्लभमणि दाहालमा झैं, चूडामणि रेग्मीमा झैं, मोराशमा झैं र विमल निभामा झैं सम्पूर्ण निबन्धले एकै पल्ट एउटै व्यङ्ग्यको बलियो मुड्की पनि प्रहार गर्न सक्छ। जताबाट, जसरी र जुन वेला भए पनि यस्ता खाले सफल निबन्धले एकातिरपेट मिचाई मिचाई हँसाउँछ भने अर्कातिर व्यङ्ग्यको भुत्भुते खन्याउँदै रुनु न हांस्नु पार्छ।

देवकोटाको परम्परामा पुल्पुलिएका पहिलो फांटका उच्च आदर्शवादी निबन्धहरूको प्रतिक्रियास्वरूप नै तेस्रो फांटका यथार्थवादी निबन्धहरू हृदयचन्द्रसिंह प्रधानको नेतृत्वमा जम्जमाएका हुन्। यस्ता यथार्थवादी भनिने निबन्धहरू पनि आदर्शबाट औधि प्रेरित छन्, तर यिनको आदर्श हाक्काहाक्की सुधारात्मक र कहीं कहीं त विद्रोहात्मक पनि देखिन्छ। व्यक्तिलाई भन्दा समाजलाई बढी महत्त्व दिनु, कवितात्मक अभिव्यक्तिलाई भन्दा सुधारको सन्देशलाई बढी अघि सार्नु र निजात्मकतालाई भन्दा विषयवस्तुलाई बढी उचाल्नु यस फांटका निबन्धहरूको वैशिष्ट्य हो।

देवकोटाको आदर्शवाद सांस्कृतिकतातर्फ, कल्पनाशील वैयक्तिकतातर्फ र स्वतन्त्र चेतनाको मानवतातर्फ बढी फर्केको छ भने हृदयचन्द्रसिंह प्रधानको आदर्श समाजका कुरीतिहरू बढार्नातर्फ, दरिद्रता हुत्याउनातर्फ र सुखी समाजको स्थापनातर्फ बढी लागेको छ। देवकोटाको निजात्मकताले कविता उमारेको छ र नेपाली भाषालाई शैलीगत शिल्पले सिंगारेको छ। हृदयचन्द्रसिंह प्रधानको निजात्मकतामा भाषाको सौन्दर्य, अभिव्यञ्जनाको मनोहारिता र कवितात्मक कल्पना नहुने हुनाले उनका निबन्धहरू सजिलो भाषामा लेखिए तापनि त्यति आकर्षक र प्रभावकारी हुन सकेनन्। यसो हुनाको मूल पृष्ठभूमि के हो भने देवकोटाका निबन्ध साहित्यको अभिवृद्धिका लागि लेखिएका हुन् भने हृदयचन्द्रसिंह प्रधानका निबन्ध सुधारको प्रचारका लागि लेखिएका हुन्। यस संकलनमा राखिएको 'छाता' पनि प्रधानको मूल सन्देशकै वाहकका रूपमा प्रतिष्ठित छ। दरिद्र जनतालाई धनीहरूले चुस्नसम्म चुसेका छन्, अन्धविश्वासले समाजलाई पेल्नसम्म पेलेको छ र दुष्टहरूले समाजमा धम्की र त्रास फैलाएर शान्ति र सुव्यवस्था हुन दिएका छैनन् भन्दै सबै तल्लो वर्गकाहरूले आफ्ना आर्थिक, सामाजिक र राजनैतिक हकहरूका लागि एक जुट

भएर लाग्नुपरेको छ भन्ने निष्कर्षमा पुग्नु नै यस्ता खाले निबन्धहरूको गुण हुन्छ ।

हृदयचन्द्रसिंह प्रधानको निबन्धात्मक परम्परालाई अघि बढाउने व्यक्तित्वमा श्याम प्रसाद अग्रणी छन् । सरल र सोझो भाषामा स्पष्ट र तिक्खर भनाइद्वारा दरिद्र र हेपिएका जनताको सामूहिक हिततर्फ औंल्याउनु र सामाजिक हकप्राप्तिको लक्ष्यले प्रेरित हुनु श्याम प्रसादको निबन्धात्मक वैशिष्ट्य हो । चाहे उनको कोट र जुत्ता' होस् वा चाहे 'आइमाई साथी' होस, चाहे 'तँ-तिमी, तपाइँ हजूर' होस् वा चाहे यस संकलनको 'एक घण्टा बिताउन' नै होस्, श्याम प्रसादका हरेक निबन्धमा समाजको विषम स्थितिलाई उदाङ्गो पारिएको छ र आर्थिक होचीअर्घेलीलाई सामूहिक प्रयासद्वारा हुत्याएपछि हुने रमाइलो व्यवस्थाको आदर्श उभ्याइएको छ ।

यस परम्परामा लेख्नेहरूमा आनन्ददेव भट्ट पनि देखिएका छन्, तापनि श्याम प्रसादमा पाइने भाषाको सरलता र भनाइको स्पस्टता भट्टका निनन्धहरूले ग्रहण गर्न सकेका छैनन् । बरु मंजुलले यस परम्परामा कवितात्मक निजात्मकताको सौन्दर्य समेत थपेर रहरलाग्दो अभिव्यक्ति गरेका छन् । आफ्नो सांस्कृतिक सम्पदा-प्रति हुरुक्क हुने मंजुलका मृदु अनुभूतिहरू मनोहारी निबन्धात्मकताको मूल फुटाउँदै नेपाली गाउँहरूको प्यारो गाथा गाउँछन् । 'काठमाडौंमा देउसी खेल्दा' ले लेखकको नेपाली चेतनालाई साधारणीकरण गरेर औधि रमाइलो बनाएको छ । मंजुलको माझिएको कलमले मार्मिक अनुभूतिका यथेष्ट सम्भावनाहरूलाई प्रतिनिधित्व गरेको छ ।

प्रारम्भमै खिरिलो र तीखो व्यक्तित्वमा देखा पर्ने गोविन्द भट्टलाई पनि यसै फाँटका निबन्धकार माने हुन्छ, तापनि उनका 'अवसरवाद जिन्दावाद' जस्ता निबन्ध हरू भने सामाजिक कुरीतितर्फ तीक्ष्ण व्यङ्ग्यका भाला रोप्ने रचनाहरू हुन् । अभि-व्यक्तिको सौन्दर्यमा विचारको प्राञ्जलताको जलप लगाएर सामूहिक हिततर्फ व्यङ्ग्यनिबन्धकार गोविन्द भट्ट आफ्नो क्षेत्रलाई व्यापक नबनाउँदै अकस्मात् चूप लागेका छन् ।

नेपाली निबन्धको चौथो फाँट बौद्धिकतालाई अँगालेर प्रयोगधर्मी भएको छ। यस फाँटमा अनेकौं निबन्धकारहरू पर्छन् जसलाई अनेकौं उपभेदमा छुट्ट्याउन सकिन्छ । यस फाँटको प्रारम्भ बालकृष्ण सममबाट भएको हो । भावुकतालाई भन्दा विचारशीलतालाई, कल्पनालाई भन्दा तार्किकतालाई र सरलतालाई भन्दा गम्भी-रतालाई बढी महत्त्व दिने यस फाँटले बालकृष्ण सममा त्यति व्यापकता लिन सकेन किनभने निबन्ध विधाको प्रगति हुँदै जाँदा समले निजात्मक बौद्धिक निबन्ध-कारितालाई चटक्क छाडेर या त शुद्ध प्रबन्धतिर हात हाले अथवा अरू नै विधाहरू-

तिर उनी एकोहोरिए। शङ्कर लामिछानेको प्रादुर्भाव भएपछि मात्र यो कांट निकै झ्याँगियो।

शङ्कर लामिछानेका कति निबन्धहरू त अन्योल मनस्थितिका गुजुल्टिएका चित्रण हुन्। विषयवस्तुको रिक्तताले हो वा कलाको फेटमा चलेका अमूर्त्तको प्रभावले हो, शङ्कर लामिछानेले आफ्ना निबन्धहरूमा अनेक खालका शैलीगत चव्याङ पारेका छन्। मौलिकता भन्ने कुरो प्याज जस्तै छली हुन्छ र त्यसलाई छोडाउँदै जाँदा पुछारमा हात लाग्यो शून्य हुन्छ भन्ने धारणा नै उनका निबन्धरचनाको पृष्ठभूमि देखिन्छ। चिन्तनमा बौद्धिकता भर्ने उद्देश्यले भाषालाई अनौठा अनौठा प्रयोगहरूको भारी उनले बोकाएका छन्। आधुनिक जीवनका दोधारहरूलाई र छटपटहरूलाई अमूर्त्त शैलीमा उभ्याउने उनका भाषिक जमर्काहरूले पाठकको सहज बुद्धिलाई बिथोल्नसम्म बिथोल्छन्। गिदी हुँडल्ने निबन्धकारिताका अग्रणी लामिछानेले आफ्नो 'शंकर लामिछाने शंकर लामिछानेका दृष्टिमा २०३२' भन्ने निबन्धमा आफ्नै विवशता आफ्नै कमजोरी र आफ्नै हारलाई कारुणिक रूपले प्रकट गरेका छन् यो यस्तो विवशता हो जो बुद्धिजीवी वर्गमा व्यापक रूपले फैलिएर युगीय समस्याहरूले गर्दा अनियन्त्रित भइसकेको छ। न यसले व्यङ्ग्यको रूप लिन सकेको छ, न यो कविता भएर गुन्जेकै छ। किशोर नेपालमा यो विवशता 'भ्यागुतो : उपलब्धि' भएको छ। माछो समाउने आशा समेत त्यसै बित्छ- हातमा चाहिं भ्यागुतो पो पर्छ। यो आधुनिक जीवनको उग्र उराठ हो जसलाई राजवले 'प्रत्येक उत्तरमा भिन्न काठमाडौं' मा समेत समात्न खोजेका छन्। राजवमा आएर भने बौद्धिक चिन्तनले स्पष्टतातर्फ र सरल भावाभिव्यक्तितर्फ फड्का हानेको छ :

पुराना मूल्य र मान्यताको ह्रास भएपछि नयाँ मूल्य र मान्यताको स्थापना गर्नुपर्ने हुन्छ। नयाँ मान्यताको स्थापनाको त के कुरो हाम्रा धेरैजसो बौद्धिक व्यक्तित्वहरू अझै गोरेटाकै खोजीमा छन्। यस खोजमा अल्झेर, अलमलिएर र अतालिलएर शंकर लामिछानेले 'साहित्य आलु बखडा कि आउँ' भनी लेखे। लामिछानेकै प्रयोगवादिताको प्रभावले कृष्णचन्द्रसिंह प्रधानका निबन्धहरू देखा परिरहेछन्।

कृष्णचन्द्रसिंह प्रधानका निबन्ध शंकर लामिछानेका जति आतमपरक नभए पनि निकै प्रभावशाली र तीव्र छन्। लामिछाने र प्रधानका विचारहरू नवीन प्रयोग र आधुनिक बौद्धिक चेतनाको प्रलोभनमा कति ठाउँमा अत्यन्त दुरूह र अति अस्पष्ट हुन पुगेका छन्। लामिछानेका निबन्धमा पाइने भाषाको प्रवाह प्रशंसनीय छ। प्रधानमा भने सरल भावप्रकाशनतिरभन्दा प्रयोगधर्मिकतातर्फ बढी चाख हुनाले यस संकलनमा परेको 'साहित्य र हावापानी' मा पनि स्पष्टतया भन्न खोजिएका कुरालाई बुझ्नसम्म पनि साधारण पाठकलाई त धौ धौ नै पर्छ।

बौद्धिक खोजको यसै गोरेटामा पारिजातलाई पनि फाट्टफुट्ट हिंडेको देखिन्छ, तापनि उनको निबन्धकारिता लामिछानेको झैं वा प्रधानको झैं सम्म पनि फस्टाउनै पाएन ।

इन्द्रबहादुर राई आयामेली प्रबन्धात्मकतातर्फ एकोहोरिनुअगावै संक्षिप्त शैलीमा च्वाट्ट छुने बौद्धिका निबन्ध लेख्थे भन्ने प्रमाण यस संकलनको 'उज्यालो'ले दिएको छ, तापनि बौद्धिक व्यङ्ग्यात्मकताको व्यापक चित्रण भने 'श्रद्धाका पक्षमा' जस्ता निबन्ध लेख्ने वासुदेव त्रिपाठीमै पाइन्छ ।

विचारप्रधान निबन्ध लेखेर बौद्धिकतालाई घच्घच्याउने काममा निश्चय नै शंकर लामिछानेले नेतृत्व गरेका छन् र उनको बिंडो कृष्णचन्द्रसिंह प्रधानले थामेकै छन्, तापनि उनीहरूको प्रायोगिक ढिपी र शैलीको प्रदर्शनीलाई त्यागेर सहज बौद्धिकतातर्फ स्पष्ट रूपले लाग्ने जनकलाल शर्मा, रामकृष्ण शर्मा, नगेन्द्र शर्मा, कमल दीक्षित, कुमारबहादुर जोशी, पुष्कर लोहनी, उत्तम कुँवर र कृष्ण-प्रसाद पराजुली जस्ता निबन्धकारहरू भने बौद्धिक गुजुल्टामा अल्झेर झन झन रहस्यतर्फ पाठकहरूलाई तान्दै रनभुल्लमा पार्नु भन्दा निबन्धात्मक कर्तव्य त सके-सम्म गुजुल्टालाई उधारेर, समस्यालाई सुल्झाएर र रहस्यलाई च्यातेर भाषाका मोहनीले, अभिव्यञ्जनाका सरसताले र विश्लेषणका स्सष्टताले पाठकलाई उचाल्नु पो हुनुपर्ने हो भन्ने देखाउँछन् ।

जनकलाल शर्मा पुराना सांस्कृतिक कुराको अन्वेषणमा एकोहोरिएका छन्, तापनि उनका 'नागार्जुनको अभियान' जस्ता निबन्धमा निजात्मक अनुभूतिको साह्रै राम्रो संयोजना हुन सकेको छ । रामकृष्ण शर्माको आलोचनात्मक तार्किकता 'फुटबल खेलेको हेर्न जाँदा' जस्ता नितान्त आत्मपरक निबन्धमा पनि बुद्धि झनझनाउन पुगेको छ । नगेन्द्र शर्मा कुसंस्कार उखेल्न तम्सेका बुद्धिवादी निबन्धकार हुन् जसको स्वरमा प्रलयगर्जन, तर्कमा काटन नसकिने प्रमाणहरूको ताँती र भाषामा आकर्षक शैली पाइन्छन् । 'कठै मेरो काठमाडौं' ले उनका शैलीको राम्रो प्रतिनिधित्व गरेको छ । खोज र प्रबन्धमा प्रशंसनीय प्रतिभा देखाउने कमल दीक्षितले निजात्मक निबन्धको क्षेत्रमा पनि राम्रो बौद्धिकता देखाएको प्रमाण उनको 'उखान मिलेन' मा पाइन्छ जो राष्ट्रिय चिन्तन र देशदर्शनका अनुभूतिको मूर्त्त रूप हो । कुमारबहादुर जोशीमा प्रबन्धात्मक प्रभावको अवशेष छँदै छ, तापनि 'प्रेम' जस्तो मार्मिक चिन्तनलाई निबन्ध भन्न सहजै सकिन्छ । 'केही क्षण अनुभव र अनुभूति' शीर्षक स्तम्भलेखनद्वारा 'रूपरेखा' लाई कैयौं वर्षदेखि सिंगार्दै आएका उत्तम कुँवर आफ्ना अनुभव र अनुभूतिलाई फाट्टफुट्ट निजात्मक स्वरूप पनि दिन्छन् र यसमा संकलित 'प्रतिविम्ब—जीवनको' ले हाम्रो मस्तिष्कलाई राम्रो बौद्धिक खाजा दिएको छ ।

उपर्युक्त बौद्धिक निबन्ध लेखकहरूकै हाराहारीमा आफ्ना निजात्मक अनुभूति लिएर कृष्णप्रसाद पराजुली देखा परेका छन् जो सरल, सहज र स्पष्ट भाषाका लागि अनुकरणीय छन् । उनको बौद्धिक निबन्ध 'आफैं साहित्यिक बाटामा' केही आत्मकथात्मक पनि छ ।

यौनविश्लेषणलाई आधार मानेर मानव मनोग्रन्थीहरूको उद्‌घाटन आफ्ना कथा र कविताका माध्यमबाट गर्ने खप्पिस पुष्कर लोहनी निबन्धका फाँटमा पनि यस विषयको राम्रो प्रतिपादन गर्छन् । यस संकलनको 'पौडिन चाहन्छु आफैं भित्रको लहरसित' ले यौनवृत्तिजन्य स्वाभाविक अनुभूतिहरूलाई आकर्षक निबन्धात्मकता दिएको छ ।

नेपाली निबन्धको पाँचौं फाँट आत्मकथात्मक संस्मरणले सिंगारिएको छ । आत्मपरक निबन्धको वैशिष्टय नै आत्मकथाका टुक्राहरूले प्रतिविम्बित हुनु हो । यस फाँटको प्रारम्भ आत्मकथा लेख्ने पुराना लेखकहरूमा समेत खोज्नुपर्छ । काशीनाथ आ. दी. र चिरञ्जीवी शर्माले मात्र होइन, राममणि आ. दी. ले पनि 'पुराना सम्झना' शीर्षकमा र खड्‌गमान सिंहले 'जेलमा बीस वर्ष' शीर्षकमा आफ्ना आत्मकथा लेखेर हाम्रो निबन्ध साहित्यलाई उज्यालो बनाएका छन् । यस क्षेत्रका अग्रणी चाहिं बालकृष्ण सम नै हुन् जसको आत्मकथा 'मेरो कविताको आराधन' शीर्षक लिएर दुई भागमा प्रकाशित छ । विशुद्ध लामो आत्मकथा पनि शैलीको निबन्धात्मक वैशिष्ट्यले अत्यन्त आकर्षक र प्रभावशाली हुन्छ । यस संकलमा छापिएको 'मुटुको व्यथा' समका आत्मकथाको सानो नमूना हो ।

संस्मरणलाई रोचक बनाउने काममा पारसमणि प्रधानले प्रशस्त प्रतिभा देखाएका छन् । धेरै वर्षपछाडि खाएका अनौठा भोजहरूको सम्झना गरेर उनले लेखेको 'अजीब भोज' शैलीको सरसताले, भाषाको सरलताले र विषयवस्तुको अद्‌भुतताले अत्यन्त रुचिकर भएको छ ।

आत्मकथाका सस्याना घटनालाई अघि सारेर निबन्धलाई सिंगार्ने काममा लोकराज बराल, बालकृष्ण पोखरेल, रमेश विकल र तारानाथ शर्मा पनि लागेका छन् । 'ताजमहल—एउटा घुइँचो भित्रको कथा' जस्तो आत्मसंस्मरणात्मक निबन्ध लेखेर लोकराज बरालले राम्रो भविष्यको संकेत गरेका थिए, तर मेची र देउनियाँ खोलाहरूको संस्मरण सुन्दर पाराले सजाउँदा सजाउँदै उनी पनि यथार्थवादी व्यङ्ग्यकार गोविन्द भट्ट जस्तै मौन रहेका छन् ।

बालकृष्ण पोखरेल झर्रो भाषा र सरस शैलीमा लेख्ने सफल निबन्धकार हुन् जसका 'तेस्रो एकमुखे रुद्राक्षको खोजी', 'मेरो अतीत, मेरा साथी' र 'कुकुर

र म' जस्ता संस्मरणात्मक निबन्ध बिर्सिनसक्ना छन्। यसमा संकलित 'चुक्ता हुन बाँकी रहेको एक ऋण' पनि संस्मरणात्मक नै हो, तापनि पोखरेल जस्ता प्रतिभाशाली निबन्धकारको वैशिष्टच संस्मरणात्मकतामा मात्र साँघुरिएको छैन, बरु 'धर्म कमाउन विदेश जाने बाबुसितको गन्थन' जस्तो राष्ट्रप्रेमले भरिएको कवितात्मक अभिव्यञ्जनाले पूर्ण रचनादेखि लिएर त्यो 'हात्तीका दुई खाले दाँत' जस्तो व्यङ्ग्यात्मकतामा र 'श्रद्धा घृणाको विशिष्ट रूप' जस्तो बौद्धिकतापूर्ण फाँटमा पनि विकसित र विस्तृत छ।

रमेश विकलको 'युगबोध' बौद्धिक चिन्तनको राम्रो नमूना हो, तापनि उनका संस्मरणात्मक निबन्धहरू प्रशस्त पाइन्छन्। आत्मकथात्मकता कथालेखक विकलको विशेषता नै हो र यो उनका अनेकौं निबन्धहरूमा रहरलाग्दो पाराले छर्लङ्गिएको छ।

तारानाथ शर्माका 'नमस्ते' कालका निबन्ध व्यङ्ग्यात्मकताका र यथार्थवादका नमूनास्रूप उभिएका छन्। झर्रा भाषामा लेखिएका ती निबन्धमा आत्मकथाका टुक्राहरू र संस्मरणका झिल्काहरू जताततै खचाखच छन्। सामाजिक वेथिती र अन्यायका विरुद्ध तिनले हुङ्कार गरेका छन्। मानवका तीव्रतम अनुभूतिहरूलाई कवितात्मक भाषामा चित्रण गर्दा रमेश विकल र बालकृष्ण पोखरेल जस्तै तारानाथ शर्मा पनि आत्मपरक हुँदै निबन्धका अरू अरू फाँटमा पनि फैलिन पुगेका उदाहरणहरू पाइन्छन्।

नेपाली निबन्धको छैटौं र अन्तिम फाँट नियात्राको हो। यात्रावृत्तान्तमा लेखकका निजी अनुभूतिहरू पोखेर जुन रसिलो अभिव्यञ्जना गरिन्छ त्यसको जादुले जुनसुकै पाठक पनि मोहित हुन्छ। 'जंगबहादुरको बेलाइत यात्रा' बाट थालिएको यात्रावर्णन आधुनिक नेपाली साहित्यमा हुर्केर, फस्टाएर र झ्याँगिएर आज रहरलाग्दो हुन पुगेको छ।

आधुनिक यात्रावर्णनमा निजात्मकताको सौन्दर्य थप्ने पहिला र सफल निबन्धकार लैनसिंह बाङ्गदेल नै हुन्। उनका 'यूरोपको चिठी' र 'स्पेनको सम्झना' यस्ता रचना हुन् जसमा यात्रावर्णनको उद्देश्य आत्मकथात्मकतामा सजीवतासाथ प्रकट भएको छ। बाङ्गदेलका यात्रा निबन्धहरूमा चित्रकलाका सजीव वर्णनहरू पाइन्छन्। रङ्का विविध सौन्दर्यकिरणहरू यात्रा गरिएका स्थानमा कलात्मकता र प्रकृतिको रमणीयतासित आत्मसात् भएका हुन्छन्। यस संकलनमा राखिएको 'बाङ्गदेल आफ्नै क्यान्भासमा' ले एकातिर लेखकका अनुभवहरूको साह्रै राम्रो अभिव्यक्ति गरेको छ भने अर्कातिर यस निबन्धमा कलासाधनामा ज्यान अर्पने

बाङ्गदेल जस्ता प्रतिभासम्पन्न व्यक्तित्वलाई पनि कसरी अनेकौं कष्टहरू सहेर मात्र सफलता प्राप्त हुँदो रहेछ भन्ने स्पष्ट चित्र पाइन्छ ।

यात्रावर्णनका विवधता र व्यापकतालाई केदारमणि आ. दी. का. निबन्धहरूले अँगालेका छन् । आफना झन्नै झन्नै विश्वव्यापी भ्रमणबाट प्राप्त अनुभव र अनुभूतिलाई सरल र सहज भाषामा प्रकट गरेर केदारमणि आ. दी. ले. नेपाली यात्रावर्णनमा साह्रै ठूलो योगदान गरेका छन्, तापनि निजात्मकताको कल्पनासौन्दर्य र कवितात्मकताको प्रवाहमा भन्दा यथार्थ स्थितिको व्यावहारिक विवरणमा बढी महत्त्व दिइएका उनका निबन्धहरू उति चर्चित हुन सकेका छैनन् ।

नियात्राका रूपमा यादव खरेल र तारानाथ शर्माका रचनाहरू निकै चर्चित छन् । खरेलका सुन्दर नियात्राहरू 'समुद्र पारी' मा संकलित छन् । यूरोपका विभिन्न भागमा घुम्दा राष्ट्रिय भावनाले प्रेरित भएर लेखिएका निबन्धहरूको राम्रो प्रतिनिधित्व खरेलको 'बाहिरबाट नेपाल हेर्दा' ले गरेको छ । शर्माका नियात्राहरूले विदेशमा घुम्दा देखिएका राम्रा राम्रा दृश्यहरू र रमणीय घटनाहरूको वर्णनमा राष्ट्रप्रेमी नेपालीका हृदयमा उम्रने स्वाभाविक आत्मानुभूतिहरू मिसिंदा हुने अभिव्यक्तिको चित्र उभ्याएका छन् । यात्रीका आँखा अगाडिका दृश्यहरू वैयक्तिक अनुभूतिका जलपले जीउँदा भएर उठ्ने हुनाले खरेल र शर्माका नियात्राहरू सुरुचिपूर्ण ठहरिएका छन् । नेपाली सांस्कृतिकतामा हुर्केबढेका शिक्षित नेपालीले यूरोपको फुक्का भौतिकतामा ङ्वाम्म हाम्फाल्दा जुन अनुभूति ओइरिन्छ त्यसको सजीवता दुवैका नियात्राहरूमा साकार भएको छ । 'बेलाइततिर बरालिंदा' कालका नियात्राहरूमा यूरोपेली जीवनको छिपछिपे बयान मात्र पाइन्छ, तर यस संकलनको 'पातालमा लोखर्के माया' जस्ता निबन्धहरूमा भने शर्माका विदेशी सांस्कृतिक अनुभवको गम्भीर विश्लेषण देखिन्छ ।

स्वदेशभित्रकै यात्रानुभूतिको सजीवता खोज्नुपरे पनि तारानाथ शर्माका 'कर्णालीको छालैछाल', 'साँपेका साँधु तर्नु अघि' वा 'बैकिनीको आँसुमा बग्छ बयलपाटा' जस्ता नियात्राहरूलाई अघि सार्न सकिन्छ ।

देवीचन्द्र श्रेष्ठका स्वदेशभित्रका यात्रावर्णन भने सांस्कृतिक गरिमा प्रकट गर्ने रूपमा ज्वलन्त भएर देखा परेका छन् । 'इतिहासको पदचाप' जस्ता निबन्धले पाठकलाई लेखकसितै यात्रामा संलग्न गराउँछ र ऐतिहासिक गौरवसित परिचित पार्दै भित्रभित्रै भावविह्वल बनाउँछ । कर्णाली अंचलका अनेकौं सांस्कृतिक महत्त्वका कुराहरू श्रेष्ठका नियात्राहरूमा साकार भएका छन् । जनकलाल शर्माको 'कौतुकमय डोल्पो' स्वदेशी यात्रावर्णनको राम्रो नमूना हो । पूर्णप्रकाश नेपाल 'यात्री' र काजी रोशनका पनि स्वदेश भ्रमणसम्बन्धी निबन्धहरू फत्याकफुटुक निक्लेका छन् तर

'सात सूर्य एक फन्को' मा रमेश विकलले उपलब्ध गरेको औपन्यासिक विस्तृति अरू कसैले पनि पाउन सकेका छैनन् । रमेश विकलले यस लामो निबन्धात्मक कृतिमा गोसाईंकुण्डको पदयात्रालाई साह्रै मनोरम प्रस्तुति दिएका छन् ।

विदेशका यात्राहरूको रमाइलो वर्णन गर्ने लेखकहरूमा देवेन्द्रराज उपाध्याय, वानीरा गिरी र घनश्याम राजकर्णिकार मुख्य छन् । यी लेखकहरूमा गिरीले नारीसुलभ सुकोमल अनुभूतिका छटाहरू यत्रतत्र दर्शाएकी छिन् भने उपाध्यायले प्रबन्धात्मक गुणहरूलाई बढी अँगालेका छन् । राजकर्णिकारले भने विदेशका भन्दा आफ्नै कुरालाई राम्रो ठान्ने जिद्दीलाई जतातत्तै प्रकट गरेर र निजात्मकतालाई भन्दा घटनाहरूलाई र तथ्यहरूलाई बढी मान्यता दिएर आफ्ना रचना प्रस्तुत गरेका छन् ।

नेपाली निबन्धको विशेषता

निजात्मक अनुभूतिले सिंगारिने गद्यात्मक रचना हुनाले नै निबन्ध प्रबन्ध जस्तो वस्तुपरक, तटस्थ वा गणितमय हुँदैन । कवितात्मक खँदिलोपना, सूक्ष्मता वा सूत्रात्मकताबाट समेत निबन्ध फुक्का हुन्छ, फैलिएको हुन्छ र फिजारिएको हुन्छ । ध्वन्यात्मक सौन्दर्यका लागि र गीतिमय आकर्षणका लागि अनुप्रासको अवश्य पनि निबन्धले मर्यादा गर्छ नै, तापनि कविता जस्तो कसिलो नहुने हुनाले निबन्धमा यथेष्ट व्याख्या र उदाहरणहरूले भनाइलाई टेवा दिएको हुन्छ । त्यसो भएर पनि निबन्धमा विवरणात्मकता वा तथ्यात्मकता प्रबन्ध झैं चुलिन पाउँदैन । कथामा एउटै घटना वा एउटै चरित्र वा एउटै अनुभूतिमा सम्पूर्ण बयान, व्याख्या र चित्रण एको-होरिएर झ्वाम्म प्रभाव पार्ने शैलीलाई अँगालिन्छ, तर निबन्धमा प्रभाव छरिएको पनि हुन सक्छ र व्याख्याहरू र चित्रणहरू विस्तृत पनि हुन सक्छन् । लमाइका हेराइले मिबन्ध कथाकै छेउछाउमा पुग्ला ।

नेपाली निबन्धले विषयको छनोटमा कुनै कन्जुस्याइँ गरेको देखिँदैन । यात्रा-वर्णनका चाखलाग्दा कुराहरूदेखि लिएर अर्ती उपदेशका तीताखल्ला कुराहरूसम्म-लाई यसले अँगालेको छ । वैयक्तिक अनुभूतिका सूक्ष्मतम अभिव्यक्ति मात्र यसमा समाविष्ट नभएर सामाजिक आदर्शका उदात्त मानवीय गुणहरू पनि विवेचित छन् । मनुष्यले खेती गर्ने आलु; ओढ्ने छाता र खाने महदेखि लिएर छाडेका साँढे, माझेका दाँत र घिनाएका झिंगा तथा भ्यागुतासम्मको धुकधुकी छाम्न हाम्रा निबन्धकारहरू पुगेका छन् भन्ने प्रमाण यही संकलन छ । चाहे अनौठा अनौठा भोज-हरू चाख्न पुग्ने जिब्रो होस् वा चाहे साथीहरूको औपचारिक शिक्षाको प्रमाणपत्र

पाएको देख्ता नाटकीय अभिव्यक्तिको धुरी छुन पुग्ने हृदय होस्, चाहे बाल्यकालका पाखापखेरामा कल्पने छाती होस् वा चाहे नखर्माउला ठिटीहरूको जिद्दीले आन्दोलित मस्तिष्क होस्, नेपाली निबन्धकारिताको भवननिर्माणमा साराका सारा जुटेका छन् । यहाँ कोही सावधानीपूर्वक इतिहासका पदप्रहार सुन्छन्, कोही आलुसित मान्छेको बुद्धि निर्माण प्रक्रियालाई दाँज्छन् र कोहीचाहिँ आफ्नै क्यान्भासमा आफैंलाई खिच्दै आफ्नै दृष्टिमा आफ्नै साहित्यिक गोरेटाहरू पैल्याउँछन् । कसैलाई एकै घन्टा गुजार्न पनि धौधौ परिरहेको हुन्छ र कोहीचाहिँ युगव्यथालाई खुव्याएर हाम्रा साहित्यको हावापानी समेत बखान्छन् । कोही निबन्धकार नागार्जुनको जङ्गलतिर तान्दै राणायुगमा हामीलाई पुऱ्याउँछन् र कोहीचाहिँ चारकोसे झाडीमा कविता नाचिरहेको देखाउँछन् । कुनै लेखकहरू बागमती किनारमा सौन्दर्य खोज्दै हिँडिरहेका छन् भने कुनै कुनैचाहिँ लाली गुराँसका बुट्टा गन्दै मानव मनभित्रको उज्यालो खोजिरहेका छन् । कसैलाई मामुली मान्छेको गुणगान गरे पुग्छ, तर कोहीचाहिँ हाम्रो राजधानी काठमाडौंले गति छाडेकामा, यसले पाकेट काटेकामा र यसले श्रद्धा फालेकामा रुष्ट भएका छन् । कोही श्रद्धा र अश्रद्धाको शाब्दिक द्वन्द्वात्मकतामा रौंचिरा तर्क गर्दै टाउको पगाल्छन्, कोही आफ्नै असफलतामा, आफ्नै विकृतिमा र आफ्नै कारुणिक मानसिकतामा रुन्छन् र कोहीचाहिँ अरूका प्रतिक्रिया बटुलेर आफ्ना आलोचनात्मकताको कसीमा घोटी राजधानीको चरित्र स्थिर पार्छन् ! कोही हाम्रा पुराना र नयाँ साहित्यिक प्रतिभाहरूका भाषा र शैलीको टिपो ठ्याक्क टिप्दै तिनलाई एकै ठाउँ भेला पारेर हामीलाई हुनसम्म बौद्धिक आनन्द दिन्छन्, कोही मानवमनका यौनवृत्तिजन्य स्वाभाविकतालाई उदाङ्गो पार्दै सत्यको उद्घाटन विनासंकोच गर्छन् र कोहीचाहिँ आफ्नै फुच्चेकारका सेवाहरूको माध्यमबाट मनुष्यका आकांक्षापूर्तिको औधि रहरलाग्दो भावना प्रकट गर्छन् । कसैको स्नेह आफैंप्रति, परिवारप्रति र राष्ट्रपति नै समर्पित भएर जुरुक्क उठेको छ, तर कसैलाई चाहिँ कुनै उपलब्धिले पनि सुखी तुल्याएको देखिदैन, ती त्यसै त्यसै असन्तुष्ट भएका छन्, व्यथित भएका छन् र मर्माहत भएका छन् । ताकछोपुवाको खोइरो खन्दै कोही व्यङ्ग्यवर्षा गर्छन् भने कोहीचाहिँ पोइल जाने निठुरी स्वास्नीको कल्पनामा मर्मव्यथा प्रस्तुत गर्छन् । कोही राजधानीका बसहरूले मान्छेलाई गुन्द्रुक खाँदेझैं निचोरेको देखेर विरक्तिएका देखिन्छन् भने कोहीचाहिँ यूरोप र अमेरिकाका अनौठा अनौठा ताल देखेर आफ्नै हिमालको सम्झनामा भक्कानो फुटाउँछन् । यसरी चाहे ती ताजमहल घुम्दै हुन् वा गोर्खातिर पुराना र भत्केका गाह्राहरू चाल्दै हुन् वा अमेरिकाका लोखर्केको उफ्राइमा मक्ख पर्दै हुन्, यी सबै नै निबन्धकारहरूका मनका आँखामा नेपाली भाषा नै चम्किरहेको हुन्छ, नेपाल नै झल्किरहेको हुन्छ र सगर-

माथा नै टल्किरहेको हुन्छ। नेपाली निबन्धहरूले उभ्याएको यो आत्मपरक अभिव्यञ्जनाको भवन अत्यन्त समृद्ध, अति आकर्षक र औधि स्नेहालु छ। यो विधा पनि कवितासँगसँगै, कथासँगसँगै, नाटकसँगसँगै र उपन्याससँगसँगै आलोचनासित समेत रतिएर, मौलिएर र झ्याँगिएर निरन्तर फैलिरहेछ। यस संकलनलाई एक पल्ट फेददेखि पुछारसम्म सर्सर्ती हेर्नाले पनि यस तथ्यको पुष्टि सहजै हुन सक्छ :

—तारानाथ शर्मा

वानेश्वर महादेवस्थान
२०३८ माघ १२

◘

विषय - सूची

क्रम संख्या	लेखक	निबन्धको शीर्षक	पृष्ठ
१.	पारसमणि प्रधान	अजीब भोज	१
२.	बालकृष्ण सम	मुटुको व्यथा	११
३.	लक्ष्मीप्रसाद देवकोटा	साँढे	१५
४.	हृदयचन्द्रसिंह प्रधान	छाता	१९
५.	माधव घिमिरे	जगराको सम्झना	२२
६.	केशवराज पिंडाली	केशवराज गोतिको मेनिफेस्टो	२६
७.	रामकृष्ण शर्मा	फुटबल खेलेको हेर्न जाँदा	३३
८.	लैनसिंह वाङ्गदेल	वाङ्गदेल आफ्नै क्यान्भासमा	३८
९.	कृष्णचन्द्रसिंह प्रधान	साहित्य र हावापानी	४५
१०.	जनकलाल शर्मा	नागार्जुनको अभियान	५२
११.	शंकर लामिछाने	शंकर लामिछाने शंकर लामिछानेको दृष्टिमा	६४
१२.	श्याम प्रसाद	एक घण्टा बिताउन	७२
१३.	कमल दीक्षित	उखान मिलेन	८०
१४.	इन्द्रबहादुर राई	उज्यालो	८५
१५.	श्रीधर खनाल	साधारण मान्छे	८८
१६.	नगेन्द्र शर्मा	कठै मेरो काठमाडौं	९३
१७.	ध. च. गोतामे	दाँत	९८
१८.	रमेश विकल	युगबोध	१०२
१९.	वालकृष्ण पोखरेल	चुक्ता हुन बाँकी रहेको एक ऋण	१०९
२०.	तारानाथ शर्मा	पातालमा लोखर्के माया	११२
२१.	कृष्णप्रसाद पराजुली	आफैं साहित्यिक बाटामा	१२१
२२.	बल्लभमणि दाहाल	बसका दुई बिसाउनी	१२८
२३.	चूडामणि रेग्मी	झिंगो र मह	१३२
२४.	कृष्णप्रसाद ज्ञवाली	हाम्रो लाली गुराँस	१३५
२५	भैरव अर्याल	आलु	१४१
२६.	गोविन्द भट्ट	अवसरवाद जिन्दावाद	१४५

क्रम संख्या	लेखक	निबन्धको शीर्षक	पृष्ठ
२७.	देवीचन्द्र श्रेष्ठ	इतिहासको पदचाप	१५०
२८.	लोकराज बराल	ताजमहल–एउटा घुइँचो भित्रको कथा	१५७
२९.	उत्तम कुँवर	प्रतिविम्ब–जीवनको	१६१
३०.	मोराश	सिटी बसमा गजेन्द्रमोक्ष	१६८
३१.	पुष्कर लोहनी	पौडिन चाहन्छु आफैं भित्रको लहरसित	१७२
३२.	कुमारबहादुर जोशी	प्रेम	१७७
३३.	रामलाल अधिकारी	पोइल गएकी स्वास्नीको छोरासँग	१८२
३४.	वासुदेव त्रिपाठी	श्रद्धाका पक्षमा	१८६
३५.	यादव खरेल	बाहिरबाट नेपाल हेर्दा	२००
३६.	राजेन्द्र सुवेदी	अब मेरो क्यासेट खुल्छ	२०७
३७.	वानीरा गिरी	जंगल जंगल	२१५
३८.	मंजुल	काठमाडौंमा देउसी खेल्दा	२२०
३९.	किशोर नेपाल	उपलब्धि : भ्यागुतो	२२४
४०.	विमल निभा	पाकेट काट्ने सहर	२२७
४१.	राजव	प्रत्येक उत्तरमा एउटा भिन्न काठमाडौं	२३०

□

: १ :

अजीब भोज

पारसमणि प्रधान

●

'अजीब भोज' मा कुल पाँच अक्षर छन् । यसर्थ म यो संस्मरणमा जीवनमा खाएका पाँच अजीब भोजको बयान गर्छु । पाठकहरूले मेरा यी पंचभोजमा कृपा गरी राल नचुहाइदिनुहोला, बिन्ती छ ।

एक

मैले खाएको पहिलो अजीब भोज जलपाइगढीको विस्तृत मैदानमा थियो । विद्यार्थी अवस्थामा फूटबलको टीम लिएर गएथें जलपाइगढीको जिल्ला स्कूलको टीमसित खेलनलाई । अन्तर-हाइस्कूल-प्रतियोगिता थियो । हामी दार्जीलिङको पहाडी मैदानमा खेल्ने ठिटाहरू मधेसको चउरमा पर्‍यौं । हाम्रो वातावरणसित त्यहाँको वातावरण पटक्क मिलेन र हामी फूटबलको खेलमा हार्‍यौं । तर हारे तापनि जलपाइगढीका जनताले—विशेष गरी हाम्रा विद्यार्थी सँगीहरूले हाम्रो ठूलो

कदर गरे। अनि रात्रिभोजमा हामीलाई निम्त्याए। साँझमा चाँडै खाने हाम्रो बानी थियो। सात बजेतिर हामी भोजमा भाग लिन गयौं। विजयी बंगाली साथी-हरू व्यस्त थिए। कोही सर-सामान ओसार्ने काममा व्यस्त थिए, कोही खानेकुरा पकाउनमा व्यस्त थिए औ कोही व्यस्त थिए हारमोनियम र डुकी-तबला, ढोलक, बाँसुरी, मुजुरा आदि बाजामा। आठ बज्यो, नौ बज्यो, दस बज्न लाग्यो, खानेकुरा दिने कुरै छैन। हामीलाई र भोक लागिसक्यो। हाम्रा एकाध साथीहरू गाना सुन्दै थिए, निदाएछन्। एघार बज्यो, बाह्र पनि बज्यो। बल्ल खाने वेला भएको संकेत पाइयो। कोही बस बस भन्न लागे, कसैले केराका पात भूइँमा राखे अनि कसैले पातमा आधा फ्याक पारेको कागती र नून राखे। एक जनाले गिलासमा पानी ल्याएर राख्यो, अर्कोले राख्यो तारेको बैगुन (कुपथ्य होइन भण्टा)। ती निदाउने साथीहरूलाई हामीले झाँगल-झुँगल पार्दै भोजन राख्यौं। कसैले गिलासको पानी घोप्ट्याए, कसैले पातमा खुट्टा राखिदिए। वेलामा भात खान नपाएर पनि ती भाते निद्रामा थिए।

दुई जनाले भातको भाँडो दुईतिर समातेर ल्याए। एक जनाले ठूलो डाडुले पस्केर केराका पातमा भात हाल्यो। अर्को साथीले यसरी हालेको भात झोराएर माझमा खोपिल्टो पाऱ्यो। अर्कोले मुँगको दाल ल्यायो र त्यसमा हाल्यो। भोक लागिरहेको थियो। हामीले खपाखप खायौं। त्यसपछि आए दुई तीन किसिमका तरकारी, साग-पात अनि आए चरचरी र चिङ्डी माछेर झोल। हामी त्यस वेला-सम्म दाल र भातले नै अघाइसकेका थियौं। भान्सेहरूले डेगचीमा ल्याए पुलाउ र त्यसका पछि पछि आए पाठाको मासु र रोहु माछाको मुढी-घण्टी (माछाको टाउको) अनि केही अचार। हामी भयो भयो भन्दै छौं, उनीहरू हाल्दै जाँदै छन्। अनि आए लुची (घिउमा तारेको मैदाका साना-साना पुरी) र पायस। त्यसपछि रसगुल्ला, चमचम, सन्देस, मोहनभोग र लेडीकेनी अनि माटाका कचौरामा दही। बंगाली साथीहरू होहल्ला मचाउँदै खान थाले। त्यसपछि ल्याए तेतुलको टक अर्थात् गुलियो हालेको अमिलो अचार अनि फलाहार। अनि त्यसपछि पान-सुपारी हाम्रा भागमा खानेकुराको रास लागेको थियो। हामी भने पहिलो पटक पस्केका दाल र भातले नै टम्म भएका थियौं। बंगाली साथीहरू कसले बढ्ता रसगुल्ला खाने भनी होड लाउन थाले। एक जनाले अघाएको पेटमा बाईस वटा रसगुल्ला कोचाऱ्यो। हामी स्तम्भित भयौं। हामी दार्जीलिङबाट जाने छात्रहरूलाई छक्क पर्नु सिवाय अरू केही उपाय नै थिएन। यसरी मोजले भोज खाएर हामी भोलिपल्ट घर फर्क्यौं। मलाई भने आफूले भोज खाएको ता होइन तर अरूले भोज खाएको तमाशा हेरेर आएजस्तो लाग्यो।

दुई

मैले खाएको दोस्रो भोज पनि अजीबकै थियो। केही शिकारी साथीहरूले 'शिकार खेल्न जाऔँ' भने। मैले 'हुन्छ जाऔँ' भनें। बन्दूक, गोली-गट्ठा गाडीमा हालें। ड्राइभरले गाडी हाँक्यो, हामी टिस्टा नदीको किनारमा वैकुण्ठपुर फारममा पुग्यौं। जम्मा हामी पाँच जना थियौं —तीन जना शिकारी, एउटा भान्से र एक जना ड्राइभर। चित्तल, जरायो, थारहरूका शिकारमा मेरो सोख थियो तर साथीहरू बनेलको खोजीमा थिए। शिकार खेल्न सघाउने 'बिटर' हरू प्रशस्त पाइन्थे। दस जना ठीक गरेर हामी शिकार खेल्न थाल्यौं एक जनाले काँसघारीमा बाघ उफ्रेको देखेछ। उसले आएर हामीलाई खबर दियो। एक जनाले जरायो हानेछन्। त्यस-लाई काटकूट पारेर डेरामा ल्यायौं। बडा शिकारीले बाघ हान्ने मन्सुबा गरे। उनले ठाउँ हेरेर मचान बनाउने आर्डर दिए। एउटा भैंसी किनेर बाँध्यौं। नभन्दै बाघले राति भैंसी मारेछ र केही खाएछ। मचानमा चढेर राति बाघ ढुक्ने सल्लाह भयो। दुई जना रायफल हान्ने शिकारीहरू बाघको शिकारमा गए। म डेरामा बसें।

हामीले जरायो मारेको कुरो गाउँलेहरूले चाल पाएछन्। बिलो माग्न आए। मैले केही बाँडिदिएँ। तिनीहरूमध्ये एक जना रहेछन् स्कूल मास्टर। मैले तिनलाई 'आफ्ना घरमा भोजको प्रबन्ध गर, तिमीहरूले भोजमा खाने मिठा-मिठा परिकार-हरू खुवाऊ' भनें। उनी खुशी भए र भोजको प्रबन्ध मिलाउन घर गए। राति आठ बजेतिर मास्टर मलाई बोलाउन आए। म तिनका घरमा भोज खान भनी गएँ।

मास्टरको घर बाँसका चित्राले चिटिक्क पारेर बारेको, खरको छानु औ केही अंशमा बाँसकै चित्राको छानु लाएको, झ्याल-ढोकाको राम्रो प्रबन्ध भएको, भूइँदेखि केही अलगोमा बनेको थियो। घरमा एउटी बूढी आमा औ नव-विवाहिता दुलही थिए। एक जना मामा, भर्खरै भानीज भेट्न आएका रहेछन्। तिनले मलाई स्वागत गरे। म घरभित्र पसें र एउटा सजाएर राखेको मृगको छालाले मोडेको मूढामा बसें। सामुन्ने बेतको एउटा मेच थियो। मास्टरले बूढी आमा र आफ्नी दुलहीसित परिचय गराइदिए। तिनीहरूले मेरा गोड़ामा ढोग्न खोजे, मैले दुई हात जोरें। सबै नै काम-चलाउ नेपाली कुरा जान्दथे।

मास्टरले आफ्नो कुरामा खानेकुरा ल्याऊ भने। दुलहीले गिलासमा पानी ल्याइन् अनि मेचमा सालका पातले गाँसेको टपरी सजाइन्। तीन जनालाई तीन भाग घिउमा भुटेको चामरे, त्यसका बरिपरि सितन-तिहुन-तरकारी-अचारहरू, एउटा प्लेटमा मासु औ एउटा डबका जस्तो बर्तनमा केही खोले। ती दुवै भान्सेले हात जोरेर खान थाल्ने अनुरोध गरे। मैले मास्टरलाई 'लौ थाल्नोँ, तपाईं जसरी खानु-होला म उसै गरी खाउँला' भनें। मास्टर र तिनका मामाले हात धोए, मैले

पनि धोएँ । तिनीहरूले एक छेउमा राखिएको धूलो अचार चामरे र मासुमा छरे । मैले पनि उसै गरें । तिनीहरूले फाँको हाले । मैले पनि उसै गरें र चबाउन थालें । चहकिलो थियो । यो धूलो अचारले चहकिलो पारेको होला भनी 'यो केको अचार हो ?' भनी सोधें । 'सुकुटी माछा र आँपको चूर्ण, नून खोर्सानीहरू मिसाएर बनाएको हो, रुचिकर हुन्छ' भने । त्यसपछि मैले मासुमा हात हालें, चाखी हेरें, स्वादिलो थियो । सारडिन माछा जस्तो तर तेल विनाको । टीनका बट्टामा आउने सालमोन माछा खाए जस्तो लाग्यो । फेरि अर्को किसिमको मासुमा हात हालें र चाखें । बेग्लै किसिमको स्वाद थियो । मास्टरले छेउमा राखिएको फुल धूलो अचारमा चोबेर खाए । मैले पनि त्यसै गरें । फुल उसिनेको रहेछ तर भित्रको रंग कुखुराको फुलको जस्तो थिएन । तपाईंहरू हाँसको फुल खानुहुँदो रहेछ, हामी नेवारहरू पनि हाँसको फुल खान्छौं' भनें । उनले 'यो कछुवाको फुल हो अनि यो मासु पनि कछुवाको हो' भने । मैले कछुवाको फुल र मासु जीवनमा अघि कहिल्यै खाएको थिइनँ ।

मास्टरका मामाले फुलसित घरिघरि खोले खाएको देखी मैले पनि त्यसै गरें । खोले केही गुलियो-गुलियो थियो भर्खर उठेको भाती जाँड़ रहेछ । मास्टरले भने— "हाम्रा मानिसहरू यो रुचाउँछन्, छिप्पिएको चाहिं खोजी-खोजी खान्छन् र मात्द-छन् । नछिप्पिएको भाती जाँड़मा ताकत दिने शक्ति हुन्छ भन्ने हाम्रा मानिसहरूको मनाइ छ । तर यो हामी जस्ताले खानु हुन्न । हजुरले हाम्रा मानिसहरूको खान-पिनको खोजी गर्नुभएको हुनाले नमूना स्वरूप मैले यहाँ टक्र्याएको मात्र हुँ ।"

सालमन माछा जस्तो मासुमा मैले निकै बल गरेको देखी मास्टरले भने— "यो मूसाको मासु हो ।" मैले पत्याइनँ ।

"के तपाईंहरूले मूसा पाल्नुभएको छ र ? गिनिपिग भन्ने एक किसिमको निकै ठूलो सेतो, टाटे पाङ्रे मूसा हुन्छ । मैले केही वर्षअघि पालेको थिएँ तर त्यसको मासु भने मैले खाइनँ । खरायाको मासु मैले अवश्य खाएँ । चहकिलो हुन्छ, जंगली चराको मासु जस्तो" मैले भनें ।

मास्टरले भने—"हामीले मूसा पालेका छैनौं अनि पालिरहनु पनि पर्दैन दिउँसो ठिटाहरू गाई-भैंसी चराउन खेतमा जान्छन् । मधेसको खेतका आलीमा बेहि-साब मूसा हुन्छन् । यी ठिटाहरू दिनभरि मूसाको शिकार गर्छन् र साँझमा घर फर्कँदा १०।२० मूसा जाबीमा लिएर आउँछन् । घरका परिवारको खानेकुरामा मूसाको मासु मुख्य हुन्छ । यो केटाकेटी, तरुणतरुणी, बूढाबूढी सबैले रुचाएर खान्छन् स्वादिष्ट हुन्छ ।"

मलाई मन-मनमा दिगमिग लाग्यो तर शिष्टताको नाताले यसरी अर्काले खाने गरेको आहारमा घृणा प्रकट गर्नु नहुने । मैले मूसाको शिकारमा रुचि देखाएँ र

ठिटाहरूले शिकार खेलेको हेर्ने इच्छा प्रकट गरें। खानेकुरा अरू पनि निकै थिए तर मूसाको मासुको चर्चापछि मैले अरू खान सकिनँ। भागमा सिमलतरुल थियो, माछा थियो, बयेर थियो, बनेलको मासु थियो। यस्तै अरू धेरै कुरा थिए तर···।

मूसाको मासु पकाउने विधिको चर्चा चल्यो। मास्टरले भान्सा कोठाबाट पकाउँदै गरेको एउटा मूसा ल्याएर देखाए। मुछेको कालीमाटीमा सिंगै मूसालाई लपेटेर आगाको भुंग्रोमा हाल्दा रहेछन्। माटो पाकेर फुटेपछि त्यसलाई पानी छर्केर फ्वाक्क निकाल्दा मूसाको रौं त्यसमा टाँसिएर छुट्टिँदो रहेछ। लाग्ने हतियारले चिरेर भित्रांश फेंके पछि बाँकी रहेको अंश मासु नै मासु हुँदो रहेछ।

नौ बज्यो पान-सुपारी चपाउँदै मैले भान्सेहरूलाई धन्यवाद दिएँ र बिदा लिएँ। डेरामा पुगेर सुतिटोपलें तर निद्रा लागेन। उता बाघको शिकारमा के हुने हो। यस्तै चिन्तामा फर्लङ्ङ रात काटें। रिमरिमे उज्यालो हुँदा शिकारीहरू आए तर रित्तै। केही बेरपछि बिहानको खाजा खाएर हामी मूसाको शिकार हेर्न खेतमा गयौं। २०।३० जना ठिटाहरू भेला भए र खेतका आलीमा पराल थुपार्न थाले। एक जनाले एउटा कुनामा आगो सल्काएर फुक्न थाल्यो। खेतका गराको पल्लो कुनाबाट धूवाँ निस्क्यो। त्यहाँ पाँच-सात जना ठिटाहरूले कसैले लाठीले कसैले भिक्राले हिर्काउन थाले। आलीमा भित्र लुकेका मूसाहरू धूवाँले गर्दा त्यहाँ भागेर पुग्दा रहेछन् औ प्वालबाट निस्कनासाथ ठिटाहरूले मार्दा रहेछन्। यसरी हामीले हेर्दाहेर्दै ठिटाहरूले सयभन्दा बढी मूसा मारेर थुपारे। अनि ता मलाई बनेल र बाघको शिकारभन्दा मूसाको शिकार पो बढ्ता रमाइलो लाग्यो औ अरू थोकको मासुभन्दा पनि मूसाको मासु पो बढ्ता चहकिलो लाग्यो। यसरी मैले बैकुण्ठपुरका टिस्टा नदीको किनारमा अर्द्ध-शताब्दीअघि खाएको भोज हिजै मात्र खाएको जस्तो लागिरहेकै छ।

तीन

मैले खाएको तेस्रो भोज थियो चेसाङको रात्रि-पाठशालामा। भोटाङ राज्य र भारतलाई जलढक्का नदीले छुट्याउँछ। सिमानामा रेचेला पहाडको फेदीमा तोदे-ताङ्ता, चेसाङ, पाटेम गोदुक आदि गाउँ छन्। त्यहाँ मिसनरीहरूले चलाएका केही प्राथमिक पाठशालाहरू थिए। यस्ता पाठशालाहरू निरीक्षण गर्ने काम थियो मेरो। टाढाको दौडाहा थियो, यसर्थ मैले आफ्नो टूर-प्रोग्राम पठाइसकेको थिएँ। मास्टरहरू र गाउँलेहरू मेरा प्रतीक्षामा थिए। रेचेलाको जंगलमा चरा हान्दै हामी तीन जना ताङताको बंगलामा पुग्यौं। हामी तीन जनामा अरू दुई जना थिए इन्सपेक्टिङ पण्डित बाबू इन्दी काबू र मेरो अर्दली बहादुर मगर। बाटामा चार वटा धनेश र बीस वटा हुकुस बन्दूकले मारेका थियौं। खानेकुराको दुःख थिएन।

हामी ताङ्तादेखि तोदे गयौं औ तोदेदेखि चेसाङ । त्यहाँका मास्टरले हामी-लाई खान भनी निम्तो गरे । लेप्चा मास्टर थिए । "खास लेप्चाहरूले खाने भोज खुवाउँछौ भने हामी आउँछौं, उही दाल, भात र मासु हो भने हामीसित प्रशस्त छन्- हामी खाएरै आउँछौं" भनी मैले ठट्टा गरें ।

"खानु ता के छ र हामी गरीबका घरमा तर हजुरहरूले हाम्रा दलानमा खुट्टामात्र टेकिदिनुभयो भने पनि हामीलाई लाख हुनेछ । हामी गरीबका घरमा जो पाइन्छ त्यही खुवाउँछौं ।"

"मैले खोजेको पनि त्यही हो । यहाँ धनी र गरीबको कुरो छैन तर विभिन्न जातका मानिसहरूका घरमा विभिन्न किसिमका खानेकुरा खाने चलन छ । प्रकार भेद र वैचित्र्यको अनुभव गर्ने मेरो विचार हो ।"

भोलिपल्ट ११ बजेतिर हामी चेसाङको स्कूलमा पुग्यौं । बाटामा दमाईंगेडा लहलह थिए । तिनमा हुकुसको बथान कसरी झुत्ती खेल्थे भने मान्छे छेउमा पुग्दा पनि ती टेर्देनथे । एक फायरमा कम्तीको दस वटा हुकुस मार्न सकिन्थ्यो । लेकको हुकुस तामे ढुकुरभन्दा केही ठूलो, परेवाका किसिमको, बोसैबोसो भएको, फलमासु पनि निकै हुने, एउटाले एक छाक पुग्ने हुन्थ्यो । मास्टरलाई यस्ता दस वटा हुकुस कोसेली दियौं । मास्टरनी र दुई जना छोरीहरू घरमा रहेछन् । ती साह्रै प्रसन्न भए । छोरीहरू कालिम्पोङ गर्ल्स हाई स्कूलमा केही साल पढेर गएका रहेछन् । 'खामरी' (लाप्चे सलाम) गरेपछि हामी घरभित्र पस्यौं र एउटा ठूलो सिंगै छालामाथि बस्यौं । कोठा केही अँध्यारो थियो । चूल्हो नगिचै थियो । यसर्थ कोठामा धूवाँ रुमलिन्थ्यो ।

मलाई गोरुको छालामा बसेको जस्तो लाग्यो । मैले सोधैं —"यो गोरुको छाला कहाँ पायौ ?"

'यो मिथुनको छाला हो । एक बथान मिथुन जंगलबाट गाउँमा पसेका थिए । मैले काँडले हान्दा एउटा खुत्रुक्कै भयो । सबैले भोज खायौं । छाला काढेर सुकाएको यस्तै भयो, न्यानु छ ?"

"अनि सिंग ?"

"सिंग समेतको टाउको बनाइराखेको छु । हजुरलाई इच्छा भए दिन्छु, लैजानुहोस् ।"

"अहिले हामी बोक्न सक्तैनौं तर मौकामा कालिम्पोङसम्म ल्याइदिने बन्दो-बस्त गर्‍यौ भने लागेको खर्च म दिउँला ।"

"हुन्छ नि" भनी मास्टरले भने ।

मास्टरका छोरीहरूले खानेकुरा ल्याएर मेरा सामू राखेको छिन्ते (होचो

मेच)-मा राखे । इनामेलका प्लेटमा किसिम-किसिमका उसिनेका तरुलहरू सजाइएका थिए । घर-तरुल, बन-तरुल, लाप्चे-तरुल, सिमल-तरुल, सुठुनी सबै एक आकारमा चिटिक्क पारी काटिएका, सुग्घर गरी मिलाएर सजाइएका थिए । छेउमा खोर्सानीको धूलो र नून राखिएका थिए । त्यसका छेउमा कुखुराका उसिनेका फुलहरू चाहिएसम्मन् थिए अनि मास्टरनीले ल्याइन् एक तुम्बा कोदोको जाँड र मेरा अघिल्तिर राखेर दुई हात जोरिन् । छोरीहरूले चराको मासु पोलेको र एउटा कचौरामा उसिनेका माछा ल्याएर राखे । हामीलाई खाने आग्रह भयो । मास्टरले पनि तुम्वा नारे र फुल खान थाले । मैले तरुलहरू एउटा-एउटा गर्दै सबै थरीका चक्कीहरू चाखें । मेरो अर्दली रामबहादुरले तुम्वा देखाउँदै धेर चुस्नु हुँदैन, बाटो निकै हिंड्न बाँकी छ भन्ने इशारा गर्‍यो । माछा मीठो लाग्यो, निकै बल गरें । "अरू ल्याऊ न यस्तो माछा" भनी मास्टरले मागे । छोरी चाहिंले एउटा बाँसको ढुंग्रो ल्याएर दिई । त्यसैमा माछा पकाउने गरेका रहेछन् । यसरी ढुंग्रोमा पकाएको माछा अत्यन्त स्वादिष्ट हुने रहेछ । "कहांबाट ल्याएको ?" भनी सोधें । "जलढक्कामा हिजो माछा मार्न गएका थियौं, तिपहरू थापिराखेका थियौं । पाँच सेर जति माछा परेछन्" भन्ने जवाब पाएँ ।

यसरी खास लाप्चे हिसाबको भोजमा भाग लिएर हामी दुई बजेतिर त्यहांबाट विदा लिएर हिंड्यौं । यसरी भोज खाएको पचास वर्ष वित्यो तर यो अजीब भोजको सम्झना अझ ताजै छ ।

चार

मैले खाएको चौथो भोज पनि कम अजीब थिएन । मिस सिंह इन्सपेक्ट्रेस अब् स्कूलस् थिइन् । ढाकामा थियो तिनको हेड क्वार्टर्स् । तिनताकको बंगाल प्रान्त अहिलेको हेरी धेरै ठूलो थियो । दार्जीलिङ जिल्लाका बालिका विद्यालयहरू उनैको अधीनमा थिए । दार्जीलिङ जिल्लामा दौडाहामा आउंदा मैले उनीसँग हिंड्नुपर्थ्यो । फरासिली थिइन् मिस सिंह ।

एक पल्ट उनी यसरी दौड़ाहामा आएको बखतमा मैले उनलाई आफ्ना घरमा लगेर नेपाली खाना खुवाएको थिएँ । उनले मलाई "ढाकामा आउनोस्, म पनि तपाईंलाई बंगला खाना खुवाउँछु" भनेकी थिइन् औ फेरि फेरि पनि भन्थिन् तर भोज खानलाई दार्जीलिङदेखि ढाका जाने कुरो खेलवाड़ थिएन । म उनको निम्तो हाँसेर उडाइदिन्थें ।

सन् १९२६ मा मिस सिंह सधैंकै समयमा दार्जीलिङ आइन् । ह्लासा भिल्लाको डाक-बंगलामा तिनलाई राख्ने प्रबन्ध गरें । दिउँसो हामीले बालिकाहरूको वृत्ति परीक्षा लिने काम गर्‍यौं । सांझमा तिनले मलाई डाक-बंगलामा खान बोलाइन् । म

उनी सँगसँगै डाक-बंगलामा गएँ। उनले मलाई सिटिङ रूममा राखिन् र आयालाई चिया-चमेना ठीक गर्ने आदेश दिइन्। आफैं पनि "माफ गर्नुहोस् म आइहालें" भनी भित्र पसिन्।

केही क्षणमा तिनले एउटा ठूलो थालमा किसिम-किसिमका मिष्ठान्न सजाएर ल्याइन् र मेरा अगाडि मेचमा राखिदिइन्। आयाले एक गिलास पानी ल्याएर राखी औ मिस सिंहलाई एउटा प्लेटमा केही मिठाई ल्याइदिई। थालमा कुल चौध किसिमका मिठाईहरू थिए—कोही, ठूला, कोही साना, कोही तीनकुने, कोही गोल, कोही चारकुने, कोही रंगीन, कोही सादा औ कोही कस्ता। तिनले भनिन्—"मिस्टर प्रधान, मैले यी मिठाईहरू तपाईंलाई खुवाउनकै लागि ढाकाबाट ल्याएकी हुँ। मैले तपाईंका घरमा कस्ता-कस्ता खानेकुरा खाएँ। तपाईंकाँ खाएका ती स्वादिष्ट खानेकुरा मेरा मुखमा अझ झुण्डिरहेका छन्। तपाईंलाई भने मैले कुनै दिन केही खुवाउन सकिनँ। म लाजले भुतुक्क हुन्छु। यस पाला सम्झेर ल्याएकी छु यी ढाकाका बंगला मिठाई र खानेकुराहरू। खाइदिनुहोस्, मेरो मन प्रसन्न गराइदिनुहोस्।" यो ढाकाको अमृती हो, यो मोहनभोग, यो सन्देस, यो सिंघाड़ा, यो लेडीकेनी, यो फलाना, यो ढिकाना भन्दै उनी मिष्टान्नहरूका नाउँ फलाक्न थालिन्।

"किन यसरी दुःख गर्नुभएको म जाबोका निम्ति?" भनेर मैले शिष्टाचार देखाइटोपलें र माझमा राखिएको जिलेबी जस्तो मिठाई अमृती टिपेर मुखमा हालेको मात्र थिएँ मिस सिंह आत्तिएर चिच्याइन्। म स्तम्भित भएँ। मेरा हातबाट अमृतीको टुक्रा भूइँमा खस्यो। तिनी यसरी एक्कासि किन चिच्याइन्, किन यिनले मुख बिगारिन्, मैले बुझ्न सकिनँ। मैले के बिराएँ अथवा तिनलाई के भयो? म छक्क परें! म जिल्ल परें!!

केही बेरपछि मिस सिंहले भनिन्—"मलाई तपाईंले किन यसरी धोका दिनुभयो? तपाईंले खान्छु भनेर मलाई विश्वास दिलाउनुभयो, मैले तपाईंको कुरामा साँच्चिनै विश्वास गरें तर तपाईंले भने मलाई छक्याउनुभयो। कस्तो बिडम्बना!"

मैले हतारिएर भनें—"म खाँदै छु मिस सिंह! मैले धोका दिएको छैनँ औ दिने पनि छैनँ। किन यस्तो कुरो गर्नुहुन्छ?"

यति भनेर मैले अर्को मिठाई टिपें र खान लागें। मिस सिंहले भनिन्—"तपाईंले जम्मै मिठाई छोडेर पहिल्यै गुलियोमा हात हाल्नुभयो किन?"

पछि बुझ्दा नुनिलो, गुलियो इत्यादि स्वादका खानेकुरा खान बस्ता बंगाली दस्तूरअनुसार पहिले तितो अनि नुनिलो औ सबभन्दा पछि गुलियो खानुपर्ने रहेछ मैले पहिले नै गुलियो मिठाई टिपेको देखी अब यिनले अरू मिठाई नखाने रहेछन्

भनी मिस सिंह आत्तिएकी रहिछिन् । भोज खान बस्ता यो साधारण शिष्टाचार र नियम पालन गर्नुपर्ने शिक्षा मैले त्यसै दिन पाएँ । भोज खाने एउटा नयाँ कुरो मैले त्यस दिन सिकें ।

पाँच

मैले मेरो जीवनमा खाएको पाँचौं भोज पनि उत्तिकै अजीब थियो । गोर्खा-पल्टनमा नोकरी गरेर अवसर प्राप्त गर्ने अफिसरहरूको एउटा बलियो संगठन छ दार्जीलिङमा । यो संगठनको वार्षिक भोज हुन्थ्यो गभर्मेन्ट हाउसमा । लाठ साहेब यो भोजमा आउनुहुन्थ्यो । निजामती तर्फका आठ-नौ जनालाई निम्तो दिइन्थ्यो । तिनीहरूमध्ये एउटा कार्ड मलाई पनि आउँथ्यो । मिलिटरी अफिसरहरू फूल ड्रेसमा तक्मा लगाएर तलवार भिरेर भोज खान जान्थे । निजामतीकाहरू कालो मयलपोस-सुरुवाल र भादगाउँले टोपी लाएर जान्थ्यौं । यसरी एक सालको भोजमा म पनि सामेल भएँ ।

ठीक समयमा लाठ-साहेब आफ्ना एड-डि-कोडहरूलाई साथमा लिएर हलमा आउनुभयो । उहाँले प्रत्येक व्यक्तिसित चिनापर्ची गर्दै हात मिलाउनुभयो । पुगनपुग दुई सय जनाको जमघट थियो । मेचमा खानेहरू मेचका वरिवरि बसेर खान थाले । वफेको प्रबन्ध थियो । क्यान्टीन खुला थियो; जसलाई जे खान वा पिउन इच्छा लाग्थ्यो सो मागेर खान्थे, पिउँथे । सब आनन्दमा थिए । भेटघाट गर्ने ठूलो मौका थियो । चिनापर्ची गर्ने उस्तै मौका थियो । काम बनाउनेहरूले मौका छोप्थे ।

अवसर प्राप्त सैनिक अफिसरको निजामतीका चलता-पुर्जा अफिसरहरूसित चिनापर्ची, भेटघाट होस् भन्ने मिलिटरीका संगठनको भित्री इच्छा र अभिप्राय थियो । साधारण बियरदेखि लिएर ब्राण्डी, ह्विस्की, सामपेन, जिन, ह्वाइटहर्स् आल्टम जे मागे पनि पाइन्थ्यो । खानेकुराको परिकारमा टोस्ट, बिस्कुट, चिकेनपाई, स्याण्डविच, चाप, केटलेट, आम्लेट, कोफ्ता, करी, पराठा सब थोकको पूरा इन्त-जाम थियो । के खोज्छन् कानो, आँखो मिलिटरीका मान्छेले ता खानेनै भए, सिभि-लकाहरूले पनि निकै बल गरे । कसैले होस राखेर खाए तर एकाधले गति छोड़े । यसरी खाई-पिई सबै आफ्ना-आफ्ना बाटा लागे । मसँग आउने एक जना मेजर सुबेदारले बढ़तै पिएछन् । मैले 'जाऊँ' अब, वेला धेरै गयो, सबै साथी हिंडिसके' भनें । अब लास्ट् घुट्को भन्दै धरमराउँदै ती फेरि एक पेग माग्न गए । क्यान्टीन प्राय: बन्द भइसकेको थियो । ती ढिपी लाउँदै थिए, धरमर गर्दै लोटे । मैले उठा-उने चेष्टा गरें तर सुबेदार साहेब भारी जिउका थिए, उठाउन सकिनँ । एक जना-

लाई सघाइमागें र हलबाट जेनतेन बाहिर निकालें तर सुबेदार साहेबका खुट्टा लाग्न छोड़े । थाम्दै तलसम्म ल्याएँ, नालीमा खुट्टा हालेछन् जिप्टिएर पछारिए, मैले उठाउनलाई अनेक बल गरें तर सकिनँ ।

अब रिक्सामा हालेर लैजानुपऱ्यो भनी म रिक्सा खोज्न हिंडें । बल्लतल्ल एउटा रिक्सा चौरस्तामा फैला पारें । दस रुपियाँ भाड़ा ठीक गरेर उनी लड़ेका ठाउँमा रिक्सा पुऱ्याएँ । त्यहाँ पुगेर हेर्दा सुबेदार मेजर बेपता । तिनीसँग फेरि भेट भएन । अझ भेट भएको छैन ।

□

: २ :

मुटुको व्यथा

बालकृष्ण सम

•

१९८४ साल जाँदा नजाँदै मैले बराबर सुन्न थालें; मेरा साथीहरू कति जना एम. ए. मा उत्तीर्ण भए : जनकराज श्रेष्ठ, मृगेन्द्र समशेर, महेन्द्र विक्रम शाह, जुम्ली राजाका छोरा। कति यस्ता समेत उत्तीर्ण भएछन् जो मभन्दा धेरै नै निर्बल थिए। मैले उनीहरूलाई बधाइ दिएँ। घर फर्केपछि मलाई अत्यन्त नरमाइलो लाग्यो। मैले सपना देखें—फेरि जाँच दिइरहेको, टाइम पुग्न पुग्न लागेको, म आत्तुरी मानेर लेख्न लागेको, हात कति गर्दा पनि ढीलोसित बल्ल बल्ल सरिरहेको, घन्टी बजेको; तर झसङ्ग भई बिहान उठ्ता टुँडिखेलमा बिगुल बजिरहेको हुन्थ्यो, हत्तपत्त कवायदमा खाकी लुगा लगाई जानुपर्दथ्यो। यसरी छ वर्षसम्म रात परेपछि मात्र मैले कलम समाउने, बिहान झिसमिसेदेखि नै तरवार समाउने र चाकरीमा रुजु रहने गर्नुपऱ्यो। साथीहरू उत्तीर्ण हुनुभन्दा बढी जति जति आफ्नो देश र सरकारले त्यस प्रमाणपत्रमाथि श्रद्धा गरेको देख्थें उति उति मैले पश्चात्ताप अनुभव

गर्न थालें । मेरो मुटुमा परेको चोट मैले 'मुटुको व्यथा' लेखेर निको पार्न खोजें, मेरो पोलेको छातीमाथि कविता देवीको पाउले टेक्ता मात्र मलाई शीतल हुन्थ्यो, शान्ति मिल्दथ्यो ।

अनि मैले रात रात भर जस्तो र पाएको वेला दिन दिन भर जस्तो परिश्रम गरी रचेर 'मुटुको व्यथा' लेखिसिद्धयाएँ । अनि त्यो साफी गरेर तुरुन्त पिताजीलाई देखाएँ । उनले त्यो दुवै दिनमा हेरिसकेर मलाई भने—''मैले तेरो एक ठाउँमा अशुद्धि फेला पारें—'गुरु गुँद नै रहन्छन्, चेला चिनी बन्दछन्' लेखेको रहेछस्, यसमा 'गुँद' होइन 'गुड' शुद्ध हो; अरू त तैंले अनौठो अचम्मसित लेखेको रहेछस्, मलाई त तँ यत्तिको लेख्लास् भन्ने अलिकति पनि पत्यार थिएन ।'' अनि उनले आफूले रचेका केही कविताको हस्तलिपि मलाई दिएर भने—''हेर्, मैले यसरी बनाएको कविता त तेरो अगाडि केटाकेटीले लेखे जस्तो पो भयो । अब यो तेरो पुस्तक गोरखा भाषा प्रकाशिनी समितिमा लगेर देखा, माहिला गुरुज्यूलाई पनि देखा, मलाई मात्र बेस लागेको हो कि उहाँहरूलाई पनि त्यस्तै लाग्छ; त्यहाँ पास भएपछि अनि छपाए हुन्छ ।'' यो १९८५ साल थियो ।

पिताज्यूका कविताको हस्तलिपि मसित छ । त्यो म छपाउनेछु, किनभने मलाई पहिलो प्रेरणा उनैका कवितावाट मिलेको थियो । मैले त्यहाँपछि दर्खास्तसहित मेरो पुस्तक लगेर गोरखा भाषा प्रकाशिनी समितिका सुपरिन्टेन्डेन्ट् (अधीक्षक) राममणि आ.दी. लाई बुझाएँ । उनले 'म राम्ररी हेर्छु' भने । अनि मलाई अलि अलि गरेर, कपाल दुख्न बढ्दै गयो । मेरा साथीहरू सरह मैले पढ्न नपाएको प्रतिहस्तापित रूपमा मैले आफ्नो त्यस वेलामा भएभरको शक्तिभन्दा विशेष मानसिक वल प्रयोग गरी त्यो लेखेको थिएँ, त्यसैले हुन सक्तछ त्यसरी कपाल दुखेको । दुख्ता दुख्ता असह्य भएर म ओछ्यान परें, अरू कोठामा हिँड्दा पनि थर्केर कपालमा चस्का पर्दथ्यो, कसैले ठूलो स्वरले बोल्दा पनि कपाल चड्कन्थ्यो; यसरी बाईस दिनसम्म म टाउको तकियावाट उठाउन नसक्ने अवस्थामा रहें । मलाई कुनै वेलामा त म 'मुटुको व्यथा' ले नै मर्न लागें, यही अन्तिम समय हो भन्ने लाग्दथ्यो । मलाई माया गर्ने सब चिन्तित देखिन्थे । रोगको निदान चाहिं पत्ता लाग्न सकेन । अन्त्यमा मेरी श्रीमतीले कोमल स्पर्शले वैद्यले बताएको गद (कन्द विशेष) को लेपन निधार र कन्चटमा गरिदिंदादिंदै मेरो कपाल दुख्ने निको पारिदिइन् । सन्चो हुने बित्तिकै म समितिमा पुगें ।

अब मेरो कपालमा प्रशंसा बर्सन थाल्यो । समितिका अधीक्षक सरदार राममणिले प्रशंसाले मेरो कपाल थिचिदिए, तर मैले कैयौं दिन समितिमा धाउनु-पर्‍यो । अन्त्यमा समितिका पण्डित कवि चक्रपाणि चालिसेले भने—''यो एउटा

नयाँ कुरो हाम्रो साहित्यमा आयो, मेरो बधाइ छ, कसरी यस्तो मौलिकता आयो ? यसले त साहित्यमा ठूलो हलचल गर्नेछ, यस्तो ग्रन्थ छपाउनलाई समितिले अनुमति दिनैपर्छ, तर एक चोटि महिला गुरुज्यू (हेमराज) को पनि अनुमति लिनुपर्छ भनेर सुब्बाबाजे (राममणि) ले वहाँ पठाउनू भन्नुभएको हो ।"

चक्रपाणि जस्ता कविबाट यो सुनेर मेरो हृदय प्रफुल्लित भयो । मैले केही लेखेंछु भन्ने अनुभव गरें । फेरि एक महिना बित्यो—सुनें गुरुज्यूकहाँबाट पुस्तक फिर्ता आयो । म समितिमा गएँ । यसरी महिना बित्ता बित्तै १९८५ सालको आषाढ महिना लागेपछि मैले राममणिलाई भनें—"यही महिनाको २७ गते महाराजको जन्मोत्सवमा मलाई यो चढाउने इच्छा थियो ।" राममणिले भने—"झन् वेस भयो; यस्तो पुस्तक आएको महाराजलाई एक चोटि नजर गराउनैपर्थ्यो, अर्को प्रति हस्त-लिपि भए चढाइयोस्, यहाँबाट, आखिरमा महाराजको हजुरमा पनि मैले नै सुनाउनुपर्छ; तर यहाँलाई म एउटा सल्लाह दिन्छु—जन्मोत्सवको दिनमा यो वियोगान्त नाटक मात्र चढाउनुभन्दा त्यसमा सो दिनलाई खुल्दो दुई चार श्लोक महाराजको प्रशंसाको वा केही शुभकामनाको त्यहाँ भए अति उत्तम होला ।"

माथि तल यता उताका केही दृश्य लेखी खेस्रा गरी मात्र राखेको सिद्धचाइ-नसेकेको नाटक 'अमलेख' लिएर म पर्सिपल्ट राममणिकहाँ गएँ । उनी त्यो देखेर स्तम्भित भए, अनि केही बेरपछि उनले भने—"अरू त पछि पास गर्ने वेलामा हेरूँला, यसबाट यत्ति अंश झिकी 'श्री ३ महाराजको जन्मोत्सवमा' शीर्षक हाली त्यसमाथि राखेर चढाउनु बेस होला ।" मैले त्यसै गरें । अमलेख भइसकेपछिको एक पात्र घर्तीको उद्‌गारबाट १९ श्लोक झिकी ठूलो अक्षरले लेखी पुस्तकमाथि राखेर जन्मोत्सवकै दिनमा 'मुटुको व्यथा' चन्द्र समशेरलाई उपहार गरें । मलाई सबले हेरिरहे । चन्द्र समशेरले त्यो लिएर 'लौ हेरेर भन के रहेछ' भनी राममणि-लाई दिए । जगन्नाथ र वैजनाथ सेढाईंहरूले 'चन्द्रमयूख र भूचन्द्रचन्द्रिका' मा छपाइखर्च तथा बकसहरू पाएको सम्झेर मेरा दाज्यूभाइहरूले मैले पनि केही पाउँछु कि भन्ने शंका गरेका थिए, तर मैले एक पैसा पनि पाइनें ।

डेढ महिना जति पछि म समितिमा बोलाइएँ । 'महाराजलाई सब पढेर बिन्ती गरें, राम्रो मानिबक्सियो, भन्दै राममणिले पुस्तक पल्टाउँदै मलाई देखाए; धेरै ठाउँमा काटिएर रगत बगे झैं राता चिह्नहरू देख्ता मैले धमिलो देखें, रिङटा लाग्यो । परन्तु उही लाल पेन्सिलले देखाउँदै उनले भने—"मलाई यो नदेखुन्जेल म पनि लेख्दछु भन्ने लागेको थियो, तर यो देखेपछि मेरो अभिमान गयो ।" पैसा-भन्दा गहलिको यो प्रोत्साहन दिने वाक्य भएकोले मैले सम्झिराखेको हुँ । अन्त्यमा उनले भने—"तर यी चिनु लगाए जत्ति ठाउँका वाक्यहरू राम्रा छैनन्, हटाउ-

नुपर्छ। यिनका ठाउँमा अरू नै आपत्ति नपर्ने कुराहरू परून्, 'महारानी, नराऊन् हुकुम भएको छ…… ।" इत्यादि ।

केसर महलमा जाँदा मेरो बराबर आशुकवि शम्भुप्रसादसित भेट हुन्थ्यो। एक थुप्रो पुस्तक लिई कति चोटि उहाँ जाने शम्भुले छपाउने खर्च पाएनन्, त्यसैले मैले पनि माग्नु उचित देखिनँ। मेरो पुस्तक हेरेर कवि शम्भुले भने—"सबैले लेखेको सबै ठाउँ उत्तिकै राम्रो त हुँदैन, तर मलाई तीन सूक्ति मन पऱ्यो, एक—भात पकाउँदी कपिलाको, 'यो होलाहल केको हो ?…'; अर्को—कपिलालाई भेटेपछि माधवका 'कसरी बिजुली चम्क्यो!…'; तेस्रो—कपिलासित विदा हुँदा माधवको 'लाखौं मित्र बनून् चाहे…' हाम्रो भाषामा यस्तो राम्रो उक्ति अन्यत्र कतै छैन ।"

उस वेलाका प्रसिद्ध आशुकविबाट यस्तो सुन्न पाउँदा मैले आफूलाई कृतकार्य सम्झें। उनैले मेरो पुस्तक मुद्रक महेश प्रसादको सत्यनामप्रेस, मैदागिन बनारसमा छपाउने प्रबन्ध मिलाइदिए। मेरी श्रीमतीको कल्ली बेचेको रुपियाँ र 'मुटुको व्यथा' को हस्तलिपि मैले उनैलाई बुझाइदिएँ। अनि 'अमलेख' को साफी गर्नतिर लागें।

भाद्र महिनामा मेरी श्रीमतीको तीजको कडा व्रतले गर्दा ४ महिनाको एक बच्चा अधिग्रो गयो। त्यो छोरो नै रहेछ। त्यसको मेरो मनमा नराम्रो प्रतिक्रिया पर्न गयो। त्यहाँपछि मैले मेरी श्रीमतीलाई तीजको र अरू पनि त्यस्तै जीउ टुटाउने व्रत बस्न दिइनँ। उनले दूध र फलफूल खानैपर्दथ्यो।

दिन बित्तै गए। आफ्नो पहिलो छपाएको पुस्तक कहिले आइपुग्ला, कहिले सबलाई बाँडुँला, अझ त्यसलाई कसरी लेलान्, के भन्लान्, त्यो कहिले देख्न सुन्न पाउँला भन्ने मलाई हतपत लागिरहन्थ्यो, तर एक महिना, दुई महिना गर्दागर्दै छ महिना विते। 'अमलेख' सिद्धियो, 'ध्रुव' को साफीमा लागें।

□

: ३ :

साँढे

लक्ष्मीप्रसाद देवकोटा

●

क—भुसुने पानी सिम्सिमाइरहेको रात । आकाशमा झमट झमट झरी परेर च्यातिएका प्वाल परेका चिथरे बादलहरू । एक दुई तारा मात्र स्वर्गबाट पिलपिलाइरहेका छन् । चारमुखे कालयन्त्र जल्लाई घण्टाघर भनिन्छ चार पटक चौथाई गीत गाएर दश घण्टाको टाङ्टुङ आवाज दिइरहेछ । मैतीदेवी फाँटतिर ओर्लिने सडकको किनारा कसाहीहरूका केही मैला झुप्रामनि हातमा एक बिजुली चिरांक लिएर म घरतिर जांदै छु । दाहिनेपट्टि लहलहाउँदो धान खेतमा चऱ्यामचुरुम मऱ्याकमुरुकको जबर्जस्त र टड्कारो आवाज सुनिन्छ र म नजिक आइपुगेको हुनाले एक हांकको फुइँय्यँ षण्डनासिकाबाट प्रकोपकी नागिनी निस्के झैं निस्किन्छ । म झसङ्ग भएर अडिन्छु । त्यो षण्ड व्यक्तित्वसित आफ्नो शारीरिक सामीप्य कति निकटको छ भनेर त्रासले सञ्चालित जीवनको मुटु सतर्क रहन्छ । अँधेरीभन्दा केही कालो अस्पष्ट आकाशउपर म बिजुली झल्काउँछु र दस हातको दूरीमा देख्दछु उही महाषण्ड ।

चिल्ला कालुफँडे जो भयङ्कर मण्डलेश्वरको व्यक्तित्व धारणा गरेर पीपलको बोट-मनि अलमस्त उग्राइमा ढसमस्स बसी आधा आँखा चिम्लिरहन्थे। यो विजयप्रतियो-गिताका महावीर यी अरूभन्दा चिल्ला, काला, ताजा र मोटा देखिन्थे। यिनमा अलमस्त बसेकै वेलामा पनि एक त्रासोत्पादक भयानकता झल्किन्थ्यो। तर यसरी चार खुट्टामा टेकेका, चार बलिया खम्बामाथि उभिएर हुङ्कार र फुङ्कारको आत्मसंरक्षणात्मक चेष्टामा अँधेरी रातमा मेरो भीरू मानव व्यक्तित्वलाई हपार्ने यस्ता भीमकायदेखि म प्रशस्त डराएर दुई तीन पाइला पछि हटें। अनि टर्च्‌को उज्यालाले दूरी नाप्दै सडकको पल्लो किनारा किनारै हडबडसँग भागेर पचास गज टाढा पुगी लामो सास फेरें।

ख—म घरतिर लाग्दा बडो तर्कशील हुन थालें। भयङ्कर व्यक्तित्व भनेको पनि एक बहुमूल्य तथा चमत्कृतिपूर्ण वस्तु हो। द्रौपदीपति भीमसेन पनि यस्तै हुँदा हुन्। मैले ग्रीक कथाका हर्कुलिजलाई सम्झें। रोमनहरूको जर्नेल जूलियस सीज-रको याद आयो। त्यस्तै नेपाली वीर बलभद्र तथा कालु पांडेको। आखिर कविको व्यक्तित्व जो एक मानव मस्तिष्कको सानो घेराभित्र सीमित छ तिनको महाषण्ड व्यक्तित्वको अगाडि व्यवहार क्षेत्रमा कति उपयोगी रहेछ र! भावनाले जति फुइँ उडाए पनि यिनको एक हुङ्कारसामुन्ने विचार, भाव, सम्वेदना, तर्क, कल्पना सबैको सानो पोको कवि आखिरमा अघिको वेग अगाडिको घाँसको रुवोको भुत्ला जत्तिकै निकम्मा र उड्ने वस्तु हुँदो रहेछ। संसारमा म क्षात्रशक्तिको प्रशंसक बनें। शङ्करले अपूर्व बुद्धिले नै वाहन रोजेका रहेछन्। संसाररूपी सङ्ग्राम भूमिमा तात्कालिक प्रभावको हुरी मच्चाउने वस्तु षण्डत्व नै हो। मलाई पेटको रोग लागेर तीन चौथाई भुंडी चिरफारमा गएकोमा र आफ्नो पहिलेको षण्ड शरीरको तृतीयांश मात्र भूतको छाया झैं सडकमा लर्बरिएजस्तो लाग्दा बडो अपशोच लाग्यो। आफ्नै परिश्रमको फल अमृत हो भन्ने मेरा सिद्धान्तले मलाई यस्तो कृश-काय निराशजनक हावाले उडाउने रुवाको पुतली बनाएको थियो। म साधु हुनु मेरो जातिको निमित्त एक ह्रासको लक्षण मात्र थियो। जोधाहापन जो जाति-विकासक छ र जातिले बहुमूल्य सम्झिन्छ—ममा बिल्कुल सेलाएको थियो। म कृष्णमूर्ति भएको भए त्यो साँढेले हुङ्कार्दा एक पल्ट समातेर उचालिदिऊँ कि भने जस्तो लाग्नेथियो। तर विचार र चिन्ताको म यति क्षीणकाय भैसकेको थिएँ। मलाई मेरो अस्तित्वउपर केही सङ्कोच लाग्न थाल्यो। म घर पुगेर लुगा फुकाली पसिना पुछेर पलङ्माथि सुस्केरा हालेर पल्टें। श्रीमतीजीले सोधिन्, 'के भयो?' मैले जवाफ दिएँ—'म भयङ्कर साँढेबाट भागेर आउँदै छु, साँढेको कत्रो डर?' मेरो पुरुषार्थमा ठूलो चोट लाग्यो र मैले आफूलाई मनमनै स्यालसित तुलना गरें तर केही बोलिनँ।

ग—षण्डत्व नै के देवत्व होइन ? जति बल उति देवता । रावणले रामलाई हराएको भए रावणपूजा चल्थ्यो । संसार संग्रामभूमि हो भने पृथिवी योद्धाकै भोग्य छिन् ।········जीवनको सबभन्दा उच्च चुली वैंस र वैंसको सबभन्दा उच्च शिखर अविजेय षण्डत्व नै हो । प्रकृतिले जीवनीशक्तिको चमत्कृतिलाई चरम शिखरमा पुऱ्याएर यही साँढेद्वारा प्रदर्शन गरेकी थिइन् । शारीरिक सङ्गठन स्निग्ध ओजस्विता, जातिको सदस्यमा पूर्ण विकासको आदर्श स्वास्थ्यको र शक्तिको एक चमत्कारी झलक, कुनै क्षणमा कुनै सजातीय व्यक्तित्वसँग दब्नुनपर्ने मण्डलीपना, सर्वोच्च जीवनानन्दको आस्वादन इत्यादि सबै गुण त्यो वैंसालु साँढेमा एकत्रित रहेका थिए । नेपालका नागरिकलाई शारीरिक विकासमा आदर्शका प्रतीक यिनै साँढे थिए । सबले यत्तिकै यथेष्ट खान पाऊन्, संसार हाँक्न पाऊन्, नेपालका आधा कडोर युवकले पृथिवी फेरि एक बाजी थर्काउने थिए । तर वस्तुको भाउ अकास्सिएको प्रजातन्त्रमा पहेंलमुखे, बाँसखुट्टे युवकहरूको मलाई याद आयो र आफूलाई पनि त्यही दुब्लो कर्कलपाते सेनाको एक नयाँ भर्ती सम्झेर मैले सुस्केरा हालें । एक दुई अपवादहरूको पनि याद आयो —एक शम्शेर, एक साहू, एक बिर्तावार, एक भण्डारखोर । अरूलाई घाँस पुगिसकेको छैन ।

घ—आखिर स्वर्ग भनेको के हो ? शास्त्रले भन्छन्—स्व : सुखास्पदम् । म पनि एक मखमलको घँस्याइलो ताजा हरियो तन्नामाथि अलमस्त लेटेर नरम ताजा व्यञ्जन यसै गरी चपाउँ र मस्त उग्राऊँ, वैकुण्ठ कति टाढा रहनेथियो । इन्द्रको इन्द्रत्व साँढे उग्राएको वेलामा देखिन्छ । संसार आफ्नो पीर र चिन्तामा ढिक्कीच्याउँ र स्वाँफ्वाँ गर्दै चलिरहेछ । कविको ओठमा सुस्केरा छ बेपारीको निधारमा पसिना छ, ठिमिलेको नाकमा दम छ, नेताको आँखामा चटपट छ, जागीरेको गोडामा हतपत छ । राजमार्गमा लस्कर ओहोर दोहोर चलिरहेछ । आशा र आँसुले जनता सञ्चालित छ । तर षण्डेश्वर पीपलको बोटमन्तिर एक छेउमा खुट्टा खुम्च्याएका छन्, भुंडी पसारेका छन्, आधा लोचन चिम्लेका छन्, माथिल्ला गिजा र तल्ला बङ्गाराको घट्ट घुमाइरहेछन्, मीठो फींज काढिरहेछन्, अलमस्तानन्द छन्, धम्मरधूस ढसमस्स ढाडे ! जीवनीशक्तिले चरम विलास लिइरहिछ, तृप्तिको मीठो सपना देखिरहिछ । हतपतमा आधा चपाई निलिएका साजी हरिया व्यञ्जनहरू सानन्द फेरि ओकलिन्छन्, चुर्मुराउँछन्, लर्बराउँछन्, टुक्रिन्छन्, घिसिन्छन्, रस निकाल्छन्, र्‍यालसँग मिसिएर मीठो फींज निकाल्छन्, रसना फणीमा मधुर बिजुली झिल्काउँछन् र फेरि थैलीमा ओइरिएर ओर्लिन्छन् । दुनियाँमा अधिकांश भोका छन् र तिनले पुलुक्क हेरेर डाहाडको नजरले आफूलाई अभागी सम्झेर हिंड्दछन् । ऐन

कानूनले बाँधिएको यो व्यक्तित्व हजार कृत्यमा निर्भीक धर्मको स्तम्भ, जगत्लाई नटेर्ने आनन्दवादी, व्यक्तिगत सम्पत्तिको आधार स्वीकार नगर्ने, परिश्रमविमुख शक्तिको उपासक, दुनियाँमा अर्चनीय वाञ्छनीय तथा त्रासोत्पादक व्यक्तित्व लिएर उपस्थित धेरै बेरसम्म मैले पनि डाहाडले हेरेको छु। चिल्लो पुष्ट साजी उग्राउँदो साँढे सब सुखाभिलाषीको एक अमुखरित तर अत्यधिवाञ्छित आदर्श हो। प्रत्येक नागरिक त्यही अवस्था चाहन्छ।

□

: ४ :

छाता

हृदयचन्द्रसिंह प्रधान

•

जेठको टण्टलापुर घाम असारसम्म पनि राँकिएर चर्किरहेको थियो। बेलुका र राती नै पनि जेठका राजाको गरीब सताउने तेज अदृश्य रूपमा चम्किरहेको थियो। लता-वृक्ष सबै सुकिसके, असारमा हाँस्ने हरियालीको प्रतीक्षामा दुनियाँको आँत सुकिसक्यो। तर छाता नभएको हुनाले जेठको पोल्ने घामलाई नै रोज्न मलाई मन लाग्यो। छिमेकका धनी घरबाट आएको कबाफको बास्नाले सागसिस्नुमा भएको मिठासलाई पनि मारिदिन्छ। तर जिन्दगी बचाउनलाई मानिसहरूले जे पनि मुखमा कोच्नैपर्छ। तर पनि धैर्यबल भएको मानिसको दिलको आँसु आँखाबाट निस्कन सक्तैन।

मैले आफूलाई पनि एउटा धैर्यवान्‌मा दरेको छु तर जेठको पोल्दो घाममा अड्डा जाँदा मेरो धैर्यबलको कारण आँखाबाट निस्किन नसकेको आँसु मेरो आङ्का प्रत्येक रोमकूपबाट अटाई-नअटाई निस्किरहन्छन्। किनभने अलिकति

बचाउ गर्ने छाता पनि मसित छैन । आफूसित छाता नभएको हुनाले संसारलाई चाहिने बर्सादि पनि आफूलाई ननिको भइरहेको छ, अनि पोल्ने भएर पनि घाम पचिरहेको छ। छाता नभएको हुनाले बर्सादि भएपछि रुझिहालिन्छ। रुझ्नाले भिझ्नुभन्दा फेर्ने लुगा नहुने डर छ। पानी पर्‍यो भनेर अड्डा नजाऊँ भने साग सिस्नु भए पनि खाइरहेको जागीर उड्ला भन्ने भय छ। त्यसैले जे सहेर पनि छाता एउटा किनिहालूँ भन्ने विचार गर्दै छु।

वास्तवमा छाता बडा कामलाग्दो चीज पनि हो। नभएरै मात्र, नत्र दिन-दिनै म छाता ओढेर हिँड्थें। घाम र पानीमा मात्र छाता ओढ्नेलाई म जान्ने छाता ओढ्ने ठान्दिनँ, किनभने छाताले त्यसभन्दा पनि बढी गुण र काम दिन्छ। काग, चील इत्यादिले हगेको पनि कहिल्यै पर्न सक्तैन। नेपालका अव्यवस्थित घर छानाहरूबाट ईंट, झिङ्गटी, अचारको भाँडो आदि केही खसेर फुट्न लागेको टाउको पनि छाताले बचाइदिन्छ। सडकमा बिलकुलै नहेरीकन सिंगान, खकार, पानी केही कुराको बोक्रा आदि फोहर जे पनि हम्मेसि झ्यालबाट फ्याँक्ने बानी भएर हामी नेपालीहरूमा नागरिक चेतना आइनसकेको हुनाले त जहिले पनि छाता ओढेर हिँड्नुपर्ने आवश्यकता झन म देख्तछु। नागरिक चेतना दिने काम नगर-पालिकाको हो, उसलाई आपसमा बाझ्दैमा फुरसत छैन, त्यसैले छाता ओढेर हिँड्ने कामको त प्रचारै गर्नुपर्ने मैले देखिरहेको छु। छाताको काम बेलुकी त झन बढ्ता देख्दछु, किनभने बेलुकी त झन अँध्यारो भएको हुनाले झ्यालबाट जे पनि फ्याँक्ने असभ्यहरूलाई केही बात लाग्न सक्तैन, 'अँध्यारोमा को देख्न सक्तछ ?' भनेर छुट्-कारा पाउन सकिन्छ। त्यस्ता असभ्य नागरिकहरूलाई दोष दिन पाउने नगर-व्यवस्था पनि त हामीहरूकहाँ केही हुन सकेको छैन। त्यसैले छाताको त यहाँ अत्यावश्यकता नै छ। अर्को कुरो, शीतको पनि यसले बचाउ गर्छ।

छाताका यी सब गुण हेर्दा छातालाई 'हिँड्दो घर' भने पनि हुन्छ। अथवा यसलाई 'सवारी घर' भने पनि अत्युक्ति हुने छैन। किनभने घरको जस्तै सुरक्षा गर्ने काम छाताको पनि हो। आवश्यक परेमा छातालाई लौरो पनि बनाउन सकिन्छ। कथं कदाचित् अंकुशे लाएर तान्नुपरे छाताले काम दिन्छ। हान्ने गाई, भैंसी इत्यादि-बाट पनि छाताले जोगाउन सक्छ।

परन्तु अफसोसको कुरो छ, यस्तो उपकारी छाता मेरो छैन। एउटा भएको पनि चोरले लगेछ। अभाव मेटाउन नसक्ने गरीबीको कारण अर्काको छाता टिप्नु परेर 'चोर' हुनुपरेकोले जसलाई कस्तो अफसोस हुँदो होला, साक्षात् सुख र सुविधा लुट्नेलाई 'के !' सम्म भन्न सक्ने सामर्थ्य आफूमा नभएको हुनाले भलादमीपनको आडमा मेरो छाता टिप्ने बिचरा चोरलाई फेला पार्ने काममा के लाग्नु भनेर संतोषै

गरें। एक दिन चोर्नु नपरीकनै आवश्यकता पूर्ति गर्न सक्ने अवस्था र व्यवस्था पनि चाँडै आउनेछ र कोही चोर हुनेछैन भन्ने आशा गरेको छु !

घुम पनि एउटा छाता नै हो, अझ घुमकै संशोधित संस्करणको नाम छाता भने पनि हुन्छ। तर म घुम र बेइज्जतको अनुहार बोकेको जे पनि छाता ओढेर हिंड्न पनि चाहन्नँ। किनभने काम चलाउन मात्र लागिरह्यो भने स्तर बढ्न सक्तैन पूरा स्तरमा आउन सक्ने पृथ्वीको सामर्थ्य छ, किनभने पृथ्वीको आमदानीले सबै पृथ्वीको सन्तानलाई राम्रो धान्न सक्तछ। अर्को कुरो काम चलाउनै मात्र लागिरह्यो भने हक, भोग इत्यादिको प्रेरणा' उमङ्ग, उत्साह र जोश पनि आउन सक्तैन जो प्रगतिको निमन्त्रणाको निम्ति नितान्त आवश्यक छ।

आज त झन बिहानदेखि सिमसिमे झरी परिरहेको ! अड्डै नजाऊँ भने पनि आज तलब आउने दिन, आज नगएमा भरे चूलोमा कसौंडी नाच्न पाउँदैन, जाऊँ भने छाता छैन, एउटा साथीकहाँ निम्तो आइराखेको छ, लुगा भिजिहाल्छ। लुगा भिज्यो भने भोज खान पाइँदैन, भोज खाने ड्याग पर्नु पनि म गरीबको निम्ति दुट्टाको कुरो हो, निम्तावाल साथी धनी पनि छन्, त्यसैले मेरो दुट्टामा उनलाई फाइदा पनि छैन। तर ओत लागेर पनि काठमाडौंसम्म पुग्ने गरेको बडो बुद्धिमानी हुन आयो। त्यहाँ पुग्दा एउटी स्वास्नीमानिस साथी अड्डैतिर जानलागिरहेकी थिइन्। उनीसँगै म पनि एउटै छातामा हिंड्न थालें। बाटोमा मानिसहरूले हामी-लाई खूब हेर्न लागेको देखें। मनैमन मैले सोचें हामीमा यौन-भावना अझै गइसकेको छैन। यसको पूरा स्वतन्त्रता भएपछि नर-नारीको सहवास वाब सउठबाट कत्ति पनि बिगार र विकार हुनेछैन।

□

: ५ :

जगराको सम्झना

माधव घिमिरे

●

शैलच्छाया झुकिकन जहाँ सुत्छ जौका गरामा
(चरी लमिनी)

कस्तूरी मृगले सुगन्धि गिरिका न्याना यिनै कन्दरा
छोडी हिंड्छु म प्रात-शील-कणले आकीर्ण जौका गरा
(राजेश्वरी)

चैत वैशाखमा जौ करू पाकेर पहेंला टाटा-पाटाहरू टाढैबाट देखिने मेरो जगराको लेक मनसुली हिमालको काखमा पर्छ। तल बेंसीका ढुंगे बगरमा दुग्धफेनिला मर्स्याङ्दी नदी सुसाएकी यहाँबाट आधा रातमा अति मधुर सुनिन्छ। बिहान पश्चिमतिरको पाहाडको सिरानमा परेको सुनौलो घाम तल बेंसीमा झरेर पाँच घडीपछि मात्रै पूर्वतिरको यस लेकको वनमा छरिन आइपुग्छ।

मैले मेरो बाल-काल यही जगराको लेकमा गाई हेरेर बिताएँ, जहाँ उँभौलीमा हाम्रो गाउँका गोठहरू पुग्थे र उँधौली लागेपछि बेंसीमा झर्थे। मैले यहाँ छ महिना बस्दा केवल दुई ऋतु बसन्त र शरद्को मात्र अनुभव गरें, बिचको ग्रीष्म ऋतुको प्रत्यक्ष अनुभव भएन, खालि हिमालको हिउँको खार बहेर मर्स्याङ्दी नदी धमिलो भएपछि मात्र जेठ लागेको अनुमान हुन्थ्यो। बेंसीको वसन्तमा आलस्य र लट्ठिएको भाव हुन्छ, तर यहाँको बसन्तमा विरह नपरेको वैंसको जस्तो मस्ती हुन्छ। बेंसीको वर्षा ऋतु परदेशबाट आउने यात्री जस्तै हुन्थ्यो, तर यहाँ सल्ला बोट र गोठभित्र हर्हराएर दौडने कुहिरो साथैमा रहेर लुकामारी खेल्ने साथी जस्तै लाग्थ्यो। झरीले छोडेका दिनमा डाँडाकाँडा कति नजिक देखिन्थ्यो भने यतिन्जेलसम्म किन टाढा सम्झे हुँला जस्तो लाग्थ्यो। तर मलाई शरद् ऋतु चाहिं बेंसीको मन पर्थ्यो— किनभने यहाँबाट रातमा स्वच्छ आकाशमा अति टाढा देखिने तारा र दिनमा फूलको चहकमा ओर्लिने आकाशको नीलिमाले मेरो दिलको कोमल पत्र उघार्थ्यो। हामी जगरामा फागुनको अन्त्यतिर पुग्थ्यौं जब गाउँलेहरू "काफल पाक्यो टुप्पै कालो" भनेर वनमा छरिन्थे, अनि फाँटका धानमा झल्को पर्न लागेपछि र सहनाईमा नव दुर्गाको मालसिरीको धुन बज्न लागेपछि हामी बेंसीतिर ओर्लन्थ्यौं।

छ महिनासम्म बेंसीका उघारा फाँटमा बसेर जब म उँभौलीमा जगरामा पुग्थें, त्यो वेला बेंसीको भन्दा विलक्षण अनुभव मलाई वन्य गन्धको हुन्थ्यो। गाईबस्तु नचरेका र मान्छेले सास नफेरेका नौला वनस्थलीमा पस्नासाथ आउने वनस्पतिको गन्धमा एक किसिमको हरियाली हुन्छ, फूलै फूलका अतिशय गन्धमा र कारखानामा पैदा गरेका सौगन्धिक द्रव्यमा त्यसको कल्पनै गर्न सकिन्न। म त्यहाँ वनपथमा झिंगानुका पात मिच्दै हिंड्थें, जो बारीका कुटिल कोसा रसको निम्ति होइन, सुवासको निम्ति खान्थें। कन्दरामा बसेर वर्षा ऋतुमा कालिदासका शैलेयगन्धि शिलातलको बाफ सुँघ्थें र सल्लाको दाउरा बलेको वेला निर्धूम ज्वालाबाट निस्केको दिव्य धूपले देवदूत जस्तै हाड-मासु नभएको उज्यालो अनुभव मात्र हुन्थे। मलाई लाग्छ—"गावो गन्धेन पश्यन्ति" भनिले गाई जस्तै त्यो वेला म पनि गन्धप्रधान प्राणी थिएँ।

सल्लाका रूखहरू सुसाइरहेको र छाँगा-छहराले सुसेली हालिरहेको त्यस लेकमा एक किसिमको लय थियो, नजानिंदो सुर लागेर त्यसै पनि गाऊँ गाऊँ जस्तो लाग्थ्यो। त्यहाँ सिर्सिरे बतास चलेको वेला विचित्रको समध्वनि (सिम्फोनी !) निस्कन्थ्यो। मिठो घाम लागेका अधित्यकाको निःशब्द एकान्तमा बसेर आकाशको नीलिमा र हिउँको सुकोमल शुभ्रता हेर्दा एक किसिमको दिव्य संगीत निस्कन्थ्यो त्यस वेलामा म नादको अभ्यास गर्ने योगी जस्तै बन्थें। सृष्टिको सुदूर स्वर्गबाट हृदयै रुवाउने यौटा बिलौना आउँदथ्यो, त्यसमा सुख पनि थियो र दुःख पनि। त्यस

करुणाको स्वर सृष्टिको मूलबाट उठेको हो कि मेरै मनको एकान्त ब्यूँझेको हो, म भन्न सक्तिनँ। एक दिन जगराको लेकमा उच्चरित भएको यो दिव्य र कारुणिक स्वर आज-खोलि पनि एकान्तमा बसेको बेला म सुन्दछु। मेरा सुखलाई सरस र मेरा दुःखलाई त्यसले मार्मिक बनाउँछ। यस्तै दिव्य तर कारुणिक स्वरको पृष्ठभूमिमा बस्ताबस्तै मलाई लेक-बेंसी, घाम-छायाँ, बादल-वृष्टि सारा लल्याङलुलुङ भए-जस्तो लाग्थ्यो, मेरो सोचाइको सँगै बहेजस्तो लाग्थ्यो। त्यो वेला मसँग भाषा थिएन, भाव थियो; दर्शन थिएन, विस्मय मात्र थियो। आजका सोचाइलाई भाषाले अल्झाउँछन् र विचारले बंग्याउँछन्। किन्तु त्यो वेला म प्रकृतिको ज्यादै समीपमा थिएँ। वनमा कतैतिर परेको छायाँ अलिपर खेलिरहेको साथी जस्तै थियो, त्यो उठेर जाँदा मलाई एकतमासको नरमाइलो लाग्थ्यो। मलाई लाग्छ—प्रकृतिमा एक शाश्वत आनन्द छ, प्रकृतिले हाम्रा दुःखमा सहानुभूति गर्छ र बिस्तारै हामीलाई त्यही आनन्दतिर लैजान्छ। बालकले आमालाई नचिनेरै पनि उनको दूधको स्वाद पाइरहेजस्तै मैले प्रकृतिलाई नचिनेरै पनि त्यसबाट आनन्द पाइरहेको थिएँ। खुला आकाशमनि उन्मुक्त वातावरणमा किरण, बतास र निर्झरका स्वरहरू फैलिरहेको ठाउँमा हामीलाई जो सहज समाधि लाग्छ, त्यसमा विविध रसबाट अर्को रस निस्कने व्यञ्जनको जस्तै स्वाद हुन्छ, त्यहाँ हामी आफ्नो व्यक्तित्व नगुमाई कुनै विराट् बनेका हुन्छौं। बढ्दो उमेरको मानिस सपनामा उडेजस्तै म त्यो काली-लेकका हरिया वनमा पखेटा हालेर फैलिएको थिएँ र डाँडाकाँडामा दौडिएको थिएँ, अनि न्यानो घाम लागेका अधित्यका र कुहिराले घेरेका कन्दरामा घन्टौं टोलाएको थिएँ। मैले त्यहाँ जो सुनें, जो अनुभव गरें, त्यो अनिर्वचनीय थियो।

जगराको लेकमा बस्ता सबै सुन्दर र सुखद थियो भनेर म भन्न सक्तिनँ। यहाँका कहालीलाग्दा खोंच, दाह्रे भिर र अन्धकारमय अरण्यानीमा बज्रठिंगा झैं उभिरहेको र बाघ झैं सुतिरहेको यस्तै के कस्तो-कस्तो भयानक वस्तुको कल्पना हुन्थ्यो। आधा रातमा हाप्सिलो कराएजस्तै निर्जन निस्तब्धताले डकार्छ कि जस्तो डर लाग्थ्यो। यस्ता वेलामा कतैबाट मानिसको स्वर सुन्दा अति आनन्द लाग्दथ्यो। कैल्यै नपुगेको ठाउँमा सम्पूर्ण सतर्कताको साथ पाइला हाल्नुपर्थ्यो। त्यहाँबाट फर्कंदा एक भयानक कल्पना लिएर आएर गोठालाहरूलाई भनूँ जस्तो लाग्थ्यो। खतरासँग मिसिएको वन्य-जीवनको आनन्दमा अर्कै तीव्रता हुन्छ, यसको बानी लागेपछि मानिसलाई अरू आनन्दले पुग्दैन। हिउँको तुफान चल्ने पहाडमा बस्ने बानी परेको मानिस कति साथीलाई गुमाएर पनि उहीं उभिरहन्छ, आठ महिनासम्म बेंसीमा बसेर पनि चार महिना मात्र बस्ने त्यही प्रदेशलाई आफ्नो घर सम्झन्छ र फेरि त्यहीं खतराको माझमा उभिन पुग्छ। प्रकृतिको भयानकताभित्र यस्तै अनौठाको आकर्षण

र निष्ठुर ममता हुन्छ। आज म कान्तिपुरीको उज्यालो घरमा सन्तोषी परिवारको बिचमा बसेर पनि वारंबार जगराको लेकमा जान चाहन्छु—बनका काँडाले कोरिन, कहालीलाग्दो भिरको बाटोमा झुन्डिएर हिंड्न, झरी वर्षाले चुटिन, अन्धकारमय अरण्यानीमा पसेर बाटो बिराउन र केही दिन काली लेकमा हराउन। मलाई या त जगराको लेकको जंगलमा घुम्ने गोठाला मन पर्छन्, या त अन्तरिक्षमा यात्रा गर्ने यात्री मन पर्छन्। म मासिक पत्रिकामा सबभन्दा पहिले सिकार प्रसंग पढ्छु अनि मात्र कविता पढ्छु।

जब बाह्र वर्षको उमेरमा मैले जगरा छोडें, त्यो वेला हिमालका चुलीहरू भर्खरै शरद्को घाममा बाहिर निस्केर उभिएका थिए, चार महिना हिउँदमै जो पढ्नु पढिसकेर फेरि चैत लाग्नेबित्तिकै जगराको लेकमा पसुँला र बाक्कर्ने (बाघ कराउने) ढुंगामा बसेर कुलुंला भनेको थिएँ, तर आज म पैंतालीस वर्षको भइसकें तैपनि एक वर्षा गाल्ने गरी मैले जगरामा बस्न पाएको छैनँ।

□

: ६ :

केशवराज गोतिको मेनिफेस्टो

केशवराज पिंडाली

●

म तपाईंहरूलाई पहिले नै यो बताइदिइहालुं यो मेरो न त कुनै हास्य कथा नै हो र न कुनै व्यंग्य-लेख। वास्तवमा म आज बडो गंभीर भएर कुरा गरिरहेछु। किनभने म अब साहित्यिक क्षेत्रमा छैन—राजनीतिमा कुदिसकें। के गर्नुहुन्छ, मान्छेले राजनीतिमा लागेपछि आफ्नो उद्देश्य र कार्यक्रम सबै जनसमक्ष राख्नुपर्दो रहेछ। त्यसैले म पनि आज आफ्नो यो घोषणापत्र लिएर तपाईंहरूका सामु उपस्थित भएको छु।

सायद तपाईंहरूलाई लाग्ने छ यति लामो अबधिसम्मको साहित्य साधनापछि अब अन्तमा आएर यो मति-भ्रष्ट भएको किन नि ? यस सम्बन्धमा हालैसम्म मेरो पनि विचार झन्नै झन्नै यस्तै थियो तर हिजैमात्र श्मशान-घाटमा पुगेर यी मेरा ज्ञान चक्षुहरू उदाङ्ग भए। हिजो राति विरक्तिवश म आर्यघाटमा पुगेंछु र साहित्य-साधनामा लागेर आजसम्म कति कमाएँछु र कति गुमाएँछु भनी हिसाब—किताब गर्न थालेंछु।

अनि मलाई थाहा भयो जीवनभर कमाउने त कहाँ गुमाउने नै गुमाउने पो भइराखेको रहेछ । आफूले हेरेको हेर्‍यै आफ्ना अन्य सहधर्मीहरू कहाँबाट कहाँ पुगिसकेछन् । आफू त अझै पनि धुपौरेको धुपौरे नै । बल्ल आएर बुझियो ज्ञान चक्षु खुलेबाट नै केही साहित्यकारहरू मन्त्री बन्न पुगेका रहेछन् ।

दोष कसलाई दिऊँ ? उल्लु खालका कामहरू गरी भाग्य बिगार्नमा म आफै कम कहाँ छु र नि । पहिलो बाजि जन्मेको छोरो बाबुले कत्ति नै ठूलो मान्छे बनाउँला भनेर जुराईवरी नाम राखेका थिएँ । जान्ने भएपछि यस्सो २।४ निवन्ध र कथाहरू के कोरेको थिएँ जान्नेमाथि तान्ने भएर आफ्नो नाम आफैं राख्न पुगें । अब आएर थाहा भयो अलच्छिनको मूल जरो नै यही नाम पो भइरहेको रहेछ । यो ''पिंडाली'' भन्ने उपनाम नराखी बाबुले मात्र दिएको केशवराज नामबाट साहित्यिक क्षेत्रमा उत्रेको भए म पनि एउटा ठूलै साहित्यिक हुनेथिएँ कि क्या ? तर बुद्धि भ्रष्ट भई यो ''पिंडाली'' उपनाम काखी च्यापिदिएको हुँदा घरको न घाटको हुन गएँ । यसैले गर्दा आजसम्म न त राजकीय प्रज्ञा-प्रतिष्ठानको बाटो नै पहिलिन सक्यो न मेरा रचनाहरू अनूदित भएर विदेश पुग्न सक्ने खालका नै भए ।

शायद तपाईंहरू भन्नुहुनेछ–नाममा पनि के त्यस्तो हुन्छ र यो वाह्य सत्ताईस कुरो ? नमरी नर्क कसैले पनि देख्दैन । जसलाई पर्दछ त्यसैलाई थाहा हुन्छ । नत्र मलाई मात्र बौलाहा कुकुरले टोकेको कहाँ छ र । स्वर्गीय श्री केशरशम्शेरज्यूले एक दिन एउटा रात्रि-भोजमा म नगीचै आएर भन्नुभयो, हैन पिंडालीजी ! तपाईं ''पिंडालु कि: पिंडाली ?''

प्रश्न सुनी पहिले त म सन्न भएँ । तर पछि संयत हुँदै सोधें, किन र ?''

''तपाईं कहिलेकाहीं जो कोक्याउनुहुन्छ'' उहाँको छोटो जबाफ थियो ।

यो सुनेर म चकित र स्तंभित भई कुन्नि कति बेर त्यहाँ त्यसै बसिरहें । अनि आफ्नो ''पिंडाली'' उपनाम र साहित्य साधनामा पहिलो अफशोच मलाई त्यसै दिन भएथ्यो । लाग्यो, किन यो ''पिंडाली'' उपनाम राख्न पुगेंछु र कोक्याउने साहित्यको सिर्जना गर्न थालेंछु म साहित्यको सत्यं शिवं सुन्दरंको स्तरबाट तल ओर्लन पुगी यसरी आलु, भंटा र पिंडालुसँग दाँजिन थालेको देख्दा मनमा ठूलो ग्लानि भयो ।

फेरि मेरो यो ''पिंडाली'' उपनामको दोस्रो पाउ 'ड' कस्तो अक्षर पर्न गएछ भने अंग्रेजी भाषाको साँवा अक्षरमा यसको अस्तित्वसम्म पनि कतै छैन । अब प्रश्न उठ्यो, अंग्रेजीमा नाम लेख्दा 'ड' का लागि मैले कुन अक्षर लिने ? कसैले भने 'डी' लेख त कसैले भने 'आर' । तर मेरा एक जना विद्वान् साथीले भने 'डी' भन्दा 'आर' नै सटीक हुन्छ, किनभने 'बडाल' को अंग्रेजी लेख्दा पनि 'डि' नलेखेर 'आर' नै लेख्ने

चलन छ। कुरा मलाई पनि हो जस्तो लाग्यो र अनि अंग्रेजीमा नाम लेख्दा 'ड' को लागि 'आर' नै लेख्न थालें। यस प्रकार 'बडाल' को अंग्रेजीमा नाम लेख्दा 'बराल' उच्चारण भएझैं मेरो पनि 'पिंडाली' को सट्टा 'पिराली' उच्चारण हुन थाल्यो। यहाँसम्म त ठीकै थियो, त्यति बिग्रेको थिएन। तर पाकिस्तानमा पुगेर यस बिच्छुकी उपनामले जुन उपद्रो मच्चायो त्यो अकथनीय छ। पाकिस्तानमा एक जना साहित्यिकलाई साहित्यकै सम्बन्धमा एउटा चिट्ठी लेखेको थिएँ। जवाफमा उनले 'पिंडाली' को सट्टा 'डियर मिस्टर पिर अली !' भन्दै पो एउटा लामो स्नेह-सिंचित चिट्ठी लेखे। मारेन, एउटा विशुद्ध बाहुने चरो त पाजी उपनामले गर्दा मुसलमान पो बन्न पुगिरहेको। चौटा खाउँला भनेको त झन झोलमा पो डुब्न पुगिरहेको !

यसपछि ? यसपछि अनि म 'आर' लेख्न 'चेत बाबा काशी'। मजाले 'डी' लेख्न थालें। अब मेरो उपनामको उच्चारण 'पिंड़ाली' को सट्टा 'पिंडाली' हुन थाल्यो। केही दिनपछि यसले पनि आएर अर्कै पो उत्पात मच्चाइदियो। काठमाडौं कामविशेषले आएका एक जना भारतीय इतिहासवेत्ताले परिचयको आदान-प्रदान-पछि बडो प्रसन्न भएर हात मिलाउँदै भनें, "तपाइं त भारतीय वंशजकै हुनुहुँदो रहेछ।"

म लामछाम हिमालबाट आएका लामिछानेको सन्तान यो सुनेर चकित भएँ र अनि सोधें, "कसरी ?"

अब उनी भन्न थाले, "बुझ्नुभयो, तपाइंका पुर्खाहरू नेपाल आएका धेरै पनि भएको छैन। भारतमा ईस्ट् इण्डिया कम्पनीको समयमा तपाइंका पुर्खाहरूको मूलो-च्छेद भएपछि कुनै एक जना भागेर नेपाल पसे हुनन्। त्यसैले तपाइं पिंडाली हैन पिंडारी हुनुहुन्छ। यहाँ उच्चारणको विभेदले गर्दा 'र' को 'ल' भयो। यहाँ स्थानीय भाषामा 'र' को 'ल' र 'ल' को 'र' उच्चारण हुन्छ। जस्तै रुमाल लुमार हुन्छ र रेल लेर हुन्छ।

सिध्याएन ? उपनाम राखेर साहित्यको सेवा गरौंला खूब नाम कमाऔंला भनेको त झन् पो पिंडारी ठगहरूको सन्तान हुन थालियो। उनको यो ऐतिहासिक खोज चकित र विमूढ बनी मैले सुनिरहें। पश्चिम १ नम्बर धार्दिग इलाकामा मेरो पैतृक गाउँ पिंडाबाट मेरो नाम "पिंडाली" रहेको हो भनी बनाउने साहससम्म पनि ममा भएन।

साँझ घर फर्केर, मनमा सारै विरह छुव्यो र रन्थनिएर आधा रातमा डेरा-बाट बाहिर निस्की त्यसै भौंतारिन थालेको त म त आर्यघाट पो पुगेंछु। सिंढीमा घोत्लिएर बसेंछु र कहिले 'पिर अली' त कहिले 'पिंडारी' बन्न पुगेको कुरालाई लिई

मनमा अनेक तर्क वितर्क गर्न थालेंछु । यस्तैमा आँखा पुलुक्क हेरेको त जूनको टहटह उज्यालोमा देखें–एउटा धुस्रे र फुस्रे जोगी ठिंग उभिएर कुन्नि कति वेलादेखि मैलाई हेरिरहेको । जटाजूट शिर, हातमा त्रिशूल तथा डमरु, घाँटीमा सर्पको माला र घुँडा घुँडासम्म मृगछाला । हाम्रो शास्त्रमा वर्णित साक्षात् देवाधिदेव महादेवको रूप । अनि शंका निवारणका लागि मैले सोधें पनि, "जोगीजी, तपाईं पशुपतिनाथ हो ?"

"हो ठिटा ! तैंले चिनिस्, पुण्यात्मा रहिछस् ।" श्री पशुपतिनाथले मुसुमुसु हाँस्दै भन्नुभयो ।

म जुरमुराएर उठें र साष्टांग दंडवत् गरें । अनि भनें पनि, "केको पुण्यात्मा प्रभु ! पुण्यात्मा भएको भए यो मध्यरातमा कहीं श्मशान कुर्न आउँथें ?"

"ठिटा ! तँलाई के पीडा छ ? यो मध्यरातमा किन आर्यघाट कुर्न आइस् त ? के तँ पनि पत्नीपीडित होस् ?" श्री पशुपतिनाथले प्रश्न गर्नुभयो ।

"पीडित त म पनि हुँ प्रभु ! तर यो पत्नीपीडित प्राणी कस्तो हुन्छ, म भुच्चडले अलि बुझ्न सकिनँ" मैले विनीत हुँदै सोधें ।

"ठिटा ! यता पार्वतीको प्रेरणाबाट देशमा महिलाहरू पनि बडो सक्रिय भएर उठेका छन् । त्यसैले हिजो आज देशका नारीजातिमा पनि ठूलो चेतना आएको छ । पुरुषको युगानुयुगदेखिको दासताबाट मुक्त हुन नारीहरूले घर-घरमा क्रान्ति छेडेका छन् । हिजो तैं जस्तो एक जना लुम्रे भुम्रे र मरणच्याँसेलाई राति स्वास्नीले घरबाट चुटेर निकाली दिइछे । बिचरा यसै बागमतीमा डुबेर मर्ने विचारले आर्यघाटमा आएको थियो । नाम पीडित बताउँथ्यो", श्री पशुपतिनाथले भन्नुभयो ।

लौ मान्यो ! त्यो त 'घिताँग-घिताँग मादलु' को लेखक 'पीडित' पो थियो । त्यो पनि मै जस्तो उपनामबाट साहित्य साधना गर्दछ र एउटा चुनदामसम्म पनि कमाइँ गर्न नसकी स्वास्नीको वचन वाणबाट सधैं विद्ध भइरहन्छ । अनि डराई डराई सोधें, "प्रभु ! मऱ्यो त त्यो डुबेर ?"

"मर्ने कसरी ? यो वैशाख महिनामा बागमती सुकेको हुन्छ भन्ने त्यसलाई थाहै रहेनछ । यी साहित्यकारहरू प्रायः यस्तै नै अबोध हुन्छन् । यी मरुभूमिमा गंडकी उल्टिएको देख्छन् र बंजर र उजाड चंद्रमालाई तरुनीको अनुहारसँग दाँज्दछन् । अनि फेरि त्यसलाई मैले सम्झाएँ, बुझाएँ र राजनीतिमा लाग्, चाँडो सप्रनेछस् र स्वास्नीले पनि हेप्न सक्नेछैन भनी घर फर्काइदिएँ," श्री पशुपतिनाथले

भन्नुभयो र अनि सोध्नु पनि भयो, "खै त ठिटा ! तँ को होस् ? यो मध्यरातमा श्मशान कुर्न किन आइस् त्यो त केही बताइनस् ?"

"म बताउँछु प्रभु ! बताउँछु । पीडित म पनि हुँ, उमापति ! तर पत्नी पीडित होइन, साहित्य-पीडित हुँ । त्यसकी स्वास्नी दाइजोवाल छे र त्यसैले चेतन-शील पनि । विचरो कालिदास र तुलसीदास जस्तै स्वास्नीकै पीरबाट साहित्य साधनामा उत्रेथ्यो, तर 'पीडित' उपनाम राखेबाट सदा नै पीडितै रह्यो । त्यसैले न त अभिज्ञान शाकुन्तल नै लेख्न सक्यो, न रामचरित मानस नै । तर मेरी स्वास्नी दाइजोवाल छैन र त्यसैले चेतनशील पनि छैन । पेटभरिसम्म पनि खान नपाएबाट त्यसको शरीरमा हत्तो-हरन केही छैन । चन्द्रमा जस्तै बंजर न उजाड भएकी छे । त्यसैले मलाई पिट्ने त के प्रभु ! आफैं सिद्धिन आँटिसकेकी छे" मैले एक सासमा भनें र अनि सोधें पनि, "तपाई यहाँका रक्षक होइन, प्रभु ?"

"हो ठिटा ! किन र के यसमा अझ शंकै छ ?" श्री पशुपतिनाथले आश्चर्य-को स्तरमा सोध्नुभयो ।

"उसो भए यो पक्षपात किन त प्रभु ! यसरी कोही लाखा कोही पाखा किन भइरहेछन् ? हजुरद्वारा संरक्षित यस पुण्य भूमिमा जन्म लिने सौभाग्य पाएर पनि किन मेरो खाने गाँससम्म छैन र बस्ने थातसम्म भएन ? किन म सधैं झ्याल्टुंगे रहें । साहित्य-सेवामा जीवन खपाइसकें, तर पनि अझै किन झिंगामात्र धपाइरह-नुपरेको ?" मैले भनें । मेरो यस्तो गुनासो सुनेर श्री पशुपतिनाथ आँखा चिम्म गरेर एक छिन ध्यानमग्न हुनुभयो । म उहाँकै मुहारतिरमात्र टुलुटुलु हेरिरहें । एकै छिनपछि उहाँको मुखमा हाँसो खेल्न थाल्यो र अनि पुलुक्क आँखा उघार्दै उहाँले भन्नुभयो, "ठिटा ! तेरो हुलिया अन्तर्दृष्टिबाट हेरेर मैले सबै बुझें । भूल तँ स्वयंबाट भएको रहेछ ।"

"के भूल भएछ प्रभु ! मबाट त्यस्तो ?" मैले बीचैमा कुरा काटेर उत्सुक हुँदै सोधें ।

" आचरण, ठिटा ! आचरण, तेरो आचरण राष्ट्रिय भएन । अर्को कुरो, तँ यो तथ्यलाई गाँठो पारेर राख् यो युग राजीतिको छ । तर तँ स्वाँठ यसमा नलागेर थोत्रो साहित्यतर्फ लागिछस् । यो कहिल्यै नबिर्सी लक्ष्मी सत्य तथा द्वापरमा कृषिमा बसेकी थिइन्, त्रेतामा गएर व्यापारमा बसिन् र अब यस कलियुगमा राजनीतिमा बसेकी छिन्" श्री पशुपतिनाथले भन्नुभयो ।

यसो घोरिएर सोचें, देवाधिदेवको कथनमा पच्चीसै आना सत्यता भएको अनुभव भयो । अनि कातर हुँदै सोधें, "प्रभु ! म अब के गरूँ त ? मलाई बस्ने

बंगला, अन्न आउने खेत, चढ्ने गाडी, बियर राख्ने फ्रीज आदि सबै चाहिएको छ। यो सबै छिटै कसरी हुन्छ ?''

''हुन्छ, ठिटा ! हुन्छ, यो सबै हुन्छ। अब तँ यो बिच्छुकी 'पिंडाली' भन्ने उपनाम छोड्, साहित्यिक क्षेत्र छोड् र पूर्णतः राजनीतिमा लाग्'' श्री पशुपतिनाथले भन्नुभयो।

देवाधिदेवका यस्ता भरोसा लाग्दा कुराहरू सुनी खुशीले एक छिन त म 'हाँ' मुख बाएको बायै भएँ। तर पनि खुशीलाई भरसक लुकाउने प्रयत्न गर्दै भनें, ''यो सब कसरी संभव होला र प्रभु ! जीवनभर टुपीदेखि पैतलासम्म पसीना बगाउँदा केही भएन। अब अहिले राजनीतिमा लाग्ना साथ दुवै दिनमा जादू गरेझैं यो सबै संभव होला र ?''

यसपछि अनि श्री पशुपतिनाथले मलाई विश्वास दिलाउनका लागि राजनीतिमा लागेर मान्छे बनेका मान्छेहरूको नामावली दिनुभयो। न भन्दै देशमा यस्ता मान्छेहरूको संख्या त निकै नै पो रहेछ। म आस्वस्त भएपछि श्री पशुपतिनाथले मलाई त्यहीं तीन घण्टा राखेर राजनीतिको दीक्षा दिनुभयो र अरू पनि धेरै सारभूत कुराहरूको अर्ति उपदेश दिनुभयो।

देवाधिदेव अंतर्ध्यान हुनुभएपछि विहान झिसमिसेमा म प्रसन्न चित्त डेरा फर्कें। चार घण्टा लेट्न कसेर आफ्नो घोषणापत्र तैयार पारें जो निम्न प्रकार छ—

'सारा संसारमा सबभन्दा महान् देश हाम्रो यो नेपाल छ। तर पनि देशको चिताए जस्तो उन्नति र प्रगति हुन सकेको छैन। त्यसैले यस महान् ठाउँका संरक्षक श्री पशुपतिनाथले काठमाडौं निवासी एक जना पुराना साहित्य सेवीलाई राजनीतिको दीक्षा दिई जनताको सेवा गर्न राजनीतिमा उतार्नुभएको छ। उनको नयाँ नाम हुनेछ श्री केशवराज गोति। केशवराज उनको बाबुले राखेको चालु नाम हो र गोति श्री पशुपतिनाथले दिनुभएको नयाँ थर हो। 'गो' को अर्थ हो गोतामे र 'ति' को अर्थ हो तिवारी। 'ताक परे तिवारी नत्र गोतामे' खालका व्यक्तिहरू राजनीतिमा प्रायः सफल भएको नै देखिएका छन्। त्यसकारण अब थर नै यो हुने केशवराज राजनीतिमा सफल नहोलान् भन्ने शंकै छैन।

राजनीति भन्नासाथ झूठ र फरेब भन्ने बुझिन्छ। त्यसैले श्री गोति श्री पशुपतिनाथलाई साक्षी राखी प्रतिज्ञा गर्दछन् उनी जो बोल्नेछन् सत्य बोल्नेछन् र सत्यको अतिरिक्त असत्य कहिल्यै बोल्नेछैनन्।

श्री केशवराज गोतिको राजनीतिमा लाग्नुको मूल उद्देश्य पैसा कमाउनु, मोटर चढ्नु, खूब ऐश र आराम गर्नु र जनतालाई खूब अर्ति र उपदेश दिनु हुनेछ।

रक्षाको काम त श्री पशुपतिनाथले गरी नै रहनुभएको छ । त्यसो हुनाले श्री केशवराज गोतिले यस विषयलाई लिई कुनै दिन पनि कपाल दुखाउनेछैनन् ।

श्री केशवराज गोतिसँग शासनमा गएर लागू गर्ने एउटै सूत्री कार्यक्रम पनि छैन । उनी फगत शासनमा गएर शासन गर्न चाहन्छन् । उनको मूल नीति नै यही हो ।

त्यसैले अब श्री केशवराज गोतिका साला, मामा, भाइ, भतिजा, भान्जा, इष्ट मित्र चिनाजानी जो जति छन् सब आउनु र कसकसलाई कोटा, पर्मिट, ठेक्का-जागीर, जंगल, जमीन डलर-सटही जे चाहिने हो अघिबाटै लेखाउनु । सबैमा गोतिज्यूको हिस्सा अवश्य रहने छ ।'

□

: ७ :

फुटबल खेलेको हेर्न जाँदा

रामकृष्ण शर्मा

अस्तिमात्र, साह्रै धेर दिन भएको छैन, म भकुण्डो खेलेको हेर्न गएथें। हुन त फुटबल खेलेको हेर्न म औंधिनै जान्छु, तर यो कुरो हो विशेष दिनको। कालिम्पोंग बजारमा भकुण्डो—किन फुटबल भन्नु नेपालीमा सबैले बुझ्ने लवज लात्ते भकुण्डो छैन र!—लात्ते भकुण्डो खेलेको हेर्न पैसा पनि लाग्दैन अनि बजारदेखि बाहिर पनि जानुपर्दैन यो खेल सिवाय सित्थैं हेर्न पाइने आमोद-प्रमोद पनि केही छैन। फेरि यो खेल हेर्ने ठाउँ, एउटा क्लबजस्तै, नेपाली समाजको भेटघाट गर्ने जग्गा पनि हो। त्यसमाथि यो खेल स्कूल र कालेजमा मैले खेली टोपलेको पनि हो। यो खेल निरीक्षण त्यही मेला टारमा मैले नगरेको पनि त होइन। म कसरी नगई सक्थें र! गएँ।

ए गएँ भन्दा अगाडिको कुराले पो यो घटमाको विवरण जन्मायो। खैर—हुन त बर्नार्ड् शाले खलाँती लगाई सास हालेर फुल्याएको डल्लो छाला पच्छयाउने प्रथालाई असभ्य ठहराएका छन्—तथापि लाजै नमानी म यो खेल हेर्छु। हेर्छु रे! आवे-

शमा परेको वेला मेरो पेशा सुहाउँदो पैह्रनुपर्ने गम्भीर आवरणलाई अनुहारबाट हटाई आफूले चिच्याएको स्वर म आफैंले सुनेको पनि छु—पूरै आवेशमा नभएको वेलामा होला, सायद ! धर्मराजजीको आगमनमा लोकगीत सुनाउने आयोजन गरेका वेला—खैर अहिले त्यो महाभारत किन ?

अच्छा, त जे होस् मलाई आदतले तान्यो । टिकस लाग्छ आजको खेलमा भन्ने मलाई पूरै याद थियो । नहोस् पनि किन ? पुलिस इन्सपेक्टर साहेब आफैंले मसँग पैसा झारेका थिए, त्यो पनि खेल हुनुभन्दा केही दिन अघिबाटै । बिहान घर-बाट हिंड्ने वेलामा पूरै दस मिनट त्यही टिकस खोजेर खल्तीमा हाल्ने काममै व्यय भएथ्यो । त्यो दिन बिहानै छात्राको एक झुण्डले मलाई टिकस लिनुभएको छ छैन भनेर पनि सोधेका थिए । लात्ते भकुण्डो हेर्ने नहेर्ने कुराको खोजी कसैले गरेनन् तर टिकस छ छैन खोजी त्यसको मात्र हुँदो रहेछ । चाहे म खेल हेरूं वा नहेरूँ तर टिकस काट्नैपर्ने रे ! के जवर्जस्त नियम । मेरा घरमा बालकृष्ण, लक्ष्मीप्रसाद, लेखनाथ आदिका कृति छन् छैनन् कोही खोजी गर्दैन । सभ्य संसारका सामुन्ने हाम्रो शिर ठाडो गराउन लेखिएका मातृभाषाका पुस्तक वेच्ने उद्देश्य कसैको छैन तर लात्ते भकुण्डो खेलको टिकस बेच्न सबै उत्साहित छन् । टिकस बिक्री-बाट उठेको लाभ असल काममा खर्च गरिन्छ तथापि लक्ष्मीप्रसादका नयाँ कृति दोबर मोलमा वेची आम्दानी भागचाहिं सुकर्ममा व्यय गरे पनि हुँदो हो । तर कुन देश वा समाज त्यति अगि बढेको छ र ?

कुरो त फेरि बटारिए छ । हातमा टिकस च्यापी रेनकोट, गम्बूट, थोत्रे आइली ह्याट र छाता व्यवहारमा लगाई म हिंडें खेल हेर्न । टिकस बेच्नेका निम्ति वरुणदेवले पनि आफ्नो भण्डार खोलिदिएका थिए कि ? पानीको प्राचुर्य थियो । मूल बाटोभन्दा काशीराम गल्छिडीनै नजीक भएकाले त्यतैबाट अखाड़ा झर्ने विचार गरें । यसो हेरेको त दुई वटी षोडसीय युवती द्वारपाल बसेका रहेछन् । टाढाबाट हेर्दा त नर्गीसजस्तो लाग्यो । तर झट्ट स्मृतिको पर्दाबाट बिजुलीवेगले एउटा गीत दगुर्‍यो, "कोही भन्छन् नर्गीस, कोही भन्छन् निम्मी, म भन्छु 'रेला' हो ।" नर्गीस होइन रहेछन् तर को जान्ने कसैको आँखामा नर्गीसनै जँचिदा हुन् । मेरै आँखामा पनि जंचे कि ? को जान्ने, होइन त ?

राहदानी छंदै छ रवाफ साथ बेरोकटोक जाउँला भन्ने सुर कसी सकेसम्म देवानन्दको जस्तो मुखाकृति पारी हिंडेको थिएँ, अनुहार त गोपको जस्तो पो भयो कि भन्ने पापी शंका मनमा परिहाल्यो । त्यत्तिकैमा पुगेंछु द्वारपालका सम्मुख । हाय रे विपत् ?

मलाई देख्नासाथ बाटो छोडिदिनेछन् भन्ने मेरो धारणा थियो । त्यहीमाथि अवला । अवश्य खुला राह पाइनेछ भन्ने आशा थियो । तर (मेरा एक मित्रले भनेझैं)

सब चौपट । ''टिकस लिनु पर्छ, टिकस'' भन्दै होची चाहिँले (होचीको सट्टा निम्मी भने केही बिग्रला र ?) पाँच रुपियाँ मोलका टिकसको मुठ्ठा निकालिन् । निम्मी भन्छिन्, ''पाँच रुपियाँ त हो । (नर्गीसतिर हेरेर) कि दुई रुपियाँवाला दिऊँ ?'' नर्गीस के कम्ती, थपिहालिन्, ''पाँच रुपियाँवाला ।'' पाँच सेकेण्डभित्रमै यति यति कुरो भइहाल्यो । मैले सम्झें, 'रंगको एक्का त मसँग छ केको फिक्री ।, निर्धक्क बोलें, ''मसँग टिकस छ, खइ म जौं । ''

गल्लीको साँगुरो बाटो, उनीहरूले बाटो नदिए जानै नपाइने । प्राचीनकालका रोमन वीर होरेससले आफ्ना दुई साथीका सहाराले टाइबर नदीको पूलमा इट्रस्कन सेनालाई रोकेझैं उनीहरूले मलाई रोकिराखेका थिए । राहदानीको प्रमाण-पत्र मौजुद भएकोले म अघि बढें तर खालि एक कदम मेरो गति रोकियो । रोमन वीरको वीरतालाई माथ गर्ने मुराद लिएर बसेका वीरांगना 'टस-से-मस' भएनन् । सुरसाले हनुमानको गति रोकिदिएझैं मेरो गति चट्ट रोकिदिए । मैले भनें, ''म जौं ।'' ''टिकस नकिनी जान दिँदैनौं'', नर्गीस बोलिन् । ''टिकस मसँग छ,'' मैले दोहोऱ्याएँ । तर टिकस देखाइनँ । ट्वान्टि नाइनमाझैं डिक्लेर गर्लान् र ट्रम्प देखाइदिउँला अथवा फलसमा झैं खोलाउलान् र एक्का थिरेल जाहेर गरुँला भन्ने आशयले टिकस हातमा मात्र राखें देखाउनचाहिं देखाइनँ । तर मेरो स्ट्राटेजी (बाघचाल) काम लागेन ।

''टिकस भए पनि फेरि किन्नुपर्छ,'' निम्मीले हमला सुरू गरिन् । ''दुई पटक किन्नु ?'' अचम्म मानेर मैले सोधें । मेरो बाखा चलाइले बाघ नथुनिने देखियो । नर्गीसले प्वाइन्ट् ब्लाङ्क् फायर गरिन्, ''तपाइँ जस्तो ज्ञानी मानिसले नकिने कसले किन्छ ?'' म अवाक् भएँ । जो लुइको चढ्तीको बेला उनको पन्च् (मुक्का)-ले उनका प्रतिद्वन्द्वीमाथि नर्गीसको प्रश्नले ममाथि पारेको जस्तै प्रभाव पार्थ्यो कि !

''ज्ञानी'' के यो व्यंगात्मक भनाइ थियो ? के यो टिकस बेच्न गरिने एउटा साधारण क्यानभासिंगको चलाकी ? के यो सरलहृदया नेपाली नारीको विश्वास थियो ? मैले केही बुझ्न सकिनँ । द्रुत गतिले बाह्य घटना घटिरहेका थिए । उज्यालोको तीव्र गतिभन्दा पनि वेगले विचारका समूह मस्तिष्कमा फाल तोडिरहेका थिए । म आफ्नो लाचारी अनुभव गर्न थालिरहेथें । ''हम ठगे सारी दिल्ली, हमको ठगे घरकी बिल्ली !''

टिकस भइकन पनि आफूले चाहेको बाटो जान नसक्नु कस्तो लाचारी ? फर्केर अर्कोतिर लागुँ भने पनि अट्टहासको पात्र होइने । जबर्जस्ती धकेलेर जाऊँ भने पनि इन्साफकै राह मेरा लागि खुला हुनुपर्ने हो । भरू उच्च निरीक्षकलाई अर्जी गरौं भने पनि पोल्याहा भल्लान् । कसो गरूँ ? मैले परिस्थिति विचार गरें ।

तर के गर्नुपर्ने निर्णय गर्न सकिनँ। यसो विचारें इण्डियन पेनल कोडको ३४१ धाराको, व्याख्या झाडुँ कि तर सम्झें यी स्कूले केटीलाई ऐन कानून के थाहा ? यी फेरि टेर पुच्छर लाउने पनि होइनन्। मेरो धम्की पूरा गर्न यिनलाई कचहरी पुऱ्याए पनि बढी बढाइ र मेरो नेकनामी केही हुने होइन। पऱ्यो फसाद ! उपाय त आए मनमा तर तिनको प्रयोग गर्नु ठीक लागेन। ती उपाय कोही दिन म काममा लाउँला र वेलामा सफलतापूर्वक लगाएको पनि छु। तर यहाँ परिस्थिति मिलेन, मौका परेन।

"ज्ञानी" शब्दको प्रयोगले मलाई निरस्त्र तुल्यायो। के ज्ञानीले एउटा खेल हेर्न दुई पटक टिकस खरीद गर्छन् ? के त्यसो गर्नु ज्ञानी हुनु वा मूर्ख ? भलै काममा व्यय हुने कोषको वृद्धिको निमित्त धन संग्रह गरियोस् तथापि एउटा मानिसले पहिले एउटा टिकस र त्यसपछि आफ्नै पासमा-टिकस हुँदा हुँदै फेरि प्रवेश-द्वारमा अर्को टिकस किन्नु मूर्खता पो हो भन्ने मलाई लाग्यो। टिकस दुदुई खेप नकिन्ने सुर कसें। तर छिर्ने कसरी ? लङ्किनीलाई छलेर लङ्का पुग्नु भन्दा गाह्रो थियो।

"टिकस छँदै छ, कसरी फेरि किन्नु ?" मैले सोधें। नर्गीससँग जवाफ तयारी रहेछ, "अँ, तपाइं जस्तो जेन्टलम्यानले नकिने कसले किन्छ ? ल्याउनु होस् पाँच रूपियाँ। हामीले आज बेच्नै सकेका छैनौं"। मलाई टिठ पनि लाग्यो। बिचराहरूले बिक्री देखाउन नसकेका रहेछन्। एउटा दुई रूपियाँको टिकस किनिदिऊँ कि भन्ने पनि लाग्यो। तर दुबारा टिकस किनेको देख्दा मेरो गिल्ला पो हुने हो कि भन्ने डर पनि लाग्यो। फेरि 'ज्ञानी' देखि 'जेन्टलम्यान' शब्दको प्रयोग ! मेरो पैह्लन पेनालाइज हुने ? जेन्टलम्यान पदवी थाम्न मुश्किल ? कसैले मलाई तँ जेन्टलम्यान होइनस् भनेछ भने म अवश्य चिढिने छु, राँकिनेछु। जोसुकै पनि त्यस्तो भनाइ पाए रिसाउनेछ। तर आज मलाई जेन्टलम्यान भनेरै चूप बनाए नर्गीस र निम्मीले।

"हँन, किन रोकेको ? टिकस छ, म जान्छु," मैले ढिपी गरें। म असमञ्जसमा परिसकेको थिएँ। छेउछाउका चिह्लारू पसलेहरूले हेरी पो रहेका छन् कि भन्ने शङ्काले मन पोल्यो। नर्गीसले प्याच्चै जवाफ दिइन्, "जहाँबाट टिकस किन्नुभो त्यहींबाट जानुहोस्, हामीसँग नकिने पछि यहाँबाट जान दिंदैनौं।" कस्तो तर्क ! म बिलखबन्द परें। कुनै द्वारमा पनि मलाई टिकस बेच्ने मानिस खडा अवश्य छैनन्। सबै प्रवेशद्वारमा त्यही जवाफ पाए के गर्ने ? त्यतिनै वेला भाग्यवस एउटा अर्को सिकार गौंडामा आइपुग्यो। निवासस्थानले कस्तूरी भनौं। त्यही मौका छोपेर घोडाको वेगले म अगि बढें—रेसको होइन, चेसको (सतरञ्जको)। एक कदम

बायाँ साइड, दुई कदम अगि । फुस्के, बिसपले (नौका ?) झैं परबाट लामो हात गरेर नर्गीस लम्केकी थिइन्, म निम्मीको आड लागेर छलिएँ। अर्को फालमा मैदान आफूलाई छलेर जयद्रथको खोजीमा अर्जुन जाँदा पनि शंकटव्यूहको द्वार द्रोणले त्याग्न नसके झैं उनीहरू पछयाएर आउन सकेनन् । मैले सोचें यो मेरो जीत थियो कि हार वा परिस्थितिको दोधार !

खेल हेरेको वेला मैले मेरो अनुभव अरू साथीलाई सुनाएँ। एक जनाले छेड हाने, ''पाँच रुपियाँ दिन लायक थिएनन् कि कसो ?'' म हाँसें—मुसुक्क । यस्तैका निम्ति हजार पानी जहाजले लङ्गुर छाडेर ट्रोइ गएथे । यस्तैका निम्ति लङ्का नाशियो । यस्तैका निम्ति एण्टनीले रोमन साम्राज्य त्यागे । यस्तैका निम्ति अष्टम एडवर्ड् वनवासमा छन् । मैले पाँच रुपियाँ फाल्न सकिनँ । के को जीत ? यो हो मेरो हार । ती हुन् मेरा हार ! !

: ८ :

बाङ्गदेल आफ्नै क्यान्भासमा

लैनसिंह बाङ्गदेल

●

प्रिय उत्तमजी,

अस्ति तपाईसँग नयाँसडकमा भेट हुँदा 'आफ्नो कलाको विषयमा एउटा लेख लेख्नोस् बाङ्गदेलजी' भनी आग्रह गर्नुभएथ्यो । आफैंले लेखेका चित्रहरू लिएर आफैंले टिप्पणी अथवा समालोचना गर्नुपर्ने कुरो त निकै नै गाह्रो हुन्छ भन्ने थाहा पाउँदापाउँदै पनि ऊ बेला 'हुन्छ त' भनी टालटोल गर्न खोजेको थिएँ । तर पछिबाट लेखको निम्ति तपाईंले ताकिता गर्नुभएपछि एउटा लेख नलेखी त सुख्खै नपाउने देखी त्यस विषयलाई छोएर कलम समाएको हुँ ।

एक पटक हर्बर्ट् रीडले गाबोलाई आफ्नै कलाको बारे लेख्ने अनुरोध गर्दा उनले के भने भने कलाकारले आफ्नै कलाकृतिको बारेमा लेख्नु त सोझै खाडलतिर जानु हो किनभने धेरै कलाकारले त्यसो गर्न खोजेका पनि छन् त परिणाम चाहिं असलभन्दा खराब नै हुन गएको छ ।

गाबोले भनेका कुरासित मेरो सहमत छ। किन भन्नुहुन्छ होला भने कलाकारले जुन कुरालाई रङ्गले, रेखाले वा सजावटले जसरी व्यक्त गरेको छ त्यसैलाई शब्दबाट व्यक्त गर्न खोज्दा उही भाव र अभिव्यक्ति व्यक्त गर्न कहिल्यै सफल हुन्न। अझ कुनै-कुनै बेला त त्यसको उल्टो व्याख्या पनि हुन जाने सम्भव हुन्छ।

अर्को कुरो यो पनि छ, सबै साहित्यिक अथवा कलाकारलाई आफूले सिर्जना गरेको रचना आफैंलाई राम्रो लाग्नु त स्वाभाविकै हो। त्यस्तो अवस्थामा कलाकारले आफ्नै कृतिको बारे लेख्नुपर्दा राम्रैराम्रा कुराहरू लेख्न सक्छ र आफ्नो तारिफ आफैंले गरे जस्तो हुन्छ। यदि त्यसो नगरौं त आफ्नै कृतिहरूमा दोष र कमजोरीहरू देख्न सक्ने कति जना होलान् र? यदि कलाकारले आफ्ना कमजोरीहरू देख्न सक्ने भए त ती सब कमजोरीहरूलाई हटाई आजको भोलि नै सर्वश्रेष्ठ रचनाहरू सिर्जना गर्न सक्ने थियो।

यिनै कुरालाई ध्यानमा राखी मैले आफ्नो कलाको बारे केही बोल्नुभन्दा अघि मेरो कला-अध्ययनको क्षेत्रमा मैले कुनकुन परिस्थितिबाट गुज्रनुपऱ्यो र मेरो कलामा ककसको प्रभाव पऱ्यो भन्ने कुराको राम्रोसित उल्लेख गर्नु बेस होला। त्यति भएपछि अनि मेरो कला अध्ययनको एउटा पृष्ठभूमि खडा हुनेछ र मैले आफ्नो कलाको बारे केही बोलेमा त्यसको केही महत्त्व होला।

आज पहिलो पटक आफ्नो कलाको बारे लेख्नुपर्दा र आफूले कला अध्ययन गरेको अवधिलाई हेर्दा आफैंलाई झसङ्क लाग्छ। आजभन्दा पच्चीस वर्ष अगाडि कलाको अध्ययन गर्न कलकत्ताको विशाल नगरमा मैले पाइलो हालेको थिएँ! ऊ बेला सारा भारतमा आन्दोलनको धूमधाम थियो। आर्ट स्कूलका लडकालडकीहरू समेत स्वदेशी झण्डा लिएर हडताल गर्ने; अध्ययनमा त्यसले पनि निक्कै बाधा पुऱ्यायो। कलकत्ता आर्ट स्कूलमा छ वर्षसम्म जुन किसिमसँग मैले तालिम पाएँ त्यसबाट मैले आशा गरे जत्तिको फाइदा भएन भन्ने मलाई लाग्दछ।

त्यस ताका भारतीय कलाकारहरूमा पनि भर्खर भर्खर नयाँ चेतनाको लहर आएको थियो। भारतीय आधुनिक कलाकारहरूमा सर्वप्रथम कलकत्ताका नवीन कलाकारहरूको एउटा दल खडा भयो जसको नाउँ 'कलकत्ता आर्ट ग्रुप' राखियो। त्यस दलमा आफू सम्मिलित भएपछि कलाप्रतिको मेरो दृष्टिकोण एकदम बदलियो किनभने परम्परावादीहरूको विरुद्ध कलामा परम्परागत शैली तोड्ने र नयाँ शैली निर्माण गर्ने यस दलको उद्देश्य थियो। कला र साहित्यका क्षेत्रमा नयाँ नयाँ सिद्धान्त र दृष्टिकोण अँगाल्ने मेरा साथीहरूबाट मैले धेरै प्रेरणा पाएँ। त्यही बेलादेखि साहित्यतर्फ पनि मेरो रुचि बढ्दै गएको हो। यस दलमा रैथीन मैत्र, प्रदोष दासगुप्त, परितोष सेन, अरुण गांगुली, सत्यजीत रे लगायत हामी आठ दस जना

थियौं । पछिबाट सत्यजीत रे चाहिं फिल्म डाइरेक्टर जाँ रेन्वारसितको भेटपछि उनको रुचि फिलमपट्टि एकदम झुक्यो र पछि त्यही क्षेत्रमा उनी विश्वविख्यात पनि भए ।

यही बेला हाम्रा सुप्रसिद्ध नाटककार श्री बालकृष्ण समसित मेरो पहिलो पटक कलकत्तामा भेट भएथ्यो । साहित्यको क्षेत्रमा उहाँबाट पनि मैले धेरै प्रेरणा पाएको हुँ । ऊ बेला डलहौसी इस्क्वाएरको एउटा पुरानो भवनको चारतले छतमा एक जना मित्रको सौजन्यले एउटा सानो कोठा लिएर बसेको थिएँ । त्यही कोठामा बसी कला र साहित्यको विषयमा अनेक रंगीन सपना देख्ने गर्थें । अनि त्यही सपनाले मलाई एक दिन प्यारिस पुऱ्यायो ।

तर जब प्यारिस पुगें म एकदम जिल्ल परें । एक त धेरै दिनदेखि त्यहाँ पुग्ने सपना देखेको थिएँ । त्यो बाहेक फ्रेन्च कला र साहित्यको बारेमा आफूले जति पढिएको थियो उही नगरमा एक दिन पुग्दा आफूलाई किन किन विशाल कलाको क्षेत्रमा हराएको पाएँ । हुन पनि त्यतिका नयाँ कुराहरू हेर्ने, नयाँनयाँ कलाको शैली अध्ययन गर्ने कुरा सम्झँदा म त्यस्सै आत्तिएँ । करीब दुई वर्षसम्म त्यस विशाल नगरमा अलमलिएँ किनभने यता मलाई मोपासाँ, जोला, ददे, भरलाइन, रुस्सो, भोल्टाएर, बालजाग, फ्लुबेर, बदलायेर, रोमाँ रोलाँ, रेंबो तथा आँद्रेजीदको देश र समाजलाई हेर्नु थियो, उता कलाको क्षेत्रमा फेरि इम्प्रेसनिस्ट् कलाकारहरू जस्तै माने, रेनोआँ, सिसले, मोने, पिस्सारो, तुलोज लोत्रेक र पोस्ट् इम्प्रेसनिस्ट्हरूमा विशेष गोंगे, भ्यान गग र सेजान्का कलाकृतिहरू हेर्ने तथा अध्ययन गर्ने ठूलो हौसला लिएर म फ्रान्स पुगेको थिएँ । त्यसैले सुरुमा कलाको त्यस विस्तृत मैदानमा कुन बाटो जाने हो, कसरी जाने हो थाहा नपाएर त्यसै अलमलिनुपुऱ्यो । कदाचित् त्यस देशको कला र साहित्यको विषयमा मलाई त्यत्तिको रुचि र ज्ञान नभएको भए मलाई त्यस्तो भावनाले छुने नै थिएन । तर पहिलेबाटै मनमा ज्यादा आशा लिएर जानु नै मेरो दोष थियो कि भन्ने मलाई लाग्दै छ । किनभने जुन प्यारिसमा देश विदेशबाट आएका लगभग अस्सी हजार कलाको क्षेत्रमा काम गरिरहेका छन् तथा जहाँ पचासौं आर्ट ग्यालेरीहरूमा रोजिन्दा कलाप्रदर्शनी भइरहन्छ त्यहाँ पुगी त्यस नगरको वातावरण बुझ्नलाई पनि त समय लाग्दछ । मेरो मनमा थियो, म पनि केही गरूँ; केही देखाएरै स्वदेश फर्कन सकूँ । त्यस बेलासम्म मैले आफ्ना चित्रमा निजी शैली खडा गर्न सकेको थिइनँ । कलाकारले निजी शैली खडा गरेपछि नाउँ नहेरी तस्वीरै मात्र हेरे पनि फलानोले लेखेको भनी खुट्याउन सकिन्छ—त्यहीं उसको विशेषता झल्कन्छ ।

यसरी बाटो खोज्दाखोज्दै दुई वर्ष बितेर गयो ।

ऊ वेला दुई-चारजना भारतीय कलाकारहरूको पहिलो डफ्फा प्यारिसमा कला अध्ययन गर्थ्यो। तर उनीहरूसँगको मेरो सहवास कहिल्यै रमाइलो भएन किनभने उनीहरू आफूलाई ठूलो देशवाट आएको भनी ठान्थे—मलाई आफ्नै देश र संस्कृतिको गर्व थियो। त्यसैले म हमेशा एक्लो थिएँ। एक्लै बसें। हुन त वेला-वेलामा आयोजित गरिएका प्यारिसस्थित भारतीय कलाकारहरूको चित्र प्रदर्शनीमा वराबर भाग लिने गर्थें। त्यहाँ पनि दुई दल खडा भयो। एउटा दल कलाकारले लेखेको चित्रमा आफ्नै देशको तस्वीर झल्कनुपर्दछ भन्ने थियो; अर्को दल कलाकार कुनै संकुचित परिधि अथवा सीमित देश वा समाजभित्र मात्र बसेर हुँदैन किनभने चित्रकला भनेको अन्तरराष्ट्रिय भाषा हो तसर्थ यो व्यापक हुनुपर्छ भन्ने थियो। सुरुमा लक्ष्मण पै, हुसेन, परितोष सेन र म पहिलो सिद्धान्तका समर्थक थियौं। दोस्रो सिद्धान्तका समर्थक रजा, पदमसि- सूजा र कृष्ण रेड्डी थिए। ऊ वेलासम्म कुनै भारतीय कलाकारले अमूर्त कलालाई अँगालेको थिएन। तर प्यारिस स्कूलको प्रभाव भने हरेक प्रगतिशील कलाकारमाथि परेको थियो।

यो त्यस वेलाको कुरो हो जुन बखत मेरो आर्थिक अवस्था सारै खराब भई प्यारिसमा गुजारा गर्न नसकी नगर बाहिर पर्ने वुर्ला रेन नामक सानो प्रान्तीय गाउँमा म बस्न गएको थिएँ।

त्यहाँको एकान्त वासमा मैले आफ्नै कलालाई राम्रोसँग हेर्ने र जाँच्ने अवसर पाएँ। कलासित त्यसै बखतमा मेरो गहिरो सम्बन्ध भयो किनभने कुनै कुनै बखतमा निराहार वस्नुपर्ने अवस्था हुन्थ्यो। त्यस वेला कलालाई ज्यादै प्रेमसँग अँगालेर हिंड्न मन लाग्यो।

त्यस अवधिसम्म पोस्ट इम्प्रेसनिस्ट् कलाकार गोगेंको ममा निक्कै प्रभाव परेको थियो। त्यसको कारण के थियो भने गोगेंले लेखेका टाहिटियन मानिसहरूको अनुहार नेपालीको सँग अनौठासँग मिल्न जान्थ्यो। म हमेशा नेपाली विषयकै चित्र लेखूं, मेरा चित्रहरूमा नेपालीकै तस्वीर झल्कोस् भन्ने मलाई लाग्थ्यो। त्यस वेला-सम्म अमूर्त कला सिर्जना गर्ने भावना ममा आएकै थिएन। बरु मेरो स्पेन भ्रमणमा त्यहाँका निवासीहरूलाई देख्दा पिकास्सोको ब्लू पेरियडको झलझली सम्झना भयो। पिकास्सोले सुरुसुरुमा आफ्नो देशको आत्माको कस्तो मर्मस्पर्शी चित्रण गरेका रहे-छन् उसै वेला मलाई थाहा थयो। प्यारिस फर्केको केही दिनपछि पिकास्सोसँग पनि मेरो भेट भो—उनका चित्र र व्यक्तित्वको पनि ममाथि ठूलो प्रभाव पर्‍यो। यस अवधिमा लेखिएका मेरा चित्रहरूमा नेपाली पुरुष-स्त्रीको प्रशस्त चित्रण भएको छ। नेपाल आमाको मायाँले जुन भावना उर्लिन्थ्यो त्यसैको आधारमा मैले कैय्यन् चित्र कोरें। तर नेपाललाई कहिल्यै नदेखेको भए पनि नेपालको जिउँदो जाग्दो तस्वीर खडा गर्नमा म धेरै सफल भएँ भन्ने मलाई लाग्छ। यस ताका लेखिएका तस्वीर-

3978

हरूमा ज्यादा जस्तो दरिद्र, माग्ने, अन्धा, पीडित र निम्न वर्गको चित्रण भएकोले एक विख्यात फ्रेन्च समालोचकले 'उदास संसारको चित्रण' भनी लेखेका छन् । तर धेरै आर्थिक परिस्थितिको सामना गरिरहनुपरेकोले त्यस वेलाको मेरो संघर्षमय जीवनको उदासी रङ्ग ती चित्रहरूमा पनि अवश्यै परेको होला ।

यस वेलासम्म चार पल्ट प्यारिसमा मेरा चित्रहरूको प्रदर्शनी भइसकेको थियो । यही समयमा पहिलो पटक जर्मनीको स्टुटगार्ट् सहरमा मेरा चित्रहरूको एउटा ठूलो प्रदर्शनी गरियो । फ्रान्स बाहिर अरू देशमा चित्र प्रदर्शनी गर्ने मैले पाएको पहिलो मौका त्यही थियो । यस प्रदर्शनीले गर्दा वहाँका नवीन कलाकार-हरूसँग व्यक्तिगत भेट गर्ने र आफ्नो आफ्नो विचारको आदान प्रदान गर्ने अवसर प्राप्त भयो ।

स्टुटगार्ट् बाट फर्केर आएपछि प्यारिसमा अन्तरराष्ट्रिय आधुनिक चित्रकलाको एउटा ठूलो प्रदर्शनी म्युजियम अफ मोडर्न आर्टमा हुने भएको थियो । त्यस प्रदर्शनीमा भाग लिने अवसर पाउँदा संसारका जीवित इनेगिनेका कलाकारहरूका कृतिहरूको अगाडि आफ्ना कृति तुलना गरेर हेर्न पाइयो । त्यसपछि मलाई प्यारिस छोड्नुपर्ने अवस्था आयो तर प्यारिस छोड्नुभन्दा अघि मेरो आखिरी चित्र प्रदर्शनीको आयो-जना भयो । त्यस अवधिसम्ममा मैले आफ्नो निजी शैलीको जग बसाइसकेको थिएँ । तर दिन प्रतिदिनको संघर्षले गर्दा मेरा उत्साह, उमङ्ग र जोश प्रायः ओइलाइ-सकेका थिए । त्यस समय निराशवादले मेरो हृदयलाई ज्यादै छोएको थियो । आफ्नै रचनालाई हेर्दा मलाई शंका हुन्थ्यो । यसै बखत संयोगले मोडर्न आर्ट म्युजियमका डाइरेक्टर तथा प्रसिद्ध फ्रेन्च कला समालोचक मोशियो दोरिभालले मेरा चित्रहरू हेरेर साह्रै प्रशंसा गर्नुभो । त्यस वेलासम्म आफ्नै कृतिहरूप्रति मेरो जुन शंका थियो अब त्यो हट्यो । आजसम्म भुलभुलैयाको बाटोमै हिंड्नुपऱ्यो, कलाको क्षेत्रमा नयाँ बाटो खोज्दाखोज्दै अलमलिनुपऱ्यो भन्ने मेरो जुन धारणा थियो त्यो गलत रहेछ भन्ने सम्झें । यतिका वर्षको साधना व्यर्थमा गएनछ भन्ने अनि आफूलाई वल्ल विश्वास भयो ।

प्यारिस छोडेर लण्डन आएपछि मेरो कला-अध्ययनमा फेरि एउटा नयाँ अध्याय सुरु भयो । एकान्त कोठामा बसेर कलाको साधना गर्ने अठोट गरें । अब अगाडि गएर कलाको क्षेत्रमा कुन नयाँ कुरा सिर्जना गर्नुपर्ने हो त्यसैमा म तल्लीन थिएँ । प्रकृतिलाई हेरेर सेजानले त्यसको हुबहु नक्कल नगरी केवल सिधा रेखाहरूले चित्रण गर्दा मात्र पनि त्यसमा कलात्मक सिर्जना हुन सक्तछ भन्ने सिद्धान्तलाई लिएर ब्राक र पिकास्सोले पचास वर्ष अगाडि नै क्युबिज्मलाई आविष्कार गरिसकेका थिए । त्यसभन्दा अगाडि बढेर कुन शैली खडा गर्ने भन्ने प्रश्न थियो । यही बेला देखि अमूर्त्त कलातिर मेरो मन आकर्षित हुन थाल्यो । तर आफ्नो परम्परालाई चट्ट छोडी एउटा

नयाँ परम्परा बसाल्नलाई अझ गम्भीर आत्मचिन्तन र अभ्यासको खाँचो पर्दो रहेछ। त्यसको निम्ति पनि एउटा नयाँ बाटो खोज्नुपर्दछ र त्यो बाटो नपाएसम्म आफूलाई वडो छट्पटी र वेचैन लागि रहन्छ। यही नयाँ बाटो खोज्ने प्रयासमा केही दिन लागिरहें। प्रेरणाको निम्ति लण्डनको म्युजियम र आर्ट ग्यालरीहरूतिर पुग्थें। तर वेलाइतका कुनै कलाकारबाट म प्रभावित भएको छैनँ। वहाँका इनेगिनेका आधुनिक कलाकारहरू जस्तै फ्रान्सेस वेकन, हेनरी मूर, पोलन्यास, स्पेन्सर, किथ भोगेन अथवा ग्राहम सदरल्याण्ड—कसैको चित्रबाट म आजसम्म प्रभावित हुन सकेको छैनँ। त्यसैले एकान्त वासमा नै मेरो आत्मचिन्तन झन गहिरियो।

मलाई राम्ररी सम्झना छ, एक दिन मैले एउटा पुरानो तस्वीरमाथि केही रङ्ग थपिरहेको थिएँ। घन्टौं बितिसक्दा पनि मैले चाहेको कुरो त्यहाँ व्यक्त हुनै सकेन। यसरी सन्तुष्टि प्राप्त नहुँदा आखिरमा मैले तस्वीरलाई मेटमाट गरेर नष्ट गर्न खोजें। क्यानभासका चारैतिर अचेतन आवेगलाई लिएर सरसर्ती रङ्ग पोती त्यसलाई कुनामा थन्क्याइदिएँ। त्यसलाई चारैतिर छरिएका रङ्ग, तेल, कुचीहरू थन्क्याएर जब कुर्सीमा बसें मेरो आँखा अनायास त्यही क्यानभासमाथि पऱ्यो। कस्तो आश्चर्य भने झ्यालबाट आइरहेको सन्ध्याको उज्यालोमा त्यो तस्वीर यस्तो राम्रो देखियो मलाई नै विश्वास भएन! अनि मैले झलक्क सम्झें, अहिलेको यो चित्र त्यही भाव र रङ्गको थियो, जुन मैले २।३ महिना अघिको एकान्त साँझमा विचार गरेको थिएँ। आफूले एक चोटि चिताएको बिर्से तापनि हाम्रो अवचेतन मनले बिर्संदो रहनेछ र आफ्नै ढङ्गद्वारा कार्यान्वित गर्दो रहेछ भन्ने पाठ पनि मेरो यही चित्रले औँल्याइदियो। गुबाफी, नीलो, पहेंलो र सिन्दुरे रङ्ग मिसिएर एउटा अमूर्त्त कला त्यहाँ सृष्टि भएको थियो। अघि जुन तस्वीरलाई मिहिनेतसाथ प्यारिसका छानै छानाहरू भएको एउटा दृश्य देखाउन खोजेको थिएँ—उही भावना अमूर्त्त रूपमा क्यानभासमा उत्रेको देखियो। मैले अचेतनबाट जुन कुरा अमूर्त्त रूपमा देखाउन खोजेको थिएँ सो त्यहीं सिर्जना भएको पाएँ। त्यसबाट मलाई जुन सन्तुष्टि प्राप्त भयो त्यसले मेरो उत्साह झन बढेर आयो।

त्यस घटनापछि अमूर्त्त कलाको सिर्जनापट्टि मेरो अध्ययन जान थाल्यो। मलाई लाग्छ यदि त्यसबाट कलाकारलाई आत्मसन्तुष्टि प्राप्त हुन्छ भने त्यसैको सिर्जनामा कलाकार लाग्नु उचित छ अनि मात्र मौलिक रचनाको सिर्जना हुन सक्तछ। त्यस अवधिदेखि म धेरैजसो प्रकृतिको हुबहु नक्कल गर्ने अथवा प्रकृतिलाई देख्दा कलाकारको मनमा जुन आवेग उठ्छ त्यसलाई चित्रण गर्ने सबै शैली छोडेर एउटा नयाँ, अमूर्त्त संसारको खोजीमा लागें। मेरो कलाले नयाँ मोड लियो।

माथि लेखिएका कुराहरूबाट मेरो पच्चीस वर्षको कला-अध्ययनमा कुन कुन परिस्थितिमा कुन कुन परिवर्तन आयो र कुन प्रकारको अनुभव प्राप्त भयो सो

संक्षेपमा थाहा पाइन्छ। त्यसबाट यो पनि थाहा पाइन्छ, प्रकृतिको नक्कलदेखि अहिले म धेरै टाढा पुगिसकेको छु। मैले प्रकृतिलाई नहेरे पनि हुन्छ। प्रकृतिलाई नाङ्गो आँखाले हेर्नुको सट्टा अब भित्री आँखाले हेर्दछु। प्रकृतिको बाहिरीरूपभन्दा बढी प्रकृतिभित्र लुकेको दर्शनलाई लिएर म चित्र लेख्दछु।

तर मेरा आफ्नै अमूर्त्त चित्रहरू हेर्दा मलाई यस्तो लाग्छ मेरा चित्रहरूमा प्राकृतिक सौन्दर्यको बढ्ता छाप परेको छ। हुन पनि पहाड, पर्वत, हरियो जङ्गल र हिमालका सेता चुचुराहरूले परिपूर्ण सुन्दर देश नेपालको प्राकृतिक सौन्दर्यको प्रभाव-बाट कुनै नेपाली कलाकार वञ्चित रहन सक्तैन। यस कुराको उदाहरण हामीले टाढा खोज्न जानुपर्दैन, नेपाली कवितामा, गीतमा, कलामा नेपालको सौन्दर्यको छाप परेको प्रशस्त पाइन्छ। त्यसैले मेरा चित्रहरूमा पनि त्यो छाप पर्नु मलाई कुनै आश्चर्यको कुरो लाग्दैन।

तर उत्तमजी, नेपालमा अमूर्त्त, कला कल्ले बुझ्ने भनी सोध्नुहुन्छ भने मेरो यत्ति भन्नु सिबाय अरू केही छैन :—

आज संसारको प्रगति ज्यादै द्रुत गतिले भइरहेको छ। आज विश्वको कुनै ठाउँमा भइराखेको समस्या अरूको पनि समस्या हुन गएको छ। संसारको एक भागमा यदि कलाको कुनै नयाँ शैली सिर्जना भएको छ भने भोलि विश्वको अरू भागमा पनि त्यसको चर्चा हुन जानेछ। कला र संस्कृतिको क्षेत्रमा आज अन्तरराष्ट्रिय चेतना जागृत भएको छ। अलिकति पनि अन्तरराष्ट्रिय चेतना भएको कलाकारलाई आज फ्रेंच कलाकारहरू अथवा अमेरिकाली कलाकारहरू कुन नयाँ शैलीको सिर्जनामा लागेका छन् थाहा हुन्छ। यस्तो अवस्थामा यस संसारको दौडमा कुनै पनि चेतना-शील कलाकार निष्क्रिय रहन सक्तैन। नमूनाको निम्ति आधुनिक नेपाली कवि-हरूको कविता नै हेरौंन, तिनमा अन्तरराष्ट्रिय भावना ओतप्रोत भएको पाउँदै छौं। आजको मनुष्यमा अन्तरराष्ट्रिय चेतना हुनु स्वाभाविकै हो। समयको हिंडाइमा त्यो समयको माग हो। त्यसैले यदि नेपाली कलाको क्षेत्रमा कुनै नयाँ सिर्जना भयो भने त्यसलाई मान्यता दिनुपर्छ। आज नभए भोलि, भोलि नभए पर्सि त्यो परिवर्तन हामीमा नआई छोड्ने छैन। किनभने आज जुन किसिमसँग नेपालमा विकास र प्रगति भइरहेछ र नेपालले आज जुन अन्तरराष्ट्रिय सम्मान प्राप्त गरेको छ त्यो हेर्दा मलाई यस्तो लाग्छ संसारको कुनै प्रगति, गतिविधि र समस्याबाट पर हटेर हामी संसारमा एक्लो रहनै सक्तैनौं।

उत्तमजी, आफ्नो कलाको विषयमा यत्ति भनेर अब म बिदा लिन्छु।

—तपाईंको

लैनसिंह बाङ्देल

□

: ६ :

साहित्य र हावापानी

कृष्णचन्द्रसिंह प्रधान

साहित्यको भूमिका केमा र कहाँ-कहाँ हुन्छ हँ ? किन, शंका लाग्यो र ? पर्खी, एक छिन गम्न दे । अहिलेसम्म पनि यसको महत्ता नबुझेरै कोही पछि लागेका हुन् त ? कहिलेकाहीं त लाग्छ—हो भनिदिऊँ । कुनै कुराको महत्त्व बुझेर मात्रै सबका पछि सब लागेका कहाँ हुन् र । कसैकसैको कुरो छोडूं, म त सबैबारे, सबैमा देखिने, सबैको चर्चा गर्दै छु । धेरैजसो मानिसहरू क्यै नजानिकन पनि पछिपछि हुर्रिएका हुन्छन्, पछिपछि लागिदिएका हुन्छन् ।

यो श्रद्धाको नमूना हो—त्यस्तै भन्नुपर्ला ।

प्रयोजनविना वस्तुको महत्त्व छैन—शायद ।

हामी देश हौं—हामीलाई यसमा नियोजित हुनुपर्छ—नेताहरू त यसै भन्छन् ।

साँच्चि, वस्तु आफैंमा पूर्ण छैन उसो भए ? त्यसलाई त्यत्तिमै सकारिदिंदा के बिग्रन्छ ? स्थितिमा कुनै खास फरक पर्ला र, नपर्न पनि सक्छ ।

पानी नभई हुन्न—चरम सत्य, डरलाग्दो पनि छ—भएकै कुरो हो । हावा चाहिन्छ—कसलाई थाहा छैन; संहारक पनि हो—भोगेकै कुरो । तर पनि पानी चाहिन्छ, हावा चाहिन्छ, साहित्य जस्तै । साहित्य चाहिन्छ, कला चाहिन्छ, हावा-पानी जस्तै । अर्थात् हावा, पानी र साहित्य एउटै हो । तद्विषयक एउटै-एउटै, तद्विषयक भिन्नाभिन्नै ।

पानी जुनसुकै अवस्थामा पानी नै हो । (हावालाई पनि यसै भन्नुपर्छ । यहाँ-निर घाम पनि थप्न चाहन्छु ।) यसको स्वभाव उपद्रवी छ, शायद प्रकृति भएकोले होला । साहित्य जुनसुकै अवस्थामा साहित्य नै हो । यसको प्रकृति सुन्दर छ, शायद मानवीय हुनाले होला । मानवीय र प्राकृतिक हुनुमा यसभन्दा पार्थक्य अर्को के छ ? (रूढ अवस्थामा मात्रै नि) अपवाद थुप्रै हुन सक्छ अर्थात् हित-अहित-विध्वंस सब भएर पनि क्यै नभए जस्तो अनाशक्त रूप, निर्लिप्त स्वभाव इत्यादि । तर सजिलैसित हार स्वीकार्ने प्राणी मनुष्य होइन । त्यसैले जोगिने बाटो बनाउनु उसको निम्ति बाध्य अनिवार्यता ठहरिन्छ ।

यसरी मानिसले पानीलाई बाँधे, हावालाई कजाउन खोजे, घामबाट जोगिने उपाय निकाले—जम्मा-जम्मीमा भन्ने हो भने सुरक्षित हुन प्रकृतिलाई नै आफूमा प्रयोजित गर्ने लक्षित मनुष्य सबैलाई छेकथुन र बेर्ने-घेर्ने गर्छन् । नत्र कहिले नै विनाशकारी उद्दण्डताको शिकार भइसक्थे मानिसहरू अथवा हमेशा संकट झेलेर हरुवा जीवन भोगिरहन्थे होलान् ।

संक्षेपमा, नियन्त्रण आवश्यक रहेछ—भन्न चाहेको सारांश सायद यत्ति हो । होइन, कुरो अलि बाङ्गियो । हावा, घाम, पानीविना प्राणीहरू बाँच्न सक्तैनन्, मानूँ जीवन यही हो र यहीं छ—एकदम संश्लिष्ट र चौपट्ट क्रियाशील । त्यसर्थ तिनीहरूको भयंकरता जति नै संहारकारी भए पनि तिनीहरू अनावश्यक ठहरिएनन्, उपेक्षित भएनन् अथवा अस्वीकृत हुन सकेनन् । कति महान् तर तुल्य तुल्य विनाश र निर्माणगर्भित सम्पन्नता छ । यो असाधुपनप्रति कसैको विराम नहोला तर भय छ, यसैले कजाउने चाह र समर्पण पनि छ । तिनीहरूबाट असम्बन्धित भएर न त मानि-सको काम चलन सक्थ्यो, न छाडा छाडेर भलो हुन्थ्यो । फलस्वरूप देवता र सह-चरको सम्बन्धले जीवनमा प्रवेश पाई सम्मानित भए ।

साहित्य न हावा हो, न पानी हो, न घाम हो, जे होइन त्यही हो क्यार साहित्य । मानवीय रचना हुनाले साहित्यमा प्रकृतिको स्वच्छन्दता छैन भन्नेहरू गल्ती गर्छन् । मानिस आफैं एक प्रकृति हो । प्रकृतिमा पाइने मिजास र स्वभाव

उसमा पनि छ र उसकै रचना साहित्य भएकोले प्राकृतिक गुण र स्वभाववाट निर्लिप्त हुनु संभव छैन । मान्छेमा पाइने अमान्छेपनाहरू यही प्राकृतिक स्वरूप त हुन् नि उसका आदिम स्वरूपहरू र निजी संस्कारहरू । त्यसैले हावाका भीषणता र वेगहरू, पानीका विकरालता र भेलहरू, घामका उत्तप्तता र तेजहरू सब मिलाउँदा जुन शीर्षस्थ भय निर्मित छ, र केही हदसम्म मानिसको आकृति-व्यवहारलाई इङ्गित गर्छ --साहित्यमा पनि हुनुपर्छ । यो सम्बन्ध—हावा, घाम, पानीको जस्तै छ र नै यिनीहरूको अस्तित्व यतिविघ्न टड्कारो र सर्वमान्य हुन सकेको होला । अर्को शव्दमा भन्ने हो भने नगण्य वा तुच्छताबोध जस्तो सामर्थ्यविहीनता कुनै भयंकरता-बाट त्रस्त व्यक्तिमा देखिने गर्छ । विश्वका विराट् व्यक्तित्वसामु मान्छेले आफूलाई यस्तै अकिञ्चन सम्झेका छन् र त्यसको प्रकोपवाट संत्रस्त मानिस प्रत्येकलाई महान् मानी ढोग दिने गर्छन् । त्यसैले हावा पवनदेव भए, पानी वरुण र घाम सूर्य ।

साहित्य—जस्तो हामी ठानिरहेका छौं, त्यतिमात्र कहाँ हो र । जुन होइन भन्छौं, त्यो पनि साहित्य रहेछ । कत्रो विवाद । यो विवाद समय-सिद्धान्तले उभ्या-एको हो कि ठाउँ विशेषले ! तर महत्त्वहीन कुरो हो । कुनै विवाद, खै कुनचाहिं मतभेदले टुंग्याएको छ र मतभेद पोसेर निष्कर्ष पर्खी वस्ने ? जस्तै साहित्य कालि-दास पनि हो, सफोक्लिज पनि; फ्रायड पनि हो, मार्क्स पनि, गुलसननन्दा पनि हो, गिन्सवर्ग पनि; शास्त्र पनि हो, स्वच्छन्दता पनि; रिसाहा मानिस पनि हो, भोको जमात पनि; बूट पालिश पनि हो, र बिटल भाइ पनि । तर निर्विवादित एउटा पनि छैन । तिनीहरूभित्र जुन मतभेद छ नि—विवाद जन्मन्छ । यस कारण प्रत्येक प्रतिवाद कायम नै रहेर साहित्य भएको र साहित्य नभएको हो । समर्थन र तिरस्कारको यस विरोधभित्र सिद्ध हुने सत्य परिणाममा एउटै छ—साहित्य हो र साहित्य होइन ।

यसो हेर्दा के लाग्छ भने विरोधभित्र पनि साहित्य हुन सक्छ, अनि सहमति भित्र साहित्य नहुन पनि सक्छ । अथवा सहमतिभित्र साहित्य हुन पनि सक्छ अनि विरोधभित्र साहित्य नहुन पनि सक्छ । तर होइन, मत नभएको व्यक्ति वा देश छँदै छैन भने पनि हुने संसारमा विरोध नै नहुनु के संभव छ ? छैन । यसैले, विरोध साहित्य हो वा होइन भन्ने कुराको होइन, साहित्य हामी अनुकूल भयो वा भएन भन्नेसम्म पो हो । त्यसकारण साँचो कुरो के लाग्छ भने राष्ट्रको आ-आफ्नो विश्वास अनुकूलको स्थितिमा मानिसको कुनै अंश प्रतिवन्धित नै नरहेका ठाउँहरू सर्वथा नभए जस्तै विरोध नगर्ने मानिसहरूको देश, व्यवस्था र स्थिति पनि सायद कहीं छैन, कहिल्यै भएनछ । मानिस यति अप्ठेरो प्राणी रहेछ । त्यस्तो अवस्था वा भावबोध व्यक्तिमा विद्यमान रहेको हुँदा यस्ता अनुभूति; आक्रोश, आकांक्षाहरूको नियमित

अनियमित लाग्ने विचार पनि साहित्यमा छ। साहित्य यस्तै मान्छे पनि हो, अतः स्वीकृत समाजको दृष्टिमा यो साहित्य, यी मान्छेहरू असाहित्य लागिदिनु अनुचित छैन, न अस्वाभाविक नै हो।

तैपनि अशास्वत भएन, यसकारण साहित्यको अस्तित्वप्रति हामी अनाशक्त छैनौं। यसको कारण सायद त्यसको देश नै हुनुपर्छ। देश, जो हिजो पनि चाहिएको थियो, भोलि पनि चाहिन्छ र यतिभित्र कति हामी फेरियौं र प्रत्येक पल्टको फेराइमा कति बदलिन्छौं तर हामी र हाम्रा प्रयासहरू राष्ट्रिय आकांक्षाप्रतिकूल विकेन्द्रित हुंदैनन्।

देश यथार्थमा रेखा नै त हो नि—रेखामा सृजित, रेखाले विभाजित, रेखा नै रेखाहरूले कोरी बांधेको एक टुक्रा भौगोलिक आकृति र एक पोका मानव-संकल्प, जो पुर्खाको पुरुषार्थ र हाम्रो अस्तित्व भएर हामी हामीमा जीवित छ, अनि सिंगै देश भएर त्यसको नक्शा भरिभरि स्वतन्त्र छौं। हो, यिनीहरूले बनाएको यस्तै हरएकको आ-आफ्नो खण्ड हुँदो रहेछ, रगतपसीनाले कोरेको आ-आफ्नो परिसीमा हुँदो रहेछ, आ-आफ्ना पहुँचको कीर्तिमान हुँदो रहेछ, जसले गर्दा र जसको निमित्त र जसबाट निःसृत हुने प्रेरणा, कर्तव्य मनुष्य जातिको इतिहास भइदिएको छ, भविष्यत् भइदिएको छ, उपलब्धि भइदिएका छन्। यसैमा त वर्तमान सक्रिय रहेर आउँदा दिनहरू ढल्ने गर्छन्। व्यक्तिको समर्पणमा सबै देशको स्वत्व र स्वाभिमान बोल्ने गर्छ। एक भावनात्मक संयोजन र प्रतीकात्मक एकाइको अस्तित्विक आकाश भएर देश हामीमा फैलिएको छ अनि हामी उठ्छौं र धर्ती टेकेर हाम्रा पाइलाहरू उठ्छन् मात्र यही आकाश छुन।

यति गहिरो अर्थ पाएको छ यल्ले। यत्रो संसार नै के हामीलाई मनग्गे थिएन र देश उम्याई हिंड्दछन् मानिसहरू ? शायद संसारमा ऊ हराउन सक्छ क्यार। कुनै पनि व्यापकतालाई नमानेर कहाँ एकाइहरू र चिह्नहरू सृष्टि भएका छन्। यो त त्यस्ता व्याप्क, अमूर्त र अपरिमिततालाई अनुभूत गर्ने प्रत्यक्ष प्रयत्न पो हो टेक्नलाई एक बित्ता पहिले जमीन चाहिन्छ, बाँच्नलाई एक मुठी आस्थाको पहिले आधार चाहिन्छ, उठ्नलाई एक झुल्का अस्तित्वको पहिले चेत चाहिन्छ। देशले उभिनेसम्मको मानिसलाई जमीन दिन्छ, बाँच्न सक्ने सम्मको जीवन दिन्छ, उठ्न सक्ने सम्मको विश्वास दिन्छ। यसमै विलय भइसकेका मानिस अनुहारमा देशको सहिछाप टेकेर लड्छन्, लड्छन् र देश खडा गरी बाँच्छन्। यसरी मानिस देश भइसके, देश मानिसमा छिप्पिसक्यो। देश नभएको मानिसको अस्तित्व र स्वाभिमानको मूल्य कहाँ छ दुनियाँमा ?

यथार्थमा व्यक्तित्वको अवमूल्यन उसको घट्दो मूल्य वा पराधीनता होइन, यो त राष्ट्रिय स्वतन्त्रता र मूल्यको सन्दर्भमा केवल अपरिहार्य नियति र समर्पणमात्र

हो । मनुष्य समाज त्यस ठाउँमा पुगिसकेको देखिँदैन जहाँ ती दुवै समान्तर रहेर आशंकारहित अवस्था यापन गर्ने तहमा देश निस्फिक्री बाँच्न सकोस् । तर देशलाई भने बाँच्नु छ, छ—हामी नै भएर, हाम्रै भएर—हामीमै साँचेर । 'आह ! एउटा उक्ति सम्झन्छु । "म मरे पनि देश बाँचिरहोस्"! हुनत हामी सधैं बाँचिरहन्नौं । तर राष्ट्रको जीवनमा, मर्दै जाने हामी मध्येका प्रत्येकहरू जीवित रहन्छन् । जिउनुको मृत्युपरान्तको सारगर्भित सन्तोष र महत्ता यस बाहेक अर्को के हुन सक्छ ?

अनि साहित्य—कसैलाई लाग्न सक्छ, नभईदिंदा पनि त काम चलिहाल्छ । तर नकार्ने कोही नभएकोले म यसलाई हावापानीसँग जोडिरहेछु । तुल्य तुल्य गुन पत्ता लगाई यो उसरी नै हामीमा लाग्नुपर्छ, मिल्नुपर्छ । हामी जस्तो चाहन्छौं हावापानी हुँदैन,हावापानी जस्तो पो हामी बन्छौं र हुनुपर्छ । अर्को विकल्प छ—हाम्रो अनुकूल त्यसलाई स्वस्थकर, कसरी बनाउने—मनुष्यले यहाँनिर सार्थकता देख्छ । फोक्सोको लागि चाहिने हावा, रगतको लागि चाहिने पानी र सिंगै जीउको लागि चाहिने हावापानीमा जोखेर हेर्छौं—जीवन कति संग्लो, सार्थक र निरापद भएछ । साहित्यमा जीवन खोज्नेहरूले यसको महत्तालाई देशमा गाँसेर यसै समग्रतामा हेर्ने गर्छन् । खालि जीवन देशविनाको, खालि देश जीवनविनाको—यो शून्यमा देश बाँच्नै सक्तैन; देश भएको मनुष्यमा यो शून्य रहनै सक्तैन । शून्य अनुभव गर्नेहरू पनि छन्—व्यक्तिको अन-आफ्नो हेराइ न हो ? यसलाई परम्परामा भने नजोडूँ क्यार, अनि दार्शनिक शून्यबाट पनि अलग्गै राख्न चाहन्छु । हामी भीडका संकल्प हौं—सामाजिकता भित्रका प्राणी । यो भीड पन्छाएर भीडको मान्छेले मुक्ति पाउन संभव छ ? हामी नागरिक देशका—नेपाललाई बिर्सेर बाँच्नु संभव छ ?

अरू भन्छन्—हामी गरीब छौं, तर दुःख हाम्रो होइन—म भन्छु देशकै अविकसित अवस्थाको अभिव्यक्तिसम्म म हुँ, हामी हौं र यस अर्थमा दुर्भाग्यवश हामीले गरीब भइदिनुपर्‍यो, रोगी भइदिनुपर्‍यो, अशिक्षित भइदिनुपर्‍यो, फोहरी भइदिनुपर्‍यो । अर्थात् जे जे हुन चाहँदैनथ्यौं ती ती सबै बनिदिनुपर्‍यो । यस्ता भइदिनुपरेको अभिशाप राष्ट्रिय समस्याको अभिन्न अङ्ग हो भन्ने बिर्सन्छौं र कांधमा थापेर भगवान्लाई अनि आवेशमा गाली गर्छौं । यी सब नचाहनु सम्मको रनथन हो, एक डरलाग्दो विकार भनूँ न ।

माथि भनेको शून्यबोधलाई लिऊँ, शायद अब अर्थ खुल्यो होला । "म शून्यमा शून्यसरी बिलाएँ !" देवकोटा भन्छन् (यो एक हरफसित मात्र मेरो मतलब छ नि) । शून्य य सारै चर्को कोलाहल हो, निःशब्द कोलाहल । मेरो भनाइ चर्को कोलाहलभित्रको शून्य हो जो अनुभव मात्र गरिन्छ, सुन्न-देख्न तवतैनौं पहिले हामी-

मात्र भएन हेर्ने हो भने (र यो आवश्यक पनि छ) शून्यको जरो हाम्रो दु:खवादमा भेटिन सक्छ। यस कारण शून्यविरुद्धको अभियान धेरैमा पाइन्छ, किनभने दु:ख कोही चाहँदैन। तर मात्र शून्यबोध अभियान हुन सक्छ कि सक्तैन ? यस्तो शून्य त शहरमा मात्रै छ र जसको यथार्थ केवल आत्मज्ञान सम्भिन्छ—करबीरको सन्नाटा र भय मिसिएको निर्जीव शून्य सृष्टि गरेर आतंकित भइरहेको। यहाँ शून्य नचाहँदा नचाहँदै शून्य सृष्टि भएर शून्यमा परिणत भइदिएको विकृतिजन्य अस्तित्वहीनताको निरर्थकतामा अभियान जस्तो सार्वजनीन क्रियाशीलता क्षयग्रस्त हुन्छ। केही बुद्धिजीवी समूहको द्वन्द्वपूर्ण निस्क्रियता ओढ्रेर बसेको शून्य हो यो। सायद यसको पनि सत्यता रहेछ नै भनूं लौ। तर सर्वाङ्गीण अविकसित स्थितिको विद्यमानता जो हरएकको स्वार्थले बाँधेर झन विकट तुल्याइदिएको छ—हाम्रो शून्य हो। यो शून्यलाई एक छिन गाउँतिर लैजाऊँ र गाउँलेहरूमा हेरूँ, श्रमिक समाजमा पुर्‍याऊँ र श्रममा खोजूं; राष्ट्रियतामा मिलाऊँ र सामूहिक भावनामा केलाऊँ; निश्चय नै यहाँ पनि शून्य भेट्टिनेछ; तर केवल आत्मबोध गरेको क्षयग्रस्तता छैन, बरू शून्यको विरोधमा एक व्यापक तयारी र प्रयत्नशीलता रहेको पाइनेछ—शून्य सकारेर शून्य फोड्न चरण-चरण विकासको जमीनमा बामे सर्दै हिंडिरहेका।

साहित्यको भूमिका अब स्पष्ट भो होला। साहित्यको पनि आफ्नो देश हुन्छ, जाति हुन्छ, भाषा हुन्छ, जहाँ त्यसलाई सबभन्दा पहिले जन्मेर बाँच्नु छ भन्ने पनि थाहा भो होला।

साहित्यले अन्तरराष्ट्रिय हुन के देश छाड्नुपर्छ ? आफ्नै देशको जीवनमा रत्तिएर त्यो देशान्तर घुम्न सक्तैन ? यसलाई नकारेर के कुनै साहित्यले अन्तरराष्ट्रिय इज्जत पाएको छ ? आफू भएर मात्र विशिष्ट हुन सके यो सबै देशको हुन सक्छ, सबैको हुन सक्छ। मानवता यति परिमित छ तर बन्धनरहित !

र यस्तो दायित्वप्रति जागरूक हुनुपर्ने अनिवार्यताले स्वत: आकर्षित भइरहेको हुन्छ। हामी जे हौं, जस्ता हौं र जेका लागि प्रयत्नशील छौं को यथार्थ र जे चाहन्छौं, जस्तो गर्नुपर्छको व्यक्तिगत वा राष्ट्रिय निर्वाहमध्ये कुनै पनि त्यजेर साहित्यको निजत्व स्थापित हुन सक्छ के ? निजत्वसहितको विशिष्टता शायद साहित्यको व्यक्तित्व यही हो र यत्ति नै हो क्यार।

त्यसैले पहाड मात्र होइन, तराई मात्र पनि होइन, डांफे-मुनाल र मेची काली मात्रै पनि होइन, मन्दिर-हिमाल-चैत्य र दौरा-गुराँस मात्र पनि होइन, अनि भैलो मात्र पनि होइन र सेलो मात्र पनि होइन; तिनीहरू भित्रै एउटा आर्को नेपाल छ, एउटा अर्को तिमी छौ, म छु, साहित्य छ, जहाँ सिंगै वर्तमान प्रसूति-व्यथाले आन्दोलित छ र भविष्य रेखांकित हुन खोजिरहे पनि जसको मृत्युमा ती मेची-

कालीहरू पनि निर्जीव भइदिन्छन्-यी आस्था र सिर्जनाहरू, यी दायित्व र संलग्नताहरू, यी प्रेम र विश्वासहरू बोकेका आकृतिहरू जो स्वदेश र स्वजिन्दगीको निर्माणमा सर्मपित छन्—हो, यही चेतना र यही भावना र यिनै क्रियाहरूको समग्रता नै त आर्को नेपाल हो। यसको ध्रुवत्वमा हाम्रो सीप, हाम्रो कला, हाम्रो प्रतिभा प्रस्फुटित हुनुपर्छ।

के सर्वोत्तम देशको रचना नै सर्वोत्तम साहित्य होइन ? सर्वोत्तम साहित्यको सृष्टि के सर्वोत्तम देशको पनि सिर्जना होइन र ? दुवैको सापेक्षतामा·········।

पर्खी, यसलाई हावापानीसँग तौलेर हेर्न दे। यसको सम्बन्ध सिधै हावा र पानीको छ। र हावा र पानी जता बग्छ त्यतै बगिदिनुपर्ने हावापानीमा सर्वोत्तम देशको निर्माण के कल्पनामात्रै हो त ? अथवा हावापानीको चैते चापमा सर्वोत्कृष्ट साहित्यिक रचना संभव छ कि छैन—परिणामस्वरूप एकको सर्वोत्कृष्टताबाट अर्कोको परिपूर्ति भएको संतोष र सापेक्षताबोध गर्न सकौं ? हेर, सर्वोत्तम देशको सृष्टि हुने हावापानीमा सर्वोत्तम साहित्यको रचना गर्ने गुण पनि थिग्रिएको हुन्छ। हावापानी नै ठीक छैन भने निरोगी हुने कल्पनाले मात्रै स्वास्थ्यलाभ कहाँ हुन्छ ?

सायद अब निचोडमा पुगेंछु अर्थात् हावापानीको ऐंठनबाट मान्छे कहिल्यै उन्मुक्त नहुने हुँदा त्यसको निस्फिक्रीमा दिनहरू लोलाउँछर होइन भने निर्माण र सिर्जनाका अश्वमेधी घोडा कहिल्यै समातिंदैन र प्रत्येक पल वायुमण्डल नै घूलाम्य हुने टापका हाँकले खालि आकाश गुन्जिन्छ, घुम्मिन्छ र अनि रित्तिदिन्छ।

देशको जस्तै र ठाउँहरूको जस्तै साहित्यको पनि हावापानी हुनुपर्छ। यो हावापानी मूल अर्थमा हावापानी नै हो अर्थात् वातावरण जो ऋतुपिच्छे फेरिन्छ र फेरिंदा फेरिंदै पनि क्यै फेरिंदैन र केवल पुनर्परिक्रमित भएर नयाँ लाग्ने गर्छ तर त्यो त्यही, त्यत्ति नै र त्यस्तैमा मात्र रिडि॰रहेको हुन्छ। बासिन्दाहरू भने बदलिने ऋतुअनुसार नै बदलिदिएर वा सहिदिएर हावापनीको शिकार हुने गर्छन्। यस्तै छ हावापानी। म अहिले हावापानीको खोजमा छु, जो प्रतिकूल नभएर साहित्य रच्छ। म साहित्यको शोधमा छु, जो अनुकूल भएर हावापानी रच्छ।

□

: १० :

नागार्जुनको अभियान

जनकलाल शर्मा

●

काठमाडौं उपत्यकाको जताततैबाट देखिने नागार्जुन पहाड मेरो घरबाट नदेखिने कुरै छैन। झ्याल खोल्नासाथ नागार्जुनको दर्शन भइहाल्छ। यसको चुचुरामा पुगेर काठमाडौं उपत्यकाको दृश्य अवलोकन गर्ने इच्छा गरेको आजदेखि होइन मैले। तर मानिसलाई भने जस्तो कहाँ पुग्छ र ?

हुन त यसमा पाइलै हाल्न नपाएको त होइन मैले। सात सालपछि नयाँ मन्त्रीको भर्ना खुलेको वेला कैयौं मन्त्रीसित प्रीतिभोज खान नागार्जुनको बङ्गलासम्म पुगेको छु म। त्यहाँ पुग्न मोटरको बाटो थिएन नै भने हुन्थ्यो त्यस समय। तर नयाँ भर्ना हुने मन्त्रीले पैदल हिंड्नु पनि भएन। भोज खान जाने निमन्त्रित वर्गले नै ठेलठाल गरेर मन्त्रीज्यूको मोटर बङ्गलाको ढोकामा उभ्याइदिनुपर्थ्यो।

यो त भयो सातसाल पछिको कुरो। म दुई हजार सात साल अघि पनि पुगेको छु त्यहाँ। तपाइंहरू भन्नुहोला—'आजकालका मानिस सत्र साल अघिका

त कुरा गर्दैनन्, कहाँ सात साल अघिका कुरा गर्छ यो। यो त पक्कै प्रतिक्रियावादी रहेछ।

हो, म पक्कै प्रतिक्रियावादी हुँ। तपाईंहरूलाई प्रतिक्रियावादीको अर्थ थाहा छैन। त्यसै होहोरेमा दगुर्नुभएको छ, राजनीतिक हुल्लड़बाजीको अर्थ बोकेर। हामी-कहाँ अहिले दलगत भावना विहीन पञ्चायती व्यवस्था लागू छ। प्रतिक्रियावादी शब्द त दलगत राजनीतिवालाहरूले ल्याएका हुन्। हामीकहाँ त्यो व्यवस्थै नभए पछि त्यसको राजनीतिक अर्थ पनि समाप्त भइसकेको छ। त्यस कारण यसको मूल अर्थ जे हुन्छ त्यसैमा म सीमित छु। समाजमा घटेका कुराको मेरा मनमा जस्तो प्रतिक्रिया पर्छ त्यस्तै प्रतिक्रिया व्यक्त गर्छु म। त्यसै कारण म प्रतिक्रियावादी हुँ भन्दा तपाईंहरूलाई के आश्चर्य ?

अँ, मैले अघि नै भनें—म नागार्जुन पहाडमा सात सालभन्दा पहिले पनि गएको छु। सात सालअघि भने पछि राणा-कालमा भन्नैपऱ्यो र हो पनि त्यै।

त्यस समय मेरो जागीर घरेलुमा थियो। घरेलुका डाइरेक्टर जनरल पनि राणा नै थिए। त्यस समय अरूले डाइरेक्टर जनरल ताक्ने कुरै आउँदैनथ्यो। राणा बाहेक अरू जनता पशु थिए उनीहरूका लागि। जनता पशु थियो भने उनीहरू शिवको अवतार। दशगजापारि बस्नेहरू उनीहरूलाई भलै राक्षसको संज्ञा दिऊन् लुतेलांग्रेलाई त दशगजापारिबाट पनि शिर ठाडो गर्ने हिम्मत हुँदैनथ्यो। यहाँ आए तातो गोली पाउँथे र उता भए गौरांग महाप्रभुले जेलमा कोचिदिन्थे। त्यस समय राणा भने पछि ऊ सित कुरा गर्ने भाषा पनि बेग्लै थियो। गरीब प्रवर, करुणा-निधान, दयासागर, धर्मावतार, प्रभु, सरकार, बिन्ती, अर्जी, मर्जी, मुखारी, सुकला, राज, खोपी आदि के के हुन् के के आज सम्झेर पनि साध्य नहुने शब्द प्रयोग गर्नुपर्थ्यो।

राणा परिवारमा पनि एदेखि जेडसम्मको क्लास थियो। धीरशम्शेरका विवाहितापट्टिका सत्र भाइका खलक रोलवाला ए क्लासका राणा कहलाउँथे। यिनैमा प्रधान मन्त्री 'श्री ३ प्रभु' देखि लिएर महत्त्वपूर्ण अरू पदमा यिनै बस्तथे। रोलैसित एउटापछि अर्काको पालो यिनैमा घुम्ने हुँदा यी सत्रभाइका विवाहिता पत्नी पट्टिका खलक रोलवाला कहलाएका हुन्। रोलवालाका घरमा रखौटीको ताँती हुन्थ्यो जसका छोरा रोलवालाको गणनामा आउँदैनथे। रोलमा नआएर के गर्ने ? जनताका लागि त देवता नै थिए ती पनि। नेपाली समाजमा स्वयं घोषित देवताका अवतार राणाहरू आपसमा तेत्तीस कोटि देवता जस्तै पशुपतिनाथदेखि लिएर क्षेत्र-पाटीमा उभिण्डिन पुगेको घोप्टे गणेशको स्थितिमा थिए। प्राइमिनिस्टर 'श्री ३

प्रभु' पशुपति हुन्थे भने त्यसै क्रममा भन्याङ्मुनिका घोप्टे गणेश। उनीहरूको आपसमा जस्तोसुकै कलह होस् न, थिए त जनताका लागि देवता नै जसलाई रगत र पसिनाले पूजा गर्नुपर्थ्यो। उनीहरूका स्वास्नीलाई राँडी भनेर गाली गर्न मन लागे पनि रानी साहेब भन्नुपर्थ्यो भने भन्याङ्मुनिकी रखौटीलाई नानी साहेब। रानी साहेबले छोरो पाई भने राजा साहेब र नानी साहेबले छोरो पाई भने बाबु साहेब हुन्थ्यो। बाबु साहेबले पनि चाकडी गरेपछि राजा साहेबको दर्जा पाउँथ्यो।

मेरो डाइरेक्टर जनरल पनि ए क्लासका रोलवाला राणा थिए। एउटा प्रधान मन्त्री अर्थात् 'श्री ३ प्रभु' लाई आसनबाट यिनका पुर्खाले जस्तै गलहत्त्याउन सके उनैका बाबु 'श्री ३ प्रभु' हुने थिए। सातसाल आइनपुगेको भए गलहत्त्याउने पनि थिए होलान्। यस परिस्थितिमा मेरा जर्नेल साहेबको रोब रवाफ कम हुने कुरै थिएन। उनका दाजु चर्चिलको अर्को अवतार मानिन्थे भने उनी पूरै गान्धीवादी। त्यो वेला गान्धीवादी हुन खद्दर लाउनैपर्थ्यो। कारण भारतमा पनि यै हावा चलेको थियो र हामीकहाँ यसैको प्रभाव परेको थियो। आजकालका गाउँ फर्कवालाहरू के लाउलान् खद्दर? लाइहाले पनि छासमिसे पारेर लाउँछन्। मेरा जर्नेल साहेब त पूरै खद्दरधारी थिए। यहाँ नपाए मधुबनीबाट ल्याउँथे। उनको जीउमा लाउने लुगा मात्र होइन तन्ना र झूल पनि खद्दरकै हुन्थ्यो। म पनि भर्खरै मात्र गान्धी आश्रम वर्धाबाट फर्केको हुँदा नालवाडीका अहिंसक गान्धीवादी छालाका जुत्ता देखि लिएर लँगोटीसम्म पनि खद्दरकै लाउँथें। यसै कारण उनको र मेरो खूब मित्रता थियो, बाघ र बाखाकै मित्रता जस्तो भए पनि।

मैले तपाईंहरूलाई अघि नै भनें—'जर्नेल साहेबसित मेरो राम्रो मित्रता थियो।' त्यसै कारण म उनकहाँ बिहान बेलुकै चाकडीमा जान्थें। चाकडी नगरी त्यस समय कसैले जीवित रहने आशयै गर्नुपर्दैनथ्यो। मेरो कुरामा उनी प्रसन्न हुन्थे र उनको प्रसन्नताबाटै जीविति थिएँ म।

एक दिन कुराकुरैमा राणाको भविष्यबारे कुरा चल्यो। मैले पनि उनको कुरामा हँमा हँ मिलाएँ। अब के थियो—उनले प्वाक्कै भनिदिए—'जनकलाल! तिमी त लेख्ने पनि गर्दछौ, लेखन! एउटा लेख राणाहरूको भविष्यका बारेमा।' यो कुरो उनले आफ्ना बाबु र दाजुको चाकडीदारको भीडलाई औंल्याउँदै भनेका थिए।

मेरो जर्नेल साहेबलाई आफ्ना बाबु र दाजुदेखि ईर्ष्या थियो। उनका बाबुले उनलाई अरू अचल सम्पत्ति बाहेक केवल तीस लाख नगद रूपियाँ दिएर छुट्याइदिएका थिए। उनको भनाइ अनुसार उनले सके यसमाथि दुई सुन्ने नसके एक सुन्ने

त अझै थपिनुपर्थ्यो। उनी त्यै सुन्ने नथपिएको पीरमा चौबीसै घण्टा भने जस्तो सुरामा डुबेर बस्तथे सुन्दरीमा भने उस्तो चाख थिएन यिनलाई। आकल झुकल तालीमेको शील भंग गर्नु मामुली कुरो हो यिनीहरूका लागि। दरबारमा नाच्ने गाउने केटीलाई तालीमे भन्थे त्यस समय।

जर्नेल साहेबको मर्जी शिरोपर एउटा लेख तयार पारें मैले। त्यो लेखको पूरै विषय भन्न त आज मसित छैन। जफत भइसकेको लेख खोजेर पाउन पनि असम्भव छ आज। तर त्यसमा लेखेको विषय त अलिकति याद छ मलाई आज पनि त्यसमा मैले एक ठाउँ लेखेको थिएँ—"एक सय वर्षमा चालीस परिवार ए क्लासका राणाका दरबारले काठमाडौं उपत्यकाको यतिका ठाउँ ढाकेको छ। भुस्याहा राणाको त यसमा गन्ती नै छैन। अरू केही दशकमा पूरै उपत्यका राणाको दरबारै दरबारले ढाक्ला। मेरो विचारमा त अब चार भञ्ज्याङ्गमा चार ओटा द्वार बनाएर दरबार एरिया घोषित गरिदिए हुन्छ उपत्यकालाई। अरूलाई गलहत्याइदिनुपर्छ बाहिरैतिर।"

लेख पूरा हुनासाथ जर्नेल साहेबका बाहुलीमा टक्र्याएँ मैले। तीन दिन पछि छ बजे विहान नागार्जुनको बङ्गलामा आउन आदेश दिए मलाई उनले। म माथि जर्नेल साहेबको कृपा थियो पूरै। उनैका कृपाले गान्धीआश्रम चहार्न पुगेको थिएँ म। मैले बिचार गरें—"अब त पक्कै प्रमोशन पाउने भएँ मैले, जर्नेल साहेबले त्यो लेख नजर भएर पढिबक्सेपछि। राणै भएर के भयो र उनले? राक्षसैको कोखमा पनि त जन्मिन्छन् प्रह्लाद जस्ता!" मेरो आनन्दको सीमा रहेन त्यस वेला। निश्चित दिनको निश्चित समयमा पुगिहालें म पनि नागार्जुनको बङ्गलामा, जर्नेल साहेबको दर्शन गर्न। मेरो दुर्भाग्य नै भन्नुपर्‍यो—जर्नेल साहेबको सवारी शिकारका लागि एक घण्टापहिले नै जङ्गलतिर भइसकेको रहेछ। शिकार गर्ने सवारी भएको ठाउँ बङ्गलाभन्दा माथिको डाँडो धेरै टाढा थिएन। म पनि लागें उतैतिर भाग्यविधाता मौसूफको दर्शन गर्न। त्यस समय ब्राह्मणले राणालाई देख्नासाथ दुवै हात एकै ठाउँ पारेर अञ्जुली जस्तो बनाई शिर झुकाउँदै कुप्रो भएर स्व ऽऽऽ स्ति! प्रभु ऽऽऽ! भन्नुपर्थ्यो र मैले त्यसै गरें। मनमा लाग्यो—"मेरा लेख नजर भइसक्यो होला प्रभुबाट।" प्रमोशन मात्र होइन के के पाउँछु के के? प्रमोशनै नाथे त के भयो र? करुणानिधानबाट आँ बाए पुग्छ। त्यसै कारण त एघारै दिनको बीचमा मूल तलबमा तीन सय थप पाएको थिएँ मैले पटक पटक गरेर। मैले थप पाउँदा किताबी सुब्बा रिसाएको थियो त्यस समय। ऊ रिसाउने कारण मेरो ईर्ष्या गरेर होइन, किताबमा लेख्ने ठाउँ छैन भनेर रिसाएको थियो ऊ। यति मात्र होइन, जर्नेल साहेबका कृपाले बस्ने घर पनि पाएको थिएँ मैले। आजका कर्मचारीले

त आवासका लागि सरकारी घर पाएका छैनन् भने त्यति वेला बस्ने घर सित्तिमा पाउनु चित्रगुप्तले नै टाउकोमा लेखिदिनुपर्थ्यो। साँच्चै भन्ने हो भने आजको मन्त्री भने हुन्छ मन्त्री मलाई। चाहे त्यति वेला मेरो मगजमा गोबरै किन नभरिएको होस्न ? त्यसले के फरक पर्छ र ? मेरो बुद्धिको साँचो जर्नेल साहेबसित थियो। उनले प्रशंसा गरे ठूलो हुन्थें, निन्दा गरे सानो। अरू भासेभुसेलाई त म मान्छे नै गन्दिन थें।

तपाईं हरूलाई मैले अघि नै भनिसकें—"मेरो जर्नेल साहेबलाई मैले झुकेर नमस्कार गरें। केको नमस्कार हुन्थ्यो ? स्वस्ति गरें, स्वस्ति।" त्यस समय राणाहरू अभिवादनको उत्तर हात उठाएर दिंदैनथे। देवताले मानिसको अभिवादन हात उठाएर स्वीकार गर्लान् भन्ने कुरै छैन। नेपाली जनता उनीहरूका सामने मानिस होइन पशु थियो। पशुलाई हात उठाएर अभिवादन स्वीकार गर्ने कुरै आउँदैन। म पनि त उनको दृष्टिमा पशु नै थिएँ। मानिसलाई त उनीहरू हात मिलाएर अभिवादन स्वीकार गर्थे। राणाको दृष्टिमा कुइरे जाति एक नम्बरको मानिस र त्यस पछि अरूको गणना हुन्थ्यो। नेपाली नागरिकलाई त उनीहरूले यसो हेरीसम्म दिए पुग्थ्यो। मलाई पनि जर्नेल साहेबले उनले लाएको बाक्लो ग्लास भएको प्रोफेसरी चश्माबाट च्याएर हेरे जस्तो लाग्यो। म प्रसन्न मुद्रामा थिएँ, के के न पाउँला भनेर।

ईश्वरको लीला पशुले के बुझ्न सक्छ र ? कति वेला वलि खाने हुन् पत्तै हुँदैन। उनका श्रीमुखबाट—"म···म···म···मैले···ति···ति···ति···तिमी···लाऽऽऽई···भ···भ···भ····भर्ना···ग···ग···ग···गर्न····जा···जा···जा···· जानिनछु··· बु···बु···बु ··बुझ्यौ···बा···बा···बा···बाहुन् ? "भनेको वाक्य मात्र मेरो कानमा पऱ्यो। भनाइको तात्पर्य हो—"मैले तिमीलाई भर्ना गर्न जानिनछु बुझ्यो बाहुन ?" उनी बोल्दा भक्भकाएर बोल्थे। रीस उठेपछि यसको मात्रा अरू बढ्थ्यो। यो उनको पैतृक गुण थियो। उनका बाबु योभन्दा बढी भक्भकाउँथे। प्राय: धेरैजसो राणा त्यस समय नभक्भकाई कुरै गर्न सक्तैन थे। यो दरबारी फेशन जस्तो भइसकेको थियो। उनले भनेको वाक्य मेरा कानमा पर्नासाथ—"गरीबप्रवर करुणानिधान दयासागर धर्मावतार, प्रभु !!! मैले सरकारबाट मर्जी भएको कुरो बुझिनँ ! जय होस् सरकार !!!" भनें।

अब के थियो, उनले आफ्नो आठपहरियातिर फर्केर भक्भकाउँदै भने—"घोक्र्या यस काठालाई।" जर्नेल साहेबको यस्तो कठोर मर्जी भए ता पनि मलाई सधैं प्यारो गरिबक्सेको देखेको हुँदा आठपहरियाले घोक्र्याइ त हालेन तर जानुहोस्, जानुहोस् भनेर मुखका साथै हातको पनि इशारा गऱ्यो। जर्नेल साहेबले झन् जंगिएर भने—"केको जानुहोस् यस काठालाई, घोक्र्या भनेको।" अब मेरो रीस आठ-

पहरियातिर खनिन लागेको विचार गरेर आठपहरियाले बिस्तारै अघि बढेर मेरा गर्धनमा हात लगाएझैं कानमा सुटुक्क भन्यो–"जानुहोस्, जानुहोस् धेरै रिसानी भयो !" तै पनि म ठिङ्ग उभिएको उभियै भएँ। अब के थियो, जर्नेल साहेब आफैं अघि बढे, कुर्सीनुमा लोरो (इजीचेयर स्टीक) लिएर मतिर। मेरो छेउमा आउनु भन्दा पाँचहात परबाट लौरो उठाएको देखें मैले।

मनमा लाग्यो–"साँच्चै नै कुटचो यस लौराले भने ता मेरो गिदी निस्कन बेर लाउँदैन, अलि पछि हट्नपर्‍यो।" क्रमशः म पछि हट्दै गएँ; उनी अघि बढ्दै गए। एक छिन पछि मैले पीठ फर्काएर कुद्नु नै पर्ने भयो र त्यसै गरें पनि। उनी मेरो पछि पछि आइरहेकै थिए। म पछि पछि हेर्दै दगुरिरहेको थिएँ। उनी नेपालमा कहलिएका खेलाडी मध्ये एक हुँदा कम दगुर्दैनथे। म पनि ठिटो मान्छे उनलाई त्यसै भेट्न कहाँ दिन्थें र ? म बालाजुको ढोकामा पुगें र बाहिर निस्कें। उनले पनि मलाई लखेट्तै ढोकामा आइपुगेर कम्मरमा हात लगाएर खुइइय गर्दै भने–"पर्खेस् बाहुन ! कहाँ जालास् र तँ ?"

यस घटनापछि उनी फर्केर बंगलातिरै लागे। म पकनाजोलमा पुगें। त्यस समय घरेलुको सेक्रेटरी यसै टोलमा बस्तथे। उनलाई सारा वृतान्त बताएँ र भनें –"अब जर्नेल साहेबसित मेरो यस्तो भएपछि मैले जागीर खानु ठीक छैन। मेरो राजीनामा स्वीकार गराइदिनुहोस्।" मेरो कुरा सुन्नासाथ सेक्रेटरी महोदयले भने –"बुझ्यौ पण्डित ! अब उप्रान्त तिमीले मेरो घरमा पाइलै नहाल्नू।" त्यति मात्र हो र ? उनको एउटा भतिजालाई संबोधन गरेर भने–"बुझिस् मिस्टर ! यिनको संगत नगरेस् अबदेखि।" उनका भतिजाको बोलाउने नाउँ नै त्यै थियो। पुनः सम्झाउँदै भने–"गइहाल अहिले नै !" अर्काको घरमा नबस भनेपछि बस्ने कुरै भएन, फर्कें उल्टै पाइला आश्रय खोज्न। मनमा लाग्यो–"यिनको थर रायामाझी भए पनि काम कुरामा पाजी नै रहेछन्।" उनको कोठाबाट निस्केर भन्याङ मात्र के ओर्लिन लागेको थिएँ–पछाडिबाट कसैले कठालामा समातेर घिच्याउन लागेको अनुभव गरें। पछि फर्केर पुलुक्क हेर्नासाथ एउटा आबाज आयो–"कहाँ जान लागेको ? हिंड माथि !" मलाई यसो भनेर घिच्च्याउने सेक्रेटरीकी श्रीमती थिइन्। मनमा लाग्यो–"कस्तो बिचल्लीमा परें म ! मैले कस्तो अशुभ घडीमा जागीर खाएँछु ? उनका पतिले त मलाई हप्काए रै जान भनेका थिए। यिनले त मलाई गोदेर लेस्नु पार्ने भइन्। हरे ! कस्तो आपत् !" उनले मलाई दक्षिणकालीमा काट्न लगेको बोको घिच्च्याए झैं घिच्च्याउँदै एक तलामाथि बुइगलमा लगिन् र एउटा ठूलो काठको पिर्कामा थच्च्याइन् र तुरुन्त भनिन्–"ए बाहुन ! भात पस्की !" भान्से बाहुनले हत्तपत्त भात पस्केर मेरा सामने थाल राखिदियो। मैले भात खान्नैं

मात्र के भनेको थिएँ उनले च्यांठिएर भनिन्–"के अरे ? भात खान्नँ ? तिमीहरू उपद्रयाहा कांग्रेसी केटा हो ! जागीरे भएर त्यसो गर्नुहुन्छ ? अस्ति काजीसाहेब बहरामपुर गएको वेला मेरो बुवालाई काजीसाहेबले कलकत्तामा भेटिबक्स्यो भनेर कत्रो मुद्दा लागेको छ ? थाहा छैन तिमीलाई ? त्यसमाथि तिमीहरू यसो गर्छौ ? के लेखेर दिएको जरसापलाई ? मेरो बुवा पनि त कांग्रेसी होइबक्सिन्छ । म कहां त्यसो गर्छु ? रानी साहेबको चाकरीमा जान्छु । मेरो मनमा पनि त आगो बलेको होला । उपद्रयाहा केटा हो ! बुद्धि छैन, खाऊ भात !" मलाई यसभन्दा अघि केही बोल्न मन लागेन । खपाखप भात खाएर त्यहाँबाट बिदा भएँ ।

रायामाझीको घरबाट बाहिर निस्केर विचार गरें—"कहाँ जाऊँ होला म ?" त्यस समय सेक्रेटरी भन्दा तल घरेलुका सुपरिण्टेण्डेण्ट् थिए । उनको निवास ओटु गुच्चाटोलमा थियो । उनी मलाई माया मात्र होइन आदर पनि गर्दथे । बाहुनको छोरालाई बाहुनले माया गर्दा म पनि फुरुङ्ग हुन्थें । मनमा विचार आयो– "यहाँ गए त मेरो राजीनामा अवश्य नै स्वीकार गराइदेलान् ।" राजीनामा स्वीकार नगराई भागौं भने पनि त्यस समय मानिस काठमाडौंमा प्रवेश गरेपछि खोरमा थुनिए जस्तै हुन्थ्यो । काठमाडौंबाट बाहिर जान अथवा भित्र आउन कमाण्डर इन-चीफको एकछापे राहदानी गराउनुपर्दथ्यो । राहदानी विना मूसो पनि छिर्न, निस्कन सक्तैनथ्यो । म त टचाउँटचाउँ बोल्ने दुईखुट्टे प्राणी थिएँ । राणाहरूलाई म जस्ता दुईखुट्टे पशुदेखि डर थियो । मैले मेरा सुपरिण्टेण्डेण्टलाई सारा वृत्तान्त बताएँ । उनले पनि आदरपूर्वक अब उप्रान्त उनको घरमा नआउने सल्लाह दिए ।

यस अवस्थामा मैले के गर्ने समझमा आएन त्यो । मनमा विचार आयो— "पेट भरिएकै छ, जानुपर्‍यो अड्डातिर ।" अड्डामा मसित मिल्ने धेरै साथीहरू थिए । मेरो अनुपस्थितिमा उनीहरूलाई साह्रै नियास्रो लाग्थ्यो । उनीहरूसित कुरा गर्न नपाए मलाई पनि खाएकै पच्दैनथ्यो । यसमा एक जना मसित अत्यन्त मिल्ने साथी थिए । उनको घर टेबहालमा भए पनि जुत्तापसल नयाँ सडकमै थियो । दुवै ठाउं हेरें, भेट भएन उनीसित । उनलाई अड्डैमा भेट्ने विचार गरै मैले । घरेलुको चीफ एकाउण्टेण्ट् भएको हुँदा सबैले हाकिम साहेब भन्थे उनलाई । उनको स्वभाव पनि बडो विनम्र थियो । हाकिम सुब्बा मेरै जर्नेल साहेवका धाईका छोरा थिए । उनको स्वभाव नम्र भए पनि रोब रबाफ कम थिएन कसैभन्दा । मैले विचार गरें—"यिन-लाई भनेत अवश्य तार लाग्ला ।" सारा वृत्तान्त सुनाएँ मैले र राजीनामाको कुरा गरें । एक छिन त म भएका ठाउँमा पचासौं व्यक्ति जम्मा भए । गाइँगुइँ मेरो कुरो चारैतिर फैलियो । सबै मानिस परपर भए मदेखि । छूत लागेको बेरामी जस्तो भएं म । हाकिम साहेबले पनि उनीसित संगत नगर्ने नै सल्लाह दिए । यसै प्रकार दिनको

तीन बजेसम्म कोठामा एक्लै धुम्धुम्ती बसें म । कोही पनि म भएको घरतिर आउँदैनथ्यो । आउनु त परै जाओस्, हेर्न पनि हेर्देनथ्यो कसैले ।

त्यस समय राणा जर्नेलहरू हप्ताको तीन दिन टुँडिखेलमा कवाच (कवायद) खेलन सामेल हुन्थे । यसै दिन अड्डाखानाका मान्छेले आफ्ना-आफ्ना डाइरेक्टर जनरलहरूसित निकासा-पुकासा लिनुपर्थ्यो । तीन बजेपछि हाकिमहरू आफ्ना-आफ्ना फाइल च्यापेर टुँडिखेलतिर लागे । फाइल नहुनेहरू त्यसै खाली समय चाकडीमा पुगे । जर्नेल साहेबको चाकरीमा जानु पनि काम नै मानिन्थ्यो । म पनि जर्नेलसाहेबको चाकरी गर्न टुडिखेलमा पुगें । सयकडौं मानिसको भीडमा म घुम्न पुग्थें र एक छिनमा हेर्दा हेर्दै आफूलाई एक्लै पाउँथें । यसै प्रकार म पनि टुँडिखेलमा कवाच खेलिरहेको थिएँ । सबैले जर्नेल साहेबसित आफ्ना-आफ्ना फाइलको तोकमा सही गराए र निकासा-पुकासा लिइसके । हाकिमहरूबाट साध-सोधको काम पनि समाप्त भयो ।

जर्नेल साहेबले सही गरिसकेपछि आफ्ना चाकरीमा आउने मानिसलाई चारैतिर नजर घुमाएर हेरे । म पनि टुँडिखेलको एउटा छेउमा एक्लै ठिङ्ग उभिएको थिएँ । उनको नजर ममाथि पनि पर्‍यो । मैले झुकेर स्वस्ति गरें । यसभन्दा पहिले कम से कम सात पटकभन्दा बढी नै स्वस्ति मैले गरिसकेको थिएँ । यस पटक जर्नेल साहेबले मलाई राम्रै देखेका थिए । दुई-चार पाइला अघि बढेर टक्क अडिए र भने—"जनकलाल ! यता आऊ ।" अब मेरो मुटु ढुकढुक गर्न थाल्यो । आजै विहान त्यतो काण्ड भएको, झुण्ड्याउने भयो खरीको बोटमा । ठेकदारले दूधमा पानी हालेर दियो सरकार ! दूध, भनेर विन्ती चढाउँदा त सुवेदारले यसै टुडिखेलको डीलमा रहेको एउटा रूखमा फलनुपरेको थियो । पिस्तोल भरेको छ, गोली नै ठोक्ने हो कि ? मनमा विचार आयो—"बाहुनको छोरो हुँ, मारी त हाल्दैन होला ।" तै पनि विस्तारै अघि बढें । भनेको नमान्नु त अरू अपराध थप्नुथियो । मभन्दा उनैका पाइला छिटा भए । मेरो छेउमा आइपुग्नासाथ मलाई च्याप्प अँगालो मारेर भने—"जनकलाल ! विहान तिमी रिसायौ ?" उत्तर दिनैपर्‍यो-"धर्मावतार प्रभु ! म किन रिसाउँथें ? सरकारबाट के मर्जी भएको ?" मलाई पाखुरामा समाउँदै वरिपरिका चाकरीदारलाई सामूहिक सम्बोधन गर्दै उनले भने—"जाओ तिमीहरू, छुट्टी !" चाकरीदार केही पछि हटे ।

मलाई भने जर्नेल साहेबले छोड्दै नछोडी पाखुरामा समाएको समायै मोटरको छेउमा पुर्‍याए । आठपहरियाले मोटरको ढोका खोल्यो । जर्नेल साहेबले मलाई भित्र पस्ने संकेत गरे । मैले भने मोटरमा पस्न मानिनँ र भनें—"प्रभु, सरकारको राज नभई म जस्तो अदना गरीब भिक्षुकले पाइलो हाल्नु उचित छैन । पहिले

सरकारको नै सवारी चलाउनु मेरो पुनीत कर्तव्य हो ।" मैले यति भनेपछि साँच्चि नै उनी भित्र पसे र मलाई पाखुरा समातेर मोटरभित्र आफ्नै छेउमा थच्च्याए। आठपहरियाले मोटरको ढोका ढ्याप्प लगायो र सलाम गरेर ड्राइभरको छेउमा बस्यो । मोटर बिस्तारो बिस्तारो अघि बढ्यो । बरपर लाम लागेर बसेका चाकरी-दारले सलाम गर्नेले सलाम र स्वस्ति गर्नेले स्वस्ति गरे, आदरसाथ झुकेर । अर्थात् बाहुनले स्वस्ति गरे भने अरूले सलाम गरे ।

मोटर केही अघि गएर रेलघरको छेउबाट बाटामा पुग्यो मनमा लाग्यो— "अब के हुने हो ? सुनेको थिएँ—"राणाका विरोधीलाई 'भाचाखुसी'मा लगेर शोभा भगवती नेर सिद्धयाउँछन् ।" मनमा विचार आयो—मलाई पनि त्यहीं लगेर सिद्धयाउने होला । बाहुनलाई मार्दैनन् भनेको त कुरै मात्र होला ।" तर हामी चढेको मोटर बिस्तारो-बिस्तारो शोभा भगवतीतिर नलागेर बालाजु पुग्यो । भानु-भक्तले जेसुकै भनुन् न यो ठाउँ पनि त पक्कै मान्छे मार्ने ठाउँ जस्तै छ । बिहान जर्नेल साहेबले उभिएर कम्मरमा हात लगाउँदै खुइइइय !!! गरेको ठाउँ त हेर्न सकिनँ मैले । तर यहाँ पनि मेरो ज्यान गएन । हामी कति वेला नागार्जुनको बङ्ग-लामा पुग्यौं मलाई पत्तै भएन । त्यहाँ पुगेर मलाई जर्नेल साहेबले आफैंसित राखेर भोजन गराए । मनमा तर्क-वितर्क भयो—"नागार्जुनकै बङ्गलामा आफ्नू अन्तिम संस्कार लेखिएको रहेछ । फाँसी दिइने मान्छेलाई पनि यसरी नै इच्छा भोजन गराउँछन् भन्थे । मलाई पनि त्यसै गरेको होला । म मरेको समाचार त चाकरी-दारले पनि त पुऱ्याइदेलान् मेरा घरतिर । श्रीमतीको चैं विजोग हुने भयो विच-रीको ! यस्तो जानेको भए बिहे नै गर्ने थिइनँ म । जे होस् अब पछुताएर के गर्ने ?

भोजनपछि जर्नेल साहेब आफ्नो कोठामा गए । मलाई पनि आठपहरियाले एउटा आर्को कोठामा लग्यो । शायद मलाई यसै कोठामा मार्ने होला तर यस कोठमा सुत्ने-बस्ने राम्रो प्रबन्ध थियो । मान्छे मार्ने ठाउँ अस्तो थिएन यो । यसै कोठमा आठपहरियाले मलाई सुत्न भन्यो । म यसै कोठामा सुतेको थिएँ, तर निद्रा भने पटक्क लागेको थिएन मलाई ।

म ओछ्यानमा पल्टेको निकै समय बितिसकेको थियो । यसै समय यसो ढप्काएर मात्र छोडेको ढोका घरक्क खोलेको आवाज आयो। ढोका खोल्ने उही आठपहरिया थियो । भित्र पस्नासाथ उसले ढोकाको पल्ला पहिले जस्तै सरक्क बिरालाको चालले ढप्काएर छोड्यो । मलाई भने आठपहरिया भित्र पसेको देखेर डरले आङ ढक्क फुलेर आयो । मनमनै विचार गरें—"के गर्ने हो यस पापीले ? यसैलाई मेरो समाधि लाउन पठाएछ क्यार ? मैले बुद्धि नपुऱ्याएको अघि नै ढोकामा छेसकनी लाउनुपर्ने, कस्तो बिसुद्धि रहेंछु म ?"

यस्तै तर्क-वितर्क मनमा खेलाउँदै यसो ढोकाको पल्लामा तल माथि हेर्छु त छेस्कनी नै देखिनँ त्यहाँ। त्यहाँ मात्र होइन अन्त पनि हुंदैन यस्तो ठाउँमा छेस्कनी। त्यस समय राणा प्रभु राज हुने घरको सुकला हुने खोपीको वरिपरिका कोठामा भित्रबाट छेस्कनी लाउने ठाउँ हुँदैनथ्यो। दरबार बस्न आएका केटीहरू यस्तै छेस्कनी नभएका कोठामा बस्थे। यस्तै कोठामा राजासाहेबहरू स्वच्छन्दतापूर्वक विचरण गर्थे। राजासाहेबले दुई चार पटक अंकमाल नगरेसम्म केटी हुन्थी, प्रणय लीला राम्रै विकसित भयो भने नानी। नानीले पनि चाकरी राम्रो पुऱ्याउन सकी भने रानी हुन्थी। चाकरी राम्रो पुऱ्याउनुको अर्थ हो आफू जस्तै अर्की केटी ल्याएर राजासाहेबलाई टक्र्याउनु। त्यसै कारण त नेपालीहरू काठमाडौं उपत्यकामा आज पनि केटा केटीलाई नानी भन्न मन पराउँदैनन्। चराका जस्तै मानिसका पनि बच्चा हुन्छन् र भन्छन्। नानी शब्द त राणाले बिट्टुलो पारेका छन् तर मेरा जर्नेल साहेबलाई भने सुन्दरीमा शौख थिएन। दुई चार सुत्ने गर्दथे राजा साहेब। यस्तो छेस्कनी नभएका कोठामा लहडबाजीको गणनै के भयो र। उनका दाजु भाइका दरबारमा सयकडौं केटी थिए। तर उनको दरबारमा दुई चार धाई सुसारे बाहेक अरू कोही थिएन। अँ म भन्दै थिएँ—"आठपहरिया ढोका खोलेर भित्र आयो।"

ऊ एक छिन ढोका लगाएर ठिंग त्यसै उभियो र मेरो ओछ्यानमा आएर बस्यो। कोठाको वातावरण निस्तब्ध थियो। मेरो भने जिउमा पसिनै पसिना भयो डरले। एकै छिन पछि मैले ओढेको दोलाइं अलिकति तानेर निहुरिँदै उसले कानमा सुटुक्क भन्यो—"जरसाप सुकला भयो, अब दुई चार घण्टा जागा हुँदैन; त्यसैले तपाइँ कहाँ आएको चुरोट खाऊँ भनेर।" उसले फूलमार चुरोट झिकेर सल्काउन दियो मलाई। मैले उसको चुरोट दुई चार सर्का तानेर उसलाई दिएँ। मनमा लाग्यो—"यो मलाई मार्न त पक्कै आएको होइन होला।"

चुरोटको धूवाँ कोठामा फुर्र पार्दै उसले मेरो कानमा फेरि सुटुक्क भन्यो—"जरसापबाट आज बिहान तपाइँ लाई कुटिबक्स्यो ?" उत्तरमा मैले भने—"कसैले त्यसरी कुट्न दिन्छन् र भागिहालें नि, कहाँ भेट्टाइबक्स्यो र ?" उसले उत्तर दियो—"धत् अभागी बाहुन ! कुट्न दिनुपर्दैन त लाटा ?" उसका कुरा मेरै समर्थनमा थिए, माया गरेर भनेका। तर यो कस्तो समर्थन, कस्तो माया ? अचम्ममा परें म।

उसले आफ्ना दौराका तुना फुकाउँदै डँडाल्नामा भएका तर थाकिसकेका पूरै नीलडाम देखायो र भन्यो—"देख्नुभो, यी सबै डाम जरसापबाट त्यसै लौराले कुटिबक्सेका हुन्।" अझै समझमा आएन मेरो—ऊ के भन्न चाहन्छ। तर ऊ लगातार भन्दै गयो—"जरसापकहाँ भर्ना हुँदा पहिले मेरो केही बन्दोबस्त थिएन। घरका जहान बच्चा भोकभोकै बस्थे। बिस्तारो-बिस्तारो म पनि तपाइँ जस्तै

जरसापको मन पर्ने भएँ। मन पर्ने मानिसलाई जरसाप कुटिबक्सिन्छ, कुटेपछि बकस नपाउने कुरै छैन। बुझ्नुभो बाजे ! मसित अहिले जग्गा जमीन, घर-खेत सब कुरा छ। हेर्नुहोस्न यो डाम अस्ति मात्र कुटिबक्सेको। यै कुटाइ खाँदा त हो नि 'श्री ३ प्रभुसित बिन्ती चढाएर रिपोर्ट निकसारीका बिचारीबाजे सँगसँगै पचास बिघा खेत धनुषाको छेउमा बिर्ता पाएँ। अब ता बाजे ! साह्रै सुखी छु म। दुई चार चोटि अझै कुटाइ खान सके अझै राम्रो बन्दोबस्त गरौंला भन्दै छु। तपाईं त साह्रै लाटो मान्छे' दरबार नबुझेको। तपाईंका बाबु बराजुले जागीर खाएका थिएनन् दरबारमा ?" उत्तरमा मैले—"अहँ !" यतिमात्र भने। उसले उत्तर दियो—"त्यसैले त ···।"

यसै प्रकार मैले तीन रात नागार्जुनको बंगलामा बिताएँ र पुनः म अड्डा धाउन थालें। जर्नेल साहेबसित बसेको मान्छेलाई गयल गर्ने कसैको हिम्मत थिएन। अब साथीहरू पनि मसित पहिलेभन्दा बढी खुलेर कुरा गर्न थाले। मलाई देख्नासाथ बाहुन भए परैबाट दुवै हात जोडेर नमस्कार गर्थे र अरू जात भए टाउको निहुराएर अघि बढ्थे। म पनि बाहुनलाई हात जोगेर उत्तर दिन्थें र अरू भए उनीहरूका टाउकामा हात राखेर आशीर्वाद दिन्थें। कलियुगी बाहुनको आशीर्वाद भलै नलागोस्न, त्यसले के फरक पर्छ र ? उनीहरू, मेरो दर्शन भएपछि चाकरी गर्न पछि लाग्थे कपाल कन्याउँदै। मेरा पनि चाकरीदारको संख्या निकै बढेर गयो। अड्डामा मात्र होइन घरमा पनि। राणाका दृष्टिमा म पशु नै भए पनि यिनीहरूका दृष्टिमा त म ठुटेमुटे बाहुन देवता नै थिएँ वर पनि दिन सक्ने। यो घटना दुई हजार छ सालको आश्विन महिनाको आखिरीतिरको हो।

त्यसै साल कार्तिक महिनाको बाह्र गते मैले जर्नेल साहेबको निगाहबाट स्थायी सेवा अर्थात् सालवसाली सेवामा नियुक्ति पाएँ। म जर्नेल साहेबको कसरी खरो उत्रें। मलाई तलब थोरै भो भनेर जर्नेल साहेबले मूल तलबमाथि छ सय भत्ता पनि थपिदिए। कुटाइ खान सकेको भए अरू के के पाउँथे के के ? तर म साह्रै अभागी थिएँ। मैले केही उन्नति गर्न सकिनँ।

सात सालको क्रान्ति पनि आयो। आठ सालमा न्यूनवैतनिक कर्मचारीहरूले हड़ताल गरेर भ्रान्ति गरे। सबैको तलब बढ्यो। मेरो नबढ्ने कुरै थिएन। तर मलाई जर्नेल साहेबले दिएको विशेष भत्ता झिकियो।

हालसालैको कुरो हो। हालसालै पनि के भन्नु दुई हजार अट्ठाईस सालको कुरो हो। कोजाग्रत पूर्णिमाको अघिल्लो दिन मेरा भूतपूर्व जर्नेल साहेबसित टुँडालदेवीमा भेट भयो। उनका हातमा अहिले पनि उही मानिस कुट्ने लौरो देखिन्थ्यो। तर अब त्यो लट्ठी मानिस कुट्ने काममा प्रयोग हुँदैनथ्यो। उनको दृष्टिमा अब कुनै

पनि नेपाली नागरिक पशुको गणनामा थिएन । उनी झस्केर पहिले नै हात उठाउँछन् । मानिसलाई कुट्न होइन नमस्ते गर्न । उनको र मेरो घण्टौं कुरो भयो आधुनिक शिष्ट भाषामा । उनी मलाई तपाईं भनेर सम्बोधन गर्छन् र म पनि उनलाई त्यसै भन्छु । उनमा अशिष्टताको लेश मात्र पनि छैन ।

अहिले उनी निवृत्ति भरण पाएका भूतपूर्व जनरल छन् । दुई-चार घर भाडामा लाएर निर्वाह गर्छन् । चन्दा माग्न आउनेलाई पन्साउन ढोकामा स्थायी रूपले "बाहिर" लेखेको पाटी टाँगेर बस्छन् । चन्दा नमाग्नेले उनीसित भेट नपाउँने कुरै छैन । घण्टौं बसेर कुरा गर्छन् आजको राजनीतिका विषयमा । म पनि उनैको टोलमा बसेको छु श्री ५ को सरकारको बहालवाला उपसचिव भएर । पशुको यत्रो फुर्ती, उनले पत्याउनै नसक्ने कुरा । जमानाले उनलाई पत्याउन कर लाउँछ । आजकाल त उनै पशु जस्ता छन्, सात सालमा बलि चढाइएका बोका जस्ता ।

आज पनि उनका हातमा भएको मान्छे कुट्ने लौरो देख्दा झलक्क उही आठपहरियालाई सम्झिन्छु र मनमनै भन्छु—"ऊ बुद्धिमान् थियो, कुटाइ खायो । मैले पनि यस लौराले कुटाइ खाएको भए काठमाडौंको समाजमा एउटा खातापीता भारदार हुनेथिएँ । आज अरू साथीभाइ जस्तै मेरा छोराछोरी पनि कनभेण्ट्मा पढ्ने थिए । मेरो यश चारैतिर फैलिने थियो । म अझै माथि उक्लिने थिएँ अरू सँगसँगै । लाटो मान्छे बुद्धि पुऱ्याउन सकिनँ मैले । अब मलाई कुटेर बकस-विर्ता दिने कोही छैन आज । बिहान-बेलुका हात-मुख जोर्न धौधौ छ मलाई । अभागीलाई जसो गरे पनि हुँदैन ।" यस्तै भयो त्यो मेरो नागार्जुनको अभियान ।

□

: ११ :

शङ्कर लामिछाने

शङ्कर लामिछानेको दृष्टिमा–२०३२

शङ्कर लामिछाने

●

आफ्नो बारेमा लेख्नु सारै अप्ठ्यारो विषय हो । सत्य अभिव्यक्ति गर्न चाहेर पनि आफ्नो अज्ञान, दृष्टिदोष तथा पूर्वाग्रहका परिणामस्वरूप व्यक्त हुन गएका तथ्य यथार्थ सत्य हुँदैनन् । फेरि प्रवाहित जीवनमा क्षण-प्रतिक्षणको जुन एक अटुट शृङ्खला छ र जसलाई भविष्यका क्षणहरूको अगाध राशिबाट टिप्दै हामी वर्तमानमा परिणत गर्दै भूततिर आफ्ना अनुभवद्वारा रँगाई हुत्याइरहेछौं त्यो क्षण स्वयंमा भविष्य-अतीतको बीचको पारदर्शी एक सूक्ष्म यस्तो पदार्थ हो जो निरन्तर परिवर्तनीय छ र जसलाई पकडेर व्यक्त गर्नु पनि सत्यको असीम परिवेशलाई घेरा हाल्नु हो । यो वास्तवमा एक दुष्प्रयास हो ।

र यही दुष्प्रयास नै लेखन कार्य हो, यसैको जगमा उभिएर एक सच्चा लेखकले आफ्नो समयको अव्यवस्थाप्रति विरोध गर्दछ। ऊ जान्दछ उसको सट्टा विरोधी बनेर आत्म-सन्तुष्टि ओगट्न चाहन्छ।

र कहिले काहीं मलाई लाग्दछ म लेखक होइनँ। र लेखक भए पनि अति निम्नस्तरको मात्र हुँ कारण मेरा विरोध स्वयंमा निम्नस्तरका छन्। र फेरि कहिले काहीं लाग्दछ म एक महान् व्यक्तित्व हुँ, कारण म भेडिया धसानबाट अलग उभिभएर कमसेकम विचार गरिदिने क्षमता त राख्दछु, र यदाकदा आर्तनाद गरिदिन्छु, हुँकार भरिदिन्छु। यहाँ त त्यति गरिदिने पाउन पनि गाह्रो छ। र यस्तै विचार आएको वेला शंकर लामिछाने मलाई बढो महान् व्यक्तित्व लाग्छ। लाग्दछ, सृष्टिको आदिम कालदेखिको अटुट एक जन्म शृङ्खलाको वर्तमान जीवित कडी ऊ बनेको छ; यस बन्नुमा अनेक संभावित दुर्घटना घटिदिएन, पुर्खाहरूमध्ये असामयिक मृत्यु कसैको भइदिएन र ऊ दीर्घनिर्धारित एक योजना अनुरूप जन्मेको हो। यत्ति सब नभईदिंदा, अथवा त्यत्ति सबको तारतम्य मिलेर नै उसको जन्म भएको हो; उसको विकास भएको हो, ऊ जहाँ पुगेको छ त्यहाँ पुगिएको हो। अनि ऊ स्वयंलाई प्रश्न गर्छ :—

यदा सर्वे प्रभिद्यन्ते हृदयस्येह ग्रन्थवः।
अथ मर्त्योऽमृतो भवत्येतावद्धचनुशासनम्॥ (कठोपनिषद्)

(जुन वेला यस जीवनमै यसका हृदयका सम्पूर्ण ग्रन्थीहरूको छेदन हुन जान्छ, त्यस वेला यो मरणधर्मी अमर भइदिन्छ। यत्ति हो सम्पूर्ण वेदान्तहरूको आदेश।)

\+ \+ \+

यो उसको श्मशान-ज्ञान वा दर्शन। र यो उसले आफ्नै दाह-संस्कार गरेर अर्जेको दर्शन हो। विगतको दस वर्ष एक प्रकारले उसको रोटीपिङ्को उडान रहेको छ–जमीनबाट उठेर, अकासिएर फेरि ऊ जमीनमा हुत्याइयो। त्यस वृत्तीय उडानमा उसका आफ्ना अर्जित सम्पत्ति स्वतः अलग्गिदै गए। तिनै समयको विश्लेषण गर्ने प्रयास ऊ गर्दछ यहाँ।

यहाँनिर छोटकरीमा जीवनको पृष्ठभूमि अलिकति जताउन असल होला। आर्थिक दृष्टिले बाल्यावस्था सम्पन्नतातर्फ ढल्किएर नै बित्यो। पिता र माता बीच मानसिक स्तरमा द्वन्द्व चलेछ मेरो जन्मको केही कालपछि र, पेटमा मेरो भाइ बोकेर आमाले पति-गृह त्याग गरिदिनुभयो सदा सर्वदाका लागि। भाइ स्यानै उमेरमा मऱ्यो र उसको सम्झना मलाई पटक्कै छैन—यत्ति हो ऊ बाँचिरहेको भए आजसम्म शंभु लामिछाने कहलाइन्थ्यो। आमा जीवन यापनको संघर्षमा यक्ष्माको सिकार भई

म ८ वर्षको पुग्दा नपुग्दा समाप्त हुनुभयो । आत्म-सम्मानको उहाँलाई सायद आफ्नो रोगभन्दा बढी महत्त्व थियो; उहाँले छिमेककै माइतीको शरण नलिई डेराको आवासमै जीवनको अन्तिम काल गुजार्नुभयो ।

म मामलीको शरणमा लिइएँ । त्यहीं शिक्षा-दीक्षाको ढाँचा बन्यो र झन्नै १३ वर्षको उमेरसम्म रहें । अनि पिताजीको आगमन भयो र म उहाँसँग नेपाल आएँ । यो द्वितीय विश्व युद्धको अन्तिम चरणको काल थियो । थियो राणाकालीन युगको चरम बिन्दु । एक प्रमुख राणा परिवारसँग पिताको लामो सेवाको परिणाम-स्वरूप चढ्दो जवानीमा त्यस व्यवस्थाको समेत राम्रो र नगीचको अध्ययन गर्ने अवसर मलाई मिल्यो । स्वभावले म स्वतन्त्रताप्रेमी, सम्बन्धले कांग्रेसीको नगीच तथा सहवास काठमाडौंको आन्तरिक प्रशासनको मध्य जस्तै—यी तीन अनौठा परिस्थितिको योगले गर्दा इतिहासको त्यो सक्रमण कालमा म झन्नै झन्नै अप्रत्यक्ष रूपमा केन्द्रविन्दुको छेउछाउमा नै रहन पुगेंछ ।

यिनै वर्षहरू हुन्—जसले मेरो लेखकत्वको कच्चा पदार्थ संग्रह गरिदिए; तथाकथित ऐतिहासिक व्यक्तित्व र विभूतिहरूको चरित्रको देखिने र नदेखिने तथा लेखिने र नलेखिने पक्षहरू मेरा समक्ष उद्घाटित भए । आँखा उघारेर मैले तिनलाई हेरिदिएँ—मन पराएर होओस् चाहे मन नपराएर होओस् तिनको म उपर परेको प्रतिच्छाया मैले जोगाउ गरिराखें । अथवा, ती मबाट बिलग्याउन सकिनँ र त्यस प्रकार ती अनुभूतिहरू एक प्रकारले मानवीय चरित्रको सूक्ष्म विवेचना गर्न मलाई सक्षम बनाउँदै गए । तीक्ष्ण दृष्टि तथा विवेचनाको विधि मभित्र जसै जसै विकास हुँदै गयो, उसै उसै आफ्नो त्यो शक्तिलाई मैले मानवको, अथवा भनौं, छेउछाउको व्यक्तिविशेषको उद्देश्य, उसको आन्तरिक चाहना र त्यसको परिप्राप्तिका लागि उसले गर्ने प्रयासको नाटकीय पक्षको छनौट गर्ने दिशापट्टि लगाएँ । यसबाट महानतालाई सन्तुलन कायम गर्ने चारित्रिक लघुता पनि मेरो नजरमा पर्न थाल्यो । र मैले पाएँ देवत्व कसैमा हुँदो रहेनछ पूर्ण रूपमा, कहीं न कहीं तुच्छता पशुत्वको रूपमा उसको व्यक्तित्वसँग लत्रेर भए पनि झुण्डिएको हुँदो रहेछ । अवश्यंभावी यस तत्त्वको चारित्रिक उपस्थितिबाट त्यसको स्वयंमा भएको बोधबाट, मेरो नजरमा कुनै मानिस एकदमै महान् पनि रहेन, एकदमै तुच्छ पनि रहेन । व्यक्तिविशेषमा रहेका यी गुण/अवगुणको म औचित्य पहिल्याउँथें र लाग्दथ्यो, बिचरा ! आफ्नो भूमिका खेलिरहेछ, ऊ जान्दैन मूल नाटकको पटाक्षेप ।

र आफूमा यस प्रकार विकसित भएको यो गुण, यो औचित्य खोजिटोपल्ने स्वचालित प्रक्रिया नै मेरो स्वयंको लागि अभिशाप सिद्ध भयो । म यस्तो डाक्टर बन्न पुगें जो स्वयं रोगग्रसित भयो र अन्यबाट उपचार गराउनु अघि आफ्नो रोगको आन्तरिक अनुभूति र बोधबाट त्रसित भएर बढी रोगी भयो ।

तर यस परिस्थितिको आगमन तथा विकासबारे पनि यहाँ अलिकति छोट-करी व्याख्या गर्नु आवश्यक होला ।

आफ्नो जीवनको उच्चतम कालमा, सकभर मैले अरुहरूको सहयोग र सेवा गर्ने नै पक्ष लिएँ । आफ्नो व्यक्तिगत लाभको भावना मनमा नआएको होइन । आउँथ्यो, तर त्यो मानवीय कमजोरीको आफ्नो पक्षको औचित्यको बोध भएर त्यसलाई बुझी मात्र दिएँ प्रोत्साहित गरिनँ । भोलिका लागि संचय वा संचयका लागि संचय भन्ने आर्थिक दृष्टि रहेन । बाल्यावस्थादेखि नै जीवन चिप्लेर बगिरहेको थियो, त्यसमा कहिले खस्रो पथ नआउला भन्ने कल्पना र त्यसको निराकरणको अग्रिम सचेतना र सावधानी गरिनँ कहिले । तसर्थ, 'सबैलाई सक्दो भलो गरेको छु, मेरो कुभलो कसले गर्ला' भन्ने भावनाको उल्टो परिस्थितिका लागि म तयार थिइनँ । मानौं किनारामा उभिएर इतिहास र व्यक्तिहरूको प्रवाह तरंगित भइर-हेको मैले साह्रै नगीचबाट नहेलिएर हेरिरहें, र जुन वेला म उभिएको तटको ढुङ्गा पैरोसित पानीमा झऱ्यो, त्यस वेला मैले पाएँ म पौडी खेल्न त पटक्क जान्दिन-रहेंछु । पौड्न नजानेपछि, उत्रने प्रयाससा पानी प्रशस्त निलिन्छ ।

पानी मैले प्रशस्त निलें । अप्रत्याशित रूपमा व्यवस्थित व्यवसाय भताभुङ्ग भयो । पहिलो आर्थिक भूइँचालो आयो जीवनमा । त्यस वेला क्रमैले आफ्ना बन्धु-बान्धवको परामुखी हुन पुगें म । परामुखी हुन पुग्दै छु भन्ने मानसिक क्लेश त बोकेकै थिएँ, ती व्यक्तित्व विमुख भइदिदा म त झन विचलित भएँ ।

मामाहरूबाट सबभन्दा ठूलो चोट लाग्यो । आमाको दाइजोमा आएको जग्गा जमीन गहना गुरियाको नासो उनीहरूसँग रहेको थियो झन्नै चालीस वर्षदेखि । त्यसका आयस्ता र भोग उनीहरूले गरिरहेकोमा उनको आवश्यकता मभन्दा बढी उनलाई छ भन्ने औचित्य देखेर मैले केही माग कहिले गरेको थिइनँ । त्यस भूइँचा-लोको खण्डहरमा उभिएर मैले त्यतापट्टि हेर्दा पाएँ—त्यो सम्बन्ध त अर्थव्यव-सायको जगमा उभिएको रहेछ, त्यो त झन पहिले नै भूमिसात् गराइसकिएको ।

मेरा आत्मविश्वास ढले ।

मेरा विश्वासलाई सजग गराउनुपऱ्यो, क्षणिक आवेशमा भए पनि तिनको सक्रियतामा हुर्किनुपऱ्यो । रक्सी खाएँ एक स्मृतिपूर्ण विस्मृतिको वातावरणमा, बाँच्न सिक्नलाई ।

मात्रा ठीक हुन्जेल, स्मृति र विस्मृतिको सन्तुलन कायम राखुन्जेल म विग-तबाट खोस्त्र्याक खुस्रुक गरी कोसेली खोज्थें, तिनलाई सम्झनामा, लेखनीमा, सह-वासमा प्रयोग गर्दथे । चोटको वेदना, सच्चा अनुभूतिको पदार्थ तथा आर्थिक जे जस्तो उपलब्धिको एक सन्तुलित सम्मिश्रणको परिणाम-स्वरूप केही विशिष्ट आत्म-

परक निबन्ध त्यस कालमा लेखिए। तिनको औचित्य उस वेला मैले गरें र आज पनि गर्दछु।

यस वेला गएर डाक्टरले आफ्नो लागि आफैं बनाएको मिक्स्चरको मात्रा गोलमालियो। बन्धुबान्धव त गुमिसकेका थिए, अब क्रमशः साथीहरूको सहानुभूति पनि सुक्दै थियो। रक्सी खाए पनि, लेखनीय ह्रषता र चारित्रिक विश्लेषणको क्षमता मेरो बोधो भएको थिएन। मित्रहरूको उपेक्षाको मात्रा बढेको बोध हुनासाथ मेरो पिउने मात्रा बढ्ने। मेरो पिउने मात्रा बढेको बोध हुनासाथ मित्रहरूको उपेक्षाको मात्रा बढ्ने। गँगटो-सर्प-भ्यागुतोको विश्व-प्रसिद्ध नियमानुसार, सचेत हुँदा हुँदै पनि, घटना क्रममा मेरो नियन्त्रण दिनप्रति दिन शिथिल हुँदै गयो।

अनि त, रक्सी खान पैसाको आवश्यकता, पैसा कमाउन रक्सी खाई स्मृति-विस्मृतिको सन्धिरेखामा उभ्भिनुपर्ने आवश्यकता, र जन-सम्पर्क गर्न नचाहने र जनसम्पर्क बिना लेखनीयता नतिखारिने–यस्तो एक विषम परिस्थिति बन्न पुग्यो।

त्यस वेला म पूर्ण-रूपेण रक्स्याहा भएँ। अंग्रेजीमा त्यस अवस्थालाई अल्कोहोलिक भनिन्छ। अलिकति नखाईकन हात-खुट्टा स्थिर नहुने, मगजले काम नगर्ने। खाएपछि आत्महीनता कम हुँदै जाने, आफू सक्षम छु, अझै केही बिग्रेको छैन, अझै परिस्थितिसँग जुध्न लायक छु भन्ने बोध हुने। नखाँदा मेरा आफ्नाहरूले धोका दिए भन्ने मात्र भावना आउने; खाएपछि म तिनलाई फेरि वशीभूत गर्न सक्छु, तिनलाई फेरि मेरो अगाडि निहुराउन सक्छु वा सक्छु पूर्णरूपेण बहिष्कार गर्न, ती बिना पनि मेरो जीवन अपरिपूर्ण रहँदैन भन्ने भावना।

यो अवस्था थियो मेरो बिहान चिया-पानको सट्टा सुरा-पान गर्ने बेलाको र मेरो पारिवारिक जीवनको ह्रासको।

आफ्नै पत्नी, पुत्र र पुत्री अगाडि आफ्नो व्यक्तित्व खिइँदै जाने अवस्थाको। आफ्नो कमजोरी, त्यो रक्स्याहापन र त्यसको विषम जकडबन्दी, त्यसलाई उनीहरूको नजरमा पर्न नदिन, छल, कपट, भूठा सारा व्यवधानको सहारा लिएर कुनै प्रकार बिहानै केही घुट्को निल्न पाए उनीहरूसित सामान्य व्यवहार गर्न सकिन्छ भन्ने चाहनाको, तर उनीहरू बुझ्ने, बुझेर पनि नबुझेको जस्तो गरिदिने, र उनीहरूले बुझेर पनि नबुझेको भान गरेको मलाई ज्ञान भएर त्यस ज्ञानबाट त्यही वेदना तेब्बर तीव्र भई प्रहार हुने मउपर। अनि लाग्ने यो सारा व्यवस्थापित व्यवस्थापन, यो सारा जुडेका सम्बन्ध, यो सारा परिचितहरूबाट म पन्छिऊँ।

निराकरणका तीन उपाय थिए, मृत्यु, विच्छेद या विस्मृति। सबैभन्दा सहज थियो तेस्रो, त्यसकै सहारा लिन्थें। र सकभर सम्वेदनशील अवस्थामा परिवारको सम्मुख पर्नबाट पन्छिन्थें।

यो सब अवस्थाको बोध थियो मलाई र म निराकरणको उपाय पनि, अवस्था र शक्तिले भ्याएको वेलामा सोचिटोपल्थें । आफू मलाई कुनामा घेरिएको बिरालो जस्तो भान हुने र मौका पाए तीनमा जुनैलाइ पनि झम्टा मार्ने दाउ हेरिरहेको लाग्ने ।

जेसुकै होओस्, तिनैताक एउटा विचार आयो मेरो मनमा । कैयन् दशकदेखि आफूले सिर्जेर मेहनतसाथ हुर्काएको जुन मेरो सामाजिक, पारिवारिक आर्थिक र वैयक्तिक एउटा स्तर थियो, त्यहाँबाट म खस्किसकें । त्यो जहाज डुबिसक्यो मेरा लागि र म त चकनाचूर्ण गएको जहाज्को एक काठको टुक्रामा उत्रिरहेंछु । र मैले नवीन जन्म लिनैपर्छ ।

पैंतालीस बर्षको उमेरमा आएको यो विचार ज्यादै भयावह थियो ।

\+ \+ \+

वरिपरि हेरें ।

मेरा जन्मगत धारणाहरू सबैतिर चूर्ण भैसकेका ।

राजनैतिक मान्यता देश र समाजका लागि अफाप सिद्ध भएर अफालिएको र त्यसको उत्तराधिकारीको रूपमा आएको व्यवस्थाले जरा हालिसकेको । त्यसमा सक्रियता ओगट्ने व्यक्तित्वहरू भिन्न; तिनको दृष्टिकोण, क्रियाकलाप र भूमिका अलग ।

सामाजिक प्रवाह अर्कै ।

पारिवारिक सहिष्णुता अर्कै ।

व्यक्तिगत सम्बन्धहरू समाप्तप्राय: ।

\+ \+ \+

र म जहाजको जुन टुक्रे काठमा उत्रेको रहेंछु त्यसभन्दावाहेक अरू सहारा पनि रहेनछ मेरा लागि ।

त्यसलाई हेरें । मनोरञ्जनका साधनका रूपमा अंगीकार हुन आइपुगेको त्यस तत्त्वलाई; यो एक दशकको स्वप्नऐंठनबीच कुन प्रकारले त्यो वस्तु एक विलास-बाट यथार्थबाट पनि आवश्यकतामा परिणत भैसकेछ । त्यो स्वप्नऐंठनबाट ब्यूँझेर हेरें; देखें, म मात्र एकातिर अफालिएको रहेंछु, अन्य सारा कुरा त आफ्ना स्वचालित गतिमा प्रवाहित नै रहेछन् । सारा विधि-विधान सारा सम्बन्ध सारा बोधको केन्द्र-

विन्दु मैले आफूलाई ठानेको थिएँ। लागेको थियो म भइनँ भने मेरो परिवार, बालबच्चा, मित्रगण, बन्धुबान्धव साराको गतिमयतामा नराम्रो आघात पर्नेछ। देखें, कतै केही कुनै फरक आएको छैन। फरक आएको छ भने स्थिरताको ममा, र मप्रति हेरिदिने उनको दृष्टिमा।

मनमनै भनें, शंकर गुन्टा कस्। अब उकालो लाग्नु छ।

\+ \+ \+

यहाँ लाग्दछ, मैले अघि प्रारम्भमा भनेझैं, मैले सत्य पूर्णतया व्यक्त गर्न सकेको छैन। भनौं म मेरो जीवनका उत्कृष्टकाल, झन्नै आधाभन्दा बाँचिसकेको जीवन, त्यसमा रहेका सम-विषमको व्याख्या के अति छिटो र छरितो रूपमा सम्भव छ होला। दसौं वर्षका जटिल जुन समस्या थिए, जुन प्रकारले निस्सासिएर मैले तिनलाई भोगें ती सबलाई आज मैले औचित्यको सहारा लिएर जसरी व्यक्त गरें, ती ठीक छन् त? के मैले व्यक्त गरेका कारणहरूमा स्वयंको अपराधलाई बोधो पार्ने, अर्काको अपराधलाई धारिलो पार्ने र सम्पूर्ण रूपमा कसो कसो ती सब घटनाहरू एक भवितव्यको कोल्टामा थुपारिदिने इच्छा र त्यसकै प्रलोभनमा प्रस्तुत हुन पुगेका औचित्य त होइनन्?

यो प्रश्न समाधान भएको छैन, र बसिबियाँलो म मनका जङ्गलमा यसको खोजी पनि गर्छु।

र यो प्रश्न समाधान नभएबाटै, मलाई लाग्दछ अझै मेरो मृत्यु भएको छैन। र प्रश्नलाई प्रश्नकै रूपमा प्रस्तुत गर्न सकेकोमा मेरो लेखकीयपन मरेको रहेनछ, सो पनि ढाढस हुन जान्छ।

हो, संवेदनशील म त्यति छैनँ, जत्ति पहिले थिएँ। अनुभवहरूको ठेलाले मलाई दार्शनिक हुन घचेटिरहेछ। म सब कुरा नयाँ सन्दर्भमा नयाँ रूपमा सिर्जना गर्न चाहिरहेंछु।

तर भोगिसकेको ४८ वर्षको आयु, र त्यसको मैल, त्यति सहज कहाँ पखालिंदो रहेछ र? नवीन जीवनको चाहना गरेर पनि तिनको निर्माणका लागि चाहिने कच्चा पदार्थ त उही पुरानै गर्भबाट खोस्नुपर्ने रहेछ। भविष्य निर्माण गर्न सकिएला तर भूत मटियामेट गर्न सकिंदैन।

वेसै छ। भविष्यका चिन्ता र संघर्ष मेरा सन्तानहरूको जिम्मा। जुन प्रकार मेरा पुर्खाहरूको असंख्य कडीलाई जोड्दै म आएँ, र जुन प्रकार आफ्नो स्वयंको शक्ति अनुरूप मैले संघर्ष गरें हारें, ब्यूँझेर पुनः संघर्ष गर्न तत्पर छु—त्यही प्रकार त्यो क्रम, त्यो प्रवाह चालु रहनेछ त्यसमा म आश्वस्त छु।

त, मेरो आफ्नो क्षमता र अस्तित्वको केही अर्थ छैन अब ? होइन, यो तत्कालीन क्षण, यो अति वर्तमानको पारदर्शी झिनो पर्दा चिन्नु, त्यसमा अस्पष्ट प्रतिविम्बित छायालाई रेखा प्रदान गर्न सक्ने प्रयास गर्नु नै—भेडियाधसानबाट अलग्गिने मेरो जन्मसिद्ध अधिकारको उपयोग गर्नु नै—स्वयंमा संचारित प्रक्रिया हो ।

यो मरेको छैन र म पनि मरेको छैनँ । र आजसम्मको अविकृत, अकाट्य र अन्तरतम सत्य यही नै पनि हो ।

□

: १२ :

एक घण्टा बिताउन

श्याम प्रसाद

केही दिन अघि एक जना विद्यार्थी साथीसँग कुरा हुँदा उनले भनेथे— "प्रोफेसरहरूको अभावले कति विषयको पढाइ राम्ररी चल्न पाएको छैन र कलेजको व्यवस्था पनि मिल्न सकेको छैन। बीच-बीचमा पिरियडहरू खाली हुन्छन्। बाँकी पिरियड मायाँ मारेरै घर फर्किन पनि भएन। अनि खाली पिरियड कहाँ गएर के गरी बिताऊँ भने जस्तो हुन्छ।" कुनै विद्यालयमा पढ्ने नगरेको भए तापनि मलाई ती साथीलाई परे जस्तो समस्या प्रायः परि नै रहन्छ! हिजोकै कुरा: एउटा अड्डामा काम परेर गएको थिएँ। हाकिम नै आइपुगेका रहेनछन्। एक घण्टा-पछि आउनुहोस् न भनी फाँटवालाले भने। मेरो निम्ति एक पिरियड खाली भइहाल्यो।

सभा-समारोहहरूको निम्ता परेको बेलामा त मलाई यस समस्याले प्रायः नपिरी छाड्दैन। अघि-अघि म दिएको समयमा कत्ति तलमाथि नपारी सभा-गोष्ठी

हरूमा पुग्थें । तर, जहिले पनि भनेजसो म पुगेको एक घण्टा जति पछिनै सभाको कार्यक्रम थालिन्थ्यो । सधैं भनेजसो यस्तो पर्ने गरेकोले धेरै समय खेर गइसकेपछि एक दिन एक जना साथीसँग गुनासो पोखें र भनें—"हामी ठीक-ठीक समयमा हिंड्न कहिले जानौंला ?" सभा बैठकहरूमा सधैं भनेजसो ढीलो गरेर आइपुग्ने ती साथीले मेरो आलोचना गर्दै भने—"तिमी ता सारै अव्यावहारिक रहेछौ। सबैजसो मानिस तोकिएको समयभन्दा सरदर एक घण्टापछि पुग्छन् । त्यस्तै व्याव-हारिक भएर हिंडन जान्यौ भने तिमीले अलिकता पनि समय खेर फाल्नु-पर्नेछैन ।"

ती साथीको 'अर्तीलाई चित्तले राम्ररी खान सकेको थिएन तापनि मैले अलि दिन उनले भने जस्तै गरी हेर्ने चिार गरें । तर, यो विचार लिएको लगत्तै एउटा सभामा आधा घण्टा ढीलो गरी जाँदा मैले अलि लज्जित नै हुनुपर्‍यो । किन-भने, त्यस सभाका आयोजकहरूले निम्ता गरिएका जति सबै वा धेरैजसोलाई नपर्खी तोकिएको समयमा नै कार्यक्रम थालेकाले म पुग्दाखेरि आधाजसो काम सिद्धिसकेको थियो । त्यसपछि पनि दुई तीन पल्ट यस्तै घटना घटे । त्यसो हुँदा निम्ता-नाम्तीमा ढीलो गरी पुग्ने गर्न मैले छाडिदिएँ । तर, हाम्रो समाजमा अझ पनि 'व्यवहारनिपुण-हरू' कै संख्या बढी छ । तसर्थ समयमा हिंड्न खोज्ने 'अव्यावहारिकहरू' का लागि चाहे अड्डाखानातिर काम पर्दा होस्, चाहे सभा-गोष्ठीहरूको निम्तामा जाँदा होस् अथवा कसैसँग व्यक्तिगत भेटघाटको निम्ति समय निर्धारित गरिएको वेलामा होस् वा अरू नै काम पर्दा होस् 'पिरियड खाली हुने समस्या' ज्यूँकात्यूँ नै छ भने हुन्छ ।

एक दिन यसै गरी एक घण्टा समय खाली हुन आयो । त्यस दिनसम्म प्रायः म आफूसँग सान्सानो भए पनि कुनै पुस्तक लिएर हिंड्थें र त्यसरी एकाध घण्टा समय खाली हुन आउँदा पुस्तक हेरेर बिताउँथे । तर, खाली समय काट्ने काइदा वर्षौंसम्म एकैनासको भएर मनलाई पट्टाई लागेछ र हो अथवा अरू नै कारणले हो त्यस दिन मलाई पुस्तक हेर्न मन लागेन । त्यस दिन मात्र होइन, त्यसपछि पनि मैले पुस्तक लिएर हिंड्न नै छाडिदिएको छु । खाली समय आफ्ना इष्टमित्र र साथी भाइहरूकहाँ गई कुराकानी गरेर बिताउने गर्नु पनि मलाई बेसै लाग्यो ।

पहिले मलाई नजीककै साइनु पर्ने एक जना इष्टमित्रको सम्झना भयो । यिनको घरका सबै जना मलाई रुचाऊँछन् । मायाँ पनि गर्छन्; मान पनि राख्छन् । आफूलाई रुचाउनेप्रति आफ्नो पनि मायाँ मोह हुनु स्वाभाविकै कुरो हो । यसरी दोहोरै चाहा हुँदाहुँदै पनि म यिनीकहाँ प्रायः जान्नँ । किनभने, यिनको आर्थिक अवस्था सारै खराब छ । म बिहान बेलुकी पुग्दा भात नखाई कहिल्यै उम्कन पाउन्नँ

यति मात्तै होइन, अरू जहानलाई नभए पनि मेरो निम्ति घिउ र दही-दूध अथवा माछा-मासु नजोरी छाड्दैनन् । दिउसो पुगें भने पनि अलि गतिलो किसिमबाट खाजा ख्वाएर मात्र पठाउँछन् । मैले कति चोटि भनिसकें—"मेरो निम्ति मात्र फर्मायशी नगर । घरमा जे तयार छ त्यही खान दिए त भैहाल्छ नि ! स्नेह पो सबभन्दा ठूलो" तर, उनीहरू मेरो यो भनाइ किन मानिरहन्थे र ! दुई दिन अघि त्यस भेगतिर काम परेर गएको थिएँ । बाटो काटेर आउन मन मानेन । पसेको त खाने कुरा किन्न पठाई, तर्कारी पकाई खाजा ख्वाएर मात्र पठाए । त्यसैले दुई दिनपछि फेरि लगत्तै गएर दुख दिन मन लागेन ।

अनि अर्का इष्टमित्रलाई सम्झें । यी पनि नजीककै साइनु पर्ने हुन् । पुगीसरी आएका मानिस हुन् । बेसाएर खानुपर्दैन । यिनकहाँ गएको बेलामा भने मीठो—चोखो तुल्याएर केही ख्वाउने गरे हुन्थ्यो भन्ने मैलाई लाग्छ । तर, उनले त्यसरी ख्वाउलान् भन्ने कुरा सपनामा मात्र चिताउन सकिन्छ । हुनत मितव्ययिताको सानो महत्त्व छैन । हाम्रो जस्तो अविकसित देशमा त यसको झन् ज्यास्ती महत्त्व छ । हामीले आधुनिक किसिमबाट खेतीको उन्नति गर्न थालेपछि र उद्योग-धन्धाहरूद्वारा उत्पादन बढाउन लागेपछि पनि निकै वर्षसम्म मितव्ययितालाई नअपनाई सुख पाउने-छैनौं । त्यसले मितव्ययी मानिसबाट उसको गुन सिक्न समेत मलाई मन लाग्छ । तर, मेरा ती सम्बन्धीले यस्तो राष्ट्रिय दृष्टिकोण लिएर अथवा व्यक्तिगत दृष्टिबाट नै पनि मितव्ययी हुनाका लागि आफ्ना इष्टमित्रलाई विशेष किसिमबाट ख्वाउने वर्ने नगरेका होइनन् । उनका आफ्नै लवाइ-खवाइ र अरू सबै विधि-व्यवहारबाट समेत उनी फारुतिनो गर्न जान्ने मात्र नभएर कन्जूसै हुन् भन्ने कुरो सिद्ध हुन्छ । कन्जूस मानिस मानवोचित व्यवहार गर्न समेत कन्जूस हुन्छन् भन्ने मेरो धारणा छ । त्यसैले त्यस्ता मानिसहरूकहाँ जान हम्मेसी मेरो मन उठ्तै उठ्तैन ।

त्यसपछि एक जना बहिनीलाई सम्झें । दुई चार हजार रुपियाँ सधैं ब्याजमा लाइरहन्छिन् । मैले पनि समय-समयमा दुई चार सय रुपियाँ रिन लिने गरेकोले यिनीसँग मेरो दाजु र बहिनीको मात्र साइनु नभएर असामी र साहूको नाता समेत छ । जब मेरो जागीर छुटेको बेला हुन्छ, दुख पाइरहेको हुन्छु, त्यस बेला यिनी एक एक ओटा निहुँ गरी आफ्नो रुपियाँ माग्छिन् । तर, जब पैसा भएका बेलामा म थैली फर्काउन जान्छु उनी थैली बुझ्दिनन् र भन्छिन्—"दाजुले किन त्यस्तो हत्तार गर्नु-भएको ? तपाईंकहाँ भएको रुपियाँ कहाँ जान्छ र ? लैजानोस्, बेपारसेपार गरी हेर्नोस्न !"

असामी दुब्लाउँदै गएपछि साहूलाई आफ्नो थैली डुब्ला कि भन्ने कस्तो पीर पर्दो रहेछ र असामी उक्सेमा नै साहूले पनि कसरी आफ्नो थैली खेलाएर ब्याज

खान पाइरहँदा रहेछन् भन्ने कुराको पुष्टि गर्नुपर्दा म प्राय: ती बहिनीसँगको आफ्नो यस किसिमको सम्बन्धको चर्चा गर्ने गर्छु। मैले र मेरा देशभाइले रिन तिर्न बाँकी भएका अरू साहूहरुसँग पनि म यही भन्न चाहन्छु—"जनताको आर्थिक अवस्था सपार्ने काममा लाग्नोस्; तपाईंहरूको थैली किमार्थ डुब्न पाउनेछैन।" तर बहिनीकहाँ गएको बेलामा म यसरी खुलस्त भएर कुरा गर्दिनँ। आमदानी हुने केही लक्षण नदेखिएको वेलामा पनि पैसा आउने काम छिटै पाउने भएको छु भन्ने खालका कुरा जोर्छु र उनीउपर राम्रो प्रभाव पार्ने प्रयत्न गर्छु। तर, केही दिनअघि मात्र व्याज तिरिसकेकोले साहूको साइनुले त्यस वेला उनीकहाँ जाने चासो परेको थिएन। साइनुलेभन्दा धनले जितेकोले बहिनीको नाताले जान पनि मन उठेन।

यसरी अरू पनि एक दुई थरी नाता-कुटुम्ब सम्झेपछि मलाई नाता नपर्ने इष्टमित्रहरूको सम्झना हुन थाल्यो। पुरेत्याइँ गरेर हिंड्ने एक जना बाहुन मेरा परिचित छन्। उनको र मेरो काममा पूर्व र पश्चिमको फरक छ तापनि उनीसँग कुरा हुँदा मलाई निकै मजा लाग्नेगर्छ। मसँग भेट भएपिच्छे भनेजसो उनी पुरोहितवादको थोरबहुत निन्दा नगरी छोड्दैनन् र यो वृत्ति नलिई सुख नपाएकोमा आफ्नो लाचारी देखाउँछन्। यस ठगवृत्तिमा लाग्नु नपरोस् भनेर छोराहरूलाई अंग्रेजी पढाउन थालेको हुँ भन्ने उनको भनाइ छ। धर्मको नाउँमा जनताको अज्ञानबाट कसरी अनुचित लाभ गरिन्छ भन्ने कुराका धेरै उदाहरण उनले मलाई देखाएका छन्। मेरा केही साथीको भनाइ अनुसार ती पुरेत ठालुहरूका लागि गुप्तीको काम पनि गरेर हिंड्छन्; तसर्थ उनीसँग विश्वास खोल्नु हुँदैन। उनी त्यस्ता गुप्ती होवैनन् भनी किट्न म सक्तिनँ। पुरेत्याइँ काममा चित्त नबुझेर छोराहरूलाई अंग्रेजी पढाउन थालेका हुन् अथवा जजमानहरू घट्तै गएको देखेर यस वृत्तिबाट मात्र बढ्दो परिवार पाल्न गाह्रो पर्ने देखेर त्यसो गरेका हुन् सो कुरा पनि उनी नै जानून्। उनीसँगको सङ्गत भने मैले छोडेको छैन र उनी ठालुहरूका गुप्ती रहेछन् भने पनि मेरो निम्ति वेस नै हुनेछ। किनभने, म आफ्ना कुरा जनसाधारणमा मात्र नपुऱ्याएर राष्ट्रिय र अन्तरराष्ट्रिय ठालुहरूछेउ समेत पुऱ्याउन चाहन्छु। यस्ता कुरा जे भए पनि तिनताक ती पुरेत कहीं बाहिरफेर गएका थिए। त्यसकारण, त्यस वेला म तिनीकहाँ पनि जान सकिनँ।

मैले मरेका एक जना इष्टलाई सम्झें। दुखजिलोसँग ने पढेर उनले अंग्रेजीतर्फ एम० ए० र संस्कृततर्फ पनि काव्यतीर्थ र व्याकरणाचार्यको उपाधि लिएका थिए। उपाधिहरू भईकन पनि योग्यता नभएका मानिस कम हुँदैनन्। तर, मेरा ती इष्ट योग्य समेत थिए र सज्जन पनि। उनको योग्यताले गर्दा म उनीप्रति लहसिएको थिएँ र आफ्नो सज्जनताले गर्दा उनी मेरो निम्ति श्रद्धापात्र समेत भएका थिए। दुई पैसाको चना र आधा गिलास चियाको भरबाट बराबर भनेजसो छाक काट्न

विवश बन्नुपर्ने अवस्थाका ती मित्रका लाखभन्दा घटीका कुनै योजना थिएनन्। कति योजना निकै करोडका समेत हुन्थे। कहिले उनी आदर्श नगर बसाउने योजना देखाउँथे; कहिले नेपालका जडीबूटीहरूबाट ओखती र रङ्का कारखाना खोल्ने योजना। त्यस्तै कहिले स्वास्थ्य-निवास-सम्बन्धी र कहिले विश्वविद्यालयबारेका योजनाहरूको रूपरेखा बताउँथे। आज पनि उनका दराजमा ती योजनाहरू जस्ताको तस्तै रूपमा थन्किरहेका होलान्।

हामी दुई जनामध्ये आस्तिक र नास्तिक दुवै थियौं तापनि हाम्रो त्यस किसिमको मित्रतापूर्ण सम्बन्ध कायम हुन गएकोले एक दोस्रालाई होच्याउने प्रवृत्ति भएन, परस्परमा सद्भावना र पारस्परिक गुनको कदर गर्ने बानी भयो भने ईश्वरवाद र अनीश्वरवाद जस्ता फरक-फरक सिद्धान्तमध्ये कुनैले पनि मनुष्य जातिको अहित गर्नेछैन भन्ने टुंगोमा मलाई पुऱ्याएको छ। तर, ती साथीको जतिसुकै गाढा सम्झना भए पनि उनी मरिसकेकाले उनीकहाँ जाने कुरा हुन सक्तैनथ्यो।

मेरा एक जना साथी सारै रसिक छन्। जस्तोसुकै दिक्दारीमा परेको मानिसले पनि उनको कुरो एक छिन सुन्न पाए नहाँसी छाड्नेछैन। उनका गफ सुन्दा प्रायः म पेट मिची-मिची हाँस्नुपर्ने अवस्थामा पुग्छु। उनमा यो एउटा मात्र गुन भएको होइन। मानिस पढैया हुन्। यिनका लेख र कविता पनि बेस हुन्छन्। चाँडै टिप्न सक्ने गुणले गर्दा फोटोग्राफी, चित्रकला, सङ्गीत, अभिनय र लेखकूद आदि अरू विषयमा पनि केही वर्षभित्रै उनले 'सिपालु' भन्ने दर्जा पाइसकेका छन्। बाठा पनि बिछट्टका छन्। तर, यिनी "निष्कपट हुन खोजेर काम लाग्दो रहेनछ" भन्ने निधोमा पुगेका छन्। त्यसैले, जुनसुकै परिस्थितिबाट यिनी यस निचोडमा पुगेका भए पनि यिनीसँग हुँदा मलाई बगलीमाराहरूका हूलमा बसी कुनै चटकको रमिता हेरे झैं लाग्न खोज्छ। हुनत "मानिसले सज्जन हुनुपर्छ भन्ने भनाइ निर्धाका हुन्" भन्ने तर्क पनि धेरैबाट सुनिन्छ र आफू धन, जन, बल इत्यादि सबैजसो कुराबाट निर्धो भएकोले सज्जनतालाई रुचाएको हुँ कि भन्ने पनि कहिले काहीं मलाई नलाग्ने होइन; तर बलसँग सज्जनताको सामञ्जस्य नबसुन्जेल समाजको विकास स्वस्थ किसिमबाट हुन सक्ला भन्ने कुरामा मलाई पत्यार छैन। किनभने सज्जनता भन्ने कुरो निर्धालाई मात्र छाड्नाले कित सज्जनताको निम्ति सकेसम्म बढी मानिसलाई निर्धो अवस्थामा राखिछाड्नुपर्ने हुन जान्छ; कित सबैलाई सामर्थ्यवान् तुल्याउनाका साथै ठग, दुष्ट र बेईमान आदि समेत बनाउनुपर्ने हुन जान्छ। तसर्थ, बलियोपन चाहिं बढ्न दिई दुष्टपनलाई मात्र आफाल्दै लैजानु नै मानिसको वास्तविक आवश्यकता हो भन्ने मलाई लाग्छ। अँ, त त्यस दिन म ती साथीकहाँ पनि गइनँ। कर परेर त जहाँ पनि गइएकै छ; आफू खुशी रोजेर जाँदा कसकहाँ पुग्दो रहेछु भन्ने विचारले मैले फेरि अरू मानिस सम्झन थालें।

एक जना स्कूल मास्टर छन्, सारै सज्जन। तर, बिचरालाई कहिल्यै फुर्सत हुन्न। छ घण्टा पनि राम्रो सुत्दैनन्। रातदिन ट्युशनले च्यापिएका छन्। कहाँसम्म भने सबैलाई बिदा हुने सन्चरवार पनि उनलाई फुर्सत हुन्न। त्यस दिन उनीकहाँ साताको एक चोटि पढ्न आउनेहरूको घुइँचो लाग्छ। अरूले हेर्दा पढाएर यी खाइ-रहेछन्; तर वास्तवमा पढाउने पेशाले नै यिनलाई खाइरहेछ। यिनको नाउँ मैले 'घडीको सुई' राखेको छु। मानिसहरू जर्ज वाशिंगटनको दिनचर्या हेरेर आफ्नो घडीको टाईम मिलाउँथे भन्ने जुन भनाइ छ त्यो यिनका सम्बन्धमा पनि लागु गर्न सकिन्छ। तर, आफ्नो अध्ययन र मनोरञ्जन आदिको निम्ति यिनको दिनचर्यामा कुनै ठाउँ छैन। न चाहेर होइन, नपाएर। यस्ता साथीकहाँ जानु के छ, तिनलाई झन कष्ट थपिदिनु छ। त्यसैले मैले तीनको घरतिर पनि पाइला उठाउन सकिनँ।

यसरी सम्झँदा सम्झँदै मैले बालखकालका एक-दुई जना ती साथीहरूलाई सम्झें जो सारै सम्पन्न वर्गका हुन्। उनीहरूको वर्गसँग मेरो वर्गको एक छेउसम्म तुलना हुन सक्तैन तापनि बालखकालमा हामी परम मित्र भएर रहेका थियौं। त्यस वेला म जस्तालाई चुसेर नै ती मोटाएका हुन् भन्ने भावना ममा थिएन र मलाई आफ्नो विरोधी वर्गको सदस्यका रूपमा तिनले देखेका थिएनन्। त्यसैले हामीमा ठूलो वर्गीय असमानता हुँदाहुँदै पनि हामी औधी घनिष्ठ मित्र भएर रहन सकेका थियौं। तर, त्यस्तो अज्ञानी अवस्थाले पारेको मित्रताको म केही महत्त्व देख्तिनँ। म समाजमा रहेको वर्गभेद, एक वर्गबाट अर्को वर्गको चुसाइ र दुहाइ इत्यादि कुरा बुझिसकेका दुई थरीका बीचमा कसरी साँचो मित्रता कायम गर्न सकिएला भन्ने समस्याको समाधान चाहन्छु। वालखकालको त्यो घनिष्ठता हामीमा फेरि कायम हुन सक्ला ?

विदेशमा धेरै वर्षसम्म बसी उँचो शिक्षा पाएर आएका समाजको विकास-क्रमबारे थाहा पाएका ती साथीहरूले मलाई वा म जस्ता गरीव आफ्ना अरू साथी-लाई आर्थिक मद्दत गरून् अनि मात्र हामी एक दोस्रा थरीका मीत हुनेछौं भन्ने मेरो भनाइ कत्ति छैन। त्यसरी धन दिई मित्र वनाएर साध्य हुने कुरो होइन। आफूसँग धन हुँदाहुँदै ती सुखपूर्वक नरहून् पनि म भन्दिनँ। किनभने, तिनले दुख पाएर नेपालको जनता सुखी हुने होइन। आज दुख पाइरहेका मानिसहरूको संख्या थप्नुपर्ने कत्ति खाँचो छैन। त्यस्ता दुःखीहरू अचाक्ली भएकोले नै अब समा-जका थिति नियमहरूमा हेरफेर पारेर सुखीहरूको संख्या बढाउँदै लैजानुपर्ने आव-श्यकता आइपरेको हो। त्यसैले जतिसुकै सम्पन्न वर्गसँग पनि साँचो दोस्ती कायम गर्न म तयार छु। तर, एउटा शर्त छ——समाजको वर्तमान रूप फेरी आर्थिक इन्साफयुक्त नयाँ व्यवस्था बसालनमा ती पनि सक्दो योगदान गरून्! किशोरा-

वस्थामा छुट्टिएका ती साथीहरूसँग धेरै वर्ष बितीसक्दा पनि फेरि भेट हुन नपाए-कोले त्यस बेला एक्कासी उनीहरूकहाँ पुग्नु मैले उचित ठानिनँ ।

बालखकालका साथी नभए तापनि सम्पन्न वर्गका एक-दुई जना अरू मानिससँग पनि मेरो चिनारी छ। ती म जस्ताले लाए-खाएको र बोलेको देख्ता-सुन्दा खिसी गर्छन् रे भन्ने पनि मेरा कानमा परेका छन्। नयाँ ढाँचाकाँचा, चालचलन र कुराकानी इत्यादिबाट म साँच्ची नै राम्ररी परिचित छैनँ। पछौटेपनको त खिसी उडाउनैपर्छ भन्ने विचारको मानिस हुँदा मैले नै ढङ्ग पुऱ्याउन नजानेको कुरामा कसैले खिसी गर्छन् भने पनि मलाई रमाइलै लाग्छ। तर, आफ्नो एक किसिमको विचारधारा बसिसकेकोले म नौलो भन्दैमा जुनसुकै कुरालाई पनि लिन भने सक्तिनँ। उच्च वर्ग कहलिएकाहरूको रहनसहनमा म ज्यास्ती कृत्रिमता पाउँछु जो मलाई कत्ति रुच्दैन। हुनत व्यक्तिगत दृष्टिबाट कसैलाई एक कुरो बढी मनपर्छ; कसैलाई अर्को कुरो। तर, मैले यहाँ व्यक्तिगत रुचिको मात्र कुरो गरेको होइन। सामाजिक दृष्टिबाट नै भनूँ भने पनि म स्वाभाविकता र सरलताको पक्षपाती छु।

मेरो एउटा अर्को भनाइ के छ भने कसैलाई खोट लाउनु मात्तै मनग्य हुन्न। त्यस खोट वा त्रुटिबारे केही बेर ख्याल ठट्टा गरी रमाइलो मनाए तापनि त्यसलाई कसरी चाँडो आफाल्ने भन्ने मान्छेको प्रयत्न हुनुपर्छ। कुनै व्यक्तिमा केही दोष देखिन्छ भने त्यो दोष रहनामा सो व्यक्तिमात्र सम्बन्धित नभएर प्रत्यक्ष वा परोक्ष रूपबाट समाजका अरू व्यक्तिहरू पनि सम्बन्धित हुन्छन्। हाम्रा बीचमा केही मानिसले जान्नुपर्ने कुरा जानेका छैनन् भने तिनलाई नजान्ले ठानी खिसी गर्नु आफ्ना नाकमा लागेको कालो पुछ्नपट्टि नलागी आफैंलाई खिसी गर्नु हो।

टुँडिखेलको छेउमा बसेर यसरी मनमा तर्कना गरिरहेका बेलामा एउटा गाई मनेर आईपुग्यो। गाईले मनिर आएर आफ्नो घाँटी तेर्स्याइदियो। मैले उसको माल कन्याउन थालें। त्यस बेला एक जना मानिस पनि त्यहाँनिर आएर मभन्दा अलि पर बसे। अनि मलाई मानिसभन्दा पशु जाती जस्तो लाग्यो। फेरि त्यसको खण्डनमा आफ्नै मनले प्रश्न गऱ्यो—"के सुधो गाई देखेर सारा पशुलाई सुधो ठान्ने ? अहिले मापाको चाहिं गाई आएर हान्न खोजेको भए नि ?" मैले विचार गरें—"पशु भन्दैमा हुँदैन। कोही जाती हुन्छन्; कोही नजाती। मान्छे पनि त यस्तै हुन् !"

मैले त्यसै गरी मनसँग सोधें—"ती मानिस मनिर आएर नबसी किन पर बसे ? तिनको मनमा केही पीर परेको छ कि ? कसैले धोका दिंदा उनलाई आफ्नो जातिसँग नै घीन लागेर उनी मभन्दा पर बसेका हुन् कि ? मैले नै उनीसँग बोलिहेरे कसो होला ?" फेरि सोचें—"विचराले एकान्त खोजेको बेला छ कि ? तर,

यस्तो सार्वजनिक ठाउँमा के एकान्त ? अन्त कहाँ जाऊन् त बरा ! उनको निजी बगैंचा वा क्याम्पा भएको भए यहाँ किन आइरहँदा हुन् !……" यसरी उनका बारेमा म सोच्दै थिएँ; मेरो एक घण्टाको खाली पिरियड बितिहाल्यो। अनि म आफ्नो बाटो लागें। त्यसपछि यस्ता खाली समय कति बिते कति ! तर, जब यस दिनको कुरो म सम्झन्छु मलाई हृदयमा कताकता घाउ कोट्याए झैं हुन्छ र उद्गारको भावना आउँछ—"विचार गरेर हेरेमा यस समाजमा जाबो एक घण्टा बिताउन पनि कति गाऱ्हो छ, जहाँ हामी कैयन् वर्ष अझ जीवन नै पनि घिच्चिई-घिच्चिई बिताइरहेका छौं।

: १३ :

उखान मिलेन !

कमल दीक्षित

●

बाजे होइन बाजेका पनि बाजेले, शिरोमणिले, वागमतीयात्रा गर्नुभएको थियो । बाग्द्वारबाट सुरू गरेर कटुवाल दहमा टुंगिएको त्यो यात्रा प्रत्येक तीर्थमा तीर्थे भोज गराउँदै पूजा गर्दै, पंचे-वाजा ठोकेर, करीब एक महिनामा पूजा भएको थियो रे । त्यस यात्राको करीब नब्बे वर्ष जति पछि मैले पनि वागमती-यात्रा गरेंछु भन्नुपर्‍यो, पुर्खाले टुंग्याएको कटुवाल दहबाट सुरू गरी ४ दिनमा कटुवामा पुगेर ।

कटुवाल दहमा वागमतीले काठमाडौं खाल्डोसँग विदा लिन्छिन् । कटुवा पुगेर चाहिं यिनले अहिलेको ललितपुर जिल्ला छाडी काभ्रे जिल्लासँग नाता जोड्छिन्, पारिपट्टि मकवानपुरसँग टाँसिएर ।

मेरो यात्रामा पूजा भएन, बाजा बजेन (सानो ट्रान्जिस्टरमा त नेपाल रेडियोलाई पनि पहाडले छेकिदिंदो रहेछ !) मेरो यात्रामा तीर्थे भोज भएन—

बाटामा दयालु घरपतिहरूले दिएको मकैको रोटो पोठो चामलको सितो उल्टो मैले नै अर्काको खाँदै हिँड्नुपर्‍यो ।

मेरा पुर्खाको यात्रा योजनाबद्ध, सोद्देश्य थियो–धर्म गर्न । उहांलाई धर्म भयो । भयो होला । हामीहरू त्यही धर्मको आधारमा अडेका छौं भन्ने आफ्ना बूढापाकाका वाणीलाई नमान्ने कारण छैन । मेरो यात्रा योजनाबद्ध थिएन–'चल् जोगी फटकार् छाला' को सिद्धान्तमा अडेको तर उद्देश्य चाहिं एउटा थियो भनौं, पस्पतिको जात्रामा त वेपार गर्न नछाड्ने नेपाली बानी ।

गएको साल टुंगन खोलाको सिर गोटीखेल पुगेपछि ललितपुर जिल्लाको ठीक मध्य भागमा पुगेको अनुभव भएको थियो । त्यसैले अब यस पटक चाहिं यसको पुछारमा पुग्ने–एउटा सेल पकाउने योजना बन्यो । तीनतिर वागमतीले वेष्टित ललितपुर जिल्लाको परिक्रमा भनेपछि करीब तीस कोस बागमतीको तीरैतिर पर्दो रहेछ ।

"घोडा जान्छ तीरैतीर, म खान्छु खीरै खीर" गीत काठमाडौं खाल्डाको वागमतीलाई मात्र देखेर बनेको हुनुपर्छ । यो खाल्डो काटेपछि कहां पाउनु घोडा जाने तीर ? गोडाले त नसकी हातले समाउनुपर्ने बागमतीको भीर ! कति ठाउँमा जँघार तरियो, कति ठाउँमा घुंडा फोरियो, कति ठाउँमा नाक र पहराको सम्बन्ध जोरियो, के भन्नु ।

तर दोष आफ्नै हो । चापागाउँबाट सोझै भट्टे डांडा पुगी सजिलै झरेको भए हुन्थ्यो, वागमती भेटिइहाल्थ्यो प्यूटारतिर । मलाई भने वागमती-यात्रा नै गर्नुपर्ने, वागमतीको पानी नै पछयाउनै पर्ने । बुरुनचुली उक्लेर घुसेल पुगियो–वागमतीलाई आँखाले धाउँदै । वास बसेको बाबियो गाउँमा भने राती वागमती सुसाएको पनि सुनिन्थ्यो । तर उत्तरतिर फर्केर चीलको चक्षुले हेर्दा शुभ राज्याभिषेकको लागि सिंगारिएको अमरापुरी कान्तिपुरी नगरीको वागमतीको पूलै पनि देखें भन्न भ्याइन्थ्यो ।

भोलिपल्ट बिहान सिमरा जाने प्लेनहरू हातैले समातिएला जस्तो गरी उडेर गएको हेर्दै झागलकोट भात खान पुगियो । पुगियो मात्र किन, वागमती यात्राको सबभन्दा ठूलो पुण्य त्यहीं लुटियो । भनौं एउटा निरपराध प्राणीको प्राण बचाइयो । ठूलो मान्छे आएको भन्ठान्नुभएछ प्रधानपञ्चले, एउटा बबुरो घडीचरोले झन्नै उहांको हातको कुखुरी खाइसकेको ! न सरकारी अधिकृत न पञ्चायतको माननीय, केही नभएकोले आफ्नो हक नपुगेको त्यस्तो कुरा खांदा दर्गाहमा तिर्नुपर्ला भन्ने पीरले बल्ल बल्ल यो खड्ग टारियो–यस्तो कुरो कैल्यै खाने गरेको छैन भनेर ढांटेर । त्यसपछि सांचै ठूलो मान्छे त्यस गाउँमा नपुगुन्जेल जति दिन त्यो चरो बांच्यो त्यसले मलाई आशीर्वाद दिइरह्यो होला । पुण्य जोडियो । पुर्खाले गरेको वागमती-यात्राको पुण्य

आफ्नो अंश भागमा जति परेको छ, त्यससँगै यो आफैंले कमाएको पुण्य पनि जम्मा हुन पुगेकै होला चित्रगुप्तको लेजरमा भन्ने विश्वास गर्दै झागलकोटबाट तल झरियो।

झर्न त झरियो तर भगवानले खुट्टाका साथ हात पनि नदिएको भए झन्नै एकै पटक झरिने ! अनि पाखामा खर र वनमारा नभएको भए साँचै के गरिन्थ्यो होला ? बल्ल बर्ल्ल तल अद पुगियो। त्यहीं कुले खानी खोलासँग देखादेख भो। ३०-४० वर्षअघि कैयौं पटक भेटेको हो त्यो खोला। तर त्यहाँ त चिन्नै नसकिने। कहाँ त्यो कुलेखानीको ध्वाइँ ध्वाइँ कराउने दूधजस्तो झर्ना कहाँ यो लिखुरे खोल्सो, लुखुर लुखुर वागमती भेट्न आइरहेको।

अनि त्यो कुलेखानी जस्तो धेरै खोला पचाई आएकी वागमती भेटिइन्। चोभारको या कालमोचन घाटको जस्तो या अझ आर्यघाटको जस्तो वागमती, पहिले चिने जस्तो शान्त सरल वागमती हुँदै होइन। घर घर जस्ता ठूला ढुङ्गाहरूका बीचबाट दाहिने र बायाँ हान्दै गर्हिरिंदै फैलिंदै गर्ने वागमती भेटिइन्। चूपचाप छेउ लागेर जाऊँ भने पनि नपाइने; पहरा काट्न नसकिएर वल्लो र पल्लोतिर गर्नुपर्ने, फागुन महिनामा पनि कम्मर भिजाउँदै, तिघ्रा कमाउँदै। त्यही पनि यही वागमती-लाई पानी-पनेरो गर्ने दुर्गाजी (सहयात्री दुर्गाप्रसाद तिमसिना, शिक्षक, झागलकोट) साथमा नभइदिएको भए त कुन कक्कारोमा लगेर वागमतीले लुकाउँ-थिन् ! यसै गरी साँझपख माल्टा पुगुन्जेल त्यस बाटामा एक दर्जन जति मान्छे देखिए। दुई तीन जनासंग चाहिं कुराकानी, पनि भयो। भनेपछि, बाटो निर्जन थियो भन्न मिलेन।

'प्रचाक्टिस मेक्स पर्फेक्ट्' अर्थात् रफतले राम्रो हुन्छ भनेर पढ्दा सानैमा रटेको कुरा अहिले आएर माल्टाले सत्य सावित गरिदियो, साँचै हो रहेछ। हामी जस्तो भारेभुरेको त कुरै छाडौं महाचीनबाट आउने मञ्जुश्रीको पनि हात राम्रो वस्तो रहेछ गर्दै गएपछि। चोभारमा राम्रो भएन भनेर हो कि माल्टामा पनि दुई ठाउँमा काटेका रहेछन् पहाड उनले—बागमतीलाई बाटो दिन। कहाँ चोभारको अंग्रेजी ब्राकेट जस्तो बाङ्गो टिङ्गो कटान कहाँ माल्टाको सीधा चट्ट छिनेको गींह ! माल्टामा पनि तल्लोभन्दा माथिल्लोचाहिं बढी शीप पुऱ्याएर काटिएको रहेछ। वधाइ छ मञ्जुश्रीको शीप !

मञ्जुश्रीको शीप सम्झाउने माल्टाले अर्को कुरो पनि सम्झाउँछ। जातिको मनमा परेको त्रास नासिन धेरै समय लाग्दो रहेछ। माल्टाबाट हिंड्दा हामीलाई आस्राङ गिम्दी जस्ता ठाउँमा वास नबस्नू भन्ने अर्ती दिइयो। नचिनेका मान्छेले दिएको कुरा नखानू भनियो। ती खाने कुरामा हरताल हालेर दिन्छन् रे मार्नलाई। त्यो पनि धनमालको लागि होइन रे—धर्मको लागि, परलोकका लागि रे, गुरु-

दक्षिणा चुकाउने रे। यस्ता यी 'रे' का कुराले कान भरेर घना बाहुन बस्ती भएको माल्टा छाडी हामी बाटो लाग्यौं, अस्राङ नबस्ने योजना लिएर। तर वेलुका कति नै गर्दा पनि आस्राङबाट अगाडि बढ्न हामी नसक्ने भयौं। बास वसियो, लुवाङ दोर्जी प्रधानपञ्चका घरमा। माल्टामा भरिएको कानको 'रे' जति प्रधानज्यूको आतिथ्यले पोखियो। तर के भने उहाँका पनि ससुरालीबाट त्यही दिन पाहुना आएका रहेछन्––प्वाङ खोलिएको रहेछ। सानो घर; वातावरण नै प्वाङको गन्धले व्याप्त थियो रातभरि त्यो त्यस्तै रह्यो।

भोलिपल्ट सोभानेभा फेरि अर्को 'सतासीज्यू' कहाँ, पर्सिपल्ट फेरि अर्कोमा। सबैतिर अर्काको खाँदै हिंडियो–पूर्वजन्मको आसामी उठाउँदै हो कि, अर्को जुनीलाई साहू लगाउँदै !

गिम्दी, कटुवा, गूमराङ, सिलिंगे जस्ता सुन्दै दुर्गम लाग्ने नाम। ती नामहरूलाई स्पर्श गरियो, अनुभूत गरियो। विकासको पैसा कल्ले कति ल्यायो, कति खायो। कुन स्कूल बनाउन कति आर्थिक सहायता आयो। कुन गाउँलाई कल्ले सुनले छाइदिन्छु भन्यो र खर पनि दिएन। यस्तै भएका र नभएका कति कुरा सुनियो। तर बुझियो, गाउँलेहरूमा विकासको लागि कति तीव्र उत्कण्ठा छ। कहाँनिर सानो बाँध बाँध्यो भने पानी कहाँसम्म पुऱ्याउन सकिन्छ, कुन ठाउँलाई कति कलधारा दिन सकिन्छ, त्यो इन्जिनीयर नभए पनि गाउँलेलाई थाहा छ। तर साधन छैन। मोटर चल्ने बाटो होइन, घोडेटो पनि होइन, गोरेटो मात्र; पक्की पुल होइन साँघु मात्र हाल्न पाए कुन बाटो कति सोझिन्थ्यो, कति ज्यान जोगिन्थ्यो, गाउँका सोझालाई पनि थाहा छ। तर केही हुँदैन। किनभने सोझा ठाउँमै रहन्छन्। बोल्न सक्ने काठमाडौं पुगेका छन्। त्यहाँ हात्ती माग्दा घोडा पाइन्छ। गाउँलाई भनेर माग्दा आफ्नै लागि केही ल्याइन्छ। त्यतिमै ती रद्द छन्।

बोल्न जान्नेको निम्ति काठमाडौंमा सभा छ, सेमिनार छ—टी० ए० छ, डी० ए० छ। विकासको पैसा छ। इज्जत छ। धाक छ, रवाफ छ। अरूलाई चाहिं छाना उडाएको आदर्श पंचायत छ; ढोका फुक्लिएको, झ्याल उखेलिएको, एका ठाउँमा बनाएर बिल्लिबाठ पारी छाडिएको, अर्का ठाउँमा त्यहींनिर फेरि नयाँ बनाएर भर्न नसकिएको पंचायतको घर छ !

स्कूल छ। कतै भवन छ, विद्यार्थी छैनन्। कतै विद्यार्थीहरू छन्, भवन छैन। जहाँ छन् त्यहाँ बेञ्च, डेक्स्, कालोपाटी छैनन्। अनि जहाँ सबै परिवन्द पुगेको छ, त्यहाँ शिक्षक छैनन्। शिक्षक छैनन् किनभने कहीं गाउंलेले बेवास्ता गर्दा खान नपाएर शिक्षक भागेका छन्, कहीं भने शिक्षक गाउँलेले देउता मानेजस्तो मानेर राख्दा पनि त्यहींका छोरीबेटी टिपेर सहर लागेका छन्। कुरा जे भने पनि नतीजा एउटै

निस्कन्छ । स्कूल बन्द । पढाइ बन्द । केटाकेटीका अभिभावक प्रसन्न, गाई हेर्ने वाखा हेर्ने समस्याको पूर्ण समाधान !

केटाकेटी पढ्दैनन्, नपढून् । यसले बागमतीको कपाल दुख्तैन । बरू उल्टो पढेर गुनेर यी केटाकेटीले उनलाई नै बांध्ने दुहुने काम गरे पो उनले चिन्तित हुनुपर्थ्यो । स्कूल चलेन ? ए ! यो गाउँलेहरूको पनि कपाल दुखाइ होइन । पहिले जस्तो आफै सिंहदरबार धाएर स्कूल पास गराईरहनुपर्ने होइन क्यारे ! मास्टरबाबु नभएर स्कूल बन्द भए, होस् । यल्ले मध्यमाञ्चल शिक्षा निर्देशनालयको कपाल दुखाओस्; यो खोल्ने काम उसको !

कविराजजी (सहयात्री का. मु. जिल्ला-शिक्षा-अधिकारी, श्री कविराज अर्जेल), हामी देवशमशेरको भाषा पाठशालाको युगमा पुग्यौं भनेको के ? गाउँ खाने कथा हो यो !

तर, वागमतीका बगरमा यस्ता गाउँ खाने कथामा जोडिने अरू व्यथा पनि छन् । धर्म पुरानो भयो, कर्म त्यहाँ छैन । बन्दबेपार छैन, बन्द छ । तीस कोश बाटोमा एउटा मात्र पसलेले पैसा गन्दछ । नून किन्न 'नेपाल' पुग्नुपर्छ, चीनी किन्न–चापागाउं ! तर नेशनल ट्रेडिङलाई धन्यवाद छ—चीनियाँ टफी र बट्टाको दूध उसले लुकुनी.फेदीमा पनि पुऱ्याइदिएको छ !

धर्म गर्नलाई हरताल खुवाउने पनि अब रहेनन् कि क्या, प्रहरी हामीलाई चाहिएन । वामतीको फाँटमा लाश फेला परे दुई दिनपर गोटीखेलबाट प्रहरी पुगुञ्जेल त्यो त्यसै सडिसकेको हुन्छ, किस्सै खतम ! केही परिहाले बागमती पारि मकवानपुर छ, रूख पातलिइसकेको भए पनि दम्हारहरू छँदै छन्, अपराधी खोज्नैपर्दैन ।

शाक्य मुनि गौतमलाई बोधीवृक्षमनि ज्ञान भएझैं मलाई वागमतीले हिंड्दा-हिंड्दा ज्ञान दिइन् । यात्राको फल लागेन कसरी भनूँ ? तर बुद्धको ज्ञानले करोडौंको निर्वाण भयो, मेरो ज्ञानले एउटा जग हालेर छाडेको भारदेउको स्कूलको पनि निर्माण भएन ।

जात्रा भयो, व्यापार भएन । यस्तै भयो, तर उखान मिलेन !

□

: १४ :

उज्यालो

इन्द्रबहादुर राई

●

घरमा बिजुली अट्ठाईसदेखि जोडियो, त्यही दिनदेखि मैले केही लेख्न सकेको छैनँ।

पुरानो ल्याम्पले अँध्यारो, उज्यालो र छायाँहरूको टाटा घरभरि बियाइदिन्थ्यो। नक्साहरूको पछिल्तिर, पुस्तकका ताकको मुन्तिरबाट, टेबिलतलतिर र नमिलेका तख्ताका रेखाहरूबाट कल्पनाहरू निस्केर आउँथे मलाई। बाहिर कालो छ, चिसो छ भन्न पसेका दुई चार मुट्ठी अंध्यारोलाई यो घरको छेकोभित्र प्रश्रय थियो। तामाको तारैंतार कुदेर आएको बिजुलीले अब चहकिलो सेतो उज्यालो कोठैभरि भरिदिएर हामीलाई, भाँडालाई, झोला, ओछ्यान जम्मैलाई माथिदेखि हेरेर यहाँ कुनै रहस्य राखिदिएको छैन, अब यहाँ कुनै कविता छैन। बाहिरको अंध्यारोसँग सम्बन्ध राख्नु यसले वारण गर्दछ, सबै कुरा उज्यालोको सेतोमा भासिएको छ। टेबिल टेबिल होइन, काठमा उज्यालो मात्र देख्छु, भित्ता भित्ता होइन,

रंगमाथि उज्यालो मात्र देख्छु; फूलदानका फूल र घाँसहरू, मेरो कोट, पल्लो कोठा जम्मै अवास्तविक; जेमाथि पनि माथिबाट यही उज्यालो बसेको छ, सब चीज भित्र कता पसेका छन् । जीवनलाई नाङ्गोसित छुन पाइएन, यो सेतोले-सबैलाई धपायो। म मान्छे हार्दैहार्दै यस्तो बन्धनमा आइपुगेको छु मेरो जोर चल्ने भएन। पानी दिन्छ है भन्दैमा पानीकल र पनेरो एकै होइन : जीवन हो, कल सभ्यता मात्रै । अझ खोला नदी र समुद्र अर्कै हो । मेरो अधिकार चल्दो हो त सदा वर्खामा घूमको घर ओढेर भिज्दै दिनदिन मेरो पैतालाले बग्दो पानीलाई र बालुवाको खस्रो छोइहिंड्ने थियो; घरभरि काठ र तख्ताहरू विना रंग पचेराका ठोकिने थिए; मलाई छोप्ने मेरा आदत र अभ्यस्तताहरू च्यातिदिन्थें; कठोरतामा जीवन र अस्तित्वलाई बजारौं, कृत्रिमताहरू अड्न नसकी सब भागोस् : केही नमिसिएको जीवन त्यो हो : त्यही जीवनले "आइज बाहिर, निक्ली, खेल्छस् भने" भनेर सँघारबाहिर आँगनदेखि हाँक दिइरहेछ, घरको सुरक्षाको पछि मलाई समाजले लुक्न लगाएको छ; सानो मेरो बत्तीको नाङ्लोभरिको उज्यालोमा म त्यो जीवनलाई केही भेट्न सक्थें । बिजुलीको सेतो उज्यालो अब घरभित्रै पहरा बस्न आएको छ ।

दीयोको बत्तीलाई मैले मेरो हातको हत्केलाको पर्खाल उभ्याएर अनेक पल्ट बचाएको छु, बतास र विपद्देखि छेकेको छु, आफ्नो संरक्षणको प्रयोग गरेर मानिसको बल अनुभव गरेको छु । टुकीले अँजेरु पारिदिन्छ । मेरो आड संरक्षण केही नचाहिने यो बिजुलीलाई हाम्रो जहानको सुख र समृद्धिको आशासँग केही वास्ता छैन, एकोहोरो बलेर उपहाससँग हेरिरहन्छ, जम्मैको घरलाई समदृष्टि राख्न खोज्ने यसलाई म प्रेम गर्न सक्तिनँ। दीयो र टुकी घरभित्रको हो, परिवारै हो, अँजेरु पारेर हिस्साएर त्यो हामीलाई हाँस्न सक्तैन, हामी सँगसँगै निराशा पचाई आउँदो रातको नयाँभित्र हेर्दछ त्यसले । त्यसको लप्का नाचिरहन्छ, खल्बलिएको आकार, उकालो बगिरहेको यसको लघु ज्वालामा नृत्यका सहस्र भेद प्रतिसन्ध्या नवीन छन् : यो भर्भराउँछ, ढल्कन्छ, आफैं बढ्छ, झुल्छ । स्वच्छ सन्ध्या र पुनीत प्रातः पृथ्वीको प्रकृतिमा विधिविधान हुन् महान् पूजनका । बाटो, रूख र जगत्माथि विराट कालका यी गिडहरू ओर्लिरहन्छन्, उठिरहन्छन् । यसैको कृतज्ञ अनुकृतिमा मानिस बत्ती जलाउँछन् औ बत्ती निभाउँछन् । सलेदो उकास्दै उकालो चढाएर साँझमा जब घरघरकीहरूले बत्ती बाल्छन् त्यहाँनेर सानो एउटा सूर्योदय हुन्छ, त्यहाँ सूर्य उकालो चढ्छ, कालो शैल हार्दछ, किरण फिंजिएर कोठामा परपरसम्म पुग्छ । त्यसपछि दिन हुन्छ; उज्यालो लामो दिन । बत्ती निभाउँदै लाँदा एक पल्ट फेरि साँझ दोहोरिन्छ, सूर्यास्त हुन्छ । एक्कासिको उज्यालो र एक्कासिको कालोमा त्यो क्रमशःता छैन, त्यो रमिता, प्रार्थना र संकेत छैन, काव्यात्मकता छैन । जीवनमा आएको जस्तो लाग्दैन,

यात्राको अन्त्य देखाउँदैन। अस्तित्वको असत्य शिक्षा यो बिजुली र यो सभ्यता। मभरिको उज्यालो भए पनि दीपप्रकाशमा मैले रात्रिको उपस्थिति बिर्सेको हुन्नँ, कोठामा यो दिन नै हो भनेर बिजुली जिद्दी गर्छ। मेरो विचार जम्दैन, मेरो विचार र कल्पना जुन म हुँ मकहाँ आउनै सक्तैन। घर हिजोसम्म हाम्रो थियो त्यहाँ हामीले हाम्रा सम्झना, व्यतीत काल राख्थ्यौं, कसैकोसँग नमिल्ने सानो सानो सुख, आशाबाट भाँचिएर त्यसै पडिरहेका निराशाका टुक्राटाक्रीहरू राखेका थियौं। सभ्यतालाई खोर भयो अब हाम्रो घर।

सभ्यतामाथि हालमा सानो विजय पाएँ: बिजुली मारेर यो लेख्दा मैले घिब्री बालेर लेखें।

□

: १५ :

साधारण मान्छे

श्रीधर खनाल

●

के तपाइँ साधारण मान्छे हुनुहुन्छ ? कि आफूलाई विशेषज्ञ ठान्नुहुन्छ ? नभए तपाइँ असाधारण प्रतिभा आफ्नो छ भन्नेमा पो हुनुहुन्छ कि ? जे होओस्, मैले त दुई थरी मान्छे देखेको छु। एक थरी त मेरा आमाबाबु झैं साधारण मान्छे भए। अर्को थरीचाहिं ज्ञान-विज्ञानको फाँटमा पढीओरी कि तालीम पाई अधिकारी कहलाइएका भए। झन् अचेलको खोजिपस्ने जुगमा त कमिलाको खुट्टा मात्र राम्ररी केलाउनसके पनि विशेषज्ञ बन्न सकिन्छ।

हेर्नोस् न, पहिले भए एम. बी. बी. एस. डाक्टर सर्वज्ञ मानिन्थ्यो। तर अचेल नङदेखि लिएर छुसीसम्मका विशेषज्ञ बनेकाले ऊ साधारण डाक्टर मानिन्छ। त्यस्तै एम. ए. पास गर्नेलाई पनि नाडी नछाम्ने डाक्टरहरूले खुर्मुन्याएर साधारण एम. ए. को थान्कामा राखिदिएका छन्। त्यसो त अर्थशास्त्रको डाक्टरले पनि राजनीतिमा भाषण गर्दा साधारण मान्छेले झैं बोल्छ। अर्थात् अर्थशास्त्रमा छोडी अरू

शास्त्रमा उसको राय र जुनुसुकै शास्त्रमा पनि मेरा बाको राय लिनु एउटै कुरो हुन्छ ।

तर म मेरा आमाबाबु जस्तै साधारण मान्छेको कुरो गर्न तम्सेको हुँ । आज सम्मको, मेरो मात्र नभई, मान्छे जातिकै अनुभवले एउटै कुरो सिद्ध गरेको छ । र त्यो के त भने, साधारण मान्छेको अगाडि जस्तोसुकै ज्ञानीगुनी पनि टिक्न सक्दैन । ज्ञानीको ज्ञान निश्चित क्षेत्रमा साँघुरिएको हुन्छ त साधारण मान्छेको ज्ञान-ब्रह्माण्डभरि फैलिएको हुन्छ । यसका लाखौं उदाहरण दिन सकिन्छ । विचार पुऱ्याएर हेऱ्यो भने पाइला-पाइलामा त्यसको अनुभूति तपाइँ लिन सक्नुहुन्छ ।

तपाइँलाई नराम्रोसँग कपाल दुखेछ रे । अनि त कुनै डाक्टरकहाँ जानै-पऱ्यो । टाउकाको विशेषज्ञले तपाइँको टोपी फुकाल्छ । अनि एउटा सानो घनले कन्चटमा, निधारमा र घुच्चुकमा ट्वाक्ट्वाक्-टुक्टुक् गर्छ । उसले तपाइँको सम्पूर्ण अङ्ग एकएक गरी जाँच्छ । त्यत्तिकैमा उसमाथिबाट तपाईंको विश्वास हटिसक्छ-टाउको दुखेकोमा घुँडा छामेर केको स्वाङ पारेको होला भनेर तपाइँ उदेक मान्नु हुन्छ । त्यसमाथि उसले तपाइँका बा कुन बेथाले मरेको भनेर सोध्यो भने त त्यो डाक्टर पक्कै बौलाहामा दरिन्छ । तर ऊ झन्झन् पार्तिदै जान्छ । तपाइँकी आमा, घरका बाजे, मावलकी बज्यै आदि गरी दुवैतर्फको सातपुस्ते इतिहास उसले सुन्छ । अनि, अन्त्यमा, टाउकाका चारओटा एक्स्-रे, रगत-दिसा-पिशाव जांच गरेपछि मात्र सांच्चो रोग पत्तो लाग्ने र रामवाण ओखती गर्न सकिने कुरो सुनाउँछ । तपाइंको कपाल झन् फुट्लाजस्तो भएर टन्कन्छ ।

तपाइँ निराश भएर घर फर्किनुहुन्छ । आज भात खान्न भनेर पल्टनुहुन्छ । तपाइँकी आमा मुखभरि अनुभवका सय मुजा लिएर आउँछिन् । "के भो बाबु ? किन भात खान्नस् ?" भन्दै उनी पसेकी हुन्छिन् । आमाको स्वरमा ममता छ । तपाइँ कपाल दुख्यो भन्नुहुन्छ । "एऽऽ । सर्दीले दुखेको हो । बीयर धेरै खाइस् क्यार, भात नखाए त झन् बढ्छ । बरु चुकपट्टी लाएर सुत्नू । बिहान चङ्गा हुन्छ ।"

अघिको बौलाहा डाक्टरको तुलनामा आफ्नी आमालाई तपाइँ महाडाक्टर मान्नुहुन्छ । डाक्टरको स्वरमा अनिश्चितता थियो त आमाको स्वरमा दृढता । तपाइँ भात खान जानुहुन्छ । भात पनि उत्तिकै रुच्छ । कन्चटमा चुकपट्टी लगाएर सुतेपछि, तपाइँ भोलिपल्ट घाम निकै माथि आइपुगेपछि बिउँझनुहुन्छ । तपाइँलाई हिजो कपाल दुखेको हेक्कै हुन्नथ्यो होला । तर बौलाहा डाक्टरको सम्झनाले मात्र कपाल त दुखेको थियो भन्ने लाग्छ ।

साधारण मान्छेले विशेषज्ञको नाक काटेको ज्वलन्त उदाहरणमध्ये एउटा यो भयो । यस्ता कुरा गरी साध्य छैन । धागाको एउटा टुप्पो नाडीमा बाँधेर

अर्को टुप्पा छामेरै रोग छुट्ट्याउने वैद्यहरूको बयान सुनिन्छ । र त्यस्तो बयान गर्ने साधारण मान्छे नै हुन्छ । दाँत दुख्यो भने टिमुर चपाउने, छाती दुखे अदुवा र कपूर मालिस गर्ने, पेट दुखेमा ज्वानु-पानी खाने, हात भाँच्चियो भने चिप्लेकीरा पिनेर पट्टी बाँध्ने, कान पाक्यो भने भेंडीको सुची हाल्ने, खोकी लाग्यो त ज्वाइँपानी खाने आदि गरेर साधारण मान्छेले ओखती नजानेको रोगै छैन । न त उसलाई स्टेथिस्कोप चाहिन्छ, न उसले रोगीलाई देख्नु कि छुनु नै पर्छ ।

अरू क्षेत्रमा पनि साधारण मान्छे उत्तिकै निपुण हुन्छ । साधारण मान्छे माइलाको पसलमा चिया-चप खान जान्छ । गएर खाइहाल्छ पनि । तर पैसा तिर्दा पो चपको भाउ बढेको चाल पाउँछ । अनि ऊ त्यसको कारण खोतल्न थाल्छ । सरकारी अर्थनीतिमा कहाँ, के खोट भएकोले महगाइ बढेको हो भन्ने कुराको छ्यान-ब्यान गरिछाड्छ । माइलालाई पनि आफ्नो ग्राहकको बुद्धि देखेर खुशी लाग्छ । ‘के गर्नु ? यस्ता मान्छे मन्त्री भए पो देश उँभो लाग्छ । कस्तो चित्तबुझ्दो कुरो गर्‍यो !’’, साधारण मान्छे गइसकेपछि साधारण माइला अरू साधारण ग्राहकलाई भन्छ ।

लाओसको लडाइँ, भियतनामको मारकाट, तिब्बतको उपद्रो कि स्वेज-समस्या जुनसुकै कुरामा पनि साधारण मान्छेको प्रस्ट मत हुन्छ । उसलाई कुनै जाँच समितिको प्रतिवेदन सुन्नु छैन; उसलाई कुनै मुलुकको इतिहास पढ्नु छैन; न त उसलाई विश्व-राजनीतिसँग नै चासो छ । उसको निष्पक्ष मगजले जसको कचिङ्गल ठहर्‍याउँछ त्यसैको निन्दा ऊ गर्छ ।

अमेरिकाली प्रेसिडेण्ट केनेडी गोली खाएर मरे । विभिन्न विशेषज्ञहरू त्यसको छानबीनमा लागे । तथ्यमा पुग्न कति समय लाग्यो ? तैपनि टुङ्गो विवादनीय नै छ भन्छन् । त्यसरी विशेषज्ञहरूले टुङ्गोमा पुग्न नसकेर फाइल थन्क्याइएको मामला अरू पनि छन् । तर साधारण मान्छेको निम्ति केनेडीको हत्या त्यस्तो जटिल कुरो होइन । अपराधीलाई सजायँ हुनुपर्छ, त्यत्ति हो । आखिर साराका सारा विशेषज्ञ कि राजनीतिज्ञहरूको उद्देश्य पनि त अपराधीलाई सजायँ गर्नु नै न हो ?

नेपालमा पहिलोपल्ट विमान-दुर्घटना भयो । त्यसको जाँच-बूझ भएर कारण फेला पर्न त निकै समय लाग्थ्यो । खासखास विशेषज्ञहरूलाई त्यसको लागि नानाथरि प्रश्नावली बनाउननुपर्‍यो । अनेक ठाउँमा जानुपर्‍यो । कैयौं मान्छेसँग भेटघाट गर्नुपर्‍यो । तर साधारण मान्छेले दालभात खाए झैं समस्या सुल्झाइदियो । उसले विमान खसेको सुन्नसाथ भन्यो, ‘‘अटाई न अटाई मान्छे र माल लादेपछि के धान्थ्यो त हावाजहाजले ? ओइरो हालेपछि पइरो लाग्ने नै भयो ।’’ सबभन्दा उदेकलाग्दो कुरो त

के भयो भने विशेषज्ञहरूको अन्तिम प्रतिवेदनमा "ओभरलोड"को शङ्का गर्न सकिन्छ भनिएको थियो। के अब पनि साधारण मान्छेका कुरा नसुन्ने त ?

साधारण मान्छेले भविष्यवाणी गरेको पनि देखिएको छ। एक पटक काठमाडौंबाट दिल्ली जान उडेको डेकोटा विमान ढोरपाटनमा खसेको थियो। त्यो थलाको जाँचबूझ गर्न आर. एन्. ए. सी का उसबखतका "अपरेशन म्यानेजर" गए। उनले पोखराबाट "पिलाटस पोर्टर" आफैंले उडाएर ढोरपाटन पुऱ्याउने सुर कसे। त्यस बखत आकाशमा बादल बाक्लै थियो। साधारण मान्छेको बुद्धि अनुसार त्यस्तो बदली भएको दिन जहाज उडाउन हुन्नथ्यो। तर चालक विशेषज्ञ थिए। कस्ताकस्ता मौसममा विमान उडाईउडाई खपीस भइसकेका थिए। त्यसैले उनले पोखराबाट निर्धक्क भएर विमान उडाए। यो दृश्य हेरिरहेका साधारण मान्छेहरूमा एक जनाले प्वाक्क भनेको सुनियो, "त्यस्तो सगर देख्दादेख्दै यसले हावाजहाज उडायो। अब यो मान्छे फर्केर आयो भने मेरो मुखमा⋯गरिदिनु।" नभन्दै त्यो विमान पनि दुर्घटनामा पऱ्यो। साधारण मान्छेको भविष्यवाणी त्यस्तो चर्को हुँदो रहेछ।

साधारण मान्छे एक पटक आकाशतिर पुलुक्क हेरेर समय बताइदिन्छ। ऊ घडीको भर पर्दैन। यन्त्रको कमारो बन्दैन। ऊ फित्ताले नापेर माइल निर्धारण गर्दैन। स्याउला बालेर कि रुमाल सुकाएर कोस निश्चित गर्छ। ऊ रेडियो सुनेर 'भोलि पानी पर्छ' भन्दैन। ऊ त हावा सुँघेर पानी पर्ने नपर्ने थाहा पाउँछ। साधारण मान्छे तोकिएको बेलामा खान जान्दैन। ऊ भोक लागेपछि मात्र खान जान्दछ। ऊ रिस उठेको बेलामा हाँस्न र खुशी लागेको बेलामा आँसु झिक्न जान्दैन। ऊ दुःख लागे रुन्छ र खुशी भए हाँस्छ।

वैज्ञानिक चमत्कार देखेर साधारण मान्छे साधारण ढंगले आश्चर्य प्रकट गर्छ। "यो पनि हामी जस्तै मान्छेले बनाएको त हो नि। गर्न सके जे पनि हुँदो रहेछ के।" यति प्रक्रिया ऊ जनाउँछ। मान्छेको मिर्गौला साट्नु र मुटु फेर्नुमा ऊ केही फेद पाउँदैन। भोलि मगज साट्न सकिन्छ कि सकिन्न भन्ने कुरो किटेर कोही विशेषज्ञ भन्न सक्दैन। तर साधारण मान्छे सजिलैसँग भन्न सक्छ। मुटु फेरेपछि मगज फेर्न सकिन्छ, सकिन्छ। आखिर उसको भविष्यवाणी सत्य सिद्ध हुन्न नै भनेर पनि त तपाईं ठोकुवा गर्न सक्नुहुन्न। कि सक्नुहुन्छ ?

संसारको पहिलो वैज्ञानिक वैज्ञानिकै बनेर जन्मेको थिएन। त्यो साधारण मान्छे नै थियो। मानिसले जुनसुकै क्षेत्रमा जतिसुकै प्रगति गरेको भए पनि सुरुमा त साधारण मान्छेले नै त्यस फाँटमा खुट्टा सारेथ्यो। हावाजहाजको आविष्कार हुनुभन्दा धेरै अघि चरा झैं उडन पाए कस्तो हुन्थ्यो भनेर साधारण मान्छेले कल्पना

गरेथ्यो । हिसाबमा शून्यको आविष्कार गर्ने मान्छेलाई गणितज्ञ, हिसाबशास्त्री कि महान् वैज्ञानिक भेद उपाधि दिन सकिन्छ ; र दिनु पनि पर्छ । तर एक, दुई गन्न त साधारण मान्छेले नै जानेको थियो ।

सापेक्षवादको सिद्धान्तले न्यूटनका केही मान्यतालाई रद्दी तुल्याइदियो र पनि न्यूटनले गारो नलाइदिएका भए आइन्स्टाइनलाई तला थप्न गाह्रैपर्थ्यो। यो कुरो त तपाइंहरू सजिलैसँग मान्नुहुन्छ । तर न्यूटनभन्दा अझ माथि जानुहोस् त। अनि पो थालनी त साधारण मान्छेबाटै भएको रहेछ भनेर पत्तो लाग्नेछ । तर यसको खोजी कसैले गर्दैन। साधारण मान्छे स्वभावैले यस्ता कुरामा रौस लिंदैन, विशेष मान्छे साधारण मान्छेको गुणगान गर्न गाहारो मान्छ । अनि ? हावाजहाजको इतिहासमा राइट दाजुभाइ अमर भए । तर चरा जस्तो भएर उड्ने विचार गर्ने र पखेटा हालेर अग्लाबाट फालहाल्ने मान्छेका नाम तपाईंलाई थाहै छैन । किन ? किनभने उनीहरू साधारण मान्छे भएकाले । तर साधारण मान्छे यस अन्यायको कहिल्यै उच्चारण गर्दैन। उसले आफ्नो मारिएको हक पाऊँ भनी आजसम्म मागेको छैन। त्यसैले साधारण मान्छे स्तुत्य छ, वन्दनीय छ ।

□

: १६ :

कठै मेरो काठमाडौं !

नगेन्द्र शर्मा

●

काठमाडौंलाई मैले चिन्न थालेको निक्कै भयो। ६ साल, त्यसपछि ७ साल, फेरि ९ साल। सरदर यही हिसाबले, कहिले चाँडै-चाँडै कहिले दुईचार वर्षको फेर पारेर मलाई काठमाडौं आइरहनुपर्थ्यो। कुनै वेला कामले, कुनै वेला मोहले; केवल मोहले !

यसै अवधिमा नेपालको इतिहासले समेत पल्टा खायो। जहानियाँ सयवर्षे शासन गयो, प्रजातन्त्र आयो। तर काठमाडौंको भोलि गएन।···

पहिलो-पहिलोचोटि यो भोलिले मलाई रीस उठ्थ्यो। कुनै काम लिएर गयो, "भोलि आउनुस्"। दस दिनपछि जानु फेरि "भोलि"। हैरान हुन्थें। सम्झन्थें भानुभक्तको भोलि-भोलि हुँदैमा···। सय वर्षमा पनि केही प्रगति भएनछ काठमाडौंको 'क्यारेक्टर'मा भन्ने लाग्थ्यो।

अब लाग्न लाग्यो, यो "भोलि" कुनै वचन दिएको होइन रहेछ। केवल एक

किसिमको शिष्टाचार, कुनै-कुनै व्यक्तिमा झन् एक बानी मात्र। सक्तिनँ, गर्दिनँ वा हुँदैनको एक पर्यायवाची रूप एक आश्वासन दिने तरीका, बस।

हुन पनि त्यो भोलिवाल विचरोले के गरोस्? उसका अरू पनि त काम हुन्छन्, तलबाट आउने उत्तिकै, माथिबाट आउने पनि। सबै छोडेर मेरै काम मात्र भोलिपल्टै गरिदिनु उसलाई सम्भव पनि नहोला। फेरि उसको पनि त 'मूड' हुन्छ! शायद बिहान घरमा भातै जुटेन होला, छोरो बिरामी पर्‍यो होला। त्यस्तै चाड-बाड पनि त हाम्रा धेरै छन्—आज एउटा, भोलि अर्को, आज खिचापोखरीमा 'मोटो' बनेल बनेको छ!

यी विभिन्न कुरा मैले अब बुझ्न लागें, बल्ल.........।

काठमाडौं देउताहरूको घर हो भन्छन्। त्यसैले ईश्वर भेट्न यहाँ सजिलो भएको छ। यहाँ हजारौं मन्दिरहरू छन् र घरै नगीच देवल हुन्छन् भनेर मात्र होइन, ती त छँदै छन्, तर तिनमा पुग्नु पनि त पर्छ। इच्छा हुनुपर्‍यो, जाँगर हुनुपर्‍यो। तर मोज के छ भने, नास्तिक र जाँगर-मरुवाहरूलाई पनि देव-देवलले छोड्दैनन्। मुहम्मद पर्वतमा नगए, पर्वत मुहम्मदकहाँ! दिनहुँ लाटो बाहुन घरैमा आउँछ, पशुपतिको फूल-प्रसाद खल्तीमै, सधैं एक पैसामा म भक्ति किन्छु, भगवान् मनाउँछु। (अफिस जाने वेलामा घरपछिल्तिरको गमलामा नजर पर्छ, बिहान फुलिराखेको फूल छैन, बाः बाहुन।)

पशुपति नै जानुपरे पनि ढोकाबाहिर सुका-मोहरको पूजासामा! निधारमा चन्दनको 'साइज' बाट म भक्तको पेशा अड्कल्न खोज्छु. कस्तो नकच्चरो? नयाँ सडकबाट गौशालामा सोझै साझा चलेकोले हो क्यार, त्यतिको भीड पशुपतिमा! हिजो 'क्याशिनो' मा देखेका साहूहरू, एकपछि अर्को!

हाम्रो जस्तो उदार धर्म कतै नहोला। देवलमा चढेको लड्डू किन्ने पैसाको पनि रंग हेरिन्छ र, सेतो होस् वा कालो। महिनावारीले त मन्दिर पनि कहाँ बनेको छ? आँपको पो कुरो छ, रूख किन चाहियो!

पशुपतिका कृपाले जीवन जस्तो भए पनि क्षम्य छ!

"पद्य-संग्रह", "ऋतु-विचार" र "मुना-मदन"-को आधारशिलामा उठेको काठमाडौं-सम्बन्धी मेरो केटाकेटी स्वप्न-महल! देवकोटालाई एक पल्ट भेट्न पाए हुँदो हो—चुरोटको कोसेली लिएर जानुपर्छ रे। लेखनाथ लैनचौरतिर बस्छन्, भेट्न गाह्रो छैन रे। बालकृष्णशमशेर अब सम भएका छन् रे, दाह्री पनि पालेका छन् रे—'भारती' मा तसवीर देखेनौ?

फूटपाथको पान पसलमा म उभिरहेको हुन्छु। भिक्षुजी आउनुहुन्छ, पान

(जर्दावाल ?) खानुहुन्छ, सडकमै पिचिक्क ! कस्तो फोहोर काठमाडौं ? (मेरो सोचाइ !) ।

धरहरापछिल्तिरको साँगुरो छिडगल्लीबाट एक जना बूढा निस्कन्छन् । सेतै दाह्री, गोल-गाँधी चश्मा, तीन सुर्के चन्दन । "यी बूढालाई कहाँ देखे झैं लाग्छ ? हेर घाममा घपेडी भएर सास फुलेको ! साइकल, छाता पनि रहेनछ क्यार । त्यसै छिडीतिर कहीं बस्ता हुन् ।"

साँझमा ठिटाहरू नेपाली साहित्य ओकल्छन्, मेरो डेरामा छ साहित्यबाट साहित्यिक) । "ए, त्यो ? चाकडीवाज, कन्जर्भेटिभ । ऊसँग बढ्ता भेटघाट पनि नगर्नु, जान्नेले । तिमी नौला छौ, बुझ्दैनौ ।"

"ओहो···, त्यसलाई त दिनहुँ रक्सी नभई हुँदैन, ठिटी पनि अझ । त्यो त्यो उपन्यास पनि त मौलिक कहाँ हो र ? '······' बाट चोरेको, हूबहू नक्कल ।"

मेरो सपना टुट्दै जान्छ । नमस्ते घट्तै जान्छ ।

मेरो छिमेकको घरमा आधा राततिर कंकला शब्द गरेर मानिस रोएको सुनिन्छ । कुनै मानिस अवश्य मरेको हुनुपर्छ ।

विहान मकहाँ पढ्न आउने युवतीलाई सोध्छु, हो रहेछ । एक्काईस-वाईस वर्षको ठिटो रे, आ. इ. ए. को विद्यार्थी, उसैको क्लासभेट । एकै रातको बिरामीले, बिचरा······

"तिमी हेर्न गइनौ त ? टोलका मानिसहरू पनि गएको देखिनँ, किन नि?"

"उनीहरूका गुठियार आइहाल्छन् नि" (ठाडै जवाफ !) । मलाई च्वास्स कहाँ कहाँ काँढा बिझेझैं लाग्छ—मेरा न त कुनै गुठियार न कुल कुटुम्ब ! लाश त्यसै सडेर जाला त ?

मृत्युको दृश्यले 'सेक्स' भड्काउँछ भन्छन् । मलाई त्यो मृत्युको सोचाइले बिहेतिर लोभ्याउँछ भन्नै त्यसै युवतीलाई "प्रोपोज" गरेको !

उसै युवतीसँग अर्को प्रसङ्गमा म भन्दछु: "काठमाडौंले 'सन्-वाथ' को महत्त्व बुझेझैं लाग्छ ।" (मेरो झ्यालबाट देखिने सडकमा एक जना भर्खरैकी सुत्केरी आफ्नो थिलिथियो ठ्यूँमा तेल लाउन लागिरहेकी छे, अर्धनग्न !)

"पढे-लेखेका र सभ्य स्वास्नीमान्छे त्यसो गर्दैनन्"—युवती विरोध गर्छे स्मित लाज मानेर ।

मलाई पनि त्यस्तै लाग्न लाग्यो । शिक्षाले र सभ्यताले हामीलाई सडकमा बजारमा वा मेलाटारमा जुवारी खेलनबाट वञ्चित गर्दो रहेछ ।

काठमाडौंमा जुवारी हेर्नलाई पहाडबाट बाईसधारा नुहाउन वा शतबीज छर्न ओर्लेका "काँठे" (काठमाडौंको शब्दमा) पर्खिनुपर्छ । सन्‌बाथ गर्नबाट पनि वञ्चित, कैंचीमार फरिया लाउनबाट पनि । सभ्यताले हामीलाई प्रकृतिबाट टाढा लाँदो छ, लाजतिर······

तर घुमेर फेरि हामी त्यहीं त आइपुग्दै छैनौं ? जुवारी बिर्सेर, तर बलडान्स लिएर। (घुंडासम्म) ! छोडेर तर मिनि-साडी लाएर। छोप्नुपर्ने देखाएर, देखाउनुपर्ने छोपेर। स्विम-सूट साधारण हुन लागेपछि हामी 'सभ्य' भएका हुनेछौं, प्रकृतिको नजीक पुगेर (चरम सभ्यता त 'न्यूडिस्ट् कलोनी' मै मात्र होला !) आज हाम्रा "काँठेहरू" असभ्य छन्, प्रकृतिको नगीच रहेर !

नेपाली नारीहरू हेपिएका छन् (पुरुषहरूबाट) भन्ने गुनासो नौलो होइन। सम्पूर्ण नेपाललाई समष्टिरूपमा लिने हो भने यस कुराको सभ्यतामा शंका गर्ने ठाउँ छ। काठमाडौंको कुरो बेग्लै। "लेडीज फर्स्ट्"-को दिन यहाँ आइपुगेको छैन भने हुन्छ। बसका यात्रीहरू यसको उदाहरण पेश गर्दछन्, लेडीज सीटमै बसेर— "हामीले टिकट काटचा छैनौं र ?" फलस्वरूप लोग्नेहरू बस्छन्, स्वास्नीहरू उभिन्छन् !

फागु आउँछ, म रमिता हेर्न बाहिरिन्छु। यो चाड हिन्दुस्थानमा पनि देखेकै हो, फोहोरी र भाँडभैलो। म आफू होली रुचाउन्नँ, कराकर नहुञ्जेल। एक त कसो कसो यो नेपाली चाड हो भन्ने मलाई लाग्दैन; दोस्रो यसमा कर्म-मन-बचनले अश्लीलता मात्र झल्किने हुनाले। तर सार्वभौमिक स्वतन्त्रता, राष्ट्रियताको र सभ्यतासमेतको दुहाइ दिंदै यहाँ सात दिनसम्म होली खेलिन्छ। सुन्नुभो ? सात दिन ! पुतली सडकमा हिंडिरहेकी एक युवतीलाई रङ छ्यापेकोमा उनी मुर्मुरिएर भूराहरूलाई पिट्न जान्छिन्—एकैछिनमा भूराका सहयोगी 'एडल्टहरू' आएर युवतीलाई नै कुटुंला-मारुँला झैं गर्छन्, हातै समेत हाल्छन्। छुट्याउँदाको कत्रो फजिती !

काठमाडौंका नारीहरू किन नारा नलाऊन् त ?

काठमाडौंका 'बजार' हेरेर म कलकत्ता सम्झन्छु। कुनै समय थियो, आज बङ्गालले सोचेको कुरो भारतले भोलि सोच्छ भनी बङ्गाली गमक्क पर्थे। आज नोकरीमा मद्रासको जबर्जस्त होडमा बङ्गाली हार्दा छन्, व्यापारमा मारवाडी, सिन्धी र पञ्जाबीको चपेट बढ्दो छ। बङ्गाली बिचरो आफ्नै घरमा किरानी छ, हेपिन्छ, किचिन्छ। रीसले केही नपाएर ट्राम बसमा आगो लगाउन पुग्छ।

तर यसको कारण छ। न्यू मार्केटको सिन्धी पसलमा एक थान साडी किन्न जानुहोस्, सिन्धीले सय थान सामुन्ने पसारो पार्दिन्छ (चुरोट र कोकाकोला त एक्स्ट्रा !) ग्राहकको ओठभन्दा उसको हात (कपडा झिक्नमा) चाँडो चल्छ। खल्तीमै रुपियाँ नभए त के लाग्छ। नत्र एक-दुई थान नकिनी कुन मुखले बाहिरिने ? हाँसी हाँसी सिन्धीले लाउँछ फाँसी !

उता बङ्गाली पसलमा पस्नुहोस्, पाँच मिनेट त 'बाबू' ले तपाईंलाई देख्लै-नदेख्ला। दुई-चार थोक हेरिसकेर नकिनी अर्को औंल्याउनुहोस्, उसको कालो अनुहार 'टेक्निकलर' हुन बेर छैन, झर्कि नहाले पनि !

नेपाली व्यापारीहरू त जातैले सुरा ! पसलेको झर्काइ यहाँ सूट-प्याण्टहरूको निम्ति मात्र सीमित छ। 'पहाडिया' सोझाहरूलाई त सोझै अर्धचन्द्राकार "मूला" सुला त साधारण (मायाप्रदर्शनको रूपमा !)। इन्द्रचोक र असनमा यो रमिता एक 'टूरिस्ट' आकर्षण हुन सक्छ हामीले जानेदेखि !

दुई-चार वर्षअघि म छानी-छानी नेपाली पसलमै मात्र जान्थें। आज छानी-छानी जान्नँ।

काठमाडौंमा गत १–२ वर्षमा सरदारजीहरूको छिचिमिरे-वृद्धिमा के आश्चर्य ?

आफ्नो कमजोरी लुकाउन खोज्नेले अरूको दोष देखाउनु अस्वाभाविक होइन। प्रगति गर्न नसक्नेले सक्नेहरूलाई तल तान्नु पानीको प्रकृति पैल्याउनु झैं हो—बराबरी हुने एक तरीका।

प्रगतिमा पछि परेको नेपालका पनि 'स्केप्गोट्' हरू छन्। हाम्रो प्रगतिका तगाराहरू के-के हुन् त, भन्ने प्रश्नको उत्तरमा सुनिएका नमूना उत्तरहरू :

(क) "साम्राज्यवादी" नै भए पनि भारत जस्ता देशमा अंग्रेजहरूले सडक-रेल-जहाज बनाएरै गएका थिए र सजिलो भयो, नेपालमा सय-वर्षे शासनले त्यति पनि गरिराखेन" (बरु अंग्रेज भएको भए गर्थ्यो कि ? भन्ने अर्थमा)।

(ख) "प्रजातन्त्र मात्र आएर के गर्नु ? बूढा-पुराना कर्मचारीहरूको बोल-बाला गएको छैन, नयाँ 'आइडिया'को कदरै हुँदैन।" (केटौले सेक्सन अफिसर-हरूको गुनासो !)

हाम्रो यो प्रवृत्तिमा परिवर्तन आउला त ? नेपालले प्रगति गर्ला त ? नयाँ सडकमा उभिएका एक 'नेता'लाई मेरो प्रश्न एक दिन।

"अम्मा यार, कैसी प्रगति ?"—मेरो सातो लिन खोजेझैं उनी कुर्लिन्छन्—"हमलोगों में राष्ट्रियता की भावना ही कहाँ है ? तो प्रगति कैसे ? कुछ नहीं होगा, समझे, कुछ नहीं।"·········

म काठमाडौं देखेर चकित हुन्छु।

हाम्रो यो राजधानी अब 'स्ट्रीमलाइन्' हुन लागेको छ। विशेषताहीन, सलाई-बट्टे स्टलहरू र 'मोनोटोनस' सिमेन्टी राक्षस (मिनि-स्काइस्क्रेपर ?) हरूले हाम्रा मलिला कोठेबारीहरू र सागपात उब्जने खेतहरू निल्दै लगिरहेछन्। यसै क्रममा काठमाडौंले प्रगति गरे ५।१० वर्षभित्रै शस्य-श्यामला, उर्वरा प्रकृतिको काखमा बसेका भनी गर्व गर्ने हामीले कलकत्ता वा सिंगापुरबाट टीन-डिब्बे साग-सब्जी झिकाएर खान थाल्नु नपर्ला भन्न सकिन्न। त्यो दिन कस्तो होला ?—सम्झेर दिक्क लाग्छ। आजै······

: १७ :

दाँत

ध. च. गोतामे

●

मानव-शरीरका महत्त्वपूर्ण अवयवहरूमध्ये दाँतको पनि ठूलो महिमा छ भन्ने कुरो मेरा एक नख-दन्तविहीन मित्रले मलाई सुनाए। उनको भनाइ मान्ने हो भने त सबभन्दा जीवनोपयोगी वस्तु दाँतलाई नै भन्ठाने हुन्छ। दाँतको अभावमा मानिस समस्त खाद्य पदार्थ र सुस्वादु भोजनबाट बञ्चित हुन जान्छ र उसले केवल झोल वस्तु, जस्तै शर्बत, सुप, सुरूवा, सुरा (सोडासहित) इत्यादि खाएर वा पिएर निर्वाह गर्नुपर्छ हुन त हिजो आज नक्कली दाँत हाल्ने चलन पनि छ तर त्यसको एउटा कठिनाइ के छ भने सधैँ राति सुत्ने वेला मुखबाट झिक्ने झन्झट गरिरहनुपर्दछ। त्यसो नगर्दा आफ्नो दाँत आफ्नै घाँटीमा अड्केर चिर निद्रातर्फ जाने डर हुन्छ। निदाएको वेला घाँटी हेरेर दाँत निल्नुपर्छ भन्ने कुराको कसैलाई हेक्का पनि त रहँदैन।

हाम्रा पूर्वजहरू दाँतको हेरविचार गर्नमा बडा चनाखा थिए। ती सन्तति-

निग्रहपट्टि नलागेर भैसकेका सन्तानको वज्र-दन्त बनाउनेतर्फ सचेष्ट रहन्थे जसबाट जीवनभरि ती चर्न सकून्। दाँतसम्वन्धी सबै व्यायामको नियमित अभ्यास गराइन्थ्यो। व्यायामको प्राथमिक शिक्षा छिमेकीहरूका कटमेरा फलफूलबाट प्रारम्भ हुन्थ्यो। यस कार्यमा चामल बिक्रेता साहूले पनि हृदय खोलेर सहयोग गरेको-उल्लेख नगरी रहन सकिन्न। दाँतको स्वास्थ्यका लागि पुर्खाहरू सन्तानलाई सिठुवा दिनका लागि दिनभरि तमाखु खान्थे र रातभरि खोकिरहन्थे। उता सन्तानका सहधर्मिणीहरू दिनभरि तमाखु भर्थे र रातभरि सुत्न नपाएर सरापी रहन्थे। मेरा एक पूर्वज सिठुवाको प्रशंसा गर्दै भन्नुहुन्थ्यो—"सिठुवा दल्नाले दाँत मोतीजस्ता हुन्छन्, दिमाग नरिवल जस्तै गुदिऐको हुन्छ, स्वरमा गम्भीर गर्जना आउँछ र अनुहार चिलिम जस्तै कान्तिमय हुन्छ।" हिजोआज घटिया टूथपेस्टको प्रचारले गर्दा बुज्रुगहरू तमाखु खान छाडेर चुरोट-बिडी तान्न थाले। हामी सिठुवाको महात्म्यबाट सधैंका लागि वञ्चित भयौं।

हाम्रा पूर्वजहरू बडो बुद्धिमान थिए। आफूलाई चाहिने हरेक वस्तु जगेडा राख्थे (हाल यो प्रथा निजामती सेवामा मात्र पालन गरिएको देखिन्छ)। ती केही दाँत मुखमा र केही कोखामा लुकाएर राख्थे। मुखको दाँत केवल भोजन र कुरा चपाउनमा प्रयोग गर्थे। मेरो विचारमा तिनताक 'कुरा' भन्ने कुनै पोसिलो तत्त्व भएको वनस्पति हुँदो हो जसको कलिलो भागलाई पुर्खाहरू खाँदा हुन् र चाम्रो भागलाई चपाउँदा हुन्। त्यही वस्तु कालान्तरमा कुरिलो भएर उब्जिरहेको छ। यसवारे कदर नपाएर सधैं पीडित भैरहने एक भाषाशास्त्रीसित विचारविमर्श गर्दा उनले समेत मेरो अनुसन्धानको पुष्टि गरे—"सुराबाट सुरिलो हुन सक्छ भने कुराबाट कुरिलोको व्युत्पत्ति हुनैपर्छ।" यस प्रकारले पुर्खाहरू मुखको दाँतलाई नै खान र देखाउन दुवैका लागि प्रयोग गर्थे। घरमा खान्थे र अड्डामा देखाउँथे। यसबाट अड्डामा राम्रो अनुशासन कायम हुन जान्थ्यो। यस बाहेकका अरू दैनिक व्यापार र सामाजिक सरोकारमा जगेडा राखिएका कोखाका दाँत प्रयोग गर्थे। त्यस कालमा डेन्टिस्ट् पनि दुई किसिमका हुन्थे—मुखको दाँत बनाउने बेग्लै, कोखाको दाँत बनाउने बेग्लै। जुन टोलमा जुत्ता पसल हुन्थे त्यहीं दाँत बनाउने पसल राख्ने व्यवस्था बुज्रुगहरूले मिलाएका थिए।

समाजमा घोडा किन्दा र केटी हेर्दा सर्वप्रथम दाँतकै परीक्षा गर्ने चलन थियो। हुन त उहिले पनि समाजमा सौन्दर्य प्रतियोगिताको चलन नभएको होइन। तर उहिलेको र आजको प्रतियोगिताको तरीकामा धेरै अन्तर देखिन्छ। हिजो आजका जाँचकीहरू कोपीन लगाएका सुन्दरीहरूलाई कवाज खेलाएर हेर्छन् र कम्मरसमेत तीनै अङ्गहरूको नाप लिएर परीक्षण गर्दछन्। उहिले पनि सुन्दरीहरूको कम्मरको नाप त लिइन्थ्यो तर त्यो यति सरल थिएन। त्यसका लागि मानिसहरू

सिंह समात्न जङ्गलमा काज खटाइन्थे। सिंह एक त पाउनै गाह्रो, त्यसमा पनि समातेर ल्याउनु त झन कठिन थियो। अतः जङ्गल जानेहरूको उता भ्रमण-भत्ता बढ्नुका साथै यता सुन्दरीको कम्मर पनि बढ्दै जान्थ्यो र पछि हात्तीसित दाज्न लायक कम्मर भएपछि ती स्वयं प्रतियोगिताबाट खारेज हुन्थे। सिंह समात्न पठाउँदा समय धेरै लाग्ने र अर्थको पनि निकै हानि हुने भएकोले बुझ्रुगहरूले पछि सिंहको सट्टा बारुलोलाई मान्यता दिन थाले। सबभन्दा अन्तिम परीक्षणमा युवती-को दांत (नउखेलीकन) गन्ती गर्ने चलन थियो। मुखमा र कोखामा गरेर दुवै-तर्फ जसका बत्तीस दाँत हुन्थे तिनलाई बत्तीस लक्षणले युक्त सुन्दरी घोषित गरिन्थ्यो। त्यस्ता कन्याका लागि बडो कचिङ्गल मच्चिन्थ्यो। कन्याको पाणिग्रहण गर्नका लागि वीरहरू पाए धनुष भाँच्थे, नपाए पिताको दाँत भाँचेर भए पनि छोरी अपहरण गरेर लैजान्थे। कन्यादान गर्ने सिलसिलामा वीरहरूद्वारा दाँत भाँचिएकोमा पिता पनि गद्‌गद् हुन्थ्यो र आफ्नो शेष जीवन सुरुवा खाएर हरिचर्चा गर्नमा व्यतीत गर्थ्यो।

यसै गरी समाजमा मानिसको उमेरका विभिन्न अवस्था पत्तो लाउने अनेक वैज्ञानिक पद्धतिहरू प्रचलित थिए। उदाहरणका लागि कुनै व्यक्ति शैशव समाप्त गरेर युवा अवस्थामा पुग्यो पुगेन त्यसको लागि जाँचकीहरू शिशुको टाउकोमा पालै-सित तबल बजाएर जाँच गर्थे। यसो गर्दा यदि तालु पुरिइसकेको छ र तालुको तेल समेत सुकिसकेको छ भने समाजले त्यस व्यक्तिलाई युवा भएको घोषणा गर्थ्यो। हिजोआज बग्लै प्रथा प्रचलित छ—जो शिशु मातापिताद्वारा अनेक प्रलोभन दिइँदा पनि सडकमा नित्यकर्म गर्न शरम मान्दछ त्यसलाई युवा भैसकेको ठानिन्छ र अभिभावकहरू युवक-संगठनको सदस्यताका लागि दौडधूप गर्न थाल्दछन्। यस बाहेक अर्को प्रथा पनि युवावस्था जाँच गर्नका लागि तिनताक प्रचलित थियो। जाँचकीहरू उम्मेदवार युवकको पालैसित ओठ निचोर्थे। यसरी निचोर्दा यदि ओठबाट दूध आएन भने तिनलाई किशोर भएको प्रमाणपत्र प्रदान गरिन्थ्यो। युवकको जाँच गर्ने यो प्रथा पनि अद्यापि समाजमा छँदै छ तर बडो विकृत रूपमा, अतः उल्लेख नगरि रहनु नै श्रेयस्कर होला।

वयस्कताको जाँच पर्दा पनि दाँतलाई महत्त्वपूर्ण आधार मानिएको थियो। एक प्रकारको दाँतलाई बुद्धि-बङ्गारा भन्ने चलन थियो। यो दाँत मुखमा नआई कोही कसैलाई बुझ्रुक वा बुद्धि भएको मान्न तयार हुँदैनथ्यो। अतः समाजमा कुनै गहिरो कुरो व्यक्त गर्नुपऱ्यो भने वक्ताले पहिले सबैलाई मुख च्यातेर विशेष प्रकारको दाँत देखाउनु अनिवार्य थियो। साहित्यिक-सम्मेलनहरूमा कवि वा कहानीकारले श्रोतालाई दाँत देखाएर मात्र रचना पढ्ने चलन थियो। जतिसुकै क्रोधी आलोचक

भए पनि आलोचनात्मक लेख सुनाउँदा श्रोताहरू उसको मुखमा औंला हालेर पहिले दाँतको परीक्षण गर्थे र यदि बुद्धिबङ्गारा नआई ऊ श्रोताहरूको समय नष्ट गर्न उठेको रहेछ भने उसका शेष बङ्गारा त्यहीं झारिदिन्थे। यही कारण हो त्यस बखतका रचना बडो गहकिला हुन्थे र सबैका लागि बोधगम्य पनि। प्रत्येक सभाका लागि एक सभापतिको आवश्यकता भए जस्तै त्यहाँ एक कवि पनि हुनु अनिवार्य थियो, जो सभा प्रारम्भ हुनु अगाडि हल्ली-खल्ली बन्द गराउन शान्त रसको कविता पाठ गर्थ्यो।

स्थानीय किसिमका दैनिक युद्धमा दाँतको ठूलो महत्त्व थियो। छिमेकीहरूका बीच हुने सानातिना कचिङ्गलको (जसमा पुलिस मात्रले पुग्छ सेना बोलाउनुपर्दैन) समाधान दाँतबाटै गर्ने चलन थियो। समाजमा जुंगा उखेल्नु र दाँत भाँच्नु बडो वीरतापूर्ण कार्य मानिन्थ्यो। पौराणिक कालमा दुई झगडियाजमात—सुर र असुर-हरूको झैं झगडाबारे यत्रतत्र उल्लेख भएको पाइन्छ। त्यस कालमा प्रजातन्त्रका तीन अङ्गहरू मध्येको न्यायपालिकाको स्थापना भएको थिएन न गल्ली गल्ली ल फर्महरू नै खुलेका थिए। अतः सुर-असुर शक्ति परीक्षण गरेरै आफ्नो समस्याको समाधान गर्थे। असुरहरूलाई टाढाबाटै चिन्न सकिन्थ्यो किनभने यिनका दाँत मुखमा नअटाएर बाहिर निस्केका हुन्थे। आजको समाजमा पनि असुरहरू नभएका होइनन् तर अर्घेलो दाँतको अभावमा तिनलाई ठम्याउन सकिन्न। अतः मानिसले मानिस-लाई शङ्का गर्ने कारण पनि यही हो। यस्ता दाँत भएका असुरहरूबारे अनेकौं कथा प्रचलित छन्—ती सबै कथालाई दन्त्यकथा भन्ने चलन छ।

उहिलेका केही मानिसहरू दाँतमा सुन बेर्थे। वास्तवमा यो प्रथा महाभारत-कालदेखि नै आर्यहरूमा प्रचलित थियो। भीष्मले अन्तिम समयमा केही नपाएर आफ्नै सुनको दाँत फुकालेर याचकलाई दिएका थिए। हाम्रो समाजमा पनि सुनको दाँत हाल्ने मानिसको ठूलो प्रतिष्ठा थियो। त्यस बखत प्रचारको कुनै भरपर्दो साधन थिएन (नेपाल रेडियोको विज्ञापन सेवा पनि त्यतिखेर थिएन न सेठ साहूकारहरू-लाई सिलोक लेखिदिने कवि नै थिए)। अतः सुनको दाँत हाल्ने व्यक्ति आफ्नो प्रचारको लागि पच्चीस रुपियाँमा एक बोको किनेर घरघर घिच्याउँदै हिँड्थ्यो। टोलेहरू बोकाको मोल सोध्थे, ऊ मोलको शुद्ध उच्चारण गर्दै गर्वसाथ आर्को टोलतिर लाग्थ्यो।

: १८ :

युगबोध

रमेश विकल

●

तपाइँ रक्सी खानुहुन्न, पप्लु, रमी खेल्नुहुन्न, अचम्म छ बा ! तपाइँ कसरी मान्छे भएर बाँच्ने विश्वास गर्नुहुन्छ ? ······तपाइँ मान्छे नै कसरी भन्नुहुन्छ आफूलाई ?······तपाइँ बाँच्नु नै कसरी भएको छ ?···तपाइँले त धेरै अगि नै मरिसक्नुपर्ने, नभए पनि दुनियाँका सामुबाट मुख लुकाएर दमपच भैसक्नुपर्ने। तर तपाइँ आज पनि मान्छेले जस्तो छाती फर्काएर हिंड्न सक्नुभएको छ बा !

मलाइँ पनि आश्चर्य लाग्छ आफ्नो बचाइमा, आफ्नो मान्छे हुँ भन्ने दाबीमा। आज मान्छेको पहिचान जे जति कुराबाट हुन्छ त्यो कुनै कुराको दंशो पनि ममा छैन। न म रक्सी खान्छु, न तास-पप्लु खेल्छु, न त यसको आयोजना आफ्ना बैठक वा होटेल-रेस्टुराँमा गरेर बराबर साथीभाइ, अथवा ठूला बडा र विशिष्ट हस्तीहरूको मोरन्जन गर्ने, उनीहरूसँग 'सिभिक रिलेशन' राख्नै मेरो रुचि र हैसियत नै छ। यी सब आजको मनुष्यताका विशिष्ट गुण, अनिवार्य पहिचान। तर यिनै

गुणहरूमा एउटा पनि ममा छैन। त्यसैले मेरो बाँच्नु—त्यो अनि अर्काले मान्छे भनिदेओस् भनेर इच्छामा बाँच्नुलाई लिएर मेरा परिचित-अपरिचित (र कहिले त स्वयम् मै पनि), साथीभाइ, हितेच्छु-शुभेच्छु आश्चर्य गर्छन् भने यसमा मैंले आश्चर्य गर्ने ठाउँ कहाँ छ ?···

हरेक युगको आफ-आफ्नो जीवनपद्धति हुन्छ, बाँच्ने लक्षण र तरीका हुन्छ। हरेक युगको आफ्नो चरित्र र आफ्नो सभ्यता हुन्छ र अनि त्यसै सभ्यता र त्यसै चरित्रको माध्यमबाट त्यस युगमा कुनै खास व्यक्ति मान्छे हो वा होइन भन्ने कुराको निर्यौल गरिन्छ। युगीन सभ्यता र युगीन चरित्रको कुनै पनि लक्षण आफ्नो व्यक्तित्वमा झल्काउन नसक्नेले अनुहारबाट मान्छे लागेर पनि युगको ऐनामा आफ्नो अनुहार हेर्दा त्यसमा परेको प्रतिविम्बलाई कुनै अनौठो र अपरिचित जन्तुका रूपमा पहिचान गर्नुपर्छ। अरू त अरू, खुद आफैं पनि उसबाट मनोरन्जन बाहेक अरू कुनै उपयोगिताको अपेक्षा गर्न सक्तैन। त्यसैले यस्तो व्यक्तित्वले त समाजको माझमा मान्छे हुँ भनेर बाँच्नु सट्टा कुनै अजायव घर अथवा पुरातत्त्व संग्रहालयको प्रदर्शन -कक्षमा रहेर 'मानिस' को मनोरञ्जन गरिदेओस् भन्ने सबैको भित्री चाहना हुन्छ। त्यति नभए पनि 'मान्छे' को अनुसन्धानात्मक बौद्धिक भोक मारिदेओस् भन्ने अपेक्षा त राखिएकै हुन्छ। त्यसैमा मात्र उसको उपयोगिता सिद्ध हुन्छ।

आजको युगको सभ्यता रक्सी र जुवा! (अझ गहिरिने हो भने त अरू पनि अर्थात् जारी, कनक-कामिनी पनि।) यसको चरित्र होटेल, बार (भट्टी) डिस्को, क्यासिनो! तपाईंमध्ये केही म जस्ता (अर्थात् अजायव-घरमा राखिन लायक जन्तु) को धारणा बिल्कुलै आजको विपरीत होला—जुवा खेल्नु, भट्टी पस्नु, कोठी धाउनु अनाचारका लक्षण हुन्। कालो सेतो जुनसुकै उपायले पैसा कमाउनु भ्रष्टाचार हो, तस्करी हो। युगको यसमा के दोष ?······युग त स्वयम्मा एउटा समय मात्र हो—एउटा कोरा कागत जस्तो। कुनै विशेष खालको चरित्र र सभ्यतालाई त्यसका छातीमा जबरजस्ती कोरिदिने त मानिस हो। मानिस आफ्नै चरित्र र आचरणको लुगा युगलाई भिराएर युगै (समय जस्तो अमूर्त वस्तु) लाई बदनाम गर्छ। तर भ्रष्ट त मान्छे हो, युग होइन, चरित्र त मान्छेको हुन्छ, युगको होइन।

बा! महाशय! तपाईं कुन युगको समाजशास्त्रीको विचारले युगको परिभाषा गर्दै हुनुहुन्छ ? तपाईंले भनेको अनाचार, दुश्चरित्रता र अनीति त शताब्दी पहिलेको समाजशास्त्रीको मूढ दिमागको विचार हो! त्यति वेलाको बुज्रुकले मानिसको जुन लक्षणलाई सदाचार, नैतिकता र सच्चरित्रको नाउँ दियो त्यो त आज एउटा आडम्बर र मुकुण्डो सिद्ध भैसकेको छ। युगको वर्षातले त्यतिखेरको अनाचारको 'अ' पखालेर आचार मात्र बाँकी राखेको छ, अनीतिको 'अ' लाई धोएर 'नीति'मा साटिदिएको छ, भ्रष्टाचारको 'भ्रष्ट' झिकेर फ्यांकिदिइसकेको छ। त्यसैले आजको मान्छे आडम्बर

ओढेर बाँचन चाहन्न, आफूलाई खोलभित्र राख्न चहन्न । ऊ आफूलाई बिल्कुलै नांगो र निरावरण तुल्याएर बिल्कुलै प्राकृतिक रूपमा प्रस्तुत गर्ने प्रयत्नमा लागेको छ। त्यसैले उसले कुनै पत्रिका अथवा पुस्तक-ग्रन्थको कुनै बडे मानिस, महापुरुष मानिसको हातबाट विमोचन गराए जस्तै युगको हातबाट आफ्ना ती सबै पुराना खालका नैतिकता, चरित्र र आचारको आडम्बरी आवरणलाई विमोचन गराएर तालीको गडगड खाएर नाक फुराएको छ—चर्चित भएको छ। कुनै कवि ग्रन्थकारले लेखेको पुस्तक जस्तै मान्छे पनि आज विमोचित हुन छट्पटाएको छ—नांगिन उखर्मा उलिएको छ।

मान्छेको यो नांगो रूप बाहिरबाट बीभत्स देखिए तापनि योभित्र त्यति बीभत्स मानिन्न। त्यसैले मान्छे शरीरले मात्र होइन आत्माले पनि नांगिन आज अनेक उपायको सहारा लिन्छ। आत्माले ओढेको सच्चरित्रता, नैतिकता र सदाचारको व्यर्थ आडम्बर पखाल्न ऊ आज जांड र रक्सी प्रयोग गर्छ, असंलग्नता भगाएर संलग्नता (मित्रता) गाँठ्न् जुवा-तासको अखाडा जमाउँछ।

महाशय ! तपाईं आश्चर्यले अवाक् हुनुभयो ? तर आश्चर्य गर्नुपर्ने कुनै कुरो छैन। तपाईंलाई थाहै होला-पृथ्वी गतिशील छ, त्यसैले यसमा मौलाउने जीवन पनि गतिशील छ; विज्ञान गतिशील छ, त्यसैले यसले दिएको दृष्टि पनि गतिशील छ। हिजोको सब्ल्याँटालाई तपाईं सब्ल्याँटै रूपमा हेर्न खोज्नुहुन्छ भने यो तपाईंको बिब्ल्याँटो बुद्धि ठहर्नेछ। हिजोको सब्ल्याँटो आज बिब्ल्याँटो भैसकेको छ। त्यसैले त हामी रहेको धर्तीको विल्कुलै बिब्ल्याँटोपट्टि मौलाएको सभ्यता र चरित्र आज हाम्रो पट्टि सब्ल्याँटो रूपमा देखिन थालेको छ। त्यस्तै आज हामीले बिब्ल्याँटो रूपमा सोचेर त्याग्दै गएका पुराना कुरा त्यो बिब्ल्याँटो दुनियाँले बिस्तार बिस्तार सब्ल्याँटो रूपमा हेर्दै छ। के गर्नु महाशय ! संसारको रीति नै यस्तै अनौठो छ। पृथ्वीको डल्लो आखिर आफ्नै धूरीमा पनि घुम्ने गर्छ नि !

तर आश्चर्यको कुरो, तपाईंले यस युग सत्यलाई पनि बोध गर्नुभएनछ, मैले पनि पचाउन सकेको छैन। त्यसैले त तपाईं र म दुवै हिजैको सब्ल्याँटालाई आजको सब्ल्याँटाको रूपमा हेर्ने आग्रह (सायद युगवोधका आँखामा दुराग्रह-पूर्वाग्रह) गर्छौं। त्यसैले 'बिब्ल्याँटो लुगा सधैं बिब्ल्याँटो नै ठहर्छ' भन्दा यहाँ तपाईं र म भूलमा हुन्छौं। किनभने यो पुराणको, वेदका आदर्शको युग होइन, विज्ञानको युग हो। विज्ञानसँग आज लोग्नेमान्छेलाई आइमाई र आइमाईलाई लोग्ने छोरो तुल्याउन सक्ने सामर्थ्य त छ भने हिजोको सब्ल्याँटालाई बिब्ल्याँटो र हिजोको बिब्ल्याँटालाई आजको सब्ल्याँटामा फेर्न के आइतवार पर्खिन्छ ऊ ? त्यसैले हिजोका मान्छेले हेय रूपमा लिएको जांड-जुवा-जारीलाई नै आफ्नो आत्माको—आफ्नो आत्मिक, भौतिक

र वैचारिक उन्नतिको पर्वत चढ्ने वैशाखीका रूपमा हेर्न थालेका छन् । त्यसो त पुरानै जुगमा पनि ती तीन वस्तुलाई सर्वोच्च वरदानका रूपमा ग्रहण गर्ने समाज (सामन्त वर्ग र मजदूर समाज) त थियो नै । नत्र महाभारतको 'द्युत पर्व' भागवतको मुशल पर्व किन हुन्थ्यो ? यस स्थितिमा हामी यसलाई बिल्ल्याँटो आचरण भनेर भन्ने साहस गर्छौं भने तपाईं-हामीले अर्धङ्गी, पुराणपन्थी र सडेको दिमाग भनाउनु बाहेक अरू नियति नै के छ ?

श्रीमान्‌जी ! आजको युगको त्याग, तपस्या, प्रेम, मानवता, शिष्टता, भद्रता, इज्जत-प्रतिष्ठा जुवा र रक्सी हो । विश्वशान्तिको अनुष्ठान, निरस्त्रीकरणको प्रस्ताव, विश्वभ्रातृत्वको घोषणा आज सबै रक्सी जुवाको घोडामा रेस छोड्छन् । आजको संयुक्त राष्ट्रसंघ रक्सीको घोडामा जुवाको याल समातेर आफ्नो अस्तित्वको घोषणा गर्छ । त्यसैले आज नशा छउन्जेल जीतबाजी र सफलताको राग गाइन्छ; नशा सकिएपछि उही मंगलमान ! अनि निरस्त्रीकरण, विश्वभ्रातृत्व, विश्वशान्तिको सपना बुन्न उही रक्सी र जुवाको मात चाहिन्छ ।

भैगो, छोडिदिऊँ विश्व र संयुक्त राष्ट्रका कुरा । यी हामीले चयाउनु नपर्ने उचाइका ठूला ठूला हस्ती । हामी आफ्नै बाउन्ने देश र बाउन्ने समाजका कुरा नै गरौं । हामी पनि आज रक्सी संस्कृति, डिस्को सभ्यता, पप्लु-क्यासिनो चरित्रको रेसमा कुनै संयुक्त राष्ट्रभन्दा पछि नपर्ने होडमा छौं । यसो नगर्नु हो भने हाम्रो मानिस भनाउनुको, सभ्य र आधुनिक देखाउन खोज्नुको न कुनै अर्थ हुन्छ, न सम्भावना । तपाईं आधुनिक, सभ्य र सचेत लेखक ? तर तपाईं रक्सी नै खानुहुन्न जुवा नै खेल्नुहुन्न भने के खाएर लेख्नुहुन्छ आधुनिक साहित्य ? आफ्नो एक्लो मस्तिष्क र एक्लो प्रतिभाका भरमा ?······खुइल्यो, तपाईंको मस्तिष्क, तपाईंको प्रतिभा र आत्मबल । आजको युग सह-भावना, सह-अस्तित्व र सह-प्रयत्नको युग । आज दोस्रोको 'कोअपरेशन' विना बाँच्न खोज्नु अमानवीय हो, बाँच्न सक्छु भन्नु बौलटीपन सोमशर्माका बाबुको प्रलाप हो । रक्सीको 'को-अपरेशन' नपाएको तपाईंको रचना बगम्फुस हो, युगबोधरहित, बासी र खोक्रो हो । त्यस्ता रक्सीको गन्ध नबोकेका रचना संवेदनशून्य हुन् । रक्सीको आधुनिकता, यौनको प्रगतिशीलता-लाई नकारेर, आफ्नो पुरानो बुद्धि र एक्लो रित्तो (रक्सी र सेक्स्‌ले नभरिएको) प्रतिभाका भरमा रचिएका तपाईंका भावना र विचार अजायबघरमा प्रदर्शन गर्ने वस्तु मात्र हुन्, सामाजिक, बौद्धिक, मानसिक उपयोगिताका चीज होइनन्, हुनै सक्तैनन् ती । त्यसैले त तपाईंको तीन दशकभन्दा बढीको साहित्य साधना 'हात्ती आयो, आयो फुस्सा' भएको ।

अँ, तपाईं सायद जागिरे पनि हुनुहुन्छ क्यारे । हुनुहुन्न ? ······छोड्नुभो ?··· किन छोड्नुभो ?···झन बर्सेनी तलब र जागिरका अरू कतिपय सुविधाहरू तँछाड्

मछ्याङ् गर्दै बढिरहेको बेला ।···यो पनि तपाईंको एउटा ऐतिहासिक सनकै हो— बासी, पुरानो खाले, आधुनिकताबोध नभएको । यसबाट त के देखिन्छ भने तपाईं जीवनको यस क्षेत्रमा पनि अनफिट, पुरातनपन्थी, आधुनिकताबोधबाट खोक्रो, युग-चरित्र, सामयिक जीवन दर्शनलाई आत्मसात् गर्ने क्षमताहीन मूर्ख ! यस्ताको परि-णति आज।यस्तै नभए कस्तो हुन्छ त ?···च्वः च्वः च्वः हेर, आफ्नो बासी धार-णाले गर्दा मुखमा आएको गाँस पनि छोड्नुपरेन के तपाईंले ?

तपाईंका कुरा सुनेर मलाई अर्का एक जना जागिरे साथीको कुरो पनि सम्झना आयो । ऊ पनि तपाईं हामी जस्तै बासी विचारको मान्छे—अर्थात् युग-बोध नभएको मान्छे, आफ्नै योग्यता, आफ्नै कार्यक्षमता, ईमानदारी, देश र जनता प्रतिको वफादारीमा विश्वास गर्ने मान्छे । उसले कुनै दिन पनि आधुनिक सभ्यता अनुरूप हाकिमसँग घुँडा धसेर पप्लु खेलेको देखिएन, कुनै दिन पनि ठूलठूला, सम-कक्ष र आफूभन्दा माथिल्लासँग काँध जोडेर ऊ भट्टीमा जमेको देखिएन, कुनै दिन पनि देशका ठूलठूला कर्णधार-राजनेता, समाजनेता, बुद्धिनेता र अर्थ-धर्म नेतालाई उसले आफ्नो आधुनिक बैठकमा (आधुनिक बंगला र बैठक त उसको छँदै थिएन !) जाँड र जुवाको निम्तो दिएको देखिएन । कतिसम्म भने उसलाई कुनै दिन श्रीमती हाकिमको झोला बोकैर तरकारी-बजार धाएको पनि देखिएन ।

त यस्तो खालको असामाजिक, नन्- कोअपरेटिभ र आफ्नै थोत्रो शंखभित्र खुम्चिएर बाँच्ने शंखेकीराको परिणाम के भयो होला भन्ने ठान्नुहुन्छ ?···जागिर खाएको दुई जुग बितिसक्ता पनि न उसको जागिरे नम्बर बढ्यो, न प्रमोशनको सिफारिस भयो । हाकिमको मुन्टो उसतिरबाट वायुको मुण्टो झैं बटारियो, सह-कर्मीहरूका आँखा उसप्रति तिरष्कार, व्यंग्य र अवहेलना बोकेर उठ्न थाले, कति-सम्म भने कार्यालयको ड्राइभरको रित्तो मोटरसम्मले पनि उसका आँखा-मुखमा धुलो उडाएर फुर्र उड्ने भयो । उसको मनमा त्यस नीच ड्राइभर र उसको कब्जाको रित्तो मोटरप्रति आक्रोश उर्लेर पनि ऊ तिनको रौंसम्म झार्न समर्थ भएन। किनभने ड्राइभर हाकिमको समकक्ष बसेर बेलाबखत पप्लु र जाँडसा साथ दिन सक्ने—युगबोधयुक्त मान्छे अनि ऊ युगबोध रहित, असामाजिक जन्तु ! यसको परिणाम त युग अनुरूप हुनैपर्थ्यो, भयो । तर मलाई एउटा कुरामा आश्चर्य भने के लाग्छ भने युगको मारले यसरी चीत परेर शून्यमा हात-गोडा गाल्नुपर्दा पनि त्यस मूढको अनुहारमा किन्चित मुजा परेन, कुनै पराजयको छाया देखिएन । युग-बोधको कुनै लक्षण कोरिएन ।

भला ! मेरो यत्रो लामो बकबकको अर्थ त तपाईंले बुझ्नु नै भयो होला । बुझ्नुभएन ?···त सुन्नोस् महाशय ! आजको युगमा चाहे जीवनको जुनसुकै क्षेत्रमा

मान्छे, अझ सफल मान्छे भएर बाँच्न—सफल कवि, सफल लेखक, सफल जागिरे, सफल व्यापारी, सफल पंच, सफल समाजसेवी, कहाँसम्म भने सफल कालीगढ, सफल विद्वान्, सफल विशेषज्ञ, सफल योगी, सफल भोगी र सफल देवता, सफल दानव, सफल प्रतिभा जे बन्न पनि युगको मैदानमा कुद्ने सफल घोडा चढ्न सक्नुपर्छ। आजको युगको मैदानमा कुद्ने विजेता घोडा हुन् रक्सी र जुवा। अथवा भनौं एकातिर काखी मुनि जाँडको र अर्को काखी मुनि जुवाको काठे-खुट्टो (वैशाखी) नगाँसी आफ्नै एकलो योग्यता, क्षमता, बुद्धि, प्रतिभा र तपाईंमा भएको जन्मजात त्याग, तपस्या, अध्यवसाय र ईमानदारी जस्ता आउटडेटेड खुट्टाका भरमा कुनै सफलताको पहाड चढ्ने धृष्टता गर्न खोज्नुभयो भने तपाईं एक चौथाई पहाड चढ्न पनि सफल हुनुहुनेछैन। आजको युगले आफ्नो धर्तीमा पुरानो होइन आधुनिक पहाडको रचना गरेर त्यसका सिंढीहरू यस्तो ढाँचाले बनाएको छ, जसमा पुराना बासी प्रतिभा, ईमानदारी, लगनशीलता जस्ता मानिसका खुट्टा टेक्नासाथै भाँचिन्छन्। केवल युगबोध गरेर आफूमा गाँसेका काठे खुट्टाले मात्र त्यसमा जमेर उक्लन सक्छन्।

मैले अगि नै भनें आजको युग एक्लै आफ्नै योग्यता, प्रतिभा र ईमानदारीका भरमा हिंड्ने युग होइन, आज को-अपरेटिभ युग, सहारामा बाँच्ने युग!··· हाम्रो देशै पनि त अरू देशको सहयोग (भीख) मा बाँकेको छ भने मानिस विना समर्थवानको सहयोग कसरी बाँच्छ? त्यसैले आजका समर्थ सहयोगी—तपाईंको प्राकृतिक गोडाका सट्टामा तपाईंलाई बलियोसँग धर्तीमा अड्याउने गोडा (वैशाखी) तीन 'ज'—जाँड, जुवा र जारी (सेक्स्) र यिनै माध्यमबाट कमाइएका साथी! यिनको को-अपरेशनलाई नकारेर आफ्नै प्राकृतिक अवयवका सहारामा अड्न खोज्नुभयो भने तपाईंको कुनै पनि ग्रन्थ (तपाईं त्यसलाई जतिसुकै गहकिलो र महत्त्वको ठान्नोस्!) को विमोचन हुनेछैन, तपाईंको कुनै पनि जागिरको प्रमोशन हुनेछैन, तपाईंले हालेको कुनै पनि टेण्डर स्वीकृत हुनेछैन, तपाईंले खेलेको कुनै पनि राजनितिको बाकसमा भोट खस्नेछैन, तपाईंले दिएको कुनै पनि आध्यात्मिक दीक्षामा चेला फस्ने छैनन्। यी तीत 'ज' लाई अपनाउनुभएन भने यी युग-चरित्रका प्रतीक, युग सभ्यताका आधारलाई सकार्नुभएन (युगबोध गर्नुभएन) भने तपाईं बुद्धि भएर पनि बुद्धु, प्रतिभा भएर पनि अप्रतिभ, गोडा भएर पनि लंगडो, नाक-कान भएर पनि बुच्चे, आँखा भएर पनि अन्धो—सारांशमा तपाईं मानिसमा प्रकृतिले प्रदान गरेको संपूर्ण वाह्यान्तरिक अवयवले परिपूर्ण भएर पनि एउटा यस्तो विचित्र मानवेतर जन्तु, जसको स्थान आजको समाजले केवल अजायब घरलाई किटिदिएको छ, पुरातत्त्व संग्रहालय र म्यूजियममा मात्र राखिदिएको छ।

त्यति मात्र होइन, तपाईंमा आधुनिक युगबोध (तीन 'ज') छैन भने तपाईंका

साथी पनि छैनन्, सहकर्मी र सहयोगी पनि छैनन् । तपाईं जसलाई आफ्ना नजीकका साथी सम्झनुहुन्छ उनीहरू पनि तपाईंलाई मरेको बाख्रालाई उपियाँले छोडे झैं छोड्न तत्पर हुनेछन् । तपाईं यसको परीक्षा नै गर्न चाहनुहुन्छ भने ल त कुनै पनि आफ्ना नजीकका सहकर्मी वा सहधर्मीलाई तीन 'ज' बाहेक संसारका कुनै पनि अरू मिष्ठान्न, परिकारको प्रलोभन दिएर आफ्ना पर्णकुटीमा (आधुनिक बंगलामा होइन) निम्त्याउनोस् त तपाईंको त्यो विशिष्ट आयोजनाले मरेकी बूढीले झैं ङिच्च दाँत देखाउनेछ, तपाईं फाफ्ना तिनै सहधर्मी-सहकर्मीबाट बडो लाचार ध्वनिमा जबाफ पाउनुहुनेछ–"अँ, एक पल्ट तपाईंको इच्छा त पूरा गर्ने मन थियो तर के गर्नु रमेशजी, तपाईं ज्यादै अमानव हुनुहुन्छ—'ड्राई' युगबोधले नभेटेका !"

(श्रीमान् ! मेरो यतिन्जेलको यत्रो लम्बे गन्थनबाट पनि तपाईं कत्ति पनि प्रभावित हुनुभएन—म यो तपाईंका निधारमा परेका अविश्वासका खुम्चा र ओठका कुनामा उछिट्टिएका बांगा स्मित-रेखाबाट प्रस्ट देखिरहेको छु, तपाईं मेरा युगबोधका अकाट्य तर्कलाई फिस्स हावामा उडाउन तम्सिनुभएको छ ।··· देखा जाला !)

□

: १६ :

चुक्ता हुन बाँकी रहेको एक ऋण

बालकृष्ण पोखरेल

पैतृक सम्पत्तिको बांड-फांड हुँदा ऋण-धन दुबैको बांड-फांड हुने चलन हाम्रो समाजमा छ। तिलको दानु पनि फोर्नुपर्छ रे अंशवण्डा हुँदा। तर हाम्रो परिवार एक शताब्दीभन्दा पहिलेदेखि जागिरी पेसामा आकर्षित परिवार भएको हुनाले तिलको दानुको निम्ति बाभा-बाभ गर्नुपर्ने खण्ड कहिल्यै आएन। तैपनि अंशबण्डा भने नभएका होइनन्। ऋण र धनको हरहिसाब पनि नभएको होइन। आफूले तिर्नुपर्ने ऋण जति हामी दाजु-भाइहरूले साहू खोजी-खोजी तिर्यौं। परन्तु आफूले लिनुपर्ने ऋण मैले भने आसामी खोजी-खोजी असुल गरिनँ। मेरा अन्य दाजु-भाइले के-के गरे म भन्न सक्तिनँ।

हामीहरू छुट्टिई ओरी अलग-अलग बस्न थालेको पन्ध्र वर्षपछि मेरो नाउँमा एक अनौठो पत्र आयो—"रूपावासी बाबु, म तपाइंका पिताको एक घनिष्ट मित्र

हुँ । मैले आफ्ना छोरा पढाउन बखत-बखत गरी जम्मा रु० ७०० । सात सय सापटी लिएको थिएँ । तपाईंहरूको अंशबण्डा भयो रे । मेरो चाहिं ऋण कसको भागमा पऱ्यो, त्यो बताउने कृपा गर्नुभएमा म मर्नुभन्दा पहिले उऋण हुन पाउनेथिएँ ।''

मैले उनलाई पत्रबाट जवाफ दिएँ—''तपाईंले कुन सालमा लिएको ऋण हो ? तमसुकको मिति कुन हो ? फेरि तपाईं हाम्रा स्वर्गीय पिताका घनिष्ट मित्र हुनुहुँदो रहेछ । हामीले ता अरूहरूको ऋण पनि उठाउन रुचि लिएका छैनौं । हो, पिताज्यूले खाएको ऋण तिर्न भने हामी सबैले पूर्ण तत्परता देखाएका छौं । मेरो कुरो गर्नुहुन्छ भने ता मैले आफ्नो भागमा के कति तमसुक परे, त्यसको पनि वास्ता गरेको छैन । यसकारण, तपाईं ढुक्क भएर बस्नुभए पनि हुन्छ । यदि त्यो तमसुक अरू भाइको भागमा परेको भए पनि म भनसुन गरी माफ गराइदिनेछु ।''

उत्तर आयो, ''रूपावासी बाबु; तपाईंको स्वर्गीय पिता र म ज्यादै घनिष्ट मित्र भएकाले यहाँका पिताले तमसुक लेख्नै मान्नुभएन । मेरो करले उहाँले स्यानु नोटबुकमा नोटसम्म गर्ने गर्नुभएको हो । रकम एक मुष्ट लिएको होइन । पटक-पटक गरी लिएको हो । समय सं० २००१ सालदेखि सं० २००३ सालसम्मको विभिन्न मिति हुनुपर्छ । कृपा गरी त्यो नोटबुक कसको अंशमा पऱ्यो बताउनुभएमा म चिरऋणी हुनेथिएँ ।''

मैले लेखिपठाएँ—''तमसुकै लेखिएको छैन भने तपाईंले चुप लाग्नु नै राम्रो हो । किनभने त्यो तपाईंलाई मित्र ठानी मेरा पिताज्यूले गर्नुभएको सहयोग ठहरिन्छ । तपाईंले पनि त मित्रका नाताले आर्थिक नभए पनि अन्य कति सहयोग गर्नुभएकै होला । अतः त्यसैमा चुक्ता भएको ठानी मन बुझाउनुहोस् ।''

उत्तर आयो, ''यो कदापि हुन सक्तैन । इमानी मान्छेले तमसुकको कुरा झिक्नु हुँदैन । तमसुक भनेको रकमीको शब्द हो । तपाईंलाई थाहा छैन, तर म गरीब भए पनि एक शिक्षित र स्वाभिमानी व्यक्ति हुँ । यसकारण मैले छोराहरूको कमाइ पनि खाएको छैनँ । यसकारण एक घनिष्ट मित्रको पैसा पचाएर म मर्न चाहन्नँ । कृपया यो ऋणबाट मुक्त हुन मलाई सहयोग गर्नुहोस् ।''

मैले ती व्यक्तिलाई केही उत्तर दिइनँ । किनभने तमसुक उठाउने काम मैले मन नपराएका काममध्ये एक हो । मेरो उत्तर नपाएर ती सज्जनको स्वाभिमानमा आघात परेछ । उनले निकै लामो चिठी लेखी पठाए—''बाबु, किन चुप लाग्नुभयो तपाईं ? यस मर्न लागेको बूढालाई त्यति पनि गुन नलगाउने त ? हरे, कस्तो अन्याय यो ! आफ्ना छोराहरूको पढाइ टक्क अड्किएको वेलामा लिएको त्यो ऋण । के त, त्यो नतिरी कनै मैले मर्नुपर्ने भयो त ?''

म फेरि पनि चुप्प लागे । केही जवाफ दिइनँ । एक महिनापछि उताबाट पठाएको चिठीमा आक्रोश पराकाष्ठामा पुगेको थियो, "हेर्नोस्, यो त नैतिक कार्य होइन । तपाईंका पिताको म मित्र हुँ । पिताको मित्रलाई पितृवत् व्यवहार गर्नुपर्ने । तर तपाईं उल्टै अनादर गर्नुहुन्छ । म गरीब थिएँ र छु पनि, तर मनको गरीब म छैन । यसकारण म तपाईंबाट तुरुन्त उत्तर पाउने आशामा छु ।"

म झन अनैतिक भैदिएँ । उत्तर दिइनँ । मेरो मौनताले उनलाई ज्यादै खिन्न तुल्याएछ । लेखे—"भैगो, मेरो कर्मै यस्तो रहेछ । भर्खरै मेरी जीवनसंगिनी पनि मरिन् । अब म पनि मर्नेछु । तर ऋण भने मेरो बाँकी नै रहने भयो । आफ्ना सन्तानहरूलाई योग्य बनाउन मैले दश ठाउँमा ऋण काडें, जसमध्ये ऋण दिने एक तपाईंका पिताज्यू पनि हुनुहुन्थ्यो । म जतिनै गरीब भए पनि मेरा सन्तान गरीब छैनन् । ती देशका प्रतिष्ठित व्यक्ति हुनाका साथै राजधानीमा समेत घर भएका अत्यन्त धनी प्रतिभा छन् । परन्तु म भने जस्तो थिएँ त्यस्तै छु । मैले तिनलाई प्रतिभाशाली बनाउन अन्त काडेका ऋण सबै तिरिसकें, फगत तपाईंका स्वर्गीय पिताज्यूको रु० ७०० ।- मात्र बाँकी छ । तर त्यो मैले तिर्न नपाउनेभएँ । भैगो, तपाईंबाट सहयोग नपाउने नै भएँ । अस्तु ।"

यसपछि मैले केही नलेखी हुँदै भएन । लेख्नै पर्‍यो—"कृपया अबदेखि यस्तो नलेख्नुहोला ! त्यति जाबो रु० ७०० ।- रकम तपाईंले नतिरे पनि हुन्छ ।"

तर पत्रको उत्तर बन्द भएन, "रूपावासी बाबु", मर्ने वेला भएको यस बूढालाई के जवाफ दिनुभएको त्यो ? स्यानु रकम ठान्नुहुन्छ भने ऐनसवालअनुसार त्यस लाई रु० १४०० ।- बनाएर तिर्न पनि तयार छु । अझ ब्याजको स्याज तिर्ने हो भने पनि दसौंदको चक्रवृद्धिका दरले लगभग २५ हजार तिर्नुपर्ने देखिन्छ । म गरीब छु, तापनि तपाईं चाहनुहुन्छ भने आफ्ना लाखौंका मालिक भैसकेका सन्तानसँग एक पैसा नमागी म त्यो रकम पनि तिर्न तयार छु । किनभने जति नै गरीब भए पनि अलिकत्ति जग्गा बेचें भने त्यो म तिर्न सकिहाल्छु । जाबो ७०० दिएर यत्रो ठूलो रकम कसरी थापूँ भन्ने सङ्कोच नमान्नुहोस् । यो स्वेच्छाको कुरो हो । आशा छ, मेरो मर्म बुझी मर्ने वेलामा मलाई ऋणको यस कठोर भारबाट मुक्त पार्न सघाउनुहुनेछ । १४ सय र २५ हजारमा के रोज्ने खुशी तपाईंको ।"

उनको यस अन्तिम लवजले कता कता मेरो स्वाभिमानमा पनि ठेस पुर्‍यायो । उनी स्वाभिमानी भए तापनि म पनि तमसुकै नलेखी आजभन्दा झन्डै अठतीस वर्ष पहिले एक मित्रलाई रु० ७०० दिने व्यक्तिको छोरो थिएँ । त्यतिखेर त्यो रु० ७०० स्यानु रकम थिएन । त्यतिखेर १० रुपियाँ बिघामा लिएका जग्गा आज मेरा पिताका थुप्रै सन्तान भोग गर्दै छौं । यदि त्यो ७०० रुपियाँ आफ्ना मित्रलाई नदिई

मेरा पिताज्यूले त्यसको जग्गा किन्नुभएको भए ७० बिघा जग्गा आउँथ्यो मोरङ्मा। आज हामी जुन ठाउँमा छौं त्यहाँ एक बिघाको घटीमा रु० १५ हजार मूल्य छ। यदि मेरो पिताले उक्त रकमबाट ७० बिघा जग्गा किनेको भए साडे १० लाख हुने थियो। फेरि ७० बिघा जग्गाको वार्षिक आमदानी सरदर ५० हजार प्रतिवर्ष मान्ने हो भने १६ लाख रुपियाँ अरू थपिन सक्थ्यो। यदि साँच्चै नै मेरा स्वर्गीय पिताका परम मित्र मर्नुभन्दा पहिले सबै प्रकारका ऋणदेखि मुक्त हुन चाहन्छन् भने उनले २६ लाख रुपियाँ तिर्नु आवश्यक थियो। तर उनी १४ सय अथवा २५ हजार-बाट मुक्त हुने सपना देखिरहेका थिए। तैपनि उनी उल्टै मलाई अनैतिक भनि-रहेका थिए।

मैले पनि आफूलाई नियन्त्रण गर्न नसकी जवाफ पठाएँ, "तपाईं उपर तपाईंका स्वर्गीय मित्रको जुन ऋण लागेको छ त्यसलाई साच्चै तपाईं तिर्न चाहनु-हुन्छ भने २९ लाख पठाउनुहोस्।" पत्रका साथै त्यो ७०० रुपियाँ कसरी उनन्तीस लाख भयो, त्यसको हिसाब पनि पठाएँ।

कुन्नि किन हो ती नैतिक एवं स्वाभिमानी बूढाको चिठी एक वर्ष भयो आउन छोडेको छ। तर भर्खरै मलाई पनि एउटा भूल आफूबाट भएको थाहा हुँदै छ। दुई घनिष्ट मित्रहरूको लेनदेनमा हस्तक्षेप गरी २६ लाखको माग गर्ने मेरो कुनै अधिकार थिएन। वास्तवमा यी बूढा बैकुण्ठ पुगेपछि त्यहीं यिनले मेरा स्वर्गीय पिताज्यूसँग भेटी जे गर्नु उचित छ त्यही गर्नु वेस ठहरिन्छ। परन्तु जान्ने भएर आवेगमा आई २६ लाखको माग गर्नु मेरो अदूरदर्शिता ठहरिन्छ।

: २० :

तारानाथ शर्मा

पातालमा लोखर्के माया

●

२०३८ साल वैशाख १ गते सउँवारको दिन चार बजेतिर म सुत्ने कोठाको झ्यालबाट देखिने छेवैको वनतिर दृष्टि फ्याँकिरहेको थिएँ। दुइटा सस्याना लोखर्के खुरुरुरं खुरुरुरं दुगुर्दै, थामिँदै र भूइँमा केही सुँग्दै खेलिरहेका थिए। ती आपस्तमा जतिसुकै मस्त भए तापनि तिनका चलाक आँखा फुर्तिलो जीउसितै यता र उता हेर्नमा र फर्कनमा पनि पछि पर्दैनथे। रूखहरू अझै जिङ्रिङ्ग परेकै थिए, तापनि भूइँभरि छरिएका सस्याना घाँसे पोथ्राहरूमा भने नयाँ पालुवाहरू धमाधम पलाउन लागिसकेका थिए। वनभित्र जतातत्तै अनेक खालका चराहरू चिर्बिर चिर्बिर गरिरहेका थिए। झ्याल खोलेर मैले लामो सास लिएँ। सारा वातावरणमा वसन्तको मनमुग्धकारी बास्ना फैलिएको थियो।

ती लोखर्केहरू लुकामारी खेलिरहेकै थिए। झ्याम्म मुलायम झुत्ला भएको सेतो र कालो पोटिलो पुच्छरलाई छत्र जस्तै जुरुक्क उचालेर यता र उता

नचाउँदै पोथी हाँगातिर दुगुर्थ्यो र भाले भुतुक्क भएर त्यसतिर दृष्टिपात गर्दै उसरी नै फुर्तीसाथ पछि लाग्थ्यो । बिजुली चम्केजस्तै ती घरि यस हाँगामा देखा पर्थे र घरि त्यस रूखैमा बिलाएर अर्कै रूखमा भुलुक्क हुँदै फेरि तल आउँथे ।

ती लोखर्केहरूले रूखहरूलाई गिज्याएजस्तै मेरो जीवन पनि समयलाई गिज्याइरहेको थियो । म समयलाई गिज्याउँदै छु भनेर पोक्किंदै थिएँ, तर उल्टो म आफैं गिज्जिइरहेको थिएँ । यस १३ वी संख्याको विश्वविद्यालय भवनमा सरेको पनि छ महिना पुग्न लागेछ । अनल र सलिल भर्खर स्कूलबाट फर्केर खाजा खाई ईगल ह्याइट्सतिर खेल्न गएका थिए र उनीहरूकै होहोरीमा शान्ता पनि उतै घुम्न गएकी थिई ।

म लोखर्केको प्रणयलीलामा चुर्लुम्म डुबेको थिएँ । हठात् तल ढोका उघ्यो र हाँप र झाँप गर्दै र जुत्ता बजाउँदै भऱ्याङ उक्लेर शान्ता आपुगी र स्याँ स्याँ गर्दै भन्न थाली, "अचम्म अचम्मका कुरा सुन्नुपर्छ यस अमेरिकामा !"

"के हँ ?" भर्खर पलाएका कलिला पालुवाहरू, चराका स्वादिला चिर्बिरहरू र लोखर्केका लोभलाग्दा नखराहरूबाट जबर्जस्ती आफ्नो ध्यानलाई ध्वारार्र च्यातेर म शान्तातिर फर्कें ।

"हजुर विश्वासै गरिसिन्न !" उसले जुत्ता थन्क्याउँदै भनी, "चार्लीले न्यान्सीलाई छाड्ने भएछ ! न्यान्सी सुकेर सिट्ठी भएकी रहिछे, मैले ता चिन्नै सकिनँ !"

ती चार्ली र न्यान्सीको बिछोड हुने भएछ जो परेवाका जोडी जस्तै, ढुकुरका भाले-पोथी जस्तै र मैले भर्खरै देखेका लोखर्केका सँगी-सँगिनी जस्तै, असाध्यै मिलेका र माया पिर्तीमा चुर्लुम्म डुबेका देखिन्थे । तिनको चाला देख्ता, तिनको मिल्ती देख्ता र तिनको टाँसो देख्ता अरू छिमेकीहरू डाहले जल्थे ।

हामी छ महिना अघिसम्म ईगल ह्याइट्सको ९०६ एफमा तीन वर्षसम्म बसेका थियौं । न्यान्सीहरू ९०६ सीमा हामी त्यहाँ सर्नुभन्दा अघिदेखि नै बसेका थिए र अझै बसेकै छन् ।

ती न्यान्सी र चार्ली पनि छुट्टिने भएछन् जो ईगल ह्याइट्सको नौ सय क्षेत्र भरि साह्रै मिल्ने पति पत्नीका रूपमा प्रख्यात थिए ।

न्यान्सी असाध्यै मिलनसार छे । ऊ सबैसित कुरा गर्छे, सबैसित अभिवादनका शब्दहरू साटासाट गर्छे र हाँस्तै र उफ्रँदै हिंड्छे ।

न्यान्सी परोपकारी छे । छिमेकीलाई साह्रोगाह्रो पर्दा ऊ सहयोग गर्न सधैं तयार हुन्छे । पित्तको थैली काटेर मिल्काउनुपरेका वेला जब शान्ता अस्पतालमा थिई न्यान्सीले सलिल र अनलको हेरचाह गरिदिएर मलाई ठूलो गुन लगाएकी

थिई । छिमेकीले गर्नुपर्ने कर्तव्य पनि त्यही नै हो भन्ने उसको र चार्लीको भनाइ थियो । मलाई मात्र होइन, अरूअरूलाई पनि न्यान्सी अनेक प्रकारले मद्दत दिइरहन्छे । फन्याकफुरुक गर्दै ऊ सामाजिक सेवाका काममा अघि सरिहाल्छे । छिमेकीहरूलाई यसले यो बनाएर ल्याउनू, त्यसले यो तयार पारेर ल्याउनू, फलानाले यो परिकार ल्याउनू र ढिस्कानाले यो सामान जुटाएर ल्याउनू भनेर व्यवस्था गर्दै ऊ नै साझा भोजको कार्यक्रम मिलाई सबैलाई भेला गर्ने गर्छे । छिंडी तलामा लुगा धुने र सुकाउने यन्त्रहरूमा न्यायपूर्ण पालो सबैलाई मिलाउने कुरामा होस् वा अरू सार्वजनिक कुरामा होस् ऊ नै अघि सर्छे र सबैलाई चित्त बुझ्ने गरेर काम झटाझट मिलाइहाल्छे ।

चार्लीले पीएच. डी. सक्नै आँटेको छ । स्वास्नीका कार्यक्रमहरूमा ऊ पनि मक्ख पर्दै भाग लिन्थ्यो । स्वास्नी जस्तै बोलक्कड र फुर्ती नभए पनि चार्ली पनि मजाकै मान्छे हो । जे होस् ती जोई पोइ असाध्य मिलेका थिए '

अहिले न्यान्सी शैक्षिक मनोविज्ञानमा बी. ए. पढ्दै छे । उनीहरूका दसवर्षे जेफ र चारवर्षे एरन नाउँका दुई जना रहरलाग्दा छोराहरू पनि छन् । हुनत जेफ घरिघरि अनलका साइकलको पाङ्ग्रो सुइराले खुसुक्क घोचिदिएर धुरुक्क रुवाइरहन्यो, तर केटाहरू ईगल हाइट्स बसुन्जेल नित्य सँगै खेल्थे, बाझ्थे र फेरि मिल्थे ।

कठै, त्यसो भए न्यान्सी र चार्लीको त पाचुके पो हुने भएछ । बिचरा जेफ र एरनको त बिजोक पो हुने भएछ । साँढेको जुधाइ हुने भएछ र कलिला बाछाहरू चाहिं मिचाइमा पर्ने भएछन् । नहुनुपर्ने कुरो हुनेभएछ ।

पाचुके नै विचार थियो भने विहे जस्तो पवित्र बन्धनमा बाँधिनु नै किन ? आँखा नै रसाउनु थियो भने, छाती नै चस्काउनु थियो भने र मुटु नै फुटाउनु थियो भने दुई आत्माले एक हुन्छु भनेर प्रण गर्नु नै किन ? यसरी छोराहरूलाई हुर्काएर चिरिच्याँट्ट भइसकेको घरलाई यत्तिका दिनपछि आएर गर्ल्यामगुर्लुम भत्काउनु नै थियो भने दुख गरी गरी, परिश्रम गरी गरी र मरी मरी निर्माण गर्नु नै किन ? छाती छिया छिया पारेर छोराहरू पाउनु नै किन ? बचराहरूलाई फुलबाल काढेर पखेटा समेत राम्ररी उम्रन नदिई तिनको भविष्यमा बन्चरो लगाउनु नै किन ?

यस संसारमा कति घरहरू दिनहुँ भत्किरहेछन्, कति डढिरहेछन् र कति सखाप भइरहेछन् । तिनको लेखाजोखा गरेर साध्य पनि हुँदैन । तर पहिराले बगाएर र बाढीले डुबाएर लानु, आगाले जलाएर र ज्वारभाटाले फुटाएर लानु तथा युद्धले सोत्र्याम्म पारेर र भूईंचालाले भत्याङभुतुङ पारेर लानु एउटा कुरा हो अनि आफैंले जानी जानी भत्काउनु अर्कै कुरा हो । चार्ली र न्यान्सीलाई कुनै प्राकृतिक

विपत्ति वा आकस्मिक दुर्घटना परेको थिएन। ती आफैं आफ्ना प्रेम, स्नेह र आत्मीयताको रूखलाई जरैदेखि जबर्जस्ती उखेल्न लागिरहेका थिए। ती आफ्नै हातहरू छाँटिरहेका थिए, आफ्नै पैतालाहरू ताछिरहेका थिए र आफ्नै आँखा फोरिरहेका थिए।

पातालमा पनि आगा लाग्छन् र ठूल्ठूला भवनहरू खरानी भएर ढल्छन्, बाढी आउँछन् र गाउँका गाउँ डुब्छन् अनि पहिरा जान्छन् र इलाकाका इलाका ध्वस्त हुन्छन्। पोहोर सेन्ट् हेलेन्स् भन्ने ज्वालामुखी पड्केर त्यसले सम्पूर्ण क्षेत्रलाई तातो पग्लँदो आगाले पुरी खरानी खरानी बनायो। त्यति मात्र होइन, कुनै चाड-बाडको विदा एक दिन बढेर तीन दिनको मात्र सप्ताहान्त भइदियो भने अनेकौं दुर्घटना हुन्छन् र असंख्य मान्छेहरू मोटर पल्टेर मर्छन्। तर त्यसरी प्राकृतिक प्रकोपबाट र चिताउँदै नचिताएको दुर्घटनाबाट घर फुट्नु र पाचुकेबाट परिवार फुट्नुमा आकाश पातालको फरक पर्दो रहेछ।

मलाई झल्याँस्स नेपालको सम्झना भयो। त्यहाँ लोग्ने स्वास्नी आफ्नै इच्छाले त्यसरी छुट्टिने कुरो बिरलाकोटी हुन्छ। बिहे भइसकेपछि जीवनभरिका लागि लोग्ने स्वास्नी बाँधिन्छन्। जसरी शरीरमा तुर्लुङ्ग झुन्डिने हातलाई मठारेर र ताछेर पर्यांक्न सकिदैन, अनुहारमा डाँडी परेर चुच्चिएको नाकलाई खुर्केर र सम्याएर मिलकाउन सकिदैन अथवा छातीमा भुक्क उठेका स्तनहरूलाई बटारेर र चुंडेर हुर्र्याउन सकिदैन, बिहे गरिसकेपछि पनि आफ्ना लोग्ने वा स्वास्नीलाई आफ्नो जीवनबाट चर्काएर, चोइटयाएर र चिरेर अलग्याउन सकिदैन।

पातालमा प्रेमको झण्डा उचालेर लोग्नेमान्छे र स्वास्नीमान्छे दुवै समानताका नारा सँगसँगै भट्याउँदै हिंड्छन्। हाई स्कूलमा पढ्दा पढ्दै ठिटाले ठिटी साथी र ठिटीले ठिटो साथी छानिसक्छन्। छान्नुको अर्थ यहाँ टिप्नु होइन। टिप्नु भन्नाले समूहबाट आफूलाई मन पर्ने एक जनालाई थुपुक्क लिनु र त्यसैमा आफ्नो मुटु सुम्पनु हो। पातालमा थुपुक्क टिप्ने काम हुँदैन। यहाँ छानिन्छ। केटाले अठार वर्ष पुग्नु अगावैदेखि आफ्नो उमेरका असंख्य केटीहरूलाई बाहिर घुमाउन लगिसकेको हुन्छ र केटी त्यस्ता प्रशंसक केटाहरूका थैथैमा यथेष्ठ नाचिसकेकी हुन्छे। गर्भ निरोधका साधन सजिलै पाइने भएकाले तेह्र चौध वर्षका हुने बित्तकै केटीहरू यौन सम्बन्धमा फुक्का हुन्छन् र ती स्वच्छन्द विहार गर्छन्। बिहेको पहिलो राति अक्षता पत्नीको आशा गर्ने कुरो आदिम समयको बर्बर इतिहास भइसक्यो। सचेत बाबु आमा छन् भने छोरीलाई बाह्र वर्षकी पुग्दा नपुग्दै डाक्टर जँचाएर गर्भ निरोधका साधनहरूमा नियमितताको पाठ पढाइहाल्छन्, तर कति अभिभावकहरू आफ्ना छोरीहरूलाई सोह्र सत्र वर्षका हुन्जेल पनि नाबालक र निर्दोषै देख्छन्। सामाजिक वातावरणले

गर्दा यस्ता ठिटीहरू गर्भ बोक्छन् र तिनका सन्तान टुहुरालय घुइँचो पार्न पुग्छन् । एक पल्ट ठक्कर खाएपछि ती चेत्छन् र गर्भ निरोधका शरणमा पर्छन् ।

पातालको स्वतन्त्रताले गर्दा ज्यादै थोरै केटाकेटी मात्र हाई स्कूल सकिने बित्तिकै बिहेमा बाँधिन पुग्छन् । धेरजसो त विश्वविद्यालय धाउन्जेलको लामो अवधि भरि अनेकौं साथीहरूसित जीवनको मोज लुट्छन् । तीस काटेर चालीस छुन थालेपछि जब नयाँ र नौला प्रशंसकहरूको ताँती घट्न थाल्छ ती झसङ्ग हुन्छन् र आफू मिल्दो जोडी छानेर बिहेमा बाँधिई घरजम गर्न थाल्छन् । तर जो हाई स्कूल सकिने बित्तिकै फुर्तीसाथ कति प्रतिद्वन्द्वीलाई पछारेर बल्ल बल्ल प्राप्त गरेको आफ्नो सर्वश्रेष्ठ साथीसित बिहे गर्न पुगेका हुन्छन् ती एउटा सन्तान जन्मने बित्तिकै आफ्नो छनोटमा पछुताउन थाल्छन् र तिनको पाचुके हुन्छ ।

बिहे वास्तवमा उत्तरदायित्वको सबै भन्दा बलियो उदाहरण हो । यस उत्तरदायित्वको भारी बोक्ने काममा साह्रै थोरै मान्छेले मात्र सफलता पाएका छन् । चार्लीलाई नै हेर्नोस् न । हाई स्कूल सक्ने बित्तिकै उसले र न्यान्सीले त्यस भारीलाई बोक्ने निर्णय गरेका थिए । बाबु आमाले कम्तीमा बी. ए. गरेपछि मात्रै बिहे गर्ने अनुरोध र सल्लाह दिंदा पनि प्रेमले पागल भएकी न्यान्सी बुर्कुसी मार्दै चार्लीका पछि लागेकी थिई । चार्लीलाई पीएच. डी. हुन्जेल उसले दुई छोराहरू पाइदिएर मात्र होइन, घरको सारा काम सघाइदिएर मात्र पनि होइन, बाहिर च्वास्सचुस्स काम गरेर र अर्काका छोरा छोरी रुँगिदिएर समेत आर्थिक रूपले थेगी । तर पढाइ सकिने बित्तिकै चार्लीको चाख अर्केकी स्वास्नीमा पुग्यो र ऊ त्यससित पल्केछ अनि सल्केछ पनि । चार्लीको यौन चाखले दुई घर भत्कने भए ।

मेरो सोचाइको खोलो उर्लिरहेको थियो । तल टङ्लङ्ग ढोकाको घन्टी बज्यो । जिम र जिल आएका रहेछन् ।

जिल राजनीति विज्ञानमा पीएच. डी. पढ्दै छे र जिम चाहिं समाज विज्ञानमा पीएच. डी. गर्दै छ । दुवै सिन्सिनाटीबाट म्याडिसन आएका हुन् । ती लोग्ने स्वास्नी नभए पनि तिनको एउटै डेरा छ र ती एउटै खाटमा सुत्छन् ।

हामी ६०६ एफमा बसे ताक ६०८ एफमा न्यान्डी र क्यारोल भन्ने पोइजोई बस्थे । उनीहरू छ महिना अघि पोइ न्यान्डीले भाषाविज्ञानमा एम. ए. गरेपछि क्यालिफोर्निया फर्केका थिए र अहिले कामको खोजमा अल्यास्का जाँदै छन् रे । तिनको ट्रिस्टचान भन्ने तीन वर्षको रहरलाग्दो छोरो पनि छ । न्यान्डी र क्यारोल पनि जिम र जिल जस्तै बाह्र वर्ष सम्म सँगै सुतेका थिए । बाह्र वर्षको सहवासपछि बल्ल तिनलाई एकाअर्कासित बिहे गरेर जीवन बिताएमा काम चल्ने

र बाधा नहुने ठहर भयो रे र एकाअर्काप्रति पूर्ण आस्था जाग्यो रे। त्यस पछि तिनले चार पाँच वर्ष अघि मात्र बिहे गरेका थिए।

जिम र जिल जस्तै जोडी बाँधेर भबिष्यमा बिहे गर्नलाई एकाअर्काका प्रेमको जाँच गर्ने प्रथालाई पातालमा 'सँगै बस्नु' भन्छन्। यसरी सँगै बस्तैमा पछि गएर बिहे हुन्छ भन्न सकिदैन। यौन आकर्षणले तानिएकाहरू केही वर्ष सँगसँगै बसेपछि आफ्ना इच्छा र चाखहरू पनि मिले नमिलेको र सँगै जीवन बिताउन सक्ने नसक्ने कुराको अन्तिम निर्णयमा पुग्न सक्छन्। छक्क पर्ने कुरो त झन के हो भने यसरी सारा कुराको जाँच गरिसकेपछि र एकाअर्काका आन्द्राभुंडी खोतलेर सम्पूर्ण रूपले परिचय गरेपछि भएको बिहेको बन्धन पनि स्थायी हुँदो रहेनछ।

दुई वर्ष अघि म परिवारलाई लिएर गाडी हाँक्तै विशाल र सुन्दर मिसिसिपी नदी तरी दुई सय पचास माइल उत्तर पश्चिममा पर्ने मिनियापलिस भन्ने नगरतर्फ गएको थिएँ। त्यहाँ हामी सोमप्रसाद पुडासैनी र प्रफुल्ला पुडासैनीका पाहुना भएका थियौं। उहाँहरूले हामीलाई भोलि पल्ट सहर बाहिर चालीस पचास माइल उत्तर तिरको चिटिक्क परेको निजी कृषिमा लानुभएको थियो। त्यहाँ दुई जना अध्बैंसे प्राध्यापक प्राध्यापिकाको प्यारो जोडा केही हाँस, केही बाख्रा र केही खरायाहरू पालेर सिलभर लेक भन्ने गाउँनेर जीवन बिताउँदो रहेछ। उनीहरू दुवै मिनियापलिस विश्वविद्यालय दिनहुँ आफ्ना आपना गाडीमा धाएर आफ्ना आफ्ना विभागमा पढाउँदा रहेछन्। बूढा चाहिं सोमप्रसाद पुडासैनीका पनि शिक्षक भएकाले पुडासैनीहरू र तिनको साह्रै राम्रो सम्बन्ध रहेछ। हामी नेपालीहरू खसी पारेका बोकाको मासु मन पराउँछौं भन्ने थाहा पाएर उनले खसी समेत तयार पारेका रहेछन्। खसी काटेर साह्रै आनन्दसित दिन बित्यो। ती बूढाबूढी एक छिन पनि एकाअर्काको हात छाड्दैनथे र घरिघरि च्वाक्क च्वाक्क एकाअर्कालाई म्वाइँ खाइरहन्थे। तिनका छोरा छोरीहरू पनि लाठे भइसकेर विभिन्न व्यवसायमा उहिल्यै लागिसकेका छन्। तर भर्खरै पुडासैनीबाट ती बूढा बूढीको पनि पाचुके भएछ भन्ने थाहा भयो। अब तिनका बढेका छोरा छोरीले बूढा आमा बाबुलाई मर्ने वेलामा अर्कै अर्कै ठाउँमा भेट्न जानुपर्ने भयो। त्यति मात्र होइन, यहाँ हाम्रा यस्ता छिमेकीहरू छन् जसको बूढी आमा अर्कै बूढो समातेर एउटा सहरमा मृत्यु पर्खेर बसेकी हुन्छे भने बावु चाहिं अर्कै बूढीलाई अँगालेर अर्कै सहरमा उँघिरहेको हुन्छ।

अठारवर्षे युवतीले विश्व सुन्दरीको उपाधिलाई समेत लात लगाएर पच्पन्नवर्षे प्रेमीलाई हाँप र झाँप गर्दै अँगालामा कस्न क्यालिफोर्निया दुगुरेको देख्ता पातालमा प्रेम गहिरो हुँदो रहेछ भन्ने भान नपरोस्। धनी लोग्ने छ र त्यो झन

बूढो छ भने झन बेस मानिन्छ। जति बूढो भयो उति राम्रो हुन्छ, किनभने ऊ चाँडै मर्छ र त्यसको धन कुम्ल्याएर फेरि रोजी छाडी तन्नेरी भिर्न पाइन्छ, नभए पनि पाचुकेद्वारा प्राप्त गुठी गमक्याएर मनपरी बुर्कुसी मार्न पाइहालिन्छ। टेड केनेडीकी पत्नी नौ वर्षदेखि अलग्ग बसेकी थिइन्। लोग्ने राष्ट्रपति पदमा उठ्ने कुरो सुन्ने बित्तिकै सारा झगडालाई बिर्सेर फेरि उनी केनेडीका पछि छाया भएर हिँड्न थालिन्। तर जब उनले कार्टरसित हारे, केनेडीलाई कुट्ता उनलाई दुख्ला जस्तो गर्ने त्यस्ती प्रेयसी सरक्क फेरि विना संकोच हटिन्। अब ता बीस बाईसवर्षे छोरो हुँदा हुँदैका केनेडीहरू पाचुके गर्छन् रे। सन १९५५ मा पाताल सुन्दरी भएकी ली मेरीवेदरको पनि त्यस्तै कथा छ। उनका बीस पच्चीस वर्षका दुई छोरी छन्। अब छोरीहरूका विहेको ता कुरै छाडौं, अध्वैंसे ली आफैं बिहे गर्ने रे।

उमेरको कुनै छेकबार छैन, मर्यादाको कुनै बन्धन छैन र सामाजिकताको कुनै अल्झो छैन। रगत उम्लेपछि पुग्यो, छाती खलांती भएपछि पुग्यो र न्यानो स्पर्शको तीर्खा पलाएपछि पुग्यो। यसरी बल्दो आगामा राखुन्जेल भाँडाको पानी खटखट उम्ले जस्तो छाला छोउन्जेल नसामा सन्सनाउने, उत्ताउलिने र बल्किने तर अलिकति ओझेल पर्ने बित्तकै ज्याउ उम्रेर, लेउ लागेर र ओस परेर कठयाङ्ग्रिने पाताले प्रेमको प्रदर्शन पनि हेरियो। हुनत यसै पाताले प्रभावले होला, पातालमा पाँच वर्ष हुर्केर फर्केकी नवयुवतीले सोह्रदिने साइतै नफर्काई पाचुके गर्ने र तात्तातै अर्को लोग्ने रोज्ने उदाहरण हाम्रा राजधानीमा पनि एक दुई नदेखिएका होइनन्, तापनि त्यस्ता बिहे नेपालमा अझ सम्म त दुर्लभै छन्।

पाचुके भइसकेपछि होस् वा हुनु अघि नै होस्, यहाँ पुरुष होस् वा स्त्रीले आफ्ना पहिला पति वा पहिली पत्नीको अथवा पहिला प्रेमी वा पहिली प्रेमिकाको स्वच्छन्द उल्लेख जताततै गर्ने प्रथा पनि रहेछ। मलाई पातालमा सबै भन्दा राम्रो चाहिँ के लाग्यो भने मनमा जतिसुकै घृणाको भाव भए पनि, पहिले पहिले जतिसुकै नराम्रो झगडा परेको भए पनि र अचेल जस्तै टाढाको सम्बन्ध भए पनि समाजमा वा एक्लै दोक्लै समेत भेट्ता अभिवादन गर्ने, भलाकुसारी गर्ने र राम्ररी बात मार्ने चलन रहेछ। मुन्टो परक्क बटार्ने, आँखा तरेर छड्कने वा घोसे मुन्टो लगाएर बोल्दै नबोल्ने कोही पनि गर्दो रहेनछ।

पाताल पनि गजपकै ठाउँ रहेछ। अब चार्ली र न्यान्सीले भेट्ता परचक्रीले झैं अभिवादन मात्र साट्ने भए, भलाकुसारी मात्र गर्ने भए र दुई चार गफका कुरा मात्र गर्ने भए। जेफ र एरनले चाहिँ आफ्ना बाबुलाई कहिलेकाहीं सप्ताहान्तमा मात्र भेट्न पाउने भए। तर त्यसमा मैले सुर्ताउनुपर्ने कुरो पनि के छ र? न्यान्सीले पनि

ता अर्को गजघट्टे पोइ पाइहाल्छे नि । यहाँ न जोई पाउन गाह्रो छ, न पोइ पाउनै । बिहे त एउटा दुवैलाई सुविधा मिलुन्जेलको अस्थायी गठबन्धन मात्र रहेछ । यो यस्तै भुलुक्क उम्लेको क्षणिक यौन टाँसो रहेछ जस्तो केही बेर अघि मैले झुप्प परेको पुच्छरको चामर हल्लाउने पोथीप्रति कामातुर हुँदै पछि लाग्ने भाले लोखर्केमा देखेको थिएँ । यो फगत जिम र जिलको जस्तो ठेक्का बन्दोवस्तको अनौपचारिक अँगालो रहेछ, देखुन्जेलको, छोउन्जेलको र पिउन्जेलको लोखर्के माया रहेछ ।

□

: २१ :

आफैं साहित्यिक बाटामा

कृष्णप्रसाद पराजुली

●

असार हरेक वर्ष आउँछ, जान्छ। हरेक बर्सात फेरिन्छ। म आँखामा राखेर हेर्छु। तर मलाई मेरो जन्मदिन थाहा हुँदैन। त्यो त्यसै आफूबाट फुस्केर गइसकेको हुन्छ–विस्मृतिको एउटा छायाँ भएर।

अर्थहीन बाटोमा उभिएर गौरव गाउने रोग लागेको छ नेपालीलाई। कसैले ती कसैको मृत्युपछि मसानमा बसेर रुन जान्दछन्, तर जीवनमा मुस्काउने क्रियालाई उनीहरू ठाउँ दिंदैनन्। यसैले यहाँ असल र जीवित साहित्यकारको जन्मोत्सवको महत्त्व छैन, मूल्य आँकिदैन उसको। उसका खुसी र रमाइला आफैं पानी भएर बग्छन्, गीत भएर जान्छन्। यस धमिलो वातावरणमा म आफ्नो जन्मदिन नै बिर्सन्छु—यसमा उदेक लाग्दो कुरै के छ र !

जीवन साँझ र बिहान, वर्षा र हिउँद भएर आइरहेछ; कथा र व्यथा भएर घुमिरहेछ। कस्ता कस्ता संस्मरण र घटना सेलाउँदै गए। सबै टिप्ने गरेको भए

अनौठा चित्र र कथा यी पातामा कोरिन्थे होलान् । दुःख छ, ती आफूबाट हराएर गएका सपना जस्तै भइरहेका छन् । तैपनि म एक दुई अँजुली पानी उभाउँदै जान्छु ।

पहाडमा पढ्ने प्रबन्ध थिएन । राम्रो अक्षर नै नफुटी म काठमाडौं आएँ । संस्कृत पाठशालामा भर्ना भएर पढ्दै थिएँ, त्यसै बेला 'जयतु संस्कृतम्' को आन्दोलन चल्यो । म केही बुझ्दिनँथें, तर पनि मलाई नरमाइलो लाग्यो । यसपछि आयो सात सालको जनक्रान्ति । चारैतिरको असन्तोष, विद्रोह र संघर्षका व्याप्त लहरामा मेरो कलिलो आत्मा छट्पटाउन थाल्यो । एकाएक म चिच्याएँ । मेरो मनमा यसै समय कता-कता विद्रोहका अज्ञात कविता खेलिरहेका थिए ।

यतिन्जेल मैले केही संस्कृत पढेर नेपाली परीक्षा दिइसकेको थिएँ । चण्डी, रुद्री पढ्नुमा भन्दा पारसमणि प्रधानका 'सजिलो नेपाली साहित्य' पढनुमा म पहिलेदेखि रमाउँथें । यसै रुचिको क्रममा तिनताकसम्म निस्केका धेरैजस्तो नेपाली पुस्तक मैले एक पल्ट हेरिसकेको थिएँ । बाहिरी पुस्तकहरू हेरेर पनि म पढाइमा तेजिलो थिएँ र कति साथीहरू मेरो सफलतामा जिब्रो काट्थे । यसपछि म अंग्रेजीको अध्ययनतिर लागें । एकातिर परिस्थितिको चेपो थियो, अर्कातिर कविताको धुनले गाँजिसकेको थियो मलाई । म पढाइभन्दा बढी गुनगुनाउन र एकान्तमा घोरिएर बस्न थालें ।

सुरुमा नाम मिलाएर लेख्न रहर लाग्यो । अनि अरू कारकेर गर्न थालें । यसैताक २००६ मा मेरी आमा खस्नुभो मलाइ संसार रित्तिए झैं लाग्यो । एक दिन मैले जनकवि धर्मराज थापा बाटोमा गाउँदै हिंडेको देखें । एउटा गीतको पर्चा किनेर म डेरामा पुगें । फेरि एक दिन 'प्रतिभा' को एउटा अंक मेरो हातमा पऱ्यो । हृदयचन्द्रलाई जस्तै भयो मलाई । पत्रिकामा छापिएका नामहरू पढ़ेर रहर र कुतकुती लाग्यो—मेरो पनि नाम छापिए कस्तो हुन्थ्यो !

चिठी लेख्ने बानी मलाई पहिलेदेखि बसेको थियो । गाउँघरमा साधारण चिठीदेखि अरूका प्रेमपत्रसम्म मैले थुप्रै लेखिदिएको थिएँ । अझै पनि कुनै विशेष चिठी लेख्नुपऱ्यो भने मकहाँ आइलाग्छ । मेरो भावनाको अभिव्यक्ति यसरी चिठी-पत्रद्वारा बढ्दै गएको हो । एक दिन, कनी कुथी लेखेको एउटा कविता खुट्टा कमाउँदै सरस्वतीसदनमा भएको विराट् कवि सम्मेलनमा बाँचें । मलाई आफ्नो लक्ष्यमा टेक्न सकेको मिठो अनुभव भयो । यो थियो २०१० सालको कुरो ।

अब म छन्दमा अभ्यास गर्न थालें, गीतमा पनि र आधुनिक लयमा पनि । यिनताकसम्म मलाई छन्दोबद्ध कवितामा गण र मात्रा मिलाइन्छ भन्ने थाहा थिएन । तानतुन छन्द पो थियो । गीत लयमा बग्ने हुनाले सजिलो लाग्थ्यो । यति-

खेर पाठ्यक्रममा पनि यस विषयका र साहित्यिक पुस्तकहरू पढ्नुपर्थ्यो। अनि म आफूखुस पनि खोजी र चाहका कुराहरू गहिरिएर अध्ययन गर्दै गएँ। भानुभक्तदेखि लेखनाथ, घिमिरे; समदेखि देवकोटा, सिद्धिचरण सबैका रचना चाख्न थालें। 'मुना मदन' ले मुहुनी लगायो। यसपछि बाहिरका कविता-लेखहरू पनि हेर्न थालें।

अहिले मसित त्यस समयका अभ्यास, खेस्रा र अध्ययनका कापी छैनन्' तर मैले थुप्रै कापी भरेको थिएँ। राम्रा कविता लेख्न सान्साना पुस्तकदेखि शब्द कोश-सम्मका मिठा-मिठा शब्दहरू छानी, खोजी दुई तीन बत्तीसपाने कापी टन्न पारेको थिएँ। यसरी मेरो भाषा सम्बन्धी चाख पनि यसै बेलादेखि बढेको हो।

लजाई-लजाई मैले २०११ सालमा एक दिन एउटा कविता 'गोरखापत्र' मा र एउटा कविता 'परोपकार' मा छोडें। ती दुवै कविता प्रकाशित भए। कविता छापिएका प्रतिहरू ल्याएर आलमारीमा सुरक्षितसाथ राख्ता म कति प्रसन्न भएको थिएँ, अहिले अनुमान पनि गर्न सकिन्न।

मैले साहित्यिक जगत्मा पाइलो हालें, तर अझै पनि मलाई भाषा, भाव र कलाले तिखारिएका रचना दिने खुलदुली भित्रै गुम्सिरहेको थियो। पहाडको घर; कठमाडौंको बसाइँ र स्वावलम्बी भएर बस्नुपर्ने स्थितिले म अनेक काममा अल्झिरहन्थें। आफू पढ्दा-पढ्दै गाउँमा विद्यालय चलाउने इच्छा जाग्यो। २००८ सालमै म एउटा स्कूलको संस्थापक-सदस्य भएको थिएँ। २०१३ सालमा ज्ञानको अर्को टुकी बालियो—गाउँमा 'जागृति पुस्तकालय' खुल्यो। यस पुस्तकालयको संस्थापनका साथै गह्रौं भार बोकेर काम गरी घरघरमा गई पुस्तक बटुल्न थालें। तीन हजारभन्दा बेसी पुस्तक र हजारौं स्थायी महत्त्वका पत्रिका सँगालिएको औ व्यवस्थित रूपमा चलाएको, अनि जिल्लामा प्रशंसनीय र सर्वश्रेष्ठ भएको यो पुस्तकालय अहिले पनि छ। तर यति राम्रो रूपमा चलेको यस पुस्तकालयले एकातिर आर्थिक सहायता नपाएर कुँजिनुपर्‍यो भने अर्कातिर आज राष्ट्रिय व्यापक क्षेत्रमा काम गर्नुपरेकोले यसको उन्नतिमा मनग्य लागिपर्न नपाउँदा मलाई दुखेको छ, तर आफ्नो जीवनको निकै अंश मैले यसका निम्ति उत्सर्ग गरेको छु।

हरेक व्यक्तिले जनताको सेवा र कार्य क्षेत्रमा उत्रनुपर्छ भन्ने मेरो निश्चित धारणा लेखन-क्रियासँगै पलाएको हो। यसैले म सांस्कृतिक जागरणमा निकै खट्थें। मोटर नचल्ने त्यस बेला म सातापिच्छे जसो कुद्दै गाउँमा पुग्थें, काम गर्थें र हपहपाउँदै कान्तिपुरमा फर्कन्थें। आर्थिक स्थिति राम्रो नभएको स्कूललाई जोगाउनु गाह्रो काम थियो। महिनौं-महिनौं गाउँमा बसेर सित्तैं पढाउने र व्यवस्था मिलाउने काम गर्थें। बेला-बेला नाचगान, कविता, खेलकूद आदि कार्यक्रम गर्थ्यौं।

गाउँको भन्ज्याङ, चौर र चौतारीमा बसेर भाका हाली-हाली गाउँका बूढा-बूढी, तरुना-तरुनी र केटा-केटीलाई हामी गीत कविता सुनाउँथ्यौं। यसरी त्यस क्षेत्रमा प्रशस्त प्रभाव पर्‍यो, एउटा जागरणले छोयो सबैलाई। फलस्वरूप जुन ठाउँमा स्नातक त परै जाओस् म्याट्रिकसम्म पनि कुनै पनि व्यक्ति थिएनन्, अहिले छापछाप्ती भइसकेका छन्।

मेरो चासो जिल्ला र काठमाडौंका सार्वजनिक कार्यमा पनि पुगिसकेको थियो। यता म अब विविध विषयमा लेख्न लागेको थिएँ। यो थियो २०१३ देखि २०१७ सम्मको कुरो। यसै बिचमा म नेपाल पुस्तकालय संघ, साहित्यिक परिवार—कान्तिपुर, जिल्ला पुस्तकालय संघ, प्रगतिशील नेपाल लेखक संघ आदि-मा पदाधिकारी तथा कार्यकारी सदस्य भएर तिनका काममा पनि जुटेको थिएँ। यसै समय जिल्लाबाट निस्केका 'चिराँक' एकमहिने र 'पालुवा तीनमहिनेको सम्पादनमा पनि मेरो सेवा परेको थियो। यसरी मेरो खास अभिरुचि पहिलेदेखि शिक्षा, साहित्य र संस्कृति थियो। यसै क्षेत्रलाई लिएर म अगाडि बढें, जिन्दगीको लामो अंश यसै क्षेत्रमा बितेको छ र आउने दिन पनि यसैमा सर्मपित गरि; सकेको छु।

सुख र सन्तोष छ मलाई—मैले आफ्ना लक्ष्यमा आशातीत सफलता पाएको छु। म विजयी भएको छु मेरो दिशामा। मेरो एउटा संसार छ। म त्यस संसारमा सिर्जनाको रथ हाँकिरहेछु, नयाँ शक्ति बटुलिरहेछु जीवनका चुलीहरूमा!

कसलाई थाहा—मेरो प्रसन्न अनुहार र सफलता मात्र म होइन। मभित्र चर्को एउटा व्यथा छ, मभित्र समुद्र उर्लिरहेछ, मभित्र एटम बम खेलिरहेछ। जीवनमा आफूले केही गर्न सकेको छैनँ जस्तो लाग्छ। मेरा कति इच्छा र संकलपहरू आफ आफैंमा मक्किइरहेछन्।

बिग्रनुलाई मैले सही पनि दिएको छु, तर त्यसबाट उब्जेको प्रतिक्रियामा मेरो छाती दुख्छ। अझ मलाई त्यहाँनेर मर्मान्त हुन्छ जहाँ शिष्ट र सभ्य भनाउँदा मानिसरूपी राक्षसका घट्टेघुमाइबाट बच्न मैले आपनो मुटुलाई तरबारको धारमा राख्नुपर्छ, अनि त्यस्ता मानिसलाई बेइमान र चोर भनेर छोड्न पनि पाउन्नँ। यस्तै घटनामा मलाई मूर्च्छाबाट कति पल्ट बौरनुपरेको छ।

कमलोपन र भावुकता मेरो सबभन्दा ठूलो कुरो हो। यसले मलाई सिर्जनात्मक गति दिएको छ। यसैले म निचोरिएको छु। म मुटुलाई ढुङ्गो बनाउन सक्तिनँ। आफू सकिएर गए पनि फूल हुने मेरो कल्पनालाई कति पल्ट यसले किचिदिएको छ।

म छट्पटिन्छु, अस्पटिन्छु—मिठा कविता लेख्नुपर्ने, गीत लेख्नुपर्ने, लेखहरू लेख्नुपर्ने। तर खै यहाँ त केही पनि लेखिन सक्तैन। मानौं कविता र

गीतमा खडेरीले जरैसुद्ध खाइदिएको छ। मानौं यहाँ कुनै लहर उठ्न सक्तैनन्। निराशाको कालो बादल आएर ढाकिन्छ आँखा वरिपरि।

म स्वयंमा गाउँछु, खेल्छु र कति पल्ट स्वयंमा मर्छु। संघर्ष संघर्षको निचोरमा आशा र विश्वासको मसिनो तारले मलाई छुन्छ। अनि म नयाँ शक्ति बटुलेर गाउन थाल्छु। यसरी मलाई जिन्दगीले बाँच्न सिकाइरहेछ।

"पराजुली! तिमीले यतिको लेखिसक्यौ। ओइरो लागेको होला के तिमीलाई रायल्टीबाट।" एक जना दौंतरी भन्छन्।

म मुस्काइदिन्छु यस मुस्काइमा रहस्य छ भन्ने कुरो उनी बुझ्छन् बुझ्दैनन्— मलाई थाहा छैन। साहित्यिक मात्र भएर बाँच्न यहाँ कहाँ पाइन्छ र! अठार घण्टासम्म एकनास खट्नुपर्छ। म काम गर्छु—परिवारका निम्ति, समाजका निम्ति र देशका निम्ति। सबभन्दा बढी त के भने म आफू सीमित भएको छु, लक्ष्य व्यापक छन्। यसैले म आफैं दुःख कमाइरहेछु। छातीमा ठूलो घाउ लागेको छ मेरो। यसरी जिन्दगी खोलो सुसाए झैं भइरहेछ। बितेका र बित्ने भूमरीमा मेरो सपना फुल्छ, मुस्काउँछ र बिलाउँछ। म विश्वासको घाम झुल्कोमा फेरि अगाडि लम्कन्छु।

मानिसलाई म अघोर विश्वास गर्छु। त्यसको परिणाम मलाई धेरै सफलता प्राप्त छ, तर कहिले काहीं त्यसको प्रतिकूल धोका र पछुताउ पनि पाएको छु। यसैले अब मैले के बुझेको छु भने मानिसको बानी-बेहोर र नैतिक मापदण्ड हेरेर मात्र उससित विश्वासको व्यवहार गर्नुपर्छ अथवा त्यस्तो मानिसलाई आफ्नो सिद्धान्त अनकूल बनाउन सक्नुपर्छ। नत्र एकलकाँटे, स्वार्थी र बेइमानहरूले तिखा नंग्रा गाड्छन्। यस व्यावहारिक तथ्यप्रति साँच्चै म सचेत हुँदै गएको छु।

म सत्य, इमान्दार र दृढ निश्चयी रहेको मेरो आत्मविश्वास छ र यो मेरो जीवनको प्रण र मन्त्र पनि हो। बोलेका कुरा पूरा गर्नु र आफ्ना कर्तव्य तथा दायित्वको निर्वाह गर्नु मैले आफ्नो धर्म ठानेको छु। कहिले काहीं त्यसै पनि मलाई मिथ्या दोष आइपर्छ र दुख्न थाल्छ। कहिले काहीं 'नाइँ' भन्न सक्तिनँ, तर यति साह्रो व्यस्त वा अप्ठेरोमा पर्छु भनेको कुरो पूरा गर्न मुस्किल पर्छ र मलाई ग्लानि हुन्छ। अनि मलाई क्षमा माग्नुपर्छ वा म त्यसलाइ फेरि सँगेल्न थाल्छु।

आफूलाई व्यक्ताउनु छ भने आफ्ना विषयमा प्रस्ट पार्नु पनि अत्युक्ति हुने छैन। म जहिले पनि नयाँ, सिपलाग्दा र उपयोगी साहित्यिक काम र रचना गर्न चाहन्छु। आजसम्मका मेरा प्रकाशित पुस्तकहरूमा बालकाव्य, खोजी र चिनारी, नेपाली भाषा सम्बन्धी विषय र कविताहरू छन्। खुसी छ, ती कृतिमा कुनैले रेकर्ड बिट गरे, कुनैले आफ्नो बेग्लो र राम्रो ठाउँ बनाएका छन् र कुनैले आफ्नो महत्व

पाए । अब कविता कथाका संकलन निस्कलान् । अनि म राष्ट्रिय सांस्कृतिक चिन्तन-मनन तथा खोजीका र अन्य साहित्यिक कृति दिने प्रयासमा रहने छु ।

यस बिच मैले सात वर्षसम्म रायल नेपाल एकेडेमी (अहिले नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान)-मा रही सेवा गरेको थिएँ । आफूलाई ओछ्याएर खटें त्यहाँ पनि । विभिन्न साहित्यिक क्रियाकलाप र शब्दकोशदेखि आखिरमा 'कविता' काव्य पत्रिकाको सहायक सम्पादक भएर काम गरें । योजनाको समाप्तिपछि यता दुई वर्षदेखि म त्यहाँ छैनँ, जीवनका आधा जुगभन्दा बढी समय र सेवा अर्पित भएको त्यस संस्थाबाट अब म बाहिर छु । तर म चिन्तित छैनँ, बरु बढी प्रसन्न भइरहेको छु । किनभने म आफ्नै स्वतन्त्र क्षेत्रमा उठिसकेको छु र मैले आफ्नै पृष्ठभूमिमा बाँच्न सिकिसकेको छु ।

जीवनमा आफूले लेख्ने काम स्वभावत: भयो नै, यसका साथै पचासौं लेखकका कृतिमा मेरो सहयोग परेको छ । कति नयाँ लेखकहरूलाई मैले उठाउने सौभाग्य पाएको छु, कति लेखकहरूका कृति मबाट संशोधित र परिष्कृत भएका छन् । अर्को शब्दमा भनूँ म गुरु पनि भएको छु । यो पनि मेरो आफ्नो खास योग-दान वा विशेषता हो र त्यसको उल्लेख गर्दा आफूलाई गौरवको अनुभव हुन्छ ।

कसैले मलाई 'नानीका कवि' उपाधि दिए, कसैले 'मुटुका कवि', कोही 'भाषा सम्बन्धी विशेषता पाएका लेखक' भन्छन्, कोही 'जीवनका कवि', त कोही 'आधुनिक कवि' । यसका निम्ति विवेचकप्रति मेरो साधुवाद ! म चाहिं आफ्ना सम्बन्धमा आफैं के भनूँ, तर यति सत्य हो—कुनै साहित्यकारलाई सफलता प्राप्त छ छैन, त्यो दुई चार व्यक्तिले छुट्याउन सक्ने कुरो होइन । यसलाई नेपालको माटो र पानी अनि नेपाली जनताले चिन्ने छ, थाहा पाउने छ र बुझ्ने छ । अर्को कुरो, कसैको इतिहास आफैंले लेखेका आलोचना र नयाँ सडक वा भूगोल पार्कले बताउन सक्तैन । त्यसलाई नेपाली जनताका मुटुले मात्र लेखेर राख्न सक्तछ । कसले कुन ठाउँ ओगट्छ, त्यो कुरो आज भविष्यको रेखा भएर कोरिएको छैन । यो त दस-पन्ध्र वर्षपछि आउने इतिहासले आँक्ने छ र निर्णय गर्ने छ ।

मेरो चिन्तन भन्छ—हाम्रो देशमा राष्ट्रिय सांस्कृतिक अभियान हुनुपर्छ । हामी पुरातन विचार र संस्कारबाट माथि उठ्न सक्तैनौं । हामीले संस्कृतिमा पनि नयाँ जागरण ल्याउनुपर्छ; परिष्कृत, परिमार्जित र विपुल पार्नुपर्छ हाम्रो सांस्कृतिक सम्पन्नतालाई ।

कसैले 'तिम्रो सबभन्दा ठूलो कार्यक्षेत्र के हो' भनेर सोध्यो भने अहिले म तुरुन्तै 'नेपाल राष्ट्रिय विद्यापीठ' भनेर उत्तर दिन्छु । यस संस्थामा मेरो एक जुगभन्दा बढी समयको श्रद्धा र सद्‌भावना छ, झन्नै आधा जुग मेरो सेवा र

जीवन यहाँ परेको छ। अहिले म दिनमा कम्तीमा पनि आठ-दस घण्टा यस संस्थामा काम गर्छु, खट्छु र यसका निम्ति सोच्छु, विचार गर्छु। वास्तवमा मलाई हृदयमा यस्तो एउटा सपना खेलाउन मन लाग्छ जुन सपना भोलि यहीं गएर फुल्ने छ। नेपालको एउटा नमुना बनाउने मन र संकल्प छ नेराविलाई।

साहित्यका सम्बन्धमा मेरो विचार छ—साहित्यकार हुन वरदान चाहिँदैन। न खेलाँची वा देखौवापनले कुनै व्यक्ति साहित्यकार हुन सक्छ। साहित्यिक सिर्जना वनमा गएर सालका पात टिप्नु होइन, न यो मनचिन्ते आकासबाट असिना झार्नु हो। यसका निम्ति चाहिन्छ—आस्था र संकल्प, त्याग र तपस्या, लगन र दृढता तथा अनुभूति र संवेदना। कुनै पनि लेखकले पहिले त आफैलाई बुझ्नु र पढ्नुपर्छ। आफूमा अभिभूत नभएसम्म ऊ झारपात थुपार्छ वा फूल बटुल्छ केही थाहा हुँदैन।

अरूका सापटी, धरौटी र जडौरीमा हामी उठ्न सक्तैनौं। हामीले आफ्नै मियो गाड्नुपर्छ साहित्यिक खलामा। नेपालका छहरा-पहरा र ढुंगो-माटोलाई व्यूँझाउन सक्ने, जुर्मुराउन सक्ने र तिनलाई नयाँ जीवन र गीत दिन सक्ने साहित्य चाहिएको छ यहाँ। हाम्रो मुटुमा अरूको मुटुको आवाज मिल्दैन। हामीले त रोएर पनि पानी बर्साउनुपर्छ।

□

: २२ :

बसका दुई बिसाउनी

बल्लभमणि दाहाल

●

काठमाडौंमा साझा बस सेवा चालु भएदेखि कुनै नौलो र चमत्कारी भन्न सकिने घटना न सुन्न पाएको छु, न त देख्न नै। एक बेलुकी टङ्गालको बिसाउनीनेर एउटी अपरिचिता बहिनीले आफूसँगै बसेकी अर्की बहिनीको हिपटाइटमा ह्वाल्ह्वाल्ती बमन गरिदिँदा सिद्राको अचार मिसिएको भाते जाँड नगन्हाएको भए नाकसम्म थुन्न मलाई कर लाग्दथ्यो कि लाग्दैनथ्यो कुन्नि तर यस घटनाले कुनै ममा छाप पाऱ्यो भन्न सक्तिनँ। हो, बस चढिरहँदा बेलामौकामा होसियार गाउँले दाजुभाइहरूको जेब साफ हुँदा एक किसिममा भाइ बहिनीमाथि पाप चिताएको अथवा अल्लारे दुई जनाका एक दुई वसबिउनीमा नै आँखा चार भएर पशुपति बाबाका जङ्गलमा लास फेला परेको विनाप्रमाणको हल्लासम्म सुनेको हुँ। रामेश्वरम्‌देखि काँसीसम्म धाएर गङ्गाजीमा मुख खोकलिसकेको हुनाले म कंचन मनले भन्छु, अभिनेता या अभिनेत्रीसित मेरो साक्षात सम्बन्ध नभए तापनि मैले

बम्बई कुल्चिएको छु। बम्बईमा बनेका धेरैजसो फिल्महरू चाहिं काठमाडौंमा नै हेरेको हुँ। अनि त मलाई लाग्छ, यस्ता कुरामा ज्यादै विशेष किसिमको दक्षता हासिल गर्नुपरेका खण्डमा मात्र हाम्रा भाइ बहिनीहरुलाई समुद्रपार जाने खण्ड पर्ला।

१. निकै दिन त 'लाम लाग्नुहोला' भन्ने सूचना पाटीको पालना गरिरहें। बस चढेपछि कथेकदाचित् बस्ने सिट पाइहालेमा पनि 'बाल, वृद्ध र महिलालाई स्थान दिनुहोला' ले मलाई उत्तिष्ठासन गरायो। मेरो बुद्धि ढिलो फुर्छ, यस कमजोरीलाई म स्वीकार गर्दछु। माननीय र सम्माननीयहरूले लाम तोडेर घच्चाघच्चीमा विजय हासिल गरी बसासनमा विराजमान भएको देख्ता देख्ता बल्ल मेरो पनि होस खुल्यो। त्यो दिन दुई खेप चढ्न असफल भएर अढाई बस घण्टा कुरेको झ्वांकमा खुट्टा बाहिरै छोडिए तापनि टाउकोसम्म लुकाउनसके धन्य सम्झिने सुर कसेर ठेलमठेलामा लागेको के थिएँ मेरा पछाडिका हुलका धक्काले एउटा जुत्तो बाहिरै छोडिए तापनि एकैचोटि सग्लै बसभित्र टुप्लुक्किन पुगें। कहिलेकहीं नसोचेको कुरो पनि हुँदो रहेछ। त्यस्तो हुलमा तीन जनासम्म कोच्चिएर बस्ने सिटमा एक जना भद्रपुरुष एक्लै टाङ फारेर गजधम्मसँग विराजमान भएका रहेछन्। अरू मानिसहरू चाहिं दुवै हात उठाएर रेलिङ पक्री चमेरे आसनमा तुर्लुङ्गिए जस्ता छन्। यस्तो कसरी भयो भनी सोच्नुभन्दा आगावै म हत्त र पत्त भद्रपुरुषका टाङले नभ्याई छाडेको अलिकति ठाउँमा थचक्क बसिहालेंछु। उहाँका विशाल लोचनले शरीर नहल्लाई केवल गर्धन मात्र फनक्क मतिर फर्का' एर सिंहावलोकन गर्दा पो मेरो गिदी केके सोच्न पुगेछ। आज कुनै भू. पू. मन्त्रीज्यू पो विशिष्ट जनसाधारण हुनुभएछ कि भन्ने शङ्का मेरा खियाउटे आंखाले चाँडै निर्मूल पारे। कारण, यता दुईचार वर्षदेखिका कार जोगादे गर्न नसकी बेकार हुनुभएका भू. पू. ज्यूहरू एकदुई वर्ष दयावसी चढ्दा चढ्दा पनि केही नलागेपछि बसमा यात्रा गर्नुपर्दा हामी जस्ता बेकम्मासँग पनि राम्रै भलाकुसारी गर्नुहुन्छ तर मेरा सहगामी भद्रपुरुषज्यू त मेरो शरीर स्पर्शबाट काउसाबाट जस्तै बच्न लाग्नुभयो। फतौरे मानिस काम लाग्दैन। उहाँको गम्भीर व्यक्तित्वको मर्यादा नाघेर मेरा मुखबाट 'कृपया अलिकति परतिर सर्नुहोला कि ?' कताबाट फुत्त निस्किहालेछ। फारेका टाङ बिजुलीका झड्काका वेगमा समेटिए। किन मैले उहाँलाई 'धन्यवाद' भनिनँ, थाहा छैन। उहाँलाई मैले धन्यवाद दिनैपर्थ्यो किनभने 'बक्सिएला कि ?' को साटो 'सर्नुहोला कि ?' भन्दा पनि उहाँका सुमधुर वचनको रसास्वादन गर्नुबाट यी सुके कान वञ्चित् हुन पाए। आंखालाई पापी र कानलाई लोभी विशेषण भुण्ड्याएको कारण आज फेला पारे जस्तो लाग्यो। त, यी मेरा

पापी आँखा उहाँका सर्पाकार लौरामा परे अनि उहाँले पक्रिएको सुनले मोहोरेको हत्थाको भागमा पुगे। उहाँका कोट सिलाउनी र कपडाले समुद्र वारीका द्वीपमा तयार भएको होइन भन्ने स्पष्टै बुझिन्थ्यो। लोभी कान अगि नै सक्रिय भइसकेछन्। उहाँको नबुझिदो फत्फताइको माने खोल्न कानले गिदीमा तारैतार गर्दा पो थाहा पाएँ। बहुमूल्य मखमल शिरपोसमुनि फराकिलो ललाटमा असन्तोषका तीन रेखा खुम्चिएका अनि त्यसदेखि उँधोको लामो नाक मुनि कुनै शिल्पकारले कुँधे जस्ता जुँघा पुष्ट ओठका हल्लाइबाट चत्मलाइरहेका छन्। उहाँका अस्पष्ट अङ्ग्रेजी स्वर र लवजमध्ये केहीको नेपालीमा अनुवाद गर्दा 'घृणित,' 'वाहियात', 'अव्यवस्था,' 'नीच' जस्ता भाव आउन सक्थे। मैले बिर्सिसकेंछु, म बसेको पाँच मिनट भइसवता पनि मानिस ओइरिन छाडेका रहेनछन्।

"ए, यो के हो? एक घडी बितिसक्यो, कति पर्खाउने अझ? उफ्, के भन्नु यिनलाई!" भद्रपुरुषको यस गर्जाइमा हार्न नमान्नेले हार्न कर लागे जस्तो अमिलामा तीतो मिसिएको आभास पाइन्थ्यो। कन्डक्टरको 'बेला हुनै लाग्यो' भन्ने जबाफ उहाँबाहेक सायद सबैले सुने। उहाँलाइ धेरै कुरा भन्नुथियो होला, "खालि पैसा चाहिएको छ यिनलाई, मानिस भरिए पछि त चलाइहाल्नुपर्छ नि, असभ्य, भेडिया धसान, यो यो केको प्रजातन्त्र?" उहाँ भद्रपुरुष हुनुहुन्छ। म किन सोचूँ, उहाँलाई यो प्रजातन्त्र पनि बढ्ता भएको छ। अनि झन म यो कुरो किन सम्झूँ उहाँबाहेक अरू सबै असभ्य हुन्! उहाँको छट्पटाइ, कस्तो कस्तो विवशता! मुलायम जेबी रूमालले निधार पुछेपछि उहाँको आवाज अस्पष्ट हुँदै अंग्रेजीमा नै परिवर्तित भयो। एकै छिन पछि हामी पहिलो बस बिसाउनीमा आइपुग्यौं।

२. कन्डक्टर अविवेकी हुँदैनन्। यस्तो हुल हुँदाहुँदै दुई जना ओर्लने मानिस नभएका भए यस बस बिसाउनीमा बस रोक्ने थिएनन् अनि अर्को हुलले ओइरिने मौका पनि पाउने थिएन। वास्तवमा अटेसमटेस खपी नसक्नु नै भयो। बस स्टार्ट् हुँदाको थ्याच्चले उभिएका मानिस ममाथि पोखिन पुगे अनि म चाहिं पोखिएँ श्री महाशयका विशाल कायमा, अझ उहाँका पछाडिका रेलिङ सम्म पक्रन नपाएका स्कुले भाइहरू महाशयज्यूका शिरमा पुजिन पुगे। उहाँको मखमली टोपीको चुच्चो पनि बुच्चो हुन पुग्यो। एकै सेकेन्डको बस दगुराइमा हामी सबै पूर्व स्थितिमा थियौं। समय एकै सेकेन्डको किन नहोस्, उहाँको मानसिक स्थितिमा परेको चट्याङ सुझनीमा भन्दा बुझनीमा नै भर पर्दछ। चेखभको बैदार एकै हाच्छिउँले मरेको थियो। एकाएक भद्रपुरुष उभिनुभयो। उहाँले बोलेका त्यस बेलाका शब्दशब्दमा जोड पाइन्थ्यो, "यो के गरेको, हुल्लडबाजी हो?" यति चाँडै उहाँले थचक्क बसेर मतिर फर्कँदै "अरू कुरा त्यस्तै हो, शिरमा हात हाल्नु

हुन्छ ? मे···रो शिरमा ?'' भन्नुभयो। के मैले अरूका तुलनामा अब उहाँको केही स्नेह पाएँ ? बाँकी उहाँका लवज अंग्रेजीमा निस्कन थाले, 'नन्सेन्स्', 'न्याग्ज्', 'कमनर्स्', 'लोफर्स्' आदिआदि। आफ्ना टोपीको चुच्चो सपार्दै उहाँले आज्ञा गर्नुभयो, ''सुधार, केको सुधार ? नेभर नेभर, कमनर्स्।'' क्रमशः उहाँको आवाज अगि झैं नै नेपालीबाट अंग्रेजी र झन झन अस्पष्ट हुँदै आयो। उहाँको 'सुधार' शब्द सुन्दा त सुधार शब्दसित त उहाँको 'भुंडी' शब्द पो जोड्न लागेछ मेरा मथिङ्गलले ! कि उहाँ भर्खरै भूमिसुधार कार्यालयमा आफ्ना जग्गाको लगत दिएर आउनुभएको हो ? मलाई किनकिन यस्ता कुरा सोच्न पनि वाक्क लागेर आयो। उहाँको भवन वरिपरि अग्लो पर्खाल होला भनेर पनि अड्कल काटिनँ। कुन दुर्भाग्यको फल भोग्न उहाँ कमनर्स्सित सहभागी हुन आउनुभयो भन्ने गम्न थाल्नु भन्दा अगावै दोस्रो बस विसाउनी आइपुगेछ। म जुरुक्क उठें। ''ए, जान लाग्यौ नानी, अब कुन लुठो आउने हो, दुर्गन्धी ढसमस्स'', उहाँ भन्दै हुनुहुन्थ्यो। मैले जाँदाजाँदै मुन्टो फर्काउँदा देखें, उहाँका टाङ फेरि फारिइसकेका थिए अनि उहाँ परिआउने अर्को झमेलासित जुध्न तत्पर मुद्रामा हुनुहुन्थ्यो। उहाँले मनमा मलाई कस्तो 'लुठो' मा दर्नुभएका थियो सोच्न सक्थें हुँला तर घर पुग्ने हतारमा म लम्किसकेको थिएँ।

□

: २३ :

झिंगो र मह

चूडामणि रेग्मी

●

एक जना आलोचक भन्छन् झिंगो महमा लोभिएर महैमा जाकिए झैं कुनै कुराको वर्णन गर्दा लेखकले त्यहीं अलमलिनु हुँदैन। समाजको चित्रण गर्ने लेखकले समाजको साधारण प्राणी जस्तो सामाजिक बन्नु हुँदैन। आलोचकको यो विचार कुन प्रसङ्गमा किन उठ्यो, छाडौं। तर मह जस्तो मीठो पदार्थमा नभुलिने त्यस्तो झिंगो मैले देखेको छैनँ। यसैले मीठामा भुलिन निषेध किन ?

यस संसारमा विभिन्न वस्तुका विभिन्न गुणहरू छन्, जसलाई मान्छे मन पराउँछन्। अफीम जस्तो एउटा टर्रो पदार्थको सेवन गर्ने मान्छे पनि छन्। गाउँ-गाउँमा हर्रो जस्तो टर्रो वस्तु मन पराउने वैद्यभक्त पनि छन्। चुरोट, एक सल्कने वस्तु, को धुवाँ खाई फुर्र उडाउने पनि छन्। धुवाँ मान्छेको वास्तवमा दुश्मन हो। जाडाको वेला आगो 'ताप्न बस्दा आँखामा धुवाँ पस्यो भने कति नमजा लाग्छ। भान्सेलाई थाहा होला चीसा दाउरा नबलेर धुवाँले आँखा पोलेर कस्तो भुतुक्क पार्छ।

यूरोपे वा तीनका अनुयायी मसला, खोर्सानी भुटुन हालेको तरकारी खाँदैनन् । हामी नेपाली प्रायः 'दाल-भात, तरकारी, अचार' खान्छौं । हाम्रै कुरा कोही खोर्सानी खूब खान्छन् भातसँग मिचेर । त्यो त्यस्तो पीरो वस्तु । कोही दूध मीठो मान्छन् । कोही-कोही दही-मोही खाँदै-खाँदैनन् । कसैलाई 'दही-भात' 'मोही-भात' जीव्रामै हराउने हुन्छ । कति ब्राह्मण लसुन, प्याज देख्तै नाक खुम्च्याउँछन्, कति बजारमा नपाइने स्थिति भयो भने कोसिस गरेर पनि ल्याउँछन् । मधेश बस्ने प्रायः अमीलो-बिना खाना खान सक्छन् । तर कति पहाडे पहाडमा अचारविना गाँसै हाल्न सक्तै-नन् । अमीलो स्वाद पनि विचित्र मनपर्दो हुन्छ । कति जना सुन्तला खाँदैनन् । कति आँप । यति हुँदा हुँदै पनि हामी प्रसंगको कुरा गरौं झिंगा लाई अर्थोक पनि मन पर्छ । तातो भातमा वा दूधमा परेर पनि झिंगो मर्छ भने मीठो महमा परेर बाँच्न पनि त सक्छ । प्रकृतिको एउटा गुण छ प्राणी कालदेखि भर्सक बाँचने प्रयत्न गर्छ । तत्र झिंगाको मीठो स्वादग्रहण आलोच्य होइन र लेखकको पनि सामा-जिकत्व दोष होइन ।

यसैले गहीरो पक्ष विचार गरौं । रेडियोको गानामा धेरै मान्छे लहसिन्छन्, गाना सुनेर खूब रमाउँछन् । त्यही गाना सुन्न कैयौं युवक-युवती रेडियो किन्छन् । खर्च हुन्छ । यसरी कत्ति परिश्रम लाग्छ । मानिसलाई वास्तवमा धेरै हानि छ र पनि त संगीतको जादूमा लट्ठिने प्राणीहरू छन् । के यो पनि महमा लहसिने झिंगे प्रवृत्ति होइन ?

वेदान्तमा 'दारागारापत्य' तिर धेरै झुकाउ नराख्न मानिसलाई अनुरोध गरि-एको छ । किनभने ती विषय हुन् । तिनले मानिसको विवेक शक्ति नष्ट गर्छन् तर मनुष्य राम्री स्वास्नी चाहन्छ । चटक्क परेको छोरो चाहन्छ । चिटिक्क परेको घर चाहन्छ । झलमल्ल दुनियाँ रुचाउँछ जसका निम्ति कलह, झगडा, अशान्ति, द्वेष, इर्ष्या आदिमा पनि आफ्नो समय बिताउन ऊ मन्जूर छ । मानिस आफ्ना दुनियांमा यसरी तल्लीन रहन्छ । कोही असहाय थला परे परोस् । कोही अन्यायमा पिसिए पिसियोस् । आफ्नो उन्नति आफ्नो शक्तिभित्रका घेरामा संसारलाई विष पिलाउँछ, आफू रण्डी रक्सीले मदमत्त हुन्छ । यावद् यस्तो प्रवृत्ति पनि झिंगे नै हो ।

राम्रो लाई हिंड्नु, राम्रो बगैंचा बनाउनु आदि सौन्दर्य प्रियता मान्छेमा छ । राम्रो रूप, मीठो रस, मगमग मीठो बास्ना, कोमल छुवाइ आदि मान्छेलाई मन पर्छन् । कवि प्रकृति हेर्छ—सुनौला जगत्को कल्पनामा आनन्द लिन्छ, फूल फुलेको बगैंचामा राम्रो सौन्दर्य देख्छ । हरियो, नरम, घाँस, मखमली बिछ्याउना आदिका मृदु स्पर्श कविहरू मन पराउँछन् ,

मीठो खाना तब राम्रो हो जब हरेकले मन पराउँछन् । यसर्थ जब संसारमा चाहे टर्रो, अमीलो, तीतो, मीठो जस्तो गंध होस्, स्वाद होस्, त्यसमा मान्छे लठ्ठ हुन्छन् तब झिंगो महमा लठ्ठिन्छ । परन्तु साधुलाई सज्जनता पनि राम्रो लाग्छ। ज्ञानीलाई ज्ञान मन पर्छ । कविलाई कवित्व जगत् मन पर्छ । त्यागी नेतालाई सुखी संसार मन पर्छ । संसारमा असल स्वादे पनि छन् । स्वाद त स्वादैमा समस्तको जीवन जान्छ । कसैको मानवसेवा बिहीन स्वादे जीवन हुन्छ—कसैको त्यागयुक्त स्वादे जीवन ।

झिंगो क्षुद्र जीव हो त्यसलाई त्यागी बन्न म अनुरोध गर्दिनँ । हामी मानव पनि झिंगे प्रवृत्तिबाट हट्न सक्दैनौं । तर के संसारको सत्यता चुस्नु, लुट्नु, ठग्नु आदि हो ? र त्याग, स्नेह, ममता, सेवा आदि होइन ?

□

: २४ :

हाम्रो लाली गुराँस

कृष्णप्रसाद ज्ञवाली

●

हो, गुरांस हाम्रो हो। हामी पनि गुरांसे जाति हौं। अँ, गुरांस त हामी-हरूको सुख दुःखको साथी हो नि। भन्छन्, हाम्रो र गुरांसको सम्बन्ध गांसिएको वर्षौं वर्ष भइसक्यो रे। हाम्रो नाता जोडिएको हाम्रो जातित्व नजन्मँदैदेखि को हो रे। खै, कसैले यस विषयको चोखो र सिङ्गो इतिहास उभ्याउन सकेको छैन। सबै अनुमानकै भरमा हिंड्ने हुन्। कसैले इतिहास नउभ्याए पनि, तद्‌विषयको रहस्यो-द्‌घाटन नभएको भए पनि त्यो इतिहासका रोचक पाता र रमाइला अध्यायका तथ्य कुराहरू उदाङ्ग गराए झैं गुरांस अझै पनि शैलशिखरका पाखा-पखेरामा साक्षीस्वरूप सगर्व उम्भिएकै छ। बरु हामी आफै लाखापाखा लागेर नैराश्यको धुंदीमा ढाकिए पनि लाली गुरांसले आफ्नो आभा कत्ति धमिल्याएन र उसको उन्मुक्त उल्लास कहिल्यै ओइलाएन। हामीले हाम्रो जन्मजात सम्बन्ध छोडे पनि, त्यो स्वाभाविक साइनो तोडे पनि गुरांस भने डगेको छैन, कतै ओर्लेको छैन र कसैको पछि पनि

लागेको छैन। सोच्छु, त्यो जाति त्यसरी भीर पहरा खोज्दै, खतरा रोज्दै, कठिनतामा रमाउँदै निर्धक्क नबसुञ्जेल, सबैको लागि एउटै सिङ्गो जातिवाचक संज्ञा उपलब्ध नगरुञ्जेल; आर्य, अनार्य, मङ्गोल, किन्नर आदि कतिसमूह एउटै नेपाली मालामा नगाँथियुञ्जेल वा सबै मिलीजुली गुराँसका छहारीमा पुगी झ्याउरे गीतमा विश्राम नगरुञ्जेल यो 'नेपाली' नाम पनि अर्जित भएको थिएन र लाली गुराँससितको त्यस्तो नङ मासुको जस्तो हाम्रो चोखो सम्बन्ध पनि सम्भव थिएन।

त्यसैले भन्छु, हामी आफैंले गुराँसको महत्व नबुझे पनि, तद्विषयमा एक छिन नघोरिए पनि हाम्रो चिनाजानी भएको र घनिष्ठता बढेको त हाम्रो अस्तित्व नउम्भिदै देखिको हो, हाम्रो श्वास प्रश्वास साटिएको हाम्रो जातित्वको बोली नफुट्दै देखिको हो।

अहिले पनि पोहोर जस्तै शिशिर अस्तायो। यो पालि पनि वसन्त झुल्कँदा नझुल्कँदै पुराना पतकरहरू उडेर वा झरेर कालको बाहुपाशमा बिलाए। धर्तीका विभिन्न तरुहरूले नयाँ-नयाँ पल्लवका वस्त्रहरू फेरे, कमनीय पालुवा सर्वत्र सजिए; पालुवाका साथसाथै बान्की बान्कीका बुट्टाहरू भरेर कैयौं प्रसूनहरू धर्तीको छातीभरि मुस्काए। सबैका अङ्ग प्रत्यङ्गलाई फेरि वसन्तको कोमल मादकताले कुतकुत्याएर सबैका मन प्राणमा फेरि एक चोटि रंगरसको रोमाञ्च छायो। हो, सबै तरुहरू फुले। गुलाब मात्रै फुलेन, कोइरालो झन गद्‌गद् भएर फक्रियो। आँप मात्रै मुजुराएन। तर टाढा टाढा शैलशिखरका पहरातिर लाली गुराँस झन कसैको प्रतिद्वन्द्वितामा ननिहुरने दृढ सङ्कल्प गरे झैं गरी एक्कासि जुर्मुरायो। बैंस त सबैमा आयो, तर त्यो बैंस कस्तो परिस्थितिमा र कुन उपलब्धिमा झुल्केको हो, बुझ्नुपर्छ। यौवन त सबैमा छायो तर कसको छत्रछायाँमा त्यो यौवन टुसाएको हो, घोरिन सक्नुपर्छ। एक पटक रङ्ग सबैमा चढ्छ रे। रङ्ग चढ्यो भन्दैमा उसका जीवनको सफलता र समयको सार्थकता ठान्नु पनि भूल हुन्छ। कसमा कति चोखो दीप्ति छ र कति स्थायी जीवन शक्ति छ त्यसको पनि त मूल्याङ्कन हुनुपर्छ नि।

हो, केरालाई झैं एक मुस्लो हिमपातले नै ओइलाउनुपर्‍यो भने वा सिमललाई झैं एक झोक्का हुरीमा नै झस्कनुपर्‍यो भने, आँपलाई झैं एक झर असिनाले नै तर्सनुपर्‍यो भने वा सुन्तलालाई झैं वर्षदिनको चुरीफुरी एक छिनमै विसर्जन गर्नुपर्‍यो भने फुलेको वा फलेको के सार ?

अँ, गुराँसले आफ्नो फक्राइमा स्वच्छन्द दीप्ति र चोखो माधुरीको प्रदर्शनी गर्‍यो। साँच्चै नै ऊ स्वावलम्बनको पूर्ण आभास र स्वच्छन्दताको मूर्तरूप नै हो झैं महाकालका हत्केलाबाट धर्तीका युगल कपोललाई लालिमाको जीवन्त उपहार बनी जाज्वल्य ज्योतिमा मुस्कायो।

हो, मलाई पहरामा फुलेको फूल नै सुन्दर लाग्छ र त्यस्तैमा उसको स्वाभाविक माधुर्य जाग्छ अनि सङ्घर्षमा रमाएको जीवन नै मलाई अत्यन्त आकर्षक लाग्छ।

हो, वसन्तले यसरी सुस्तरी सुम्मुम्याउँदा सबैका शरीरमा अद्‌भुत तरङ्ग दौडन्छ, त्यस तरङ्गले एक्कासि उर्लेर मन प्राणलाई स्पर्श गर्दा सबै नै रसवर्षण गर्न हत्पताउँछन् । नयाँ रगत फेर्नलाई सबै चञ्चल बन्छन् । जीवनको सार आदान प्रदान गर्न कसलाई रहर लाग्दैन र ? एक पल्टको चोलामा यौवन पाउन कसलाई अधिकार छैन र ? यही अधिकार गुराँसले पनि पाएको हो । तर अधिकार पाउँदैमा हुन्न, त्यस अधिकारलाई हत्याउने अरू कसैको अधिकार त छैन कतै ? घोरिनुपर्छ । फुल्ने अधिकार त गुलाबले पनि त झन बाह्रै मास पाएको छ नि । तर त्यसमा सुसार गर्ने मालीको पनि पूर्ण अधिकार छैन । अधिकार भए मालीका मालिककै मात्र अधिकार होला । गुलाब पनि अरूको आधिपत्य हुनै नसक्ने पहरोमा गई कसैको सेवाटेवाको वास्ता नै नगरी निर्धक्क फुल्दो हो त त्यो अधिकार उसैको अधिकारमा गनिन्थ्यो, आफ्नै पौरख भनिन्थ्यो । तर गुलाबले त त्यस्तो अगम्य स्थान भेट्नै सकेन, त्यस्तो रूखो पृष्ठभूमि देख्नै सक्दैन । कोइरालो पनि त्यस्तै हो, चट्टानको कापामा अडिनै सक्दैन, सिमल पनि त्यति अप्ठ्यारामा ठडिनै सक्दैन, आँपको त कुरै नगरौं त्यो त झन त्यत्रो उकालो चढ्नै सक्दैन । आत्मशक्ति लिएर, आफ्नै प्राण पगारेर, त्यस्तो पहरो फोरेर प्रफुल्ल भई सगर्व फक्रन सक्ने क्षमता र बुता कसैमा छ भने यो भूमण्डलमा मैले त खालि गुराँसलाई मात्रै चिनेको छु। यस्तो सङ्घर्षमा तत्पर अनि त्यति कठिनतालाई यति आनन्द ठानी जिउन जानेको 'जीवन' कतै भेट्टाएको छैनँ । यस्तो अप्ठ्यारामा ठडिएको जीवन्त उल्लास पनि मैले त कतै देखेको छैनँ ।

अँ, कतै गुराँस चमेली बन्ने रहरले अरूका गोडामनि लत्रिएको भए, चम्पा झैं बास्नाकै व्यापार गर्ने लालसाले अरूका ढोका ढुकेको भए वा गुनकेसरी बन्ने आकांक्षाले कसैको सहारा खोज्दै हिंडेको भए, सयपत्री बन्ने लोभले आहारा माग्दै डुलेको भए यो गुराँस यति उन्मुक्त र यति उल्लसित हुन पनि पाउँथ्यो वा पाउन्नथ्यो ? कसैले नदेखेको, कतिले नसुनेको, कतिले आधिपत्य गर्न नसकेको; कतिले छोडेको अनि अरू कतिलाई हस्तक्षेप गर्न चाहे पनि नौ नाडी गल्ने; त्यस्तो पहरो खोज्यो, भीर रोज्यो अनि त्यतैतिर ठाँटसित आफ्नो बसोवास जमायो ।

यसरी स्वच्छन्द भएर ठाँटसित उल्लसित भएको गुराँसलाई मैले कैय्यूँ वसन्तमा देखेको छु। कति वसन्तमा स्वयम् धाईधाईकन 'शिलाङ पीक' को उकालो चढेर, पखेरातिर पुगेर निर्धक्क हेरेको छु। कति चोटि त म साँच्चै नै भावुक भएर, व्यावहारिक झमेलादेखि पन्छिएर बालक जस्तो टोल्हाएको छु—

उसको लालीले म साँच्चै नै लोलाएको हुँ। आफूलाई भोग्नुपरेका, यो संसारका नियमले कष्टमा गनिरहेका जम्मै कुरा एकै चोटि बिर्सिदिएको हुँ। मेरा मनका सारा पीर मर्का उसकै फेदमा विसर्जन गरिदिएको हुँ। त्यस्ता कलिला फूल जन्माउने त्यति खस्रो काया र त्यो काया हुर्काउने त्यो पाषाणको पृष्ठभूमि देखेर म झन चकित भई अझै घोरिएको हुँ। त्यस्तो दृश्य देख्दा मैले झल्याँस्स खस्रो खाना खाएको, कालो कोदोले लाल भएको, विभिन्न भिटामिन ए. बी. सी. डी, आदिको नामै नसुनेको, पुष्ट भएर चिल्लाएको हाम्रै गुरुङ कान्छाको सुकुमार शरीर र कान्तिपूर्ण अनुहार झल्झली सम्झेको हुँ र कतैतिर त्यस्तै गुरुङ कान्छा जस्तै युवक ठिटो देखें भने वसन्तले छोएको गुराँसलाई सम्झन पुग्छु। त्यस्ता गुराँसका थुँगाको लालिमा देख्दा झन मैले चिनेको, हिमालकै काखमा हुर्केकी आधुनिक पार्वती डोल्मा ठिटीका गालाकै लालीको झल्को लाग्छ। यो चञ्चल मनले कहाँ कहाँ ताक्छ र कसैको कसैसित सम्बन्ध गाँस्न यस्तरी छट्पटाउँछ। मन यति स्वतन्त्र छ, खै के भनूँ! कति बल गर्छु, काबूमा राख्न खोज्छु, मेरो प्रयत्न सधैं निष्फल भइदिन्छ। हो, हाम्रो गुरुङ कान्छो दुःखमा पनि रमाउँछ, सङ्घर्षमा पनि मुस्कुराउँछ, कृत्रिमता जान्दैन, कसैको लोलोपोतो मान्दैन । ठीक गुराँसले जस्तै उपचार मान्दैन, लोकाचार जान्दै; परिश्रममा पग्लन्छ, कर्ममा विश्वास छ—शैल-शिखरको निःश्वासले शरीका तन्तुतन्तुलाई चोख्याएको छ। हो, उसको दैनिक जीवनचर्या वा काम दिनभरि हलो जोत्नु वा बाँझो भूमिलाई फोरफार पारी माटो उर्वरा गराई पृथ्वी पगार्नु हो। थकित भई लखतरान हुँदा पनि झन प्रफुल्ल भई हाँस्नु उसको विशेषता हो र आफ्नो मेलो सिद्धाचाएपछि बेलुकीपख मादल ठटाई झन रमाउनु उसको स्दभाव हो। एउटा जीवनलाई कसरी भोग्नुपर्छ—कठोरताबाट कस्तो रस झिक्नुपर्छ, अभावमा पनि कुन-कुन रस ल्याई जीवनलाई रङ्गाउनुपर्छ. त्यो कसरी कसरी आफ्नै अन्तरले बुझेको हो। त्यस्तै डोल्मा ठिटी पनि भीरमा गई दाउरा बटुल्छे, पखेरामा भेडा चराउँछे—अरूहरू अडिनै नसक्ने भिरालामा गएर घाँस काट्दै त्यस्तो कठिन स्थितिमा सोल्लास गीत गाउन सक्छे र छहराको भाका टिप्छे। जब उसले आफ्ना चुल्टामा गुराँसका दुई थुँगा सिउरेकी हुन्छे अनि त उसका गुराँसे गाला झन लाल बन्छन् र उसको अनुहार नै ज्योतिर्मय हुन्छ! साँच्चै नै ऊ लुसीभन्दा पनि प्राकृतिक र पार्वतीभन्दा पनि राम्री देखिन्छे! हो, गुराँसका फूल डोल्मालाई असाध्यै सुहाउँछ अनि गुराँस पनि डोल्माका चुल्ठामा पुग्दा बत्ती झैं घपक्क बल्छन्।

हो, गुराँस हाम्रो हो। हाम्रो नभए के गुलाबको खेती नै गरी अत्तरको व्यापार गर्नेहरूको हो त? कमलकै महिमा गाउने ती परम्परालाई नै सर्वस्व ठान्ने

ठालूहरूको हो त ? होइन। गुराँस हाम्रो हो। हाम्रो सम्वन्ध धोएर जाओस् न पखालेर जाओस्। रक्त रक्तमा मिसिएको छ। प्राण प्राणमा भित्रिएको छ। अन्तश्चेतनलाई पनि छिचलेर पसेको सम्बन्ध कहाँ त्यसै मेटिन सक्छ र ? सम्वन्ध विच्छेद गर्ने प्रयत्न गरे पनि, साइनो मेट्दै गए पनि आपद् विपद्मा गुराँसले साथ दिएकै छ। खूबै जाग्रत बनेर सुलभतातिर सल्के पनि, असाध्यै सचेत भएर सहजतातिर पल्के पनि दुःख कष्टमा त हामीले गुराँसको नाम नलिई सुखै पाउँदैनौं। चालै नपाई अकस्मात् दुख्दा 'ऐय्या' भने जस्तै, आगोले पोल्दा मुखबाट एक्कासि 'आत्थो' शव्द निस्के जस्तै, घाँटीका प्वालमा माछाका काँढा अड्कँदा—उपायविहीन भई छट्पटाउँदा नि ?—वा शब्द नै निस्कने कण्ठनलीको मर्मस्थलमा नै काण लागी घाइते हुँदा अनायास 'गुराँस', 'गुराँस भन्दै गुराँससित गुहार माग्छौं। बिर्सेको छैनँ, म पनि एकपल्ट झन्नै त्यस्तै पीरले रन्थनिएको हुँ, 'गुराँस', गुराँस' भन्दै छट्पटाएको हुँ। लाचार हुँदा सबैले त्यसै गर्दा हुन्। कसको के लाग्छ ? त्यस्तो वेला जसको पनि विवेक बाटो लाग्छ वा सुद्धिवुद्धिले नेटो काट्छ। सुनेको छु, महायुद्धको भुमरीमा मान्छेहरू पर्दा, कति कति मै हुँ भन्ने योद्धाहरू तर्सेर तितरबितर हुँदा, सबैका हंसले थात छोड्दा कतिपय मान्छे 'गोर्खाली', 'गोर्खाली' भन्दै अन्तरले गुहार मार्गदै छट्पटाएका हुन् रे। कहाँ कति जना त्यस्तै गुरुङ कान्छा जस्तै सुकुमार ठिटा हुर्रिएर होमिए हुन्। खै कसले लेखो राखेको छ र ?

हो, हामी जति जति आफ्नैपनमा हुन्छौं, हामी जब जब आफ्नै अस्तित्वमा अडिन्छौं, हामी जहिले जहिले आफ्नै स्वअर्जित संस्कृतिले सजिन्छौं, हामी जति वेला आफ्नै बाहुबलको परिश्रमले पुष्टिन्छौं, जुन बखत हामी आफ्नै स्वच्छन्द स्वभावमा हुर्कन्छौं त्यति वेला साँच्चै नै हाम्रो र गुराँसको सम्बन्ध अटूट रहेको हुन्छ र हामी पनि आफ्नै जातीय गौरवको गरिमाले उचालिएका हुन्छौं। तर जब जब हामी अरूहरूको खोक्रे स्वभावमा अकर्षित हुन्छौं, आफ्ना स्वाभाविक स्वावलम्बनलाई छोडी परावलम्बनतिर लहसिन्छौं वा हामीलाई बाह्य आनन्दको बोक्रे तिर्खा लाग्छ, खोक्रे विलासिताको छत्रच्छायामा पुग्ने व्यसन जाग्छ, सङ्घर्षरत हुनलाई तिघ्रा काँच्छ, कर्मठ वनी जीवनसित जुध्न डर लाग्छ, सहज-प्रेमी वन्न मन लाग्छ, अनि त गुराँस र हाम्रा बीचको त्यो स्वाभाविक नाता टुट्दै जाग्छ; सम्बन्ध विच्छेद हुन थाल्छ। अनि त त्यो वेला हाम्रो पनि गमलामा सारेर अर्कैले हुर्काउनुपर्दा गुराँसको जस्तो अवस्था होला। हामीलाई पनि झन्नै त्यस्तै कृत्रिम बन्नलाई बाध्य हुनुपर्ला, आफ्ना बानी बेहोरा बिर्सनुपर्ला, विशेषता मेट्नुपर्ला र व्यक्तिहामी अर्कैले हुर्काएका, उनीहरूकै अड्कलले पोषिएका, उनीहरूकै खटनमा स्वत्व पनि हराउनुपर्छ। बाँचेका बिरुवा मात्र बन्छौं। अरूहरूकै कौशीमा वा कसै-

का उपवनमा, थपक्क सजाइन्छौं । अर्के ठाउँमा सारिदिए पनि हामी सहर्ष सर्दछौं। हाम्रा हाँगा छाँटिदिए पनि स्वीकार गर्ने छौं । हाम्रा आकाश ताक्ने मण्टा र हिमाल हाँक्ने आँकुरा काटिदिए पनि चूपचाप सहने छौं । के गर्ने, पराश्रित हुन थालेपछि आफ्नो सम्पूर्ण गति खुम्च्याउनुपर्छ रे, र त्यस्तै बानीमा बाँच्न थालेपछि आफ्नो बानी पनि बिर्सनैपर्छ ।

अँ, एक पटक म पनि गुराँसको सौन्दर्यमा लट्ठिएर, उसको माधुर्यमा मोहित भएर, एउटा बालक गुराँसलाई रत्याउने सुरले, उसको स्वच्छन्द लालिमा-लाई हत्याउने रहरले आफ्ना आँगनको डीलमा ल्याई असारे झरीमा रोपेको हुँ— आफ्ना बुद्धिले भेटेसम्म र बर्गतले पुगेसम्म जोगाउन खोजेको हुँ तर मेरो आयोजना भताभुङ्ग भयो, उसको हंस उडेर उतै पहरातिर गयो । मेरो आधिपत्य उसलाई स्वीकार भएन । स्वतन्त्र भएर पहरो फोर्ने नै उसलाई मजा लाग्यो । तर मेरो खटनपटनमा भएको सुसारलाई उसले तुच्छ सम्झ्यो—यसलाई त उसले तल्लो तहको जीवन मात्र ठान्यो । हो, हुर्कनु मात्र त जीवन होइन र फुल्नुलाई नै त्यस जीवनको सर्वस्व ठान्न पनि सकिन्न । त्यसैले गुराँसलाई हाम्रा घर आँगन ओरिपरि हाम्रै सीमाभित्र थुनेर राख्न सकिदो रहेनछ । गमलामा सार्न झन के सकिन्थ्यो ? गमलामा त यसले पिंजडाको सुगाले जस्तै अनुभव गर्दो हो, त्यस्तै ठानी अर्के क्रान्ति झिक्तो हो । भनिसकें—लाली गुराँसलाई गमलामा सार्दा सकेसम्म सर्नै मान्दैन, विद्रोह गर्छ । बरु एक पटकको जीवनै विसर्जन गरिदेला तर आफ्नो सङ्लो व्यक्तित्व धमिल्याउन्न । कुनै परिस्थितिमा पनि, कस्तै आपतमा पनि कसैको अधीन-ता पटक्कै स्वीकार गर्दैन । आफ्नो चोखो अहम्‌लाई कसै गरेर पनि बिटुल्याउन्न । अँ, कुनै जुक्तिले वा अर्के कूटनीतिले कसैले आफ्ना गमलामा थुन्न सकेछ भने अरूकै छत्रच्छायामा पुग्नुपरेछ भने गुराँसले आफ्नो विशेषता गुमाउने छ, निजी व्यक्तित्व हराउने छ र स्वत्व पनि मास्ने छ । त्यस वेला यो फूल स्रष्टाकै एउटा भूल जस्तो भएर प्रकृतिलाई गिज्याउने वा प्रत्येक वसन्तलाई व्यङ्ग्य फूलजातिहरू मध्येमा एउटा विक्षिप्त खेंजडी झैं बन्ने छ ।

□

: २५ :

आलु

भैरव अर्याल

आलुको नामकरण कसले कसरी गरेको हो, त्यो भाषाशास्त्रीहरू नै जाल्लान्, तर मलाई लाग्छ–पहिले पहिले खेतका आलीतिर उम्रेर फलेको भेट्टिएकाले यसको नाम आलु रहेको होला। तर मेरै विचार सबैले मान्नुपर्छ भन्ने केही छैन, तपाईं आफ्नो तर्क तान्न सक्नुहुन्छ—कोही आले थरको मान्छेले पहिलो पटक पत्ता लगाएको वा खाएको हुनाले यसको नाम आलु रहेको हो कि ? भन्छन्—आलु पहिले कसैले खाँदैनथ्यो, तर अनिकाल परेको बखत उसिन्ने कुरा केही नपाएर सायद कुनै बूढाले आफ्नी बूढीलाई भन्यो होला, 'आ, लेन त्यही गाँठा उसिनेर खाऔं' यसरी 'आ लेन' भनेकोले यसको नामै आले रहेको र खाँदा साह्रै मीठो भएकोले आलेलाई प्रेमपूर्वक पुकारी 'आलु भनेको पनि हुन सक्छ।

मान्छे भन्छन्—गोलभिडा आलुको ठिमाहा छोरो हो तर बोट उस्तै भए पनि एउटाको जन्म जराबाट, अर्काको जन्म हाँगाबाट हुने हुँदा यो तर्क खालि पहिले

पहिले गोलभिंडा खान पल्केका बाजेहरूले छाँटेको गफ मात्रै हो जस्तो मलाई लाग्छ। बरु साँच्चै आलुको नातागोता नखोजी नछाड्ने हो भने पिंडालुसित सोध्नुपर्छ। पिंडालु आलुको बाबु हो भनी किट्न सकिन्न तापनि आलु र पिंडालुमा रगतको नातो छ भन्ने कुरो दुवैको मिल्दोजुल्दो नामले बताउँछ। एक शब्दमा दुवैको जात कन्दमूल र पेशा तरकारी-कारबार हो। उपव्यवसायमा पिंडालु कहिलेकाहीं मस्यौरा उद्योगमा सहयोग दिन्छ र यदाकदा घेवारेको तौल पुगेन भने भरथेग पनि गर्छ। यसबाहेक पिंडालुको त्यति प्रसिद्धि छैन, जति आलुको।

पोलिएर, उसिनिएर, पाकेर, साँधिएर, तारिएर, चप पकौडी कटलेट आदि विभिन्न परिकारमा परिणत भएर जुन वेला जस्तो चाहियो उस्तै बन्न सक्ने आलुको व्यक्तित्व साँच्चै नेपाली बुद्धिजीवीको जस्तै बहुमुखी छ। अर्थात् जसरी यहाँ एउटै व्यक्ति शिक्षक, दीक्षक, लेखक, सेवक, पत्रकार, अलपत्रकार, नेता, अभिनेता जुन मौकामा जेको महत्त्व देखिन्छ, त्यसैमा फिट् भइदिन्छ, त्यसैगरी आलु पनि जुन वेला जे चाहियो त्यसैमा फिट्। ढिडोलाई सितन चाहियो आलु फिट्, जाँडलाई सितन चाहियो आलु नै फिट्। ज्वाइँलाई झटपट खाजा खुवाउनुपर्‍यो आलुको कबाफ, पाहुना धेरै लागेभने एक पाउ आलुमा एक पाथी पानी राखी छड्काइदिनोस् आलु-दम काइदासाथ।

त्यसैले आलु साह्रै जनप्रिय छ। विचार गर्दा आलु पिंडालुभन्दा निकै बाठो-टाठो र अपटुडेट लाग्छ, त्यसैले यसलाई बूढो भन्न मेरो आलुप्रिय जिभ्रोले कदापि सक्तैन। बरु बूढो बाबुचाहिं पिंडालु नै होला; किनभने यसको मुखभरि रौं र कत्ला देखिन्छ। तर आलुको अनुहार सधैं सुकुमार, मानौं उठ्नेबित्तिकै अपटुडेट सैलून पुगेर आएको युवक जस्तो। दाह्री जुंगा नभएको भन्दा तपाईहरू शङ्का गर्नुहोला—के आलु स्त्रीजाति त होइन ? कुन्नि बा, गोलभिंडालाई आलुको मिठाहा छोरो भनेको कारण आलुले पिंडालुसित लभ गर्दागर्दै पाएकोले पो हो कि ? जे होस्, को कसरी जन्मेको हो र कसको जात के हो त्यो नालीबेली लगाइरहनुपर्ने जरूरत छैन। मैले त आलुको सामान्य परिचय मात्र दिन खोजेको हुँ, मैले चिनेसम्म आलुको नाम आलु, आलुको थर आलु, आलुका बाबु बाजे बराज्यू आलु, आलुका छोरा नाति पनाति आलु, आलुका मामा भानिज साला जेठान आलु, आलुका लोग्ने स्वास्नी प्रेमी प्रेमिका जार नाठो सप्पै आलु।

आलु कस्तो मिलनसार छ भने गाण्टोमा स्वयं गाण्टे मूलादेखि लिएर अग्लोमा लौकासम्म, चुच्चेमा स्वयं चुच्चे करेलादेखि लिएर बुच्चेमा परबरसम्म, खाँदिएकोमा गुन्द्रुकदेखि लिएर, बाँधिएकोमा कुरिलोसम्म, जेसँग जसरी मिला-इदिनुहोस् आलु व्याम्मै मिलिहाल्छ। त्यसैले धनी, गरीब, मानी, मगन्ते, विद्वान्,

लम्फू; बुद्धिमान्, लट्ठू साराका भान्सामा आलुको समान सन्मान छ, समान प्रवेश र प्रतिष्ठा छ। यस अर्थमा आलुलाई समाजवादी समन्वयवादी तपाईं जे नाम दिनुहोस्, वस्तुतः आलुको मूल सिद्धान्त आलुवाद नै हो। जतिसुकै समानताको आदर्श राखे पनि आफू आफूमा मेल नगर्नु आलुवादको विशेषता हो। आलु वर्णले रातो र सेतो हुन्छ। शायद अफ्रिकाका फाँटतिर कालाआलु पनि होलान्। तर अहिलेसम्मको अध्ययनमा सेतो आलु नै ठालु मानिन्छ। त्यसैले सेतो र रातो आलुको भाउमा मसिनू र उसिनुको जत्तिकै फरक पर्दछ भने सेतो र कालोमा चाहिं मार्सी र कोदो जत्तिकै। त्यस्तै फलाइका, तछाइका, कटाइका, पकाइका भेदले पनि आलुलाई विभिन्न वर्गमा बाँड्न सकिन्छ जसको वर्णन गरेर यहाँ साध्य छैन।

कसैलाई ढाक्रेबाट सोझै भन्सार अड्डाको हाकिम हुने कागताली पर्‍यो र यता वहाली गरेको भोलिपल्टै उता जेठी सासूको अपुताली पनि पर्‍यो भने हामी भन्छौं—फलानाको तालुमा त आलु फलेछ। यसरी फल्ने आलुलाई न मल चाहिन्छ, न जल, न माटो चाहिन्छ न स्थल। कसैको रौं पनि उम्रन नसकेर बाँझो पल्टिरहेको तालुमा पनि रोप्नु न गोड्नुसित आलु फलिदिन्छ। यसरी तालुमा आलु फलेपछि मगजमा पिंडालु भरिएका र मुटुमा नालु बेरिएका भलादमी पनि ठालु हुन्छन्। जसको तालुमै आलु फल्छ, उसलाई तरकारी–समस्याले त के पिर्थ्यो र, सरकारी नियम कानूनले पनि केही लछार्न सक्तैन। त्यसैले आलु परम भाग्यको प्रतीक हो जो तालुमा फलाउन सक्यो भने आफ्नो जीवन मात्र होइन, सालीपट्टिका सात पुस्ता र भिनाजुपट्टिका नौ पुस्तासम्म संकटमुक्त हुन्छन्।

तर एकातिर परम सौभाग्यको प्रतीक गनिने हाम्रो महामान्य आलु अर्कातिर दुर्भाग्यको गाली पनि भइदिन्छ। हिंड्दा हिंड्दै कसैले तपाईंलाई 'ए फनानाले त आलु खाएछ नि थाहा पाइस्' भनी सुनायो भने कहिले, कहाँ, कसरी र कति प्लेट आलु खाएछ भनी बुझ्नुभन्दा पहिल्यै 'हरे शिव' भनी अपशोच प्रकट गर्नुहुन्छ। दुनियाँमा को को के के खान्छन् के के, कोही माँड खान्छन् त कोही जाँड खान्छन्, कोही जुस खान्छन् त कोही घुस खान्छन्, कोही ताली खान्छन् त कोही अपुताली खान्छन्। यी सबै खाएको सुन्दा तपाईंलाई कुनै अपशोच लाग्दैन (पाए आफैं उडाउनुहोला बरु), तर कसैले आलु खाएको सुन्नासाथ मुख बिगारेर च्चः च्चः भन्ने किन ? किनभने यहाँ सबै थोक खाए पनि आलु खानु हुन्न, फलानाले आलु खायो भन्नुको मतलब उसले परीक्षामा पुल्दुङ्गबाजी खाएछ या आलु भनी आफ्नै जिब्रो टोकेर परमधामको बाटो तताएछ भन्ने बुझिन्छ। अब तपाईं नै भन्नोस्, जुन आलु तालुमा फल्दा मान्छे ऐश्वर्यशाली भनिन्थ्यो, यही आलु खाएछ भन्दा गुल्टिएछ भन्ने बुझिन्छ भने आलु आफैं सौभाग्यको वस्तु हो कि दुर्भाग्यको ? आलुवादी दर्शनमा यो महत्त्वपूर्ण प्रश्न हो।

जिब्रो मिठ्याउन होस् वा भुंडी उक्स्याउन, आलु सबै खान्छन् । तर कसै-लाई आलु खान लागेकै बखत 'तपाईंले आलु खानुभो कि क्या हो ?' भनेर मुस्काई सोध्नोस्, त्यै आलुको चौटोले तपाईंको तालु ताक्छ । कस्तो विचित्रता, आलु खाए पनि मान्छेले आलु खाएको कुरो सकार्न सक्तैन । सायद यसैले होला 'आलु खाएर पेडाको धाक' लगाउने चलन चलेको । उसिनाको भात हसुरेर मसिनाको भुजा ज्यूनार गरें भन्नेदेखि लिएर बम पड्काई शान्तिको अभियान चलाएको भन्नेसम्म दर्जा दर्जाका धक्कूबाजहरू संसारमा पाइन्छन् । वास्तवमा यी सबै आलु खाएर पेडाको धाक लगाउने हुन्, अर्थात् कर्मले गरेको नीचतालाई धाकले ढाक्नु आलु-वादको धार्मिक पक्ष हो, जो बीसौं शताब्दीका प्रत्येक व्यक्तिले पालन गर्नैपर्छ ।

तर आलु त्यति तुच्छ वस्तु कहाँ हो र जसलाई पेडाको तुलनामा यत्रो इन्सल्ट् गरिएको छ । भनूं भने कति हलुवाई दाजुलाई पेडा बनाउन् मद्दत गर्दो हो यही आलुले । मान्छेलाई बैगुनी भन्नुपर्ने कारणै यही हो, ऊ गुणको पारख गर्नुको साटो बेइज्जती गर्छ—कसैको राम्ररी टाइम नदिने घडी रहेछ भने प्वाक्क भनिदिन्छ—यो कस्तो आलु घडी ! यसै हो भने भोक रोग र शोकले सुकेर साम-र्थ्यहीन भएका आजका लाखौं मान्छे के साँच्चै आलु मान्छे होइनन् त ? किन होइनन् ? आलु खाएर पेडाको धाक नलगाउने हो भने वास्तवमा आलु नै मान्छे र मान्छे नै आलु हो—त्यसैले यो कहीं उसिनिन्छ, कहीं कवाफ लाग्छ ।

तर जे सुकै होस्, म सधैं आलु खान्छु, तर मलाई सधैं आलु खान डर लाग्छ । किनभने म पनि बीसौं शताब्दीकै आलु मान्छे, जसको कर्म हो आलु खानु; तर धर्म हो आलु खाएर पेडाको धाक लगाउनु ।

त्यसैले आलुको बारेमा लेखिएको यस निबन्धलाई कसैले आलु निबन्ध भन्छ भने भनिरहोस्, मेरो दृष्टिमा यो पूरापूर पेडा निबन्ध हो ।

□

: २६ :

अवसरवाद जिन्दावाद

गोविन्द भट्ट

आजसम्मको आफ्नू र अर्काको सबै अनुभवबाट के थाहा पाएँ भने अवसरवादीहरू नै यस सन्सारमा सबभन्दा ठूला विद्वान, सत्यवान, र बुद्धिमान, पहलमान, धनवान, भाग्यवान, र महान हुँदा रहेछन्। सोझासाझा गरीब गाउँलेहरूका बीच दुईचार संस्कृतका शुद्ध अशुद्ध श्लोका उद्धृत गरेर पण्डित कहलाउने, धर्मावतारको नाउँ पाउने, आफूलाई ज्ञानी र योगी भन्न लगाउनेहरूलाई हामीहरूले खूब देखेका छौं। आदर र श्रद्धा मात्र कहाँ हो र थैली पनि बटुल्न पाइन्छ। मौका परेको वेला अड्डा अदालतका हाकिम कारिन्दाहरू कसरी एक छिनमा एक हप्ताको। रकम तयार पार्छन्। पाखे काँठे भन्ने सुइँको पाउने बित्तिकै शहरका साहू महाजनहरू कसरी आफ्नू मालतालको मोलभाउ उठाउँछन्, सोझा साझा बूढा बूढीहरुलाई तीर्थ स्थानका पन्डा पुजारीहरु कसरी फकाउँछन्, धम्काउँछन्। अवसरवादी जुआइँले जगेभित्र पसेपछि ठीक मौका छोपेर घडी, रेडियो र साइ-

किलको माँग गर्छ र पाई पनि हाल्छ। लोग्ने खुशी भएको सुअवसर छोपेर स्वास्नीले नयाँ गहना या सारी किन्न लगाइहाल्छे। बाबु आमाले माया गर्न आँटेको मौकामा छोराछोरीहरुले मन परेका चीजबीज मागिहाल्छन्। सोझा र सच्चा नागरिक लुरुलुरु साइकल डोऱ्याएर हिड्नेछन्, तर अवसरवादीहरू भने बत्ती नभए पनि पुलिसको आँखा बचाएर मजाले निस्किहाल्छन्। मौका खोजेर नक्कल गर्ने विद्यार्थी पहिलो भएर निस्किदिन्छ र इनाम पनि पाउँछ तर ज्ञान बढाउन र बुद्धिमान हुन पढ्ने विद्यार्थी सधैं बुद्धू र बौलाहा कहलाउँछ। सबैका आँखा छलेर दिउसै टुँडिखेलमा पिसाप फेर्नेले फेरिहाल्छ, अलिकति अँध्यारो भएको ठाउँमा वेला पाउने बित्तिकै गुण्डाले मौका छोपिहाल्छ, अलिकति हूल हुनेबित्तिकै बगलीमाराले आफ्नू चातुर्य चलाइहाल्छ। भीडमा अरूलाई छलेर अघि सर्नेले सबभन्दा पछि आए पनि सबभन्दा अघि ठाउँ पाइहाल्छ। मुख्य कुरा, जहाँ पनि, जुन बखत पनि भाग्नुपर्छ। समाप्तिनु हुँदैन। सफलता पाएपछि गल्तीमा पनि गर्व गरिन्छ, असफल भए बुद्धि पनि बेकार जान्छ।

अर्को कुरो, आफूले चिनेको कुनै मान्छे ठूलो ठाउँमा पुगेछ भने अरू सबै काम छाडेर पनि उत्लिखेरै बधाइ दिन पुग्न चुक्नु हुँदैन, अलि अलि मात्र चिनजान भएको मान्छे भए सोच्नुपर्छ, कतातिरबाट साइनो लगाए सजिलो पर्ला! कुनै मन्त्रीज्यू आफ्नू गाउँ या नगरमा पाल्नुहुने हो भने कुनै भए नभएको संस्थाको तर्फबाट पनि उहाँको अभिनन्दन माल्यार्पण गर्न बिर्सने भूल एकदमै गर्नु हुँदैन। अवसर र आवश्यक पऱ्यो भने आफ्नू बुद्धिले नभ्याए अरूबाट केही लेखाएर भए पनि अखबारमा स्टेटमेन्ट् दिन कहिल्यै चुक्नु हुँदैन। कहिलेकहीं मौकामा पछिको बाटो हेरेर मुस्तैदी देखाउन अथवा दुईचार पैसा झिक्न अबेर गर्नु पनि ठीक छैन, किनभने दुईचार मुठी दाना छरेर खेतभरी मानौं अनाज काट्न पाएझैं त्यसले भविष्यमा फाइदा ल्याउनेछ। अरू वेला जे जस्तो भए पनि मौकामा चन्दा दिन पनि पछि सर्नु बिल्कूल उचित हुँदैन। यसले एक डेढ रुपियाँ खर्च गरेर घर सुती सुती खूब मजासँग समाजसेवकको ठूलो दर्जा पाइहालिन्छ। सके सम्म आफ्नू नोक्सान हुन दिनु हुन्न र केही गरेर पनि सबभन्दा अगाडि नै पुग्ने दाउ खोज्नुपर्छ। सरकारले जहाँ जहाँ पैसा बाँड्छ त्यहाँ आफूलाई पनि अघि सार्न नहट्नुहोला। कहिले मीठो बोलीले, कहिले हप्काएर, कहिले खुट्टा समातेर, कहिले बन्दूक देखाएर, कहिले अर्काको गला रेटेर, कहिले आफ्नै हत्यासमेत गर्न खोज्ने रूप देखाएर सधैं आत्मोन्नतिको महान् लक्ष्यतिर बढ्दै जानुहोस्। आराम र इज्जतका साथ बाँच्ने हो भने अर्काको कमजोरी र असहाय अवस्थाको सदुपयोग गर्ने कलामा निपुणता प्राप्त गर्नुपर्छ। नीति र आदर्शमा अल्झेर आएको अवसर आफ्नू हातबाट फुस्किन दिनेहरू अवश्य अभागी हुन्। मानवता र सामाजिक उन्नतिका निम्ति कहर काट्ने

हरु महान् मूर्ख हुन्, स्वाँग पार्न नजान्नेहरू, अर्काको दयनीय स्थितिबाट फाइदा उठाउन नसक्नेहरु, छलकपट नभएकाहरु, आफ्नू सिद्धान्तमा अडिरहनेहरु, अर्काको लागि दुःख सहने बिचराहरू साँच्चिकै सुकरात र ईसा झैं सन्की र बौलाहा हुन्, अर्काको पिठ्युँमा चक्कु हान्न नसक्नेहरू दुर्वलहृदय र लाछी हुन्। ए आदर्शवादीहरू ! तपाईंहरू बीच वनमा कराइहनोस्। ए देशका चित्त दुःखाउने सच्चा सपूतहरू ! तिमीहरू टाउको ठोकेर आफ्ना मालिक नेताहरूको भाषण पढेर सन्तोष गर। ए मेरा सोझा इमानदार बा र धर्मभीरू आमा ! तपाईंहरूको कुवुद्धि अर्तिमा लागेर नै मैले तपाईंहरूको निम्ति आजसम्म केही गर्न सकेको छैनँ। ए नीतिशास्त्र र धर्मशास्त्रका फुस्रे श्लोकहरू ! तिमीहरूको कुप्रभावमा परेर त म सधैं गरीब, पाखे, निकम्मा, लाटो र अव्यवहारिक नै रहें। मलाई तिमीहरूले यस दुनियामा बाँच्ने लायक राखेनौ। तिमीहरूको कुचक्रले सधैं मलाई हजारौंको अगाडि वेइज्जत हुनुपरेको छ। मान्छेले सन्सारको इज्जत र आत्मसम्मान दुवै सँगसँगै पाउन सक्दो रहेनछ। एक न एकलाई छाड्नै पर्छ। तिमीहरूले मलाई साह्रै दुर्गतिमा पार्‍यौं, म पनि अब तिमीहरूले भनेको नटेर्ने विचार गर्दैं छु।

भन्नोस्न, मौका पाएको वेलामा अलिकति अरूको कुरा लगाएर, साखुल्य भएर औं हाँ मा हाँ मिलाइदिएर आफ्नू काम चल्छ भने, त्यसो गर्नेमा के को झन्झट? एक दुई पटक भेटेको बेलामा नमस्कार गरेर मास्टर प्रोफेसरहरू खुशी हुन्छन् र जांचको बेलामा छाति फुकाएर नम्बर दिन्छन् भने, किन निहुरेर उनलाई ढोगी नै नदिनु? मन्चमा भाषण गरेर, केही प्रचलित शब्द या वाक्यहरू दोहोर्‍याएर प्रगतिशील कहलाइन्छ भने किन त्यो घोकी नराख्नु? लेखक र कितापका नाउँ लिएर मात्र विद्वान् र खूब पढैया कहलाइन्छ भने किन त्यसको लिस्ट बनाएर विहान बेलुका याद नगर्नु? मौका पाएको बेलामा खुसुक्क निस्केर अगिल्तिरको सीट पाइन्छ भने किन घण्टौं क्युमा उभिएर समय शक्ति खेर फाल्नु? आफ्नू आरामको अगाडि इज्जत केही होइन। दुःख सहेर इज्जतदार भएकोमा के फाइदा छ ! यताउता एक पल्ट मुन्टो घुमाएर हेर्नुं, भन्ने कुरा भनिहाल्नु, गर्ने कुरा गरिहाल्नु; लिने कुरा लिइहाल्नु। के व्यक्ति, के समाज, के राष्ट्र, के संसार ! अवसर पाएर बिरालाले मुसोलाई च्याप्न पुगे झैं अथवा गोल्ज्याङ्गो र लाटो जस्तो देखिने बगुलाले फूर्त्तिसाथ माछा टिपे झैं अथवा चारैतिर सुनसान देखेर सिनेमाको नाइकेले नाइकिनीलाई अँगालो हाल्न पुगे झैं अन्तर्राष्ट्रिय क्षेत्रमा त झन अवसरवाद प्यारो भैरहेको छ। राजनीतिको बाघचालमा मौका पाउनेबित्तिकै सुटुक्क अर्काको खालभित्र पसेर बाख्रा खाने र आफ्नू ताकत बढाउने अनेकौं राजनीतिक र सैनिक गुटहरू सधैं ताकमा बसिरहेका देखिन्छन्। एकै प्रश्न छ, कसरी जतिसके चाँडो र कमसेकम मिहिनेतमा

बर्ता भन्दा बर्ता कुरा हात लगाउने हो ! अल्छी र बेकम्मा मान्छेको निम्ति यो जस्तो सजिलो र सुखद दर्शन के होला। हामी कहाँ पनि धेरै जस्ताले यसलाई मन पराएकै छन्। समाजवाद किन चाहियो ? यस्तो आरामसाथ बसेर अरूको आँखा छलेर, एक टुक्रा सिन्का यताको उता नगरेर आफ्नू बुद्धिचाल र अवसरवादको बलमा त्यसै खान पाइन्छ भने, को जान्छ समाजभरीको लागि मरीमरी काम गर्न ? त्यसैले सधैं बाँचिरहोस् सामन्तवाद र त्यसको प्रिय दौंतरी अवसरवाद !

अस्तिनै टुंडिखेलमा शहीद स्मारक हेर्न गएको थिएँ। त्यहाँ भेला भएका अनेकौं भलाद्मीहरु शहीदहरूको सम्झना गरेर आँसु बगाइरहेका थिए; ठूलोको तारीफ गर्ने पनि ठूलै गनिन्छ भनेर होला; गुनगान गरिरहेका थिए। मलाई भने हाँसो उठेर आयो। तर हाँसिनँ। शहीदहरूको अपमान गर्ने भनेर कुट्लान् भन्ने डरले। बिचरा शहीदहरूमाथि श्रद्धा र आदर त छँदै छ, दया पनि लागेर आयो। तिनीहरू हाम्रा अरू नेताज्यूहरू झैं दूरदर्शी रहेनछन्, त्यसैले अघि सरेर अनिकालमा मर्न पुगे। साँच्चि, रात रहे, अग्राख पलाए भन्ने दूरदर्शिताको सिद्धान्त नमान्ने मान्छेको यस्तै दुर्गति हुन्छ। स्वतन्त्रताको लडाइँमा ज्यान दिएर उनले के पाए त ? उनका छोराछोरीहरू आज उनकै नेपालमा भीख मागिरहेका छन्, पढ्न नपाएर गल्ली गल्लीमा त्यसै भौंतारिएर हल्लिरहेका छन् र आधा पेट खाएर रोगी जीवन पालिरहेका छन्। त्यस बेला ज्यू ज्यान जोगाएको भए अहिले कुनै मन्त्री या अफसर भएर आरामसँग मोटर चढ्न त पाइन्थ्यो होला ? मरेपछि माला लगाउन पाएर के हुन्छ ? तिनीहरूभन्दा त बरु हाम्रा नेताज्यूहरू नै लाख गुना बुद्धिमान् र महान् रहेछन्। शहीदहरूभन्दा कुनै हालतमा कम इज्जत छैन। सधैं हात जोडेका पुजारी-हरूको अगिपछि घुइँचो छ। शहीदहरूको स्मारक अगाडि त शहीद दिवसको दिन पनि मानिसहरू कमै जान्छन्। बरू झन त्यै अवसर छोपेर टिकट सजिलै गरी पाइ-एला भन्ने आशाले त्यो वेला त सिनेमा हालमा कत्रो भीड गरेर मानिसहरू ओइ-रिन्छन् ! बाह ! बाह !!

आज मलाई भगवान् बुद्धले ज्ञान पाएको झैं सबै कुरा छर्लङ्ग र प्रष्ट भएको छ। मलाई आफ्ना समस्त असफलता, दुःख, निराशा र कम्जोरीहरूको रहस्य राम्ररी थाहा भयो। आजसम्म मैले पाएको ज्ञान सय पैसै भूठो रहेछ। मलाई केटा-केटीमा गुरुले दिएको शिक्षा-'इमानदार हुनुपर्छ, सन्तोष र धैर्य कहिल्यै छाड्नु हुँदैन,' आमा-बाले दिएको अर्ति 'अर्काको चीजलाई कहिल्यै नछुनू, आफ्नू हकबाहिरको कुरामा आँखा नगाड्नू,' धर्मशास्त्रमा पढेको कुरो ईश्वरले योग्यता र मिहिनेत-अनुसार अवश्य फल दिन्छन्' आदि आदि सबै बकमफुस जस्तो लाग्न थाल्यो। सोझा र असल मान्छेलाई कुल्चिदै पछि, हुत्याउँदै, अलमल्याउँदै पछि आउने बहादुर बाठा-हरू कति अगाडि बढिसके। बाँच्नको निम्ति इमान्दारी भन्दा बढ्ता बुद्धि र बल,

बुद्धि र बल दुवै भन्दा बढ्ता बठ्याइँ; बुद्धि, बल र बठ्याइँ तीनै भन्दा बढ्ता षड्-यन्त्र; बल, बुद्धि, बठ्याइँ र षड्यन्त्र चारै भन्दा पनि बर्ता आफूलाई र अर्कालाई धोका दिने कूटनैतिक अभ्यासको ठूलो आवश्यकता आइपर्दो रहेछ, निर्लज्ज भएर टाउको उठाउन सक्ने, मौका परेको वेलामा आफ्नै साथी भाइहरूको घाँटी अठ्याउन सक्ने हिम्मत चाहिंदो रहेछ। मलाई भने आफ्नै आत्मासँग लाज मान्ने र अन्तरा-त्मासँग डराउने नराम्रो रोग लागेको थियो अनि आफ्नै साथी भाइहरूलाई धोका दिन सक्ने छुसी बल र बठ्याई पनि थिएन। त्यसैले पो मलाई मेरा केही साथीहरू लाटो जीवनमा दुःख पाउन जन्मेको र अभागी भन्दा रहेछन्। सोझो र इमान्दार मान्छे त बिचरा त्यो लुसे कुकुरजस्तै रहेछ जो अरूले चीटीचाटी खाइसकेर फालेको दुनाबोता आखिरमा सुँघी सुँघी पेट भर्छ। भोज भतेरमा सुत्त अघि सरेर बस्नेले मजाको ठाउँ पाउँछ, शिष्टता देखाएर पछि पर्नेले या त भूइँमा बस्नुपर्ला। शिष्टता देखाउने भलाद्मी बिचराहरू सधैं भूइँमा पर्छन् र भोकै मर्छन्। पछि पर्ने र खस्ने-लाई कसैले माया गर्दैन बरु अल्छी, लाटा, काम नलाग्ने र अभागी भनेर नै तारीफ गर्छन्। इमान्दार र मिहिनेती मानिसहरूले जति आँत सुकाएर काम गरे पनि सधैं अवसरवादीहरूभन्दा त पछि नै परेका हुन्छन् जसरी साइकल हाक्नेले स्वाँ स्वाँ, फ्वाँ फ्वाँ गरेर जति छिटो गरी पाउदान चलाए पनि हेन्डिलमा बसाइरागेको मान्छे नै अगाडि भइरहन्छ।

□

: २७ :

इतिहासको पदचाप

देवीचन्द्र श्रेष्ठ

●

गोरखा,
गोरखनाथको गोरखा ?
द्रव्यशाहको गोरखा
पृथ्वीनारायणको गोरखा
हो वास्तवमा—
मगरातको गोरखा ।

तर हाम्रा ती दिन पनि थिए जुन वेला गोरखाभित्र नेपालका कुरा गरिन्थे । त्यसैको हावामा गोरखा विशेषण लागेका थुप्रै शब्द प्रचलित भए । तिनमा—

'गोरखा राज' र 'गोरखा भाषा' हाम्रो मूढ्याइँको इतिहास हो भने;
'गोरखा भर्ती' अर्थतन्त्रको प्रतीक हो ।
'गोरखे लौरी' हाम्रो राजनैतिक दर्पण हो भने—

'गोरखा-पत्र' त्यही दर्पणभित्रको दर्पण हो ।

त्यसैले नेपाल अध्येताहरू गोरखा नपढी धरैं पाउन्नन् । तर, उनीहरूलाई नेपालभित्रको गोरखा पढ्न निकै समय लाग्छ । अझ, साँचो रूप हेर्न गोरखासम्म जानैं पर्छ जहाँ दुई सय वर्षका दैनन्दिनी पल्टछन् ।

मर्स्याङ्दीको रमाइलो जल प्रवाह निरन्तर बगिरहन्छ, पश्चिमतर्फ हानि-एर पालुङ्टारलाई फन्को मार्छ अनि, विस्तारै दक्षिणतर्फ लाग्छ । गोरखा जिल्ला-को पश्चिम पुछारमा रहेको यो औलिया टारबाट केही पूर्वतिर लाग्दा चेपेघाट आउँछ जहाँ चेपे र मर्स्याङ्दीको एकाकार हुन्छ । गोरखाको इतिहासको प्रभात कालदेखि प्रसिद्ध यस ठाउँमा नदीको गहिराइले गर्दा जल परिवहन योग्य छ । डुंगाबाट मानिसको आवत जावत चलिरहन्छ । यतैबाट लमजुङ र तनहुँ जाने बाटाहरू छुट्टिन्छन्; उत्तर पश्चिम लागेर लमजुङ र पश्चिमपट्टि दोरदोरको डांडो भएर तनहुँ ।

विमानको सफरले गर्दा गोरखाका यात्रुहरू पालुङ्टार पुर्‍याइंदै छन् । तर, यहाँबाट गोरखा बजार भने भरदिनको बाटो छ । कहिले त विचमा एक रात वासै बस्नुपर्ने अवस्था पर्छ । तर इतिहासका जिज्ञासुहरूलाई भने यो यात्राले हार्दिक प्रसन्नता नल्याई छोड्दैन ।

जांदा जांदै लिगलिगको बाक्लो वस्ती देखा पर्छ । तलतिर चेपे नदीको घाँच र माथि डांडामा लिगलिग, आवादी योग्य थली परेको भूमिले गर्दा गोरखा राज्यभन्दा पनि पुरानो यसको इतिहास छ । गोरखा राज्यको जगेर्ना द्रव्यशाहले यहीं गरेका थिए । त्यसै वेलादेखि गोरखा राज्यको पश्चिममा महत्वपूर्ण कोट अथवा किल्लाको काम यसले गर्थ्यो । द्रव्य शाहले यहाँ अधिकार गर्नु अगाडि यहांको राजनैतिक प्रथा थाहा पाउँदा हामीलाई नेपाल कति सरल लाग्छ । वर्षेनी विजमा दशमीमा बलिया बलिया घलेहरूले दौडको प्रतिस्पर्धामा कोट उछिनेर एक सालको राजा हुने । यस्तै मौका छोपेर लमजुङबाट आएर द्रव्य शाहले हमला गरी लिगलिग कोट आफ्नो अधिकारमा लिएका थिए । यो भयो विक्रम सत्रौं शताब्दीको कुरो । अचेल यहाँ नौलो कुरो क्रिस्तानहरूको एउटा चिकित्सालय चालु छ ।

यसरी अतीतको यात्रासँग वर्तमानको यात्रा मिसिएर यात्रीको मनले रमिता गर्छ । त्यसैमा रमेर भञ्ज्याङ पार हुन्छ । लुइँटेलको सानो बजार आइ-पुग्छ । छेती खोलो वारंवार तरेर अन्नपूर्णाको लामो वन लाग्छ । यसै डांडाली वनभित्र अन्नपूर्णाको मन्दिर पर्छ । यसलाई पार गरेर सात दोवाटेमा हालसालै बसेको बजार देखा पर्छ । नजिकै तल दरौंदी सुसाइरहेको हुन्छ । दरौंदीमा भोलु-

ङ्गे पुल हालिएको छ। पुल तरेर आउँछ छेवेटार। यो पनि नयाँ बस्ती नै भन्नुपर्छ। २०१४ सालमा दरौंदीको पुल बनेपछि वन फाँडेर यहाँ बस्ती थालिएको रहेछ। काठमाडौं-पोखरा राजमार्ग बनेर गोरखाको निम्ति मझुवा विसौनी भएपछि छेवेटारको महत्व झन बढेको छ। गोरखाको निम्ति हवाई मार्ग भएर आउने यात्रु र राजमार्गका यात्रुहरू समेतको मूल बाटो पर्नाले छेवेटारको चहल-पहल बढ्दै छ। तर, राजमार्गले पालुङटार विमानघाटको घुइँचो भने अब घटाइदिएको छ। छेवेटारबाट दुई कोस पस्लाङको उकालो सकेर गोरखा।

\+ \+ \+

वसन्तको बिहानीपख अग्लो मनासलु हिमालको फुर्तिलो चहक छ। अलि पर अन्नपूर्णा हिमालका चुचुरा र शृङ्खला तेर्सिएका छन्। अझ टाढा सानै देखिए पनि माछापुच्छ्रे चिटिक्क परेकै छ। कलिलो घाम लागेको हिमाली छटामा विनोद गर्दै तलतिर दृष्टि फेरिन्छ। सिरान डाँडा र त्यसको काखमा छोप्राकको लहरे बस्ती देखा पर्छ। अझ तल पर्वत-कापबाट निस्केर दरौंदी गोरखा दरबार बसेको विशाल पस्लाङ डाँडोलाई फन्को मारेर गइरहेछ। प्रकृतिको उदार भावमा रङमगिँदै गोरखा दरबार पछाडिको आँगनबाट यो कलम-चित्र उतार्दछु।

दक्षिण थोकबाट उकालो लागेर करीब आधा घण्टामा माथि हनुमान भञ्ज्याङ पुगिन्छ। यसको देब्रेपट्टि बसेको छ—गोरखा दरबार। काठमाडौं उपत्यकाको वास्तु शैलीमा बनेको २ तले दरबारले हामीलाई गोरखाली राजाहरूको सम्झना दियाउँछ। नेपाललाई वीरभूमिमा परिणत गर्ने ती गोरखालीहरूप्रति जिज्ञासा स्वभावतः नेपाली मात्रको जान्छ। दुई नाले दरबारभित्र पस्नेबित्तिकै एउटा अगेनु आज पनि जगाइराखेको हुन्छ। गोरखाली राजाहरूको गार्हस्थ्य जीवनको यसले प्रतिनिधित्व गरिरहेछ भन्दा अनकनाउनु पर्दैन। त्यहाँबाट भित्र पसेर दायाँपट्टि सानो बैठक रहेको छ जहाँ गोरखा राज्यको राजगद्दी देख्न पाइन्छ। गद्दी बनेको छ काठको। यसको नागफणा पनि काठकै। अरू धातु र जडाउ आदिको संकेत पाइन्न। गोरखा राज्यको आर्थिक इतिहास बताउन सक्षम यो गद्दीको भौतिक अवस्था पृथ्वीनारायणमा आएर पूरा भएको गोरखाली राजाहरूका महत्वाकांक्षा र अथक प्रयासको मूल स्रोत साबित भयो।

दक्षिण अभिमुख गोरखा दरबारसँग जोडिएर दायाँपट्टि कालिका मन्दिर (दरबार) रहेको छ। मौलोसहितको आँगनमा अष्टमीका दिन विशेष मेला नै हुन्छ। यहीं रंगमहलको भूइँतलामा घोप्टो पारेर राखेका दुइटा गह्रौं नगरा र एउटा पुरानो तोपले सहसा हाम्रो मन तानिहाल्छन्। बायाँपट्टि गोरखनाथको गुफाले यसका अनेक किंवदन्ति कथाहरूको सम्झना गराउँछ। ती कथाहरू पनि गोरखाली राजा-

हरूसँगै सम्बन्ध राख्तछन् । समाजको मनोभावना बनाउने खालका ती कथाहरू काठमाडौंमा आएर लेखिएका हुनामा बढ्ता पत्यारलाग्दो हुन्छ । गुफातर्फ ओर्लनु अगाडि गोरखनाथको निम्ति रोटीपोल्ने घरमा पुगिन्छ जहाँ मानिसहरूको अक्सर घुइँचो हुन्छ । यसको सँगै काठमाडौं पशुपतिको अनुकरण पनि देख्न पाइन्छ । त्यहाँ-बाट ओरालोमा आउँछ त्यस्तै कला र शैली तथा चोकसहितको घर जसलाई पाहुना घर भन्ने चलन छ । सायद, उस ताका राजाका पहुनाहरू रहँदा हुनन् ।

गोरखा दरबारको पछाडि ढुंगाको सिँढी ओर्लंदै हनुमान भञ्ज्याङ पुगेर टुंगिन्छ । यहाँ उभिरहेको हनुमान मूर्ति हुनाले भञ्ज्याङको नाम पनि रहन गएको छ । यतैबाट पूर्वतर्फ गोरखा काठमाडौंको पुरानो बाटो गइरहेछ । आरूघाट बोर्लाङ हुँदै त्रिशूली भेटिन्छ । काठमाडौं जान अब यो बाटाको महत्व पनि मेटियो ।

हनुमान भञ्ज्याङबाट आफ्नो यात्रा उपल्लो कोटतर्फ लाग्यो । अब फेरि उकालो लाग्नुपर्‍यो । गोरखा दरबारभन्दा पुरानो यो कोट दरबारको केवल नामा-वशेष छ । यहाँ वज्र भैरवको थानले यसको प्राचीनतामा साछी बक्छ । तर वज्र भैरवको मन्दिर भग्नावशेष छ । कुनै मूर्ति पनि छैनन् । तीन-चार वटा ढुंगाहरू राखेर पूजा हुन्छ । तैपनि यसलाई प्राचीनताको उत्तराधिकार प्राप्त छ । यसै उपल्लो कोटका घले राजालाई हाँकमा मारेपछि द्रव्यशाहको गोरखा विजय सफल भएको थियो । पर्वतको अग्लो थुम्कोमा बसेको यो उपल्लो कोटबाट चौतर्फी दृश्यको विशा-लता फैलिन्छ । यहाँबाट तल गोरखा दरबारको दृश्य भने निकै होचो भान पर्छ । टाकुरे रजौटाहरूको जुगलाई यो ठाउँ सुहाउँदिलो नै हो ।

उपल्लो कोट जाँदा बाटामा गोरख पादुकाको मोडमा चौतारामा चण्डिनी भन्ने थान पर्छ । चण्डीको मूर्ति चाहिं केही काटिएको छ । यहाँबाट अलिकति पश्चिम फर्केर जाँदा हनुमान भञ्ज्याङमाथि पहराको सिरानमा दुइटा ठूला पादुका छन् । यसैलाई गोरख पादुका (गोरखनाथको पादुका) भन्दछन् । चण्डिनीको थानमा सुँगुरको पाठो काटिन्छ वैशाख पूर्णेको वेला । सुंगुर बलि दिने प्रथासँग हाम्रो मगरातको संस्कृति आबद्ध छ । माथि वज्र भैरव थानमा पनि विशेष पर्व पर्वमा सुँगुर काटिन्छन् । मगरहरू नै सुंगुर बलि दिने प्रथाको संस्कृतिमा हुर्केकाले नेपाली जातिशास्त्रका खोजकर्ताहरूका लागि विशेष चाखलाग्दो हुन्छ । तर पश्चिम पाल्पामा जस्तै यहाँ पनि मगर भाषा लोप भइसकेको रहेछ । त्यसको ठाउँ नेपाली भाषाले ओगटेछ । यसरी जातिगत क्षेत्रीय भाषालाई राजकीय भाषाले छोपेको उदाहरण गोरखामा पनि भेटिन्छ ।

गोरखा दरबाटबाट झर्नासाथ मानिसहरूको मानसपटबाट समेत बिर्सन थालिरहेको एउटा उजाड थलो पर्छ—हटिया थोक । ललितपुर राज्यबाट व्यापारी-

हरूको दल लगेर रामशाहले गोरखामा चौबीस कोठी स्थापना गरेका थिए। त्यस वेला दरबारनिरको थोकमा बसेको मूल ६ कोठीको बस्ती अब केवल सम्झनामा बाँकी छ। पृथ्वीनारायणले गोरखा छोडेपछि यी बस्ती उट्ठा लागेर तलतिर फराकिलो थोकमा सर्न थाले। उस बेलाको व्यापारी समूह चौबीस कोठीका सन्तानहरू जताततै छरिएर गइसके। व्यापारीहरूको प्रतीक भीमसेनको थान भने आज पनि मानिसहरू देखाउँदै छन्। तर उसै बेलाको भीमसेन मूर्ति भने नजाने उहिल्यै चोरिइसकेछ। बस्तीका चिह्न जगहरू अचेल पनि भेटिन्छन्। यसरी बस्तीलाई माया मारे पनि त्यहाँका घडेरी बारी जिमीजग्गा चौबीस कोठीका सन्तानहरूको स्वामित्वमा छन्। राजनैतिक इतिहासको पछि लागेर कति चाँडो हाम्रो आर्थिक र सामाजिक इतिहास बिर्सिइँदो रहेछ।

पुरानो हटिया थोकको बस्ती नामेट भएर अब केवल श्रुतिमा जीवित छ। त्यसको बदला पोखरी थोक विकसित हुँदै गयो। पोखरी थोकको वर्तमान बस्तीसम्म पुग्न हटिया थोकबाट करीब २०।२२ मिनेटको ओरालो छ। न्यानो हावापानी र पारिलो घाम रोजेर गोरखा बजार दक्षिण कोल्टे परेर बसेको छ। समुद्र सतहदेखि ४२०० फूट उचाइमा यो बस्ती पूर्व पश्चिम लामो गरी बसेको छ। त्यसै गरी अझ वढ्दै छ।

पोखरी थोकलाई देखेपछि गोरखा एक ताका वेग्लै राज्य हो तापनि काठमाडौंमा विकसित संस्कृतिकै एक अंग वा विस्तार भन्ने लाग्छ। जताततै नेपाली ढुंगेधाराहरूको निर्माण शैली काठमाडौंकै समानान्तरको दावा गर्न खोज्छ। एउटा सानो पोखरीको निर्माणले पोखरी थोक हुन पुगेको यस ठाउँले क्रमशः निर्माणको पारामा काठमाडौंली ढाँचा अँगालेको छ। रामशाहले निर्माण गरेको मुरलीधर नारायण मन्दिर यता उपत्यकाको मन्दिर शैलीमा छ। रामशाहकै अर्को कृति रामेश्वर महादेवको अगाडि पृथ्वीपति शाहको सालिक छ। लामो ढुङ्गे खाँबामाथि सुनको यो सालिकले पनि हामीलाई काठमाडौं उपत्यकाका मल्ल राजाहरूको सम्झना गराउँछ। यति मात्र होइन, पृथ्वीपतिको पहिरन, वेशभूषाले पनि मल्ल राजाहरूकै सालिकको दाँजो लाग्छ। माथि दरबार पुग्यौं भने त्यसको निर्माणमा शत प्रतिशत काठमाडौं छ। मल्ल दरबारका अगाडि हनुमान रहे जस्तै यहाँ पनि दरवारनिर हनुमान उभिन्छ। भौगोलिक स्थिति र भाषाको भिन्नताले ल्याएको संस्कृति बाहेक अरूमा काठमाडौंकै शास्त्रीय संस्कृतिको विस्तार हो गोरखा। सायद यसैले होला पृथ्वीनारायणले आफूलाई काठमाडौं उपत्यकाको संस्कृतिमा विलीन गराए।

गोरखा थोरै छ तर नेपाल जत्रै विशाल छ, नेपालभित्र जकडिएर पनि देशान्तरमा चहार्छ, कान्छो भएर पनि जेठो तरबार चलाउँछ, इतिहास बनाउँछ।

यसैले गोरखा भ्रमण गर्दा इतिहासै इतिहासको फोटोमा विचरण गरे झैं लाग्छ। उसको आज भन्दा हिजोले हामीलाई तानेर लिन्छ, किनभने त्यही हिजोमा आजको नेपाल अन्तर्निहित छ।

तर उसको 'हिजो'-लाई वस्तुगत ढंगले औंल्याउने व्यक्तिहरू गोरखामा कमै भटिन्छन्। यो कुरो गोरखाको मात्र दुर्भाग्य होइन। नेपालका अरू पहाड वा समतल खण्डमा पनि यही अवस्था छ। गोरखाविद्हरूको खोजी गर्दा वयोवृद्ध अध्यापक दण्डपाडि अर्ज्यालसँग भेट भयो। गोरखा राज्यको स्थापनादेखि नै राजकीय व्यवहारमा सरिक रहेको अर्ज्याल परिवारका वंशज उहाँ हुनुहुन्छ। यसैले क्षेत्रीय इतिहासलाई वस्तुगत तरिकाले सम्झाउने उहाँको क्षमता देखिन्छ। राजा र राजाका कृति मात्रै इतिहास होइनन्। जनताको तह अथवा सामाजिक स्तरमा हाम्रो हिजोलाई खोतल्ने काम गर्नुछ। यसमा क्षेत्रीयविद्हरू हाम्रा गहकिला सम्पत्ति हुनेछन्। त्यस्तै क्षेत्रीयविद्हरूको एक हुल खडा गर्ने खाँचो हामीलाई पर्छ किनभने त्यो हाम्रै समाजको दर्पण हुनेछ।

\+ \+ \+

११ बजेको प्रखर घाममा गोरखा बजारबाट दक्षिण पूर्व लाग्छु। रानी वनको शीतल कुञ्जलाई लालची आँखाले हेर्दै अघि बढ्छु। रानी स्वारा, ठिम्रे स्वारा हुँदै टक्सार पुग्छु। पश्चिम कर्णाली प्रदेशमा प्रचलित 'स्वाँडो' शब्द यहाँ 'स्वारो'-मा बदलिएको छ। कुलो नलाग्ने पाखो भिरको जग्गालाई यसले बुझाउँछ। त्यही अर्थमा यहाँ पनि स्वाराको प्रयोग देख्ता हाम्रो जनसंख्याको पूर्वतिर विस्तारको झल्को मनमा आइहाल्छ। अनि टक्सारले पहाड खण्डमा जतातते यस्तै नामले बोलाइने ठाउँहरूको एक पल्ट स्मरण पनि गराउँछ। साल वृक्षको घना वनको बाटो छ। नजिकै छहरा खसेर कानको जाली कर्कराउने आवाज सुनाइ पर्छ। मध्याह्नको टण्टलापुरमा लुदी खोलो आउँछ—शीतल, शान्ति र विश्रान्ति।

कालु अर्ज्याल र भूतको कथा सुनाउने यो लुदी खोलामा काठको पुल तरेर एकदम उकालो लाग्छ : मनकामनाको डाँडो। फर्केको हेराइ पिच्छे पर गोरखा दरवार र त्यसको तल कोल्टे पाखामा बजारको दृश्य टड्कारो पर्छ। पुराना गाउँलाई पार गरेपछि मगर वस्तीहरू भेटिन्छन्। सदरिया मगरहरूको विपरीत यहाँ भने जातीय मगर भाषा जीवितै छ। उता माई छापको नजिक वनमा डढेलो लागिरहेछ।

बाटाको छेउ छेउमा डोरी चुँडिएका लिङ्गे पिङहरू ठिङ्ग उभिएका छन् आउँदो वर्षलाई पर्खेर। कतै रोटे पिङ छन् भने थोरै संख्यामा जाँते पिङ भेटिन्छन्। राजधानीमा शारीरिक संस्कृतिको नामले अन्तरराष्ट्रिय हाँकका योजना बन्छन्,

अनेकौं तहमा । यता राष्ट्रिय खेल जति पाखे बनेर मर्नु र बाँच्नुको दोसाँधमा थरमराउँछन् ।

बक्राङको उकालोमा जति अगाडि पर्छु उति बक्राङ सेरा र बस्तीहरू स्पष्ट हुँदै जान्छन् । फर्केर हेर्छु पहाडी काँधमा गोरखा दरबार झन अग्लिदै गए जस्तो लाग्छ । रिप थोक पुगेपछि त गोरखाको झन माया लाग्छ—छुट्टिनाको धर्मले । उत्तरी पाखाबाट चढाइ टुंगिदै छ । मनकामनाको नेटो काटिँदै छ । गोरखाको उत्तरी भेक नारद पोखरीदेखि निस्केको दरौंदीका पटुका लम्मिदै गएर आखिर मर्स्याङ्‌दीसँग जोडिन पुग्छ । मझुवा बजारको लडोमा आँखा तानिन्छ । एक फन्कोमा दक्षिण पूर्व तेर्सो हानिन्छ—गोरखा चाहिं ओझेल पर्छ । मसिनो डोरी जत्रो राजमार्गमा ट्रक र बसको छिन छिनमा घर्घर घर्घरले यात्रीको मनमा अब अर्कै हावाको सञ्चार गर्छ ।

□

: २८ :

ताजमहल—एउटा घुइँचो भित्रको कथा

लोकराज बराल

•

एउटा रेलगाड़ी बम्बईको भिक्टोरिया स्टेशनबाट हिंड्छ—यस भित्र अनेकौं मान्छेका धेरै इच्छा र उत्सुकता बोकेर धेरै नौला उत्कण्ठा हालेर पूर्वको बाटो समाउँछ, समाधि र ठूला ठूला ठाउँतिर अनि अर्को रेलगाड़ी फर्कन्छ यही भिक्टोरिया स्टेशनतिर सबैको उत्सुकतालाई मारेर, सबैका मनमा नयाँ कुरा हाँकेर। यसरी भारतका विभिन्न स्टेशनमा कोही गाडी छुट्छन्, कुनै आउँछन् चारै धाम गरेर—आगरा, मथुरा, लालकिल्ला, सिकन्दराबाददेखि रामेश्वरम्, हरद्वार, त्रिवेणीसम्म। मान्छे पनि हिंड्छन् रेलगाडीमा आगरातिर, बनारसतिर, बद्रीतिर। यिनै मान्छे-मध्येको म पनि मान्छे—आज हिंडिरहेछु—यही भिक्टोरिया स्टेशनबाट दुई बजेको रेलमा पञ्जाब मेलको सहाराले आफ्नो पखेटा चाँडो चलाउन थालिरहेछु—जीवनको ठूलो उत्सुकता सेलाउन, ठूलो ठूलो इच्छा दुङ्ग्याउन, आगराको ठूलो महल, शाह-

जहानको नामैनामले र मुमताजको नामैनामले कुँदिएको यो विपनाको महल, हाम्रो लागि सपनाको महल हेर्न ।

आफ्नी सँगिनी, मुटुकी रानी, आफ्नी मायालु, आफ्नी अवतारलाई खुसी पार्ने काम राम्रो हो । जूनलाई टिपेर ल्याउने कल्पना पनि हुन्छन् अरे—उनलाई सुखी पार्न । मानौं दन्त्यकथा फेरि दोहोरिरहेछ यहाँ । हो, लाग्छ सबैलाई फूलले सिंगार्न, मायाले भिजाउन उनलाई । मलाई पनि लाग्छ—शाहजहानलाई लागे झैं एउटा विशाल महलको सृष्टि गरिदिऊँ, यस्तै खोलाको तीरमा···सजाइदिऊँ त्यसलाई भव्य तरिकाले । मलाई पनि आउँछ, 'डिजाइन' गर्न, मलाई पनि आउँछ योजना गर्न । ठान्छु, यसै बीच उनको मूर्ति पनि सजाइदिऊँ; कालीगडलाई पैसा दिएर उभ्याइदिऊँ, अनि लगाइदिनेछु माला मायाले भिजाउन, गर्नेछु युग युगसम्म क्रीडा आँखा चिम्लिएर । ठान्छु म त्यतिखेर एउटा 'टुरिस्ट गाइड' बन्छु अनि यहाँ आउने प्रत्येक मान्छेलाई भन्छु—एक एक गरी फलाक्नेछु आद्योपान्त हाम्रो कथालाई, दोहोऱ्याइ दोहोऱ्याइ रटाउनेछु हाम्रो पूर्वस्मृतिलाई । तपाईं पनि, महाशय, त्यस्तै गर्नुहुन्छ ।

पक्कै गर्नुहुन्छ यो कुरो यस्तै, यसको पिर सबैमा उस्तै, सुस्केरा उस्तै···।

शाहजहानले ताज उभ्याए, शाहजहानले स्वास्नी हँसाए, शाहजहानले आफैंले आफैंलाई प्रदर्शनीमा राखे । बस् यति गरे ।

हो, यो अँगालाले हाम्रा अगुवा लगायत हामी सबैलाई कुतकुती लगाइरहेछ, मानौं अब हामी पनि आफ्ना आफ्ना स्वास्नीलाई अथवा मायाकी अवतारलाई अँगालो हालौं र भन्दिऊँ संसारलाई आँखा चिम्ले झैं गरीः सबैले यस्तै गर्नपर्छ—सबैले पार्क, महल, स्वास्थ्य घर या सडक, समाधि बनाउनै पर्छ—मानौं हामीमा होडबाजी चलिरहेछ, हामीमा तर्कवितर्क चलिरहेछ । शाहजहानको भित्री खोपीलाई बाहिरका धेरै चीजहरूले पर्दाको काम गरिरहेछन् र भन्छन्, 'यो शाहजहानको खोपी हो, यो उनको प्राइभेट ठाउँ हो ।' यसरी उनको क्रमिक नियम चलिरहेछ— अँगालामा । छैन थाहा शाहजहानलाई बाहिरी कुरो; छैन पत्तो परखाल भित्र बाहेक ! यसरी शाहजहानको जीवन गजबसित चल्दो रहेछ; अनि हामीचाहिं पूर्वपश्चिम, उत्तर दक्षिणबाट यस जीवनको आश्चर्यलाई चकित मानी हेर्दा रहेछौं—मनका भावनालाई तीव्र पार्दै लेख्दा रहेछौं पुस्तक; गाउँदा रहेछौं गीत·····।

मेरो त्यस दिन खिचेको फोटो सफा पनि भएन । सिम् सिम् पानी, कुइरोले ढाकेकोले, ताजको त्यो झिलिमिलि मलाई मन परेन र मैले ठानें एक साधारण मान्छेको नाताले, अरूलाई पनि परेन होला । "महाशय, ! आग्रामा विद्रोह

भएको दिनमा परिएछ—आज आग्रामा विद्रोह भएछ, आज यहाँ घेरै सुईखुट्टे कपाल फुलेका, अन्धा, हजारौं कलाकारले नारा लगाएछन्, विद्रोहमा गरीब डकर्मीका हाड बोलेछन् । यसैले आज दिन उदास छ, धमिलो छ। यहाँ पक्कै त्यस्तै भएछ । गरीब कालीगडको पसिना गन्हाएको छ। हेर, त्यो कस्तो बूढो कलाकार जसले जीवन होमिदियो। यो गुम्वजको एउटा दुलोबाट उसको आत्मा कराएको स्वर सुनिंदो रहेछ छिन छिनमा। यी माछे कराउँदा भने दिन उदासिन हुँदो रहेछ।'' मेरा अगुवाले र मैले गरेको विचारमा फरक परछ—मानौं उनले देखे विश्वको आश्चर्य यसैमा। उनले भने, ''यो इतिहासले नदेखाएको, नभनेको कुरो।'' मैले ठानें इतिहास त यस्तै हो, इतिहास यस्तै नै हो—सुगन्धले भरिएको इतिहास, चाकडीले लेखिएको यो इतिहास, राम्रै राम्राले भरिएको इतिहास··· इतिहास ! इति······हास !!

हाम्रो रेल अब उत्तरतिर लागिरहेछ—यस्तै मेरा मनका अनेकौं भावनाको द्वन्द्व चलाएर······ । साथीहरू बूढाथोकीज्यू लगायत सबै पल पलमा गाइरहेछन्, मुग्धकण्ठले गरिरहेछन् सिफारिश ताजको । रेलको गति बढ्दै गएपछि आग्राको दृश्य पर···पर भैरहेको थियो। आग्रामा नयाँ नयाँ मान्छेको धारो लागेको प्रस्ट हुन्थ्यो। त्यसरी फक्यौं यसलाई त्यहीं छाडेर···जमुनाको किनारमा एक्लै पारेर। मैले ठानें, यहाँ निकै खैलाबैला भइरहन्छ रातमा पनि। मेरो बम्बईको भिक्टोरिया स्टेशनबाट उदाएको विचार, भावनाको वेगमयता टुङ्गियो धजे डाँडो, चिहाने डाँडो, कोलचौर, हुर्हुरेमा ! यहाँ पनि यसरी नै हजारौं सुतिरहेछन् ···बडो आनन्दसित···दिइरहेछन् पाठ यसैको···। यस्तै रूपले एउटै कुराको दुई धारा बगिरहेछ। भोलिको गाथा या कथा या इतिहास आफ्नै ढङ्गले लेखिएला हाम्रो पनि। यिनै दुई धारामध्ये एउटालाई लिई हिँड्नुपर्ला अन्ततिर। फरक यत्ति छ तपाईंहरू दुवै जना कित यिनै धजे, कोलबोटे, चिहाने डाँडामा पुग्नुहुन्छ अर्थात् सडक, पार्क, महलतिर···। यो निर्णय त आज तपाईं हाम्रो शक्ति, धन र वैभवले बताइहाल्छ। म ठान्दिनँ अर्को तेस्रो धारा पनि छ भनेर। यसरी नै मैले मूल्याङ्कन गर्न सिकेको छु···र भन्दछु तपाईंहरू पनि बनाउनुहोस् महल अथवा सडक अथवा पार्क···या जानुहोस् उही चिहानतिर······त्यहाँ त छन् दर्शक, पाठक आफ्नू आफ्नू पाराले पढ्छन्, हेर्छन्। पटनामा रेल पुगिहाल्यो। स्टेशनमा उही खलबल छ—कोही आग्रातिर, कोही पुरी, जगन्नाथ, त्रिवेणीतिर जाने तर्खरमा छन्। मेरो रेलको भ्रमण सकियो अब। लागिरहेछु उड्न काठमाडौंतिर नयाँ भावनाले थिचिएर। रेल छुट्ने र आउने नियम चौबीसै घण्टा कायम छ। मानिसको भीड उस्तै। मलाई लाग्छ, जीवन यस्तै भीडै भीड हो जसलाई कसैले पनि

सूक्ष्म रूपले हेर्न भ्याएको छैन, हतार हतारमै सिद्धिरहेछ। भ्रमणको अन्त कहिल्यै नहुने जीवनलाई त्यस्तो घोरिएर कसले पो हेर्छ र! यसैले यस भीडमा जे पनि लेखिन्छ जे पनि बोलिन्छ। यो नै हाम्रो स्तुतिगीत हो, यो नै हाम्रो जीवनको पाठ हो जसलाई बिहानदेखि बेलुकासम्मै घोकिहनुपर्छ—एकसुरे भई एउटा तीन कक्षाको विद्यार्थीले पहिलो पाठ घोके जस्तो।

□

: २९ :

प्रतिविम्ब—जीवनको

उत्तम कुँवर

●

सुख दुख जीवनका दुई अभिन्न पांग्रा मानिन्छन् भने रिस-राग र हांसी-खुसी पनि जीवनका त्यस्तै अभिन्न चार पांग्रा हुन्। यी पछिल्ला चार पाँग्रामा निहित चरित्र मेरो एउटा फुच्चे कारको पनि अभिन्न अङ्ग बन्न गएको छ।

यो कार कुन यसम खुशी हुन्छ र कुन समय दिक्क, केही भन्न नै सकिदैन। यस्तै यसको रिसको पनि केही ठेगान छैन। आज त 'मुड' ठीक छ भन्ठान्यो, तर कहीं जाँदा बीचमा नै यसको सोचाइको त्यो 'ठिक' एकदम 'वेठिक' भैदिन्छ। महा-ज्योतिष पनि यसको निश्चित भविष्य बताउन असफल भएका छन्। आठ नौ वर्ष अघिको कुरो हो, त्यो कार लिनासाथ एकजना ज्योतिष सरहको अनुभवी मेकानिस्ट् अझ सही रूपमा भन्ने हो भने अटोमोबाइल इन्जिनियरलाई, त्यसको भविष्य देखा-उन लगेको थिएं। ग्रह दशा फाल्नको लागि किंग्पिन, लिंक्पिन, पिस्टन रिंग,

ब्यारल, कट-आउट जस्ता अनेक अङ्ग तुरुन्त नफेरेमा दुइ चार महिनामा नै यो कार कामै नलाग्ने भविष्यवाणी उनले गरेका थिए । उनले भनेको जति सामान फेर्न त्यस-वेला नै करीब पाँच छ हजार लाग्ने थियो जुन मैले कारका लागि तिर्नुपरेको भन्नै आधा रकम बराबर हुन्थ्यो । वास्तवमा एकै मुष्ठमा त त्यति रकम मैले त्यो कार किन्दा पनि तिरेको थिइनँ । मैले जीवनमा जोडजाड गरेका अन्य सामान सरह यो कार पनि 'इन्स्टालमेण्ट्का आधारमा नै लिएको थिएँ । यसरी प्रत्येक उपलब्धिका लागि इन्स्टालमेण्ट्को सहारा लिनुपर्ने म जस्ता व्यक्तिका लागि एकै पटक पाँच छ हजार रूपैयाँ, त्यो पनि करीब अढाई तीन सय रूपैयाँ प्रति तोला सुन किन्न पाउने जमानामा, साह्रै मुश्किलको कुरो थियो—एकदम असम्भव प्राय !

स्थिति कस्तो थियो भने त्यो कार किनेको नै थन्काउनका लागि हो या एक मित्रले फाल्न लागेको कारलाई तिनको मान राख्नको लागि नै मैले सक्दो प्रयास गर्दै एक डेढ महिनाको लागि भए पनि त्यो सडकमा गुडाउने भारा मात्र तिर्नका लागि हो । देखिने स्थिति त्यस्तो भए पनि खास कुरो बेग्लै थियो । कार मलाई चढ्नु नै थियो; त्यो मेरो त्यस वेलाको लागि ठूलो आवश्यकताको कुरो हुन पुगेको थियो, यस्तो आवश्यकता जसको विकल्प मेरो लागि अरू कुनै कुरो पनि हुन सक्दै-नथियो । यो निर्विकल्प आवश्यकताको एउटै कारण थियो—मेरो निष्कर्ष !

कुनै पनि चाहनाको निष्कर्षमा पुग्नासाथ त्यसको परिपूर्ति बाहेक मेरा लागि अन्य कुनै मार्ग नै बाँकी रहन्नन् । यस अर्थमा मेरो निष्कर्षको टुङ्गो नै परिपूर्ति हो; परिपूर्ति बिनाको निष्कर्षमा म आजसम्म पुग्न सकेको पनि छैनँ । जति विरोध, वाधा आलोचना या अभाव जे जति होस्, मलाई आफ्नो निष्कर्षको परिपूर्ति गर्नु नै थियो । यसैले मेरा अभिन्न मित्रहरूले 'त्यसको कार चढ्ने कत्रो औकात, आफूलाई के भन्ठानेको छ' भनी डाहपूर्ण आक्रोस व्यक्त गरे पनि या 'ह-ह, त्यसले पनि कार चढ्यो' भनी हँसी उडाए पनि या कारको पूरा मोल एकै पटक चुक्ता गर्न या एकै पटक आवश्यक सामान फेर्न नसके पनि या 'कति दिनको रबाफ हो, हेरौंला एक दुई महीना पछि' भन्दै आफ्नो अशक्तताको जलन व्यक्त गरे पनि म पछि हटिनँ । यी र यस्तै अन्य अनेक विरोधाभासपूर्ण कुराको पूर्ण उपेक्षा गर्दै भोलिको स्थितिसँग जुध्ने हौसलाका साथ त्यति बेला आफ्नो इच्छाको परिपूर्ति गरेको थिएँ मैले !

कार त भयो, पेट्रोल पनि सस्तो थियो करीब दुई रूपैयाँ प्रति लिटर ! तर हाँक्ने कसले ? आफूले हाँक्न जानेको थिइनँ, ड्राइभर राख्ने स्थिति त थिँदै थिएन नै ! तर मन पनि थिएन, किनभने भक्सवागन बिटल कार पनि ड्राइभर राखेर चढ्ने भनेर मैले नै गिजाउनमा अरूलाई समर्थन गर्ने गरेको थिएँ । मेरा लागि बाँकी

रहेको एउटै बाटो थियो, आफैले हांक्नु ! अनि सिक्न थालें र छ सात दिनमा नै काठमाडौंबाट नरदेवी हुँदै क्षेत्रपाटी पार गरें; साथै त्यति दिन भित्र नै लाइसेन्स् लिन पनि सफल भए। तर यो सफलताको लागि दुई तीन पटक ठाना धाउनु नपरे पनि गराज धाउनुपरेको थियो, आफ्नो कार मात्र हैन, अरूको कार पनि मरम्मत गरिदिन ! ब्रेक भनेर थिच्दा एक्सेलेटरमा खुट्टा पर्न जांदा मेरो बिटलको थेप्चो नाक एकदम मंगोल्वाइड हुन पुगेको मात्र हैन, सामुन्नेको कारका दुई आँखा नै चक्नाचुर पनि हुन पुगेका थिए। एक पटक त कसरी बायाँपट्टि मोड्न पुगेंछु भने पसलभित्र कार र पसल बाहिर साहूजी हुनुपर्ने स्थितिसम्म आइसकेको रहेछ ! तर गुरु ड्राइभरले हत्तपत्त स्टेरिंग काटेर त्यो स्थितिबाट मलाई बचाइदिएका थिए। त्यस समय त सबै विकट स्थिति रमाइलो नै लागेको थियो तर आज जब ती कुरा सम्झन्छु तब झसङ्ग हुन पुग्दछु। स्टेरिंग समयमै नकाटिएको भए ? कारलाई ठोक्न पुग्नको सट्टा मानिसलाई ठोक्न पुगेको भए ? कुकुरको सट्टा मानिस कुल्चन पुगेको भए ?

शुरुआत जति कठिन भए पनि मेरो कार यात्रा प्रारम्भ भयो उबड-खाबड बाटोमा नै ! हांक्दा सोझो हेर्थें बाटोमा दुर्घटना नहोस् भनेर तर साथी भाइको व्यंग्य सुन्नुपर्‍यो, 'कति बढेको, मोटर चढ्दा हामीलाई त हेर्दा पनि हेर्दैन।' यो आरोप शाश्वत हुन पुगेको छ; प्रत्येक निजी कार हांक्नेलाई साथी भाइले लगाउने यस्तै आरोपमा कुनै न कुनै रूपमा सबले भाग लिएका हुन्छन्, म पनि यसबाट मुक्त थिइनँ। आरोपको खण्डन गर्न शुरुमा त व्याख्यान पनि गर्न थालेको हुँ तर पछि साध्य भएन र हांस्नु नै सर्वोत्तम जवाफ लाग्यो।

आफ्नै तालमा बिटलको जीवन यात्रा गुड्दै गयो, मेरो हिंडाइमा पनि अल्छिपन बढ्दै गयो; त्यहांबाट अन्त कतै जान पर्ला भनी पांच मिनेटमा हिंडेर पुग्ने थलोमा पनि कार नै लग्न थालें। सन्तोषी त भएको थिएँ यो नव इच्छापूर्तिमा, तर निश्चित चाहिं हुन सकेको थिइनँ बिटलप्रति ! यसले आफ्नो संघर्षपूर्ण असमर्थताका नमूना देखाउन र मेरो मेकानिज्मप्रतिको अज्ञानको खिल्ली उडाउन पनि थालि-सकेको थियो। एक दिन एउटा मित्रलाई बिदा गर्न दिउँसो दुई बजे त्रिभुवन विमान स्थलमा जानु थियो, एक बजेतिर सिनामङ्गलमा पुग्नासाथ कार चट्ट रोकियो; अगाडि बढ्न नै मानेन। यता उता केही गरिटोपलें, टस्मस् नै भएन, आत्तिएर असिनापसिना भैसकेको थिएँ, त्यसमाथि भदौरे घाम र मध्याह्नको सुनसान! सडकमा गति देखिन्थ्यो त गोली सरह गुडेका कारको ! मद्दतका लागि रोक्न खोज्दा ती किन रोकिन्थे ? सब आफ्नै धुनमा व्यस्त ! मुश्किलले फर्कन लागेको एक ट्याक्सी फेला पर्‍यो। केही 'दिने' शर्तमा ड्राइभर मद्दत गर्न सहमत भयो, ऊ हेर्न थाल्यो

यताउता, कारको बोनेट खोल्दै पेट्रोल पास नभएर हो कि भनी बिर्को झिकेर एकदुई पटक जोडसँग फुक्यो र मलाई स्टार्ट गर्न अह्रायो। हो त रहेछ पेट्रोल बन्द भएको ! सरर स्टार्ट् भैहाल्यो। थाहा पाउनेका लागि कति सजिलो, तर नपाउनेका लागि त कुरै भएन ! सुरुमा असिनापसिना भई आत्तिएर पनि धैर्य धारण गरी थाहा पाउने प्रयास गर्नु बाहेक अरू कुनै उपाय हुन्न त्यस्ता याने म जस्ता व्यक्तिको लागि ! यता कार त स्टार्ट् भयो तर उता मित्रको हवाइजहाज पनि विमान स्थल छोड्न स्टार्ट भैसकेछ !

मेरा प्रेस र पत्रिका सम्बन्धी अधिकांश काम सुगम बनाउनमा कार सदा सक्रिय भइरहे पनि वेला बखत यसका अनियमितता पनि बढ्दै थिए। कार हँकाइको अनुभवमा वर्षमाथि वर्षका समय थपिंदै गए पनि मेकानिज्म् प्रतिको ज्ञानमा खास वृद्धि हुन सकेको थिएन मेरो ! सानो तारको कनेक्सन छुटेर पनि घण्टौंसम्म बाटोमा अज्ञानवश कुर्नुपरेको थियो। प्रत्येक एक डेढ महिनामा ६ भोल्टको व्याटरी डाउन हुँदा बाटो कुबाटोमा धकेल्नका लागि सहयोगी नपाउँदा हरेस खाई बस्नुपर्ने, एउटा बिग्रेको कुरो बनाएर ल्याएको केही दिनमा अर्को कुरो बिग्रेर फेरि गराज लग्नुपर्ने, नफेरिकन नहुने सामान किन्न खोज्दा पनि नपाइने जस्ता निराशाजनक स्थितिले त कहिले काहीं यो कार घाँडो नै भयो कि जस्तो पनि नलागेको होइन, त्यसमाथि अरू त अरू, वर्षौंदेखि मरम्मत गर्न लग्ने गरेको गराजका गोकुल जोशीले समेत यो बेचेर अर्को नयाँ कार किन्ने सल्लाह दिरहँदा उनको भनाइमा भन्दा आफ्नो वाध्यताप्रति बढी कुण्ठित हुन्थें म ! आठ नौ वर्ष पनि ननाघेका सानी छोरीहरू अनिमा र अनामिकाले पनि यस्तै सुझाव दिंदा भने हाँसेको मात्र थिएँ, तर त्यो हाँसो खुसीको थिएन, वाध्यतालाई हाँसेर स्वीकार गर्ने मेरो वानीको अभिव्यक्ति मात्र थियो त्यो ! विवशता जीवनको अभिन्न अङ्ग हो भन्ने खुला स्वीकृति थियो त्यो ! र थियो ती कलिला केटीहरूमा विद्यमान जीवनप्रतिको दोषमुक्त अबुझपनाप्रति रहेको मेरो मायालु हाँसो ! मेरो त्यो एउटै हाँसोले जीवनका अनेक पक्षको प्रतिनिधित्व गरेको थियो।

जे होस्, गाह्रो सांग्रोलाई हलुको पारिदिने बिटलप्रति मेरो लगाव बढ्दै थियो। यसका कठिनाइँ र कमजोरीलाई आत्मसात् गर्दै यस प्रतिको घनिष्ठता गहन हुँदै थियो। यसैले बीच बाटोमा रोकिएर स्टार्ट् हुन कहिले काहीं गाह्रो माने पनि म यसलाई फकाई फुलाई, आवश्यक परे घण्टौं कुरेर पनि गुडाइछाड्थें, तर यसलाई छोड्न चाहिं कहिल्यै सकिनँ।

कति पटक त यसले मेरो रातको निंद पनि खतम पारिदिएको छ। शुरूको कुरो हो, करीब दुई रूपैयाँबाट पेट्रोलको भाउ चार रूपैयाँ पुग्ने हल्ला चल्यो।

मेरो लागि प्रलय आउन लागेको भान भयो। बल्ल बल्ल कार किनें, अब पेट्रोलको भाउ नै डबल—लिटरको चार रूपैयाँ कसरी तिर्ने? पेट्रोल किन्नुको सट्टा कार नै वेच्नुपर्‍यो कि? यति चाँडै कसरी हरेस खाने? यस्तै कुरा सोच्दा रात छर्लङ्ग बित्यो अनेक थरीका कल्पनामा! एक रात मात्र होइन, दुई चार रात नै! मुश्किलले त्यो धक्का सहें, समयान्तरमा त्यस्ता सहनै पर्ने धक्का धेरै पटक थपिए। तर धक्का खाँदा खाँदा पछि त्यस्ता धक्का मामुली मात्र होइनन्, कुनै त साह्रै आनन्दजनक पनि भए। कुरो थियो, सात रूपैयाँ प्रति लिटर हुँदा एक जना पेट्रोल डिलरले अब भरे भोलितिर नै पेट्रोलको भाउ नौ रूपैयाँ पुग्ने कुराको निश्चिन्तता दिलाए। यस्ता कुरा 'ए' भन्ने सामान्य विषय जस्ता भैसकेका थिए। भोलिपल्ट भाउ त बढ्यो तर आठ रूपैयाँ मात्र! प्रति लिटर एक रूपैयाँ फाइदा हुने भयो भनी म त्यति बेला खुब आनन्दित भएको थिएँ। सातबाट आठ भएकोमा दुख लागेन तर हुन लागेको नौ को सट्टा आठ भएकोमा हर्षित भएको थिएँ—यो भन्दा बढी बिडम्बना के हुन सक्दछ त आजको देशको स्थितिमा? जहाँ स्थिति सप्रन लाग्यो भनेर आनन्दित हुने अवसर कहिल्यै पाइन्न, धेरैको सट्टा थोरै बिग्रनु नै बरू परमआनन्दको स्रोत मानिन्छ यहाँ!

घण्टौं बस कुर्नुपर्दाको या घाम पानीमा हिँड्नुपर्दाको स्थिति पर्याप्त भोगेकोले त्यस्ताको मर्का म सजिलोसँग बुझ्दछु। त्यसैले बाटोमा लिफ्ट् दिन म सधैं अग्रसर हुन्छु। यस बानीबाट प्रभावित भएर एक पटक त एक जना प्रतिष्ठित लेखकले 'गोरखापत्र' को आफ्नो स्तम्भमा मेरो निकै प्रशंसा पनि गरेका थिए। तर मेरो यही बानीबाट चिढिने पनि कम छैनन्। लिफ्ट् दिदा 'भो, हामीलाई कसैको मोटर चढेर फुर्ति देखाउनुपरेको छैन, आफ्नै खुट्टा बलिया छन्' भन्ने व्यंग्य पनि बराबर सुन्नु नपरेको होइन।

......कहिले काहीं एकान्तमा सोच्दछु, कारले मलाई कति राम्रो कुरो दियो र कति नराम्रो! नराम्रो मध्ये एउटा त म कहिले पनि बिर्सन सक्दिनँ, यसले केही व्यक्तिका दृष्टिमा मेरो जीवनको सकारात्मक पक्षको मान्यता र मूल्यलाई नै घटाइदिएको छ। मेरो सामाजिक र साहित्यिक सेवाको उल्लेखसम्म हुँदैन तर मैले कार चढ्न सकेकोमा जब तिनीहरू मलाई प्रशस्त प्रशंसा गर्न थाल्दछन् त्यस वेला सम्पूर्ण मानवीय मान्यता र मूल्य टुक्रिएर मेरो अस्तित्व नै चकनाचुर हुन लागेको अनुभूति प्राप्त हुन थाल्दछ मलाई! यो भन्दा त बरू 'बुढी मेमसाहबलाई जति सिंगारे पनि थोत्राको थोत्रै, तर पनि गुड्छ नै' जस्ता डाह र प्रेम दुवै भावले परिपूर्ण अभिव्यक्तिद्वारा मलाई बराबर जिस्काएर वास्तविक स्थितिको बोध गराउने 'भाइसाहबको' कथन नै मन पर्छ। कम से कम त्यस्ता कथनमा मानिसको डाह, जलन, प्रेम, अनुराग मिश्रित निश्चल प्रकृति त झल्केको हुन्छ!

बेला बखतका यी कटु भावका अतिरिक्त कारले मेरो कामलाई छिटो छरितो बनाएर मेरो शरीरलाई नै आराम दिएको छ घाम पानीको हिंडाइ र घण्टौंको वस कुराइबाट मुक्त गर्दै !

यिनै कुरा महाउपलब्धि हुन् त ? निश्चय पनि होइनन् । यी त अति सामान्य उपलब्धि हुन् जुन प्राप्त नभए पनि खास फरक पर्ने थिएन । मैले आफ्नो जीवन बुझ्न सक्नु नै यो कारले मलाई प्रदान गरेको सबभन्दा ठूलो उपलब्धि हो। यो बिटलसँगको आठ वर्षको सहवासले मेरो जीवन प्रतिको प्रेमलाई ठोस र बढी रागात्मक बनाइदिएको छ। जीवन भाग्नका लागि होइन, भोग्नका लागि हो। जीवनमा भैपरि आउने बाधा-कठिनाई पन्छाउनका लागि होइनन्, सुल्झाउनका लागि हुन् र सर्वोत्तम आनन्द र सन्तोष प्राप्य साधनद्वारा लिन सक्नुपर्दछ, अप्राप्य साधनका लागि गरिने चिन्ता दुखका बीज मात्र हुन् जस्ता कुरा मलाई यही 'बुढी मेम'ले सिकाएकी हुन् । भदौरे मध्याह्नमा बिग्रेको कार धकेल्ने सहयोगी पाउन घण्टौंसम्म असिनापसिना भई कुर्नुपर्दा जीवनका कठिनतम उकाला ओराला पार गर्नका लागि धैर्य नै सबभन्दा ठूलो साधन हो भन्ने तथ्य पनि यही बिटलबाट सिकेको हुँ । जीवन दुई दुना चार या दुईमा दुई घटायो सुन्ना मात्र होइन, बास्तविक जीवनमा दुई र दुईको जोड या घटाउमा तीन र पाँच पनि हुन सक्दछ भन्ने तथ्य यो कारको नम्बर २२३५ ले मात्र प्रस्तुत गरेको छैन, यसका कतिपय कार्यले पनि बराबर त्यस्ता तथ्य प्रस्तुत गर्दै आएका छन् । 'जीवनलाई अरूका लै लै' मा होइन, आफ्नै सही स्थितिको समझदारीमा अगाडि बढाउनुपर्छ, आफ्नो जीवनको मर्म सबभन्दा बढी बुझ्ने म मात्र भएकोले त्यस सम्बन्धी अन्तिम निर्णय लिने अधिकारी पनि म नै हुँ भन्ने ज्ञानपनि बराबर कार फेर्ने सल्लाह पाउँदा ताका मलाई बोध भएको थियो ।

जीवनमा प्रशंसा र स्यावासीका अतिरिक्त आलोचना हुन्छन्, आरोप लगाइन्छन्, खिल्ली उडाइन्छन्, व्यंग्य गरिन्छन्, कटोक्ति सुनाइन्छन्, अपमान गरिन्छन्-हो, यी सब जीवनका अभिन्न अङ्ग हुन्, यिनलाई हांसी हांसी नै स्वीकार गर्न सक्नुपर्दछ भन्ने ज्ञान पनि यही बिटल कारबाट प्राप्त भएको हो ।

अनायास यी सब सोच्दै जांदा बिटल कारप्रति मेरो द्विविधा शुरू भएर त्यो बढ्दै गयो । दिनहुँ बाटोमा घस्सिएर समय पार गर्दै गएको यो बिटल कार वास्तवमा हो के जसले मलाई आजको विश्वका घात, प्रतिघात, दुख, सुख, विघ्न, बाधा, पीडा, वेदना, कुण्ठा, संत्रास, अवरोध, माया, प्रेम, धैर्य जस्ता विषम बिशेषणलाई आत्मसात् गर्न सिकाई सधैं भोलिको उज्यालो हेर्ने प्रेरणा दिरहेको हुन्छ, उत्साहित पारिरहेको हुन्छ र सक्रय बनाइरहेको हुन्छ ! अन्तमा धेरै बेरको

सोचाइको निष्कर्षमा पुगें पनि, जुन बिटलकारको नाममा सारा कुराको अनुभूति मैले प्राप्त गरेको थिएँ त्यो त बिटल् कार होइन, मेरो आफ्नै त्यही जीवन पो रहेछ जुन जीवन 'गुडाउन' मैले बुढी मेमलाई भन्दा बढी प्रयास गर्नुपरेको छ। धेरै पटक परित्याग गर्ने सल्लाह दिइएको त्यही बिटल आज पनि गुडाउँदैछु भने वर्षौं अघि परित्याग गर्ने सुझाइएको उही जीवन पछ्याउँदै छु आजसम्म त्यो पनि पूर्ण सन्तोषका साथ ! हो, जे जस्तो विषम स्थितिमा पनि मानिस सन्तोष वरण गर्न सक्षम हुन सक्नुपर्दछ। बुझ्न के मात्र सक्नुपरेको छ भने जीवनको दुखमा नै भोलिको उज्ज्वल भविष्य प्राप्त गर्न सकिने प्रेरणा र आनन्द निहित रहेका हुन्छन्, ती प्राप्तिका लागि आवश्यक छ त केवल धैर्य र साधनको।

□

: ३० :

सिटी बसमा गजेन्द्रमोक्ष

मोराश

●

छेउछाउका मानिसको मनपरी धकेलपकेल खप्दै बल्लतल्ल बसमा उक्लें। 'उक्लें' भन्नु त म छुसीले बेर्थै डुक्रिनु हो, म त पछाडिबाट घटेच्नेहरूको प्रेसर कृपाले 'उकालिएको' पो हुँ। जे होस्, बसभित्र पस्न जुरेकाले मैले आफूलाई ठूलो पुर्पुरो-वाल ठानेको छु, नत्र कत्रो दुःखले साँचेको एउटा क्या. वि. समयमा हाजिर हुन नपुगे बापत सारै बेमज्जासँग तुहाउनुपर्थ्यो।

बसभित्र पस्न पाएकोमा हर्कले नाचेको मेरो मनमुनियाँ तुरुन्तै कुँजिएर चौ-चौ गर्न लाग्छ, किनभने भित्र पस्नु के छ, एक पल्ट फेरि आफ्नै आमाको साँघुरो भूँडीभित्र पिल्सिन पुग्नु छ। ठाउँको उस्तै सकस, बसको यामानको पाठेघरमा पनि मेरा पाँच नम्बरका जुत्ताले मचक्क टेक्ने ठाउँ पाएका होइनन्। चारैतिरबाट उस्तै जेलिएको छु—कसैको फलामे काँध; कसैको ढुंगे घुंडा, कसैको काठे पाखुरा र कसैको घ्याम्ये भूँडीले अँचेटेर मलाई आन्द्रै आन्द्राले तुनिएको भ्रूण झैं डल्लो

पारेका छन् । अनि उस्तै डुङ्डुङ गन्ध—महिनौं ननुहाएकाहरूको अमिलो पसिना, साससँगै हुत्तिएर आएको नाक फुटाल्ने पाइरिया, हतार हतार हिंड्दा टेकेको आलो फोहर र सस्तो चुरोटको टर्रो धुवांको ककटेल रुमल्लिरहेको छ । यसरी आमा र बसको भूंडी घेरै कुरामा एकनास भए पनि एउटा चाहिं ठूलो फरक देख्छु—आमाले लोभ गरेर बढी भटमास खाएको बेलामात्रै त्यहाँ शान्तिभंग हुन्छ, तर यहाँ त चिडियाखाना झैं विभिन्न बोलीको अबुझ सिम्फनी घन्केको छ, घन्केको छ ।

ढ्याक ढ्याक, ढ्याक ढ्याक······यो हो ब्रह्मानन्द सहोदर सिग्नल जसलाई डीकोड गर्दा अर्थ हुन्छ "बस कुदाऊ !" सिग्नलसँगै निमोनियाले ग्रस्त छातीझैं बस घ्यारघ्यार गर्छ, 'वातावरण दूषण'को विश्वव्यापी खिलोचा सुन्दै नसुने झैं डीजलको बिट्टुलो मुस्लो त्यसले ओकल्छ र त्यो लसक्क आफ्नो बाटो लाग्छ—रानीपोखरीको फन्को मार्दै बिजली अड्डा, शहीद ढोका, त्रिपुरेश्वर, टेकू, कालीमाटी, चक्रपथ, कीर्तिपुर । यस बाटावाट टुंगामा पुग्दा नपुग्दा बसभित्र कोचिएका म जस्ता जीवजन्तुले लखचौरासीको कहर काट्नुपर्छ ।

ज्यादै असजिलो भएकोले म अलिकति चर्पटाउन खोज्छु, तर त्यस कोचा-कोचमा 'अंग संचालनको स्वतन्त्रता' कहाँ ! रूसो पनि यस्तै टाइट पोजिसनमा खाँदिएर फत्फताएका होलान्—"मान्छे जन्मिदा फुक्का थियो, तर अब चारैतिरबाट सिक्रीले जक्खिएको छ ।" कत्रो विडम्बना, यहाँ त जक्खाउने सिक्री पनि मानिस नै छ । जक्खिने वस्तु पनि मानिस नै छ । बेसरी खाँदिएका मानिसले नै मलाई भीनसेनको धररा झैं हलनचलपारेका छन् । चलाउन नपाएर अररिएको आफ्नै जीउ धान्न ज्यादै गारो हुँदो रहेछ भन्ने चर्को घाम मेरो घैंटामा पहिलो खेप अहिले लाग्दै छ । बस शहीद ढोका पुग्दा म कायर भाउले विन्ती बिसाउन थाल्छु—"श्रद्धेय शहीदगण अंग संचालन बन्द भएर मन्द हुन लागेको मेरो रक्तसंचारक्रिया-लाई यात्रान्तसम्म कायम राख्ने बल मलाई प्रदान गर ।"

आफूलाई ढुवानी गराउने मनसायले शहीद ढोकामा उभिएका भारीहरू चौदन्त गरेर थपिएपछि बस सन्काहा झैं तोडले हानिन्छ । टीठ लाएर म ती भाग्य मानीतर्फ हेर्न लाग्छु जसले पूर्वजन्मको तपस्याद्वारा यस जन्मको समस्याउपर फत्ते पाएका छन् अर्थात् सीटलाभको सुनौलो मौका भेट्टाएका छन् । इन्द्रकै आसन भेटे झैं रवाफसाथ क्या गजक्क परेर बसेका छन्—उभिनेहरूको विजोगलाई विदू-षकको रमिता ठानेर हेर्दै । एउटै बसको जात्रू भएको नाताले उभिने र बस्ने सबैको सम-सामयिकता त एउटै छ, तर त्यसको बोधमा कत्रो फरक ! बस्न पाउने सीटा-धीशहरूको समसामयिक बोध सुबिधाप्राप्त विलासिताले छताछुल्ल छ भने बस्न

नपाउने ठडेश्वरहरूको बोध असुविधाजन्य कष्टले परिपूर्ण छ। यसै तर्कनाको पखेटा हालेर माथिमाथि बत्तिदाबत्तिदै एकै पटक कावा खाएर तल ओर्लिन्छु— बस चौबाटाको 'स्टपलाइन' मा एक्कासी घच्याक्कै रोकिएको हुँदा।

बस एक्कासि रोकिएको तोडमा झुन्डिने जति जम्मै एकोरिएर अगिल्तिर सोहोरिन्छन्— 'हाउस फूल' को बोर्ड देखेर भुतुक्क भएकाहरूलाई टिकट ब्ल्याक गर्नेको अनुहारले ताने झैं। मान्छे सोहोर्ने यस प्रक्रयाले एउटाको भार अर्कामाथि खाँप्टिदै लैजान्छ, जसले गर्दा रेलिङ्ग अँठ्याउने हात चुँडिन चुँडिन खोज्छ। हात त भाँच्चिदैन तर एउटाको खप्पर अर्कासँग अर्काको खप्पर झन अर्कासँग तोरी फुल्ने गरी ढोगभेट गर्न पुग्छ।

चौबाटाको बत्ती रातोबाट पहेंलो, अनि पहेंलोबाट हरियो भएपछि बस ङ्यारंङुर्र गर्दै गुड्छ र त्रिपुरेश्वर पुगेर टक्क अडिन्छ। यात्रा भन्ने सर्वथा नौलो रसको स्थायी भाव यहाँ उब्जिन्छ— ओर्लन खोजेर ओर्लने ठाउँ नै नपाउनेहरू र चढ्न खोजेर चढ्ने ठाउँ नै नपाउनेहरू रसोद्रेक भएर लाटाले पापा हेरे झैं गतिहीन दशामा उभिएका छन्। ओर्लन चाहने करुण जात्रू र चढ्न चाहने त्रस्त जात्रूमा कसरी विरेचन भइटोपल्यो भन्ने मलाई थाहा छैन, तर बस निकै बेर अगति परेर बल्लतल्ल गतिमान हुन्छ।

अघिभन्दा अहिले ठाउँको सकस झन बढेको छ। नैयायिकहरूको 'कार्य-कारणवाद' का सहायताले म अड्कल काट्छु— जहाँ धूवाँ त्यहाँ आगो झैं जहाँ चाप त्यहाँ भीड। बढेको चाप (कार्य) बढेको भीड (कारण) ले नै हो भन्ने म ठेगान गर्छु। अब मेरो आँखा आफू झैं सीटच्युत भएर अभिशप्त भावले उभिनेहरूतर्फ जान्छ। सबै बराहरू दुई हातले रेलिङ अँठ्याएर झुण्डिएका छन्। मलाई लाग्छ उभिने जति जम्मै क्राइस्ट हुन्— जीजस क्राइस्ट ! सबै नै क्रसमा झुण्ड्याइएका जस्ता देखिन्छन्— हात रेलिङमा जक्खिएको, खुट्टा बसको प्यासेजमा जडान गरिएको र जीउ भीडले बाँधेको।

कालीमाटीमा फनक्क बस घुम्दा मेरो टाउकामा भूइँचालो जान्छ। कसैको मापा हातले अर्घेलो गरेर मेरो टोपीलाई साबिक ठाउँबाट उभिण्ड्याइदिएको हुन्छ। फलस्वरूप यत्नपूर्वक कब्जामा राखेका मेरा ठाडा र छाडा कपाल शम्भुप्रसाद ढुंगेलका दुष्यन्त झैं पारसी ठेटर पारामा अति नै इतरिन थाल्छन्। त्यसरी टोपीरहित हुनुपर्दा मलाई आफ्नो अस्तित्व नै मेटिएको जस्तो लाग्छ। टोपी खोज्न म आफ्ना गिद्धे आँखालाई यताउति दगुराउँछु, तर त्यसको सुराक कतै पनि पाउँदिनँ। कुन्नि कसका चरणारविन्दमा छाँद हालेर "शरणको मरण जनिगर" भनिरहेको होला, बरा !

चक्रपथको पुल तरेर बसले अंग्रेजी अच्छेर 'एस' को आकार साकार पार्दा एक्कासि मेरो देब्रे खुट्टामा क्राइस्टको खुट्टामा झैं कीलो ठोकिन आउँछ। म अतालिन्छु, कालोनीलो हुन्छु र आफ्नो खुट्टालाई फुत्काउन भरमग्दूर गर्छु। गजेन्द्र झैं मैले पनि आफ्नी आमाका लाम्टाबाट त्यति दूध नै चुसेको रहिनछु जतिले मेरो खुट्टा ग्राहमुक्त हुन सकोस्। छेउमा उभिएका सज्जनको तीखो हिलको मुड्के जुत्ताले मेरो खुट्टा थिचेको थिच्यै हुन्छ—मुक्तिका निम्ति गरुड दौडाएर आउनु आजको महँगीमा विष्णुलाई पनि के गरी पोसाओस् !

मेरो मुक्ति हुन्छ कीर्तिपुरको अन्तिम बस स्टपमा, जहाँ सबै अभिशप्त जात्रूहरू अभिशापको त्यस खोरलाई छाडेर मुक्त हुन्छन्। म पनि घाउ झैं दुख्न थालेका आफ्ना हातखुट्टा मुम्सुम्याउँदै बसबाट बाहिर निस्कन्छु र सिरिरिरं चलेको बतासमा लामालामा जुल्फी उडाउँदै कक्षातिर लाग्छु।

□

: ३१ :

पौडिन चाहन्छु आफैं भित्रको लहरसित

पुष्कर लोहनी

●

मनमा खुलदुली पैदा हुन्छ। एक किसिमको डर, डर भित्र गुम्सेको न्यानो आलिगन।

सधैं चाहन्छु—यस्तै। यस्तै अवस्था।

"आज किन लाज माने जस्तो ? के भयो हैं ? भनन। मसित पनि लाज मान्ने लाज लाग्दैन ?"

मधुर मुस्कानलाई ओठले च्याप्न खोज्दा पनि फुस्किएको। अचेतन मनबाट मान्छे सधैं स्वतन्त्र हुन्छ। अझ स्वतन्त्र भएर ऊ सबैको सामु नांगै हुन्छ। त्यही सत्य हो। प्रेम पनि त्यही नै हो नि ? कति सांग्रो भएर मानिसले आफूलाई लुकाउँछ। लुकाउँदा पनि नलुकिने उसका अनुहारले त उसलाई जिल्याइदिइहाल्छ।

कता कताबाट आवाज आउँछ :

"म हुन्छु तिम्रो मन्दिरको पुजारी"

किट्स मरिसक्यो। उसको तातो र न्यानो स्पर्शले समातेको शब्दले उसलाई जिउँदो पारिरहेछ। अझ प्रत्येक युवक र युवतीलाई एकै गाँठोमा अल्झाइदिइरहेछ कहिल्यै पनि नमर्ने गरेर।

वासनात्मक प्रेम+रोमान्टिक प्रेम+प्लेटोनिक प्रेम=मानिस। अब मानिसलाई के भन्ने ? यही प्रश्न आउँछ। स्वास्नीमान्छे कि लोग्नेमान्छे।

सलबलाइरहेको कपाल देखेर मात लाग्छ। चंचले रसिलो आँखा भित्र डुबुल्की मार्न मन लाग्छ। सिंगै जाँघ देखेर शरीर नै ठींगो भएर दरो हुन थाल्छ। अनि कालिदास सहन सक्तैन। प्याच्च भनिदिन्छ,—'ज्ञातस्वादो विवृतजघनां को विहातुं समर्थः !'

सायद म त यौटा पुरुष। खै कोमलता ? सधैं दुलो खोजिरहन्छु भित्र घुसारेर आफूलाई त्यसैमा बिलाउन चाहन्छु। किन तात्तिएर आउँछ सम्पूर्ण शरीर ? केही बुझ्दिनँ। बुझिन्न पनि यस विशाल सृष्टिको गहिराइलाई।

केही पनि होइन मानिस।
हो केही क्षणको लागि प्राप्ति।
प्रवाह यौटा।
सिंगै संसार।

चिठी टेबल माथि देख्छु। उत्तेजना बढ्छ। सायद कुनै केटीको हस्ताक्षर। कत्रो आतुर। प्रेम बढ्छ। मनलाई बलियो पार्छु। यसो चिठी खोल्न लाग्दा श्रीमती आऊँछिन्। झसंग भएको मन। एकतिर घृणा जो हातमा परिसकेको छ अर्कोतिर आकांक्षा जो आफूबाट धेरै नै टाढा। कुनै मापदण्ड छैन प्रेमको। प्रेम भावुकतामा जन्मन्छ, भावुकतामै हुर्कन्छ अनि बिस्तारै सेलाउँदै मृत्युमा गएर मिसिन्छ। वास्तवमा नपाउन्जेलसम्म मात्र त्यस चीजमा प्रेम हुँदो रहेछ। पाइसकेपछि त्यसको गरमी स्वाभाविक तरीकाले खेलाउँदो रहेछ।

"अर्केको पो माया हुँदो रहेछ। बूढीको त कसले माया गर्दो रहेछ र ? खूब कस्सिएको तरूनी पट्टी होली होइन ?"

मानिसको धारणा नै बनिसकेको छ। प्रेम भन्ने बित्तिकै तरूनी केटीको तस्वीर आँखा अगाडि आउने। अझ चोखी भरखर कसैले छुँदै नछोएकी आकर्षक आइमाइ। के बूढीसित प्रेम हुन सक्तैन र ?

एक बाजी दुई तीन बच्चा पाइसकेकी आइमाईलाई सम्झन पुग्छु। अझ आफूले थिलथिलो पारेर नंग्याएको अनुहार र शरीरको स्पर्श दौडन थाल्छ।

"कस्ती रहिछे त ?"

"के कुरा गरेको ? मैले बुझिनँ।"

"किन बुझ्नुपर्‍यो र। राम्री छे होइन ? मजा हुँदो रहेछ त्यससित ?" प्रश्न माथि प्रश्न थुप्रिंदै जान्छन्।

यौटी केटी आउँछे कोठामा। मेक अप र वेशभूषाको ढंग नै अर्को। सम्पूर्ण जस्तै नांगो शरीर।

आकर्षण।

हेरिरहन्छु एकनाससित। के हेर्दैमा त्यस माथि नै प्रेम गरेको हो त ?

प्रेम सबैसित। स्वास्नीमान्छे लोग्नेमान्छे दुवैसित। अझ बूढा र बूढीसित पनि। अवस्थाको प्रवाहसँगै प्रेमको पनि तह हुँदो रहेछ। कहिले कहीं आफैसित पनि प्रेम गरिंदो रहेछ थाहै नपाइँदो गरेर।

उमेर र लिंगको भेदभाव पनि हटेर जांदो रहेछ। बल्ल पो थाहा पाइयो। थिचेको मान्यता र नियमसित प्रेम भए तापनि कहिले कहीं त्यसलाई लत्याएर अर्के दिशातिर लागेर प्रेम गर्न मन लाग्दो रहेछ।

"तिमी त पशुले गरे जस्तै गर्दा रहेछौ।"

"ए, कसरी थाहा पायौ ?"

"तिमी मसित प्रेम गर्दा रहेनछौ।"

"हो नि, तिमीसित हो र ? बल्ल अहिले बुझ्यौ ?"

बेसरी थिचेर अठ्याउँदा पनि ऊ केही भन्दिन। अझ बेसरी टोक्दा पनि ऊ कति आनन्दसित कपाल सुमसुम्याउँछे। नांगो शरीरलाई थपथपाएर कोमल हातले सबै थोक तहलाउँछे। पशु जस्तो कठोर व्यवहार गर्दा पनि प्रेम भाग्दो रहेनछ।

"ऊ त भागी।"

"हो; किन हँ ?"

"उसलाई खालि प्रेम मात्र गरेकोले रे।"

"तिमी पनि भाग्छचौ कि ?"

"अहँ, म त भाग्दिनँ। तिमी त मलाई प्रेम मात्र गर्दैनौ।"

"मैंले अरू के गरें र ?"

"भैंगो, फेरि तिमी मबाट पर भाग्छौ।"

केही बुझ्दिनँ।

प्रेमको व्याख्या गर्न नै गाह्रो। के हो प्रेम ? वास्तवमा प्रेम के हो मैले त अहिलेसम्म बुझ्न सकेको छैनँ। राम्रो व्यवहार र कुराकानी गर्नु नै प्रेम हो कि कुनै ठिटीसित गफ गर्दै हिंड्नु नै प्रेम हो कि ? आंखा जुध्ने बित्तिकै प्रेम, हांस्यो

कि प्रेम, झन एक्लै कोठामा बसे पछि त प्रेम पराकाष्ठामा पुगिहाल्यो। यही नै हो त प्रेम ? सोध्न मन लाग्छ तर आफैंलाई डर लाग्छ कसैले आफूलाई केटाकेटी भनिदिने हो कि भनेर।

प्रेमको उपलब्धि नै के हो ?

प्रेम नै ईश्वर-ईश्वर नै प्रेमको मूर्ति।

प्रेम यहाँ पर्याप्त छैन भन्ने रिमाल अफ कराउँछन्:

''प्रेम गर्नु सट्टा अब गर्भदान दिन्छु !''

गर्भाशय भित्र शुक्रकीट प्रवेश गराउन खोज्ने आकांक्षा बिस्तार बिस्तार आफूबाट अलग वस्तुलाई प्रेम गर्न पुग्छ।

उन्मत्त भैरव त्यसैले जिउँदो भएर सबैलाई प्रेम गर्न सिकाइरहेछ।

बच्चालाई आमा दूध चुसाउँछे प्रेमपूर्वक। यौटी आइमाई प्रेमपूर्वक प्रदर्शन गर्छे आफूलाई कसैले चुसिदिओस् भनेर। छोराको चाहना सबैलाई किन ? आफ्नो अंश स्वरूप प्रेम गर्छन् बाबु आमाले छोरा र छोरीलाई त्यस्तै बाबु बाजेको बिंडो थाम्न एक अर्का माथि प्रेम गरेर सबैले सबैलाई धोका दिइरहेका छन्। आखिरमा प्रेम संभोगमा गएर टुंगिन्छ। होइन त ? कसैले प्रेमलाई अलग्याएर स्वतन्त्र भएर त्राँझो रहन सक्छ र !

मिनीफ्रक र बेलबटम पेन्ट भित्र लुकेको रहस्य। कति सभ्य बन्न खोज्छन् आजका युगका एडमर ईभहरू।

कति धोका

कति रहस्य

धोका र रहस्य भित्र पनि प्रेम

मर्न नसकेको प्रेम सबैको अनुहार चाहार्दै केही खोज्न थाल्छ।

आफूले त प्रेम गर्न पनि जानेको छैनँ। आफैंलाई कसैले प्रेम गरिदिए नै पर्याप्त हुने थियो। यसले प्रेम गर्न जानेको छ भनेर बुझिदिने कोही भए उनीहरूलाई इज्जत साथ र भने जस्तै तृप्त पारिदिने थिएँ। बाहिरि अनुहार हेरेर जे जस्तो ठाने पनि भित्र हृदयमा त पशुत्वले नै मलाई थिचिरहेको छ।

डी. एच. लरेन्स्को आवाजलाई प्रेम गर्न पुग्छु। कति राम्रोसित सत्य कुरा उसले भन्न सकेको :

''तिमी बोलाहट भए म जबाफ हुँ,

तिमी इच्छा भए म पूर्ति हुँ,

तिमी रात भए म दिन हुँ"

तातो उच्छ्वास लिएर प्रेमलाई पराकाष्ठामा पुऱ्याउने रहर यौटा लहर म भित्र पनि चल्न थाल्छ ।

शान्त र गम्भीर मुद्रामा सबैलाई धोका दिएर ।

म त मान्छे ।

मान्छेको तातो श्वास भित्र पौडिन चाहन्छु ।

शायद प्रेमको सुरूवात सृष्टि गर्नु हो र सृष्टि प्रेम गरेर नै अन्त्यमा पुग्छ ।

□

: ३२ :

प्रेम

कुमारबहादुर जोशी

●

प्रेम मेरा पिताको नाम हो, किनभने यस जगत्मा मेरो जन्म प्रेमबाटै भएको छ। जन्मेपछि संसार सूनसान मसान जस्तो लागेर हो वा कोलाहलपूर्ण रणसंग्रामको घोरघमासान जस्तो लागेर हो म डरले कराएँ—रोएँ। अनि त्यस बेला मलाई काख लिई आश्रय दिई दूध पियाउने को होला भन्ने लागेको थियो। आखिर त्यो यही रहेछ प्रेम !

मानिसको मन सदा सर्वदा माथि माथि जान खोज्दो रहेछ। म पनि एक पल्ट मात्र होइन, सयौं पल्ट भैसक्यो एक वाजि माथि जाऊँन त भनी उफ्रन खोज्छु। तर पृथिवीको प्रेमले फेरि तानिहाल्ने ! केही सीप लागेन र अहिलेसम्म पनि बसेको बस्यै छु, कहीं कतै जान सकेको छैनँ। अब त बस्दा उठ्दा उनकै समेत माया मोह लाग्न थालिसक्यो। अब त यस्ती प्रेम गर्नेलाई त्यागी कतै नजाऊँ,

जानु पनि नपरोस्, सधैं साथै रहन पाइयोस् जस्तो लागिसक्यो। यसरी प्रेमबाट माया र मोह बिउँझेर आउने रहेछ।

यही प्रेमले राजमहलका सम्पूर्ण सुख सयल सदाको लागि त्यागेर हिंड्ने निधो गरी हिंड्न ठीक परेका भावी बुद्ध सिद्धार्थलाई त्यो आधारातको रखवाला दीपकको सामुन्ने सुतेकी आफ्नी प्रियतमा र पुत्रको सुकुमार मुहारतिर एक पल्ट फर्केर अन्तिम अवलोकन गर्न लगाएथ्यो रे! यसरी आफ्नो जहान, परिवार, राज्य, राज्यासन, भाइ, भारदार, सारा प्रतिको प्रेम संबन्ध चुंडालें भनेर परदेश लागेका सिद्धार्थलाई सुद्द अखिरमा आई फेरि विश्वप्रेम गर्न सिकाइछोड्यो। प्रेम, तैंले त्यस्ता बुद्धलाई समेत आफ्नो बन्धन बाहिर जान दिन्नस् भने संसारका अरू साधारण प्राणोलाई आफ्नो सीमा उछिन्न किन दिन्थिस् र!

कोही भन्लान्—रत्नाकर जस्ता डरलाग्दा ज्यानमारा डाकूहरू प्रेमको बन्धनमा छैनन्। तर होइन, उनीहरूलाई त्यस्तो भयंकर काम गर्न लगाएकै यही प्रेमले हो। नपत्याए एक पल्ट उनीहरूको घर गै हेर्नुहोस् त, उनका जहान, छोराछोरीहरू उनीहरूको प्रेम पाएर बाँचिरहेका हुन्छन्।

भीमसेन थापाले जेलमा आफूलाई सुद्द प्रेम गरेनन् आत्महत्या गरे भने संसारको उनले के प्रेम गर्थे? त्यस्ता व्यक्ति त अवश्यै प्रेमको बन्धन बाहिर रहेछन् भन्ने पनि शंका नगर्नुहोला। किनभने भीमसेन थापा र उनीजस्ता जसकसले पनि आफ्नो अमर इज्जतप्रति प्रेम राख्ता मर्ने ज्यानप्रतिको मान रहेन, त्यतिमात्रै हो। उनीहरू प्रेमको बन्धन बाहिर होइन, किन्तु प्रेमको गहिरो गहिराइभित्रका हुन्।

राजा अशोकले पहिले आफ्नो राज्यप्रति प्रेम राखी भीषण युद्ध मच्चाए। पछि उनको त्यो प्रेम मानवीयतामा परिणत भयो। उनी बुद्धका शिष्य बनेर विश्वप्रेमतर्फ लम्के।

धर्मप्रति प्रेम राख्ने युधिष्ठिर धर्मात्मा बने, सत्यप्रति प्रेम राख्ने हरिश्चन्द्र सत्यहरिश्चन्द्र बने, ज्ञानप्रति प्रेम राख्ने राजा जनक ज्ञानी बने, अहिंसाको महातम्यप्रति प्रेम राख्ने गान्धी महात्मा बने, कविताप्रति प्रेम गर्ने रवीन्द्र कवीन्द्र बने; त्यस्तै अब लेख प्रति प्रेम गर्ने लेखक बन्छन्, शक्तिप्रति प्रेम गर्ने शक्तिशाली बन्छन्, भक्तिप्रति प्रेम गर्ने भक्त बन्छन्, नीति र नेतृत्वप्रति प्रेम गर्ने नैतिक नेता बन्छन्, धनप्रति प्रेम गर्ने धनवान् र विद्याप्रति प्रेम गर्ने विद्यावान् बन्छन्। त्यसैले तपाईं प्रेम गर्दा प्रेम खूब नापी, तौली, जोखी मात्र गर्नुहोस्, किनभने यसले तपाईंलाई जे जस्तो पनि बनाइदिन सक्तछ।

सपना र जपना, कल्पना र तड्पना, प्यास र आश, माया र मोह, स्नेह

र सौहार्द इत्यादि सम्पूर्ण प्रेममै पलाउने पालुवाहरू हुन् । जस्तो बीउमा पहिले केही देखिंदैन, तर समय पाएर बढ्न थालेपछि उसमा विशाल विस्तृत वृक्ष एवं नाना थरिका हाँगाविगा, फूल र फलहरू देखिन थाल्दछन्, ठीक उस्तै प्रेम पनि अन्तर्मनका समस्त भावहरूलाई अँगाल्न सक्ने एक बीउ हो, जसमा मौका मिलेमा श्रद्धा, भक्ति, भावना, कामना, बन्दना, सम्झना, करुणा, वेदना, अर्चना इत्यादि अनगन्ती हार्दिक भावहरू देखा पर्न थाल्दछन् ।

विरह, व्यथा, आकुलता, व्याकुलता, विकलता, विह्वलता, संकल्प, विकल्प, आलाप, प्रलाप, विलाप, संलाप, उत्सुकता, इच्छुकता, सरसता, सुन्दरता, मधुरता, इत्यादि सबै प्रेमकै लक्षण तथा अङ्ग-प्रत्यङ्गहरू हुन् । राजा दुष्यन्तको सम्झनामा संलग्न शकुन्तलाको मन आफ्नो कर्म संकल्प-विकल्पमा या प्रियतमको वियोगजन्य विरह व्यथामा तल्लीन भएको हुँदा उनले आफू बसेकै कुटीमा आएका दुर्वासा ऋषिलाई नै न देखिन्, न त उनको श्राप नै सुनिन् ! त्यस वेला शकुन्तला योग वा प्रेमको समाधिमा थिइन् । किनभने त्यस वेला उनले आफ्नो समस्त चित्तवृत्तिलाई अरू विषयवस्तुबाट रोकी प्रेमकै एकतामा मिलाएकी थिइन् । यसरी प्रेममा समाधि समेत हुँदो रहेछ भने अरू के हुन्छ के हुँदैन केही भन्न सकिन्न । त्यस्तै सम्झनोस्, पागलपन पनि प्रेमकै परिचायक हुन सक्दछ ।

आफूभन्दा मान्यजन प्रतिको प्रेमलाई हामी श्रद्धा, भक्ति इत्यादि संज्ञा दिन्छौं त आफूभन्दा साना भाइ बहिनी प्रतिको प्रेमलाई स्नेह, वात्सल्य आदि भन्दछौं । आफू सरहका साथीहरू प्रतिको प्रेमलाई मित्रता, मेलमिलाप आदि भन्दछौं तर साधारण बोलीमा यसलाई माया, मोह र ममता इत्यादि भन्दछौं । आखिर यी सबै प्रेमकै अवस्था विशेषका नाम हुन् ।

वास्तवमा संसारका जुनसुकै किसिमका प्राणीलाई पनि कुनै विषय प्रतिको केही बोध भएपछि त्यस विषयमा या त उसको राग हुन्छ या त द्वेष । राग भएमा त्यसबाट प्रेम पैदा हुन्छ र त्यस वस्तुको प्राप्तिको खातिर उसको प्रवृत्ति हुन्छ । अनि त्यस विषयमा उसको द्वेष छ भने त्यसबाट असूया र घृणा उत्पन्न हुन्छ र ऊ त्यसमा लाग्दैन, त्यसलाई उसले त्यागिदिन्छ । यसबाट के थाहा हुन्छ भने प्रेम रागपक्षको एक आन्तरिक भाव हो र यसले प्रवृत्ति पनि गराउँछ । यसरी प्रेम आन्तरिक भाव भएको हुँदा यसलाई आन्तरिक इन्द्रियद्वारा नै जान्न सकिन्छ, वाहिरी इन्द्रियहरूद्वारा यसलाई देख्न, छुन, सुँघ्न इत्यादि केही गर्न सकिन्न ।

साँच्चै भनौं भने प्रेमले प्राण लिन्छ र प्राण दिन्छ पनि । सम्झनोस्, एकतिरबाट कसैले केही लिन्छ भने त्यो अर्कोतिर लगी कसैलाई उसले दिन्छ दिन्छ । किनभने लिनु दिनलाई हो र दिनु लिनलाई हो । पतिव्रता सतीदेवीको प्राण उनकै

पतिप्रतिको प्रेमले लियो र उनी यज्ञकुण्डमा हाम्फालिन्। अनि उनको यही पति-प्रेमले उनलाई पुनः प्राण दियो, उनी फेरि पतिव्रता पार्वती भै जन्मिन्। यतिमात्र होइन, हामी सारालाई आजसम्म पालिराखेको पनि प्रेमले नै हो। अब भन्नुहोस् त यसरी सृष्टि, स्थिति र संहार गर्न सक्ने प्रेम ब्रह्मा, विष्णु र महेश्वरको एक संयुक्त स्वरूप होइन र !

प्रेम कसमा छैन ! ऊ त्यो टुकुचाको पुल मुन्तिर मिल्काइएको नवजात शिशु जसको कवि, कलाकार, लेखक, वैज्ञानिक एवं राष्ट्रको कर्णधार पनि बन्न सक्ने भाग्यरेखा केरमेट गरी मेटियो, त्यस्ताकी निर्दयी जननीमा पनि कुनै न कुनै रूपमा यो रहेकै हुन्छ साँच्चिनै हो, यस संसारमा निर्दयीको लागि कुनै काम पनि असाध्य हुँदो रहेन छ। सम्झनोस् त्यस्ती जननीले आपनो जीवनले जीवन प्रति प्रेम राखिन्, जीवन ज्योतिप्रति होइन।

प्रायशः प्रेमको प्रारम्भ पहिले आँखाबाट हुन्छ। किनभने संसारको सौन्दर्यका साथ आँखाको अत्यधिक घनिष्ठता छ। साथै सौन्दर्य आँखाको लागि र आँखा सौन्दर्यको लागि पनि हो। यसको अतिरिक्त कसैको गुण-गौरव, कला-कौशल, शूरता-वीरता, धीरता-निपुणता आदि सुन्ने कानको तर्फबाट पनि प्रेम पैदा हुन सक्दछ। यसैले प्रेमको प्रारम्भिक अवस्थामा आँखा र कानको पहिलो हात रहन्छ र अरू इन्द्रियहरू चाहिं यिनका सहायकको रूपमा आउँछन्।

कुनै प्रेम क्षणिक हुन्छ। यस्तो क्षणिक प्रेम आफ्नो क्षण सक्किएपछि आफू पनि सकिन्छ। कुनै प्रेम सामयिक हुन्छ। यो कुनै समयसम्म रहन्छ : वर्षाको बाढी जस्तै बर्सात सम्मन् रहन्छ। अनि हिउँद लागेपछि वर्षा बिलाएजस्तै त्यस्तो सामयिक प्रेम पनि आफ्नो समय सकिएपछि सकिन्छ। कुनै प्रेम चाहिं जीवनदायी र जीवन-स्थायी हुन्छ। यो चाहिं यी सबैमध्ये उत्तम र आदर्श खालको हो र यो प्रेमी प्रेमिकाको जीवनभर पारस्परिक जीवनलाई जगाई स्वयं समेत जागा रहन्छ। यसलाई जीवन-दीप सम्झनोस्, यो जीवन भर कसै पनि निम्दैन।

प्रेम अनेक किसिमका हुन्छन्—तनको प्रेम, मनको प्रेम, धनको प्रेम, जनको प्रेम एवं बुद्धि-प्रेम, सिद्धि-प्रेम, ऋद्धि-प्रेम, वृद्धि-प्रेम इत्यादि। अवस्थाभेदले पनि प्रेमको भेद हुन नक्दछ। जस्तो, बाल्य प्रेम बालककालमै रहन्छ, यौवन प्रेम युवावस्थामै मात्र र वार्द्धक्य-प्रेम बृद्धावस्थामै मात्र रहन्छ।

संसारप्रसिद्ध साहित्यकार शेक्सपियरका शब्दमा 'सत्य-प्रेम' मा प्रेम यस तबरले परिमार्जित बन्न खोजेको छ—":प्रेम एक निश्चित रेखा हो जो कहिल्यै मेटिन्न। प्रेम अनन्तको त्यो चहकिलो चहक हो जो अत्यन्तै सुदूर र सुन्दर छ भन्ने-मात्र ज्ञान हुन्छ। त्यो प्रेम होइन जो कुनैपनि परिवर्तनमा परिवर्तित बन्दछ।"

नेपालका सुप्रसिद्ध साहित्यकार समले आफ्नो 'प्रेमपिण्ड' मा प्रेममा यसरी प्राण पैदा गर्ने प्रयास गरेको देखिन्छ—"प्रेममा नै ऊँचनीचको भेदभाव हराउँछ, प्रेममा नै काम बिलाउँछ, क्रोध भस्म हुन्छ, लोभ मर्छ, मोह विनाश हुन्छ, मद बन्द हुन्छ, मात्सर्य चूर्ण हुन्छ। प्रेम त त्यो हो जसले छुनासाथ अन्धकार जुनिलो हुन्छ, रात दिन हुन्छ, साँझ विहान हुन्छ, नरक स्वर्ग हुन्छ, अपराध सत्कार्य हुन्छ!"

वास्तवमा भनौं भने प्रेमको कुनै परिभाषै छैन। हुन सक्दछ, तत्तत् प्रेमको तत्तत् परिभाषा : तर तात्विक, वास्तविक अर्थात् यथार्थ प्रेम अपरिच्छिन्न, अपरिमेय, अपरिभाषित सदा प्रकाशित, अनन्त, अगाध, अपार, नित्य, शुद्ध, बुद्ध, मुक्त स्थितिको हुन्छ। त्यस्तो सत्य सनातन स्थितिमा पुग्ने उज्ज्वल उद्देश्य भगवान् बुद्ध जस्ताको हुन्छ, महर्षि बाल्मीकि, जस्ताको हुन्छ या त राजर्षि जनक जस्ताको हुन्छ।

□

: ३२ :

पोइल गएकी स्वास्नीको छोरासँग

रामलाल अधिकारी

●

छोरो ! अँ, तँ छोरो होस् । तँ छोरो होस् जन्म जन्मान्तरमा कहिल्यै पोइल जान नसक्ने । तँ छोरो होस् पोइल नगई आफ्नू सतीत्व र पतिव्रता जोगाइराख्ने ! त्यसैले र केवल त्यसैको आधारमा आज तँलाई म हिमालको मुकुट र घाम जूनको जयमाला पहिराइदिँदै भन्छु—छोरो तँ जन्मजन्मातर कुनै पल्ट स्त्री भएर जन्मिइस् भने पनि पोइल चाहिँ कहिल्यै नजा ।

तँ के बुझ्लास् र निर्बोध शिशु तेरा पिताका व्यथाहरू ! हामीसँग एउटै खाटमा सँगै सुतेकी तेरी आमा राति छक्याएर पोइल हिँडिछे । त्यतिखेरसम्म म पनि तँ जस्तै अबोध थिएँ । तेरी आमा सदा झैं नै बाहिर बस्ने निहुँले निस्किइहोली सायद । तेरी आमा हाम्रो निँद बिग्रिएला भनी बत्ती पनि नबाली अँध्यारामै छाम-छाम छुमछुम गर्दै घर बाहिर निस्किइहोली सायद ! उसले बाहिर निस्कनुभन्दा पहिले बत्ती बालेकी भए पनि हामी पिता-पुत्र अंकमाल गरी मस्त निदाएको शान्त र

आनन्दी, शिशु सुलभ अबोध टीठलाग्दो मुख मुद्रा देखेकी भए पनि हामीलाई लत्याएर जान सक्तिन थिई त्यसरी सायद। तर हाम्रो गाउँ बस्तीको निस्तब्धतापूर्ण शूनशान रातमा परपुरुषप्राप्तिको आनन्दमा आकर्षित र विमोहित भई आफ्ना शक्तिशाली निर्मम पाइला ढुङ्गेनी गल्छिडाहरूमा सार्दै लैजान उसले आकाशका ताराहरूलाई मात्र ज्योति मागिछे। ताराले प्रवल अभिलाषा र कामना औ दृढ उद्देश्य प्राप्तिका निम्ति उसलाई राँको दिएछन्। हेर् छोरा, अर्काको घर भाँड्ने ती ताराहरूलाई हामी शराप दिऔं—स्वर्गको पुण्य क्षीण भएर ती ताराहरू कुनै दिन मानिस भएर पृथ्वीमा जन्मेछन् भने तिनले पोइल जाने स्वास्नीका लोग्ने हुनुपरोस्!

छोरा! आज मेरो पुरुषत्व र पतित्वको अहंमा ठूलो आघात परेको छ। मेरो पुंसत्वको अभिमान चूर्ण विचूर्ण भएको छ। म कसरी आफ्नै छोरालाई भनूं मलाई के के भएको छ। मैले आफ्नू परिवारको भरण पोषणमा दिनरातको पसीना बहाइमा आनन्द पाएथें र पसीना बहाइ पश्चात् शरीर हलौं भएको म अनुभव गर्थें। मैले गधाले झैं निर्विरोध समस्याका भारी वोकिरहें; घोडाले झैं समाजले मेरा मुखमा कोचारिदिएको लगाम नहिनहिनाई सहिरहें। मैले आफ्नू आयु उमेर र आफ्ना शौक खायसहरू बजारमा बेचेर तिनका सट्टा दुई छाक खानेकुरो घर ल्याउने गर्थें। तेरी आमाले भाग लाइदिएको मीठो खानेकुरा बालकहरूले माटाको भात तिहुन खेल्दा खाएको नक्कल गरी खान्थें र फ्याँकेको जस्तो गर्दा पनि मेरा कुमतिरबाट पछिल्तिर तिमीहरूकै भागमा पर्ने गरी खसालिदिन्थें। मैले तिमीहरूलाई नै सन्तुष्ट र खुशी राख्नलाई पाप गरें, पुण्य गरें, तीर्थ व्रत दान धर्म सबै गरें। तर आज ती सबै कहाँ गए?

तँ अबोध शिशु! म रोएको देख्दा पनि तँ आज हाँसिरहेछस्। म हाँसे पनि तँ हाँस्नै मात्र जान्दछस्। छोरा, तँ कहिले ठूलो भइसक्छस् र मेरा वेदनाको सहभागी बन्लास्! होइन होइन तँ हाँस्न मात्रै जाग्ने भएर बढ्! तँ बरु बौलाहाहरू झैं नै एकोहोरो हाँस् तरैपनि तँ हाँस् मात्रै तैंले रुन नजानेस् र रुनु नपरोस् पनि।

तँ बढिसकेर ठूलो भएपछि अहिलेका सबै घटनाहरू थाहा भइसकेर मलाई उपहास गर्लास्—एउटी आइमाईले छोड्दा बौलाउन खोज्दै रुने मान्छे। अपहत्ये गर्न खोज्ने मान्छे, पुरुषको नाममा कलंक! तर तँ भन् न त म नरोएर के गरूँ? म भन्दा धेरै पछि जन्मिएको तँ के जान्लास् र म तेरी आमालाई तँलाई जस्तै कति माया गर्थें। म उसका निम्ति कति हुरुक्क हुन्थें। तर सट्टामा ऊ भने, भनि रहन्थी—तिमी मलाई कहिल्यै साँचो माया गर्दैनौ, तिमी स्वार्थी छौ, तिमी मलाई स्वार्थी माया गर्छौ।

हो तँ बढ्छस्—एक दिन तँपनि मजस्तै ठूलो हुनेछस् तर तँ आमाविहीन ठूलो हुनेछस् म अब स्त्रीविहिन भए जस्तै । आमा हुने मान्छे ठूलो हुँदाको आनन्द तँ अनुभव गर्न सक्ने छैनस् । तँ के जान्लास् र युवक भए पछि पनि वृद्धा माताले ओढ पस्दा र काखलिदाको आनन्द । तँ के जान्लास् र आमाले पुलपुल्याऊँदाको लाडे आन्द । तँ जान्न पाउने छैनस् आमाले पोल्टामा लुकाइराखेका उनले रत्न भनिठानेका वस्तुहरू आफूलाई सुम्पेर खन्याइदिदाको रोमाञ्चित आनन्दानुभूति ।

भविष्यमा कैयौं पल्ट छोरा, मातृविहीनताका विषालु काँढाहरू मैले दिएको सम्पूर्ण पितृप्रेमको आह्लिस गरी के के अभावका रूप लिई तँलाई कोर्न र चिथोर्न तेरा सामु आउनेछन् । तँलाई त्यस वेला मातृविहीनताको खल्लो अनुभवले जोगाएर नछोई राख्नेछैन । त्यस वेला छोरा ! त्यस वेला तँ के गर्छस् ? के गर्छस् होला र ? म अनुमान गर्छु—तँ त्यही गर्नेछस् टुहुराहरूले जे जे गरेका छन् । तँ यसरी टुहुरो भइदिएको छस् जसबाट लाखौं प्रयत्न गरेर पनि म तँलाई त्यो दैन्य घाम-पानीमा छाता ओढाएर ओताउने सक्तिनँ ।

किन हाँस्छस् छोरा ? नहाँस्, नहाँस् यो हाँस्ने कुरा नै होइन । मान्छेको भाषा बुझ्न जान्ने भइसकेको भए तँ यतिखेर के गर्नेथिइस् होला त्यो म केही अनुमान गर्न सक्तिनँ तैपनि अहिलेलाई यति भनिराख्छु—यो हाँस्ने विषय चाहिं अवश्य नै होइन ।

यो हाँस्ने विषय नभए पनि रुनु पनि नहुने परिस्थिति हो । म राम झैं स्वास्नी हरणमा रोएर पुरुषका नाममा अरू धेर नामर्दीपनको कलंक थोपर्न चाहन्नँ । म भीम बनूँ भने दुर्योधनका सभाबिच दिनकै उज्यालामा द्रौपदीको साडी फुकाल्न खोजिएको होइन ।

तँलाई कस्तो लाग्छ छोरा ? के तेरी आमाले टाढा पुगेर पनि हाम्रो सम्झना गर्दी हो ? यो घरमा अब हामी दुई प्राणी मात्रै रह्यौं त्यो बिचार्दा तेरी आमाके आँखामा जल भर्दी हो ? छोरा, अब तेरो मावल छैन । मावलमा तेरा हजुर बा हजुर आमा छैनन् । तँलाई दुगुर्न मावलको आँगन छैन । मावली खला र कुनियूँमा लुका-चोरी खेल्दै घर गाउँ थर्काउने हाँसो हाँस्ने तेरो अधिकार छैन । मसँग तँ रिसाएका दिन ठुस्किएर गएर बस्नलाई आमाको काख छैन ।

हुन सक्छ ज्ञान आए पछि तँ पनि मलाई एउटी स्वास्नीलाई सधाएर तैनातमा राख्न नसक्ने नामर्द ठान्लास् जसको हेलचेक्र्याइँका कारणले नै तँले मातृविहीन टुहुरो बाल्य जीवन बिताउनुपर्‍यो र मलाई सराप्लास् । तँ मेरो अपौरुषतालाई धिक्कार्लास् र थुक्लास् पनि । तँ संसार भरिका सती साध्वी स्त्रीलाई शंका र अविश्वासका घृणित आँखाले मात्रै हेर्ने बानी बसाल्लास् ठूलो भएपछि !

हेर् छोरा, यी सबै मर्माहत पीडा तँ अहिले बुझ्दैनस् । तँ अहिले यी भोग्न सक्तैनस् । म भोग्दैछु तर तेरा निम्ति पनि भोगिदिन चाहिँ म पनि ता सक्तिनँ । तँ जवान र ज्ञानी बनिसकेपछिलाई भोग्नका निम्ति यो पीडा अहिल्यैदेखि मैंले तेरै निम्ति साँचिदिइराखे जस्तै भो !

छोरा, तँ एकदिन जवान बन्लास् र एउटी सुन्दरी सुशीला युवतीलाई तँ प्रेम गर्न थाल्लास् । उनले पनि तँलाई मन पराउलिन् । त्यसै वेला नै तेरो वास्तविक सुन्दर संसारको सृष्टि हुन थालेको प्रथम दिन हुनेछ । तर···तर त्यो खुशीको खबर, एउटी तरुणी जीवन साथी बन्न तेरो जीवनसँग जोडिन आइरहेको हर्षपूर्ण खबर जब तँलाई आफ्ना घरमा सुनाउन मन लाग्छ त्यस वेला तैंले आमाको अभाव अनुभव गर्नेछस् । तेरो त्यो संदिग्धतापूर्ण सुसन्देश सुनिदिएर मेरो पनि एकान्त पारी मनाएर राय दिनलाई मनाउने मान्छे घरमा कोही हुँदैन त्यसै दिन तँलाई आमा नभएर शून्यता र अपूर्णताको बोध हुन थालेको प्रथम दिन हुनेछ ।

छोरा, यस्ता सब कटु अनुभवहरू भविष्यमा आफ्ना सन्तानलाई हुन नदिन ह्मामीले के गर्नुपर्ने हो त्यो तँ आफैंले पछि दुङ्गो लाउनेछस् । तर छोरा, यस्ता घात प्रतिघात सहँदा सहँदै मेरो एउटा तँलाई बिन्ति, आदेश, अनुरोध, प्रार्थना जे भन्छस् त्यो छ—तँ चाहिँ कहिल्यै पनि पोइल नगइदे ! तँ कहिल्यै पोइल नगइदे !

□

: ३४ :

श्रद्धाका पक्षमा

वासुदेव त्रिपाठी

●

श्रद्धा त्यो शब्द हो जसलाई मैले बालककालदेखि नै सुन्दै र अनुभव गर्दै आएको हुँ । कोही हैसियतका हिसाबले गरीब होला तर श्रद्धाले उसलाई पूर्णता दिन सक्छ । श्रद्धाले दिएको मीठो हुन्छ र मन पनि पर्छ, चीज बीज र सरजाम ज्यादा भए पनि त्यसभन्दा श्रद्धा नै ठूलो ठानिन्छ । तपाइं त्यहाँ जान मन पराउनु हुन्छ जहाँ तपाइं प्रति श्रद्धा गरिन्छ । गरीबकै घरमा पनि परम सन्तुष्टि प्राप्त हुन्छ यदि त्यहाँ श्रद्धा पस्किन्छ र बिछिन्छ भने । श्रद्धा मनको कुरो हो; सामान-सरजाम वस्तु मात्र हो । हामी अघाउँछौं श्रद्धाले; हामी तृप्त हुन्छौं श्रद्धाले । कसैकहाँ तपाईंलाई निम्त्याइएको छ, श्रद्धाले ग्रहण गरिदिनुहोस् र ऊ तृप्त हुन्छ । दिनु लिनु वा खानु खुवाउनु आफैंमा त्यति महत्त्वपूर्ण छैन, जति श्रद्धा महत्त्वपूर्ण छ । कसैकहाँ जानु र आउनु आफैंमा त्यति ठूलो कुरो होइन, जति ठूलो कुरो श्रद्धा होला । श्रद्धाले व्यक्तिलाई पूर्णता दिन्छ; श्रद्धाले घरलाई परिपूर्ण तुल्याउँछ र श्रद्धाले नै आवत-

जावत, दिनु लिनु र भेटघाटलाई परिपूर्णता प्रदान गर्दछ। वास्तवमा श्रद्धा कुनै पनि संस्कृतिको अभिन्न अङ्ग देखिन्छ, श्रद्धा वस्तुतः संस्कारसिद्ध हुन्छ। यसै संस्कारलाई 'प्रकट गर्दै अनेकौं पुराकथा वा 'मिथ' रचिएका छन् र प्रचलित छन्। शवरीका बयर र सुदामाका कनिकामा भौतिक मूल्य होला वा नहोला तर तिनमा दिने र लिनेको त्यो उच्चतम भावना मुछिएको अनुभव हुन्छ जसलाई श्रद्धाको संज्ञा दिइन्छ। त्यसैले श्रद्धा मनको धन हो र त्यो छैन भने मखमली सय्या पनि बिझाउँछ अनि मेवा मिष्ठान पनि तीतो लाग्छ। गगनचुम्बी भवन पनि रित्तो ठहर्ला यदि त्यहाँ श्रद्धाको रिक्तता छ भने; झुपडी पनि परिपूर्ण ठहर्ला यदि त्यसमा श्रद्धाको परिपूर्णता छ भने। तसर्थ वस्तु स्वयम् अमूल्य हुँदैन, त्यसमा श्रद्धाको व्याप्ति चाहिन्छ। श्रद्धा मनको निर्मल जल हो र त्यसले वस्तुलाई मूल्य प्रदान गर्दछ, श्रद्धा त्यो भाव हो जसले मान्छेलाई महत्त्वको चहक प्रदान गर्दछ। मैले बालकालदेखि नै 'श्रद्धा' भन्ने जुन लवज सुन्दै आएको हुँ सायद त्यसको कारण पनि यही हो, म हुर्कंदै र जीवनका सिंढी उक्लँदै जाँदा जुन कुरा हराउँदै जान लागे झैं अनुभव गर्दछु, संभवतः त्यो पनि मेरै यही चिरधन हो जसलाई श्रद्धा भनिन्छ।

जति म पढ्दै र कक्षा चढ्दै गएँ त्यति मैले के के बिर्से झैं अनुभव गर्दै आएको छु। जति जति म परपर हुँदै शहरका मुटुतिर ताक्तै छु, मैले केही चीज गुमाउँदै गएँ जस्तो मलाई अनुभव हुँदै आएको छ। जति जति म शयकडा र हजा-रका अङ्क व्यवहार समात्दै जाँदै छु त्यति त्यति मलाई 'एकाइ कै आधारभूत अङ्कस्तर' मबाट फुत्के झैं लाग्न खोज्दै छ। शायद पढाइ र पाण्डित्य वा उपाधि र विद्वत्ता भनेको त्यो वाग्जाल हो जहाँ मनुष्यको मूल पाठ बिर्सिने मन्द विष पिउनुपर्छ। सायद शहर र संपन्नताको रहर त्यो बाटो हो जहाँ क्रमशः मनको समृद्धि फ्याँकी फ्याँकी खबटा र खोसेल्टा जम्मा गर्ने दीर्घ-दीर्घ रोगको शिकार हुनुपर्छ। जब-जब मेरै बाल्यकालका मिर्मिरे स्मृतितिर फर्कन्छु; जीवनका तथा-कथित सिंढीपछिका अनन्त सिंढी चढ्ने भुलभुलैयामा मैले मेरो जीवनकै मूल पाठ बिर्सिसकें जस्तो लाग्छ जसको नाम श्रद्धा हो अनि मूलधन नै गुमाइसकें जस्तो प्रतीत हुन्छ र मेरो मनको त्यो मूलधन हो श्रद्धा।

आजकल म जहाँ रहन्छु र बस्छु, त्यस ठाउँको नाउँ हो अश्रद्धा। मेरो अधबैंसे उमेरले भोग्ने गरेको जुन वातावरण छ त्यसमा बहने हावामा श्रद्धाको निश्छल निर्मलता नभई द्वेष-विद्वेष र छल दम्भ व्याप्त छ र त्यसका विस्तारभर अश्रद्धाकी सर्पिणीका फणाबाट निक्लने विषाक्त निःश्वास मात्रै बहन्छ। खै! जीवन पनि अनौठै रहेछ, जहाँ पनि जसरी पनि जिउन सकिने जीवनलाई अनौठै त भन्नु-पर्‍यो। कहाँ त्यो शैशव जहाँ श्रद्धै श्रद्धाको संसार थियो, कहाँ यो अधबैंसे उमेर

जहाँ अश्रद्धै अश्रद्धाका श्वासहरूमा सासै फेर्न गाह्रो छ र पनि बाँचिएकै छ। महाकवि कालिदासका तपोवनवासीहरूले काजविशेषले शहर पस्नुपर्दा नुहाए पनि ननुहाए झैं र नुहाउँदा पनि तेल घसे झैं कस्तो कस्तो शरीर र मन दुवैको अप्ठचारो पनको अनुभव गरेको चित्रण देखिन्छ; परन्तु आजकलको र विक्रमको एक्काईसौं शताब्दीको म चाहिं केवल मनकै मात्र कठिनाइ भोग्दछु र त्यो पनि केवल कहिले काहीं। सम्भवतः अभ्यास सबभन्दा ठूलो कुरो हो र अनुकूलन मान्छेको सबभन्दा क्षमता हो; त्यसैले शारीरिक रूपमा म विषकृमि झैं अश्रद्धै अश्रद्धाको रापभित्र पनि बाँच्न सक्ने भइसकेको हुँला, परत्तु यो मन चाहिं अझ रतिएको रहेनछ र अझै क्लेशको अनुभव वेला बखत गर्दो रहेछ। मेरो बोलाइ, मेरो काम गराइ र मेरो बसाइ-उठाइ आभ्यासिक रूपमा यान्त्रित र जड भइस-केको मै अनुभव गर्दछु, तैपनि मनका मूलमा चाहिं म अझै बाँच्दै छु जस्तो लाग्छ र अश्रद्धाका क्लेशका साथै श्रद्धाका सजल तृष्णा जे जति बाँकी छन्, सम्भवतः तिनैमा म शेष छु अर्थात् मेरो मान्छे बाँकी छ होला।

श्रद्धा शीतल-समीर हो जीवनका द्यौरालीमा, भञ्ज्याङमा र चुली चुलीमा रहँदा जो अनुभव हुन्छ। अश्रद्धाका रापतापमा हामी जो बाँच्छौं त्यसमा चाहिं चिन्ताका खलखली पसीनाले न त सुत्नै सकिन्छ न त बिउँझनै सम्भव हुन्छ अनि न नीद न जागाको यो दाहदग्धिको जीवन बाँच्नुपर्ने अनुभव हुन्छ। मेरो बाल्यकाल श्रद्धाका माझ बित्यो, तपाईंको पनि र उसको पनि; त्यस बाल्यकालमा पत्यार थियो, विश्वास थियो र विश्वसनीयता व्याप्त थियो। कति दन्त्यकथामा सहजै विश्वास लाग्दथ्यो र कति मूल र आदर्शका उपर निश्छल श्रद्धा समेत त्यतिखेर थियो। तर हुर्कंदै आए पछि शङ्का र उपशङ्काका बीज उम्रन लागे, अनि संसार जान्दै आउँदा मूल्यहरूको ह्रास र आस्थाहरू उम्कने प्रकियासँगै अश्रद्धाको मन्दविष विस्तारै पिइँदो रहेछ र रापतापका तावामा उसिनिंदो र पिल्सिंदो रहेछ। त्यस अबोध भोला-भाला वयमा के के थाहा पढ्नु भनेको अश्रद्धाका कीटाणु ओसार्नु हुन जान्छ भन्ने ? त्यस निर्मल वयमा के पत्तो पेशा र व्यवसायमा लाग्नु भनेको शेषश्रद्धाका अङ्कुरलाई पनि अश्रद्धाका चपरीले थिच्दै र मन मिच्दै किच्दै तथाकथित दुनियाँदारीका चोघेरामा पिरलिनु हो भन्ने ? शायद सभ्यताको यात्रा पनि यस्तै हो कि ? वस्तुतः व्यक्ति-मान्छेकै जीवन यात्राले सभ्यताको पथको रेखाङ्कन पनि गर्दछ। त्यसो हो भने सभ्यता पनि श्रद्धाका चुलीबाट क्रमशः अश्रद्धाका खाडीतिर झर्दै आएको एक वेदना-यात्रा झैं प्रतीत हुन्छ। हाम्रो सभ्यताको लक्षण के देखा पर्दछ ? सभ्यताका शैशवमा श्रद्धा लहलहाउला अनि सभ्यताका बुढ्यौलीमा अश्रद्धाले भतभती पोल्छ होला ? अथवा सभ्यताका बिहानी-

मा तरुना आस्थाका फूल फक्रन्छन् श्रद्धाका फूलबारीमा अनि सभ्यताका मध्याह्नीमा अश्रद्धाका रापमा कमलोपन डढ्दै जन्छ र प्रत्येक सभ्यताको साँझ आउँछ: अश्रद्धा र अनास्थाका मनःस्थितिमा। जे होस्, हिजो प्यारो लाग्दछ; किनभने थेर थोर श्रद्धाका बीच बाँचियो अनि भोलिदेखि तर्सिऊँ कि जस्तो लाग्छ; मानौं भोलि त्यो तर्साउने त्र हो जसलाई त्रास भनिन्छ।

वस्तुतः जीवन आन्तरिक रूपमै बाँचिन्छ। अन्तर्जीवनमा श्रद्धा एक निर्झर तुल्य बग्दछ र त्यसैले स्फूर्ति र जाँगर अनि हाँसी र खुशीका भाव प्रवाहित गर्दछ; परन्तु जब अश्रद्धाको वडवानल त्यहाँ पस्तछ, श्रद्धानिर्झर शोषिदै जांदा किङ्कर्त्तव्यविमूढताले सताउँछ र अनिश्चय तथा अनिर्णयका साथै उदासी र उराठले भतभती पोल्छन् र मनै चहरिन थाल्दछ। आज हामी सभ्यताका नाममा जो जीवन बाँच्तै छौं, त्यसमा अश्रद्धाको वडवानल दन्किसकेको छ। श्रद्धा बांकी छ भने त्यो होला जागृतिका किरण नपुगेका दुर्गम कान्तारमा अनि औद्योगिक युगका चक्का नपुगेका दूर दूर वन-पहाडमा; अन्यथा विश्वकै जीवन तथाकथित सभ्यताले डामिदै अश्रद्धाका वातावरण—दूषणका बीच विषाक्त वायु पिउँदै मूर्च्छाइरहे झैं अनुभव हुन्छ। हाम्रा बिहान र साँझ खोसिएका छन् अनि जून-घाम चोरिएका छन् अनि झरी र बादल हरिएका छन् र औंसी र पूर्णिमा तथा यिनका अन्तराल अपहृत छन्; प्रश्न उठ्तछ कसद्वारा ? हाम्रो 'मानवीयता' को तस्कर व्यापार चलिरहेछ; प्रश्न उठ्तछ कसवाढ ? हाम्रो 'मान्छेपन' को 'कालो-बाजार' मा; हामी बाँच्तै छौं; प्रश्न उठ्तछ कसका छलबलले ? यो 'कोटी' को हो ? यो कुनै व्यक्ति होइन, समूह होइन र संघटितता पनि होइन, यो हो अश्रद्धा। 'अश्रद्धा' का सूक्ष्मातिसूक्ष्म कीटाणुहरूको सङ्क्रामक प्रसङ्गले जब हामीहरूलाई (हामी मान्छेलाई) अज्ञातमै आक्रान्त गर्दछ हामी शायद मान्छे कम र सभ्यता (तथाकथित) बढी हुँदै जान्छौं। त्यसैले विक्रमको एक्काईसौं शताब्दीमा उभिएर एउटा पागल चिच्याउँछ। के चिच्याउँछ? हामीलाई सभ्यता बढी भयो ! हामीलाई सभ्यता बढी भयो ! हामीलाई सभ्यता बढी भयो ! यो पागल को हो ? यो तपाईं हुनुहोला, कुनै महाकवि होला ? अथवा कुनै क्षुद्र मान्छे होला। तर त्यो मान्छे चाहिं पक्कै हो। ऊ सभ्यता कम हो, मान्छे बढी हो।

हिजो हामी नाङ्गै थियौं होंला अथवा कौपीन धरोमात्र पहिरिने। आज हामी वेष र भूषाका सजावटमा मान्छे भयौं रे। तर किन भन्न डराउनु आज हामी मान्छे कम र वेष भूषा बढी हुँदै छौं। हिजो हामी प्रकृतिका यावत् वस्तुलाई देवता मान्ने त्रस्त र अबोध प्राणी थियौं र हाम्रा तेत्तीस कोटी देवता थिए; तर आज हामी एकेश्वरवाद हुँदै निरीश्वरतासम्म आइपुग्यौं र सभ्य भयौं रे ! तर किन भन्न धकाउनु—आज हामी धार्मिक र अधार्मिक वा आस्तिक र निरीश्वर बढी भयौं

अनि बान्छे कम भयौं। हिजो हामी अन्धविश्वासी थियौं र विवेक युगले हामीलाई र हाम्रो चेतनालाई मुक्ति दिंदै आज अचेतनाका पराकाष्ठातिर लाँदै छ रे ! हिजोको अन्धविश्वास त्यति राम्रो थिएन होला तर आजको अन्धअविश्वास राम्रो हो भन्न पनि कसरी सकार्नु ! होला हिजो अन्धश्रद्धामा बाँचियो तर आज पनि जीवन उस्तै छ र हामी अन्धअश्रद्धामा बाँच्तै छौं। विकल्प स्पष्ट छन् र तपाईं आफैं रोज्न सक्नु हुन्छ। अन्धश्रद्धा कि अन्धअश्रद्धा ? श्रद्धा अन्ध नै भए पनि सकारात्मक र सृजनात्मक हुन्छ अनि अश्रद्धा अन्ध हुनासाथ ध्वंसात्मक र संहारकारी बन्न जान्छ। श्रद्धामा संगति र शान्ति छ चाहे त्यो अन्ध श्रद्धा होस्, अश्रद्धामा विसंगति र औड़ाहाको अनुभव हुन्छ चाहे त्यो जतिसुकै साँचो होस्। श्रद्धाले मान्छेलाई दिन्छ, चाहे त्यो एकलव्यकै श्रद्धा होस् अथवा श्रवणकुमारकै। अश्रद्धाले मान्छेलाई ध्वस्त गर्दछ चाहे त्यो दुर्योधनको होस् अथवा नित्सेको। श्रद्धा ठूलो छ; चाहे त्यो ढुंगोमाथि होस्, शिशुमाथि होस्, बुढा-बुढीमाथि होस् भाषामाथि होस्, साहित्यमाथि होस्, देशमाथि होस्, पुर्खामाथि होस्, पितृमाथि होस्, संसारमाथि होस्, मनुष्यमाथि होस्, देवतामाथि होस् भूतप्रेतमाथि होस्, राक्षसमाथि होस् कङ्कालमाथि होस् हिजोउपर होस् आजउपर होस् भोलिउपर होस्।

अश्रद्धा मानसिक रोग हो; अन्धअश्रद्धा चाहिं त्यसको पराकाष्ठा। आज परिवार विखण्डित हुँदैछ; किनभने छोराको श्रद्धा बाबुमाथि रहेन, अनि आमाको श्रद्धा सन्तानमाथि ह्रासोन्मुख हुँदैछ। श्रद्धामा स्नेह अन्तर्निहित रहन्छ, स्वार्थरहित शुद्ध स्नेह, त्यो रहेन भने अश्रद्धाका बडवानलमा शायद परिवारमा आगलागी हुनु सम्भावित परिणाम नै ठहर्दछ। मरेकाहरूका श्रद्धामा हिजोसम्म श्रद्धा थियो र यसका जातीय प्रकारान्तर थिए अनि हिजोसम्म तर्पण थियो अनि एउटा आनुवंशिक र भावात्मक परिधिप्रति श्रद्धाको भाव थियो; हामी आज त्यो छोड्दै छौं र 'अश्रद्धा धूमित हुँदो छ'। यस अश्रद्धाका प्रहारमा परिवारसंस्था विघटित हुँदो छ र यस विघटनका संसर्गी परिणाम अझ भयानक होलान्। उहिलेकाप्रति मात्र होइन अहिल्यैका प्रति पनि श्रद्धा खुम्चँदो छ र अश्रद्धा जाल फैलिंदो परिवेषमा आज हामी पाइला चाल्दै छौं। जिन्दगी अश्रद्धाका माझ कसरी जिइएला जब मित्रता विषाक्त हुँदो छ, वात्सल्य विकृत हुँदो छ अनि आत्मीयता बोध सुक्दो र रित्तिदो छ ?

वस्तुत: आज हामी जो बाँचिरहेछौं त्यो अश्रद्धाकै माझ बाँचिएझैं अनुभव हुन्छ। जता आँखा लगायो केही देखा पर्छ अनि नियाली हेर्दा त्यो अरू केही नभई अश्रद्धानै देखिन्छ। आज अश्रद्धा व्याप्त छ, वरपर चारैतिर र परपर क्षितिजसम्म जे दृगोचर हुन्छ त्यसमा अश्रद्धाको धुआँ-रङ्ग प्रकष्टै प्रकट हुन्छ। हाम्रो जिन्दगी

आज अवेष्टित छ र हामी घेरिएका छौं अश्रद्धैं अश्रद्धाका दूषित वाष्पहरूले । कोही पढ्दै छ तर त्यस पढाइप्रति उसमा श्रद्धा कति छ भन्न सकिन्न अनि कोही पढाउँदै छ तर उसमा शिक्षण धर्मप्रति कति श्रद्धा छ भन्न सकिन्न गुरुहरू पठाउँदै छन् सम्भवत: अध्येताहरूप्रति, अध्ययनप्रति र स्वयं आफ्नो अध्यापकताप्रति अश्रद्धाका मन:स्थितिमा; प्रशासनको कुनै मधुमास दिएर हेर्नुहोस्, प्रत्येक अध्यापनजीवी त्यतै फड्का मार्दै नकुद्नु अपवादको अनौठो घटना ठहरिएला । कुर्सी र मेच प्यारा छन्; रोबरबाफ र हैकम प्यारा छन्, गौरवबोध र प्रतिष्ठा प्रिय छन्, शिक्षकहरू अनि किन त्यतै नहाम्फाल्नु ? शिक्षकलाई शिक्षक तुल्याइराख्ने धर्मबन्धन हो विद्याप्रतिको उसको नि:शर्त श्रद्धा; विद्यार्थीलाई विद्यार्थी तुल्याइराख्ने एउटै आकर्षण हो विद्याप्रति उसको निश्चल आकर्षण या विचलन विहीन श्रद्धा, जसलाई सारस्वत आत्मिक प्यास भन्न सकियोस् । त्यसैले जब यो श्रद्धा शून्यमा छ भने आजीविकाको डोरोस्वरूप प्रमाणपत्र भए पुग्ने चेला तथा आजीविकास्तरका मधुमास कल्पँदै पर्खने गुरुहरू आफ्ना वास्तविक सन्दर्भदेखि तर्किनु अस्वाभाविक होइन, अश्रद्धाका माझ जो पढिन्छ र जो पढाइन्छ त्यो अधकल्चो र असार्थक रहनु स्वाभाविकै पनि हो कि ? यस्तै यदि ज्ञानका कुञ्ज-निकुञ्ज छन् भने शेष परिवेष पनि कस्तो होला र !

हामी कुर्सी कुर्छौं, राम्रो कुर्सी पर्खन्छौं र त्यसका निम्ति दौडधूप गर्दछौं अनि या सो भेट्टाई फुल्दै जान्छौं या त्यो नभेट्टाई गल्दै जान्छौं । कर्मचारी हो ऊ तर उसमा कर्मप्रति कति श्रद्धा छ भन्न सकिन्न; अकर्म वा अकर्मबाटै केही हुन सकिन्छ भने किन अर्ममै श्रद्धा गर्दै कर्मण्य हुनु ? म कर्मचारी हुँ तर कर्मचर्याप्रति मेरो तीव्र अश्रद्धा छ अनि ऊ कर्मचारी हो र ऊ कर्मप्रति श्रद्धानै विना फड्किन सक्छ भने म कर्मकै श्रद्धामा डुबेर किन मूर्खमणि भइरहूँ ! उपचार चल्दो छ चिकित्सकका आफ्ना पेशा र रोगीउपर श्रद्धा र समर्पण विना; सार्वजनिक भवन र सडक बन्दछन् त्यस कर्मको स्तरप्रति अश्रद्धा र आफ्ना र ठेकेदारका स्वार्थका आवेष्टन भित्र ! प्रत्येक कर्म भ्रष्ट हुँदो छ, पेशा र व्यवसाय कुहिँदै छन् अनि समाज र राष्ट्र चुहिँदै छन्—अश्रद्धाका आघातमा त यो अश्रद्धा त सरुवा रोग हो; त्यो सर्दै जान्छ तपाईंबाट ममा या मबाट तपाईंमा । अनि परपर र चारै तिरसम्म अश्रद्धाको यस सङ्क्रामक परिवेषमा साना र ठूला प्राय: सबका सब कुर्सीहरू र व्यवसायहरू अनि कर्महरू जब प्रभावित छन्, को बच्न सक्तछ अनि को कर्मण्य रहिरहनु सम्भव छ ?

हामी जे गर्दै छौं, त्यससँग असन्तुष्ट रहनु वा त्यसप्रति अश्रद्धा गर्नु हाम्रो युगचिह्न भइसकेको अनुभव हुन्छ । किसान आफ्ना धन्दासँग असन्तुष्ट हुँदै लाहुर ताक्तछ अनि लाहुरे रगत बेच्न तर्सिएर घर फर्कन्छ; व्यापारी राजकाज गरिमा

ताक्तछ र राजनीतिजीवी व्यापारवासिनी श्रीसँग आँखा जुधाउँछ; ज्ञानगेहको आजीवी कुर्सी र आसन ताक्तछ, अनि पदधारी चाहिँ आफ्ना आत्मप्रवञ्चनामा आफैं खितखिताउँछ। आफ्ना कर्मलाई हामीले धर्म कति मान्यौं, त्यसैमा श्रद्धाको मात्रा प्रकट हुन्छ; तर युगधारा चाहिँ अर्कै थोक भन्दछ—तिमीले तिम्रा कर्मप्रति कति अश्रद्धा गऱ्यौ मलाई त्यसको खातापाता भए पुग्छ। वास्तवमा जुन आजीविका वा पेशा समाते पनि अश्रद्धा हाम्रो चरित्र भइसक्यो र हाम्रो संस्कार समेत हुँदै जाँदो छ। श्रद्धाप्रति अश्रद्धा नै हाम्रो संसार यात्राको यथार्थ भइरहेको छ अनि कसले आफ्ना परिधिप्रति कति अश्रद्धा गऱ्यो त्यसैमा उसको बडप्पन अन्तर्निहित रहन्छ। हामी जो जिउँदै छौं त्यो जिउने मेलोमेसो सम्पूर्णतः अश्रद्धाका घातक आवेष्टनमा अवगुण्ठित हुँदो छ। खै, यसरी कतिजिउनु र के जिउनु ?

कुनै पनि समाजलाई धारण गर्ने कुनै न कुनै आधारसूत्र चाहिन्छ। केही त मूल्य हुनुपऱ्यो, कहीं त आस्था हुनुपऱ्यो अनि कतै त टेवा हुनुपऱ्यो जसलाई धर्म ठान्न सकियोस् र त्यसैका आधारमा जिउन सकियोस्! परम्परागत नैतिकता टुट्दै छ र त्यो अन्धविश्वास थियो भने त्यसका टुटाइमा अश्रुजल नबहाउनु नै बेस! तर त्यसका सट्टामा हामीले के स्थापित गऱ्यौं ? सायद ध्वस्त जे भयो त्यसको स्थान लिने केही पनि स्थापित भए झैं लाग्दैन। आज हामीसित छ अविश्वास, केवल अन्धविश्वास! पुरानो धर्म टुट्यो, नैतिकता फुट्यो, संस्कृति शीर्णविशीर्ण हुँदै छ र सभ्यता जीर्ण हुँदो छ। ठीकै भयो, पुराना सडलपडल पात झरे तर! नयाँ पनि त केही पलाए झैं अनुभव हुँदैन र हामी अझै शिशिरमै छौं—अविश्वासै अविश्वासको अन्धो शिशिर, केवल आँधी बेहरी मडारिएको शिशिर! आज हाम्रो पढाइ यही रिक्तता भइरहेछ र कामगराइ पनि यही रिक्तता! अनि हाम्रा प्रत्येक व्यवसाय र पेशा यस्तै रिक्त र खोक्रा छन् धोद्रिएको बाँस झैं। हाम्रो सङ्गतिसूत्र छिनिसकेको छ अनि हाम्रा संस्कार खण्डखण्ड र टुक्राटुक्रा हुँदै र विखण्डित बन्दै चकनाचुरिंदै छन्। वस्तुतः श्रद्धाको संगीत अस्तव्यस्त भयो र यो जो जीवन बाँचिंदै छ त्यो संगीतशून्य छ; आत्मप्रवञ्चना र आत्महाहाकारका अश्रद्धाजनित निस्तब्धतामा जीवनको प्रत्येक क्षेत्र र प्रत्येक इलाका मूर्च्छायमान प्रतीत हुन्छ भने खै कस्तो बाँचियो त ? आज जो सभ्यता प्रसारित भइरहेछ त्यसको मूल तत्व नै प्रसार भन्दा संकोचन प्रतीत हुन्छ। मान्छे व्यक्तिका रूपमा त जन्मैदेखि छ, उसको प्राप्ति त समष्टिगत हुनुपर्ने! मान्छे अन्तरुन्मुख त जन्मिएदेखि नै होला तर उसको विकास त अन्तरका कुण्ठा, असहायता र एकाकिता भन्दा विस्तीर्ण हुनुपर्ने! परन्तु जो जीवनसंस्कार आज मन मनसम्म सुई दिए झैं दिइँदो छ त्यसले त मान्छेलाई उसको समूहदेखि अझ एक्ल्याउँदै र एकलकाँटे पार्दै अनि एकाकीकृत पार्दै लगिरहेको अनुभव हुन्छ। जीवनको नगर आज उत्सवशून्य छ, जिन्दगी को बस्ती

पनि अनुष्ठानशून्य छ अनि मान्छेका चाहाडबाहाड खोसिदा छन् ! जीवनका व्यापकतामा सहभागी हुन नसकुन्जेल र नपाउन्जेल मान्छे व्यष्टिमात्र रहला, अन्तरुन्मुख असहाय जीवमात्र भइरहला र केवल व्यक्तिमात्र हुँदै विवशमात्र रहला; तर कहाँ छन् मान्छेका ती उत्सव, अनुष्ठान र चाहाडहरू जसमा जीवन व्यक्तिगत समस्या, असङ्गति र अस्तित्वको गुजुल्टिदो प्रश्नमात्र नभई केही होला; कम्तीमा पनि केही त हुन. जाला अनि जीवन यसका पूर्ण जवानीमा पूर्ण सहभागितामा र पूर्ण जीवनपनमा भोग्न सकिएला ! जब जीवनप्रति हाम्रा मनमा सम्मान रहन्न र यसलाई दुर्वाच्य भन्छौं अनि जब जीवनैप्रति हाम्रा मनमा श्रद्धाको लवलेशसम्म नभई हामी यसलाई गाली वेइज्जतीका रछानसम्म लान्छौं भने कसरी जीवन एउटा उत्सव हुन सक्ला जहाँ आत्मविह्वल भई नाच्न गाउन सकिएला अनि कसरी जिन्दगानी एक अनुष्ठानिक यज्ञ हुन सक्ला जहाँ जीवनको सहभोग गर्न सकिएला अनि कसरी जिन्दगी एक चाहाडबाहाड होला जहाँ प्रफुल्ल मुद्रामा प्रसन्न जिउन सकिएला ! केही त चाहियो जसको आधार लिन सकियोस् अनि जसमा टेक्न सकियोस् र अड्न सकियोस् ! कुनै न कुनै त विन्दु हुनुपर्‍यो जसमाथि श्रद्धा गर्दै हिँड्डुल गर्न सकियोस् नाच्न गाउन सकियोस् अनि बाँच्न सकियोस् ! प्रथमतः श्रद्धेय चाहियो, कुनै न कुनै वा केही न केही अनि चाहियो श्रद्धा र त्यसको अभिषेक जुन श्रद्धाजलले हामीलाई बिउँताउन सकोस्— मूर्छाबाट, बेहोशीबाट र मरणासन्न सभ्यताबाट अनि तथाकथित सभ्यताबाट अश्रद्धाका सर्वग्रासी क्षयका क्षणहरूबाट ।

आज हामी जो बाँच्दै छौं र जुन सचेतता भनिएको अचेततामा मूर्च्छित हुँदै छौं, त्यसबाट बिउँतिने कसरी होला ? शून्यकी नागिनीद्वारा डसिएको, विसङ्गतिकी पिचाशीद्वारा ग्रसिएको र अस्तित्व नामकी अनस्तित्वमयी डाकिनी शाकिनीद्वारा अँठ्याइएको जो जिन्दगी बाँचिदै छ र बाँच्नुका नाममा जो आत्ममरणका मुद्रामा जिइँदै छ, त्यसका मूलमा अन्तर्निहित अशिवको टुनामुना रहुन्जेल जिन्दगीलाई मसानघाट र जलाश्रयदेखि फर्काउने सम्भाव्यता धमिलै रहला ! अमङ्गलद्वारा आक्रान्त जिन्दगी कति पो घडी रहला अनि जीवनभन्दा मृत्युका तर्कनाले तृषित जिन्दगी कति पो शेष रहला ! संकल्प सबभन्दा ठूलो हो, आत्मसङ्कल्प सबभन्दा ठूलो औषधि हो ! श्रद्धा गरेर हेरौं जिन्दगीप्रति, सम्मान गरेर हेरौं जिन्दगानीप्रतिः सायद मलामी लगी सकिएको जिन्दगी फर्किन्छ कि जीवनलोकतिर ।

अश्रद्धा त त्यो सूक्ष्मरोग हो जसले आस्थाको हत्या गरिदिन्छ अनि मान्छे पङ्गु बन्न जान्छ । चिच्याऔं कि हामी एक पल्ट सहस्र स्वरले, लाख लाख स्वरले, कोटि कोटि स्वरले यस पंगुताका विरुद्ध र यसकी जननी अश्रद्धाका विरुद्ध !

बिउँतिन्छन् कि कोही फेरि, फर्किन्छन् कि जलाश्रयबाट कोही फेरि; जिन्दगी बिउँतिन्छ कि अश्रद्धाका महास्मशानदेखि फेरि !

रुग्ण मनस्थितिकै उपज हो अश्रद्धा। रोगाएका मनमा अश्रद्धा उम्रिन्छ, झ्याँगिन्छ र त्यसै सेपमा मनुष्य सिङ्गै टाक्सिन्छ। अश्रद्धा त्यत्ति विषाक्त छ जति विषाक्त महाविष स्वयं नहोला। अश्रद्धाको मन्दविष जानेरै पिइन्छ र रगत दूषित हुँदै जाँदा जाँदा अश्रद्धा मानसिकताकै रूपमा देखा पर्छ अनि पुस्ता अश्रद्धाको जन्मिन्छ जसलाई हिप्पी पुस्ता भन्ने गरिन्छ र अझ त्यो बढ्दै जाँदा सिंगै समाजै अश्रद्धाग्रस्त जब होला श्रद्धा विकृति ठहर्न पुग्ला अनि अश्रद्धा नै सद्दपन कहलाउन थाल्ला। यसै अश्रद्धाका करामतले त्यो झोलुङ्गो विषाक्त भइसकेको छ जसमा व्यक्ति मनुष्य शैशवैदेखि रहन्छ अनि जसमा संस्कृति हुर्कन्छ र जसलाई परिवार भनिन्छ। वस्तुत: अश्रद्धाका मनोवृत्तिद्वारा विषाक्त अन्तर्विगलित परिवार संस्था समाप्त हुनु त्यस्तो घटना हुन जाला जसमा प्रयोगशाला-शिशुको यान्त्रिकीकृत नमूना मनुष्यता मात्रै जिउन सक्ला। वात्सल्यरस शोषिएको जिन्दगी जो होला त्यही नै ध्वस्त पारिवारिकताको अवशेषको स्वरूप होला भने अश्रद्धाले हामीलाई घँचेटिरहेको हाम्रो भविष्य अवस्थल त्यही नै हो। परिवार ध्वंस सँगै नाता र कुल कुटुम्ब गोत्र छयान्नब्यान्न हुँदै जाँदा त्यो आत्मीयताको अनुभूति समेत समाप्त होला जसले व्यक्ति मान्छेलाई समष्टि मान्छेसम्म लैजाने विस्तार सूत्रको भूमिका खेल्दै आएको पाइन्छ। यो स्नेहशून्य र स्वकेन्द्री मनुष्य भन्ने भावी जीव जे जस्तो होला तर मान्छे चाहिं अवश्यै नहोला। अहिल्यै हाम्रा विकसित शिरोमणि ठहरिएका देशका महानगरीहरूमा बूढो पुस्ताले स्नेह माग्दै सडकमा जुलुस निकाल्नुपर्ने, स्नेहका भोका बच्चाले हिप्पी पुस्ताका रूपमा प्रकट हुँदै औद्योगिक सभ्यता र त्यसका मूल्यबाट अमलेख चाहने अनि स्त्री र पुरुषका बीचको सम्बन्ध केवल अस्थायी वासना-सम्झौता मानिने मूल्यविघटनका रापताप भोग्दै छन् र मान्छे पशुतातिर फर्कंदो आभास भेटिन्छ भने यान्त्रिकीकृत मनुष्य कति पाशविक रिक्ततामा पुग्ला कल्पनै गर्नु कठित छ। जे होस्, एकै जुनीमा तीन चार राष्ट्र फेर्ने नागरिकता बदल्दै जाने आजका अपवादका नमूना त्यतिखेर सामान्यता सिद्ध होलान् अनि जब नि:स्नेह जन्मेहुर्केको यान्त्रिकीकृत मनुष्यले मानवीय उष्मा नै हराउला र स्नेह ममता र आत्मीयताले उसको मुटु पग्लन र धड्कनै समेत छाड्ला, तब मानवीयता पुरातात्त्विक कथा शेष रहला। अश्रद्धाको यस भावी रेखाउपर विचार गर्दा परिवारको झोलुङ्गो हराएको र आफ्ना भाषा र संस्कृतिको चौतारो गुमाएको अनि राष्ट्रहीन तथा 'मनुष्य' हीन त्यो मनुष्य सम्भवत: अश्रद्धाकै साक्षात् अवतारका रूपमा प्रकट होला। अश्रद्धाका यिनै विकृतिश्रृङ्खलाले तर्संदै जलाश्रयबाट सायद

ती मलामी पनि चिच्याइरहेका छन् जसले जिन्दगीलाई र श्रद्धालाई घाट लगेका छन्। के श्रद्धा फेरि बिउँतिएला ? के जिन्दगीप्रति अझै श्रद्धा गर्न सकिएला ? के जीवनप्रति अझै सम्मान गर्न सकिएला ? के फेरि मान्छेका उत्सव र अनुष्ठान तथा चाहाडवाहाड सँगै उसको जीवनको व्यापक प्रफुल्लता र सहभागितालाई बिउँताउन सकिएला ?

श्रद्धा अन्धो भइदिन सक्छ, ठीकै हो। श्रद्धा प्रायः अतिश्रद्धामा पुग्दछ, श्रद्धा साँचो हो। तैपनि जीवनप्रतिको श्रद्धा जीवनको मूल तत्त्व हो, श्रद्धै भएन भने जीवनप्रति श्रद्धा कहाँ र कसरी होला। त्यसैले बरु आदिम रूपमै मान्छे सम्पन्न देखिन्छ जतिखेर जीवनप्रति पूर्ण श्रद्धा र पूर्ण सम्मान अप्रतिहत अनुभव हुन्छ। शरीर झूटो हो, जीवन झूटो हो र यसभन्दा पर हेर भनी जब भन्न थालियो, श्रद्धा त्यहींदेखि कुण्ठित भए झैं र रोगाए झैं बुझिन्छ। कति दार्शनिकहरू आए जसले जीवनप्रति विषवमन गरे अनि दुर्वाच्य बोले; के त्यहींदेखि श्रद्धा थलिन लागेको होइन जहिलेदेखि जीवनउपरका श्रद्धामाथि आक्रमण गर्न थालियो। जसलाई महापण्डित भनियो, के तिनीहरू नै ती महामूर्ख होइनन् जसले श्रद्धामाथि कुठाराघात सुरु गरे। सायद तिक्त सत्य यही हो। श्रद्धाको मूल स्रोत हो जीवनउपर श्रद्धा, यो मान्छे भन्ने निरीह जीव र उसको जीवनमाथि निःशर्त श्रद्धा। तर प्रायः प्रत्येक दार्शनिकले यसै श्रद्धामाथि हिर्कायो, प्रायः प्रत्येक धर्मले यसैमाथि लात हान्यो अनि प्रत्येक शक्तिवालाले यही जिउने हकमाथि कालीय-दमन गऱ्यो। सभ्यताको तथाकथित इतिहास यही हो जसलाई आज विज्ञानले उत्तराधिकारका रूपमा ग्रहण गरिरहेको पाइन्छ। प्रायः अनुभव गरिएन जीवनप्रति श्रद्धा र सम्मान तथा आस्था र विश्वासको सर्वोपरि र सर्वोच्च सत्यलाई; जे जति मनीषी र महात्माका स्नेहमय सजल नयनले यस सर्वोच्च सत्यलाई अनुभव गरे ती केवल अश्रुजल रहे भावनाका विशुद्ध जलमात्र। जब जीवनमाथि र जीवनधारी मनुष्यमाथि अनि उसका आकाङ्क्षामाथि श्रद्धा हुँदैन, त्यो श्रद्धा खोक्रो हुनु अस्वाभाविक होइन,। प्रायः प्रत्येक दर्शन र धर्मले कुनै अमूर्त विचार र परिकल्पनाका निम्ति यसै सर्वोच्च सत्यमाथि जुगजुग दमनचक्र चलाउँदै जांदा मूल श्रद्धा नै र मूल सत्य नै किचिनु अप्रत्याशित होइन। हुँदा हुँदै त त्यस्तो भयो, जो नहुनु पर्ने थियो अर्थात् स्वयम् मनुष्यले आफूमाथि विश्वास गर्न छोड्यो, जिन्दगीउपर आस्था गर्न छोड्यो र श्रद्धा स्वयम्ले आफूमाथि श्रद्धा गर्न बिर्सन थाल्यो। प्रश्न उही छ—के यो श्रद्धा बिउँतिएला ? के महामूर्च्छाका जलाश्रयबाट श्रद्धा फेरि फर्केला ?

मैले भाव सत्यका तर्कनाद्वारा महाकवि देवकोटाले झैं ईश्वरलाई अडयाउँदै आस्तिकताको गर्व लिनु छैन भने महानट समले झैं ईश्वरलाई पन्छाउँदै नास्तिकताको गर्व लिनु पनि छैन। म जस्तो क्षुद्र मनुष्यलाई (मनुष्यमात्रलाई) ईश्वर

छ र छैनका ठूला ठूला बहससँग प्रयोजनै पनि के छ र ? मान्छेले आफ्ना यात्रामा आवश्यक भएरै त्यस ऐतिहासिक आवश्यकताका सन्दर्भमा ईश्वर रच्यो भने मान्छेले आफ्ना यात्रामा ऐतिहासिक आवश्यकताकै सन्दर्भमा आफ्नै रचना ईश्वरलाई आफै च्यातिदिन र फाल्न खोज्दैछ। ईश्वरको जन्म र मृत्यु दुबै मान्छेका अनुभव यात्राका सामान्य घटना हुन् । असामान्य महत्त्वका ईश्वरलाई फालिदिंदा हानि देखिए फेरि त्यसलाई संशोधित रूपमा राखे पनि मलाई आपत्ति छैन, नराखे पनि मेरो कपाल दुख्तैन । मेरो मूल प्रसङ्ग त के हो भने श्रद्धा चाहियो जीवनप्रति र मान्छेप्रति । ईश्वर त्यस मार्गमा सहायक हुन्छ भने ठीकै छ; मान्छेका यत्तिका कला र संस्कृतिका अमूल वस्तु झैं त्यो पनि रहोस् अनि यदि बाधक हुन्छ भने यतिका पुराना अनावश्यक कुरा हराए बिलाए झैं त्यो पनि जाओस् । मेरो मूल प्रसङ्ग हो श्रद्धा; त्यो पनि मान्छेउपर र जीवनउपरको अखण्ड श्रद्धा । यही श्रद्धा श्रद्धा-शृङ्खलाको प्रथम शृङ्खलो हो र सम्पूर्ण श्रद्धाहरूको मूल स्रोत पनि हो ।

एक छिन श्रद्धा र अश्रद्धाका सामान्य प्रसङ्गतिरै लम्किएर हेरूँ कि ? हामी लेखक हुन खोज्छौं र लेख्छौं पनि । तर दुई-चार फुटकर कृति छापिंदा-नछापिंदै हामीलाई अहङ्कारले छुन्छ र गर्वले पागल तुल्यादिन्छ अनि हामी हुङ्कार गर्दै गर्जन्छौं पूर्ववर्तीहरू केही होइनन् र म चाहिं सबै थोक हुँ र सर्वोच्च हुँ । यो आत्मविज्ञप्तिको नगरा के हो ? अश्रद्धाको उद्‌घोषको एक लघु रूप हो यो । कसले यी मूर्खहरूलाई भनिदिने श्रद्धा कुनै पनि नयाँ यात्रीका निम्ति न्यूनतम पूर्वशर्त हो र पूर्ववर्तीहरूको योगदानप्रति र पूर्व-परम्पराप्रति श्रद्धा छैन भने तिम्रो यात्रा पनि अर्थरहित छ र भोलिकाले तिमीलाई पनि त्यस्तै नाचीज किन नठान्नु ? अश्रद्धा त्यो रोग हो जसले हाम्रो साहित्य ग्रस्त छ, हाम्रो कला ग्रस्त छ, हाम्रो कर्मभूमि ग्रस्त छ । पूर्ववर्तीहरूप्रति श्रद्धा विना र पूर्वपरम्पराप्रति श्रद्धा विना त्यस पथमा पाइला टेक्ने हकै पनि कहाँ प्राप्त हुन्छ अनि पाइला टेक्नैको पनि के तात्पर्य बाँकी रहन्छ ? त्यस्तै साहित्य लेख्ने हो भने त्यसको माध्यम भाषाप्रति र त्यसको शुद्धताप्रति श्रद्धा र सम्मान हुनुपर्‍यो, भाषै भांच्ने र फोहोर्‍याउने हो भने अरू काम गरे हुन्छ तर कलमै चाहिं किन समात्नुपर्‍यो ? अनि छाप्नै छ भने जुन भाषामा छापिने हो त्यसप्रति श्रद्धा र सम्मान हुनुपर्‍यो अन्यथा छाप्नेहरूले र छपाइमाग्नेहरूले त्यस भाषामै हात किन हाल्नु ? यस देशमा कलाको भविष्य छ भन्ने यदि ठानिन्छ भने पूर्व परम्परा त झन समृद्ध छ, त्यसो भए त्यस समृद्धिप्रति सचेत श्रद्धा र सम्मान नभई किन यहाँ वसी रङ्ग-रेखाको खेलबहाड गरिरहने ? हाम्रा पुर्खा थिए र इतिहास छ भने तिनप्रति सचेत श्रद्धा र सम्मान विना 'मै हुँ' को अहङ्कार-भेरी फुक्दै पेट-पालोको

क्षुद्र गोरखधन्दा किन चलाउने ? यो देश छ, यसका आफ्ना पन छन् र यसका आफ्ना आकाङ्क्षा छन् भने तिनप्रति श्रद्धा सम्मान विना किन केवल पापी पेटका निम्ति र क्षुद्र 'अहम्' को खोस्रो खोक्रो सन्तुष्टिका निम्ति भौतिक र अभौतिक रूपमा यता र उता किनिने र बेचिने ? मूल कुरो हो जे गरिन्छ र गरिँदै छ त्यसका तात्त्विक आधारप्रति अनि त्यसको पूर्व परम्परा र पूर्ववर्तीहरूप्रति श्रद्धा हुनुपर्‍यो; अश्रद्धाको विष वमन थामिनुपर्‍यो। श्रद्धाको अर्थ अन्धश्रद्धा होइन, र अन्धअनुशरण पनि होइन, श्रद्धा त्यतिखेर श्रद्धा हुन्छ जब त्यो सचेत हुन्छ र अविचल हुन्छ अनि त्यसका वस्तुगत आधारभूत तत्त्वलाई सर्वोपरि ठान्दै र पूर्ववर्तीहरूका प्रणम्य कर्म-प्रति नतमस्तक हुँदै विनीत तर अझ बढी स्वकीय योगदानका नयाँ नयाँ सङ्कल्प हुन्छन् । यस देशलाई, यहाँको समाजलाई र यसका भाषा र साहित्य तथा कलालाई र यसको समुच्चा भौतिक-अभौतिक संस्कृतिलाई पुर्खाहरूले त्यही रूप दिएर त्यति मात्रामा उठाए जे उनीहरूले ठीक देखे अनि जति उनीहरूले गर्न सके । शेष दायित्व हाम्रा काँधमा छ, शेष निर्णय हाम्रा थाप्लामा छ र अपेक्षित रूप-परिवर्तन तथा दिशान्तर हाम्रा जिम्माका कुरा हुन् तर उनीहरूले जे जति गरे त्यसप्रति अश्रद्धा र जे जस्तो छ त्यसप्रति घृणा विषाक्त दृष्टि हो र रुग्णताको लक्षण हो । यो अश्रद्धा मनोरोग हो । वस्तुतः अश्रद्धा जब परम्परा बन्दछ, बाजे-माथि बाबु र बाबुमाथि छोराको अश्रद्धाको परम्परा हुर्कंदा हामी निर्माण नभई ध्वंसतिर जान्छौं र ध्वंसात्मक मानसिकताको बीज हो अश्रद्धा । श्रद्धा स्नेह र आशीर्वादका श्रृंखलामा लहलहाउँदै जान्छ दुबो झैं, त्यहाँ पुराना र नयाँ अथवा हिजो र आजको विभक्तता भन्दा तीनै काल श्रृंखलित हुँदै जान्छन् र काल-निरन्तरता उत्तरोत्तर सृजनात्मक बन्दछ; परन्तु अश्रद्धाले धारावाहिक रूपमा सृजनात्मक स्वरलाई गतिशील तुल्याउनाको सट्टा पुस्ता-प्रति पुस्ताको अश्रद्धाका खण्डिततताका कारणले सायद रचनात्मक कर्म कमै हुन्छ र प्रत्येक पुस्ताको जुनि पूर्व-तनको ध्वंसमा धेर आफ्ना योगदानमा कम केन्द्रित हुँदै भग्नता मात्र हात लाग्छ । यदि सामान्य जीवनमै पनि अश्रद्धाले परिवारलाई, सामाजिक सम्बन्ध सूत्रलाई र राष्ट्र तथा राष्ट्रिय प्राप्तिलाई कुण्ठित तुल्याउँछ भने त्यो स्थिति कति कति भयावह होला जब मूल श्रद्धामै अर्थात् जीवनप्रतिको श्रद्धा र सम्मानमै खग्रास ग्रहण लागी अश्रद्धाको बोलवाला हुन्छ ?

हो; श्रद्धाका निम्ति श्रद्धेय अपेक्षित हुन्छ, श्रद्धाको पात्र चाहिन्छ । परन्तु श्रद्धेयता दुई किसिमले निर्णीत हुन्छ निरपेक्ष र सापेक्ष । आमाप्रति श्रद्धा निरपेक्ष रहन्छ; हामी आमाप्रति श्रद्धा गर्छौं किनभने आमा भन्ने कुरो स्वतः श्रद्धेय हुन्छ । त्यस्तै हामी शिशुहरूप्रति श्रद्धा गर्दछौं र स्नेह गर्दछौं; किनभने 'शिशु' भन्ने कुरो

नै श्रद्धेय हुन्छ त्यस्तै बूढाबूढीप्रति हामी श्रद्धा गर्दछौं, किनभने ती स्वतः श्रद्धेय हुन् । हामी आफ्नो देशलाई प्यारो ठान्छौं, र श्रद्धा गर्दछौं किनभने हाम्रो पार्थिव आधार र हाम्रो स्थूल उपाधि यही हो; यो श्रद्धा पनि निरपेक्ष र स्वतः श्रद्धा हो । श्रद्धा एउटा विशेष मनोराग हो; कैयौं कुरामा त्यो हुन्छ, स्वतः हुन्छ । यदि सो भएन भने अश्रद्धाको मनोरोग पस्यो भन्ठान्नुपर्दछ । श्रद्धाको यो रूप निरपेक्ष सामान्य रूप हो, कारण व्याख्याउन सकिने भए पनि मोटामोटी दृष्टिले यो श्रद्धा लगभग निष्कारण र सहज स्वाभाविक अनुभव हुन्छ । सापेक्ष श्रद्धा चाहिं स्पष्ट विशेष गुण तथा तिनका कारणले गर्दा विकसित हुन्छ । हामी अरनिकोप्रति, अंशुवर्माप्रति, नागराजप्रति, रामशाहप्रति, श्री ५ पृथ्वीनारायणशाहप्रति, भानुभक्तप्रति, शुक्रराज शास्त्रीप्रति, अथवा लक्ष्मीप्रसाद देवकोटाप्रति जो श्रद्धा गर्दछौ त्यो गुणविशेष र त्यसैले गर्दा कारणविशेषमा आधारित छ र यसलाई सापेक्ष श्रद्धा भन्न सकिन्छ । यस्तो श्रद्धा त्यतिखेर प्रचुर रूपमा हुर्कन्छ, जतिखेर प्रचुर रूपमा श्रद्धाका पात्र अथवा श्रद्धेयहरू हुन्छन् । परन्तु जब अश्रद्धाको कीटाणुले कुनै समाजमा र जमानामा प्रवेश गर्दछ, त्यतिखेर कमलपित्तको रोगीले देखे जस्तै संपूर्ण वातावरण अश्रद्धाले पहेंलिन्छ । वस्तुतः जब श्रद्धाको ह्रास र अश्रद्धाद्वारा कुनै वातावरण आक्रान्त रहन्छ, त्यहीं अश्रद्धेयहरू प्रकट हुनु कठिन अनुभव हुन्छ । अवश्यै श्रद्धेयहरू भएमा श्रद्धा बढ्ने र श्रद्धा व्याप्त भएमा श्रद्धेयहरू बढ्ने अन्योन्याश्रित सम्बन्ध झल्कन्छ, तैपनि वस्तु वा पात्र स्वयं कति श्रद्धेय छ भन्नु भन्दा श्रद्धा कति छ त्यसै अनुसार वस्तु वा पात्र श्रद्धेय देखा पर्ने कुरो पनि उत्तिकै टड्कारै छ । खुट्टा तान्ने परम्परा जब प्रबल हुन्छ र अश्रद्धाद्वारा राष्ट्रिय वातावरण नै जब विषाक्त हुन्छ, सम्भवतः त्यति खेर श्रद्धेयहरू कमै देखा पर्दै जालान् । चरित्रहत्या जुन युगको लक्षण हुन्छ, अश्रद्धाद्वारा डामिएको त्यस देशकालमा श्रद्धेयहरू निक्लन गाह्रो हुन्छ, अनि भएकै श्रद्धेयहरूको पनि श्रद्धा ह्रास हुन्छ । त्यसैले श्रद्धेयहरू विना र अझ श्रद्धाको नजर विना कुनै देश, समाज, भाषा, कला, साहित्य वा संस्कृति उँभो लाग्न सक्तैन । जब जीवनकै उपर दुर्वाच्य बोल्दै यसैप्रति श्रद्धा र सम्मान जहाँ गरिन्न त्यहाँ श्रद्धाको व्यापक उपयोग कति सम्भव होला ?

आजको नेपाली समाजको मूल रोग बढ्दो अश्रद्धाको विषवृक्ष हो । अश्रद्धाको अन्तर्राष्ट्रिय लहरले हामीलाई गाँज्दै छ र विकासशील प्रारम्भिक पाइलैमा अश्रद्धा रोगले नेपाली मानसिकता धूमित भइरहेको अनुभव हुन्छ । हामी हाम्रो जीवन कर्ममा र सृजनामा अनि आफ्ना सन्दर्भमा अश्रद्धाग्रस्त हुँदै गएको पूर्वलक्षण सायद प्रकट भइरहेछ । यतिखेर श्रद्धाका पक्षमा चिच्याउनुपर्ने अनुभव हुन्छ—श्रद्धा ! श्रद्धा ! श्रद्धा ! हो, अवश्यै अन्धश्रद्धा र अतिश्रद्धाका खतरा छन् अनि रूढीबूढी

र कुरीति तथा अन्धविश्वासका विरुद्ध भिड्नुपर्ने सुधारवादी अपेक्षा काँचै छ; तैपनि अन्धअश्रद्धाका वेगले जसरी हामी जीवनप्रति, देशप्रति, समाजप्रति अनि कर्म र सृजनाप्रति अश्रद्धाग्रस्त हुँदै छौं, त्यस सन्दर्भमा चाहिँ दोहोऱ्याई दोहोऱ्याई बोली राख्नैपर्ने अनुभव हुन्छ—श्रद्धाका पक्षमा ! म पुनः प्रश्न गर्दछु—के श्रद्धा विउँति-एला ? के श्रद्धा फेरि फर्कला ?

□

: ३५ :

बाहिरबाट नेपाल हेर्दा

यादव खरेल

नेपाली जहाँ जहाँ जान्छ आफूभित्र एउटा सिङ्गो नेपाल बोकेर जान्छ, हर श्वास-प्रश्वास, हर सोचाइ र हर क्रिया ।

म लण्डनमा छु, अंग्रेजहरूको मुलुकमा । तर पनि म आफूभित्र एउटा सानो नेपालको अनुभव गरिरहेछु । कोठामा हेर्नुहोस्—बुद्धको सानो मूर्ति छ, नेपालको नक्सा छ, स्वयंभू र न्यातपोलको तस्वीर छ, नेपाली टिकट र नेपाली सिक्काहरू छन्, हिमाल र हरिण भएको शुभ कामना-पत्र छ । यी सबलाई ऐनाको दराजमा सजाएर राखेको छु मैले । अर्को पट्टि टेबलमा दुइटा याक जुधिरहेको मुद्रामा उभिएका छन् । ड्रेसिङ टेबलपट्टि फर्कनुस्, सक्कली ढाका र भादगाउँले टोपी देखा पर्छ । अंग्रेजहरूका मुलुकको यो कोठामा कसैले पनि पसेर हेऱ्यो भने एकै हेराइमा ऊ भन्न सक्छ—"यहाँ कुनै नेपाली बस्दो रहेछ ।" ठीक हो, मैले यहाँ एउटा सानो नेपाललाई संयोजन गरेर राखेको छु ।

मेरो मिडियम वेभमात्रै आउने रेडियोबाट गीत आइरहेछ—वाविजो······वाविजो······। म टेलिभिजनमा टप् अफ दी पप्स् हेर्छु—एल्भिस र रोलिङ्स्टोन्स्, इक्वेलस् र बिटल्स्ले गाएको सुन्छु। तर मलाई कहीं पनि छुंदैन—न सङ्गीतले, न गीतले न स्वरले, एक किसिमको वकवास जस्तो लाग्छ। म नेपाली गीत खोज्दै हिंड्छु—पुरणकहाँ जान्छु, ईश्वरीकहाँ जान्छु। केदारदाइकहाँ जान्छु। कोठामा आएर मागेर ल्याएको टेप वजाउँछु—शान्ति ठटालको स्वर गुन्जन्छ—कति कति रातलाई सखार भनिदिएँ······नारायण गोपाल वोल्छ–तिमी भन्दछौ यो जिन्दगी····। मलाई बिटलस् रोलिङ्स्टोन्स्ले भन्दा तारा र अम्बरको स्वरले छुन्छ, नातिदाइ र शिवको सङ्गीतले प्रभावित पार्छ।

म गएको नेपालीको डेराको मित्ताका मेरो आंखा नेपालको मानचित्र खोज्छ, दराजमा "नाटिका" को ठाउँमा बुद्धको मूर्ति खोज्छ, हिमाल र पशुपतिको तस्वीर खोज्छ। तर त्यस्तो सबै ठाउँमा पाइँदैन। मलाई भन्न मन लाग्छ—"यहां बुद्धको मूर्ति, नेपालको मानचित्र र पशुपतिको तस्वीर हुनैपर्थ्यो।" तर शिष्टाचारको नाताले म केही पनि भन्न सक्तिनँ, केवल आफैंमा टोलाउँछु।

हो, मैले यहां विदेशमा आएर धेरै पल्ट आत्महीनता वोधको अनुभव गरेको छु, अनि कति पल्ट आत्मगौरवको। मेरा यी दुवै किसिमका वोधहरूको पछाडि केवल एउटै चीज छ—नेपाल। केवल नेपाल।

म होटल कोर्टिल्याण्डमा वसेको छु। ब्रेकफास्ट् खान तल-डाइनिङ हलमा आउँछु। ब्रेकफास्ट् आउन ढीला छ। एउटी यूरोपेली केटीसँग कुरो हुन्छ। ऊ मलाई सोध्छे—"तिमी कहाँबाट आएको ?

"नेपालबाट।"

ऊ एकछिन सोचाईको मुद्रामा वस्छे र सोध्छे—

"तिमी नेपालबाट आएका भए के भारतीय हौ ?"

के रे ?—म थाहै नपाई एकाएक उत्तेजित हुन्छु। म उत्तेजित भएको देखेर ऊ सकपकाउँदै मसँग माफी मान्छे। मलाई रीस उठ्छ त्यो बेवकूफ केटीसँग जसलाई नेपालजस्तो एउटा स्वतन्त्र मुलुकको विषयमा पनि केही थाहा छैन। आफूलाई संयत गरेर म उसलाई सम्झाउँछु—"नेपाल भनेको एउटा प्रभुसत्तासम्पन्न मुलुक हो, त्यसैले म नेपाली हुँ, भारतीय हुन सक्तिनँ।"

ऊ आफ्नो अज्ञानमा फेरि मसँग माफी मान्छे। म ब्रेकफास्ट्को कफी पिउँदै छु। अविकी ठिटीको प्रश्न वरावर मेरो दिमागमा ठोकिइरहन्छ—"नेपालबाट आएका भए के तिमी भारतीय हौ ?" घोरिएर सोच्छु—यो केटीको कुनै भूल छैन। हामीसँग यस्तो छ नै के र ? जसबाट उसले नेपालको विषयमा थाहा पाओस्।

हामीसँग भएको त्यत्ति न हो—एउटा हिमाल र भिक्टोरिया क्रस पाउने केही गोर्खा सिपाहीहरू ! र म आफैंसँग मुरमुरिन्छु-किन मसँग केही छैन, केही छैन ! खालि एउटा हिमाल, बुद्ध र गोर्खा सिपाही बाहेक ? मसँग यसको कुनै उत्तर छैन ।

म अहिले ट्यूब स्टेशनमा टूरूलसँग हिंडिरहेको छु । ऊ एउटा तुरकी केटो, लण्डन विश्वविद्यालयमा म्याट्यारियोलजिकल इञ्जिनियरिङ पढ्न भनेर आएको । हिंड्दा हिंडँदै इस्केलेटर (आफैं चिप्लेर सर्ने भऱ्याङ) आइपुग्छ । हामी इस्केलेटरमा उभिन्छौं । तल स्टेशनमा ओलेंदा टूरूल मलाई एकाएक सोध्छ—'तिम्रो नेपालमा यस्तो इस्केलेटरको चल्ती छ ?'

म अकमकाउँछु, कसरी यसलाई भनूं नेपालका कतिपय घरहरूमा साधारण भऱ्याङ पनि छैन, काठको मुडामा खोपेर भऱ्याङ बनाएको हुन्छ भनेर । एकाएक मलाई काठमाडौंमा नेपाल व्यांकको नयाँ ठूलो घरमा भएको लिफ्ट्को सम्झना आउँछ । म विलकुल स्वाभाविक ढङ्गबाट उसलाई भन्छु—"अँ, इस्केलेटरका चल्ती त छैन हामीकहाँ, तर लिफ्ट्, भने छ ·····मेरो भनाइको मतलव······नयाँ वनेका घरहरूमा । पुराना घरहरूमा त यहाँ लण्डनमा पनि तिमीले देखिहाल्यौ लिफ्ट् छैन।" यतिञ्जेलमा हामी इस्केलेटरबाट निकै तल ओर्लिसकेका हुन्छौं । ह्वाट्ट हामी दुवैको आँखा भित्तामा पेन्ट गरेको रङ्गीन टेलिभिजनको विज्ञापनमा पर्छ । टूरूल मलाई भन्छ—"हेर, मेरो देश टर्कीमा टेलिभिजनका ३ च्यानल छन् र चाँडै हामी पनि कलर टेलिभिजन सुरू गर्दैछौं । यति भनी सक्दा-नसक्दा ऊ एउटा प्रश्नको झटारो हान्छ मलाई—'हिमीकहाँ टेलिभिजन छ कि छैन ?'

मलाई ठाडै छैन भन्न लाज लाग्छ । ह्वाट्ट, केही वर्षअगडि स्वीस हो कि कुन कम्पनीले हो बागजारमा टेलिभिजन कम्पनीको साइनबोर्ड् टाँगेको सम्झना आउँछ । मलाई उत्तर दिन यसले ठूलो सहायता दिन्छ—"हेर, हामीले टेलि-भिजन राखिसकेका त छैनौं, तर टेलिभिजन 'इन्स्टलेसन' को प्रारम्भिक सर्भेक्षण आदि सवै कामहरू टुङ्गिसकेका छन् र मलाई आशा छ, हामीकहाँ चाँडै टेलिभिजन सुरू हुन्छ ।" आफ्नो उत्तरदेखि म आफैंलाई सन्तोष लाग्छ । म सोच्छु—यसले मेरो मुलुकसम्वन्धी हेय धारणा त वनाउन पाएन ।

अंग्रेजी कक्षामा म एक जना अंग्रेज शिक्षकले पढाएको सुनिरहेको छु । यो कक्षामा इटली, वेल्जियम, थाइल्याण्ड्, फ्रान्स्, स्विटजरल्याण्ड्, ग्रीस, जापान, स्पेन, हङ्गेरी, जर्मनी र नेपाल गरेर ११ मुलुकका १२ जना विद्यार्थी पढ्छौं । पढाइको अन्त्यमा शिक्षक मलाई र बेल्जियमकी केटीलाई आपनो, आफ्नो देशको सम्वन्धमा अर्को दिन वोल्ने प्रस्ताव राख्दछिन् । यो प्रस्ताव सुनेर म उत्साहित र

खुशी हुन्छु, आफ्नो देशको विषयमा विभिन्न मुलुकका विद्यार्थीहरूका अगाडि केही बोल्ने मौका पाएकोले। बोल्ने समय २० मिनेटमात्रै दिएकोले मलाई अलि अप्ठ्यारो पर्छ। के के मात्रै बोलुं? मसँग भन्ने कुरा धेरै छन्, म आफ्नो देशको विषयमा ज्यादाभन्दा ज्यादा कुरा यिनीहरूलाई सुनाउन चाहन्छु। भोलिपल्ट म नेपालको विषयमा सगर्व भनिरहेको हुन्छु—"हेर, म त्यो देशको मानिस हुँ जुन देश कहिल्यै पनि परतन्त्र भएन। हामीले कहिल्यै पनि कुनै साम्राज्यको अधीन बस्नुपरेन।"

जर्मन केटी मिस स्विटी शङ्का उठाउँछे—'तर भारत त वृटिश साम्राज्य-अन्तर्गत थियो।'

म भन्छु—"हो, भारत थियो। तर नेपाल कहिल्यै पनि वृटिश साम्राज्यको अधीन भएन। वृटिश साम्राज्यमा कहिल्यै घाम अस्ताउँदैन भन्ने भनाइ प्रचलित भएको बेलामा पनि हाम्रो देश स्वतन्त्र थियो।"

इटलीको केटी मिस लीयोनी सोध्छे—त्यसोभए तिमीलाई तिमीले कहिल्यै पनि अरू देशको अधीनमा रहनुपरेन भन्ने कुरामा गर्व लाग्दो होला?'

"जरूर गर्व लाग्छ, यो वास्तवमा जो कसैलाई पनि गर्व लाग्ने कुरो होइन र?"

इटलीकी अर्की केटी मिस फुसाइला फेरि शङ्का उठाउँछे—'सायद तिमीहरूले कसैसँग पनि लडाइँ गर्नुपरेन होला।'

म रवाफिलो ढङ्गबाट, मानौं कुनै युद्ध विजयको घोषणा गरे झैं भन्छु—"हेर, मेरो देशले अंग्रेजसँग लडाइँ गऱ्यो, तिब्बतसँग लडाइँ गऱ्यो।"

'अंग्रेजसँग?, सबै विद्यार्थीहरू अनुहारमा प्रश्न लिएर मपट्टि हेर्छन्।

"हो, हामीले ब्रिटिश भारतसँग युद्ध गऱ्यौं, तर पनि आफ्नो स्वतन्त्रता कहिल्यै गुमाएनौं।,'

सबै जना आँखामा प्रशंसा र आश्चर्य लिएर मलाई हेर्दछन्। म अनुभव गर्छु—मानौं कुनै युद्ध जितेर घर फर्किरहेको छु।

अँ, साँच्चि, अस्ति वादविवादको कक्षामा 'युद्ध र स्वतन्त्रता' सम्बन्धी प्रश्न उठ्यो। एकजना कोरियाको विद्यार्थी मिस्टर ली ले (उसले कोरियाको युद्धमा भाग पनि लिएको थियो) युद्धसम्बन्धी आफ्नो अनुभव र स्वतन्त्रताको महत्वमा बोल्यो। म चाख लिएर लीले भनेको सुन्दै थिएँ, हाम्री आस्ट्रेलियाली गुरू श्रीमती मेरियुटले मलाई सोधिन्—'तिम्रो परतन्त्रता सम्बन्धी अनुभव कस्तो किसिमको छ?'

मैले हाँसेर भनें—"हेर, मेरो देश जन्मेदेखि नै स्वतन्त्र थियो र अहिले पनि छ। त्यसैले परतन्त्रताको मलाई कुनै अनुभव नै छैन।"

"कति राम्रो !" मेरियुटले मेरो वाक्य पूरा हुन नपाउँदै उद्गार व्यक्त गरित् ।

मलाई लाग्यो—मेरो देशको आर्थिक स्थिति, शैक्षिक स्तर जे जस्तो भए पनि, मेरो देशको इतिहासमा एउटा यस्तो कुरो पनि छ जसलाई म सगर्व यिनीहरू सबको सामू घोषणा गर्न सक्छु—'मेरो देशले कहिल्यै पनि आफ्नो स्वतन्त्रता गुमाएन ।"

मेरो चेतन मनले जे सोचिरहे पनि सुषुप्त मनस्थितिमा नेपाल रहिरहेको हुन्छ । म कुनै झर्ना देख्दा सुन्दरीजल सम्झन्छु, कुनै नदी देख्दा यमुना वा गङ्गा सम्झनुको सट्टा मेरो मानसपटलमा कोशी र गण्डकीको चित्र आउँछ । भूमध्य सागरको नीलो स्वच्छ पानी र डोभरको इङ्लिश च्यानलमा मेरो आँखा कताकता सुनकोशी र त्रिशुलीको छायाँ हेर्न खोजिरहेका थिए । कुनै म्युजियममा जाँदा, चिडियाखानामा जाँदा, दर्शनीय स्थलमा जाँदा म नेपाल खोजिरहेको हुन्छु—नेपालको नाम, नेपालको चिन्ह, जे भए पनि नेपाल चिनाउने, नेपाल सम्झाउने कुरा ।

चौधरी, श्याम र म भर्जेनिया वाटरको किनारामा बसेर एक टक हेरिरहेका छौं—तीनतिर हरिया रूखहरूले ढाकेको नीलो, स्वच्छ लेकलाई । म एकाएक भन्छु—"श्यामजी, यो लेक कता कता हाम्रो फेवाताल जस्तो लाग्छ ।"

"हो, मलाई पनि फेवातालको सम्झना आयो" श्यामजी भन्नु हुन्छ ।

म आफ्नो सुरमा भन्छु—"तर यो फेवाताल जति राम्रो छैन । यसमा हरियो डाँडो छैन, रूखले मात्र ढाकेको छ ।" श्यामजी सहमतिमा टाउको हल्लाउनु हुन्छ, चौधरी हाम्रो कुरो नबुझेर अनुहारमा प्रश्नचिह्न लिएर हामीपट्टि हेर्छन् ।

अहिले पुस्कर, रायमाझी र म प्राकृतिक इतिहास संग्रहालयको भव्य र कलात्मक (तर ध्वाँसो लागेको जस्तो कालो) भवनको ढोका अगिल्तिर उभिएका छौं । अहिले मेरो दिमागमा नेपाल सम्बन्धी वा यो म्युजियम सम्बन्धी कुनै पूर्वाग्रह छैन । म्युजियम डार्बिनको विकासवादको प्रदर्शनवाट सुरू हुन्छ । हेर्दै हेर्दै, जनावरहरू प्रदर्शन गरेको ठाउँमा पुग्छौं । अल्टामिराको गुफामा कोरिएको प्राचीन जानवर वाइसन देखि लिएर न्याउरीमूसोसम्म जिउँदैको जस्तो स्थितिमा राखिएको छ । प्रत्येक जानवर राखेको ठाउँमा त्यो जनावर कुन मुलुकको हो भन्ने पनि लेखिएको छ । यूरोप र मध्यपूर्वका धेरै मुलुकहरूका जानवरहरू छन् । दक्षिणपूर्वमा पनि बर्माको जनावर छ, भारतको हात्ती छ । "यहाँ नेपालको पनि जनावर हुनुपर्ने"—म नेपालको नाउँ खोजिरहेको छु । एकाएक देब्रेपट्टि भित्तामा ठूलो याक

देखा पर्छ । "यो जरूर नेपालको हुनुपर्छ" मेरो उत्सुकता झन बढ्छ । निहुरिएर देशको नाम पढ्छु—"तिब्वती याक" लेखिएको छ, म खिसिक्क पर्छु ।

अहिले हामी तेस्रो तलामा छौं । यहाँ कृषिसम्बन्धी कुराहरूको प्रदर्शन गरिएको छ । नेपाल पनि कृषिप्रधान देश, यो खण्ड अलि राम्ररी हेर्नुपर्छ—हिंड्दा हिंड्दै म सोचिरहेको हुन्छु । यहाँ वेलाइतमा भएको क्रमिक कृषि विकास देखाइएको छ, सोह्रौं शताब्दीभन्दा अगाडिको खेती गर्ने तरीका र प्रयोग गरिने कृषि औजारको साथै हालको यान्त्रिक खेतीको समेत प्रदर्शन गरिएको छ । एकापट्टि कुनामा कृत्रिम तरीकाले मेशिनबाट गाईको दूध दुहिरहेको देखाइएको रहेछ । यो दृश्य निकै आकर्षक छ । म टोलाएर हेर्छु—आँखा अघिल्तिर धमिलो छायाँ आउँछ—गोठमा घुँडाले गबुवा र ढुङ्ग्रो च्यापेर दूध दुहिरहेको दृश्यको । अझ अगाडि जान्छौं—मानिसले हलो जोतिरहेको दृश्य आउँछ । कागजमा "१८ रौं शताब्दीमा प्रयोग गरिने हलो" भनेर लेखिएको छ । यो हलो हामीले अहिले प्रयोग गर्ने गरेको हलो भन्दा राम्रो छ । म रायमाझीसँग भन्छु—"हामी अहिले पनि १८ रौं शताब्दीमा छौं हगि ?"

"हो, धेरै पछि छौं ।"

हामी तला उक्लदै जान्छौं—बग्गी, मोटर, रेल, पानीजहाज र सञ्चारका साधनहरूको साथै सौर्य मण्डल र हवाईजहाज अनि रकेटसम्मको प्रदर्शन विस्फारित आँखाले हेर्दै जान्छौं । यिनीहरूको विकाश देख्दा कताकता अत्यास लागेर आउँछ । पछि म्युजियमको, ढोका बाहिर निस्कँदा म सोचिरहेको हुन्छु—कहाँ यो म्युजियम, कहाँ हाम्रो छाउनीको म्युजियम ?

अहिले पुष्कर र म शाही वनस्पति उद्यानभित्र छौं मूलढोकाबाट भित्र पस्नेबित्तिकै बगैंचाको नक्सा राखिएको छ । बगैंचा सार्है राम्रो र ठूलो छ दिनभरिमा पनि एक जनानाई राम्ररी घुम्न धौ धौ पर्ला जस्तो । हरियो चउर, रङ्गिचङ्गी फूलहरू, हरिया अग्ला रूखहरू, बीच बीचमा साना साना पोखरीहरू र हिंड्ने जति ठाउँमा कालो पिचले गर्दा बगैंचाको सुन्दरता धेरै बढेको छ । घुम्दै घुम्दै ऐनाका तापनियन्त्रित ठूला घरहरू नजिक आइपुग्छौं । यी घरहरू भित्र विभिन्न मुलुकबाट ल्याइएका विभिन्न किसिमका हावापानीमा हुने विरुवाहरू, तापक्रमलाई नियन्त्रण गरेर राखिएका छन् । "यहाँ नेपालका विरुवाहरू पनि होलान्" भन्ने सोच्छु । गुराँसको बोट देख्छु देब्रेपट्टि लङ्को कुनामा, हत्तपत्त गएर हेर्छु त अर्कै मुलुकको नाममा दर्ता भएको ।

हामी बगैंचाको अर्को भागपट्टि जान्छौं, टाढैबाट प्यागोडा शैलीको रातो छानो देखा पर्छ । कता कता यससँग आत्मीयताको अनुभव गर्छु म । हामी रातो

छानो खोज्दै घुम्छौं । बल्ल बल्ल फेला पर्छ । यो सँगसँगै प्यागोडा शैलीको एउटा सानो मन्दिर रहेछ, बुद्धको मूर्ति भएको । यो जापानले उपहार दिएको रहेछ संयुक्त अधिराज्यलाई । मलाई गर्व लाग्छ—"यो त नेपाली हो ।"

अहिले हामी रन्नीमिडोमा छौं । ठूलो चउर छ, देब्रेपट्टि टेम्स्नदी शान्त मुद्रामा बगिरहेको छ । साप्ताहिक बिदामा आउनेहरू नदीको किनारामा मोटर अड्याएर नौका विहार गर्दैछन् । चउरको दाहिनेपट्टि हरिया रुखहरूले ढाकेको अलि विस्तृत भूभाग छ । हामी त्यही भूभाग तर्फ लाग्छौं—म्याग्नाकार्टा हेर्न । यो ऐतिहासिक स्थल, बेलाइतका जनतालाई राजाले अधिकार दिएको ठाउँ हो । यहाँ विशेष केही छैन, म्याग्नाकार्टाको प्रतिलिपि राखिएको छ र एउटा छानो हालेर बनाएको झ्यालढोका नभएको पाटी जस्तो सानो घर छ । यसको दाहिनेपट्टि अवस्थित "केनेडी मेमोरियल" हेर्दै हामी माथितिर चढ्छौं वायु सैनिक स्मारक हेर्न । यो वायुसेनाका हजारौं शहीदहरूको समाधिस्थल, यहाँ बिलकूल शान्ति छ, समाधिस्थल जस्तै । चउर पार गरेर एउटा ठूलो चोक भएको घरभित्र पस्छौं । यहाँ बाट लण्डनको धेरै भाग हेर्न सकिन्छ । यहाँ वायुसेनाका विभिन्न मुलुकका शहीदहरू (जसले संयुक्त अधिराज्यको लागि बलिदान दिए) को नाउँ सम्बन्धित देशका राष्ट्रिय झण्डाको साथसाथै ढुङ्गामा खोपिएको छ । विश्वयुद्धमा भी. सी. पाउने नेपालीहरू, हामीले अरूको लागि धेरै रगत बगायौं । कतै नेपाली नाउँ पनि छ कि भनेर (वायु सेनामा पनि ?) ढुङ्गैपिच्छे हेरें, तर रहेन छ ।

भैगो, अब प्रसङ्गलाई ज्यादा नलम्ब्याऊँ । किनभने नेपाल बाहिर पढ्न आउने विद्यार्थीहरूको दैनिक जीवनमा घट्ने यी साधारण घटनाहरू हुन् । र सायद यी घटनाहरूको मेरो लागि कुनै महत्व पनि हुने थिएन होला, यी घटनाहरूले मेरो हृदयलाई नचिमोटेको भए, मेरो देशभक्तिको भावनाको तीव्रतालाई नछोएको भए र मेरो 'अहं' माथि आघात नगरेको भए । यहाँ चिडियाखानामा राखेको गैंडामा अनि खुकुरीमा भारतको नाम देख्दा, बुद्धलाई भारतीय भनेको सुन्दा मलाई मेरो सम्पत्ति कसैले खुलेआम आफ्नो पारेकोजस्तो लाग्छ । "नेपालबाट आएका भए भारतीय हौ त ?" भन्ने विदेशीको प्रश्नको आघातले मेरो 'राष्ट्रीय अहं' मर्माहत हुन्छ र मलाई ठूलो ठूलो स्वरले चिच्याउन मन लाग्छ—नेपाल कहाँ छ ? नेपालको आवाज कहाँ छ ? के नेपाल र नेपाली खालि मेची र महाकालीको परिधिसम्ममात्रै सीमित छन् त ? ? ?

□

: ३६ :

अब मेरो क्यासेट खुल्छ

राजेन्द्र सुवेदी

●

हिजो आज मसँग एउटा झोला अटूट रहन्छ । झोला भित्र कलम र नोटबुक बाहेक एउटा क्यासेटप्लेयर हुन्छ । यो सुट्टुक्क भन्नुपर्ने कुरा खोलिदिएँ—तपाईं गम्भीर खालको मान्छे हुनुहुन्छ भनेर । अँ, नयाँ खाले साहित्यकार भेट्टाए म झोलाबाट नोटबूक र कलम निकाल्छु र थाल्छु खोरान गर्न । त्यस्तै कुनै पुराना खाले साहित्यकारहरूको जमघट भेट्टाए वा त्यस्तो आयोजित कार्यक्रम फेला पारे थाल्छु क्यासेट भर्न । यस्तै क्रममा एक दिन एउटा रमाइलो कार्यक्रमको क्यासेट भर्न पाएँ । तर त्यो क्यासेटमा भरिएको विषय दुइ चार जना विद्वान्का प्रतिक्रिया सहित प्रकाशमा आओस् भन्ने हेतुले म एउटा सानो कार्यक्रम आयोजना गर्दछु । यो विषय नयाँ खाले साहित्यकारका सामु पुग्दा चखिलो होस् भनेर एक बेलुका चार जना विद्वान्लाई बोलाउँछु ।

जाडोको याम, साँझ पख, मेरो साँगुरो कोठा सुत्ने बेला भएको भए पनि

केटाकेटीलाई भान्छा कोठामा पठाउँछु । चारपाटेको कसिगर टक्टक्याउँदै श्रीमतीलाई भन्छु, 'ऐले यहाँ चार जना मान्छे आउँछन्, दुई घण्टा जति गफ हुन्छ, तिमीले दुई पल्ट चिया र बीचमा एक पल्ट भटमास र नून खोर्सानीको अचार ल्याउनू ।' यति भनिसक्दा नसक्दै आमन्त्रितहरू मेरो नाम लिंदै ग्वार्ग्वार्ती पस्छन् । मैले नमस्कार गरें । सबैले प्रति नमस्कार गरे । तर एक जनाले गम्भीर स्वरमा भन्नुभयो—'बहिस्कार ।' त्यतिखेर उहाँ मेरो करांसैको घरमा डेरा गरेर बस्नुहुन्थ्यो र उहाँलाई राम्रै थाहा थियो—आजको मेरो भट्मासे आयोजनाको । मैले श्रीमतीलाई उहाँ-हरूको परिचय त गराउनैपर्‍यो । अनि भन्छु—'उहाँ वासुदेव त्रिपाठी हुनुहुन्छ ।' श्रीमती नमस्ते गर्छिन् । 'यहाँ चाहिं तारानाथ शर्मा' भन्छु । उनी नमस्ते गर्दै भन्छिन् जमर्कोवाला उहाँ नै ?' तारानाथ शर्मा भन्नुहुन्छ; 'नमस्तेवाला पनि मै हुँ ।' मोहन-राज शर्माका पालामा त श्रीमती नै भन्छिन्, 'म चिन्छु, उहाँ त झप्पुसिंह डबल एम. ए. हुनुहुन्छ ।' ईश्वर वल्लभलाई पनि चिनाउँछु । चिया र भट्मास ल्याउने सङ्केतमा श्रीमतीतिर आँखा झिम्क्याउँछु ।

चिया आएपछि म एउटा प्रस्ताव राख्छु, 'मैले एउटा सानो साहित्यिक जमघटको क्यासेट भर्ने मौका पाएँ । त्यो सानो भए पनि औपचारिक किसिमको छ । तपाईंहरूलाई त्यही सुन्न बोलाएको । सुन्नुहोस् र आफूलाई लागेको कुरा भन्नुहोस् ।' सबै उत्सुकतासाथ भन्छन्, 'के छ त्यस्तो ? सुनौं न त । भन्नुपर्ने त भनौंला । खोल्दिनुहोस् त्यो अजीबको क्यासेट ।' क्यासेट खोल्नुभन्दा पहिले म फेरि त्यही प्रस्तावलाई जोड दिंदै भन्छु—'यस क्यासेटमा चार जना साहित्यकारका प्रवचन छन् र एक जना कवि त्यस प्रवचन कार्यक्रमका उद्घोषक र एक जना कवि सभा-पति छन् । उद्घोषक र सभापतिका वक्तव्य बारे केही भन्नु आवश्यक छैन । खालि चार जनाका प्रवचनलाई मात्र तपाईंहरू टिप्पणी गर्नुहोस् । अरू मुख्य प्रस्ताव के छ भने एक जनाको टिप्पणी एक जनाले मात्र गर्नु राम्रो होला । त्यसैले यहाँहरू चार जनाले वरु ककसको टिप्पणी गर्ने हो भन्नुहोस् ।' यत्तिकैमा तारानाथ शर्मा भन्नुहुन्छ; 'म त चिया भट्मास खान्नँ, वरु छिटो भन्नुहोस् ककसको प्रवचन छ त्यसमा ?' बीचैमा त्रिपाठी भन्नुहुन्छ, 'मैले कता कता सुनेको के भने ईश्वर बराल, भवानी भिक्षु, इन्द्रबहादुर राई र ध्रुवचन्द्र गौतमको हो ?' म भन्छु—'अवश्य ! तर तपाईंले कसरी थाहा पाउनुभयो ?' त्रिपाठीले जवाफ दिन नपाउँदै मोहनराज शर्मा भन्नु-हुन्छ, 'उहाँ ! छोडिदिनुहोस् । तपाईंले देखेको सपना पनि पत्ता लगाउनुहुन्छ ।'

तारानाथ शर्मालाई किनकिन हतार लाग्यो, एउटा नयाँ कुरो सुझाउनुहुन्छ; 'सुन्नुहोस्, गोला हालौं, जसका नाममा जो पर्छ त्यसैको टिप्पणी गरौं' भैहाल्यो ।' सबैको समर्थन पछि गोला खोलेर हेरियो, पहिलो टिप्पणी कर्ता ईश्वर बराल बारे

वासुदेव त्रिपाठी, भवानी भिक्षुमा मोहनराज शर्मा, इन्द्रबहादुरमा ईश्वर वल्लभ र ध्रुवचन्द्रमा तारानाथ शर्मा परेको। एक पल्ट सबै गलल्ल हाँस्छन्। म चाहिँ भन्छु, 'अब मेरो क्यासेट खुल्छ' अनि क्यासेट खोलिदन्छु। चियाका घुट्का सँगै भट्मास निल्दै उनीहरू सुन्न लाग्छन्। क्यासेट एक छिनको घ्यार्रपछि स्वाभाविक आवाजमा बज्न थाल्छ—

(उद्घोषण)—

भासै भक्ति कृति जानी कविता लेखन्या आफू ता सुवानन्ददास है।
आफू ता नेवारचा जाति, वेलामा किन लाउन पाउँथ्या पाती,
रामभक्ति कृति जानी भानुभक्त रामायण ज्ञानी,
आदिकवि अष्टदल आसन पड्काया है।
बिर्के टोपी सिर धरी, तम्रा सामु मुहुडा धरी
चौखुट्या कुर्सी बसी, गलामा पछ्यौरा कसी;
आजका सभापति भए है। (ताली बज्छ।)
एक छिनको घ्यार्रपछि क्यासेट स्वाभाविक रूपमा बज्न थाल्छ—
दिल्ली नगरीमा बसी, विद्यार्थी सामु मुहुडा धरी
साहित्यका पुराना, नयाँ पोथा छपाया है।
वेला वेला कान्तिपुरी आया रह्या है।
साहित्यका गद्य पद्य फराक्याउन्या कुरा सुनाउन्या विचार बताया है।
नामका ईश्वर बराल, कामका बडा चतुर ज्ञानी,
तम्रा सामु आया है।

(प्रवचन)—

सभापति महोदय, यस सभाका पर्यावरण भरी आसन्न महिमामय एवं बरेण्य-वर्ग ! यस सभाको महिमा स्तवन गर्न मेरो एकानन अक्षम छ। स्वकीय रिसंसाले यायावरीय वृत्ति वरण गर्दै आउँदा यस सुमौहूर्तिक पर्वको महत्वलाभ गर्ने स्पृहालु-हरूमा आफू समावेशन हुने मौका मिल्यो। यस सुअवसरमा वक्ता भएर उभिनुपर्दा म द्विधामनाक्लिष्ट किंवा अन्तर्द्वन्द्व परिमूढ भएको छु। मत्समक्ष उपस्थापन गरि-एका गाद्यिक र पाद्यिक सम्बन्धी मूलभूत अन्तरलाई व्यक्त गर्दा तपाईंहरूलाई द्विधा-भिभूत पार्ने मामकीय पण्डित्यपूर्ण अभिकथन, वाग्वैदग्ध्य एवं दार्शनिक चिन्तन व्यक्त गर्ने शैली विचारसघन एवं सूक्तिगर्भ दृष्टान्त प्रस्तुत गर्नु चाहन्नँ। म आफ्नो गाद्यिक विचार बढी सम्प्रेशणशील हुन्छ भन्ने परिपाठ उभ्याउन चाहन्छु। त्यसैले मेरा यस गद्यमा पनि भानुभक्तका पद्यमा झैं सम्प्रेषणीयता पाउनुहुनेछ।

पाद्यिक अभिकथन किंवा प्रस्तुतिमा भावघुर्णी अवस्थाको विवरिषु देखिन्छ—स्रष्टा; शैलीमा आवेगघन, ऊर्ज्वस्वल वर्चस्व, सूक्तिगर्भ दृष्टान्त देखिन्छ। गाद्यिक क्षेत्रमा स्रष्टा वर्णनको सारल्य रमणीय भावोद्यानको रन्तुमना देखिन्छ! रोमन्स किम्वा प्रेमाख्यान पनि दिइरहेको हुन्छ। गद्य औ पद्यका देश कालका इतस्तत: भ्राम्यमाण औ सञ्चरमाण मूल्यलाई पनि भुल्न सकिन्न। साहित्यका गाद्यिक एवं पाद्यिक दुवै फांटमा समधिकतया अधुनातन दशा, नवनवोन्मेषशालिनी एवं प्रतीकाश्रयी औ तथ्यावलीपूर्ण पर्यावरण सम्व्याप्त छ। साहित्य सिर्जनाका स्पृहालुहरूमा पुरातन युगदेखि अधुनातन युगसम्म गाद्यिक औ पाद्यिक पार्श्वमा घनीभूततम भावदशाका मूर्द्धाभिषिक्त मूल्यमा न जडिमा आउन पायो न त म्लानिमा नै।

कविभाव बढी भएको रचना गाद्यिक भए पनि पाद्यिक हो र कविभाव नभएको रचना पाद्यिक भए पनि गाद्यिक नै हो। कविभाव नभएको रचना केवल इतिवृत्त ठान्नु किम्वा स्रष्टाको आयुयापन ठान्नु राम्रो हुन्छ। स्मृतिसुखदता औ श्रुति सुखदता भए पनि कविभाव नभएको पाद्यिक रचना सफल मान्न सकिन्न। स्मृतिसुखदताका औ श्रुतिसुखदताका रचनामा भावप्रसूत अवस्थामा देखिन्छ। साहित्यको भावप्रसूत दशामा रसपिपासुले पूर्ण निमज्जन पाउँछ। मेरा पर्यावरण भरी अधिष्ठित सुश्रुषुहरूमा यस अभिकथनले जिज्ञासा र पिपृच्छाका भावहरू जगाउला भन्ने ठान्दै यस प्रवक्तृतालाई यही परिविरम गर्दछु।

म क्यासेट बन्द गर्दै भन्छु—'प्रवचन त राम्रै छ हो कि ?···' पूरा वाक्य पनि भन्न नपाउँदै तानाशर्मा मेरो मुखै बन्द हुने खालको जबाफ दिनुहुन्छ—'टिप्पणी आफैं गर्ने विचार भए यो भट्‌मास र चिया किन खर्च गरेको ? भन्नुहोस् त्रिपाठीज्यू, दपाईंको प्रतिक्रिया।' म नाजबाफ हुँदै अर्को क्यासेट खोल्छु। त्यसमा त्रिपाठीको टिप्पणी भरिन्छ। मेरो मुख रातो भए पनि म त्यतिखेर सम्ममा आश्वस्त भैसकेको हुन्छ। अनि भन्छु—सुन्नुनोस्, अब क्यासेट खुल्छ।'

(उद्‌घोषण)—

नामका भवानी भिक्षु, कविता, कथा, उपन्यास बनाउन्या इच्छु,
हामरा अघि पाउलाया है।
अकादमी महल पसी, लुंगी र धोतीका फुर्का कसी,
डनलपका चौकी वसी, कथा, कविता धेरै बनाया है।
आफना मुखले नेपाली भाषाका गुण सुनाउ है।

(प्रवचन)—

सभापति महोदय, परमपिता भनेर मान्छेले नाता पर्यन्त जोडेका ईश्वरका कृपाले मरणोपरान्त पनि तपाईंहरूको आगत भएर चियाउवा खाने, कविता, कथा-

लाप गर्ने समेतको मौकालाभ पर्यन्त गर्न पाएकामा हर्षविभोरित छु। कायक्लेश भुल्याउने अद्भूतगुणसम्पन्न तत्व मैले कथामा दिएको छु। त्यस्ता कथा मैले नेपाली भाषा पर्यन्तमा लेखेको छु। यसैले मलाई निमन्त्रणा गरिएको अर्थात् बोल्न समेत आग्रह गरेको पाएको छु।

नेपाली भाषा मेरी जननी होइनन्। विमाता हुन् भन्ने सबै पाठकमा बोध रहन पर्यन्त गएको भए पनि नेपानी भाषा-जननीबाट मलाई सौतेलो व्यहारपटुता देखाएकी छैनन्। नेपाली भाषा-जननीको सम्भ्रान्त भण्डारबाट मैले चाहेका सुस्वादु परिकार पर्यन्त पाएको छु।

निज भाषामा मैले तोतला बोली सिखें। हिन्दी भाषामा शिक्षा पाएँ।

कविता, कथा लेख्न नेपालीमा आएँ। यही प्रक्रियामा मलाई नेपाली भाषामा प्यार-दुलार मिल्यो। लोलोपोतो पाएँ। वैमातृत्वको व्यतिक्रम विशेष मबाट नरहन गएको नै छ। नेपाली भाषाका अरू लेखकहरू मेरा स्वजन रहन गएका पर्यन्त पाएँ। भाषा सेवा अपरिमित सेवा हो भन्ने भावले सिक्त हुँदै जाँदा भाषालाई भावको परिच्छद ठान्ने भएँ। मेरो प्राणप्रवाह यसै भाषामा उच्छ्वसित भएको पनि पाएँ।

नेपाली भाषा-जननीमा मैले नलेख्ने गरेको भए न मदनपुरस्कार पाउँथें न प्रज्ञापुरस्कार। यसै महिमालाई बुझेर तपाईंहरूले मलाई आफ्नो आगत बनाउनु-भयो। यसको आभारी पर्यन्न रहन गएको छु। मेरा कथन समाप्त भैसके तर व्यथा अझै रहिरहे। यति नै मेरो कथन छ। *

चालु क्यासेटलाई बन्द गर्दै भन्छु—'भाषा बारेको धारणा त भिक्षुको निकै राम्रो ::।' बीचैमा मोहनराजजी जंगिनुहुन्छ —'टिप्पणी गर्ने काम मेरो हो' भन्दै र पटापट आफ्नो प्रतिक्रिया ओकल्नुहुन्छ। म अर्को क्यासेट खोलेर घोसे मुन्टो लगाउँछु। म सम्हालिइसक्दा शर्माको टिप्पणी पनि सकिन्छ। त्यस क्यासेटलाई बन्द गरेर अर्को क्यासेट खोल्दै भन्छु—'सुन्नुहोस् अब फेरि मेरो क्यासेट खुल्छ।'

(उद्घोषण)—

नामका इन्द्रबहादुर, राईका जाति,
भारते नेपाली साहित्यका लाया पाती,
कान्तिपुरीमा आया है।

---

* यहाँ प्रयुक्त भाषाको नक्कल विशुद्ध साहित्यिक र चोखो हास्य मान्ने आग्रह छ। यसमा कुनै व्यङ्ग्य वा उपहास गर्ने उद्देश्य छैन।

—सम्पादक

आफूता नेपाली साहित्यका मोगलान्या तारा,
कथाका एकदुई कुरा सुनाउन्या विचार गऱ्या,
आफना आस्थाका कुरा सुनाउ है ।

(प्रवचन)—

सभापति महोदय, आफ्नो पारिचयिकता र भूमिकादि नभनीकन कथा र उपन्यासका मेरा आस्था प्रतिपादिता गर्दछु । कथा र उपन्यासमा पाइने जीवनका वस्तुतात्वहरू प्रति मेरो तादत्मिकता छ । मेरा आलोचनाका लेखहरू रचनाका आयतन प्रस्तुत गर्न उद्यतशिल्पी रहन्छन् । आस्थाका कुराहरू त्योहरू हुन्— म दैर्घ्य; प्रस्थ, घनत्व, त्रैआयामिक साहित्य सिर्जनुमा विश्वास गर्दछु । मानव-मनस्को कोणमा र टाढामा पुगेर याथार्थिक कुरा लेखिदिनु मेरो आभिप्रायिकता हो । त्योहरू आयामिक प्रयोज्यता भित्र सम्बन्ध हुन्छ । जुन रचनामा जीवनका स्वरिता सुनिन्छ त्योहरू सफल रचना हो ।

रचना पढ्दा विलगता र संलग्नता देखिन्छन् । जुनहरूमा संलग्नता बढी हुन्छ त्यो स्रष्टाको पारगौणितता हो । तीहरू पाउनु नसक्ता पाठकको विचार तिताउँछ । विचारमा अवरोधिता देखिनु थाल्छ । भावको स्वारूपिक अवस्था ग्रहण गर्नु थालेपछि रचनाले वस्तुतात्व पाउन थाल्दछ । यही पारभौतिक तहबाट साहित्यले सफलतात्व प्राप्त गर्दछ ।

सधैंमा अथवा सदामा विगत-आगत-अनागत आफैंमा घटित हुन्छ भनेर देखाउनु आयामिक साहित्यको काल सापेक्षता हो । यहींमा कहीं पनि आइपुग्नु सक्छ भने देश सापेक्षता हो । एउटै वस्तुतात्वमा सबैहरू अवभासित हुन्छ भने त्यो पात्रतात्व हो तर हिजुसम्मको साहित्य एक आयामिक वा द्वैआयामिक मात्र थियो । यो त च्याप्टो साहित्य हो । योहरूमा आन्तरिक धारणाका मूर्ततात्वहरू आउनु सक्तैनन् । आजुको साहित्यमा भने वस्तुतात्वका सबैहरू अवभासित हुन्छन् । यही साहित्यको सिर्जना हिजुसम्म हुन नसकेको थिएछ भन्ने कुरा थाहा पाएपछि आजु म बाट्लो साहित्यमा आस्था राख्नु थालेको छु ।

अन्तमा म एउटा नयाँ कुराको सूचितता पनि गरिहाल्छु--म हिजु आजु लीलालेखनतिर पनि लागेको छु । धन्यवाद !

म त्यस क्यासेटलाई बन्द गर्दै भन्छु--'राईले आफ्ना मात्र होइन, सबैका रचनालाई स्पष्टरूपले हेर्न……' वाक्य पूरा गर्न नपाउँदै त्रिपाठी--'ईश्वर वल्लभ पो टिप्पणी गर्नुहुन्छ त !' भन्न के लाग्नुभएको थियो, म वल्लभलाई संकेत गर्दै अर्को क्यासेट खोलिदिन्छु । वल्लभको टिप्पणी टेप हुन्छ । अनि उही पुरानो क्यासेट खोल्दै भन्छु--'अब फेरि मेरो क्यासेट खुल्छ ।'

(उद्‌घोषण)--

हामरा सामुन्ने एउटा कलिला तर धेरै छोटा लामा कथा लेखन्या,
ध्रुवचन्द्र गौतम आया है ।
समकालीन सन्दर्भ लेखन्या नाममा फुच्याफाच्याको चिडाया है ।
तम्रा सामु समकालीन साहित्यका कुरा ल्याया है ।
गौतमजी अब आफ्ना वचन सुनाउ है ।

(प्रवचन)—

सभापति र अरू विद्वान्‌वर्ग ! हेरियोस्—मलाई यहाँ पनि एउटा स्तम्भकै लेखक भनेर बोल्न दिइयो । यो नठानियोस् कि यहाँ पनि समकालीन परिप्रेक्षमा त्यतिकै बोल्न स्वतन्त्र भएर पाइन्छ । सिम्मा ! कुन त्यस्तो दिनमा त्यो स्तम्भ समात्न पुगिएछ ! जुन मरे-बाँचेका सबैलाई थाहा होस् । माने सोचियोस् समकालीन भन्नाले साहित्यको मात्र समकालीन सन्दर्भ बारे यस्तै यस्तै······बोल्छु । महिलादेखि पुरुष साहित्यकार, युवादेखि युवती साहित्यकार, बालदेखि बालिका साहित्यकार······यो ठानियोस् कि अब म वृद्धदेखि वृद्धा साहित्यकार पनि भनुँ (तर म त्यो भन्दिनँ) साहित्यको गतिविधिलाई निकै राम्रो दिशातिर बढ्न सकेका छन् ।

एक पल्ट समकालीन कविहरूको सन्दर्भ लिंदा मलाई निकै होहल्ला भयो । यो नठानियोस् कि त्यहाँ पक्षपात गरियो । हल्ला त यस निमित भयो कि मलाई (हंसलाल, वंसलाल आदिलाई) त्यहाँ पार्नु पर्थ्यो । खै हामी २०।२० वर्ष लेख्दा बल्ल बल्ल लेबलवाला भयौं । यिनलाई यति चाँडै लेबल चाहियो । उपन्यासको, कथाको बारेमा समकालीन साहित्य ध्रुवचन्द्रमा बढी चम्केको छ । यो नसोचियोस् कि ध्रुवचन्द्र समकालीन साहित्यमा व्यक्ति पनि चम्केको छ । मा टोक्ने ! पत्रिका पनि समयमा छपाएर हाम्रा कुरा ठाउँमा पुऱ्याउँदैनन् । समकालीन साहित्यमा आफ्नो चर्चा चैं ता 'रूपरेखा' र 'मधुपर्क' मै निस्कियोस् बा ! सर्कुलेट पनि त हुनुपऱ्यो ।

सिर्जना गर्ने गाह्रो, सिर्जना भयो, छपाउने पत्रिका पाउनै गाह्रो, पत्रिका पाइयो, सर्कुलेशन हुन गाह्रो । अब सोचियोस् सर्कुलेशन पनि भयो, पाठक पाउनै गाह्रो । तर मैले त्यसो भनिहालेको नठानियोस् । समकालीन साहित्यको अवस्था यसै परिप्रेक्षमा हेरियोस्·········· ।

म क्यासेट बन्द गर्छु र अर्को क्यासेट खोल्छु । मेरो कुनै संकेत नपर्खी तारानाथ शर्मा टिप्पणी गर्न लाग्नुहुन्छ । यस पल्ट कसैको केही भनाइ खान्नँ म ।

उहाँको प्रतिक्रिया सकिन्छ । म उही पुरानो क्यासेट खोल्दै भन्छु—'अब अन्तिम पटक मेरो क्यासेट खुल्छ ।'

(उद्घोषण)—

तिमी ता भानुभक्त सभापति, आजका प्रवचन सकन्या कुरा सुनाउ है ।
आफना विचार कहू, बोलन्या काम सिध्याउ है ।
दिनको बेला पनि घर्किन लाग्या है ।

(विर्सजन)—

स्वस्ति श्री साहित्य सिर्जनारत महापुरुषहरू मेरो अभिवादन, योग्येषु आशीर्वाद । उप्रान्त अरूले भन्दा सुन्छु । मैले आदिकवि पायाको कण्डापरि विरोध गरी उम्लन्छौ अरे भन्या सुन्छु । म स्वर्गबाट क्या गरूँ । म सधैं तिमीहरूसँग बस्न्यागरी आउन पायाँछु भन्या तम्रा ज्यानको आशा नराखी लात मार्न्याछु । तर तिमरूले भाषामा कविता गरेर लोकको हित गर्‍याका रह्याछौ भन्या म माया पनि गर्न्याछु । आजको थस बखानले निकै हित गर्‍याको जस्तो बुझ्याँ । यस्ता यस्ता पण्डितका जत्रा कुरा बुझ्न्या जन् भया भन्या मलाई खुशी लाग्याको छ । बेलाबेलामा मुकाम शिवपुरी कैलाशमा चिठी पठाई जानकारी गराई राखे । भाषा सेवाले लोकको हित गर्‍याका खबर मेरा कानमा पर्दै जाओस् । विज्ञेषु किमधिकम् । सभा यहीं विसर्जन गर्‍याको छु । (ताली बजेको आवाज)

क्यासेट बन्द गरेर टिप्पणीकारतिर हेर्छु—मलाई लाग्छ, अब यिनीहरू हिँडिहाले हुन्थ्यो । तर उहाँहरूले भन्नुभयो—'एक पल्ट हाम्रो टिप्पणी पनि क्यासेटबाट सुनौंन, कस्तो भएछ ।' मैले भनें—'यो केवल पूर्व खण्ड हो । तपाइँहरूको भनाइको पनि टिप्पणी गर्ने मान्छे तयार गरेर मात्र यो क्यासेट खोल्छु । आज तपाइँहरूले क्यासेटमा सुनेजति कुरा जेमा प्रकाशित हुन्छन् त्यसैमा तपाइँहरूले व्यक्त गरेका प्रतिक्रिया र यसका टिप्पणीकार समेत पढ्न पाउनुहुनेछ । लौ त भटमास र चियामा भाषा र साहित्य प्रति यत्रो त्याग देखाउनु भएकोमा धन्यवाद ।'

□

: ३७ :

जङ्गल जङ्गल

वानीरा गिरी

●

जङ्गलसित मलाई मोह छ। यो मोह आजभोलि मात्र उब्जेको होइन र 'जङ्गल' शब्द आजकै सन्दर्भमा मात्र यो मोहले झक्झकाएको पनि होइन। उच्चारण गर्नासाथै मलाई एक प्रकारको कुत्कुती लागेर आउँछ, मज्जा लाग्ने किसिमको कुत्कुती।

यो कुत्कुतीको प्रक्रिया नेपाली जङ्गलबाट सुरु भएको हो त ? होइन। यो कुत्कुती केवल परिपक्व मात्र भएको हो नेपाली जङ्गलको लोभलाग्दो हरियोपनमा। पश्चिम बङ्गालको दार्जीलिङ जिल्लाको खरसाङ महकुमाको नयाँ बजार भन्ने गाउँको वरिपरि र वरपरको हरियाली नै मेरो 'जङ्गल' शब्दको ज्ञान भएको प्रथम 'ईजल' हो। त्यो जङ्गल भन्नासाथै मेरो मुखमा कटुस र आरूपाते, भद्राक्षे र बेद्गेडा, क्यामुना र काफलको निम्ति प्याल चुहुन्छ, रङ्गविरङ्गी सुनाखरी र जङ्गली फूलहरूको निम्ति आँखा लोभिन्छन्।

एक पल्ट म धेरै नै सानी छँदा मेरा दुवै हत्केलामा असाध्यै चिलाउने खटिरा निस्केका थिए। मेरी आमा मलाई लिएर जङ्गल पसिन् र उनले एउटा रूखको फेदको माटो लिएर मेरा हत्केलामा बेस्सरी दलिन्। कति गर्दा पनि निको नभएका हत्केलाका खटिरा थोरै दिनमा च्वाट्ट भए। त्यो रूखको नाउँ 'भलायो' थियो किनभने मेरी आमाले मेरा हत्केलाका खटिरा निको भएको कुरो अरूसित गर्दा बारम्बार भलायाको रूखको कुरो गरेको अहिले जस्तो लाग्छ।

त्यस वेला नयाँ बजारको वरिपरिको जङ्गल मेरो निम्ति अत्यन्त आकर्षक, रहस्यपूर्ण र निम्तालु थियो। जहिले पनि जङ्गल पसुँ पसुँ लाग्ने मलाई। मेरा बाल्यकालका कानहरू जङ्गली चराहरूका लय, सुर र आवाजले टड्कारा बन्थे अहिले बीथोभनका सिम्फोनीमा मन लोलाए जस्तै।

मलाई लाग्छ—मेरो प्रथम प्रेम जङ्गलसित सुरु भयो। जङ्गलसितको यस्तो अद्भूत प्रेमको उद्घाटन मेरी आमाले नै गरिदिएकी थिइन् मलाई—मेरी आमा आफ्नी कान्छी छोरी (म) लाई कथा भन्न कहिल्यै थाक्दिनथिन् र तिनका कथामा जङ्गल हुन्थ्यो हुन्थ्यो। चाहे त्यो बघिनी र डमरूको कथा होस्, चाहे त्यो चिबे चरी अथवा फिस्टा चराको कथा होस्, चाहे राजकुमार राजकुमारीको कथा होस् समस्त वाक्यहरूको पृष्ठभूमि जङ्गल नै हुन्थ्यो।

आमा चाँडै छोडेर गइन्, लगातारको कथाको क्रम टुट्यो, बाँकी रह्यो कथाको सजीव पृष्ठभूमि जङ्गल र यस्तरी झन झन म यसको नजिक हुँदै गएँ।

मलाई जङ्गलको गन्ध थाहा छ। बाक्लो हरियालीको आफ्नै विचित्र प्रकारको गन्ध हुन्छ। पानमा कसैले कसैलाई मोहनी लाएर खान दियो भने खाने-लाई पान दिने चाहिंको पछि पछि लाग्न मन लाग्छ रे। त्यो हो, होइन थाहा छैन, किनभने कसैले पनि मलाई त्यसरी पान दिएको छैन तर जङ्गलको हरियोपनको मोहनी भने प्रष्ट थाहा छ—त्यो हरियोपनको मोहनी एक पल्ट लागेपछि नित्य जङ्गल भित्र पसुँ पसुँ लागिरहन्छ।

बाक्लो हरियो जङ्गल भित्र तलाउ वा पोखरी भए त झन सुनमा सुगन्ध झैं हुन्छ। मेरो बाल्यकालको जङ्गलमा त्यो पनि थियो—पानी कुप। म आफैंलाई अत्यन्त भाग्यमानी ठान्छु यस सन्दर्भमा। मेरो बालसुलभ कल्पना कहिल्यै भोको रहेन। आजको यतिका महँगी, अनिकाल र भूखमरी खप्नुपर्ने अभागी युगमा त्यो मेरो बाल्यकाल कति स्वर्णिम रहेछ अहिले थाहा पाइरहेछु। मेरो जङ्गलको पृष्ठ-भूमिमा चाँदीको पहाड पनि थियो—कन्चनजङ्घा। यतिका उपलब्धि र मेरो नितान्त एक्लोपनको बीच बाल्यकालदेखि नै कविता कथ्नु आश्चर्य नभएर स्वाभा-विक होइन र ?

आज यतिका वर्षपछि मेरो 'जङ्गल' शब्दको क्यान्भास उस्तै हरियोपरियो र भरिभराउ छ तथापि खरसाङ महकुमाको नयाँ बजार वरिपरिका र परपरका हरियालीहरू वास्तविकतामा फुंग उडिसके, सुकिसके ! कटुस, आरूपाते, भद्राक्षे, क्यामुना, काफलका रूखमा घरहरू उम्रिसके, सुनाखरीको सुगन्धको वदला मानचीय सासको वास आउँछ, पानी कुपमा पानी होइन ढुंगै ढुंगा छन् ।

ल भैंगो, मानिसलाई वास चाहिन्छ, गाँस पनि चाहिन्छ, म जस्तै सबै जङ्गलका मोहनीमा चुर्लुम्म डुवे समाजशास्त्रको 'ब्याङ्क्रप्सी' नै हुँदो हो । दिमागी सौन्दर्य संसार नै वास्तविकता होइन परन्तु मानिसका गाँसवासको समस्या नै वास्तविक समस्या हो; यसरी चित्त बुझाउँछु, यद्यपि जङ्गल मासिनामा यस समस्याको समाधान बाहेक कतिको नीच स्वार्थपूर्ति पनि नभएको होला भन्न सकिन्न ।

हिजोको मेरो जङ्गलको सुनौलो अस्तित्व थियो भन्ने आज विश्वास हुँदैन तथापि एक्लो कन्चनजङ्घाले साक्षी दिन्छ आजको जस्तै उजाड वास्तविकता बाहेक पनि हिजोको जङ्गलको अनुपम आकर्षण र सौन्दर्य थियो थियो, मेरो 'जङ्गल' शब्दको क्यान्भास मिथ्या होइन । त्यो हरियो रङ जस्तै सत्य हो । जुन दिन कन्चनजङ्घाको हिउँ पग्लेर बिलाउला र त्यो नितान्त नाङ्गो पहाड बनेर उभिएला त्यति वेला मात्र म मान्छु—मेरो जङ्गलको क्यान्भासको हरियोपन केवल भ्रमजाल हो । आज जङ्गलको नामोनिसान मेटिँदै गएको बखत मेरो यो स्मृतिको हरियो क्यान्भास 'एन्टिक' बनेको छ, अत्यन्त बहुमूल्य ।

त्यस क्यान्भासलाई सँगै सँगालेर २०२२ को 'नैतिकता' कविता महोत्सवमा भाग लिन त्रिभुवन राजपथको बाटो गरी म आफ्नो प्यारो देश नेपालको सुन्दर राजधानी काठमाडौं आएँ । अहा ! बाटाभरि जङ्गलै जङ्गल ! मैले आफ्नो एन्टिक क्यान्भाससित यो जङ्गल भिडाएँ—उस्तै आकर्षक, उस्तै सौन्दर्यशाली । मनमनै प्रण गरें हुन सक्यो भने अब म प्रवास फर्कन्नँ; त्यस्तै भयो, फर्किनँ पनि ।

बरोबर माठमाडौं खरसाङ गर्दा त्रिभुवन राजपथको जङ्गलले मलाई खरसाङको जङ्गलले जस्तै मोहनी लगाइरह्यो, अझ यस जङ्गलले मोहनी मात्र होइन बिहे नै गर्‍यो भने हुन्छ । मेरो खरसाङको जङ्गलसित सिंदुर थिएन र बाध्य भएर त्यसले मोहनी मात्र लगाएको थियो, त्रिभुवन राजपथको जङ्गलसित भर्भराउँदो सिंदुर पनि रहेछ गुराँस ।

यस्तरी मेरो क्यान्भासको हरियोपनको माथमा सिंदुर पोतियो, मैले प्रष्ट अनुभव गरें ।

बिस्तार बिस्तार काठमाडौं काकडभिट्टा बाटो बनेपछि त्रिभुवन राजपथको

जङ्गल हुँदै हुँदै चारकोसे झाडीको दर्शन पनि पाएँ । जङ्गलसितको मेरो मानसिकता अझ गाँसिदै गयो, यससितको मेरो भोग बढ्दै गयो ।

थाहा पाउँदै गएँ, कहाँ कति बाक्लोपन छ यस जङ्गलको, कहाँ कति हरियोपन छ । हररर आएको हरियोपनको बासले मलाई जहिले पनि उही मोहिनी संसारमा पुऱ्याउँथ्यो—नयाँ बजारको वरपर र परपरको जङ्गलतिर ।

अनायास यस दशाब्दमा भूईँचालो गएको थाहा पाइरहेछु म—नितान्त वैयक्तिक रूपना । यस भूईँचालामा अरू जे जस्तो हानी नोक्सानी होस् म उति वास्ता गर्दिनँ, तर मेरो प्रथम प्रेमको चौतारी भने यस भूईँचालामा चिरा चिरा परेर चर्किएको छ । मेरो 'जङ्गल' शब्दको क्यान्भासको माथमा पोतिएको सिंदुर मेटिरहेको छ, मेरो क्यान्भासको वैधव्य असह्य छ मलाई ।

महेन्द्र राजमार्गको जुन विराट, विकट र अभेद्य जङ्गलको बाक्लोपनले मलाई ग्वाम्म अँगालो हालेर सुरक्षा प्रदान गर्थ्यो, त्यहाँ उजाड छ, असह्य नाङ्गोपन छ । जङ्गलको मृत्यु (तर किन किन मलाई गाँसवासको निम्ति जङ्गलको मृत्यु भए जस्तो लाग्दैन, ठूलो अनर्थ प्रश्नको निम्ति हत्या गरिए झैं लाग्छ—मृत्यु र हत्यामा आकाश पातालको फरक छ) मा आशौच बारेका सेता बोर्डमा छातीमा लेखिएका खेलांची वाक्यहरू छन्—'रतुवा माई वृक्षारोपण आयोजना' ।

किलोमिटर किलोमिटर जङ्गल स्वात्तै पारेर धर्तीलाई नाङ्गो, निर्लज्ज तुल्याई बेइज्जत गरेर उल्टो 'वृक्षारोपण गरौं' जस्ता बोर्डहरू देख्ता एउटा अशुभ, पाशविक, नाटकीय दृश्य मेरा आँखा अगाडि नाच्छ--एउटी स्वास्नीमानिसका पति, पुत्र सबैको अनाहकमा हत्या गर्ने कुनै बेताल पात्रले रक्तपातको नशामा उही स्वास्नीमानिसको शिरमा हात राखेर अभय मुद्रामा आफ्नो दयनीय बहादुरीको महानता प्रदर्शन गर्छ—"सौभाग्यवती बने ।"

हो, यो मेरो दशाब्दको सबभन्दा ठूलो गाईजात्रे नाटक हो । जङ्गल मासिएका ती खण्डहरूमा भोलि झुपडीहरू उम्रिएलान् र मेरा घाउहरूमा मलम दलिएलान्, अन्नहरू उब्जिएलान् र मेरो सन्तुष्टिको मुखमा बुजो लगाइदेलान् तर आज मैले विह्वल र व्यथित हुनु बाहेक अर्को उपाय छैन ।

मेरो विह्वलता अरूको निम्ति हास्यास्पद होला, किनभने मूला काटे जस्तै मान्छे काटिने यस युगमा रूख काटिनु कुन ठूलो कुरा हो र ? सायद म आफैं आजको संसारमा 'फिट' छुइन, सायद मेरो जङ्गलको हरियोपनको क्यान्भासको ईजल नै मिथ्या हो—मरुभूमि र बालुवा नै सत्य हो । हुन सक्छ मेरो मस्तिष्कको सम्पूर्ण हरियाली रोमान्टिक कविको कल्पना प्रसुत काव्य हो—यथार्थता नितान्त कठोरता पनि हुन सक्छ ।

हुन सक्छ 'जङ्गल' अब केवल मेरो मानसिकताको क्यान्भासमा मात्र रहनेछ, मेरो भाषाको शब्दकोशमा मात्र रहनेछ, अथवा नेपाली तुक्कामा मात्र रहनेछ—नेपालको धन हरियो वन ।

कति ठूलो विद्रुप घटिरहेछ मेरो मानसिकता माथि यस दशाब्दमा । सायद यो दशाब्द मेरो निम्ति ग्रामरी, शनिसंकटा, राहु र केतुको कोपदृष्टिले परिपूर्ण छ । जङ्गलसितको मेरो प्रथम प्रेम र पछिका परिपक्व सम्बन्धहरूले घात र वियोग खप्नुपरिरहेछ ।

मेरो यति ठूलो क्षतिमा राजनीतिज्ञहरूले सायद आफ्नै प्रकारका लोली मिलाउलान्, भूगोलविद् र अर्थशास्त्रीहरूले आफ्नै प्रकारका बोली मिलाउलान्, तर वैयक्तिक मेरो क्षतिको लेखाजोखा कसैले पनि गर्न नसक्लान् ।

राजनीतिज्ञहरू भन्लान्—यो अजङ्को डरलाग्दो जंगल फँडनीले व्यापारी र भ्रष्टाचारी अझ पुष्टिनेछन्, गरिबीको रेखामुनिका ४० प्रतिशत नेपाली अझ ख्याउटिनेछन् । भूगोलविद् तथा अर्थशास्त्रीहरू भन्लान्—निर्मल जङ्गल फँडनीले गर्दा माटाका बहुमूल्य तत्वहरू स्वात्तै बग्नेछन् र अब सुक्खाको किंवा बाढको भीषणता नेपालले भोग्नुपर्नेछ ।

दुवै विचार दुवै ठाउँमा ठीक छन् । तर मेरो मानसिक क्षति जुन भइरहेछ, मेरो क्यान्भासको हरियालीले जुन कटु वैधव्य भोग्नुपरिरहेछ, त्यसको व्याख्या खोइ कसले कसरी गर्ने ?

□

: ३८ :

काठमाडौंमा देउसी खेल्दा

मंजुल

●

काठमाडौंको छातीमा मैले गीतहरू घन्काएको छु। यसको अन्तरहृदयलाई नै छोओस् भनेर मैले धेरै पल्ट आफ्ना कविताहरू सुनाएको छु। त्यसैले यो मलाई राम्ररी नै चिन्छ। मेरो सुसेली, मेरो सुस्केरा, मेरो आँसु र हाँसोसँग यो राम्ररी नै परिचित छ। यससँग परिचयको हात मिलाएको पनि पूराका पूरा अठार वर्ष बित्न लाग्यो। आहा! विगत अठार वर्षदेखि यो मेरो प्रिय मित्रको रूपमा रहिआएको छ।

यसलाई मैले आफ्ना थुप्रै थुप्रै कुराहरू सुनाएको छु, मनका थुप्रै थुप्रै कुराहरू अभिव्यक्त गरेको छु। त्यस्तै यसले पनि आफ्ना थुप्रै थुप्रै कथाहरू, व्यथाहरू मलाई सुनाएको छ, आफ्ना दुःखद अथवा सुखद घटनाहरू घटेका ठाउँहरूमा लगेर एक एक गरेर घुमाएको छ। मैले यसको अन्तरपीडालाई बुझ्ने कोसिस गरिरहेको छु। यसका असन्तोष, विद्रोह वा विजयोल्लासमा यो सँगसँगै लागेर हिंड्ने गरेको

छु । तर त्यति हुँदा हुँदै पनि अझै थुप्रै थुप्रै कुराहरू बाँकी छन् यसको बारेमा मैले जान्न ।

यस पल्ट तिहारमा मैले देउसी खेलें काठमाडौंमा । बिचरा मेरो प्यारो काठमाडौं देउसी खेल्ने परम्परामा हुर्केको छैन । यो आफ्नो घरमा आउने देउसेहरूलाई राता टीकाहरू लगाइदिएर, गलामा सुन्दर फूलका मालाहरू लगाइदिएर स्वागत गर्न जान्दैन । देउसी खेल्नेहरूलाई यो अचम्म मानेर हेर्छ, तीन छक्क परेर हेर्छ ।

हुनत काठमाडौं भन्दा बाहिरबाट पढ्न आएका विद्यार्थीहरूले देउसीको परिचय विगत केही वर्ष अगाडिदेखि नै दिन थालेका हुन् काठमाडौंलाई तर यो काठमाडौं अझैं अलमल्ल छ, जिल्ल छ देउसीको बारेमा ।

हामी यस पल्ट काठमाडौंका केही बहालहरूमा, केही आँगन र दलानहरूमा देउसी लिएर गएका थियौं । तर यो त घरको तीन तला माथि बसेर अनौठो मानेर हामीलाई हेर्थ्यो, गल्ली गल्लीमा कता कता लुकेर, छक्क मानेर हामीलाई हेर्थ्यो । अहँ, काठमाडौंलाई देउसीको बारेमा अझै थाहा छैन ।

हो, यस भन्दा अगाडि देउसी खेल्नेहरूले खेले । तर ती देउसीहरू केही ठूला र केही साना होटेलहरूमा, ट्राभल एजेन्सीहरूमा, सीमित भए । सर्वसाधारण जनताहरू समक्ष देउसी पुगेन । सर्वसाधारण जनताहरूले स्वीकार गरेपछि मात्र वास्तवमा कुनै पनि राम्रो कुरो दिगो भएर बाँच्न सक्छ । अर्को कुरो, देउसी नेपाली जनताहरूले तिहारको चाडलाई रनघन पार्न खेलिने कुरो हो; त्यसमा नेपाली संस्कृतिको सुवासना छ, प्राण छ । तर मलाई लाग्छ, विगतका केही वर्षदेखि काठमाडौंमा खेलिने देउसीहरूले पैसा संकलन गर्ने कुरालाई अगाडि राखे, लोककलालाई होइन । शंकर होटेलको प्रांगणमा खेलिएका विभिन्न समूहका देउसीहरूलाई हेर्दा मलाई त्यस्तै लाग्यो ।

यस पाला हामी ठूलठूला होटेलहरूमा देउसी खेल्न गएनौं, किनकि त्यहाँ के देखियो भने देउसी खेल्न जानेहरू पैसा झार्न चाहन्थे, होटेलवालाहरू अलिकति पैसा दिएर पिण्ड छुटाउन चाहन्थे । पैसाको ठूलो डाको हुने ठाउँमा अवसर गरेर जनताको, जनताका कला संस्कृतिको अपमान हुँदो रहेछ भन्ने कुरो हामीले अनुभव गर्‍यौं । त्यसकारण हामीहरू सर्वसाधारण जनताकै घरतिर रमाएर नाच्यौं ।

हामीहरू देउसी खेलन गएको पहिलो घरमा हामीहरूलाई निक्कै हार्दिक रूपले स्वागत गरियो । मीठो वचन गरियो । रकम पनि राम्ररी पाइयो । तर त्यहाँ राता अछेताहरू, फूलमामा, नाङ्लो अथवा थालमा दीयो, चामल र सेल रोटी नदेख्ता त्यो हार्दिकता कस्तो कस्तो लाग्थ्यो । तर पछि यो थाहा भयो देउसेहरूलाई

कसरी स्वागत गर्ने चलन छ भन्ने कुरो उहाँहरूलाई थाहा नै रहनेछ । काठमाडौंका धेरै घरहरूमा यस्तो भयो ।

कुनै घरहरूमा त हामीहरू देउसी खेलन जानै सकेनौं, किनकि ढोकाबाट पस्ने बित्तिकै घरपट्टीहरू भन्ये, "हाम्रोमा नआउनोस् हैं । हाम्रोमा देउसी खेल्ने चलन छैन ।" मैले पहाडका घरहरू सम्झें । देउसेहरूले आफ्नो घर बिराए भने बाबै कति दुःखी हुन्छन् उनीहरू । कुनै ठाउँका जनता देउसेहरू घरमा आउँदा झर्को मान्ने, कुनै ठाउँका जनता घरमा देउसे नआउँदा दुःख मान्ने । गजबकै कुरो होइन त ? वास्तवमा यस्तो किन भएको ? एक थरी जनतालाई अर्को थरी जनताको कला संस्कृतिको बारेमा जानकारी गराइएन भने यस्तो हुन्छ । यस्तो देख्ता मलाई निक्कै खल्लो लाग्थ्यो । वास्तवमा एकै देशका जनतालाई एक अर्काको संस्कृतिको बारेमा जानकारी नहुनु दुःखैलाग्दो कुरो हो। यस्तै हो भने उनीहरू एक अर्कालाई कसरी आदर र सम्मान गर्न सक्छन् ? कसरी एक अर्कालाई हार्दिक व्यवहार गर्न सक्छन् ?

संस्कृति भन्ने कुरो गजबको छ । मान्छेलाई उसको संस्कृतिबाट अलग्ग गरेर हेर्न खोज्नु अचम्मैलाग्दो कुरो हुन्छ । कुनै पनि मान्छे आफ्नो संस्कृतिसँग अभिन्न रूपले गाँसिएको हुन्छ । एक पल्ट म यही काठमाडौंमा एउटा सांस्कृतिक कार्यक्रममा सँगिनी नाच हेर्दा आफ्नी मृत आमालाई सम्झेर रोएको छु । देउसी सम्झँदा पनि म आफ्नो बाल्यकाल सम्झन्छु, आफ्नो गाउँ सम्झन्छु, देउसेको लस्करका लस्कर हुल-हरूलाई सम्झन्छु, रमाउँदै देउसेहरूको स्वागत गर्न निस्केका गाउँले घरपट्टीहरूलाई सम्झन्छु, छलङ्ग छलङ्ग काटेका रातहरू सम्झन्छु, उकाला ओह्राला बाटा र डोबाटा-हरू, खोल्सी र कान्लाहरू सम्झन्छु । तर दुःखको कुरो, मेरो सपना जपना सँगसंगै गाँसिएको साथी भए तापनि काठमाडौंसँग देउसीको बारेमा यस्ता कुनै संस्मरणहरू छैनन्, मीठा अनुभूतिहरू छैनन् । तर ऊ मेरो साथी भएको नाताले उसले देउसीको बारेमा यस्तै लोभलाग्दा, रहरलाग्दा संस्मरण र अनुभूतिहरू सजाउने लालसा राख्नैपर्छ भन्ने मलाई लाग्छ, किनकि ऊ मेरो आत्मीय साथी हो । कुनै पनि देशका जनताहरू एक अर्काका आत्मीय साथी हुन्छन्, यो भन्नै नपर्ने कुरो हो ।

हामीहरूले देउसी भट्ट्याएर खेल्यौं त्यसको मौलिक स्वरूप जोगाउने चाह-नाले तर हामीले राम्रा राम्रा गीतहरू पनि राख्यौं त्यसलाई अझ रोचक र रमा-इलो पार्ने उद्देश्यले । ओहो ! एक ठाउँको सम्झना अझै मेरो आँखामा ताजै छ । हामी आँगनमा पुगेको केही छिनपछि तीन तला माथिदेखि रमाउँदै झर्नुभो घरपट्टी हरू राता अछेताहरू, फूलका मालाहरू लिएर । उहाँहरूले हाम्रो देउसीलाई परदेश-बाट भर्खरै आएको प्यारो छोरालाई जस्तै माया गर्नुभो । आहा ! नाङ्लामा पिल-पिल परेको दीयो, सेल, रोटी, चामल र फूलहरूले छोपेको भेटी । दाइहरू हामीहरू-

सँगै नाच्नुभो। भाउजूहरू दङ्गदास पर्नुभो आशीष सुनेर। उहाँहरू काठमाडौंमा डेरा गरी बस्ने पहाडेलीहरू हुनुहुँदो रहेछ। हामीहरू डेउसी खेल्दै आउँछौं भन्ने थाहा पाएर खुसीले रमाउँदै पर्खेर बस्नुभएको रहेछ उहाँहरू।

त्यस चोकमा त्यहींकै स्थानीय नेवार्नी आमाहरूले पनि हामीलाई हार्दिकतापूर्ण स्वागत गर्नुभो, पहाडेलीहरूको सिको गर्दै सबै देउसेको निधारमा टीका लगाइदिनुभो, माला लगाइदिनुभो। काठमाडौंली भाइहरू हामीसँग रमाएर नाच्नुभो। वास्तवमा कुनै पनि देशका जनताहरू एक अर्कासँग मिल्न चाहन्छन्। त्यसैले त उनीहरू क्षुद्र स्वार्थको लागि जनता जनतामा फाटो पार्ने जनद्रोहीहरूको शासनको तीव्र घृणाका साथ विरोध गर्छन्।

काठमाडौंका कतिपय जनताहरू हामी देउसेको स्वागत देउसीकै परम्परा अनुसार गर्न चाहनुहुन्थ्यो, के गर्नुपर्छ', 'कसरी गर्नुपर्छ', 'हामीलाई सिकाइदिनोस्‌न'। उहाँहरूको हार्दिकता साँच्चै न्यानो थियो, साँच्चै आत्मीय।

आहा! यस पाला देउसीमा नगाउनेहरूले गाए, ननाच्नेहरूले नाचे। म छक्क पर्छु एउटा महान् उद्देश्यले प्रेरित भएपछि मान्छे कति सरल हुन सक्छ! एउटा शिक्षण संस्थाको लागि केही रकम जम्मा गर्ने उद्देश्य थियो हाम्रो, हामी माग्न लाज मानिरहेका थिएनौं। राम्रा राम्रा शब्दहरू भएका शिष्ट गीतहरू थिए हाम्रा, हामी नाच्न लाज मानिरहेका थिएनौं। जो हामीलाई, हाम्रो भावनालाई आदर गर्थे ओहो! तिनीहरूको अगाडि हामी आत्मविस्मृत भएर खुशी मनाइरहेका थियौं। सोध्नोस् काठमाडौंका खुला सडक, गल्ली, बहाल र चोकहरूलाई म कसरी नाचें, मेरा साथीहरू कसरी नाच्नुभो! वास्तवमा देउसी हाम्रो संस्कृतिको एउटा अंग थियो, हाम्रो उमंग र खुशी थियो।

काठमाडौं, यो काठमाडौं सहरमा म अर्को साल पनि देउसी खेल्छु।

□

: ३९ :

उपलब्धि : भ्यागुतो

किशोर नेपाल

●

यो प्रश्न न त अस्वाभाविक र न आश्चर्यजनक नै हो। मित्र वर्गका बीच परस्पर भेट हुँदा सोध्ने र सोधिने गरिन्छः के छ त यार? मुस्किल त जवाफ दिंदा पो पर्दछ—के छ भन्नु? एक सुरले हिंडिरहेका बेला कसैले बोलाउँदा हामी झस्किने गर्दछौं—हिजो त्यस्तै पऱ्यो; मोटरले हर्न बजाए झैं कसैले बोलाएर झस्काइदियो र एकपछि अर्को प्रश्नको झटारो हान्न थाल्यो—के छ? कहाँ छस्? के गर्दैछस्? गति-प्रगति के छ?

सबै प्रश्नको उत्तर छ। तर पछिल्लो प्रश्नको के उत्तर दिनु?

उपलब्धिका अर्थमा प्रगतिका पनि अनेक अर्थ छन्। के थाहा म आफ्नो प्रगति भनेर दुई-चार कुरा जोड जाड गरेर बताऊँ र उसले नाक चेप्प्राओस्। प्रगति, त्यसैले म सोच्न थालें, मैले के गरें—सबै कोणबाट प्रष्ट हुने र जसलाई जसरी पनि बताए हुने खालको प्रगति के गर्न सकें?

सायद प्रगति र उपलब्धिका अर्थमा म स्वयं नै स्पष्ट छैनँ ।

स्पष्ट नहुनु पनि के आश्चर्य भयो र ? पन्ध्र सत्र वर्षको सक्रिय जीवनमा आफ्नो भन्ने के जोरियो ?—घर अपुताली पऱ्यो, जग्गा-जमीन जो थियो वेचियो, धन केही थियो भने, भएजति सिध्याइयो । सायद प्रगति गरेको भन्नु चाहिँ एउटा जागिर जोडियो, त्यति हो । होइन भने स्वास्नीदेखि घरसम्म अकँले जोरिदियो र जनसंख्याको यो प्रलयंकारी वृद्धिका वेला छोरा छोरीलाई कुन प्रकारको उपलब्धि र प्रगतिको श्रेणीमा राखौं ?

प्रगति अथवा उपलब्धिलाई म अमूर्त्त शब्द भन्ने सोच्दछु । यस पछि त उपलब्धि शब्दलाई प्रगतिकै समानार्थी शब्दको रूपमा प्रयोग गर्दै छु । त, उपलब्धि भन्ने के लाई ? आल्बर्ट् आइन्स्टिनको सापेक्षतावादी सिद्धान्त उनी आफ्नैका लागि जीवनको महत्तम उपलब्धि थिएन रे, तर संसारका दृष्टिमा त उनको महानतम् उपलब्धि त्यही थियो । आजीवन कछाडको भरमा जीवन यापन गर्ने गांधीजीका लागि निर्धन सरह रहनु नै उपलब्धि थियो र यस कुराले धेरैलाई आश्चर्यमा पार्न सक्दछ ।

त्यसो भए तपाईं आफ्ना लागि जे उपलब्धि ठान्नुहुन्छ त्यो सबैका लागि उपलब्धि हुँदैन ।

संभवतः मेरो आफ्नो सर्वाधिक महत्वपूर्ण उपलब्धि चाहिँ यो समयमा बाँच्नु नै भएको छ । यो समयको पनि आफ्नै प्रकारको महत्व छ—सायद यस प्रकारको शान्त संक्रमणको समय इतिहासमा धेरै थोरै देखा परेको छ । तर टमस फुलरका भनाइमा एउटा निश्चय के छ भने पहिलेको समयका मानिस र आन्दोलनको पनि टाउको त धेरै छ, तर गिदी भने छैन ।

हामी इतिहासको अर्द्धविक्षिप्त युगमा बाँचिरहेका छौं—जहाँ उपलब्धिका वास्तविक अनुहारहरू चाहिं अन्तर्लोप हुन्छन् र हामी मान्छेका उपलब्धिलाई घर, बंगला, रूपियाँ पैसा जस्ता अपेक्षाकृत साना कुराहरूमा अलमल्याउन थालेका छौं—जुन चाहिन त सबैलाई चाहिन्छ तर त्यो प्राप्ति हो । उपलब्धि के लाई भन्ने ?

ऊ गइसकेको थियो । महाँकालस्थान निर आइपुगेपछि सोचें, दौडिंदै जाऊँ र भनूँ, "निकै प्रगति गरें यार, घर-धन त जोड्न सकिनँ । तर टाउको निहुराउने काम गरेको छैनँ । यसलाई उपलब्धि भन्छस् कि भन्दैनस् त ?

प्राप्तिको अर्थमा चाहिँ टाउको निहुराउने काम नगरेसम्म उपलब्धि हुँदैन । मैले प्राप्तिको नाममा कुनै उपलब्धि जोड्न सकिनँ ।

म एक जना केही होइनँ । सिंगो एशिया नै यस समयमा उपलब्धि शून्य छ । प्रतिदिन पत्र-पत्रिकाले गफ छाप्दछन् र त्यो भावी सत्य पनि हुन सक्दछ ।

तर भावी सत्यको पनि त के विश्वास र ? वर्तमान समय यति प्रताडित र अवहेलित भएर बाँचिरहेको छ—त्यसलाई 'वर्तमान' भन्नै मन लाग्दैन। अहिलेको सम्पूर्ण एशिया बहुलट्टीपनाले राँकिएको छ। इस्लाम शासनको सपनादेखि लिएर यौन मार्फत मुक्तिका अर्द्धविक्षिप्त कल्पनाहरू सम्मले तर्क र दर्शनको सम्मान पाउन थालेका छन् र मुख्य मान्छे बेपत्ता छ। के यसलाई शान्त संक्रमण नभन्नु त ? बहु शिर र अल्प गिदीको यो समयमा बाँचेर त्यसलाई दिन दिनै भोग्नुलाई म किन उपलब्धि नभनुँ ?

श्याम वेनेगलको सिनेमा 'अंकुर' हेरेपछि समयको अन्तर अझसम्म पुरिन नसकेको मैले अनुभूत गरें। एक्काईसौं अथवा तीसौं शताब्दीतिर पनि जीवन यापनका हाम्रा आधारभूत तरिकाहरू उस्तै छन्। अहिले पनि कठोर र निर्मम सामन्ती प्रथाले हामीलाई गाँजेकै छन्। मान्छे अझ व्यस्त हुँदै गएर अन्त्यमा केवल पेट भर्ने कुरा मात्र सोच्न थाल्ने भएको छ। उसले अरू उपलब्धि कहाँ, कसरी र कसका लागि खोज्ने ?

उपलब्धि ! यो लेखको पारिश्रमिकले म आफ्ना छोराको स्कूलको फिस तिर्ने कुरो सोच्दै छु—धन्य हो !

मान्छेका उपलब्धिहरू त पक्कै पनि धेरै छन्। तर पार्कमा फूलहरूको बीचमा, आफ्ना कोमल भावनाहरू साटासाट गर्ने जोडीलाई धर्मको नाममा गोली हानिने जंगली परम्पराले ती उपलब्धिहरूलाई र सार्वकालिक सत्यलाई कुन्नि कति टुक्रा पारेर ठुन्क्याएका छन्।

'हिपोक्रेसी'—अचेल उपलब्धि मानिने अर्को पक्ष हो। तपाईं कति बढी हिपोक्रेट हुनुहुन्छ; त्यति नै तपाईंको प्रगति संभव छ। नपत्याए साई बाबा, रजनीश र बाल योगेश्वरहरूलाई हेर्नुहोस्। यी नयाँ भावनाहरू र तिनका उपलब्धि !

मान्छेले सम्पूर्ण प्राकृतिक विशालता र रहस्यहरूलाई त छोयो तर उसको आफ्नै गिदी भ्यागुतो जस्तै छ। अब यसलाई कस्तो उपलब्धि मान्ने हो—थाहा छैन। वास्तवमा भावी सत्यका बारेमा हाम्रा अस्पष्ट विचारहरू अब रहनु किन हुँदैन भने मान्छेका उपलब्धिहरू अब 'उपलब्धि' का रूपमा बढी समय सम्म रहन गाह्रो छ।

त्यसैले मैले आफ्नो उपलब्धिको बारेमा सोच्न चटक्कै छोडिदिएको छु। आखिर मैले पनि त भ्यागुतो नै प्राप्त गरेको छु। म पनि के टमस फुलरका टाउकाहरू भन्दा बेग्लो छु र ?

'गति प्रगति के छ ?' प्रश्नको उत्तर अब झन्नै झन्नै तयार छ। ऊपलब्धि भ्यागुतो।

□

: ४० :

पाकेट काट्ने शहर

विमल निभा

●

काटियो !

एक जनाको पाकेट काटियो !

एक छिनअघिसम्म निःशंक भई नयाँ सडकमा डुलिरहेको थियो। अब दुःखी छ। भन्छ—पाकेटमा महत्त्वपूर्ण कागज- पत्रहरू थिए, हजार-बार सय जति रुपियाँ थिए र केही चानचुन पैसा। मानिसहरू उसलाई घेरेर उभिएका छन्। सहानुभूति पोखिरहेका छन्। सहृदयता देखाउने राम्रो मौका छ।

म पनि हूलमा छु। रमिता हेरिरहेछु।

यत्ति भारी पाकेट लिएर पनि मूर्ख निःशंक भई डुलिरहेको थियो। अनुहारले त थाहा हुँदैन, तर हो यो विदेशी अवश्य। आफ्ना स्वदेशी दाजु-भाइहरू यत्ति मूर्ख छैनन्। पाकेट, भरि हुनासाथ सशंकित भइहाल्छन्। यता-उति हेर्न थाल्छन्, भयभीत देखिन थाल्छन् र बिस्तारै बिस्तारै पाइला चाल्न थाल्छन्।

थाहा छ; आफ्ना स्वदेशी दाजु-भाईहरूलाई थाहा छ, यो सहरको कैंची कत्ति धारिलो छ। छोयो कि काटियो ! काटिनेलाई थाहा नै हुँदैन। धेरै पछि थाहा हुन्छ। यो विदेशीले पनि पछि थाहा पायो। कत्तिलाई त जीवनभरि नै थाहा हुँदैन।

पाकेट हुनेहरू पाकेट काटिएको हल्ला सुन्नासाथ आफ्नो आफ्नो पाकेटमा हात राखेर अघि बढिरहेका छन्। कतैबाट एकाएक आशंका उम्रेर आएको छ—के ठेगान, आफ्नो पनि काटिन सक्छ !

म सशंकित छैनँ। भयभीत पनि छैनँ। मजाले हूलबाट निस्केर, वरिपरिका तरुनीहरू नियाल्दै, सुसेल्दै, रत्न पार्कतिर गइरहेछु। फेरि फर्कन्छु। फेरि जान्छु। मलाई कुनै खतरा छैन। केही डर छैन। मसँग पाकेट नै छैन !

यो सहरमा म जस्तै पाकेट नहुनेहरू सुखी छन्।

पहिले जब म यस सहरमा आएको थिएँ, मेरो पनि एउटा सानो पाकेट थियो। अब छैन। सहरमा पाकेट जोगाउन गाह्रो हुन्छ। प्रत्येक सहरसँग पाकेट काट्नेहरू हुन्छन्। सहर पाकेट काट्नेहरू जन्माउँछ। यो सहरले पनि केही पाकेट काट्नेहरू पालेको छ। केही महिनासम्म मैले जसो-तसो आफ्नो पाकेट जोगाएँ। तर सकिनँ। काटियो। अब यो सहरमा म विनापाकेट नै डुलिरहेछु।

सहरमा जता-ततै लेखिएको हुन्छ 'बगलीमाराबाट सावधान !' सहर सुरक्षित हुँदैन। तर यो सहर एकदम असुरक्षित सहर पनि होइन। यहाँ ठाउँठाउँमा सुरक्षा छ। त्यहाँ जहाँ कैंचीमा धार लगाउने कार्य हुन्छ, सुरक्षा छ। निर्धक्क हुनुहोस्। त्यहाँ केही हुँदैन। त्यहाँ केही कैंची काट्नेहरूको संरक्षक बस्ने गर्छ। संरक्षकको एरियामा सुरक्षा हुन्छ। साना-तिना पाकेट काट्नेहरू त्यहाँ आफ्नो कलाकारिता देखाउन सक्तैनन्।

म एक जना पाकेट काट्नेसँग परिचित छु। बिचरा ! सानो कलाकार हो। भन्छ—अब यो काममा कुनै स्कोप छैन। यो सहरमा धेरै सुरक्षित किसिमका पाकेटहरू पाइन थालिएका छन्। सुरक्षित किसिमको पाकेट पाकेटधनीसँग रहँदैन, ब्यांकमा रहन्छ, त्यस्तै, जस्तै दन्त्यकथामा राक्षसहरूको ज्यान राक्षससँग रहँदैन, कतै सुरक्षित स्थानमा रहन्छ। त्यहाँ म जस्तो साना-तिनाको पहुँच नै हुन सक्तैन। तिनीहरू आफैं नै वरिष्ठ पाकेट काट्नेहरू हुन्।

म भन्छु—मित्र, तिमीलाई थाहा छैन सहरमा सुरक्षित किसिमका पाकेटहरूभन्दा असुरक्षित किसिमका पाकेटहरू बढी हुन्छन्। यस किसिमको पाकेट काट्न धेरै सजिलो छ। सहुलियत कत्तिसम्म छ भने यी पाकेटहरू आफैं पाकेट काट्नेहरूकहाँ जान्छन् र भन्ने गर्छन्—कृपया मेरो पाकेट काट्नोस् र सधैंजसो सुपथ मोलमा कटाइरहन्छन्। पाकेट कटाउनु यिनीहरूको लाचारी हो।

मेरो भनाइसँग मित्र संतुष्ट छैनन्। तर विश्वास गर्नोस्, यस सहरमा पाकेटहरूका किसिम छन्। मलाई नै लिनोस्, मसँग कुनै पाकेट नै छैन। यो पनि एउटा किसिम नै हो।

स्वागतम्! यो सहरमा तपाईंको स्वागत छ—एक हातमा फूलमाला र अर्को हातमा कैंची लिएर यो सहर उभिएको छ र लगातार मुस्काइरहेछ।

फस्यो! मुस्कानको जालमा त्यो विदेशी फस्यो। धेरै फस्छन्। म के गर्न सक्छु!

हूल फारिइरहेछ। त्यो विदेशी रूँ रूँ भैं गरिरहेछ। भनिरहेछ—फर्कने टिकट पनि गयो, अब कसरी आफ्नो देश फर्कने? पैसा माग्ने भूमिका तयार गरिरहेछ। यो सबैलाई थाहा छ। त्यसैले हूल बिस्तारै-बिस्तारै पातलिंदै छ। अघिसम्मको सहानुभूतिको दृश्य समाप्तप्राय: छ। पैसा तिरेर कोही पनि सहृदय हुन तयार छैन।

विदेशी निराश छ।

होस्, म के गर्न सक्छु? मूर्ख, अघिसम्म निःशंक भई नयाँ सडकमा डुलिरहेको थियो। ठानिरहेको थियो—यो ईमानदारहरू को सहर हो। भयानक भूल गरेको थियो। सहरले भूलको तुरुन्तै सजाय दिइहाल्यो, पाकेट काटिदियो!

□

: ४१ :

प्रत्येक उत्तरमा एउटा भिन्न काठमाडौं

राजब

●

सहर– काठमाडौं, काठमामाडौं– सहर, राजधानी, काठमाडौं– 'अमरावती कान्तिपुरी नगरी,' 'हिंडन्या सखि लिकन वरिपरि'– भानुभक्तको बोली···स्वर-काल उहिले···र आज पनि केही टिपिकल नगरपरीहरूलाई हेरेर काठमाडौंलाई कदली-स्तम्भ वा विपुल-जघनाबाट, आँखामारा अत्याधुनिक ब्राले तिखारिएका छातीबाट अवश्य स्वर्ग भन्न सकिन्छ। तर आइमाईका तिघ्रा, हिप, छाती हेरेर त काठमाडौंलाई मात्र किन सम्पूर्ण फेसनपरस्त सहरलाई भन्न सकिन्छ 'अमरावती विराट्नगरपुरी नगरी' यसै गरी जुन जुन सहरमा तपाईं बम्बईमार्का ठिटीहरू देख्नुहुन्छ, बस् भनिहाल्नुस्, 'वीरगंजपुरी' वा 'भैरहवापुरी नगरी'।

यस बाहेक क्षण-क्षणमा फेरिने उत्तेजक दृश्यहरू र हिप्पी अनि टूरिस्ट्हरूको देखासिकी वा भारतेली सिनेमाका चकलेट हिरो-हिरोइनका 'लभ सीन' रिहर्सल गर्ने युवावर्गलाई ध्यानमा राखेर म युवा तर घरायसी समस्याले बेफुर्सदी काठमाडौं-

वासी एक मित्रसँग प्रश्न गर्छु, 'काठमाडौंको दर्शक भएर यसबारे केही सोच्नुस् त ?' प्रश्न सुन्ने बित्तिकै उनको आक्रोशयुक्त स्वर यसरी फुट्छ, 'सहरभरि सापटी सभ्यता छरिएको छ । सहरको कुनै पनि सडकमा लुतोग्रस्त जांघ कन्याउने अनुमति छैन । एउटा नोकर-छाउरो पछि नलगाई तरकारी किन्ने अनुमति छैन । स्वास्नी-लाई गर्ल फ्रेण्ड् नभने सभ्यता-विरुद्ध सहर पसेको षड्यन्त्रकारी जनावर मानिन्छ । बाउलाई गिटार टीचर भनेर परिचय नगराई सुखै छैन । आमालाई टप-सिंगर भनेर परिचय गराउनु सहरसभ्यताको बाह्रखरी । इभिनिङ्ग् वाक्मा बैनीलाई चालु प्रेमिका बनाएर जगल्टे बन्धुहरूलाई परिचय गराउँदै हिंड । याने सहर बस्नु छ भने सहर-सभ्यताको पाठ पूर्णतः कंठ हुनुपर्छ । नत्र यार, तिमी-हामी जस्तो झ्याउरेले यस सहरबाट संन्यासधारण गरे हुन्छ, धाक-रवाफको लागि मात्र पनि बाउ अफिसर भएको हुनैपर्छ ।'

ठीक मैले ओकल्न लागेका कुरा उनी अर्थात् गोपाल श्रेष्ठ भन्छन् । दिनभरि अफिसमा खर्दारी होल्डर चलाउँछन् । साँझ सरासर घर आउँछन् । जय नेपालको छाप भएको भाङ्रे झोला झुन्ड्याएर फेरि निस्कन्छन् । उनको पछाडि कट्टु र कमेजमा सानो ठिटो अर्थात् उनको छोरो हुन्छ । चामलपसलमा अडिएर दुई-चार माना चामल किन्छन् । कहिले दुई माना, कहिले डेढ माना, कहिले तीन माना । किन्नुको कुनै ठेगान छैन । घरमा भएका जहानअनुसार होइन, खल्तीमा भएको नोटअनुसार । र चामलको पोको छोराको हातमा राखिदिएर उनी फेरि अगाडि बढ्छन् । पूरै एक घण्टा ज्यापूहका खर्पन खर्पन विवाद गर्दै डुल्छन् । अन्तमा राया-को साग, डुन्डु, प्याज, लसुन जे छ सस्तो त्यही बोकेर घर फर्कन्छन् ।

'गोपालजी, तपाईं बिहान-बेलुका छाकैपिच्छे चामल किन्नुहुन्छ, एकैपटक ढक्क किने हुँदैन ?' म सोध्छु ।

'एक त यो हाम्रो बाउकै पालाको चलन हो, त्यसमाथि आएको तलब छोराछोरीको फिस, कापी, मसी आदिमा आधा सकिन्छ, बाँचेको तरकारी, दाल, नून, तेल, दाउरा किन्दैमा सकिन्छ, चामल त बाँकी नै त्यस कारण चामल लगायत धेरैजसो कुराहरू छाकैपिच्छे किन्छु, यो पैसा सकिन्जेल बहालमा बसेकामध्ये एउटाले दिन्छ, त्यसको पनि यही क्रम हुन्छ, अर्कोले दिन्छ, फेरि आफ्नू तलब आउँछः यसै गरी दुःखमुसुखम् चलिरहेछ, एकमुष्ट पैसा हातमा परे पो योजनाबद्ध तरीकाले घर संचालन गरिन्छ ।' उनको काठमाडौंमै घर छ र घर बहालमा लगाएका छन् तर पनि उनी आर्थिक मारको संकटले जकडिएका छन् ।

त्यस कारण न त यहाँका मन्दिरका गजूरमा चढेर काठमाडौं चिन्न सकिन्छ, न त थ्री स्टार, फाइभस्टार होटल गनेर, न त कार, लज, रेस्टुरेन्टहरूको डाटा

कलेक्सन गरेर, न त ब्ल्याक मनीले ठड्याइएका सिमण्टीका बिल्डिङ्ग रुङेर, न त काँठ-काँठमा बन्न थालिरहेका घूसखोरी बङ्गला कोलोनीहरूमा मक्ख परेर। पढ्नुस् त एक प्रश्नको उत्तरमा माधव जोशीको भनाइ, 'हो, जिल्ला-जिल्लाबाट आउने सीमित सामन्ती वर्ग र तिनै वर्गपुत्रहरूलाई काठमाडौं औधी नै रुच्छ, किनभने उनीहरूले आफ्नू धनको प्रयोग गर्ने साधन पाउँछन्, होटल, लज, फेसन, ठिटी आदि आदि, तर एकातिर हामी, जो यस तथाकथित साधनसम्पन्न सहरमा नगर-वासी भएर बाँचिरहेका छौं, ती सब कुराबाट एकदम अलग्न भिन्नै प्रकारले बाँचेका छौं, बाउ-बाजेको पालादेखि तलबको भरमा सामल बेसाएर खाएका छौं, खानै घौ घौ छ, यस स्थितिमा ती कुराबाट हामीमा के प्रभाव पर्छ तपाईं नै विचार गर्नुस्, कहिलेकाहीं के भने एक्कासि उम्लन मन लाग्छ···तर के गर्ने, यहाँका सीमित वर्गले भोगिरहेको जीवन हेरेर न्याल काढी काढी बाँचिरहेका छौं, यस्तै छ हर्नोस् गन्हाउने गल्लीभित्र बसिएको छ, भान्छासम्म गन्ध आउने नाल सुँघेर हामीलाई बाँच्न मन लागेको होला त ? तर के गर्ने, पेटभरि खाने उपाय हेर्नु कि चोक र गल्ली सफा गर्नेतिर हेर्नु ?'

माधवजी असमयमै बूढो अनुहारका जस्ता देखिनुहुन्छ। प्रायः काठमाडौंका निम्नमध्यमवर्गका प्रत्येकले असमयमै आफ्नू अनुहारको चमकलाई गुमाइसकेका छन्। त्यस कारण काठमाडौंका चम्किला पिच सडक र हिप्पी कोलोनीमा डुलेर काठमाडौंबारे अत्याधुनिक धारणा बसाल्नु दन्त्यकथाको राजाले माग्नेसँग गर्ने हास्यास्पद प्रश्न बाहेक तर्कसंगत र तथ्यपूर्ण विचार सँगाल्न सक्नु हुनेछैन।

'जन्मस्थानको नाताले तपाईंलाई काठमाडौंप्रति ममता त होला नै, होइन त ?'

'एक प्रकारले त हो नै तर होइन पनि। किनभने यो ममता क्षणिक छ। खास गरी म जस्ताको लागि वा म जस्ता धेरैका लागि, किनभने हामी त्यस्तो स्थितिमा बाँचेका छौं जसले त्यस किसिमको भावनालाई निरन्तर रहन दिंदैन। कुण्ठाजनक स्थितिबाट हलुका भएर सुखबोध गरिरहेको वेलामा त्यो भावना पनि यसो यदाकदा जाग्छ भन्नुपर्‍यो, नत्र भने अधिकांश स्थितिहरूमा ती भावनाहरू मरिसकेका हुन्छन् र हामी दालभात र महँगाइसँग लडिरहेका हुन्छौं।' तन्नेरी माधवजी थकित स्वरमा भन्नुहुन्छ।

अब यहाँ जोसँग मैले आफ्ना प्रश्नहरूको जवाफ पाएको छु उहाँ माधवजी र गोपालभन्दा भिन्नै सुविधासम्पन्न जीवन बिताइरहनुभएको छ। एक सिनेमा हल, मेडिकल डिलर जस्ता कतिपय चल्तीका व्यापारिक माध्यमका संचालक-भोक्ता श्री बालकृष्ण श्रेष्ठज्यूसँग म प्रश्न गर्छु।

'यहाँलाई आफूले पूर्ववर्ती दिनहरूमा बिताएको काठमाडौं र अहिलेको काठमाडौं कत्तिको फरक लागेको छ ?'

'बिलकुल, आकाश-जमीनको फरक ! शंकै छैन । एकदम परिवर्तन आएको छ । काठमाडौंको वाह्य परिवर्तन त समयको आवश्यकता हो । यस भन्दा अलग्ग केही त्यस्ता परिवर्तनहरू देखा परेका छन् जसले काठमाडौंको जन-जीवनलाई अन्ध-कूपमा खसालिराखेको छ । जस्तै धार्मिक नवीनता···' यत्ति भनेर उहाँ अडिनुहुन्छ र म उत्सुकतावश सोद्धछु, 'त्यो कस्तो धार्मिक नवीनता हो ?'

उहाँ भन्नुहुन्छ, 'हाम्रो समयमा अर्थात् मैले बिताएको विगत समयमा र त्यसभन्दा उताका सम्पूर्ण समयमा पनि मानिसहरूको मन पूर्णतः धर्मप्रति समर्पित थियो र उनीहरू धर्मप्रति पूर्णतः आसक्त थिए । तर अब यस किसिमको ईश्वर-प्रतिको भावना आजको मान्छेमा छैन । धर्म नछोड्नेहरूमा धर्मपालनको नाममा आडम्बर मात्र छ । यिनीहरू ईश्वरप्रतिको भक्तिभावले होइन, अरूलाई देखाउने नियतले धर्मपरायण भएका छन् । र समाजलाई आफू धार्मिक हुँ भन्ने स्वाँगले ठगिरहेका छन् । यसरी धर्मको गलत प्रयोग भएको छ । धर्मको प्रयोगले षड्यन्त्र रचिएको छ । अर्कोतिर धार्मिक नियमको उल्लंघन भयो, जातिजातिको लागि धर्मले बर्जित गरेका खाद्य वस्तुहरूको नियमलाई मान्छेले मान्न छोडे । यसरी धार्मिक नियमभङ्गले उपभोग्य वस्तुहरूको खण्डित मागबाट अब सामूहिक माग हुन पुगेको छ र त्यस्ता वस्तुहरूको मूल्य एकाएक चर्किदै आएको छ ।

'वैज्ञानिक स्वास्थ्य-विधानले गर्दा मृत्युदरमा ह्रास भयो र यसले पनि मूल्य-वृद्धिमा सहायता गर्‍यो । सहरविस्तारले गर्दा तर्कारी ऊत्पादनमा वाधा पर्‍यो र यसले पनि मूल्यवृद्धिमा सहायता गर्‍यो । यही गतिमा घरहरूको निर्माण हुन थाल्यो भने भोलि काठमाडौंमा तर्कारीको भाउ के कस्तो होला सोच्न सकिन्न; र अर्को कुरो, काठमाडौंमा फेसन चर्किरहेछ, सहर फोरेनाइज्ड् हुँदै गइरहेछ ।'

'अभिभावकको नाताले यहाँले आफ्ना छोराछोरीमा फेसन रोक्न सक्नुहुन्न ?'

'यसको लागि मैले आफूलाई जिम्मेदार ठानेको छैन । सम्पूर्ण समाज-व्यवस्थापक नै यसका लागि जिम्मेदार छन् । त्यसमाथि छोराछोरी बाउ-आमाको भनाइलाई सुँगुरको घुराइभन्दा बढी ठान्दैनन् । उनीहरूको इच्छापूर्तिका लागि नगद दिइएन भने उनीहरू भोक, हडताल गर्न कम्मर कस्छन् । मेरा छोराछोरी पनि यस किसिमको भोक-हडतालमा एक पटक लागेका थिए । अर्कोतिर वाह्य वातावरण-अनुसार उनीहरूलाई फेसनबाट अलग्याउन पनि सकिन्न, किनभने जमानाअनुसारका फेसनवादी साथीहरूको समूहमा उनीहरू प्रवेश पाउँदैनन् । हाम्रो समयमा सडकमा

तरुनी आइमाई हेर्न दशैं-तिहार आउनुपर्थ्यो भने अचेलका ठिटीहरू इजिप्सियन पिरामिड भएर सडकमा आफूलाई प्रदर्शन गर्दै हिँड्छन् ।'

'निश्चय नै काठमाडौंको सामान्य जनजीवनभन्दा यहाँको जीवनस्तर उच्च छ, होइन त ?'

'अहँ, मैले त्यस्तो किसिमको कुनै पनि उच्चता आफूमा पाएको छैन, जसबाट सामान्य जनजीवनभन्दा मलाई अलग्ग हेर्न सकियोस्, म काठमाडौंको सामान्य जनजीवनकै समान स्तरमा छु ।'

मेरो प्रश्नसूचक अनुहार हेरेर उहाँ फेरि भन्नुहुन्छ, किनभने हामी सबै काठमाडौंवासी महँगीको समान चपेटामा परेका छौं । एक माना नूनको मूल्य तपाईं जत्ति तिर्नुहुन्छ, म पनि त्यत्ति नै !'

उहाँलाई सामान्य जनजीवनकै समान ठान्न यो तर्क कत्तिको ठीक छ पाठक नै विचार गर्नुहोस् !

यहाँको घर नक्खुतिर पर्छ । किलागल टोलको एउटा पाटीमा बसेर आफ्नू पेशाअनुरूपको काम जुत्ता-मरम्मत गर्नुहुन्छ । सामाजिक शब्द-विधानअनुसार सार्की भन्नुपर्यो । उहाँकै अनुसार उहाँ करीब दस वर्षदेखि यस ठाउँमा बसेर काम गर्दै आउनुभएको छ ।

यहाँ घरबाट कुन वेला हिँड्नुहुन्छ ?'

'आठ बजे ।'

सम्झनुस्, उहाँ दुई अढाई कोसको बाटो हिँडेर दस बजेभित्रै सहरभित्र पस्नुहुन्छ ।

'कति बजे फर्कनुहुन्छ नि ?'

'जाडोमा छोटो दिन हुन्छ चारबजेभित्रै हिँड्छु, गर्मीमा कहिलेकाहीं छ पनि बज्छ ।'

म उहाँका जुत्ता सिउने सियो-धागो र अरू सामानतिर औंल्याएर सोध्छु; 'यी मालहरू पनि सँगै ल्याउने लैजाने गर्नहुन्छ कि ?'

'होइन, यहीं एउटा घरको छिंडीमा राख्छु, त्यसैले घरबेटीहरूका जम्मै जहानको जुत्ता विनापैसा सिउनुपर्छ हजूर, के गर्नु ?'

'तपाईंले यहाँ बसेर अहिले र पहिले बिताएको किलागलमा कत्तिको फरक आएको छ !'

'छैन, जस्ताको तस्तै छ बरु सहरका अन्त अन्त केही राम्रा घरहरू बनेका छन् ।'

'के कति आम्दानी हुन्छ एक दिनमा ?'

'केही ठेगान छैन, कहिले दुई रुपियाँमै डाल्लिनुपर्छ, कहिले दस रुपियाँ पनि हुन्छ, धेरै जसो उधारो पनि सिउनुपर्छ, टोलका केही मै हुँ भन्ने ठिटाहरूको फोकटमा सिउनुपर्छ, गर्न लागेको काम छोडेर पनि ल्याउने बित्तिकै सिइदिनुपर्छ। वरिपरिका घरवालाहरूको सस्तैमा सिउनुपर्छ, चाहिने ज्याला उनीहरू तिर्दैनन्। फेरि घरघरमै जुत्ता लिन जानुपर्छ, तयार पारेपछि पुऱ्याउन पनि, राम्रो व्यवहार अचानक आइपुग्ने वालाहरूको मात्र हुन्छ।'

'घरमा जहान कति छन् ?'

'तीनटी छोरी एउटा छोरो।'

'खेतीपाती पनि छ कि ?'

'छ पनि छैन पनि, एक टुक्रो सानो बारी छ।'

यस सहरमा केही 'सापु' नामक जाति पनि छन्, नेवार जाति नै हुन्। गाई पाल्नु र दूध बेच्नु उनीहरूको काम। असन काठमाडौं, क्षेत्रपाटीमा देखा पर्ने यी बडा बडा थुन गरेका मोटाघाटा गाईहरू सापुहरूकै परिश्रम हुन्। त्यसो त यस सहरमा केही सोखीन एक दुई परिवारले पनि यस्ता गाई पालेको देखिन्छ।

'यस किसिमको व्यवसाय बीचमा आएर थाल्नुभएको कि, पुर्ख्यौली नै हो ?'

'हो, यो हाम्रो वंशगत व्यवसाय नै हो, यसैले हामीलाई सापु भनियो,' भन्नुहुन्छ किलागल निवासी एक सापुजी।

'सहरमा यसरी गाई पाल्नु के कठिन छैन, जस्तो चरनसम्बन्धी कठिनाइ ?'

'छैन, पराल किन्ने गर्छौं, जहानहरू यताउति गएर घाँस ल्याउने गर्छन्; दिउँसो गाई टुँडिखेल लगिन्छ, कोही छाउनी पनि लैजान्छन्।'

तर सापुनीहरूले, पहाड र गाउँका आइमाईहरूले जसरी नाम्लोले घाँसको भारी बोक्दैनन्, सहरभित्रैका रित्ता रहेका क्याम्पाभित्रका चौरहरूमा घाँस काट्न जान्छन् र एउटा बोरामा सक्दो कोच्छन्, बोराको मुख बाँधेर जसरी सजिलो हुन्छ त्यसै गरी ल्याउँछन्। नभए घाँस-पराल किन्छन्।

जहाँसम्म यस पंक्तिको लेखकलाई थाहा छ, सापु-परिवारका केटाकेटी र स्त्रीहरू घरघर डुलेर दूध बाँड्ने काम गर्छन्। यही व्यवसायमा उनीहरू पालिएका पनि छन्। यही कुरो सम्झेर मैले अर्को प्रश्न गरें।

'डेरीको दूध वितरण-व्यवस्थाले केही बाधा परेको छ कि ?'

'छैन, तीन चार पाथी दूध वरिपरिकै टोलमा बाँडेर सकिन्छ।'

बुर्जुवा मस्तिष्कले तोकेका क़ाठमाडौंका क्युरियोभन्दा यहाँका मान्छेले निरन्तर बाँच्न गरिरहेको संघर्षको संकट बियर डकारेर सगरमाथाको गर्व गर्नेले निश्चय नै बुझ्दैन र ती बुद्धिजीवीहरू जो हिमालमय बाँच्चन् तिनले यहाँका दलित वर्ग जो राणाकालीन मूल्यमै नाल सोर्ने गर्छन् तिनको बारेमा टेबल ठटाए पनि परिवर्तन ल्याउन कर्मले प्रतिबद्ध छैनन् । 'च्यामे' वा 'च्यां खल' भन्ने उपमा पाएका छन् यिनले । यस्ता परिश्रमी नेपालीले भोकै कूचो बढारेको काठमाडौंका मुख्य सडक निकै सफा छन् । यी वर्गको एउटै सामूहिक नाम छ, 'वाउचा' वा 'मैचा' । र मैचा पूसको ठंडीमा नाङ्गै खुट्टा नाल बढारिरहेकी हुन्छे । झ्यालमा बसेर चियाको सुर्को तान्दै भावुक हृदयहरू मैचाको तुना छिनेको चोलोले तयार पारेको आँखिझ्यालबाट देखिने भित्री दृश्य हेर्नामा मस्त हुन्छन् । प्रगतिशील कविजी झ्याल-अगाडि उँभिदै सिरक ओढेर मैचाको खेर जान लागिरहेको जवानीमा कविता लेखि-रहेका हुन्छन् ।

काठमाडौंलाई थानकोटबाट हेर्ने कि स्वम्भूबाट वा धरहराबाट; कि रत्न-पार्कमा दर्शक जमाएर दिनभर चिच्याउँदै तासको मनोरञ्जक खेलाको साथसाथै दन्तमञ्जन बेच्ने फुर्तिलो परिश्रमीको निधारको पसीना हेरेर जे होस्, दिउँसो काठमाडौंको ओपेन ठेटरको खुल्ला मैदानमा एउटा सिंगो नेपाल—मोर दाना सुन्तला !...... मोर दाना सुन्तला !...... न्यू आइडियाले बनाएको मोर गिलास लस्सी !...... पकौडा...... पकौडा......... ठण्डा बरफ.....ए ! हिमाली आइस्क्रिम ! खानोस् अस्सीपैसे माना बदाम.....आयो ठण्डा मीठा सोडा.....आदि आदि स्वरमा चिच्याइरहेको हुन्छ र यो काठमाडौंले यहाँ पनि सिंगो नेपालका सर्वसाधारण जनजीवनको प्रतिनिधित्व गरिरहेको हुन्छ । र यहीं गोलाकार भीडबीच एउटा फुर्तिलो स्वर चर्किरहेको हुन्छ, 'ए ! तपाईंलाई नेपालबाट गएको दुई पैसाको झारलाई ट्याबलेटको रूपमा पैठारी गरेर सयौं रुपियाँ फुक्ने इच्छा हुन्छ...तर आफ्नै नेपाली दाजुभाईहरूले आफ्नै देशको जडी-बूटीबाटी तयार पारेको मामूली मूल्यको एउटा गोली किन्न पनि यत्रो हिचकिच...?' यो स्वर जाडो गर्मी, (पानी परेको दिन बाहेक) प्रत्येक दिन चर्किरहेको हुन्छ— 'दाँतमा कीराले खाएको व्यक्ति तुरुन्त मेरो सासुन्ने आउनुस्, टाउको दुखेको, रुघा लागेको, पिनास भएको जो हुनुहुन्छ आउनुस् र एकै पटक यो सीसी सुँघ्नुस् सब चट, ए सज्जन, कोही छ...नत्र मेरो खेला हेर्नुस् !' दसौं वर्षदेखि यही पेशा गर्दै आउनु-भएको छ अरुणप्रकाश मिश्रजी (प्रसिद्ध कवि युद्धप्रसाद मिश्रका छोरा) । उहाँको पेशाको बारेमा सोधिएको प्रश्नको उत्तरमा उहाँ भन्नुहुन्छ, 'मेरो पेशा हो ठाउँ-ठाउँ जिल्ला-जिल्ला, सहर, गाउँ, मधेस, तराई र छिमेकी देशका विभिन्न सहरहरूको

भ्रमण गर्दै एक स्थानमा मानिसहरूको हूल जम्मा पारी चटक देखाई मनोरञ्जना-त्मक ढंगले आयुर्वेदीय औषधिको बिक्री-वितरण तथा प्रचार गर्नु । जनताको राम्रो सहानुभूति बटुल्नु । म र मेरा दुई भाइबीचको अगाध स्नेह तथा सहयोगले प्रगति सीमित मात्रामा भए तापनि असन्तुष्ट चाहिं हुनुपरेको छैन ।'

बी. ए. सम्मको अध्ययन गरेका मिश्रजी एकताका भारतको बनारसबाट निस्कने जय नेपाल नामक (सुरूमा मासिक पछि साप्ताहिक) नेपाली पत्रिकाका सम्पादक । कविता, निबन्ध, लेख, अरुणप्रकाश मिश्र 'नेपाली' को नाउँमा छापि-एका । पुस्तकाकारमा एक कवितासंग्रह 'उज्यालो टाढा' प्रकाशित । आज पनि काम-बाट फुर्सत भएको वेलामा कविता, लेख, आदि लेख्नुहुन्छ । खूब आत्मविश्वासी र गौरव भएका अरुण व्यवसायमा कसैले जस्तोसुकै कटु वचन बोले पनि विचलित हुने गर्नुहुन्न । पढ्नुस् उहाँकै शब्दहरू; 'छि: त्यो त चटक पो लाउँछ, फुटपाथमा पो कराउँछ, यो त बाँदर नचाउने मदारी जस्तै हो, मान्छे हो र ? भन्ने व्यक्तिले (जो स्वयम् भ्रष्टाचार, स्मगलिङ्ग मुद्दाको तारीख बोक्दै छन्) आफ्नू आङ्मा सुँगुरका छाउरा हिंडेको देख्नुपर्ने हो, तर के गर्ने यिनै समाजका ठेकेदार भएका छन् ।'

हाल काठमाडौंका केही खराबीतिर औंल्याउँदै मिश्रजी भन्नुहुन्छ, 'आजकल फेरि झ्याल चढेर कोठाको माल उडाउने चोरहरूको सक्रियता बढेको छ । गल्छेंडो, गल्ली, चोक, कहीं सडकमै पनि बिजुली तथा सरसफाइ अझै हुन सकेको छैन । फूक्का गाई, साँढेहरूलाई रोक्न सकिएको छैन । खर्पने र नांग्ले पसलेहरूलाई व्यवस्थित ढंगमा राख्न सकिएको छैन । सम्पूर्ण सुधार त हुन नसक्ला पनि तर सानातिना खराबी पनि हटाउन नसकिनु राजधानीको लागि सुहाउने कुरो होइन ।' साथै उहाँ भोलिका काठमाडौंवासीहरू यस्ता होलान् कि भन्ने अनुमान गर्दै भन्नुहुन्छ 'आजका मानिसहरूको चालचलन हेर्दा लाग्दछ भोलि यो काठमाडौं सहर एउटा गजबको 'विश्वको प्रदर्शनी-स्थल' हुनेछ, जहाँ विभिन्न देशका नमूनास्वरूप जीउँदा प्रतिलिपि तथा जीउँदा कार्टूनहरू हेर्न पाइनेछ ।'

विश्वको प्रदर्शनी-स्थल ! हो, हामी यही आस गरौं भोलि यो सहर त्यस्तो हुनेछ आफ्ना दुश्चरित्रहरूसहित !

□

यस संकलनका निबन्ध र निबन्धकारहरूबारे केही तथ्याङ्क

लेखकका नाउँ पछिका कोष्ठकमा दिइएको एउटा मात्र सम्वत्ले जन्मसाल र दुई सम्वत् दिइको भए पहिलाले जन्मसाल र दोस्राले मृत्युसाल जनाउँछन्। निबन्धको शीर्षक पछि कोष्ठकमा सो निबन्ध सर्वप्रथम प्रकाशित पत्रिका वा पुस्तकका नाउँ, पत्रिका भए त्यसको अङ्क र त्यसपछि पृष्ठ संकेत अनि पुछारमा सर्वप्रथम प्रकाशित साल दिइएका छन्। निबन्धका शीर्षक पछि केही नभए यसै संकलनमा सर्वप्रथम प्रकाशित निबन्ध भनी बुझिन्छ।

पारसमणि प्रधान (१९५५)—अजीव भोज (रोचक संस्मरण, ३७-५०, २०२६)

बालकृष्ण सम (१९५९-२०३८)—मुटुको व्यथा (मेरो कविताको आराधना २, ८१-८६; २०२९)

लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६)—साँढे

हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६)—छाता अफसोस; १५४-१५८; २०२७)

माधव घिमिरे (१९७६)—जगराको सम्झना (रूपरेखा ४९; ९-११ र १७; २०२२)

केशवराज पिंडाली (१९७७)—केशवराज गोतिको मेनिफेस्टो (फेरि उल्टै मिल्यो; १-९; २०३२)

रामकृष्ण शर्मा (१९७८)—फुटबल खेलेको हेर्न जाँदा (प्यारो सपना र अन्य लेखहरू; १५-२१; २०१७)

लैनसिंह बाङ्गदेल (१९८०)—बाङ्गदेल आफ्नै क्यान्भासमा (रूपरेखा ३६; १२८-१३७, २०२१)

कृष्णचन्द्रसिंह प्रधान (१९८२)—साहित्य र हावापानी (मधुपर्क ८-९; ३-१०; २०३२)

जनकलाल शर्मा (१९८३)—नागार्जुनको अभियान (भूमिकैभूमिका; ९७-१११; २०३६)

शंकर लामिछाने (१९८४-२०३२)—शंकर लामिछाने शंकर लामिछानेको दृष्टिमा (रूपरेखा १८९; १६-२३; २०३२)

श्याम प्रसाद (१९८६)—एक घण्टा बिताउन (तँ-तिमी तपाइँ-हजूर; ६१-७३; २०१४)

कमल दीक्षित (१९८६)--उखान मिलेन (उखान मिलेन; ५४-६०; २०३२)

इन्द्रबहादुर राई (१९८७)—उज्यालो (रूपरेखा २२; ३६-३७; २०१९)
श्रीधर खनाल (१९८८)—साधारण मान्छे (मधुपर्क २-४; ४०-४४; २०२६)
नगेन्द्र शर्मा (१९८८)—कठै मेरो काठमाडौं (नगेन्द्रका निवन्ध; ८९-९६;२०२६)
ध. च. गोतामे (१९८८)—दाँत (मधुपर्क २-५; २६-३०; २०२६)
रमेश विकल (१९८९)—युगबोध

वालकृष्ण पोखरेल (१९९०)—चुक्ता हुन बाँकी रहेको एक ऋण
तारानाथ शर्मा (१९९१)—पातालमा लोखर्के माया

कृष्णप्रसाद पराजुली (१९९२)—आफैं साहित्यिक वाटामा (रूपरेखा १०१; ९-१६; २०२६)

बल्लभमणि दाहाल (१९९३)—बसका दुई बिसाउनी (भानु ३-७; १३५-१३९; २०२३)

चूडामणि रेग्मी (१९९३)—झिंगो र मह (साधना; १९-२२; २०३०)
कृष्णप्रसाद ज्ञवाली (१९९३)—हाम्रो लाली गुराँस (पीपलको छहारी; १२-१९; २०३२)

भैरव अर्याल (१९९५-२०३३)—आलु (गलबन्दी; ३०-४६; २०२६)
गोविन्द भट्ट (१९९५)—अवसरवाद जिन्दावाद (रूपरेखा ८; ५२-५६; २०१८)
देवीचन्द्र श्रेष्ठ (१९९५)—इतिहासको पदचाप (रूपरेखा १४६; ९-१६; २०३०)
लोकराज बराल (१९९६)—ताजमहल—एउटा घुइँचो भित्रको कथा (रचना ३-३; ६३-६६; २०२१)

उत्तम कुँवर (१९९६)—प्रतिविम्ब जीवनको (रूपरेखा २४२; ७८-८४; २०३८)
मोराश (१९९७)—सिटी बसमा गजेन्द्रमोक्ष (मधुपर्क १०-१; १०१-१०४; २०३४)

पुष्कर लोहनी (१९९८)—पौडिन चाहन्छु आफैं भित्रको जहरसित (त्रिफला ४; ४१,४५; २०२८)

कुमारबहादुर जोशी (१९९८)—प्रेम (संचयन; १-७; २०२५)

रामलाल अधिकारी (१९९८)—पोइल गएकी स्वास्नीको छोरासँग (अलौटा र ठेट्‌ना; ९२-९५; २०३३)

वासुदेव त्रिपाठी (१९९९)—श्रद्धाका पक्षमा (अरुणोदय १३-२, ३; १८-३३; २०३३)

यादव खरेल (२०००)—बाहिरबाट नेपाल हेर्दा (समुद्र पारी; १-९; २०३२)
राजेन्द्र सुवेदी (२००२)—अब क्यासेट खुल्छ

वानीरा गिरी (२००३)—जङ्गल जङ्गल (रूपरेखा २४३; २४-२८; २०३८)

मंजुल (२००३)—काठमाडौंमा देउसी खेल्दा

किशोर नेपाल (२००६)—उपलव्धि : भ्यागुतो (अभिव्यक्ति १६; २८-३०; २०३६)

विमल निभा (२००६)—पाकेट काट्ने सहर (रचना १४-६; २७-२६; २०३४)

राजब (२०११)—प्रत्येक उत्तरमा एउटा भिन्न काठमाडौं (रचना १४-६; ३०-३७; २०३४)

८९१.४३५४००८
शा २२ क